# नेपालका संविधानमा मानव अधिकार

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिको प्रयोजनका लागि प्रस्तुत**

**शोधप्रबन्ध**


**शोधार्थी**

**प्रेमराज सिलवाल**

**विद्यावारिधि दर्ता नं. ४०/२०७३, माघ**

त्रि.वि. दर्ता नं. : १३७२९-९०


वि.सं. २०८१

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि शोधकार्यका निम्ति श्री प्रेमराज सिलवालले **नेपालका संविधानमा मानव अधिकार** विषयको शोधकार्य हाम्रो निर्देशन तथा सुपरीवेक्षणमा तयार पार्नु भएको हो । प्रस्तुत शोधकार्यबाट हामी पूर्ण रूपमा सन्तुष्ट छौं र आवश्यक परीक्षणका लागि शोधप्रबन्ध मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछौं ।

____________________

**डा. पूर्ण बहादुर खडका**

(शोधनिर्देशक)

____________________

**डा. अश्वस्थामाभक्त खरेल**

(सह-शोधनिर्देशक)

मिति : २०८१/०७/१४

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत **नेपालका संविधानमा मानव अधिकार** शीर्षकको यो शोधप्रबन्ध मैले शोधनिर्देशक र सह-निर्देशकको निर्देशनमा रही सम्पन्न गरेको मौलिक कार्य हो । शोधप्रबन्ध लेखनका क्रममा मैले विभिन्न स्रोतबाट सामग्री सङ्कलन एवं समावेश गरी यो शोधप्रबन्ध पेस गरेको छु । यस शोधप्रबन्धमा प्रस्तुत गरिएको निश्कर्षलाई मैले यसअघि कहीँ, कतै, कुनै उपाधि वा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छैन । यस प्रबन्धपत्रको कुनै पाठ, अंश वा अन्य पुस्तकमा हुबहु प्रकाशन गराएको छैन । मैँले यहाँ प्रस्तुत गरेका प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्ण जिम्मेवार हुनेछु ।

प्रेमराज सिलवाल
शोधार्थी

मिति : २०८१/०७/१४

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि तयार पारेको हुँ । शोध कार्यको सिलसिलामा आफ्नो व्यस्त समय र कार्यतालिकाबिच मलाई अमूल्य प्राज्ञिक निर्देशन, सल्लाह तथा सुझाव प्रदान गर्नु भएकोमा राजनीतिशास्त्र केन्द्रीय विभागका श्रद्धेय गुरु शोध निर्देशक सह-प्राध्यापक डा. पूर्णबहादुर खडकाज्यूप्रति हार्दिक कृतज्ञता र श्रद्धाभाव व्यक्त गर्दछु । शोधप्रबन्धलाई तयार गर्ने क्रममा आइपरेका विविध समस्याहरूलाई रचनात्मक र प्राज्ञिक सुझाव दिनुहुने शोधप्रबन्धका सह-शोधनिर्देशक डा. अश्वस्थामाभक्त खरेलज्यूप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधप्रबन्धलाई प्राज्ञिक सल्लाह र सुझाव दिनुहुने 'काठमाडौं स्कुल अफ ल' का सह-प्राध्यापक र लेखक डा. अतीन्द्र दाहाल, भाषा सम्पादन गरिदिनु हुने त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक एवम् साहित्यकार डा. हरिप्रसाद सिलवाल, अध्ययनलाई प्रेरणा दिनुहुने जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठ, अध्ययनको लागि केही सामग्री उपलब्ध गराउनुहुने नेपाल सरकारका अधिकृत मुना राउत, बुबा शिवनाथ (गोविन्द) सिलवाल, आमा भीमकुमारी (मिश्री) सिलवाल, घर व्यवहार तथा अध्ययन कार्यमा सहयोग गर्ने श्रीमती पार्वती सिलवाल (पाठक), भाइ विकास सिलवाल, छोरी प्रियंका सिलवाल, छोराहरू प्रत्यूष सिलवाल तथा प्रसून सिलवालप्रति समेत विशेष धन्यवाद व्यक्त गर्दछु ।

साथै मेरो यस कार्यमा अमूल्य सुझाव सल्लाह दिनुहुने विद्वान् गुरुहरू, सहयोग गर्नुहुने सहपाठीहरू, अन्तर्वार्तामा सहभागी पूर्वप्रधानमन्त्री झलनाथ खनालज्यु लगायत सबै उत्तरदाताहरू, नेपाल सरकारका तत्कालीन मन्त्रीज्यूहरू, सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतका न्यायाधीशज्यूहरू, राजनीतिक दलका नेताज्यूहरू, संविधानविद, प्राध्यापकज्यूहरू, विषयगत विशेषज्ञ, लेखक, पत्रकार, राजनीतिक विश्लेषक सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रेमराज सिलवाल
शोधार्थी

# शोधसार

मानव अधिकार समाजको न्याय अनि सभ्यताको मानक हो । विश्वव्यापी महत्त्वका अन्तर्राष्ट्रिय क्रान्ति, घटना तथा संवैधानिक प्रावधानहरूबाट मानव अधिकारसम्बन्धी अवधारणा विकसित हुँदै आएको देखिन्छ । यिनै विकसित अवधारणाहरूको प्रभाव विश्वव्यापी छ । नेपालका संविधानरूमा यी अवधारणाहरूको प्रवेश सम्बन्धमा यो शोध कार्य केन्द्रित रहेको छ ।

**नेपालका संविधानमा मानव अधिकार** विषयक सात परिच्छेदमा विभक्त यो शोध प्रबन्धमा नेपालका संविधानहरूमा मानव अधिकार व्यवस्थाको अध्ययन, विश्वव्यापी प्रावधान र नेपालको मानव अधिकार व्यवस्थाबिचको सम्बन्ध र नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था विश्लेषण गर्नु मुख्य उद्देश्य रहेका छन् । गुणात्मक विधिमा आधारित यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त तथ्याङ्कलाई ऐतिहासिक, विश्लेषणात्मक र तुलनात्मक ढङ्गले केलाउने प्रयास गरिएको छ ।

मानव अधिकारका दृष्टिले नेपालका सबै सात वटा संविधान समान नभए पनि अन्तर्राष्ट्रिय मानव अधिकारका प्रावधानहरूको थोर बहुत प्रभाव भने सबैमा परेको देखिन्छ । विश्वव्यापी मानव अधिकारका मूल्य र मान्यताहरू वि.सं.२००४, २००७, २०१९ भन्दा पछि बनेका २०४७, २०६३ र २०७२ सालका संविधानहरूमा क्रमश : अधिक रूपमा समावेश भएको देखियो । उल्लिखित सबै संविधानहरूको तुलनामा विश्वव्यापी मानव अधिकारका प्रावधानहरू सङ्गठित गर्नमा २०७२ साल असोज ३ गते जारी भएको वर्तमान नेपालको संविधान सर्वोकृष्ट रहेको छ ।

विश्वमा विकसित विद्यमान मानव अधिकारसँग सम्बन्धित विभिन्न प्रावधानहरूमध्येका २२ वटा महत्त्वपूर्ण महासन्धिहरूका प्रावधानहरू विशेष उल्लेखनीय रहेका छन् । ती महासन्धिहरूमध्ये पनि ९ वटा ठूला महासन्धिहरूका प्रावधानहरूमा समाविष्ट मानव अधिकारका अधिकाँश प्रावधानहरूलाई नेपालले विभिन्न मितिमा स्वीकार, सम्मिलन र अनुमोदन गरी आफ्ना संविधानहरूमा समावेश गरिसकेको छ । केही थोरै

प्रावधानहरू औपचारिक रूपमा अनुमोदन नगरेको भए पनि व्यवहारिक रूपमा त्यस्ता प्रावधानहरूको पूर्ण रूपले इन्कार गरेको भने छैन । मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूसँग नेपालले आत्मसात गरेका प्रावधानहरूको तुलना गर्दा नेपालको स्थिति सन्तोसजनक रहेको देखिन्छ ।

नेपालले आफ्ना संविधानहरूमा व्यवस्थित गर्दै आएका मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयनको अवस्था भने त्यति फलदायी देखिँदैन । संविधानत : मृत्युदण्ड पूर्ण रूपमा खारेज गरिनु जस्ता कतिपय प्रावधानहरू पूर्ण कार्यान्वयनमा आएका छन् भने मानव अधिकारसँग जोडिएका आर्थिक-सामाजिक हक र अधिकारका क्षेत्रसँग सम्बन्धित कतिपय प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् । जसमा आवास, वातावरण, खाद्य अधिकारसँग आउने प्रावधानहरू प्राय : कार्यान्वयन नै हुन नसकेको अवस्था छ ।

संविधानमा लिपिबद्ध मानव अधिकार सम्बन्धी प्रावधानहरूको पूर्ण रूपले कार्यान्वयन हुन नसक्नुमा आम नागरिकमा सचेतनताको कमी, राजनीतिक दलहरूको स्वार्थी चरित्र, प्रहरी-प्रशासनको अक्रमण्यता, सरकारको बेवास्ता, राजनीतिक सङ्क्रमण काल तथा अस्थिरता जस्ता कुराहरू प्रमुख कारकको रूपमा रहेका देखिन्छन् । नेपालको संविधानमा उल्लिखित मानव अधिकार प्रावधान पूर्ण कार्यान्वयन गर्न उल्लिखित समस्याहरूमा सुधार ल्याई कार्यान्वयनको अवस्था सुधार्नु हुनेछ भन्ने यो शोध कार्यको निष्कर्ष रहेको छ ।

# विषय सूची

सिफारिस पत्र ii
अनुमोदन पत्र iii
प्रतिबद्धता पत्र iv
कृतज्ञता ज्ञापन v
शोधसार vi
विषय सूची vii
सङ्क्षिप्त शब्द सूचीxi

**परिच्छेद एक : शोध परिचय ........ १-१४**

१.१ अध्ययनको पृष्ठभूमि........ १
१.२ समस्याको कथन ........ ८
१.३ अध्ययनको उद्देश्य ........ १०
१.४ अध्ययनको औचित्य........ १०
१.५ अध्ययनको विधि ........ ११
१.५.१ तथ्याङ्का स्रोतहरू ........ ११
१.५.२ तथ्याङ्क संकलन विधि........ १२
१.५.३ तथ्याङ्क विश्लेषण ........ १३
१.६ अध्ययनको सीमा ........ १३
१.७ अध्ययनको सङ्गठन ........ १३

**परिच्छेद दुई : पूर्वकार्य समीक्षा ........ १५-५०**

**परिच्छेद तीन : सैद्धान्तिक अवधारणा ........ ५१-८६**

३.१ मानव अधिकारको सैद्धान्तिक-दार्शनिक दृष्टिकोण ........ ५३
३.२ मानव अधिकारको प्रयोजनवादी दृष्टिकोण ........ ६१
३.३. मानव अधिकारका क्षेत्रीय प्रावधानहरू ........ ७३
३.४ संविधानको अर्थ ........ ७६
३.४ संविधानवादको सिद्धान्त ........ ७८

**परिच्छेद चार :नेपालका संविधानमा मानव अधिकारको व्यवस्था ..................८७-१२२**

४.१ मौलिक हकको अर्थ र संविधानमा प्रयोग ....................................... ८९

४.१.१ नेपाल सरकारको वैधानिक कानुन, २००४ ...................... ९३

४.१.२ नेपाल सरकारको अन्तरिम शासन विधान, २००७ ............. ९६

४.१.३ नेपाल अधिराज्यको संविधान, २०१५ .............................. ९८

४.१.४ नेपालको संविधान, २०१९ ........................................... ९९

४.१.५ नेपाल अधिराज्यको संविधान, २०४७ .............................. १०३

४.१.६ नेपालको अन्तरिम संविधान, २०६३ ................... .......... १०५

४.१.७ नेपालको संविधान ................................................... १०९

**परिच्छेद पाँच : मानव अधिकारका विश्वव्यापी प्रावधान र नेपाल ............. १२१-१५०**

५.१ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज .............................. १२१

५.२ मानव अधिकार सम्बन्धी ९ ठूला महासन्धि ................................... १२६

५.१.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतीज्ञापत्र.............................................................. १२७

५.१.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रति...................................................... १३१

५.१.३ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि................................................................ १३३

५.१.४ बालबालिकासम्बन्धी महासन्धि....................................... १३५

५.१.५ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १३६

५.१.६ यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि ................................................ १३८

५.१.७ अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि ..... १४०

५.१.८ बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी १४२

५.१.९ सबै आप्रवासी कामदारहरू र तिनीहरूका परिवारहरूका सम्बन्धमा................................................................... १४३

५.२ नेपालले समेटन बाँकी रहेका अन्तर्राष्ट्रिय सन्धिहरू .......................... १४४

५.३ मानव अधिकार सम्बन्धी क्षेत्रीय प्रावधान र नेपाल ............................ १४६

**परिच्छेद छ : नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था .................. १५१-१९०**

६.१ पूर्ण कार्यान्वयनमा आएका प्रावधान............................................ १५३

६.२ आंशिक कार्यान्वयनमा आएका प्रावधान .................................... १५९

६.३ कार्यान्वयन हुन नसकेका प्रावधान .......................................... १६५

६.४ कार्यान्वयनमा देखिएका समस्या ............................................. १७१

६.५ सफल कार्यान्वयनका उपाय .................................................. १८२

**परिच्छेद सात : प्राप्ति, निष्कर्ष र सुझाव ..............................................१९१-१९८**

७.१ प्राप्ति ...................................................... १९१

७.२ निष्कर्ष ........................................................................... १९३

७.३ सुझाव ........................................................................... १९५

**अनुसूची**.......................................................................... **१९९-२०२**

**सन्दर्भ सामग्री सूची**.......................................................... **२०३-२३४**

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| आइसिआरसी | : | रेडक्रसको अन्तर्राष्ट्रिय समिति |
| ओएचसिएचआर | : | मानव अधिकार सम्बन्धी राष्ट्रसंघीय उच्च आयोग |
| इन्सेक | : | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| एडिबी | : | एसियाली विकास बैंक |
| एनडिएफ | : | नेपाल विकास मञ्च |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| रा.मा.आ. | : | राष्ट्रिय मानव अधिकार आयोग |
| ने.का.प | : | नेपाल कानुन पत्रिका |
| सन् | : | इस्वी सम्वत् |
| AD | : | anno domino (Borrowed form Latin); in the year of our lord |
| AHRC | : | Asian Human Rights Commission |
| AI | : | Amnesty International |
| CEDAW | : | Convention of the Elimination of all Forums of Discrimination Against Women |
| HRW | : | Human Rights Watch |
| EHRC | : | European Human Right Council |
| EU | : | European Union |
| ICC | : | International Criminal Court |
| ICCPR | : | International Convention on Civil and Political Rights |
| ICESCR | : | International Convention on Economic, Social and Cultural Rights |
| ICJ | : | International Court of Justice |
| ILO | : | International Labor Organization |
| NHRC | : | National Human Rights Commission |
| N.K.P. | : | Nepal Kanun Patrika (Supreme Court of Nepal) |
| SAARC | : | South Asian Association for Regional Cooperation |
| UDHR | : | Universal Declaration of Human Rights |
| UNHCR | : | United Nations Commission for Human Rights |
| UNO | : | United Nations Organization |

# परिच्छेद : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव अधिकार मानव समाज र सभ्यताको मानक भएकोले इतिहासदेखि नै मानव न्यायलाई नागरिकको अधिकारको रूपमा लिइँदै आएको पाइन्छ (रिसाल, वि.सं. २०८०, पृ. ७) । प्राचीन ग्रिक तथा रोमन शासनकालमा युरोपमा प्रजातन्त्र, विधिको शासन र नागरिक अधिकार जस्ता विषयको विकास भएको देखिन्छ । ईसापूर्व ५३९ मा पर्सिया (पछि इरान नामाकरण गरिएको) का शासक साइरस द्वितीयले बेबिलोन विजय गरेपश्चात ठूलो सङ्ख्यामा रहेका दासहरूलाई मुक्त गरिदिएपछि राजनीतिक-सामाजिक विश्वमा मानव अधिकार सम्बन्धी अवधारणाको विजारोपण भयो (Sangroula, AD, 2017, p. 65)। उता प्राचीन इटालीका रोमन राज्यहरूले शासन सञ्चालन गर्दा तत्कालिन समयमा तिनले विकास गरेका कानुनी व्यवस्था र शासन सञ्चालन सम्बन्धी अभ्यासको पालना गरी मानिसका आधारभूत अधिकारको सुरक्षा तथा संरक्षण गर्ने गरिँदै आएको देखिन्छ । उनीहरूले 'जस सिभिले' (Jus Civile), भनिने नागरिकहरूको अधिकारको सुरक्षा गर्ने, 'जस जेन्टम' (Jus Jentium) भन्ने गरिएको विदेशी नागरिक तथा दासहरूको सुरक्षा गर्ने र 'जस नेचुरले' (Jus Naturele) भनिएको साझा हितका कानुनहरूको निर्माण गर्ने जस्ता कानुनी प्रबन्धहरू गरी स्वदेशी र विदेशी नागरिक तथा मानिसका जीवन, सम्पत्ति र धनको सुरक्षा गर्ने व्यवस्था गर्ने गरेको पाइन्छ । त्यसरी प्राचीन रोमन शासनबाट सुरु भएको राजनीतिक-कानुनी शासन सत्ताको नक्कल गर्दै विश्वमा संवैधानिक-कानुनी प्रबन्ध, विधि, प्रजातन्त्र र मानिसको जीवन, सम्पत्ति तथा सुरक्षा सहितको अधिकारको रक्षा हुनुपर्ने विषयले प्रधानता पाउन थालेको अध्ययनहरूले देखाएका छन्(Pillay, AD, 2008, p. 37)।

जीवनपछि मानिसलाई उसको सम्पत्तिको सुरक्षाको विषयलाई आधारभूत अधिकारको रूपमा बुझ्ने र त्यसको रक्षा हुनुपर्ने सम्बन्धी धारणाको बढी विकास मध्ययुग (सन् ५००-१५००) मा बढी भयो (Capps, AD 2009, p. 198)। विशेषगरी सो अवधिमा युरोपमा सम्पत्तिको सुरक्षा हुनुपर्ने सम्बन्धी धारणाको व्यापक विकास भएको देखिन्छ । यसरी मानव अधिकार भनेको मानव मात्रको अधिकार हो भन्ने अवधारणाको विकास मध्ययुगबाटै भएको देखिन्छ । अधिकार भन्ने कुरा मानवले मानवको लागि मात्र विकास गरेको विषय भएकाले

यसलाई मानव अधिकारको आधारभूत विषयका रूपमा विश्लेषण गरिएको हो । मानिस स्वतन्त्र जन्मन्छ र पछि ऊ चारैतिरबाट बाधिन्छ भन्ने कुरालाई फ्रान्सेली दार्शनिक जिन ज्याक रुसो (१७१२-१७७८) ले विवेचना गर्दै प्रस्ट गरे । यही ऐतिहासिक दार्शनिक अवधारणाको वैचारिक आधार समेतमा सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ मा 'मानव स्वतन्त्र जन्मन्छ र उसको सम्मान तथा अधिकार समान हुन्छ' भनेर लेखियो (Tiedemann, AD, 2020, p. 6)।

संयुक्त राष्ट्रसंघले सन् १९४८ मा जारी गरेको घोषणापत्र अनुसार विश्वका मानव मात्रले पाउने आधारभूत सामाजिक, आर्थिक र नागरिक हक तथा स्वतन्त्रतालाई मानव अधिकार हो भन्ने मानिन्छ (उप्रेती, वि.सं. २०७९, पृ. ३) । त्यस्ता मानिसका आधारभूत अधिकारलाई कसैले पनि हस्तक्षेप र हनन् गर्न हुन्न भन्ने मान्यताको विकासमा विश्व इतिहासमा भएका विभिन्न राजनीतिक घटना, क्रान्ति र विचारहरूले जोड दिँदै आएका छन् (अर्याल, वि.सं. २०७४, पृ. ६) । मानिस तथा नागरिकका राजनीतिक, सामाजिक र व्यक्तिगत हक तथा अधिकारलाई राजा वा सत्ताले हस्तक्षेप गर्न सक्दैन, हुँदैन भन्ने विचारलाई बेलायतमा सन् १२१५ मा भएको जनविद्रोहमार्फत प्रस्ट ढङ्गले सार्वजनिक रूपमा प्रकट भयो । सोहीकारण तत्कालीन राजा जोन (११६६-१२१६) ले म्याग्नाकार्टा नामको कानुनमा हस्ताक्षर गर्न बाध्य भए । त्यसमा नागरिकको सम्पत्ति, जीवन र वैयक्तिक मामलामा राजाले मनलाग्दो ढङ्गले हस्तक्षेप र दूरूपयोग गर्न नसक्ने मान्यतालाई पहिलो पटक औपचारिक ढङ्गले कानुनी दृष्टिमा प्रस्टसँग उल्लेख गर्ने काम भयो । यसरी विश्वमा मानिस तथा नागरिक अधिकारको सुरक्षा हुनु पर्दछ, राजा र शासकले जथाभावी हस्तक्षेप गर्न पाउँदैन भन्ने विचार एवम् मान्यता म्याग्नाकार्टाले दियो(Davis, AD, 2003, p. 47)।

बेलायतमा आएको म्याग्नाकार्टापछि विश्वमा विभिन्न दार्शनिक, विधिशास्त्री तथा विचारकहरूले मानिसका आधारभूत मानवीय अधिकार र नागरिक स्वतन्त्रताको रक्षा हुनु पर्ने कुरामा बढी जोड दिन थालियो । दार्शनिक जिन ज्याक रुसो, थोमस हब्स, जेरेमी बेन्थम, थोमस पाइने जस्ता विद्वान्हरूले विभिन्न पुस्तकहरू लेख्दै नागरिक स्वतन्त्रता, जीवन र सम्पत्तिको रक्षा हुनुपर्ने पक्षमा वकालत गरे । यस्तै ऐतिहासिक-दार्शनिक विचार तथा क्रान्ति एवम् राजनीतिक परिवर्तन समेतको जगमा विश्वमा मानिसका आधारभूत अधिकारको रक्षा हुनुपर्ने कुराले बढी महत्त्व पाउँदै गयो । यद्यपि सन् १९१४-१९१८ को पहिलो विश्व युद्ध र सन् १९३९-१९४५ मा भएको दोस्रो विश्वयुद्धका क्रममा ६ करोड भन्दा बढी मानिसहरूले ज्यान गुमाए । जहाँ सम्पत्तिको क्षतिको कुनै लेखाजोखा हुन सकेन । त्यसपछि विश्वमा अन्तर्राष्ट्रिय शान्ति, विवादहरूको शान्तिपूर्ण समाधान, विकास तथा मानव अधिकारको रक्षा गर्ने मूल उद्देश्यले संयुक्त राष्ट्रसंघको विधिवत् गठन भएपछि मानव

अधिकार सम्बन्धी विषयले व्यापक रूपमा विश्वव्यापी महत्त्व तथा औपचारिकता एवम् अन्तर्राष्ट्रिय कानुनी मान्यता ग्रहण गर्दै आएको देखिन्छ (Frick, AD, 2019, p. 9)।

विश्वमा मानव अधिकारको क्षेत्रमा संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको मानव अधिकारको घोषणापत्रले मानिसमा अन्तर्निहित भएर आएका आधारभूत जन्मसिद्ध अधिकार जसलाई कसैले दिन र छिन्न सक्दैन भन्ने मान्यतालाई प्रस्ट गरेको छ (कँडेल, वि.सं. २०७४, पृ. ६) । मानव अधिकारको अर्थ मानिसका प्राकृतिक र आधारभूत अधिकार, जीवन, स्वतन्त्रता, सुरक्षा, सम्पत्तिको सुरक्षा, सबै प्रकारका नागरिक तथा राजनीतिक स्वतन्त्रता, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको पूर्ण रक्षा गर्नु र सारमा प्रत्येक मानिसको नैसर्गिक अधिकारको हनन हुन नदिई सम्मानपूर्वक बाच्न पाउने अवस्था निर्माण गर्नु हो(Aryal, AD, 2021, p. 4)।

मानव अधिकार विश्वका कुनै पनि मानवले बिनासर्त प्राप्त गर्ने आधारभूत अधिकार भएकोले यस अधिकारलाई प्राकृतिक अधिकारपनि भनिन्छ (काफ्ले, वि.सं. २०८०, पृ. ६) । आधारभूत मानव अधिकारको उपभोग गरेर सामाजिक, राजनीतिक, साँस्कृतिक अधिकारका लागि आवाज उठाउन सकिन्छ(Davis, AD, 2003, p. 4) । राजनीतिक अधिकारको प्रत्याभूतिले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको ढोका खोलिदिन्छ । राजनीतिका माध्यमबाट देशमा आम जनताको राजनीतिक एवम् सामाजिक आवश्यकता पूर्ति हुने वातावरणको निर्माण हुने अवस्था बन्दछ । राजनीतिक तथा कानुनी आधार र प्रक्रियाबाट मुलुकमा संविधान बन्ने गर्दछ । यस दृष्टिकोणमा मानव अधिकार, राजनीतिक अधिकार, नागरिकका मौलिक हक आदि अन्तरसम्बन्धित विषय हुन्(Turner, AD, 2006, p. 3)।

नागरिक अधिकारमा मानिसको लागि राजनीतिक स्वतन्त्रताको व्यापक अर्थ र महत्त्व रहेको हुन्छ । स्वतन्त्रता मानव अधिकारको अनिवार्य र आधारभूत तत्त्व पनि हो (Colon-Rios, AD, 2012, p. 3) । आफूले आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको हक, अधिकार र हितमा अवरोध गर्न पाइन्न भन्ने कुरा स्वतन्त्रतासँग जोडिएको विषय पनि हो । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा २९ ले त्यो विषय प्रस्टसँग लेखेको देखिन्छ । यस सम्बन्धी मूल्यलाई विभिन्न दार्शनिक तथा न्यायाधीशहरूले उल्लेख समेत गर्दै आएका छन् । अमेरिकी सङ्घीय अदालतका न्यायाधीश लेनार्ड हार्ड (१८७२-१९६१) ले सन् १९४४ को एक फैसलामा स्वतन्त्रताको व्याख्या गरेका छन् । उनले स्वतन्त्रता भनेको 'म मात्र सही हो' भन्ने सोच व्यवहार होइन, 'वास्तवमा के म सही छु त भनी आफूले आफैँलाई आशङ्का गर्नु' पनि हो भनेका छन् । स्वतन्त्रता भनेको अर्काको सोच, दिमाग र आवश्यकताको पनि सम्मान गर्ने तथा बुझ्ने विषय पनि हो(Odello and Vondali AD, 2011, p. 4)।

सामान्य रूपमा भन्दा सबै देश, धर्म र संस्कृतिका मानिसहरू तथा नागरिकहरूको लागि विना भेदभाव आधारभूत नैतिक मान्यताका आधारमा प्राप्त हुने अधिकार नै मानव अधिकार हो(खड्का, वि.सं. २०७९, पृ. ४) । मानव अधिकार त्यस्तो अधिकार तथा निजी स्वतन्त्रता र सम्मान हो जसलाई कुनै पनि संस्था, व्यक्ति र समूहले हस्तक्षेप गर्नु गैरकानुनी मानिन्छ किनभने यो मानव मात्रको नैसर्गिक एवम् जन्मसिद्ध अधिकार हो । 'अधिकार' भन्ने शब्दबाट नै यो कुनै व्यक्तिले उपयोग गर्ने, यसलाई सबै तह र तप्काबाट उच्च सम्मानका साथ आदर गरिने र यसको बाध्यात्मक रूपमा पालना हुने कुराको अनुभूति हुन्छ । मानव अधिकार प्रत्येक मानिसका जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राजनीतिक विचारधारा र राष्ट्रिय सिमाना आदिको भेदभाव विना प्राप्त हुने अधिकार हुन् (राष्ट्रिय मानव अधिकार आयोग, वि.सं. २०७१, पृ. १) । यस्ता विषय र मान्यतालाई मानव अधिकारको विश्वव्यापी घोषणाको धारा २ ले प्रस्टसँग लेखेको छ । मानिसले प्राप्त गर्ने त्यस्ता आधारभूत प्राकृतिक तथा जन्मसिद्ध अधिकारको सुरक्षा र संरक्षण हुनु पर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ (Ackely, AD, 2008, p. 4)।

मानिस सामाजिक र राजनीतिक प्राणी भएकाले मानिस-मानिस मिलेर एउटा परिवार बन्दछ । परिवार-परिवार मिलेर समाज बन्न पुग्दछ । समाज भएपछि मानवका अनेकौं राजनीतिक, सामाजिक-आर्थिक तथा साँस्कृतिक आवश्यकता हुन्छन् । जीवन मानवको सबैभन्दा आधारभूत र आवश्यक पक्ष हो । यसर्थ मानवलाई आफ्नो निजी जीवन सबैभन्दा ठूलो महत्त्वको लाग्छ । जीवनको अधिकार प्राथमिक विषय हो । यसर्थ जीवन र उसको सम्पत्तिको सुरक्षा मानव इतिहासदेखि बढी महत्त्वपूर्ण आधारभूत विषय हुँदै आएको छ । मानिसको जीवन, स्वतन्त्रता र सुरक्षाको लागि राज्य आवश्यक भएको हो । त्यसैले लोकतान्त्रिक राज्य संविधान, कानुन र विधिले सञ्चालित हुन्छ, हुनुपर्दछ भन्ने मानिएको छ (Frick, AD, 2019, p. 7)।

प्रजातान्त्रिक-लोकतान्त्रिक राज्यमा प्रत्येकको आधारभूत अधिकारको संवैधानिक दृष्टिले सुरक्षा गरिन्छ भन्ने मान्यता रहेको छ (Antoni, AD, 2013, p. 43) । जुन मानिसको आधारभूत मानव अधिकार पनि हो । मानव अधिकारमा दुई शब्द 'मानव' र 'अधिकार' रहेका छन् । मानवसँग अधिकार जोडिएपछि त्यसको अर्थ व्यापक बन्न जान्छ । मानिसलाई मानवको व्यवहार, सम्मान र अधिकार प्रदान गर्ने कुरा नै मानव अधिकार हो ( देवकोटा, वि.सं. २०७८, पृ. ७) । मानव अधिकार प्राप्तिको लागि विश्वमा अनेकौं युद्ध एवम् क्रान्तिहरू हुँदै आएका देखिन्छन् । सन् १९४५ मा समाप्त भएको दोस्रो विश्व युद्धमा हमलाकारी राज्यका मानिसहरूलाई दुस्मन घोषणा गरिएको थियो । २० औं शताब्दी अघिका समयमा हेर्ने हो भने तत्कालीन समयमा मानिसहरूलाई जस्तोसुकै तरिकाले मार्ने गरिन्थ्यो (

पहाडी, वि.सं. २०७४, पृ. ६) । मानवका अधिकारका विषय एकदम सीमित रहेका थिए । यद्यपि आजको वर्तमान समाजमा मानव अधिकारको दायरा फराकिला भएर गएका देखिन्छन् । आज पश्चिमी समाज र सभ्यतामा जन्मदै नजन्मिएको पेटको बच्चाको मानव अधिकारको समेत सुरक्षाँ हुनुपर्ने विषयमा विभिन्न प्रकारले बहस हुँदै आएका छन् (Lfe, AD, 2009, p. 70)।

यस दृष्टिकोणले राज्यले मानव अधिकारको अनुभूति गर्नु र त्यसलाई संरक्षण गर्नु उसको पहिलो र आधारभूत दायित्व हो (पोखरेल, वि.सं. २०७४, पृ. ६) । यसै सन्दर्भमा मानव अधिकारलाई हेर्ने विभिन्न दृष्टिकोणहरूको विकास भएका छन् । ती मध्ये व्यक्तिवादी दृष्टिकोणका अनुसार मानव अधिकार राज्यले दिने विषय होइन । तर राज्यले यसको संरक्षण तथा सुरक्षामा खतरा उत्पन्न हुन नदिने चाहिँ हो भन्ने गरिएको छ । यसो भएर नै राष्ट्रिय संविधान र विभिन्न बहुर्राष्ट्रिय महासन्धिहरूमा भएका कुराहरू मानिस, व्यक्ति, नागरिक वा समूहले नपाएको खण्डमा राज्यका विरुद्ध पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय अदालतमा प्रश्न उठाउन सकिन्छ । जसमा राज्यले उत्तरदायित्व बहन गर्नुपर्ने हुन्छ भन्ने प्रावधान अन्तर्राष्ट्रिय कानुनमा राखिएका देखिन्छन्(Lfe, AD, 2009, p. 72)। संयुक्त राष्ट्रसंघको बडापत्रका विभिन्न धाराहरूमा हेर्ने हो भने पनि मानव अधिकारको संरक्षण तथा सुरक्षा हुनुपर्ने कुराहरू उल्लेख गरिएको देखिन्छ । जसको धारा १ ले कुनै पनि जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग आदिको भेदभाव नगरी सबैको स्वतन्त्रता र मानव अधिकारको प्रबन्ध गर्ने उल्लेख गरेको छ (बुढाथोकी, वि.सं.२०७४, पृ. ६) । अर्कोतर्फ मानव अधिकार सम्बन्धी परिषद्को व्यवस्थालाई संयुक्त राष्ट्रसंघमा महत्त्वपूर्ण मानिएको छ । त्यसमा सदस्य राष्ट्रहरूले आ-आफ्ना मुलुकका मानव अधिकार सम्बन्धी अवस्थाको आवधिक प्रतिवेदन (Universal Perodic Rrport, UPR) निरन्तर बुझाउनु पर्ने बाध्यकारी प्रबन्ध गरी राज्यहरूलाई बढी उत्तरदायी बनाउन खोजिएको छ । मानिसका आधारभूत अधिकारको संरक्षण गर्ने यही उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको निर्माण हुँदै आएका हुन् ।

संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकार सम्बन्धी विभिन्न विश्वव्यापी महासन्धिहरूको तर्जुमा गरी लागु हुँदै आएको देखिन्छ (Ansari, AD, 2018, p. 4)। विभिन्न उद्देश्य, क्षेत्र र सन्दर्भ अनुसारका अनेक प्रकारका बहुराष्ट्रिय महासन्धिहरू जारी गरिएका छन् । सन्धिका विषय अनुसार मानव अधिकार सुरक्षासँग सम्बन्धित क्षेत्रमा प्राथमिकता तोकिएका हुन्छन् ( भण्डारी, वि.सं. २०७९, पृ. ४) । यद्यपि मानव अधिकारलाई कुन सानो र ठूलो भनेर वर्गीकरण गर्न चाहिँ सकिन्न तर प्राथमिकीरण गर्न सकिन्छ (मिश्र, वि.सं.२०७४, पृ. ६) । त्यसमा पनि मानव अधिकारको सुरक्षा गर्ने विषयसँग सम्बन्धित दृष्टिले हेर्दा विश्वमा मूलतः ९ वटा महासन्धिहरूलाई बढी महत्त्वपूर्ण र ठूला सन्धि मानिएको छ (Alston, AD, 2002,

p. 23)। जसलाई लोकतान्त्रिक राज्यका संविधानहरूले समेत उच्च महत्त्व दिएर उल्लेख गर्दै पनि आएका छन्। राज्यले सन्धि गरेपछि पालना गर्नैपर्ने कुरालाई सन्धि सम्बन्धी भेयना अन्तर्राष्ट्रिय महासन्धि (१९६९) ले पनि प्रस्ट उल्लेख गरेको देखिन्छ। नेपालले पनि मानव अधिकारसम्बन्धी विभिन्न महत्त्वपूर्ण सन्धिहरूलाई अनुमोदन गरिसकेको अवस्था छ ( सङ्ग्रौला, वि.सं.२०७४, पृ. ६)। कुन सन्धि चाहिँ महत्त्वपूर्ण हो कुन होइन भन्ने कुरा आफैँमा जटिल र विवादित विषय भए पनि मानिस, नागरिक र व्यक्तिका आधारभूत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सुरक्षा र संरक्षण गर्ने महासन्धिहरू नै वास्तवमा महत्त्वपूर्ण हुन भन्न सकिन्छ। त्यस्ता मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरूमाः-जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी सन्धि(Committee on the Elimination of Racial Discrimination, CERD), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि(Committee on Economic, Social and Cultural Rights, CESCR),नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी मानव अधिकार समिति (International Covenant on Civil and Political Rights, ICCPR, 1966) रहेका छन् (Wicks, AD, 2010)। उल्लिखित नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी तथा आर्थिक, सामाजिक अधिकारसम्बन्धी दुवै महासन्धिहरू एकै पटक सन् १९६६ मा जारी भई सन् १९७६ देखि कार्यान्वयनमा आएका देखिन्छन्। मानव अधिकारको क्षेत्रमा उल्लिखित महासन्धिहरूको धेरै ठूलो महत्त्व देखिन्छ (उप्रेती, वि.सं., २०६९, पृ. ५)।

त्यसैगरी महिला विरुद्ध हुने विभेद अन्त्य गर्ने सम्बन्धी महासन्धि(Committee on the Elimination of Discrimination against Women, CEDAW),यातना विरुद्धको महासन्धि(Committee Against Torture, CAT), बालअधिकार सन्धि(Committee on the Rights of the Child, CRC), विदेशी कामदार सम्बन्धी सन्धि (Committee on Migrant Workers, CMW), अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्बन्धी महासन्धि(Committee on the Rights of Persons with Disabilities, CRPD),तथा बलपूर्वक काममा लगाउन नपाउने सम्बन्धी सन्धि(Committee on Enforced Disappearances, CED) महासन्धिहरूलाई ठूला र महत्त्वपूर्ण भनिँदै आएका छन् (Tyagi, AD 2009)। तिनले मानव अधिकारको सम्बर्द्धनको क्षेत्रमा आफ्ना कार्यक्षेत्र तथा सन्धिका प्रावधान बमोजिम कार्य गर्दै संयुक्त राष्ट्रसंघको मानव अधिकार संरक्षण तथा सुरक्षा गर्ने लक्ष्यमा सक्रिय र अर्थपूर्ण भूमिका निर्वाह गरी आएका देखिन्छन् (Comstock, AD, 2021, p. 10)।

अधिकारको सुरक्षा र संरक्षणको हिसाबमा हेर्दा विश्व इतिहासमा युरोपमा सन् १६४८ मा आएको वेष्टफालिया सन्धिको ऐतिहासिक महत्त्व रह्यो (Anderson, AD, 2005, p. 83)। जसले राष्ट्रहरूको सार्वभौमिकता, स्वाधिनता र स्वतन्त्रताको पक्षमा पहिलो पटक प्रस्ट गर्ने काम गऱ्यो (Adhikari, AD, 2015, p. 23)। त्यसपछि विश्वमा स्वतन्त्रता र राष्ट्रको सार्वभौमसत्ताको विषय थप पेचिलो बन्यो । जुन विषय राष्ट्रको स्वतन्त्र अस्तित्व, आफ्नो अलग संविधान र कानुनी विधिसँग पनि जोडियो (Amar, AD, 2009, p. 7)। सन् १७७६ मा अमेरिकामा भएको स्वतन्त्रता संग्रामले अमेरिकालाई स्वतन्त्र गरायो । स्वतन्त्रताको जगमा अमेरिकाले सन् १७८९ मा पहिलो संविधान निर्माण गऱ्यो (Adhikari, AD, 2015, p. 4)। वास्तवमा मानव अधिकारलाई कानुनी वैद्यता दिने काम संविधानले गर्ने भएकाले लिखित संविधानहरू बनाउने कार्य अमेरिकी संविधानको निर्माणपछिका दिनमा विश्वमा बढ्दै आएका हुन् (राउत, वि.सं.२०७६, पृ. ३६) । यसर्थ अमेरिकी संविधानको ऐतिहासिक महत्त्व देखियो, जुन विश्वको पहिलो लिखित संविधान पनि बन्यो । उक्त ऐतिहासिक संविधानमा मानिसको जीवन, स्वतन्त्रता, सम्पत्तिको सुरक्षा तथा राजनीतिक अधिकारहरूलाई लिपिबद्ध गरिएका थिए (Almqvist, AD, 2005, p. 13)।

अर्कोतर्फ सन् १७८९ मा नै फ्रान्समा फ्रान्सेली क्रान्ति सम्पन्न भयो (Amin, AD, 2018, p. 4)। तिनले मानव अधिकार र नागरिक स्वतन्त्रताको विश्वमा नयाँ आयाम खडा गर्ने कामको थालनी भयो (सुवेदी, वि.सं.२०७३, पृ. ६) । त्यसैगरी आधुनिक विश्वमा दोस्रो विश्व युद्धको समाप्तिपछि बनेको संयुक्त राष्ट्रसंघको तत्वाधानमा सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा मानव अधिकारको सुरक्षा र संरक्षणका विभिन्न प्रबन्ध राखिए र घोषित गरिए (Agrawal, AD, 1980, p. 3)। यस्ता विश्वव्यापी महत्त्व भएका संविधान, बडापत्र, अन्तर्राष्ट्रिय घोषणा र परिवर्तनहरूको प्रभाव युरोप, अमेरिकादेखि दक्षिण एसियाको भारत हुँदै नेपालसम्म पनि आएको अनुभव गर्न सकिन्छ (Amatya, AD, 2017, p. 4)। राजनीतिक र कानुनी विश्वमा आएका यिनै विश्वव्यापी परिवर्तनहरूको समेत प्रभावको कारण नेपालमा पनि वि.सं. २००४ (सन् १९४८) मा पहिलो संविधान बन्यो । संविधानले पहिलो पटक संवैधानिक रूपमा नागरिक र राजनीतिक अधिकारलाई प्रस्ट पार्ने काम गऱ्यो (Ansari, AD ,2017, p. 4)। यसपछि २००७ सालमा आएको नेपाल सरकारको अन्तरिम शासन विधानमा धारा १३ देखि १९ सम्म समानता र वैयक्तिक स्वतन्त्रताका विषयहरू उल्लेख गरिए । जसको नेपालको संवैधानिक राजनीतिक इतिहासमा छुट्टै ऐतिहासिक महत्त्व रह्यो । त्यसपछि नेपालमा वि.सं. २०१५, २०१९, २०४७, २०६३ र वि.सं.२०७२ सालमा विभिन्न राजनीतिक र कानुनी दर्शनमा आधारित संविधानहरू बनेर लागु भए, हुँदै आएको छ । उल्लिखित नेपालका विभिन्न संविधानहरूमा

भएका मानव अधिकार सम्बन्धी प्रबन्धहरूमा अन्तर्राष्ट्रिय महासन्धि र प्रबन्ध, मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रावधान, र राजनीतिक-कानुनी दर्शन र मान्यताहरू समेतको के कस्ता प्रभाव रहेका छन् । साथै नेपालका संविधानहरू मानव अधिकारको दृष्टिकोणले केकस्ता रहे भन्ने विषयको खोज तथा अध्ययन गर्न यो शोध कार्य गरिएको हो ।

## १.२ समस्याको कथन

नेपालमा मानव अधिकार सम्बन्धी विषयको बहस चलेको पनि आधा शताब्दी हुन लागिसक्यो । अलि बाक्लै गरी बहस चलेको पनि तीन दशक बढी नाघिसक्यो । नेपालमा सन् १९९६ (२०५२ साल फागुन १) देखि सुरु भएको दशवर्षे सशस्त्र द्वन्द्वकालको सेरोफेरोबाट भने मानव अधिकारको सुरक्षा हुनुपर्ने सम्बन्धी विषयको बहस उत्कर्षमा पुग्यो । अहिले द्वन्द्वको पूर्ण समाधान त नभनौं, विश्राम भएपछि पनि मानव अधिकारको बहस उत्कर्षमै छ । नयाँ गणतान्त्रिक-लोकतान्त्रिक संविधान लागु भइसक्दा पनि मानव अधिकार कार्यान्वयनको विषय जोडतोडले उठ्दै आएको देखिन्छ । द्वन्द्वकालीन हिँसा र अपराध सम्बन्धी विषय विधिसम्मत्त ढङ्गले टुङ्गाउने विषय अहिले पनि राजनीतिक-कानुनी बहसमा आइरहेको देखिन्छ । अर्थात सशस्त्र द्वन्द्वका क्रममा भएका हिँसाबाट पीडितले न्याय पाउने कुरा जटिल बन्दैछ । तर बहस जति उत्कर्षमा भए पनि नेपालको मानव अधिकार सम्बन्धी सवालमा वास्तविक एजेन्डा के हुन सक्छन् भन्ने कुरामा भने अस्प्रष्टता र अन्यौलता देखिन्छ । समाज र राज्य सञ्चालकहरूमा मानव अधिकारको व्याख्या आफू अनुकूल गर्ने प्रचलन समेत रहेको छ । जुन लोकतान्त्रिक-संवैधानिक प्रबन्धको लागि नसुहाउने कुरा हो ।

नेपालका संविधानमा मानव अधिकार तथा राजनीतिक अधिकार सम्बन्धी विषय जहिल्यै विवाद, वहस र चर्चाको विषय हुँदै आयो । मानवलाई ऊ जन्मेदेखि नमरुन्जेलसम्मको लागि विश्वको जुनसुकै कुनामा पुगे पनि प्रत्येकले पाउनै पर्ने न्यूनतम अधिकारको रूपमा रहेको मानव अधिकार सम्बन्धी विषयमा प्रस्टता सहित मानवका अधिकारको सुरक्षा र संरक्षण हुनु अत्यावश्यक हुन्छ । नेपालमा वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७, २०६३ र वि.सं. २०७२ सालमा विभिन्न राजनीतिक-कानुनी दर्शनमा आधारित संविधानहरू बनेर लागु भएका छन् । उल्लिखित विभिन्न संविधानहरू निर्माण भएका समयमा फरक-फरक राजनीतिक-संवैधानिक शासन प्रणाली र कालखण्डहरू रहेका थिए । २००४ सालमा नेपालमा जहानियाँ राणा शासन रहेको अवस्था थियो । राणाविरोधी स्वर चर्को भएकोले उनीहरूले सुधार र परिवर्तन गरेको देखाउन मात्र संविधान निर्माण गरेर त्यसलाई जारी गरेको देखिन्थ्यो । तत्कालिन संविधान नेपालको पहिलो

संविधान भए पनि खासमा लागु हुन नपाउँदै राणा शासन ढल्न पुगेपछि नेपालमा पहिलो पटक प्रजातन्त्र आयो । त्यसपछि बनेको दोस्रो संविधानमा राजनीतिक स्वतन्त्रताका कुराहरू मौलिक हकमा राखिए । २०१५ सालको संविधान लागु हुन नपाउँदै मुलुकमा राजनीतिक अस्थिरता र सत्ता सञ्चालनको अनुभव समेतको कमि भइरहेको अवस्थामा तत्कालिन राजा श्री ५ महेन्द्रले २०१७ साल पुस १ गते दलमाथिनै प्रतिबन्ध लगाएर निर्दलीय पञ्चायती शासन लागु गरे । जननिर्वाचित प्रधानमन्त्री विशेश्वर प्रसाद कोइराला समेतलाई काठमाडौँमा रहेको सुन्दरीजलको जेलमा थुन्ने काम गरियो । देशमा माटो सुहाउँदो भनिएको निर्दलीय पञ्चायती शासन व्यवस्था घोषणा गरी लागु गरियो । पञ्चायती व्यवस्था अनुकूल २०१९ सालको निर्दलीय संविधान जारी गरी लागु गरियो । जसमा मौलिक हकहरूको प्रबन्ध गरिएको भए पनि दलीय राजनीतिक स्वतन्त्रता र राजनीतिक अधिकार नियन्त्रित गर्दै दलीय प्रजातान्त्रिक व्यवस्था नै खारेज गरी नागरिक र राजनीतिक अधिकारहरूमाथि अङ्कुश लगाइयो । यद्यपि पञ्चायती शासकहरूले चाहिँ संविधानमा नागरिक अधिकार मौलिक हकमा लेखिएको भन्दै ‘माटो सुहाउने पञ्चायती प्रजातान्त्रिक व्यवस्था’ भन्ने भाष्य स्थापित गर्न खोजे । उनीहरूले पञ्चायती संविधानको समर्थनमा जिल्ला-जिल्लामा सत्ता प्रायोजित पञ्चऱ्यालीहरू समेत गर्दै रहे । राजनीतिक विचार, विरोध र राजनीतिक दलका गतिविधि संविधान अनुसार पूर्णतः प्रतिबन्धित गरिएको अवस्था थियो ।

राजनीतिक अधिकार नियन्त्रित भएको अवस्थामा पञ्चायती संविधान मानव अधकारमैत्री बन्न सक्दैनथ्यो । जबकी विश्वमा चाहिँ सन् १९४५ पछिका अवधिमा संयुक्त राष्ट्रसंघको गठन भई मानव अधिकारको विश्वव्यापी घोषणा समेत आइसकेको अवस्था थियो । संघद्वारा मानव अधिकार सम्बन्धी विभिन्न विश्व्यापी प्रावधान समेत जारी गरिन थालिएको स्थिति थियो । विश्वका विभिन्न मुलुकहरूले मानव अधिकारका विषयहरूलाई संवैधानिक रूपमा प्रत्याभूति गर्ने लहर चल्न थाल्यो । यसै परिप्रेक्ष्यमा नेपालका संविधानहरूमा मानव अधिकार सम्बन्धी प्रबन्ध के कस्ता रहे, मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रावधानहरूलाई नेपालका संविधानहरूले के कसरी उल्लेख गरे साथै कार्यान्वयनको स्थिति कस्तो रह्यो भन्ने कुरा एउटा अध्ययनको विषयको रूपमा रह्यो । त्यसैले यिनै अवस्था निर्क्यौल गर्न निम्नलिखित प्रश्नहरूको उत्तर खोजी गर्न यो अध्ययन केन्द्रित रहेको छ ।

१) नेपालमा हालसम्म निर्माण गरिएका संविधानहरूमा मानव अधिकारलाई के कसरी समाविष्ट गरिएका छन् ?

२)	नेपालका संविधानहरूमा समावेश मानव अधिकार सम्बन्धी व्यवस्थाहरू अन्तर्राष्ट्रिय प्रावधानहरूसँग कुन हदसम्म अनुकूल छन् ?

३)	नेपालले अङ्गिकार गरेका मानव अधिकार सम्बन्धी व्यवस्थाहरूको के कसरी कार्यान्वयन भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न प्रकारका रहेका छन् :-

(क) नेपालका संविधानहरूमा समाविष्ट मानव अधिकारसम्बन्धी व्यवस्थाको अध्ययन गर्नु,

(ख) मानव अधिकारका विश्वव्यापी प्रावधान र नेपालको मानव अधिकार व्यवस्था बिचको सम्बन्ध लेखाजोखा गर्नु,

(ग) नेपालमा मानव अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयन अवस्था विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

मानव अधिकार आजको लोकतान्त्रिक, गणतान्त्रिक एवम् उदारवादी समाजको अनिवार्य सर्त र विषय हो । लोकतान्त्रिक संविधानमा मानव अधिकारका विषय अत्यावश्यक हुन्छन् । नेपालको इतिहासका विभिन्न राजनीतिक कालखण्डहरूमा विभिन्न संविधानहरू बने र लागु भए । राजाको सक्रिय भूमिका सहितका संविधानहरूको चर्चा गर्नुपर्दा वि.सं. २००४, २००७, २०१५, २०१९ तथा वि.सं. २०४७ मा संविधानहरू बनेर लागु भए । यद्यपि वि.सं. २००४ को पहिलो संविधान आएको समयमा जहानियाँ राणातन्त्र नै थियो । राणा शासन कालको अन्त्यमा पनि प्रजातान्त्रिक अधिकार नागरिकलाई प्रदान गरिएका थिएनन् । जबकी प्रजातन्त्रमा लेख्न, बोल्न, हिड्ँन, आफ्नो पेसा व्यवसाय गर्न तथा सम्पत्ति राख्ने जस्ता आधारभूत अधिकारको रक्षा हुन्छ र हुनुपर्दछ भन्ने मानिन्छ । दोस्रो प्रजातन्त्र काल भनिएको २०४६ सालको परिवर्तनपछि दलीय प्रजातन्त्रको मूल्यमा आधारित २०४७ सालको संविधान बन्यो । बहुदलीय संविधान जारी रहेकै अवस्थामा २०६२/०६३ को जनआन्दोलनको परिणाम स्वरूप पुनर्स्थापित प्रतिनिधि सभाद्वारा वि.सं. २०६३ सालमा अन्तरिम संविधान बन्यो । त्यसपछि संविधान सभाबाट नयाँ संविधान निर्माण गर्न दुई पटकको संविधान सभाको निर्वाचन भएपश्चात संविधान सभाले नेपालको संविधान निर्माण गरी वि.सं. २०७२ साल असोज ३ गते जारी भई लागु गरियो । यसरी नेपालको वर्तमान संविधानसम्म आइपुग्दा विभिन्न राजनीतिक कालखण्ड र संविधानहरू लागु भए । इतिहासका विभिन्न समयमा घोषणा र निर्माण भएका संविधानहरूमा मानव अधिकार सम्बन्धी विषय र प्रबन्धहरूको एकीकृत अध्ययन हालसम्म नभएकाले सो कुराको सम्बोधन हुने गरी गरिएको यो अध्ययनको नेपालको मानव अधिकारसम्बन्धी संवैधानिक संवैधानिक व्यवस्था बारे

अध्ययन तथा महत्व प्रस्ट हुन आउँछ । त्यसैले अनुसन्धानको क्षेत्रमा कार्य गर्ने, विश्वविद्यालयका प्राध्यापक, शिक्षक, विद्यार्थी, राजनीतिक पार्टीका नेता, कानुनविद र विभिन्न राजनीतिक-सामाजिक क्षेत्रका अनुसन्धान सम्बन्धी कार्यमा रहेकाहरूलाई यो अध्ययनले यसको पुष्टि हुन्छ । यसर्थ नेपालका संविधानहरूमा गरिएका मानव अधिकार सम्बन्धी संवैधानिक प्रबन्ध र अन्तर्राष्ट्रिय प्रावधानहरू बिचको सम्बन्ध कार्यान्वयनको अवस्था बारे जानकारी हुन सक्ने भएकाले यो अध्ययनको चौतर्फी महत्त्व र औचित्य रहेको छ ।

## १.५ अध्ययनको विधि

अध्ययन विधि वैज्ञानिक अनुसन्धानको एउटा सर्त हो । अनुसन्धान निश्चित विधिमा रहेर गर्नुपर्दछ । विधिले अनुसन्धानलाई सही आकार प्रदान गर्न सहयोग गर्दछ (श्रेष्ठ, वि.सं. २०८०) । प्रस्तुत शोधकार्य निम्न लिखित विधिहरू प्रयोग गरी सम्पन्न गरिएको छ ।

### १.५.१ तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानको तथ्याङ्कका स्रोत सङ्कलन प्राथमिक र द्वितीय रहेका छन् । जसमा गुणात्मक तथ्याङ्कलाई अध्ययनको आधार बनाइएको छ । मूलतः गुणात्मक एवम् द्वितीयक लिपिवद्ध सामग्रीहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पुस्तकहरू प्रयोग गरिएका छन् भने प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरू यस अध्ययनका स्रोतहरू हुन् । यिनै तथ्याङ्कहरूलाई आधार मानेर अध्ययन सम्पन्न गरिएको छ ।

#### (क) प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष र खुल्ला अन्तर्वार्ता लिइएको छ । अनुसूचीमा उल्लिखित उत्तरदाताहरूद्वारा व्यक्त भएका मुख्य धारणाका सारलाई प्रसङ्गको आवश्यकता अनुसार शोधप्रबन्धमा समावेश गरिएका छन् । अन्तर्वार्तामा नेपाल सरकारका तत्कालीन पूर्व प्रधानमन्त्री, केही पूर्व मन्त्रीहरू, राजनीतिक दलका नेताहरू, मुलुकको सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरू, संघीय सांसद, कानुनविद, प्राध्यापक, लेखक, पत्रकार, विश्लेषक, मानव अधिकार तथा सार्वजनिक-सरकारी जीवनमा विभिन्न भूमिका, अनुभव तथा ज्ञान हासिल गर्नु भएका ४५ जना व्यक्तित्वहरूसँग विभिन्न मितिमा खुल्ला अन्तर्वार्ता लिएर शोधको विषयसँग सम्बन्धित तथ्याङ्क लिने काम

भएको छ । अन्तर्वार्तामा सहभागी व्यक्तिहरूको विवरण अनुसूची-२ मा हेर्न सक्नु हुनेछ ।

### (ख) द्वितीय स्रोत

प्रस्तुत शोध अध्ययनका क्रममा द्वितीय स्रोत सामग्रीका रूपमा नेपालका संविधानहरू, शोधशीर्षकसँग सम्बन्धित विभिन्न पुस्तकहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विद्वानहरूका विचार एवम् मानव अधिकार सम्बन्धी लेखहरू, मानव अधिकार सम्बन्धी विभिन्न संघ-संस्थाहरूका प्रतिवेदनहरू, राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित मानव अधिकारसँग सम्बन्धित विभिन्न पुस्तकहरू तथा इन्टरनेटमा उपलब्ध भएका शोध प्रबन्धसँग सम्बन्ध राख्ने विषयहरूलाई अनुसन्धानको लागि तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## १.५.२ तथ्याङ्क सङ्कलन विधि

### (क) अन्तर्वार्ता

प्राथमिक तथ्याङ्क संकलनका लागि विभिन्न क्षेत्रका ४५ जना व्यक्तिहरूसँग संरचित प्रश्नावलीको आधारमा सहभागीहरूलाई पूर्व जानकारी गराई उपलब्ध समयमा प्रत्येकसँग भेटी अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्तामा आवश्यकता अनुसार थप प्रश्नोत्तर समेत गरिएको छ ।

### (ख) पुस्तकालय

यस अध्ययनमा द्वितीय तथ्याङ्क संकलन अन्तर्गत शोधका लागि आवश्यक ठानिएका विभिन्न पुस्तकहरू, विभिन्न लेखकहरूका अनुसन्धानमूलक लेखहरू तथा पत्रपत्रिकामा प्रकाशित लेखहरू अध्ययनका लागि विभिन्न पुस्तकालयहरू प्रयोग गरिएको छ ।

### (ग) नमुना छनोट

उत्तरदाताहरू छनोट गर्दा अध्ययनलाई आवश्यक हुने सकेसम्म लिङ्ग, क्षेत्र, भूगोल तथा कानुन एवम् राजनीतिका अनेकौँ पक्ष र क्षेत्रमा भएको विज्ञतालाई समेटने प्रयास गरिएको छ । मानव अधिकार सम्बन्धी विषय एवम् राजनीतिक नेतृत्वमा रहेर राजनीतिक-सामाजिक आन्दोलनको नेतृत्व गर्नेहरू, नेपाल सरकारका पूर्व प्रधानमन्त्री, मन्त्रीहरू, संघीय संसदका सदस्यहरू, सर्वोच्च अदालत, उच्च र

जिल्ला अदालतका न्याधीशहरू, पूर्व सभामुखहरू, कानुनका प्राध्यापकहरू, अदालतहरूमा वकालत गर्ने विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताहरू, यस क्षेत्रमा अनुसन्धान गरी रहेका अनुसन्धानकर्ता, लेखक तथा राजनीतिक अधिकारको वकालत र राजनीतिक सङ्घर्षमा सक्रिय व्यक्तिहरूलाई उद्देश्यमूलक नमुना छनोट विधि अपनाइ छनोट गरिएको छ ।

**(घ) प्रश्नावली**

अन्तर्वार्ताको लागि शोध उद्देश्य अनुरूप विषय अथवा प्रसङ्गले थप प्रश्न जोडन सकिने गरी विभिन्न पाँच वटा संरचित प्रश्नावली तयार पारी खुल्ला प्रश्नावलीको माध्यमबाट छनोटमा परेका उत्तरदाताहरूसँग अन्तर्वार्ता लिइएको छ । (प्रश्नावलीको नमुना अनुसूची-१ मा उल्लेख गरिएको छ ।)

### १.५.३ तथ्याङ्कको विश्लेषण

प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलित तथ्याङ्कहरू मूलतः गुणात्मक प्रकृतिमा आधारित रहेका छन् । प्राप्त तथ्याङ्कहरूलाई गुणात्मक ढङ्गले तुलना, विवेचना र विश्लेषण गरिएको छ । साथै यस अध्ययनमा आवश्यकता अनुसार ऐतिहासिक, वर्णणात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट शोध प्रबन्धमा तथ्याङ्कहरू केलाइएको छ ।

## १.६ अध्ययनको सीमा

यो अध्ययनमा नेपालका संविधानहरूमा व्यवस्थित गरिएका मानव अधिकार सम्बन्धी प्रावधानहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ । विशेषतः संविधानरूमा लिपिबद्ध मानव अधिकार सम्बन्धी प्रावधानहरूलाई विश्वव्यापी रूपमा प्रचलित मानव अधिकारसँग सम्बन्धित विशेषगरी ९ वटा ठूला महासन्धिहरूका प्रावधानहरूसँग तुलना गरी नेपालको संवैधानिक व्यवस्थापनको स्थिति खोजी गर्नमा सीमित रहेको छ । त्यस्तै नेपालका संविधानहरूमा लिपिवद्ध गरिएका मानव अधिकार सम्बन्धी व्यवस्थाहरू कार्यान्वयनको दृष्टिले (पूर्ण, आंशिक र अपूर्ण) वर्गीकरण गर्ने कार्यसँग यो अध्ययन केन्द्रित रहेको छ । संक्षेपमा भन्नुपर्दा नेपालका संविधानहरूमा व्यवस्था गरिएका मानव अधिकार सम्बन्धी प्रावधानहरूको विश्वव्यापी मान्यताहरूसँगको सामिप्यता र कार्यान्वयनको अवस्थासँग यो अध्ययनलाई सीमित गरिएको छ । विशेष गरी यो अध्ययन वर्तमान संविधान (२०७२) मा बढी केन्द्रित रहेको छ ।

## १.७ अध्ययनको सङ्गठन

यस शोधप्रबन्धमा सात वटा परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा परिचय खण्ड उल्लेख गरिएको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अनुसन्धान विधि, सीमा तथा अध्ययनको सङ्गठन उल्लेख गरिएका छन् ।

दोस्रो परिच्छेदमा पूर्वकार्यको समीक्षा गरिएको छ । यसमा संविधान र मानव अधिकारको विश्वव्यापी धारणा तथा मान्यतालाई विभिन्न साहित्यमा लेखकहरूले के-कसरी उल्लेख गरेका छन् भन्ने विषयको समीक्षा गरिएको छ ।

तेस्रो परिच्छेदमा सैद्धान्तिक अवधारणा उल्लेख गरिएको छ । यस परिच्छेदको अध्ययनमा मानव अधिकार तथा संविधान सम्बन्धी सैद्धान्तिक र विश्वव्यापी अवधारणाको खोजी रहेको छ ।

चौथो परिच्छेदमा नेपालका हालसम्मका संविधानहरूमा मानव अधिकारको व्यवस्था के कसरी गरिएकोछ भन्ने बारे अध्ययन र विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा मानव अधिकारको विश्वव्यापी प्रावधान र नेपालको स्थिति बारे तुलनात्मक विश्लेषण गरिएको छ । यसमा मानव अधिकार सम्बन्धी विश्व स्तर र क्षेत्रीय स्तरका प्रावधानहरूको व्याख्याका साथ तिनीहरूलाई नेपालले कसरी लिएको छ र के कति आत्मसात गरेको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

छैटौं परिच्छेदमा नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था रहेको छ । यसमा नेपालका संविधानहरूमा भएका मानव अधिकार सम्बन्धी प्रबन्धहरूलाई कार्यान्वयनका क्रममा आएका समस्याहरूको पहिचान गर्न विभिन्न विज्ञ व्यक्तिहरूसँग अन्तर्वार्ताका माध्यमबाट आएका धारणाहरूको विवेचनात्मक-विश्लेषणात्मक विधिबाट केलाउने प्रयास गरिएको छ ।

अन्तिम सातौं परिच्छेदमा शोधकार्यको प्राप्ति, निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएका छन् । साथै शोधप्रबन्धको अन्तमा, आवश्यक अनुसूची तथा सन्दर्भ सामग्रीहरूलाई क्रमैसँग समावेश गरिएको छ ।

# परिच्छेद : दुई

# पूर्वकार्य समीक्षा

मानव अधिकार तथा संवैधानिक विषयको पूर्वकार्यको अध्ययन गर्ने कुरा आफैँमा जटिल भए पनि यस पूर्वकार्य समीक्षामा इतिहास, सिद्धान्त र अभ्यास सम्बन्धी ग्रन्थहरूको अध्ययन गरिएको छ । यद्यपि ती पूर्वकार्य ग्रन्थहरू यतिनै हुन् वा यी मात्रै हुन्छन् भन्न चाहिँ सकिन्न । यिनीहरू आफैँमा व्यापक क्षेत्र र विषय पनि हुन् । जससँग जोडिएका अनेकौँ शाखा र विषयहरू रहेका हुन्छन् । यहाँ अनुसन्धानसँग प्रत्यक्ष-अप्रत्यक्ष जोडिएका इतिहासजन्य, सिद्धान्तजन्य र अनुभवजन्य केही ग्रन्थहरूको पूर्वकार्य समीक्षा गरिएको छ ।

Hayak (AD, 1971) द्वारा लिखित*The Constitution of Liberty*नामक पुस्तकमा मानिसको आधारभूत स्वतन्त्रताको अर्थ र महत्त्व दर्शाउँदै विश्व इतिहासमा भएका महत्त्वपूर्ण ऐतिहासिक घटना तथा सन्दर्भहरूको उल्लेख गरिएको छ ।

प्राचीन युरोपमा भएका ग्रिक र रोमनहरूले विकास तथा अभ्यास गरेका प्रजातान्त्रिक अधिकार, विधि र शासकीय प्रक्रिया एवम् लोकतान्त्रिक संस्कृतिलाई मानव स्वतन्त्रता, प्रजातन्त्र र विधिको शासनको ऐतिहासिक प्रणाली हो भन्ने कुरामा यस पुस्तकले जोड दिएको छ । यिनै आधारमा विश्वमा मानिस, नागरिक तथा जनताका आधारभूत अधिकारहरूको सुरक्षा हुनुपर्ने धारणा बन्दै आएको हो । सोही ऐतिहासिक जगमा फौजदारी कानुनलाई विधिसम्मत्त ढङ्गले सञ्चालन गर्न फौजदारी मान्यता समेत युनानीहरूले विकास गरे । त्यसैगरी रोमन शासन कालमा उनीहरूले आफ्नो शासन प्रणालीलाई विधिसम्मत्त तरिकाले सञ्चालन र अधिकारको समेत सुरक्षा गर्न विभिन्न कानुन निर्माण गरे । उनीहरूले 'जस सिभिले' (Jus Civile), जो नागरिकहरूको अधिकारको सुरक्षा गर्ने, 'जस जेन्टम' (Jus Jentium) भनिने विदेशी नागरिक तथा दासहरूको सुरक्षा गर्ने कानुन र 'जस नेचुरले' (Jus Naturele) नामका साझा हितका कानुनहरूको निर्माण गरी स्वदेशी र विदेशी नागरिक तथा मानिसका जीवन, सम्पत्ति र धनको सुरक्षा गर्ने प्रबन्ध गर्ने गरेको पाइन्छ । अर्कोतर्फ तत्कालीन इटालीको रोमन कानुनमा प्रजातान्त्रिक शासनको लागि अपरिहार्य मानिएका सिनेट, काउन्सील र लोकप्रिय सभा जस्ता नागरिक प्रतिनिधित्व हुने प्रतिनिधिहरूद्वारा राज्य सञ्चालन गर्ने निकायको कल्पना गरी त्यसै अनुसार राज्य सञ्चालन गरिने गरिन्थ्यो । त्यस्तै मध्ययुगमा कतिपय मुलुक र राज्यमा राजाको शासनलाई चुनौती दिँदै चर्चको शासन समेत सुरु हुनथाल्यो । यही समयसन्दर्भबाट अघि बढ्ने क्रममा दार्शनिक, विधिशास्त्री र

विचारकहरूले मानव जीवनको सुरक्षा र प्रजातान्त्रिक अधिकारहरूको संरक्षण हुनुपर्ने प्रस्ट विचार दिँदै आए । संविधान र कानुनी मूल्यको लागि विचारक र दार्शनिक मतको भूमिका अग्रणी रहँदै आएको छ । यस अर्थमा दर्शन, विचार र प्रजातान्त्रिक मूल्यको क्षेत्रमा युरोपका दार्शनिकहरूको विश्वमा बढी प्रभाव परेको प्रस्ट देखिन्छ । उनीहरूद्वारा सिर्जित र प्रतिपादित दर्शन, विधिशास्त्रीय धारणा एवम् स्वतन्त्रता सम्बन्धी विचारहरूको विश्वव्यापी प्रयोग पनि बढ्दै आएको छ । राजनीतिक स्वतन्त्रतामा सबैजसो विधिशास्त्री र दार्शनिकहरूले जोड दिएको भए पनि त्यस्तो स्वतन्त्रताको प्रयोग गर्दा मानिस र नागरिक गम्भीर हुनुपर्ने भन्ने मत पनि आएका छन् । सोही कारण आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकार र हकमा अवरोध नपर्ने गरी गर्नु पर्ने मत बलियो भएको कुरातर्फ उक्त अध्ययनले प्रस्ट सङ्केत गरेको छ । यस दृष्टिकोणलाई मानव अधिकारको विश्वव्यापी घोषणाको धारा २९ ले समेत प्रस्ट लेखेको देखिन्छ ।

Dworkin (AD, 1977) द्वारा लिखित*Taking Rights Seriously*लाई अमेरिकी विधिशास्त्री तथा लेखकहरूको सूचीमा महत्त्वपूर्ण मानिन्छ । अमेरिकी विश्वविद्यालयका कानुनका प्राध्यापक रोनाल्ड डोर्किन तत्कालीन समयका चर्चित विधिशास्त्री तथा कानुनविद रहेका थिए ।

मूलतः पश्चिमा मुलुकहरूका विचारक तथा दार्शनिकहरूले तत्कालीन समयमा राजनीतिक अधिकारलाई मात्र बढी महत्त्व दिन्थ्ये । कतिपय अवस्था र सन्दर्भमा पश्चिमाहरू मानव अधिकार भनेको नागरिक, राजनीतिक तथा प्रजातान्त्रिक अधिकार मात्र हो भन्दै सीमित समेत हुन्थे । यद्यपि आजको विश्व दृष्टिकोण, मानवीय आवश्यकता र फराकिला हुँदै गएका समाज एवम् मानवीय विकासले उनीहरूमा परिवर्तन ल्याइरहेको छ । मानिसको लागि सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारका विविध पक्षहरूको उत्तिकै अर्थ र महत्त्व हुने कुरालाई स्वयम् उनीहरूले वकालत गर्दै आएका छन् । यसर्थ पश्चिमाहरूले पूर्वीय वा समाजवादी मुलुकहरूले दिँदै आएको भन्दा पनि बढी आर्थिक-सामाजिक अधिकार तथा सुविधा आफ्ना नागरिक, मजदुर र विदेशी कामदार समेतलाई दिन थालेका छन् । कतिपय सन्दर्भमा यसलाई उदारवादी र लोककल्याणको मान्यता पनि भन्ने गरिएको छ । लोककल्याणकारी र सामाजिक न्यायको संरक्षण गर्ने राज्य तथा शासन प्रणाली हुनुपर्ने कुराले विश्वव्यापी प्रभाव पार्न थालेको छ । यसरी मानिसका अधिकारहरूको सुरक्षाको लागि विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू हुँदै आएका हुन् । प्रजातान्त्रिक सरकारहरूले पनि आम मानिस, देशका नागरिक र प्रत्येक व्यक्तिको हरेक हक अधिकारहरूको रक्षा र सुरक्षा दिनको लागि आवश्यक कानुनी प्रबन्ध गर्दै आएको देखिन्छ । प्रत्येक मानिस, व्यक्ति र नागरिकहरूले आफ्नो प्राकृतिक, संवैधानिक र कानुनी अधिकारहरूको प्रयोग गर्दा अन्य

व्यक्ति वा मानिसको संवैधानिक र कानुनी अधिकारमा आँच आउने गरी गर्नु हुँदैन भन्ने मान्यताले विश्वमा महत्त्व पाएको छ । आफ्ना अधिकारहरूको प्रयोग गर्दा मानिस गम्भीर हुनु पर्ने भन्दै त्यो आम भलाई र बृहत् हितको लागि अत्यावश्यक हुन्छ भन्ने मान्यतालाई विधिशास्त्री डोर्किनले जोड दिए । यही ऐतिहासिक विकासको सन्दर्भमा राजनीतिक तथा संवैधानिक अधिकारको प्रयोग गर्दा पनि नागरिकले संवैधानिक दायित्व पूरा गर्न गम्भीर हुनुपर्दछ भन्ने कुराले स्थान पाउँदै आएको छ । नागरिकले आफ्ना दायित्व पूरा गर्दा सामाजिक र वितरणमुखी न्यायको मान्यता समेत पूरा हुन सक्दछ भन्नेतर्फ डोर्किनले आफ्नो पुस्तकमा जोड दिएका छन् ।

Addis (AD, 2005)द्वारा लिखित*Your Rights the Liberty Guide to Human Rights*नामक पूर्वकार्य साहित्यमा विश्वमा मानव अधिकार सम्बन्धी कानुन निर्माणले दोस्रो विश्वयुद्धपछि व्यापकता पाएको र सो अवधिमा के कस्ता अन्तर्राष्ट्रिय घटना घटेका थिए तथा मानव अधिकार सम्बन्धी कस्ता-कस्ता कानुनहरू बने भन्ने कुराको विवेचना गरिएको देखिन्छ । युरोपका ४५ देशहरूले हस्ताक्षर गरी युरोपियन मानव अधिकार सन्धिमा हस्ताक्षर गरेका थिए ।  ७ दशकअघि बनाएको युरोपीयन सन्धिमा रहेका कतिपय विषयहरू आजको सन्दर्भमा पुरानो भए पनि यो एउटा राम्रो जीवित दस्तावेज थियो भन्ने विषयलाई पुस्तकले औँल्याएको छ । युरोपेली मानव अधिकार ऐन, १९९८को धारा २ मा जीवनको अधिकार उल्लेख गर्दै कानुन अनुसार प्रत्येक व्यक्तिको जीवन संरक्षित हुने उल्लेख छ । सोही ऐनको धारा ३ मा यातना दिन रोक लगाइएको, धारा ४ मा दास र जबर्जस्ती श्रममा लगाउन नपाइने, धारा ५ स्वतन्त्रता र सुरक्षा, धारा ६ स्वच्छ न्याय पाउने हक, धारा ७ कानुनविना दोषी प्रमाणित गर्न नपाइने, धारा ८ व्यक्तिगत र पारिवारिक जीवनको सम्मान, धारा ९ विचारको स्वतन्त्रता, धारा १० विचार व्यक्त गर्न पाउने स्वतन्त्रता, धारा ११ सङ्गठन गर्न पाउने स्वतन्त्रता, धारा १२ विवाहको स्वतन्त्रता, धारा १३ विभेद गर्न नपाउने जस्ता व्यवस्था गरिएका छन् । सो मानव अधिकार ऐन, १९९८ को पहिलो प्रोटोकलको धारा १ ले सम्पत्तिको सुरक्षा हुनुपर्ने, धारा २ शिक्षाको अधिकार, धारा ३ स्वतन्त्र निर्वाचन जस्ता प्रावधानहरूमा जोड दिइएका छन् । मानव अधिकार सम्बन्धी युरोपीयन सन्धि, मानव अधिकार ऐन, १९९८ ले व्यक्तिको निजी जीवनका गोप्यताको सुरक्षा गरेको छ । व्यक्तिको व्यक्तिगत र वैवाहिक जीवन गोप्य राख्न पाउने भनिएको छ । तर चोरीको वा निषेधित बस्तु कसैसँग फेला परेमा त्यसलाई जफत गर्ने, नियन्त्रण गर्ने अधिकार प्रहरीलाई हुनेछ भनि लेखिएको छ । प्रहरी वा अधिकारी पहिचान सहित छैन भने उसले कसैलाई छानविन अघि पक्राउ पूर्जि देखाउनु पर्छ जसमा प्रहरी कार्यालय र अधिकारीको नाम, पक्राउ गर्नुको कारण खुलाइएको हुनुपर्छ भन्ने कुरा उल्लेख छ । खानतलासी, छानबिनपूर्व उसको सहमति

लिनु पर्ने हुन्छ र पक्राउ गर्दा अधिकारीको पत्र भएकै हुनुपर्छ भनिएको छ । पक्राउ गर्दा सामान्य कानुनको अधिनमा रहेर गर्नुपर्ने, पक्राउ गर्नुपर्ने उचित कारण हुनुर्पे, पक्राउ गर्नाको अवस्था खुल्नुपर्ने, पक्राउ निश्चित अधिकारवालाले गर्नुपर्ने हुन्छ भन्ने जस्ता कुरा उल्लेख गरिएको भए पनि साहित्यमा संविधानको अवधारणगत विषय रहेको छैन । यसमा प्रहरी प्रशासनको दायित्वका सम्बन्धमा बढी उल्लेख गरिएको छ ।

Clapham (AD, 2015) द्वारा लिखित*Human Rights : A Very Short Introduction*ग्रन्थमा विश्वमा मानव अधिकार सम्बन्धी अवधारणाको विकास हुनथालेदेखि वर्तमान आधुनिक कालसम्मका विकासक्रम सम्बन्धी विषयमा सविस्तारमा उल्लेख गरिएको छ । अमेरिकी स्वतन्त्रता सङ्ग्राम, फ्रान्सेली क्रान्ति र त्यसले दिएका धारणा एवम् युरोपका विभिन्न विधिशास्त्री तथा दार्शनिकहरूका विचारलाई पुस्तकले मानव अधिकारसँग जोडेर विवेचना गर्दै उल्लेख गरेको छ ।

मानिसका अधिकार सम्बन्धी धारणाको विकास मानव सभ्यताको विकाससँगै हुँदै आएको भए पनि विश्वव्यापी प्रभाव हुने महत्त्वपूर्ण राजनीतिक क्रान्ति तथा घटना एवम् परिवर्तनहरूबाट मानव अधिकार सम्बन्धी धारणाले औपचारिक हिसाबले प्रवेश पाएको देखिन्छ । सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्रले मानिसका प्रकृति प्रद्धत्त अधिकारहरूलाई कसैलै खोस्न एवम् हस्तक्षेप गर्नु हुन्न र सक्दैन भन्ने विचारलाई सार्वजनिक गर्ने काम गऱ्यो । अमेरिकाका तेस्रो राष्ट्रपति थोमस जेफरसन (१७४३-१८२६) ले अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्र सम्बन्धी दस्तावेजको मस्यौदा गरेका हुन् । जसमा सबै मानवका अधिकार अहस्तक्षेपयोग्य हुन्छन् भनियो । सबै मानव स्वतन्त्र र समान अधिकार सहित जन्मेका हुन्, मानवको जीवन, स्वतन्त्रता, सम्पत्ति तथा सुरक्षा सबैको लागि बरोबर हो भनि प्रस्ट गरियो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामको १३ वर्षपछि सन् १७८९ अगष्ट २७ मा अमेरिकी घोषणामा उल्लिखित दार्शनिक अवधारणा तथा विचारलाई फ्रान्सेली क्रान्तिमा समावेश गरी लागु गरियो । फ्रान्सेली क्रान्तिको घोषणापत्रको धारा १ मा प्रत्येक मानव स्वतन्त्र र समान अधिकारसहित जन्मेका हुन् (Men are Born and Remain Free and Equal in Rights)उल्लेख गरियो । मानवको सम्मानमाथि प्रहार गर्ने, सम्पत्तिमा हस्तक्षेप गर्ने, सुरक्षा नहुने, जीवनको खतरा हुने कुराहरूलाई मानवको प्रकृति प्रदत्त अधिकारमाथिको हस्तक्षेप हो भन्ने कुरालाई प्रस्ट लेख्ने काम भयो । ऐतिहासिक फ्रान्सेली क्रान्तिको घोषणपत्रमा उल्लेख भएका कुराहरूलाई पछि सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषण(UDHR)का विभिन्न धाराहरूमा लेखिएका छन् । घोषणाको धारा १ मा मानवले जन्मँदै लिएर आएका अधिकारहरूको सुरक्षा हुनुपर्ने विषयलाई पुस्तकले औँल्याएको छ ।

फ्रान्सेली क्रान्ति तथा अमेरिकी संविधान (सन् १७८७) ले मानव अधिकारको आधुनिक अवधारणा निर्माणमा महत्त्वपूर्ण टेवा दिए । तर पनि त्यतिले मात्र मानव र व्यक्तिका सारा अधिकार स्थापित भएनन् । दासता तथा स्वतन्त्रताको लागि जनजाति र महिला लगायतका समूहले विश्वमा भएका विभिन्न सङ्घर्षहरूबाट मानव अधिकारको विश्वव्यापी धारणा निर्माणमा सहयोग पुग्दै आएको छ । आफूले बढी अधिकारको उपयोग गर्ने र अरूका प्राकृतिक तथा जन्मसिद्ध अधिकार पनि सङ्कुचन गरिदिने मानवीय प्रवृत्तिका कारण विश्वमा मानव अधिकार सम्बन्धी मान्यता र धारणाको विकास भएको हो । राजनीतिक, कानुनी र संवैधानिक दृष्टिकोणले मानव अधिकार संरक्षित तथा सुरक्षित हुँदै आएको भए पनि व्यवहारिक एवम् वास्तविक हिसाबमा मानवका अधिकारहरूको अझै पूर्ण सुरक्षा तथा ग्यारेन्टी हुन सकेको देखिन्न । मानवीय प्रवृत्ति आफूले धेरै अधिकार उपयोग गर्न पाउनुपर्ने र अरूलाई दिँदा कम दिन पाए हुन्थ्यो भन्ने सोचका कारण अनेकौं राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक द्वन्द्व हुँदै आएका देखिन्छन् । यस्ता मानवीय प्रवृत्तिलाई कानुनी तथा संवैधानिक प्रबन्धमार्फत आवश्यक नियन्त्रण गरी सबैको जन्मसिद्ध अधिकारको सुरक्षा तथा संरक्षण गर्नुपर्ने भएकाले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रबन्ध गर्नु परेको कुरालाई यस पूर्वकार्यले विस्तारमा प्रस्टसँग लेखेको छ ।

Lfe, (AD, 2009) द्वारा लिखित*Human Rights From Below, Achieving Rights Through Commenting Development* साहित्यमा मानव अधिकार र संवैधानिक विकासको लागि मानिसको समग्र पक्षको विकास हुनुपर्ने भएकाले त्यसका विभिन्न अवधारणहरूको अध्ययनले महत्त्वपूर्ण अर्थ राख्दछन भन्ने कुरामा जोड दिइएको छ । विकाससँग मानव अधिकार र संविधानको सम्बन्ध हुने कुरा पुस्तकमा लेखिएको छ ।

मानव अधिकार भन्ने विषय विश्वव्यापी अधिकारको कुरा हो । २० औं शताब्दीमा यस सम्बन्धी अवधारणाको विकास तथा गतिविधिले सो शताब्दी अन्तर्राष्ट्रियवादको शताब्दी बन्यो । विकास र समृद्धिविना मानव अधिकार अपूर्ण हुन्छ भन्ने पक्षलाई पुस्तकले जोडेको छ । विकास र प्रगति सम्बन्धी मान्यताका कारण विश्वका मानिसहरूले अन्यत्र मुलुकहरूको भ्रमण गर्ने, सूचना आद्रन-प्रदान गर्ने, विज्ञान र प्रविधिको विकास र विस्तार, बजार, व्यापार लगायतका क्षेत्रमा चमत्कारिक खालका अनेकौं प्रगति गर्दै आएका छन् । अर्कोतर्फ विकास र मानिसका अधिकारको अन्तरसम्बन्ध बढेको कारण लोकतान्त्रिक मुलुकहरूका संविधान-कानुनहरूमा पनि कतिपय समानता र एकरूपता देखिन्छन् । मानवका न्यूनतम अधिकारलाई सबैजसो लोकतान्त्रिक संविधानहरूले सम्मान गर्दै उल्लेख गरेका छन् । त्यसैगरी मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संस्थाहरूको गठन र सक्रियताले मानव अधिकार तथा संविधानको क्षेत्रमा विभिन्न प्रकारका सुधार र परिवर्तन भइआएका छन् ।

मानवअधिकारवादी संस्थाहरू एम्नेष्टी इन्टरनेसनल, अक्सफार्म, सेभ द चिल्ड्रन, वर्ल्ड भिजन, ग्रिनपिस तथा महिला अन्तर्राष्ट्रिय लिग जस्ता संस्थाहरूले मानव अधिकार, लोकतन्त्र, संविधानवाद, शान्ति, दिगो तथा सहभागितामूलक विकास एवम् नागरिक स्वतन्त्रताको पक्षमा वकालत गर्दै सक्रिय देखिन्छन् ।

संविधान, कानुन र विधिअनुसार राज्य सञ्चालन नहुने हो भने मानव अधिकार उल्लङ्घनका घटना बढ्न सक्दछन् । भूराजनीतिमा त्यस्ता खालका विभिन्न अभ्यास र अनुभव देखिन्छन् । नेपालको सन्दर्भमा पनि गणतन्त्र र नयाँ संविधान लागु हुनु अघिका दशकहरूमा  विभिन्न प्रकारका राजनीतिक उद्देश्यले गरिएका सशस्त्र द्वन्द्व तथा संघर्षहरू भएका थिए । लोकतान्त्रिक गणतन्त्रको बहालीपछिका दिनमा सशस्त्र सङ्घर्षको अन्त्य भई आन्दोलन र द्वन्द्वले शान्तिपूर्ण वैचारिक र राजनीतिक रूप धारण गरेको देखिन्छ । यसबाट सशस्त्र युद्धको अन्त्य भएको भनिएको भए पनि अनेकौं खालका सामाजिक, आर्थिक, राजनीतिक तथा साँस्कृतिक द्वन्द्व समाजमा विद्यमान रहेको अवस्था छ । यसको न्यूनीकरण गर्न संविधानले परिकल्पना गरेका सामाजिक न्याय, समानता तथा आर्थिक-सामाजिक अधिकार एवम् अवसरसहित समातामूलक समाज निर्माण हुन सक्दा सामाजिक द्वन्द्वको रूपान्तरण हुन सक्ने स्थिति हुन्छ । यसरी प्रत्येक मानव र नागरिकको प्राकृतिक र जन्मसिद्ध अधिकारको सम्मानको लागि समानुपातिक तथा वितरणमुखी विकास एवम् सामाजिक न्याय हुनुपर्ने कुरालाई पुस्तकले जोड दिएको छ ।

Upreti (AD, 2013)द्वारा लिखित (सम्पादित)*Human Security in Nepal : Concepts, Issues and Challenges*पुस्तकमा नेपालको विकास, सुरक्षा, मानव अधिकार तथा नागरिक स्वतन्त्रताका विविध पक्षमा विभिन्न विद्वान् लेखकहरूका अनुसन्धानमूलक लेख प्रकाशित रहेका छन् । उक्त पुस्तकले मानव जीवनको सुरक्षा मानव अधिकारको सर्वाधिक महत्त्वपूर्ण र आधारभूत विषय हो भन्ने कुरा प्रस्ट गरेको छ । पुस्तकले मानव सुरक्षाका अनेक आयाम र प्रश्न भएकोले यो आफैमा जटिल तथा विवादित कुरा पनि हो भनेको छ । नेपालको सन्दर्भमा विश्लेषण गर्दा सुरक्षाका अनेकौं पक्ष र आयाममा यसलाई अलग गर्न सकिन्छ । नेपाली नागरिकको सुरक्षा पहिलो प्राथमिक आयाम वा पक्ष हो । प्रत्येक नेपालीले न्यूनतम खाद्य, स्वास्थ्य सेवा र आधारभूत सुविधा, खाना आदि बाँच्नको लागि नभई नहुने कुराहरू प्राथमिक सुरक्षाका विषय हुन् । नेपालीका अनेकौं सामाजिक, राजनीतिक तथा आर्थिक सुरक्षा गर्नु लोकतान्त्रिक राज्य प्रणालीको आधारभूत दायित्व हो । अर्कोतर्फ मुलुकको राष्ट्रिय सुरक्षा, स्वतन्त्रता, सार्वभौम अधिकारको प्रश्न समेत नेपालको सुरक्षासँग जोडिएका जरुरी महत्त्वका विषय हुने गरेका छन् । यसरी नेपालमा मानव अधिकारको अभ्यास र व्यवहारको

ऐतिहासिक विश्लेषण गनुपर्दा अनेकौं आयामहरूलाई विवेचना तथा विश्लेषण गर्नुपर्ने कुरालाई पुस्तकले जोड दिएको छ ।

उल्लिखित विभिन्न पूर्वकार्यहरूले विश्व इतिहासमा मानव अधिकार सम्बन्धी धारणा विकास सम्बन्धी इतिहासका घटना तथा राजनीतिक परिवर्तनहरूलाई उल्लेख गरेका देखिन्छन् । यिनै ऐतिहासिक विकासको आधारमा मानव अधिकार सम्बन्धी सिद्धान्तजन्य आधारशीला खडा भएको हो भन्ने प्रस्ट हुन्छ । सोही आधारलाई विश्लेषण र महत्त्व दिँदै विश्वमा विभिन्न पुस्तकहरूको सिर्जना र विकास भएको हो । ऐतिहासिक विकाससँगै मानव अधिकार सम्बन्धी विभिन्न प्रकारका सिद्धान्त तथा दर्शनको समेत विकास हुँदै आएको देखिन्छ ।

Jonathan (AD, 1990) द्वारा लिखित*Separation of Powers, the Political Branches, and the Limits of Judicial Review* नामक पुस्तक राज्यको भूमिकाद्वारा मानिसको मानव अधिकारको सुरक्षा हुनुपर्ने सिद्धान्तमा केन्द्रित देखिन्छ । संविधानवाद सामाजिक न्यायको लागि अत्यावश्यक कुरा भएको भन्दै पुस्तकले समानता र न्याय सम्बन्धी उदारवादी सिद्धान्तमा जोड दिएको छ ।

विश्वको इतिहासमा राजनीतिक, आर्थिक तथा मानवीय मूल्यसँग सम्बन्धित मान्यताहरूमा मानव अधिकार, वातावरण संरक्षण, दिगो विकास, लैङ्गिक समानता, धार्मिक सदभाव, गरिबी निवारण, विश्व शान्ति र न्याय, सशस्त्र हतियारको न्यूनीकरण, नागरिक द्वन्द्वको रोकथाम जस्ता विषय छन् । विश्वव्यापी मानवीय न्यायको लागि उल्लिखित विषय प्रमुख हुन् । त्यस्ता विषयहरू कुनै एक राष्ट्रले मात्र समाधान गर्न सक्दैन । प्रत्येक विश्वव्यापी विषयसँग सामाजिक, राजनीतिक, आर्थिक, जनजातिगत मुद्दाहरू जोडिएका हुन्छन् । यस दृष्टिले विश्वका नागरिकहरू एक अर्का मुलुकप्रति अन्तरनिर्भर र सम्बन्धित रहन्छन् भन्ने विषयलाई पनि यस पूर्वकार्यले उल्लेख गरेको देखिन्छ । यस दृष्टिमा विश्वका नागरिकहरूको धेरै खालका जिम्मेवारी रहन्छन् । शासक पनि निश्चित सीमामा बस्नुपर्ने कुरालाई पुस्तकले दार्शनिक विचारसँग जोडेको छ । फ्रान्सेली राजनीतिक दार्शनिक मन्टेस्क्युले शासनमा शक्तिपृथकीकरण सम्बन्धी धारणाको विकास गरेका हुन् भन्ने विषय यसमा लेखिएको छ । उनको 'द स्पीरिट अफ ल' नामक सन् १७४८ मा प्रकाशित पुस्तकमा त्यस सम्बन्धी विचार दिएका हुन् भन्दै पुस्तकले प्रजातन्त्र र स्वतन्त्रताको रक्षामा शक्तिपृथकीकरण सम्बन्धी सिद्धान्तको चर्चा गरेको छ ।

Gibson (AD, 1991)को*International Organizations, Constitutional Law, and Human Rights*नामको पुस्तक विश्वको इतिहासमा संवैधानिक विकास, मानव अधिकार,

नागरिक स्वतन्त्रता तथा मानव अधिकार सम्बन्धी सैद्धान्तिक विकास आदिको मान्यता र दृष्टिकोण बुझ्नको लागि महत्त्वपूर्ण रहेको देखिन्छ ।

विश्वको पहिलो लिखित संविधान अमेरिकी संविधानमा 'हामी जनता' भनि उल्लेख भएकाले उनीहरूले प्राचीन हिन्दू धर्मग्रन्थमा उल्लेख भएको आठ प्रकारका अधिकारलाई अनुसरण गरेको बुझ्न सकिन्छ । बुद्ध धर्ममा समेत मानव जीवनका बारेमा उल्लेख गरिएका छन् र चीनका दार्शनिक कन्फ्युसियसले पनि सबैलाई उच्च तहको नैतिकता र नियम लागु हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ । प्राचीन ग्रिसका सिद्धान्तहरू पनि मानव अधिकारका मूल्यबाटै निर्देशित रहेका थिए । प्राचीन सोफिस्टको विचारमा मानिस उसको विस्वासको गुरु हो भने भगवानको नियमको होइन र अधिकार भन्ने कुरा प्रश्नै उठाउनै नसकिने एकाधिकार होइन भन्ने रह्यो । ग्रिक दार्शनिक प्लेटोले विश्वव्यापी मूल्य विचारसबैको लागि लागु हुने विश्वव्यापी कुरा भएको भनेका थिए । जसलाई वर्तमान विश्वमा अधिकारभन्ने गरिएको पाइन्छ । यसैको विकसित रूप आज प्रजातन्त्र, प्राकृतिक कानुन जुन सबैको लागि प्राप्त हुनै पर्ने न्यूनतम कुराको रूपमा बुझ्न थालिएको देखिन्छ । रोमन दार्शनिक शिशिरोले प्राकृतिक कानुनलाई राइट रिजन(Right reason) को रूपमा व्याख्या गरेका थिए ।

सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्राम, सन् १७८९ को फ्रान्सेली क्रान्ति, बेलायतको क्रान्ति जस्ता विश्वका ऐतिहासिक परिवर्तनहरूले मानिसका अधिकारहरूलाई भगवानको अधिकार(Divine Rights), राजाको इच्छा, शासकको चाहनाको विषय हो भन्ने परम्परागत मान्यतालाई एकैपटक भत्काइदिएका थिए । विश्व घटनामा आएका यिनै परिवर्तनहरूको जगमा विश्वव्यापी बडापत्र, घोषणा र सन्धिका विभिन्न प्रावधान उल्लेख हुँदै आएको देखिन्छ । संयुक्त राष्ट्रसंघको विधान सन् १९४५ को धारा २ मा आत्मनिर्णयको अधिकार(The Concept of Self–Determination) जस्ता विषय सोही राजनीतिक परिवर्तन र क्रान्तिको मान्यतालाई स्वीकार गरी ल्याइएको थियो । जसमा सबै जनतालाई आत्मनिर्णयको अधिकार हुनेछ(All People shall have the Right to Self–Determination) भनि उल्लेख गरिएको छ । जनताको आत्मनिर्णयको प्रस्ट व्याख्या नगरिएको भए पनि भौगौलिक स्वायत्तता(Territorial Integrity)तथा राजनीतिक स्वतन्त्रता(Political Independence) राज्यको लागि कसैले छिन्न नसक्ने अधिकार भएको भनिएको छ ।

Fenwick (AD, 2002) द्वारा लिखित*Civil Liberties and Human Rights*नामको साहित्यले नागरिक स्वायत्तता, स्वतन्त्रता तथा मानव अधिकार सम्बन्धी दृष्टिकोणलाई प्रस्ट गरेको छ ।

विधिशास्त्रीय र दार्शनिक विचारका आधारमा मानिसका अधिकारहरूको सुरक्षा हुनगई सामाजिक न्याय मिल्नेतर्फ विधिशास्त्री समहत देखिन्छन् । यस पुस्तकले विभिन्न विधिशास्त्री तथा विचारकहरूका सैद्धान्तिक मान्यता तथा धारणाको अर्थ र महत्त्वलाई दर्शाएको छ । अमेरिकी विधिशास्त्री जोन रावल्स (१९२१-२००२), द्वारा लिखित 'अ थ्यौरी अफ जस्टिस, १९७१' मा सामाजिक न्यायको लागि वितरणमुखी न्यायमा जोड दिएका कारण रावल्सले मानिसका अधिकारलाई सामाजिक न्यायसँग जोडेको कुरा अर्का अमेरिकी विधिशास्त्री रोनाल्ड डोर्किन (१९३१-२०१३) ले सन् १९७७ मा 'टेकिङ राइटस् सिरियसली' नामक पुस्तक लेखी मानिसका अधिकारका सम्बन्धमा चर्चा गरेका छन् । उनले आफ्ना अधिकार र हकको प्रयोग गर्दा अर्कोलाई असर नपार्न गम्भीर हुनुपर्ने कुरा रोवर्ट नोजिक (१९३८-२००२) ले सन् १९७४ मा लेखेको 'एनार्की, स्टेट एन्ड अटोपिया' नामक पुस्तकमा अधिकारका सम्बन्धमा बृहत्मा उल्लेख गरेको देखिन्छ । दार्शनिक जोन इस्टुअट मिल (१८०६-१८७३), जर्मनका कार्ल मार्क्स (१८१८-१८८३), आर. एम. अन्गार (१९४७) र होफिल्ड जस्ता विधिशास्त्री तथा दार्शनिकहरूले आर्थिक-सामाजिक अधिकारहरूलाई मानव समाजको सर्वोत्तम अधिकार मानेका छन् । मानव अधिकार र नागरिक अधिकारको सन्दर्भमा यस्ता विद्वान् एवम् विधिशास्त्रीहरूको विश्वव्यापी प्रभाव देखिन्छ भन्ने सैद्धान्तिक तर्क उक्त पुस्तकले गरेको छ । संविधान, प्रजातन्त्र र नागरिक शासनको पूर्णता तथा मानव अधिकारको सन्दर्भमा विधिशास्त्रीय अवधारणाको जगलाई मानव अधिकारको महत्त्वपूर्ण आधार मानिने गरिएकाले यिनै दार्शनिक र विधिशास्त्रीय तथा सैद्धान्तिक अवधारणाको आधारमा आजको मानव अधिकार विकसित हुँदै आएको हो भन्ने प्रस्ट दृष्टिकोण साहित्यले दिएको छ ।

Lener (AD, 2007) को *Human and Child Rights, Essential Primary Source* मानव अधिकार सम्बन्धी सिद्धान्तको अवधाणागत विषयवस्तुको अध्ययनका लागि उल्लिखित पुस्तक बढी सान्दर्भिक देखिन्छ । मानव अधिकार मानवका आधारभूत स्वतन्त्रता र अधिकार संरक्षित गर्ने सिद्धान्त र अवधारणा हो । यो एउटा सरकार वा धर्मको विषय होइन । मानव अधिकार युद्ध र शान्तिको अवस्थामा फरक-फरक हुने विषय पनि होइन । जुनसुकै व्यक्तिले जहिल्यै समान रूपले पाउने अधिकार चाहिँ हो । राज्यको आफ्नो कानुनी प्रणालीमार्फत मानव अधिकारको संरक्षण सरकारले गर्नुपर्दछ । आज मानव अधिकारको विषयमा व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको विषयलाई प्राथमिकता दिनु पर्ने सिद्धान्त ऐतिहासिक

विकासक्रमबाट आएको कुरा पुस्तकमा गरिएको छ । धर्मको स्वतन्त्रता, विचारको स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, हिँडडुलको स्वतन्त्रता, सङ्गठन गर्न पाउने स्वतन्त्रता, कानुनको सीमाभित्र रहेर जुनसुकै प्रकारको सङ्गठन खोल्ने स्वतन्त्रता, शिक्षाको स्वतन्त्रता, रोजगारीको स्वतन्त्रता, स्वास्थ्यको अधिकार, सम्पत्तिको अधिकार, सामाजिक अधिकार, साँस्कृतिक तथा स्वतन्त्रताको विषय नै मानिसका आधारभूत मानव अधिकारका विषयहरू हुन् ।

मानव अधिकार कुनै राजनीतिक, कानुनी वा धार्मिक प्रणाली चाहिँ होइन । मानव अधिकार सम्बन्धी विषय, सिद्धान्तका कुराहरू जन्मका आधारमा प्राप्त हुने अधिकारहरू हुन् । सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामले यस कुरालाई महत्त्वपूर्ण सैद्धान्तिक सारका रूपमा पहिलो पटक उल्लेख गरेको पाइन्छ । जहाँ सबै मानव समान रूपमा जन्मेका हुन् भन्ने मान्यता स्वीकार गरियो । मनिसको जीवन, स्वतन्त्रता तथा खुसी प्राकृतिक रूपमै प्राप्त भएर आएका हुन्छन् भन्ने कुरालाई पनि स्वीकार गरियो । प्राकृतिक अधिकार सम्बन्धी धारणा अमेरिकी स्वतन्त्रता सङ्ग्राम तथा फ्रान्सेली क्रान्तिका देनहरू हुन् । मानिसका यस्ता खालका प्राकृतिक अधिकार स्थापित गर्नको लागि इतिहासमा लामा र ठूला सङ्घर्षहरू भएका छन् ।

फ्रान्सेली क्रान्तिको प्रमुख सैद्धान्तिक उपलब्धि भनेको नागरिकमाथि राज्यको दायित्व हुन्छ भन्ने हो । हजारौँ वर्षदेखि राजा र धर्मको नाममा भइरहेका शासन सत्ताको अन्त्य गर्नु हो भने क्रान्तिको परिणाम स्वरूप अन्याय विरुद्ध आवाज उठाउने अधिकार प्राप्त भएको थियो । सन् १७८९ को घोषणामा मान्छेको अधिकार भन्दै महिला उल्लेख नगरिएको भए पनि सन् १९९१ को संवैधानिक प्रबन्धमा पुरुष र महिलाको अधिकारको सम्बन्धमा उल्लेख गरियो । सन् १७७६ को स्वतन्त्रता सङ्ग्रामपछि अमेरिकामा सन् १७९१ मा बिल अफ राइटस् डिसेम्बर १५ का दिन जारी गरियो । जुन पछि त्यहाँ उल्लिखित कुराहरूलाई संविधानमा उल्लेख गरिए । सो संसदको पहिलो बैठक न्युयोर्कमा सन् १७८९ मा बसेको थियो । उक्त संविधान सम्मेलनको नेतृत्व जेम्स मेडिसनले गरेका थिए । बेन्जामिन फ्रेङ्कलिन लगायतका नेताहरूको संविधान निर्माणमा योगदान रहेको थियो । सङ्घीय शासन गर्ने कि एकात्मक गर्ने भन्नेमा बहसपछि पूर्ण सङ्घीयतामा जाने सहमति भएको थियो । जसमा तत्कालीन १३ अमेरिकाका विभिन्न राज्य मध्ये ९ राज्यको समर्थन रहेको थियो । त्यसलाई दुई तिहाईको बहुमतबाट पारित गरिएको थियो । यसरी चरण-चरणबाट पारित पहिलो संविधान सन् १९९१ डिसेम्बर १५ मा जारी गरियो । जसलाई बिल अफ राइटस् भनियो भन्दै साहित्यमा मानव अधिकार सम्बन्धी ऐतिहासिक र समाज कल्याण सम्बन्धी सैद्धान्तिक अवधारणालाई जोडिएको छ ।

Koch (AD, 2009) द्वारा लिखित *Human Rights as Individisible Rights* साहित्यलेआर्थिक, सामाजिक अधिकारअन्तर्गत स्वास्थ्यको अधिकार, आवासको अधिकार, शिक्षाको अधिकार, सामाजिक सुरक्षाको अधिकार लगायतका साँस्कृतिक अधिकारहरू प्रत्येक नागरिक तथा व्यक्तिले राज्यबाट पाउनै पर्ने हक अधिकारहरू हुन् भन्ने कुरालाई उल्लेख गर्दै मानव अधिकार सम्बन्धी ऐतिहासिक सिद्धान्तमा जोड दिएको छ।

मानिसका नैसर्गिक मौलिक हकमा नागरिक तथा राजनीतिक अधिकारका अतिरिक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक हक अधिकारसमेत पर्दछन् । आवासको अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणामा उल्लेख गरिएको छ। आधुनिक जीवनमा मानिसले स्थायी बसोवासको स्थान पाउन सकेन भने उसका लागि राज्यले दिने अन्य अवसर र अधिकारबाट समेत वन्चित बन्ने अवस्था रहन्छ। त्यस्तो अवस्थामा बोल्ने स्वतन्त्रता तथा अधिकारको पनि अर्थ हुन्न । आर्थिक तथा सामाजिक अधिकार ऐतिहासिक रूपबाटै जोडिएको हो भन्ने कुरालाई यस पुस्तकले जोड दिएको छ।

१९ औँ तथा २० औँ शताब्दीमा आएर मानव अधिकारमा नागरिक तथा राजनीतिक अधिकारको अतिरिक्त आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार पनि उल्लेख हुनुपर्ने अवधारणा विकास भएको हो । जसमा आवासको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार आदिले प्रमुखता पाएका थिए । सन् १९५० र १९६० पछिको अवधिमा तेस्रो जेनेरेसन अधिकार (Thied Generation of Rights of Human Rights) अन्तर्गत विकास तथा वातावरणको अधिकारलाई समेत मानव अधिकारसँगै जोड्न थालिनुका पछाडि ऐतिहासिक तथा समाज कल्याण सम्बन्धी सिद्धान्त समेतको प्रभाव भएको कुरालाई साहित्यले औँल्याएको छ।

Dobner (AD, 2010)को*Oxford Constitutional Theory* आधुनिक विश्व राजनीतिमा संविधानवाद वर्तमान समयको अनिवार्य आवश्यकता हो। यस अर्थमा संविधानको महत्त्व र अर्थका सम्बन्धमा पुस्तकमा ऐतिहासिक ढङ्गले उल्लेख गरिएको छ।

अठारौँ शताब्दीको अन्ततिरबाट संविधान र संविधानवाद सम्बन्धी सैद्धान्तिक अवधारणाले व्यापकता पाएको कुरा साहित्यले प्रस्ट गरेको छ । अमेरिकी राज्यहरूमा बेलायती शासनबाट मुक्ति र फ्रान्समा भएको क्रान्तिले यस सम्बन्धी धारणालाई विश्वको राजनीतिमा प्रस्टसँग उजागर गर्ने काम गरेका हुन् । संविधानवाद र स्वतन्त्रताको धारणाले युरोप हुँदै विश्वमा विचार फैल्याउने कार्य गरेको थियो। १९ औं शताब्दीमा संविधानवादको प्रभावका कारण विश्वका धेरै मुलुकहरूमा राजनीतिक-संवैधानिक परिवर्तनका लागि सघर्षहरू गरिए । यसरी २० औँ शताब्दीको अन्तमा आइपुग्दा संविधानवाद सम्बन्धी

विचारले विश्वव्यापी रूप धारणा गरिसकेको थियो । आज विश्वका दुई सय मुलुकहरूमध्ये केही थान मुलकमात्र संविधानविहीन भएर रहेका छन् । संविधानवादको आजको आधुनिक विश्वमा सबै देशमा संविधानकै कारण राजनीतिक द्वन्द्व र विकासमा सहयोग गरेकै छ भन्न सकिने अवस्था छैन । तापनि विश्वका सबैजसो देशमा राजनीतिक सत्ताको लागि आफ्ना राज्य सञ्चालन गर्न संविधान मूल कानुनी दस्तावेज भएका छन् र त्यसैका आधारमा मुलुकहरूले शासन सञ्चालन गरिरहेका छन् । संविधानले कोरेको रेखालाई नै आधार मानेर राजनीतिक शक्ति र शासकहरू शासन गर्न बाध्य छन् । विश्वको इतिहासमा २ सय पच्चीस वर्षभन्दा अघिदेखि संविधानवादको धारणालाई मान्दै राज्यहरूले आम जनतालाई एउटा राजनीतिक, संवैधानिक र सामाजिक एकताको घेरामा उन्ने काम गरेका छन् ।

विश्वको इतिहासमा मानिसका मौलिक अधिकारहरूलाई पनि १२ औँ, १३ औँ शताब्दीसम्म भगवानको निगाहाबाट प्राप्त हुने कुरा हो भन्ने मान्यता रहेको थियो । तत्कालीन समयमा राजनीति पनि भगवानकै इच्छाको विषय हो भन्ने ठानिन्थ्यो । सन् १७७६ को अमेरिकी स्वतन्त्रा संग्राम र सन् १७८९ को फ्रान्सेली क्रान्तिले उल्लिखित पुरातन मान्यतालाई एकैपटक ध्वस्त गरेपछि सैद्धान्तिक आधार तथा दर्शनबाट नागरिक नियन्त्रित कानुनको निर्माणको लागि प्रेरणा मिलेको देखिन्छ । राजनीतिक दर्शनको लागि यस्ता ठूला क्रान्ति र परिवर्तनहरूले विश्वव्यापी प्रभाव पार्दै आएका हुन्छन् ।

यसर्थ संवैधानिक र कानुनी विकासमा राजनीतिक परिवर्तनको ठूलो भूमिकाले यसबाट संवैधानिक विकासमा टेवा मिलेको देखिन्छ । संविधानहरू मूलतः क्रान्ति तथा विकासक्रमको प्रक्रियाबाट बन्ने गरेका छन् । रुसमा सन् १९१७ मा भ्लादिमिर लेलिन (१८७०-१९२४) ले समाजवादी क्रान्तिको नाममा गरेको अक्टोबर क्रान्तिपछि बनेको रुसी संविधान, क्युवाको संविधान, नेपालमा वि.सं. २०७२ मा बनेको संविधान क्रान्तिका उपज हुन् भने बेलायत आदि देशका संविधान-कानुनहरू विकासक्रमका आधारमा बनेका हुन् । यद्यपि बेलायतमा संविधान नामको अलग्गै दस्तावेज चाहिँ देखिन्न । क्रान्तिको चर्चा गर्दा मूलतः १८ औँ शताब्दीमा विश्वमा प्रजातान्त्रिक शासन व्यवस्थाको लागि विभिन्न समय र स्थानमा क्रान्तिहरू भएका छन् । जसमा व्यक्ति र समूहले शासनको प्रवाहमा आफूलाई सहभागी बनाउनको लागि वर्गीय, लैङ्गिक, जातीय, क्षेत्रीय, भाषागत, वर्णगत, धार्मिक, राष्ट्रगत आदि सङ्घर्षहरू गरिएका छन् भन्ने विषय साहित्यमा उल्लेल गरिएको छ ।

Cohen (AD, 2012)को*Globalization and Sovereignty*विश्वमा अन्तर्राष्ट्रिय कानुनको विकास र त्यसले संवैधानिक र मानव अधिकारको विषयमा खेलेको भूमिका सम्बन्धमा पुस्तकले चर्चा गरेको छ ।

भूराजनीतिको चर्चा गर्दै सन् १९८९ मा सोभियत संघको पतनपछि अमेरिकासँग जारी शीतयुद्धको पनि अन्त्य भएको कुरा पुस्तकमा लेखिएको छ । त्यसपछि विश्वको राजनीतिक तथा सुरक्षा प्रणालीमा राष्ट्रसंघीय सुरक्षा परिषदको भूमिका अग्रभागमा रहँदै आएको छ । राज्यको सुरक्षाभन्दा पनि मानवीय सुरक्षा वर्तमान विश्व राजनीतिमा चुनौती बनेर रहेको छ । अन्तर्राष्ट्रिय कानुन राज्य केन्द्रित, सार्वभौमसत्ता र अन्तर्राष्ट्रिय सम्बन्धमा केन्द्रित बन्दै गएको कुरा यस साहित्यमा उल्लेख गरिएको छ ।

राज्यको राजनीतिक र कानुनी अस्तित्त्वसँग सार्वभौमसत्ताको सम्बन्ध रहेको हुन्छ । आधुनिक सार्वभौमसत्ता परनिर्भरताको प्रक्रिया हो । राष्ट्रको सार्वभौमसत्ता सम्बन्धी धारणा युरोपको वेष्टफालिया सन्धि(Westphalian Treaty, AD, 1648) बाटै आएको हो । सार्वभौमसत्ता एउटा छाता शब्द हो जसमा अन्तर्राष्ट्रिय कानुनले मान्यता दिएका अधिकार राज्यलाई हुने गर्दछ । सार्वभौमसत्ताको अर्थ अधिकार र कर्तव्य निभाउन स्वतन्त्र हुनु हो । प्रत्येक राज्य सार्वभौम हुने जहाँ उसका अधिकार तथा कर्तव्य पनि समान हुने मान्यता नै सार्वभौमसत्ताको अर्थ हो । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका कुरा सार्वभौम राष्ट्रको उसकै हित विपरीत भए पनि मान्नुपर्ने हुन्छ ।

संविधानवादको विश्व परिभाषामा लोकतान्त्रिक राजनीतिक प्रणाली सहित, मानव अधिकार जसमा सकारात्मक तथा नकारात्मक अधिकारहरू रहेका हुन्छन् । त्यसैगरी संविधानवादमा नागरिक स्वतन्त्रताका विषयहरू रहन्छन् । स्वतन्त्रताको चर्चा गर्दा यसअघि सन् १७८९ को फ्रान्सेली क्रान्तिपछि मनिसका अधिकार सम्बन्धमा युरोपमा व्यापक जागरण आएको थियो । फ्रान्सले स्वतन्त्रता र नागरिक अधिकारको लागि हुने आन्दोलनमा सहयोग गर्ने घोषणासहितका नीति लिएको थियो । यसर्थ फ्रान्सेली क्रान्तिलाई आधुनिक मानव अधिकार सम्बन्धी धारणाको जननी पनि भन्ने गरिएको छ । त्यसपछि विश्वका सबैजसो संविधानहरू निर्माण गर्दा फ्रान्सेली क्रान्तिका मान्यता, मानिसका स्वतन्त्रता, सम्पत्ति जस्ता कुरालाई बढी महत्त्व दिइँदै आएको पाइन्छ । सन् १९४५ को दोस्रो विश्वयुद्धपछिका अवधिमा बनेका संविधानहरूले नागरिक स्वतन्त्रता, मानव अधिकार तथा नागरिकका मौलिक हकलाई उच्च प्राथमिकता दिने गरेका छन् । संयुक्त राष्ट्रसंघको स्थापना, मानव अधिकारको विश्वव्यापी घोषणा जस्ता अन्तर्राष्ट्रिय घटनापछि मानव अधिकारका सन्दर्भमा राज्यहरू बढी संवेदनशील बन्ने गरेको पाइन्छ । विश्व इतिहासमा फ्रान्सेली क्रान्तिले स्वीकारेका मानिस तथा नागरिकका अधिकारलाई संविधानवादको महत्त्वपूर्ण पाटो मानिन्छ । उक्त क्रान्तिले सबै मानिस स्वतन्त्र जन्मेका हुन्छन् र तिनका अधिकार समान हुन्छन् भन्ने सिद्धान्त र मान्यता स्थापित गरेको थियो । यो सिद्धान्तको आधारशीला बसाल्ने

दार्शनिकहरूमा बेलायती दार्शनिक जोन लक (१६३२-१७०४), जीन ज्याक रुसो (१७१२-१७७८) लगायत रहेको विषयलाई यस पुस्तकमा समेटिएको छ ।

Daly (AD, 2013)को *Dignity Rights Courts, Constitutions and the Worth of the Human Person* अमेरिकी लेखक डिलेद्वारा लेखिएको सम्मानको अधिकार सम्बन्धी पुस्तक मानव अधिकारमा मानिसको सम्मानको अर्थ र महत्त्व सम्बन्धी सैद्धान्तिक अवधारणा जान्नको लागि अति नै उपयोगी रहेको छ । बेलायतको बिल अफ राइटस्(The English Bill of Rights of 1689) ले राजकीय स्वाभिमान (Royal Dignity) लाई महत्त्व दिएकोमा युरोपमा आएको जागरणको युग(Time of Enlightenment) को महत्त्व र अर्थ फैलिएर फ्रान्सेली क्रान्ति(French Declaration of the Rights of Man and Citizen, 1789) भएको देखिन्छ र सो घोषणामा पहिलो पटक नागरिकको सम्मानको विषयले मान्यता पायो ।

सम्मान (Dignity) को अर्थ कानुनभन्दा बाहिरको विषय हो । मानिसको आधुनिक आत्मसम्मानको परिभाषामा त्यो पहिले सबैको लागि लागु हुन्छ । कुनै विशेष केही(Elite few) का लागि त्यस्तै कानुनको दृष्टिमा सबैको हक अधिकार बराबर हुन्छ भने त्यसको मान्यता विरुद्धको कार्यमा संविधानमा व्यवस्था गरिएको हुन्छ र त्यो अदालतबाट लागु(Enforce) गर्न सकिन्छ । २० औं शताब्दीदेखि मानव सम्मानको अधिकारलाई मानव अधिकारको सिद्धान्तको रूपमा स्वीकार गरिएको छ ।

सन् १९१७ मा बनेको मेक्सिकोको संविधानले भातृत्व, समानता र समान अधिकार जस्ता कुरा हरेक समाजका जाति, लिङ्ग, वर्गका जनताले बराबरी र समान तरिकाले उपयोग गर्न सक्ने हक र अधिकार भएको उल्लेख गर्‍यो । सन् १९२२ मा जारी भएको लाद्भियाको संविधानले संविधानमा राज्यले श्रमिक कामदार, किसान आदिलाई सामाजिक न्याय, आर्थिक सुरक्षा, बाँच्नको लागि आवश्यक न्यूनतम सुविधा सहितको मानव अधिकार तथा मानवीय सम्मान(Human Dignity) को ज्ञारेन्टी गरेको देखिन्छ । सन् १९४८ मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणामा समेत मानवको अन्तरनिहीत सम्मान (Inherent Dignity) भन्ने उल्लेख गरिएको छ । सन् १९३७ मा जारी भएको आयरल्यान्डको संविधानले पनि आत्मसम्मान, स्वतन्त्रता, सामाजिक न्याय, समानता, व्यक्तिको स्वतन्त्रता जस्ता कुराहरूलाई महत्त्व दिएको पाइन्छ । पुस्तकले न्यायको लागि समानता (Equality)हुनुपर्ने भन्दै समानता सम्बन्धी सिद्धान्तमा जोड दिएको छ । यस खालको मान्यता राख्नेमा अमेरिकी विधिशास्त्री रोनाल्ड डोर्किन (१९३१-२०१३), जोन रावल्स लगायतको विचारधारात्मक भूमिका रहेको कुरालाई पुस्तकमा औंल्याइएको छ ।

माथि उल्लिखित विभिन्न साहित्यहरूले मानव अधिकार सम्बन्धी सिद्धान्तजन्य क्षेत्रको विकासको कारण अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनी तथा संवैधानिक-राजनीतिक क्षेत्रमा अनेकौं परिवर्तनहरू भएको देखायो । विविध प्रकारका सैद्धान्तिक र विचारधारात्मक विकासको जगमा मानव अधिकार सम्बन्धी व्यवस्था विकास भएको देखिन्छ । अर्थात् सिद्धान्तहरूको पालना, प्रयोग, अभ्यास र अनुभवबाट मानव अधिकार थप समृद्ध हुँदै आएको प्रस्ट हुन्छ ।

Agrawal (AD, 1980) को *Nepal a Study in Constitutional Change*मा नेपालको संवैधानिक विकास, परिवर्तन तथा मानव अधिकार प्रबन्ध र अभ्यासको सम्बन्धमा विभिन्न प्रकारले विश्लेषण गरिएको छ ।

नेपालको राजनीतिक इतिहासमा किराँत कालदेखि सुरु गर्दै वि.सं. २००७ सालमा भएको पहिलो जनक्रान्तिले ल्याएको परिवर्तनसम्म भएका राजनीतिक-कानुनी अनुभवको यसमा चर्चा गरिएको छ । किराँतकालको अन्त्यपछि लिच्छवि कालमा नेपालको शासनमा केही प्रजातान्त्रिक प्रणालीको आभास हुने गरी शासन सञ्चालन गरिएको र लिच्छविपछि मल्लकालमा पनि केही सामान्य सुधार भएको देखिए पनि सक्रिय राजतन्त्रको शासन भएकोले जनताका राजनीतिक अधिकार, मानव अधिकार, नागरिक स्वतन्त्रता तथा समानता जस्ता महत्त्वपूर्ण पक्षमा तत्कालीन शासन कालमा कुनै तात्विक सुधार भएको अनुभवबाट देखिन्न भन्ने विषय पुस्तकमा उल्लेख गरिएको छ । १ सय चार वर्ष सम्म चलेको राणा शासन कुलीनहरूको हुकुमी शासन भएकाले सो समयमा स्वतन्त्रता, जनअधिकार, प्रजातन्त्र भन्ने कुनै चर्चा समेत गर्नमा रोक लगाइएको अवस्था थियो । राणा शासनको अन्त्यपछि संविधान सभाको निर्वाचन गराई संविधान निर्माण गर्ने कुरा गर्दै वि.सं. २००७ सालमा अन्तरिम शासन विधान ल्याइएको भए पनि संविधान सभाको गठन हुने र त्यसले संविधान बनाउने भन्ने विषय त्यसै हराएर गएको भन्ने जस्ता विषय पुस्तकमा उल्लेख गरिएको छ । नेपालको संवैधानिक र राजनीतिक इतिहासको ऐतिहासिक, अनुभवजन्य एवम् तुलनात्मक अध्ययनको लागि पुस्तक उपयोगी देखिन्छ ।

Frost (AD, 2003) को*Constituing Human Rights, Global Civil Society and the Society of Democratic States*नामक पुस्तकले मानव अधिकारको अर्थ र महत्त्व, हिंसा तथा मानव अधिकार उल्लङ्घनका घटना, मानिसका अधिकार, प्राकृतिक अधिकार, सामाजिक न्याय र त्यस सम्बन्धी कार्यान्वयन तथा अभ्यास बुझ्नको लागि उपयोगी रहेको छ ।

मानव अधिकार त्यस्तो अधिकार हो जसमा व्यक्तिका अनगिन्ती अधिकार(Bundle of Rights) हुन्छन् जुन मानव भएकोले उपयोग गर्न जुनसुकै मानव पनि स्वतन्त्र रहेका हुन्छन् । जुन अधिकार प्रकृति प्रद्वत्त अधिकारहरू हुन् । प्राकृतिक अधिकार कानुनी अधिकारभन्दा माथिका अधिकारहरू हुन्छन् । व्यक्तिले त्यस्ता अधिकार कसरी उपभोग गर्न पाउँछ भनि विभिन्न दार्शनिकहरूले विभिन्न प्रकारले, विभिन्न समयमा व्याख्या गर्दै आएका छन् । आधुनिकतासँगै मानव अधिकारको व्याख्या र परिभाषाले व्यापकता पाएको देखिन्छ । समाजमा बहुविवाह, भ्रूणहत्या, बालहत्या, आत्महत्या तथा युद्ध जस्ता कुराहरूका कारण व्यक्तिका हकमाथि अनेक प्रकारले मानव अधिकारमा अतिक्रमण भइरहेको अनुभवले देखाएको छ ।

मानव अधिकार हननलाई रोक्न र न्यूनीकरण गर्न नागरिक समाजको तर्फबाट निश्चित खालको राजनीतिक सक्रियता तथा भूमिका खेल्नुपर्ने अवस्था अभ्यासले देखायो । मानव समाजको हित र अधिकारको रक्षा र सुरक्षा गर्न छलफल, वादविवाद, वार्ता, कुराकानी र अन्तरक्रिया जस्ता विषयहरू हुनु लोकतन्त्रको सुन्दर पक्ष हो भने त्यस्ता गतिविधिको अर्थ नागरिक र व्यक्तिका स्वतन्त्र अभिव्यक्तिको अधिकार, सङ्गठनको अधिकार, विचारको स्वतन्त्रता, बोल्ने अधिकार, लेख्ने अधिकार र राजनीतिक-सामाजिक गतिवधिमा सक्रिय भूमिका खेल्न पाउने अधिकारको सुरक्षा र संरक्षण आजको समाजको लागि अनिवार्य आवश्यक अधिकार भएको देखिन्छ ।

यिनै अधिकार प्राप्तिको लागि विश्वमा विभिन्न सङ्घर्ष र द्वन्द्व हुँदै आएका छन् । कतिपय अवस्थामा प्रजातन्त्र र नागरिक अधिकार माग्ने नागरिकहरूमाथि शासक र सत्ताले बन्दुकको बलमा नियन्त्रण गर्ने गरेको समेत देखिएको छ । सन् १९८९ मा चीनको राधजानी वेइजिङ स्थित तेयानमेनस्वायरमा भएको भीषण हिंसा, बोस्नियाको सशस्त्र द्वन्द्व, अफगानिस्तानमा सन् २०२२ अघिको हिंसा, सिरिया, नाइजेरिया, हाइटी, रुवान्डा, पाकिस्तान, म्यानमार, अफगानिस्तान, इरान, युक्रेन, इजरायल-प्यालेस्टाइन लगायतका मुलुकहरूमा भएका आमहत्या तथा हिँसा, पाकिस्तानमा हुने धार्मिक, महिला र बालमजदुर शोषण आदि विश्वको राजनीतिक इतिहासमा पछिल्ला अवधिमा चर्चामा रहेका मानव अधिकार उल्लङ्घन सम्बन्धी अनुभवजन्य पक्षलाई पुस्तकले औंल्याएको छ ।

Mayall (AD, 2003) को *International Human Rights In the 21st Century*शीर्षकको पुस्तक पछिल्लो समयमा भएको मानव अधिकार सम्बन्धी विकास र अभ्यास जान्नको लागि उपयोगी रहेको छ । विशेषगरी पुस्तकमा संयुक्त राष्ट्रसंघ र उसले मानव अधिकारको क्षेत्रमा खेलेको भूमिका तथा गर्दै आएको व्यवस्थालाई प्रस्तुत गरिएको छ । राष्ट्रसंघद्वारा

जारी गरिएको विश्वव्यापी घोषणालाई विश्वव्यापी समर्थन भएको र यसले प्रभावकारी ढङ्गले कार्य गर्दै आएको साहित्यले उल्लेख गरेको छ। पुस्तकले सो संघद्वारा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई एकै पटक घोषणा गरी लागु गरिएपछि मानव अधिकारको क्षेत्रमा प्रभावकारी देखिएको विश्व अनुभव रहेको भनिएको छ।

सन् १९४८ को मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा तथा त्यसपछिका मानव अधिकार सम्बन्धी विभिन्न सन्धि र सम्झौताहरू भएको ७० वर्ष भन्दाबढी भएको अवस्थामा हालसम्मको अनुभवका आधारमा अब के समस्या छन् भनि हेर्दा पछिल्लो अवधिमा चाहिँ शक्ति राष्ट्रहरूले मानव अधिकार सम्बन्धी सन्धिका प्रावधानहरूलाई निरन्तर उल्लङ्घन गर्दै आउनुलाई चिन्ताजनक घटना मानिएको छ। सन् २०२२ फेब्रवरी २४ देखि रुसले युक्रेनमाथि गरेको सैन्य हमलाका कारण सन् २०२४ को अक्टोबरसम्म १ करोड भन्दा बढी मानिसले देश छोड्नु परेको थियो। उता सन् २०२३ अक्टोबर ७ देखि भएको इजरायल-प्यालेस्टाइन युद्धका कारण भएको भीषण हिँसा र नागरिकहरूको बाँच्न पाउने अधिकारमाथिको अतिक्रणले भीषण मानवीय समस्या निम्त्याएको थियो (बिबिसी विश्व समाचार)।

अर्कोतर्फ व्यक्ति र समूहका अधिकारहरू र व्यक्ति एवम् राज्यको सम्बन्धको बुझाइमा एकरूपता देख्न सकिन्न। यसमा मूलरूपमा आदिवासी जनजाति, महिला दलित आदिका अधिकारहरूलाई जसरी मानव अधिकारको विश्वव्यापी घोषणाले उल्लेख गरको छ त्यो लागु गर्ने कुरामा समस्याहरू रहेका छन्। मानव अधिकार कानुनत (De-Jure)र व्यवहारत(De-Facto) को फरकलाई यो साहित्यमा औँल्याउँने काम गरिएको देखिन्छ। मानिसमा पनि महिला, जनजाति, दलित, भाषा, भूगोल आदि भिन्नता भएका कारण तिनीहरूका सामूहिक अधिकारहरूमाथि अतिक्रमण जारी राखिएका छन्। शीतयुद्धको समाप्तिपछिका दिनमा यसतर्फ विश्वको ध्यान गई संवैधानिक, कानुनी र राजनीतिक प्रबन्ध गर्नेक्रम बढेको विश्व अनुभवले देखाएको छ।

Antons (AD, 2003) को*Law and Development in East and Southeast Asia* पुस्तक पूवी एसियाका मुलुकहरूको शासन व्यवस्था, प्रजातन्त्र तथा नागरिक अधिकारको सुरक्षाको बारेमा जानकारी लिनको लागि उपयोगी रहेको छ। यस पुस्तकमा सिंगापुर, मलेसिया र थाइल्यान्डमा संसदीय व्यवस्था रहेका छन् भने फिलिपिन्स र इन्डोनेसियामा राष्ट्रपतीय शासनका आ-आफ्ना स्वभाव, अभ्यास र चरित्र रहेको औँल्याईएको छ। साहित्यमा सन् १९७२ देखि सन् १९८१ सम्म फिलिपिन्सका कानुनहरूमा विभिन्न परिवर्तन गरिएको उल्लेख

छ । दक्षिण पूर्वी एसियाका विभिन्न देशका संविधान, शासन र मानव अधिकार सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययनको लागि पुस्तक सान्दर्भिक भए पनि त्यसमा मुलुकहरूको बृहत् विश्लेषण चाहिँ गरिएको छैन । सिंगापुर र मलेसियामा संसदीय प्रजातन्त्र भए पनि शासन व्यवस्था सञ्चालनमा प्रशासनिक प्रक्रिया कडा गरिएका छन् । भेतनाम, लाओस, कम्बोडिया, बङ्गालादेश, वर्मामा आफ्नै प्रकारका सैन्य निरङ्कुशता रहेको देखिन्छ । वर्मा (म्यानमार) मा चाहिँ सैनिक शासकद्वारा लोकतन्त्र पूरै समाप्त पारिएको छ । यद्यपि सेनाले औपचारिक रूपमा प्रजातान्त्रिक प्रणाली रहेको दाबी गर्दै आएको छ । इन्डोनेसियाका तत्कालीन राष्ट्रपति सुहार्तो (१९२१-२००८) लाई विकास, सुशासन र समृद्धिका पिता भन्ने गरिए पनि उनी निरंकुश शासक थिए । उनले आफ्नो शासन काल (सन् १९६८-१९९८ सम्म) मानिस र नागरिकका आधारभूत अधिकारमा व्यापक कटौती गरी निरंकुश शासन चलाएका हुन् । रुसमा प्रजातान्त्रिक शासन रहेको भए पनि राष्ट्रपति भ्लादिमिर पुटिनको एक प्रकारको तानासाही व्यवहार देखिन्छ । उनले विपक्षीलाई बोल्न दिएका छैनन । उता जापान, ताइवान, दक्षिण कोरिया लगायतका देशको भूराजनीतिमा कूटनीतिक क्षमता बढी रहेको उल्लेख गरि आर्थिक अनुभवजन्य पक्षमा पनि पुस्तकले ध्यान दिएको भए पनि मानव अधिकारको सम्बन्धमा सामान्य मात्र उल्लेख गरिएको छ ।

Hardin (AD, 2003) को *Liberalism, Constitutionlism, and Democracy* नामक पुस्तकले संविधान, प्रजातन्त्र, संघीयता तथा मानिसका अधिकार सम्बन्धमा विभिन्न विधिशास्त्रीहरूका धारणा तथा प्रणालीहरूद्वारा लागु गरिएका अभ्यासहरूको तुलनात्मक विश्लेषण गरिएकोले पुस्तक बहुउपयोगी रहेको छ ।

बेलायती दार्शनिक डेविट हुम (१७११-१७७६) ले समाजले कहिलेकाँही न्यायको शासन आवश्यक भएको महसुस गर्ने गर्दछ, जसले सबैको साझा हितमा व्यापक मानिसहरूको लागि आवश्यक नियम लागु हुन पुग्ने भनेका थिए । उनको दर्शन प्रजातन्त्र र संविधानवादमा केन्द्रित रह्यो । उदारवाद, संविधानवाद तथा प्रजातन्त्र साझा हितका सिद्धान्त हुन् । उदारवादले व्यक्तिलाई आफ्नो लागि आवश्यक भएको बाटोमा हिँड्न प्रेरित गर्ने गर्दछ । दार्शनिक जे.एस. मिलले बोल्ने अधिकारलाई व्यापक समाज कल्याणको लागि आवश्यक कुरा हो भनेका छन् । बेलायती दार्शनिक जोन लक पहिलो दार्शनिक थिए जसले राजनीतिक उदारवाद र आर्थिक उदारवादको एकैपटक वकालत गरे । आर्थिक उदारीकरणले नागरिकलाई थोरै औपचारिकता र संस्थाकरण गर्दै व्यक्तिले आफ्नो आवश्यकता अनुसार आर्थिक गतिविधि गर्ने छुट दिन्छ । यसले सरकारको नीति लाद्ने कार्य गर्दैन । सामूहिक हित र फाइदाको लागि प्रजातन्त्र र उदारवाद चाहिएको कुरालाई दार्शनिक थोमस होब्स, डेविट हुम, आदम स्मिथ आदिले जोड दिए । आजका शासन-सत्ता तथा संवैधानिक-कानुनी र

राजनीतिक प्रणालीमा उल्लिखित विधिशास्त्रीहरूका मान्यता तथा धारणाको झल्को देखिन्छ भन्ने कुरा पुस्तकमा भनिएको छ ।

Kaarthikeyan (AD, 2004) द्वारा लिखित*Human Rights in India*पुस्तकमा विश्वको ठूलो प्रजातान्त्रिक मुलुक भारतको लोकतान्त्रिक इतिहासको अध्ययन, तुलना र अभ्यासको चर्चा गरिएको छ । पुस्तकले दक्षिण एसियामै भारतको मानव अधिकार आयोग शक्तिशाली रहेको भनेको छ । पुस्तकमा भारतको संविधानले नागरिक तथा व्यक्तिका मानव अधिकारको सुरक्षा र संरक्षणका लागि संवैधानिक तथा कानुनी व्यवस्था पर्याप्त मात्रामा गरेको प्रस्ट गरेको छ ।

भारतीय संविधानको धारा १५ (९) मा 'कुनै पनि नागरिकलाई धर्म, जाति, भाषा, लिङ्ग र जन्मका आधारमा भेदभाव गरिने छैन' भनि उल्लेख गरिएको छ । सो संविधानको धारा १६(१) ले प्रत्येक नागरिकलाई रोजगारी र आवासमा भेदभाव नगरिने भनेको छ । संविधानले नागरिक अधिकार, प्राकृतिक अधिकार र विश्वव्यापी मानव अधिकारका प्रावधानहरूको पूर्ण सम्मान गर्दै लागु गर्ने भनिएको छ । नागरिकलाई बोल्ने स्वतन्त्रता, विचारको स्वतन्त्रता, शान्तिपूर्ण तरिकाले आफ्नो पेसा, व्यवसाय, रोजगार आदि गर्न कानुनले रोक लगाएकोमा बाहेक कुनै बन्देज नगरिने र अधिकारको सुरक्षा हुने प्रस्ट लेखिएकोले भारतीय नागरिक कानुनी प्रबन्धका हिसाबमा कमजोर देखिएका छैनन् भन्ने कुरा यस पुस्तकमा लेखिएको छ । भारतीय सविधानको धारा २१ ले व्यक्तिगत स्वतन्त्रता तथा मानिसको बाँच्न पाउने हकलाई कानुनअनुसार संरक्षित गरिएको छ । भारतको संविधानको धारा ३२ ले मौलिक हकको उल्लङ्घन भएको अवस्थामा कुनै पनि नागरिकले सर्वोच्च अदालतमा अपील गर्न सक्ने अधिकार सुरक्षित गरेको छ । संविधानको धारा ३९ मा सबैलाई समान खालको न्याय हुने, समान कामको लागि समान ज्याला हुने भनिएको छ । धारा ४३ मा सामाजिक र साँस्कृतिक अधिकार, धारा ४५ मा बालबालिकाहरूलाई अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था गरिने, संविधानको धारा ४८ ले गाई मारेर खानमा रोक लगाएको देखिन्छ ।

सविधान कार्यान्वयन र व्याख्याको दृष्टिले हेर्दा भारतीय न्यायालयहरूले पनि आफ्ना विभिन्न फैसलाहरूमा व्यक्तिको मानव अधिकारको संरक्षण र सुरक्षा हुनुपर्ने भन्दै नागरिक अधिकारको बहालीमा भूमिका खेल्दै आएका छन् । मेनका गान्धी विरुद्ध स्टेट अफ इन्डिया (१९७८) को मुद्दामा सर्वोच्च अदालतले सरकारले 'संवैधानिक र कानुनी प्रक्रियाबिना कसैको पनि पासपोर्ट जफत गर्ने कुरा व्यक्तिको मानव अधिकारको हननको कार्य हुने' भन्दै सरकारलाई नागरिकको स्वतन्त्रतामा आँच आउने कुनै पनि कार्य नगर्न

सचेत गराएको थियो । साथै भारतमा मानव अधिकार आयोगको सिफारिसलाई सरकारले गम्भीर रूपमा लिने गरको छ । अर्कोतर्फ राज्य स्तरमा समेत अलग्गै मानव अधिकार आयोगहरू क्रियाशील रहेका देखिन्छन् । मानव अधिकार सुरक्षा ऐन सन् १९९३ का अनुसार उजुरी र सूचनाका आधारमा मानव अधिकारको संरक्षणमा आयोगले कार्य गर्ने अधिकार दिइएको छ । त्यसमा केन्द्र तथा राज्य सरकारको कुनै हस्तक्षेप नहुने जस्ता प्रावधानलाई पूर्णतः अभ्यास अर्थात् कार्यान्वयन गरिएको प्रस्ट गरिएको छ ।

Barros (AD, 2004) को *Constitutinalism and Dictaroship, Pinochet, the Junta, and the 1980 Constitution* विश्वका विभिन्न स्थानहरूमा निरंकुश शासनहरू सञ्चालित भएको समयमा के कसरी कस्तो मात्रामा मानव अधिकार हननका घटना र अभ्यास भए भन्ने जानकारी प्राप्त गर्नको लागि पुस्तक उपयोगी रहेको देखिन्छ ।

चिलीमा सन् १९७३ सेप्टेम्बर ११ देखि सन् १९९९ मार्च ११ सम्म एक व्यक्तिको निरङ्कुश शासन रह्यो । जसका नायक थिए सैनिक जनरल अगष्टो पिनोचेट । अन्यत्रका सैनिक शासक जस्तै उनले आफू अनुकूल शासन सञ्चालन गरी सैन्य र तानाशाही तरिकाले आफूले चाहेअनुसार संविधान-कानुन लागु गरे । यद्यपि त्यो मुलुकको संविधानमा प्रजातन्त्र र नागरिक अधिकारका विषय लेखिएको थियो । यसर्थ सैनिक शासन भएको मुलुकको संविधानमा असल कुरा लेख्नुको कुनै तुक छैन । त्यस्तो शासनमा संविधान कानुन देखाउनकै लागि मात्र राखिएका हुन्छन् भन्ने कुरा विश्व अनुभवले प्रस्ट गर्दैआएको छ । पिनोचेटले दमनपूर्ण तरिकाले राज्य सञ्चालन गरी संसद जुन्टालाई रबर छाप बनाएका थिए । पूरै संविधानवादको मर्म विपरित शासन सञ्चालन गरियो । यसर्थ संविधानवाद र अधिनायकवाद एक अर्कामा विपरीत अर्थ दिने विषय-मुद्दा हुन् । वर्तमान संविधानवादमा शासन सम्बन्धी सम्पूर्ण अधिकारलाई उल्लेख गर्ने गरिएको पाइन्छ । अधिनायकवादी शासनमा शासकका अधिकार असीमित हुन्छन् तर संविधानवादमा त्यो अधिकार सीमित रहेको हुन्छ ।

बिसौं शताब्दीदेखि विश्वको राजनीतिमा अधिनायकवाद र संविधानवादको बहसले व्यापकता पायो । प्रजातन्त्र र निरंकुशता बिचमा निरन्तर द्वन्द्व चल्दै आयो । सोही कारण सरकार सञ्चालनमा प्रजातान्त्रिक प्रणालीको महत्त्व बढेर गएको अनुभव गरिँदै आएको छ । यसलाई विभिन्न प्रकारमा विभाजन गरी हेर्ने गरिएको पाइन्छ । राजतन्त्र सहितको प्रजातान्त्रिक व्यवस्था, गणतन्त्र, एक दलीय व्यवस्था, सैन्य शासन, सेनाको सहयोगमा रहने कुनै शासन आदि रहेका देखिन्छन् । दार्शनिक फ्रेन्ज न्युमेन (१९५७) ले अधिनायकवादलाई 'त्यस्तो शासन जहाँ व्यक्तिको सम्पूर्ण राज्यसत्तामा एकाधिकार रहन्छ र जसमा कुनै पनि

प्रकारको नियन्त्रण हुँदैन' भनेका छन् । इन्साइक्लोपेडियाले व्यक्ति वा समूहको त्यस्तो शासन जसमा सम्पूर्ण राज्य संयन्त्र उसैको नियन्त्रणमा रहन्छ र कसैप्रति जबाफदेही बन्नु पर्दैन भनेको छ ।

संविधानवादका न्यूनतम प्रजातान्त्रिक मूल्यमा प्रजातान्त्रिक तथा सीमित सरकार हुनुपर्ने मान्यता रहेको पाइन्छ । जहाँ व्यक्तिका अधिकारहरूलाई संविधान, कानुनले संरक्षित र सुरक्षित गरेको हुन्छ । अधिनायकवादी र निरङ्कुश शासनमा संविधान कानुन नामको लागि मात्र राखिएका हुन्छन् । शासकको आदेश नै अन्तिम हुनाले संविधानको औचित्य रहन्न । निरंकुश सत्ता भनेको असीमित अधिकार प्रयोग गर्ने तरिका हो । सत्रौँ शताब्दी सम्म बेलायत, फ्रान्स लगायतका विश्वका धेरै मुलुकहरूमा त्यस प्रकारको अधिनायकवादी र निरंकुश सत्ता सञ्चालित रहे । निरंकुश सत्ताको नाइके आफू स्वयम् पनि नियन्त्रित रहन सक्दैन । सत्ताको ठूलो सञ्जालबाट घेरिन्छ र शक्तिको दुरूप्रयोग गर्ने एवम् गराउने कार्यमा सहभागी बन्ने गर्दछ । प्रजातान्त्रिक प्रणाली सहितको लिखित संविधान भएका राज्यहरूमा संविधानले राज्य-अङ्गका अधिकार, दायित्व र क्षेत्रलाई किटानीसाथ उल्लेख गरेका हुन्छन् । राज्यका अङ्ग र संस्थाहरू निश्चित सीमामा रहनैपर्ने व्यवस्था गरिएको हुन्छ । प्रजातान्त्रिक राज्यका अंग र संस्था संविधान कानुनअनुसार कार्य गर्न स्वतन्त्र रहने भए पनि तिनीहरूमाथि नियन्त्रण र सन्तुलन भने भइनै रहेका हुन्छन् । शक्तिपृथकीकरणको मान्यताअनुसार राज्यमा एक अङ्गले अर्कोलाई हस्तक्षेप गर्ने गरिँदैन । दार्शनिक थोमस होब्सले राज्य र व्यक्तिको सार्वभौम अधिकारको ठूलो महत्त्व हुने बताएका छन् । अर्का दार्शनिक ह्याम्टनले संवैधानिक सरकारको विशेषतामा आवधिक निर्वाचनको माध्यमबाट आएको सीमित सरकार प्रजातान्त्रिक मूल्यमा चल्ने हुनुपर्छ भनेका छन् । कानुनवेत्ता जोसेफ राजले विधिको शासन त्यस्तो विषय हो जुन कानुन बनाउने निकायबाट समेत स्वतन्त्र हुन्छ भने । विधिको शासन छ कि छैन भनि मूल्याङ्कन गर्न निम्न आधारहरूमा ध्यान दिनु पर्ने उल्लेख गरेका छन् । जसमा, कानुन प्रस्ट शब्दावली सहित सार्वजनिक रूपमा प्रकाशमा ल्याइएको हुनुपर्ने, जुन कानुन स्थिर हुनुपर्ने, कानुन कार्यान्वयन गर्ने निकाय किटानीसाथ उल्लेख भएको हुनुपर्ने, त्यस्ता कार्यालय सार्वजनिक नगरिएको हुनुनहुने, कानुनको व्याख्या स्वतन्त्र अदालतबाट हुनुपर्ने, कानुनअनुसारको सजाय वा कारबाही निश्चित कानुनी मान्यतामा रही कानुनको प्रक्रिया पूरा गरेर मात्र गरिएको हुनुपर्ने आदि रहेका छन् भन्दै उल्लिखित पुस्तकले प्रजातान्त्रिक शासन र निरंकुश चरित्रका शासनको भिन्नतालाई विश्व अनुभवसँग जोडेर तुलनात्मक विवेचना गरिएको देखिन्छ ।

Provost (AD, 2004) को *International Human Rights and Humanitarian Law* उल्लिखित पुस्तकमा मानव अधिकारलाई अन्तर्राष्ट्रिय राजनीतिको क्षेत्रमा सामाजिक तथा

राजनीतिक मूल्यको प्रतिनिधित्व गर्ने मूल सिद्धान्तको रूपमा उल्लेख गरेको पाइन्छ । उदार प्रजातान्त्रिक व्यवस्था भएका मुलुकहरूमा यसलाई बहस गर्ने मूल आधारभन्ने मानिएको छ । राजनीतिक दर्शनको शास्त्रीय मान्यतामा व्यक्तिको मानव अधिकारलाई प्रमुख सिद्धान्त मान्दछ । जसले उसमा भएको खास शक्तिलाई सन्तुलन गर्ने काम गर्ने गर्दछ । स्वतन्त्रता एवम् समानताको रक्षा गर्ने कार्य गर्दछ भन्ने विषय पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

दोस्रो विश्वयुद्धपछि व्यक्तिको मानव अधिकारको चरम उल्लङ्घन भएको वा हुन सक्ने अवस्थामा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले व्यक्ति र नागरिकको सुरक्षाको लागि हस्तक्षेपसमेत गर्ने गरेको छ । कतिपय समयमा राष्ट्रकै आग्रहमा पनि मानवीय हस्तक्षेप समेत हुँदै आएका छन् । अँगोला, कम्बोडिया, हाइटी, सोमालिया, अफगानिस्तान, नाइजेरिया, नाबिबिया, मोजाम्बिक, सुडान, इथियोपिया, युक्रेन, इजरायल-प्लेस्टाइन आदि मुलुकहरूमा मानव अधिकारको संरक्षणको लागि राष्ट्रसंघले विभिन्न खालको सहयोग र सुरक्षा गर्दै आएको छ । यसरी व्यक्ति र नागरिकका प्राकृतिक अधिकार तथा मानव अधिकारको सुरक्षा गर्न राष्ट्रको सरकार सक्षम नभएको अवस्थामा मानवीय हस्तक्षेप समेत हुने गरेको विश्व अनुभवले देखाएको छ । राष्ट्रसंघको विधानमा सुरक्षा परिषद्को व्यवस्था भएअनुसार अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको लागि सेनासमेत पठाएर आवश्यक संरक्षण गर्ने नीति तथा अभ्यास रहेको कुरा पुस्तकमा लेखिएको छ ।

विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकारका मूल अधिकारहरूमा नागरिक तथा राजनीतिक अधिकारमा जीवनको अधिकार, बोल्न पाउने अधिकार जस्ता अधिकारलाई पहिलो तहको आधारभूत अधिकार भन्ने गरिएको छ । अर्कोतर्फ समाजवादी सिद्धान्तले जोड दिने खाना, नाना, छाना, पानी, आवास, औषधी उपचार, शिक्षा, विवाह लगायतका आर्थिक सामाजिक अधिकारलाई सम्मानपूर्वक बाच्नको लागि आवश्यक हुने मानव अधिकारको महत्त्वपूर्ण सिद्धान्त भनिएको छ । मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका विषयहरू युद्ध, सशस्त्र द्वन्द्व र जस्तोसुकै अवस्थामा पनि विश्वको कुनै पनि स्थानमा बस्ने जुनसुकै मानिसले न्यूनतम रूपमा पाउनै पर्ने अधिकारका कुराहरू हुन् । यिनै आधारभूत अधिकारको अन्तर्राष्ट्रिय सुरक्षा गर्नको लागि सन् १९४५ मा दोस्रो विश्वयुद्धको समाप्तिपछि सन् १९४८ मा संयुक्त राष्ट्रसंघको पहलमा मानव अधिकारको विश्वव्यापी घोषणामा हस्ताक्षर गरिएको थियो । त्यसैगरी सन् १९४९ मा चार जेनेभा सन्धि (Four Geneva Conventions) सम्पन्न गरियो । सन् १९५७ मा रेडक्रसको अन्तर्राष्ट्रिय सम्मेलन भारतको नयाँ दिल्लीमा भएको थियो । सन् १९६८ मा संयुक्त राष्ट्रसंघको आयोजनामा तेहरान सम्मेलन भएको थियो । यस्ता घोषणा, सम्मेलन र अन्तर्राष्ट्रिय प्रबन्धले मानव अधिकारको संरक्षणमा भूमिका खेल्दै आएको देखिन्छ ।

पुस्तकमा आधुनिक समाजमा आएको नागरिक चेतना र संवैधानिक तथा कानुनी व्यवस्थाका कारण मानव अधिकार हननका घटनामा उल्लेख्य कमी आएको भए पनि अनेक नयाँ रूप र सन्दर्भबाट त्यस प्रकारका कार्य हुने गरेका छन् भनि उल्लेख गरिएको छ । यद्यपि अप्रजातान्त्रिक र निरंकुश तथा सैन्य शासनको परम्परागत मूल्य र मान्यता हालका दशकहरूमा खण्डित र कमजोर भएको अनुभवले देखाएको छ । हालैका वर्षहरूमा भने सशस्त्र हमला र द्वन्द्व चर्किको पनि देखिन्छ । सन् २०२२ फेब्रवरी २४ देखि रुसद्वारा सुरु गरिएको युक्रेनमाथिको अमानवीय सैन्य हमला भयो । २०२३ अक्टोबर ७ बाट चर्किएको इजरायल-प्लेस्टाइनको भीषण लडाइँ आदि त्रासदीपूर्ण विश्व घटनाहरूले भने विश्वमा त्रासपूर्ण अवस्थाको सिर्जना गरिदियो । रुसी हमलाका कारण सन् २०२४ को नोभेम्बरसम्म एक करोड बढी शरणार्थी भए । उता इजराइली हमलाद्वारा सन् २०२४ नोभेम्बरसम्म ५० हजार बढीको ज्यान गयो । उल्लिखित पछिल्ला युद्धमा मानवीय कानुन समेतको पूरै बेवास्ता गरिएका थिए । सामान्य नागरिक, बालबालिका तथा घाइतेसमेतको हत्या गरिएका छन् । साथै आजको आधुनिक समाजमा पनि विश्वका विभिन्न स्थानहरूमा अनेक प्रकारका राजनीतिक, जातीय, भाषिक, धार्मिक लगायतका द्वन्द्व, हिंसा र मानव अधिकार उल्लङ्घनका अनेकौं हिँसा र द्वन्द्व हुँदै आएको विषयलाई यस पुस्तकमा विवेचना गरिएका छन् ।

Almqvist (AD, 2005)द्वारा लिखित*Human Rights, Culture, and the Rule of Law* शीर्षकको पुस्तकमा मानव अधिकारमा संस्कृतिको सन्दर्भ र संरचनाको विषयलाई उल्लेख गरिएको छ ।

राज्य संस्कृति निर्माण गर्ने उपरी संरचना हो । राज्यले अपनाउने संस्कृति अनुसरणयोग्य वा आलोचनायोग्य पनि हुन्छन् । आम मानिसले त्यसबाट सिको गर्ने भएकाले मानव अधिकार, मानव स्वतन्त्रता र नागरिक अधिकारको अर्थमा त्यसरी राज्यले अपनाउने संस्कृतिले समाजमा ठूलो असर र प्रभाव पार्ने गरेका हुन्छन् । राज्य सम्बन्धी सिद्धान्तमा जोड दिने बेलायती दार्शनिक जेरेमी बेन्थम (१७४८-१८३२), जिन ज्याक रुसो, थोमस हिल ग्रिन आदिले राज्यद्वारा निर्मित कानुनी प्रणालीबाट नागरिकका आधारभूत अधिकारको सुरक्षा हुने प्रस्ट गरेका छन् । असल र मानव अधिकारमैत्री संस्कृतिले समाजको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक क्षेत्रमा मात्र होइन सार्वजनिक सुरक्षा, स्वास्थ्य र कानुन कार्यान्वयनको सवाल आदि समेतमा प्रभावकारिता ल्याउन सक्छ । मानव अधिकारको दृष्टिकोणले हेर्दा असल संस्कृति त्यो हो जसले समाजको सामाजिक-आर्थिक न्याय, समानता र व्यवस्था सञ्चालनमा सहयोग गरी द्वन्द्व कम गर्नमा सहयोगी भूमिका खेलेको हुन्छ । खासमा त्यस प्रकारका संस्कृति विवादरहित र सर्वस्वीकार्य रहेका हुन्छन् ।

मानव अधिकारको विश्वव्यापी मूल्य, अन्तर्राष्ट्रिय कानुन तथा मानव अधिकारको विश्वव्यापी घोषणा आदिको व्यवस्था एवम् व्याख्या तथा मान्यताले प्रत्येक व्यक्तिलाई आफूलाई मन परेको संस्कृति, धर्म अपनाउने, त्यसमा भाग लिने जस्ता अधिकार प्रदान गरेको छ । तर त्यसैको कारण अरूलाई अप्ठेरो पार्ने, असर पार्ने कार्य गर्नु हुन्न, पाइन्न । व्यक्तिले विनाकुनै अवरोध समान सहभागिताका साथ मनोरञ्जन गर्न पाउने अधिकार उसलाई रहेको हुन्छ । तरपनि आफ्नो संस्कृतिको नाममा अरूको अधिकार खोस्ने अवस्था बन्नु हुन्न । राज्य, निकाय वा सङ्गठनहरूले व्यक्तिको संस्कृतिमाथि अवरोध वा रोक लगाउन पाइन्न । संस्कृतिलाई नै आधार मानेर हत्या, हिंसा, सामाजिक सदभाव बिथोल्ने जस्ता अवस्थामा भने कानुनको प्रक्रिया अनुसार आवश्यक रोक लगाउन सकिने अवस्था रहन्छ । मानव अधिकारको दृष्टिकोणमा व्यक्तिको मौलिक स्वतन्त्रता र उसको मनोरञ्जनमाथि रोक लगाउन पाइन्न । सरकार, संसद र न्यायालय तथा प्रशासनिक निकायहरूले व्यक्ति र नागरिकहरूको आधारभूत साँस्कृतिक अधिकारको अपमान हुने गरी निर्णय गर्ने, कानुन बनाउने, कानुनको व्याख्या गर्ने तथा प्रशासन सञ्चालन गर्ने जस्ता कार्य गर्नु हुन्न । मानिसका साँस्कृतिक अधिकार सम्बन्धी यस्ता विषयलाई विभिन्न अन्तर्राष्ट्रिय कानुन, सन्धि तथा घोषणाहरूमा उल्लेख गरिएका छन् ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी राष्ट्रसंघीय कमिटीले सांस्कृतिक अधिकारलाई मानव अधिकार भन्दै जसको मौलिक महत्त्व प्रस्टसँग उल्लेख गरेको छ । मानिसलाई स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास गर्न पाउने हक हुनेछ भनि उल्लिखित अनुबन्धमा प्रबन्ध गरिएका छन् । मानव अधिकारको विषय सम्पूर्ण मानवको लागि हो केहीको लागि मात्र प्राप्त हुने अधिकार होइन । केहीका लागि मात्र प्राप्त हुने पनि विभिन्न खालका अधिकारहरू संरक्षित गरिएका हुन्छन् । ती पनि अधिकार नै हुन् तर मानव अधिकार भने होइनन् । यस अर्थमा साँस्कृतिक अधिकार मानव अधिकारकै एक भाग भए पनि यसमा कपितय विवादहरू रहेका छन् । जस्तो अल्पसंख्यकको अधिकार जस्ता अधिकार निश्चित समूहका अधिकार हुन् । सँस्कृतिको सन्दर्भमा आदिवासीहरूले मनाउँदै आएका आफ्ना जीवन प्रणालीसँग सम्बन्धित कुराहरू जस्तो शिकार खेल्ने, माछा मार्ने, साँस्कृतिक चाडपर्वका कुराहरूको संरक्षण गर्नुपर्छ भन्ने मानिएको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा २६ मा आदिवासीहरूले मनाउँदै आएका भूमि सम्बन्धी जीवन प्रणालीका कुराहरू संरक्षण गर्नुपर्ने भनि प्रस्ट लेखिएको छ । मानव अधिकार, राज्य निर्मित कानुनी प्रणाली तथा अन्तर्राष्ट्रिय कानुन, नागरिक स्वतन्त्रता, संस्कृति एवम् मानवका अभ्यासजन्य विषयको अध्ययनको लागि

उल्लिखित पुस्तक बढी उपयोगी रहेको छ । यद्यपि विश्वका विभिन्न मुलुकहरूका संविधान र मानव अधिकारको विषयलाई जोडेर पुस्तकमा विवेचना चाहिँ गरिएको पाइन्न ।

Turner (AD, 2006) को*Vulnerability and Human Rights*नामको साहित्य मानव अधिकारको विश्वव्यापी अवधारणा, घोषणा, सन्धि लगायतका विषयको अनुभवजन्य कुराहरूको जानकारी प्राप्त गर्न उपयोगी देखिन्छ ।

मानव अधिकारको प्राकृतिक सिद्धान्त वा प्राकृतिक न्यायको सिद्धान्तले हेर्दा मानव अधिकारको आधारभूत अधिकार मानव जीवनको अधिकार नै हो । मानिसको लागि जीवन, स्वास्थ्य तथा सन्तान उत्पादन अनिवार्य विषय हुन् । बाँच्ने अधिकारसँग राज्य, समाज र नागरिकको सम्बन्धमा व्यक्तिको मानव अधिकारको सवाल जोडिएका हुन्छन् । बाँच्ने आवश्यकता पूर्तिका लागि समाज र राज्यको आवश्यकता परेको हो । अर्कोतर्फ विचारधारात्मक सिद्धान्त र अभ्यासबाट हेर्दा राजनीतिशास्त्री एवम् दार्शनिक थोमस हब्स (१५८८-१६७९), जीन ज्याक रुसो आदिले राज्यको सार्वभौमसत्ता, सामाजिक करार तथा प्राकृतिक अधिकार मानिसका लागि अनिवार्य विषय हुन् भनेका थिए । उल्लिखित अधिकारको संरक्षण गर्नको लागि विभिन्न प्रबन्ध भएका देखिन्छन् । विश्वव्यापी रूपमा मानव अधिकारको संरक्षणको लागि अनेकौँ घोषणा, सन्धि, सम्मेलन, सभा, सम्झौता आदि भएका छन् । त्यसैगरी विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूले आफ्ना निश्चित मूल्य र मान्यता बनाएर लागु गर्दै आएका छन् । दार्शनिक, विचारक, न्यायधीश र कानुनविदहरूले समय र सन्दर्भमा विभिन्न विचार दिएका छन् । मानव अधिकारका विषयमा आउने राष्ट्रिय र अन्तर्राष्ट्रिय द्वन्द्व र विवाद प्राकृतिक न्याय र समानताको आधारमा समाधान गर्ने प्रणालीलाई मानव अधिकार सम्बन्धी प्राकृतिक सम्प्रदायका दार्शनिकहरू प्लेटो, सिसिरो, सुकरात आदिले समर्थन गरेका छन् । राजनीतिशास्त्रीय विद्वान्हरूका अनुसार मानव अधिकार, नागरिकता र राज्यको सार्वभौमसत्ताको विषय विवादास्पद तथा एक अर्कामा बाँझिने कुराहरू पनि हुन् । मानिस र व्यक्तिका अधिकार र राज्यको सार्वभौमसत्ताका विषय भूराजनीतिका प्रमुख सरोकारको विषय हुन् । उदाहरणका लागि सन् १७८९ मा फ्रान्सको क्रान्ति सम्पन्न भएपछिको घोषणामा भनिएको स्वतन्त्रता, सम्पत्ति, सुरक्षा तथा अन्याय विरुद्ध बोल्ने जस्ता अधिकारले राज्यनै सार्वभौमसत्ताको पहिलो स्रोत हुन् । यस्ता ऐतिहासिक-राजनीतिक क्रान्तिहरूले मानिस, व्यक्ति तथानागरिककोजीवनकसैलेछिन्ननसक्ने-नपाउने कुरालाई जोड दिएका छन् । मानव अधिकार प्राकृतिक रूपमा व्यक्तिले पाउने अधिकारका विषयहरू भएकोले त्यस्ता अधिकारको विश्वव्यापी अधिकार समेत रहेको हुन्छ । सामाजिक अधिकार भने राज्यले सिर्जना गर्दै आएका हुन् । यद्यपि व्यक्तिको लागि दुवै अधिकारको ठूलो अर्थ र महत्त्व हुन्छ । तर मानव अधिकार र व्यक्तिको सामाजिक

अधिकारमा भने फरक हुन्छ । सामाजिक अधिकार व्यक्तिले उपयोग गरी रहेको हुन्छ जसमा अदालतबाट लागु गर्न बाध्य पार्न सकिन्छ । साथै सामाजिक अधिकारसँग व्यक्तिको कर्तव्य समेत गाँसिएका हुन्छन् ।

सामाजिक इतिहासको दृष्टिमा अधिकारको कुरा एउटा नकारात्मक अभ्यास पनि हुन सक्छ । जसले लामो सामाजिक र साँस्कृतिक अनुभव हासिल गर्दै आधुनिक समाजका सभ्य मानिस र नागरिक बन्दै आएको पाइन्छ । यसर्थ मानिसले सबै प्रकारका समानता खोज्दछ । समानता र न्याय असमानता र अन्यायलाई हटाएपछि प्राप्त हुने अधिकार हुन् । आजको युगमा संरचनागत क्रान्ति वा राजनीतिक परिवर्तनबाटै मानव अधिकारको विश्वव्यापी लक्ष्यतर्फ अघि बढ्न सकिन्छ । आधारभूत दृष्टिकोणले हेर्दा मानव अधिकारको सिद्धान्त, मूल्य र मान्यता विश्वमा एउटै हुन्छ । यसकारण कि विश्वको कुनै पनि देशका मानिसको प्राकृतिक आवश्यकता, मानवीय गुण एकै खालका हुन्छन् । यसको मूल विशेषता नै विश्वव्यापी एकरूपता हुनु हो भन्ने कुरालाई विश्व अनुभवसँग तुलना गर्दै पुस्तकले विभिन्न पक्ष औँल्याएको छ ।

Bellamy (AD, 2007) को *Political Constitutionalism* संविधान त्यस्तो लिखित दस्तावेज हो जसले राष्ट्रको राजनीतिक तथा कानुनी प्रणालीलाई निर्देशित गर्ने गर्दछ । संविधानले नागरिकहरूको समान सम्मान र सरोकार राख्ने गर्दछ भन्नेतर्फ पुस्तकले प्रस्ट गरेको छ । संविधान तथा संवैधानिक मूल्य सम्बन्धी जानकारी लिनको लागि प्रस्तुत पुस्तक बढीनै उपयोगी देखिन्छ ।

निर्वाचित तथा प्रजातान्त्रिक राजनीतिक नेतृत्व संविधानबाटै व्यक्त र निर्देशित रहेका हुन्छन् । तर जहिले पनि प्रजातान्त्रिक मूल्यबाट निर्देशित रहन्छन् भन्न सकिन्न । संविधान व्यक्ति र समूहका संवैधानिक र कानुनी हकको सुरक्षा गर्ने लिखित अभिभावक हो । विश्वका धेरै मुलुकहरूमा लामो समयदेखि प्रजातान्त्रिक प्रणाली र संविधान निर्माण गरिएका छन् । अमेरिकाले सन् १७८९ मा विश्वको पहिलो संविधान लेखेको थियो । संवैधानिक सर्वोच्चता, विधिको शासन, लिखित संविधान, स्वतन्त्र न्यायालय, न्यायिक पुनरावलोकन तथा शक्तिपृथकीकरण जस्ता विषय आजका प्रजातान्त्रिक समाज र शासनमा भएका आधारभूत मान्यताहरू तथा विशेषतालाई यस पुस्तकमा उल्लेख गरिएको छ ।

संवैधानिक शासन भन्नु विधिको शासन हो । विधिको शासनमा कानुनभन्दामाथि कोही रहन्न । प्रजातान्त्रिक अभ्याससँगै आर्थिक उदारीकरण, सामाजिक उदारवाद, साँस्कृतिक अन्तर्घुलन पनि अघि बढेको छ । प्रजातन्त्रको विकसित रूप कानुनी संविधानवाद हो । प्रजातान्त्रिक समाज र संविधानवादसँगै जाने कुरा हो । जसले कानुनी र सामाजिक

समानतामा जोड दिन्छ । सबै मानवको जन्मसिद्ध अधिकार बराबर हुन्छ । शासनमा सबैको हक अधिकार रहन्छ भन्ने मान्यताले एक व्यक्ति एक भोटको मूल्य विश्वमा प्रचलनमा रहेको हो । आलोचकहरूले यसलाई 'एक डलर एक भोट' भन्दै निर्वाचनमा हुने पैसाको चलखेलको खरो आलोचना पनि गर्दै आएका छन् । यद्यपि लोकतान्त्रिक मूल्य, प्रणाली र विधि सम्बन्धी मान्यतालाई अमेरिकी विधिशास्त्री रोनाल्ड डोर्किन आदिले जोड दिएर आफ्ना रचनामा उल्लेख गरे । प्रत्येक नागरिकले पाउने संवैधानिक र कानुनी हक बराबर हुन्छ । संविधान नै त्यस्तो कुरा हो जसले राजनीतिलाई संवैधानिक प्रक्रियामा ढालिदिन्छ । संविधान एउटा त्यस्तो प्रणाली हो जसले शासकलाई अरू व्यक्ति र समूहमाथि शासन गर्ने कानुनी-राजनीतिक अधिकार प्रदान गर्दछ । संविधानले प्रजातान्त्रिक राजनीतिक प्रणालीको कल्पना गर्दछ भन्ने मान्यता रहेको छ । राजनीतिलाई विधिशास्त्रीय रूपमा ढाल्ने काम संविधानले गर्ने गर्दछ भन्ने विषय पुस्तकमा लेखिएको छ ।

Crawshaw (AD, 2009) को*Police and Human Rights*मानव अधिकारको संरक्षण र सुरक्षामा प्रहरी-प्रशासनको भूमिका हुने र त्यो संगठन एवम् संलग्न व्यक्तिहरूको भूमिका सम्बन्धमा विवेचना गरिएकोले पुस्तक अति नै महत्त्वपूर्ण रहेको छ ।

प्रहरी मुलुकको शान्ति, सुरक्षा, जनताको जीउ-धनको सुरक्षा तथा कानुनी शासन कार्यान्वयन गर्न आवश्यक पर्ने राज्यको आधारभूत सुरक्षा निकाय भएकाले मानव अधिकारका दृष्टिकोणले यो सङ्गठनले विभिन्न प्रकारका कार्यहरू जिम्मेवारीपूर्वक गर्नुपर्ने हुन्छ । कानुन अनुसार प्रत्येक व्यक्ति र नागरिकको जीवन र सम्पत्तिको सुरक्षा गर्नु प्रहरीको पहिलो र आधारभूत दायित्व हो । गैरकानुनी हत्या नगर्ने र हुन नदिने कार्य प्रहरीको रहन्छ । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १७ अनुसार प्रत्येक व्यक्तिको सम्पत्तिको सुरक्षा सहित कानुनअनुसार निर्वाध उपयोग गर्न पाउने कुरा उल्लेख गरिएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ मा सुरक्षित तथा स्वास्थ्यपूर्वक प्रत्येकले काम गर्न पाउने वातावरण हुनुपर्ने कुरा लेखिएको पाइन्छ । त्यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणाको धारा ८ ले मानव अधिकार तथा नागरिक अधिकार हनन भएको अवस्थामा प्रभावकारी न्यायिक उपचार पाउने हक हुनेछ भनिएको छ । मानव अधिकार हनन् भएको वा भइरहेको अवस्थामा कानुनबमोजिम आवश्यक छानबिन गरी कानुन अनुसारको निकायमा सजायको लागि प्रहरी प्रशासन मार्फत पेस गर्नु राज्यको दायित्व हो । लोकतान्त्रिक शासन सुदृढ बनाउनको लागि प्रहरीको अग्रिणी भूमिका रहेको हुन्छ भन्ने धारणा उक्त पूर्वकार्यमा उल्लेख गरिएको छ ।

Lluch (AD, 2014) को *Constitutionalism and the Politics of Accommodation in Multinational Democracies* नामक पुस्तक संविधानको अर्थ र महत्त्व जान्नको लागि उपयोगी देखिन्छ । अमेरिकी न्यायाधीश होम्सले कानुनलाई अनुभवको परिणाम भन्दै यो तर्कबाट मात्र बन्न नसक्ने बताएका थिए । अदालतले जे फैसला गर्दछ त्यही कानुन हुने उनको तर्क रह्यो । संवैधानिक कानुन पनि उत्खननबाटै निर्माण हुने उनको भनाइ थियो । सन् १९१५ अघि बेलायती कानुनविद ए.भी. डायसीले कानुनको शासनको वकालत गर्दै आएका थिए । सन् १९२९ मा बेलायतका प्रधानन्यायाधीश लर्ड हाइवार्टले सरकारी प्रशासन संसदले बनाएको कानुनअनुसार हुनुपर्ने कुरा उल्लेख गरेका थिए । उनले आधुनिक आवश्यकता पूर्तिका लागि संसदले कानुन बनाउने अधिकार प्रत्यायोजन गर्न सक्ने पनि बताएका हुन् । तर त्यसको संवैधानिक र कानुनी परीक्षण हुनुपर्ने भन्ने उनको प्रस्ट मत रहेको थियो । जर्मनका तानाशाह एडोल्फ हिटलरले पनि संसदलाई कानुन निर्माण गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्ने बताएका थिए । यद्यपि उनको भनाई र व्यवहारमा ठूलो भिन्नता रह्यो । कानुन सरकारको पनि सरकार हो र सरकार कानुनको नोकर हो भन्ने मान्यता रहेको छ ।

अमेरिकी पूर्व राष्ट्रपति फ्याङ्लिन डि.रुज्वेल्टले सन् १९३३ मा अमेरिकी संविधान वकिलको बजार नभई सामान्य नागरिकको विधान भएको उल्लेख गरेका थिए । सन् १९३६ मा लर्ड मालबोनले सरकारको काम कानुन निर्माण गर्ने होइन बरु शासन गर्ने हो भने । उन्नाइसौँ शताब्दीको संविधानवादले राज्य, विधिको शासन, शक्तिपृथकीकरण जस्ता मूल्यलाई मान्यता दिँदै आएका छन् । अमेरिकी संवैधानिक अभ्यास जसमा वास्तविक प्राकृतिक तथा निजी अधिकारमा व्यक्तिगत सुरक्षाका विषयलाई अत्यन्त ठूलो महत्त्व दिइने गरिन्छ । व्यक्तिको कानुनी अधिकार कसैले हनन गर्न नसक्ने, उसको निजी जीवन, उसको शरीर, निजी स्वास्थ्य तथा उसका निजी सम्मान जस्ता कुराहरू रहने गरेका छन् । विश्वको पहिलो लिखित संविधान भएकोले प्रस्तुत साहित्यमा पनि अमेरिकी संविधान र प्रणालीको चर्चा बढी गरिएको देखिन्छ । अमेरिकी संविधान तथा कानुनहरूमा व्यक्तिलाई कानुनको प्रक्रियाको पूर्ण पालनाविना कसैलाई पनि गैरकानुनी गिरफ्तार गर्न नसकिने व्यवस्था गरिएका छन् । व्यक्तिका सम्पत्ति, स्वतन्त्रता, राजनीतिक अधिकार जस्ता अधिकारको उच्च सम्मान गर्ने गरिएको पाइन्छ । मानिसले प्राकृतिक रूपले पाएका अधिकार कसैले खोस्न पाउन्न । सो अधिकार अन्तर्गत व्यक्तिलाई कानुनबाट पूर्ण सुरक्षा प्रदान गरिने, पूर्ण न्यायिक स्वतन्त्रता, संविधानले निजी सम्पत्ति सरोकारमा पूर्ण सुरक्षा जस्ता कुरालाई संवैधानिक अधिकारमा राखिएका छन् । न्यायाधीशले कानुन निर्माण गर्दैनन्, नीति बनाउँदैन, सार्वजनिक क्रिया-प्रतिक्रियामा पनि उत्रदैँनन् । तिनीहरूको कार्य सीमित हुन्छ जहाँ अधिकार तथा न्यायको व्याख्या गरी लिखित संविधानका प्रावधानमा टेकेर न्यायिक आदेश र फैसला

गरिन्छ । संविधान र आधुनिक संविधानवादमा केन्द्रित पुस्तक सो क्षेत्रको अध्ययन गर्न चाहनेको लागि अति नै सान्दर्भिक रहेको छ ।

Kharel (AD, 2013) द्वारा लिखित *Constitutional Law and Comparative Nepalese Constitutions*नामक पुस्तक नेपालको संवैधानिक विकासक्रमको बारेमा अनुसन्धान गर्नको लागि उपयोगी रहेको छ । पुस्तकले नेपालको इतिहासमा वि.सं. २००४ साल देखि वि.सं.२०६३ साल सम्मका संविधानहरू र तिनमा प्रबन्ध गरिएका राजनीतिक स्वतन्त्रता, मौलिक हक तथा संविधानका विशेषताहरू सम्बन्धी चर्चा गरिएका छन् । नेपालका उल्लिखित संविधानहरूका प्रमुख पक्षलाई लेखकले प्रस्टसँग उल्लेख गरेको देखिन्छ । नेपालको संवैधानिक इतिहास, संविधानवाद र राजनीतिक स्वतन्त्रताको अर्थ जान्न प्रस्तुत पुस्तक बढी उपयोगी रहेको छ । अंग्रेजी भाषामा लेखिएको भए पनि सामान्य, सरल र बुझिने भाषाशैली सो पुस्तकमा प्रयोग भएको देखिन्छ ।

Antoni (AD, 2013) को*Constitutional Voilence, Legitimacy, Democracy and Human Rights* नामक पुस्तक प्रजातन्त्र, मानव अधिकार र संविधानवादको अध्ययनको लागि बढी उपयोगी देखिन्छ । प्रजातन्त्रलाई इतिहासदेखि नै विभिन्न अर्थमा व्याख्या गर्ने र बुझ्ने कार्य हुँदै आएको छ । प्रजातन्त्रको बृहत् अर्थ हेर्दा विधिको शासन, संविधानवाद, जनताको शासन तथा जनउत्तरदायी प्रणाली भन्ने गरिएको पाइन्छ । यसका पनि अनेक प्रकारका नमुना, अभ्यास, व्याख्या र विश्लेषण देखिन्छन् । ग्रिक कालका परिभाषाहरू, बाह्रौं-तेह्रौं शताब्दीका परिभाषाहरू, सोह्रौं-सतौं शताब्दीका परिभाषाहरूदेखि लिएर उन्नाइसौं-बिसौं शताब्दीका परिभाषाहरू र फेरि आजको एक्काइसौं शताब्दीमा भइरहेका अभ्यास तथा परिभाषाहरूमा समय र काल अनुसार फरक-फरक दृष्टिकोण र मत पाइन्छन्, देखिन्छन् । आजको सन्दर्भमा हेर्दा प्रजातन्त्रलाई जनताको शासन भनेर मात्र पुग्ने अवस्था रहेन । समावेशिता, सहभागिता, समानता, सामाजिक न्याय, सहकार्यजस्ता विषयले बढी महत्त्व तथा स्थान पाउन थालेका छन् । इतिहासमा ग्रिक दार्शनिक प्लेटोले शिक्षा, कानुन तथा सामाजिक न्यायसँग प्रजातन्त्रको विश्लेषण गरेका थिए । अमेरिकी पूर्व राष्ट्रपति अब्राहम लिंकनले लोकतन्त्रको व्याख्या गर्दै By the people, to the people, for the people भन्ने परिभाषा दिए ।

एरिस्टोटलले 'समानता समानहरूको लागि समान खालको हुनुपर्ने' कुरामा जोड दिएका थिए । प्लेटो, सिसिरो र एरिस्टोटल जस्ता दार्शनिकहरूले प्रजातन्त्रलाई सरकार सञ्चालनको उत्तम विधि भन्दै स्वतन्त्रतासँग त्यसलाई जोडेर विवेचना गरेको देखिन्छ । प्रजातन्त्रका विभिन्न रूपमध्ये संवैधानिक राजतन्त्र भएको प्रजातन्त्र, संसदीय प्रजातन्त्र

भएको प्रजातन्त्र, गणतन्त्र भएको प्रजातन्त्र आदि विश्वमा प्रचलित रहेका छन् । युरोपका अधिकाँश मुलुकहरूले संसदीय प्रजातन्त्रको विधि र नमुनाबाट शासन सञ्चालन गरी आएको देखिन्छ ।शासन प्रणालीको आधारमा प्रत्यक्ष प्रजातन्त्र, संसदीय प्रजातन्त्र, प्रगतिशील प्रजातन्त्र, समाजवादी प्रजातन्त्रतथा सैनिक प्रजातन्त्रसमेत विश्वमा देखिन्छन् । उदार प्रगतिशील प्रजातन्त्रलाई हाल विश्वका प्रायजसो देशहरूले अभ्यास र प्रयोगमा ल्याएका छन् । यसमा सामाजिक न्याय, नागरिक हक, बोल्नेदेखि सबै प्रकारका आधुनिक स्वतन्त्रता, विकास, सहकार्य, मानव अधिकार तथा सहभागितालाई महत्त्व दिने गरिएका छन् । विश्वको पहिलो लिखित संविधान अमेरिकी संविधानमा हामी जनता(We the People) भनि उल्लेख गरिएकाले प्रजातन्त्रमा जनता नै महान् हुन् भन्ने अर्थ प्रस्ट हुन्छ । विज्ञहरूको प्रतिनिधित्वमा बनाइएको भए पनि त्यो संविधानमा हामी प्रतिनिधि (We the Delegates) राखिएन र हामी न्युयोर्कका प्रतिनिधि, भर्जेनियाँका प्रतिनिधि जस्ता राज्यको प्रतिनिधित्व हुने वाक्य पनि राखिएन । विश्वको पहिलो लिखित संविधानमा 'हामी जनता' भन्ने वाक्य राखिएकोलाई त्यसपछि बनेका विश्वका प्रजातान्त्रिक संविधानहरूले पनि हार्दिकताकासाथ स्वीकार र स्वागत गर्दै आफ्ना संविधानहरूमा समेत 'हामी जनता' भन्ने कुरालाई महत्त्व दिने काम गरेका छन् । नेपालको संविधानमा समेत प्रस्तावनामा 'हामी नेपाली जनता' भन्ने वाक्य राखिएको कुरालाई साहित्यले उल्लेख गरेको छ ।

Donoghue (AD, 2014)ले लेख्नुभएको*Constititianalism in Global Constitutisalition* नामक पुस्तक लोकतान्त्रिक मूल्य, संविधानवाद र संविधानको अर्थ बुझ्न बढी उपयोगी देखिन्छ । दार्शनिक लगलिनका अनुसार संविधान जनता र सरकारबिचको सम्बन्ध निश्चित गर्ने दस्तावेजहो । संविधानवादका मूलभूत मान्यतामा विधिको शासन, शक्तिको पृथकीकरण र प्रजातान्त्रिक संसदवादका आधारभूत मूल्य र मान्यताका कुराहरू रहन्छन् । अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश ब्रायरले संविधानले निश्चित खालको सरकारको सिर्जना गर्ने बताएका थिए । संवैधानिक विकास मुख्यगरी तीन क्षेत्रबाट भएको देखिन्छ । जसमा कानुनी, वास्तविक र विचारधारात्मक विकास रहेका छन् । कानुनी संविधान व्यक्तिसँग सम्बन्धित रहेको छ । यो राज्य सञ्चालनको लागि लागु गरिएर आएको देखिन्छ । वास्तविक संविधान जुन अहिले लागु भएर रहको छ । विचारधारात्मक संविधान समाजको अवस्था, जसमा कानुनी र वास्तविक स्थितिलाई ध्यान दिएर समाजमा लागु गर्न सकिने हुन्छ भन्ने कुरा पुस्तकमा उल्लेख गरिएका छन् । संविधान र संविधानवादको प्रचलन, अनुभव र अभ्यासलाई साहित्यले प्रस्ट गरेको देखिन्छ ।

Adhikari (AD, 2015)ले लेख्नुभएको *Salient Features of the Constitution of Nepal 2015* नामक पुस्तकमा नेपालको संविधानमा संविधानवाद, मानव अधिकार, नागरिक स्वतन्त्रता तथा संविधानका प्रमुख विशेषताहरूको विवेचना गरेको छ ।

नेपालको संवैधानिक इतिहासमा संविधानसभाबाट बनेको पहिलो संविधान हो । यसलाई नेपालका राष्ट्रपति डा. रामवरण यादवबाट सन् २०१५ सेप्टेम्बर २० (२०७२ साल असोज ३) मा लालमोहोर लगाई लागु गरिएको हो । सन् २०१२ मे २८ (२०६४ चैत्र २८) मा पहिलो संविधान सभाको निर्वाचन भएको थियो । संविधान सभाको गठन भएदेखि नै शासकीय स्वरूप, न्यायिक प्रणाली र संघीयतामा त्यसका प्रदेश संख्या, नाम र प्रान्तीय केन्द्र जस्ता विषयमा सहमति बन्न सकेका थिएनन् । संविधानससभामा निर्वाचित ५०७ सभासदले संविधानको पक्षमा मत हालेका थिए । २५ मत संविधानको विरोधमा परेको थियो । तत्कालीन संविधानसभाका प्रमुख दलहरू नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादीको संविधानमा पूर्ण सहमति रहेको थियो । तराई केन्द्रित दलहरूले बहिस्कार गरेका थिए । संविधान जारी गर्ने दिन ५३२ सभासदको उपस्थिति संसदमा रहेको थियो भन्दै संविधान निर्माणपूर्वको अवस्थाको उक्त अध्ययनमा विवेचना गरिएको छ । वर्तमान संविधानमा प्रगतिशील विषयहरू राखिएको सन्दर्भ पुस्तकले प्रस्टसँग औँल्याएको छ । तर सामान्य कानुनमा राख्न सकिने सबै विषय संविधानमा राख्न खोज्दा खासमा संवैधानिक मान्यता अनुसार संविधान निर्माण हुन सकेको छैन । त्यसो गर्न सकिएको भए संविधान छरितो बन्न सक्थ्यो भनिएको छ । लेखकले नागरिकता सम्बन्धी विषय संविधानमा पूर्ण रूपमा राख्न आवश्यक नभएको जनाएका छन् । संविधानले नागरिकताको ग्यारेन्टी मात्र गर्ने हो भन्ने कुरा पुस्तकमा औँल्याइएको छ । संघीयता, स्थानीय तह जस्ता विषयको पूर्ण विवरण संविधानमा राख्ने प्रयासले अनावश्यक विवाद गरायो, गराउँदैछ । पुस्तकमा संविधानले त्यसको आधारभूत मान्यता र मार्गलाई मात्र निश्चित गर्दा पर्याप्त हुन्थ्यो भनि पुस्तकमा उल्लेख गरिएको छ । बृहत् विषय भनेका विषयगत कानुनहरूमा राखिने विषयहरू हुन् भनिएको छ । नागरिक स्वतन्त्रता र अधिकारका दृष्टिले संविधानलाई उत्कृष्ट मान्न सकिन्छ भनि सो पूर्वकार्यमा प्रस्टसँग उल्लेख गरिएको भए पनि मानव अधिकारको दृष्टिमा संविधानको विश्लेषण गरिएको छैन ।

Tushnet (AD, 2015) को *Unstable Constitutionalism, Law and Politics in South Asia* नामको पुस्तक दक्षिण एसियाको हालको संवैधानिक व्यवस्था, शासन र राजनीतिको सम्बन्धमा जानकारी लिनको लागि उपयोगी रहेको छ । दक्षिण एसियासँग विश्वका संविधानसँग तुलना गरिएको पुस्तकमा नेपालको प्रणालीका सम्बन्धमा पनि चर्चा गरिएका छन् ।

संविधानवाद र प्रजातान्त्रिक प्रणालीको अन्तरसम्बन्ध हुन्छ । यस विषयको अध्ययन राजनीतिशास्त्रको लागि महत्त्वपूर्ण मानिन्छ । विश्वको राजनीतिमा लोकतन्त्र र संविधानको अध्ययन गर्दा हामीले अमेरिकी संविधान र शासन व्यवस्था, अस्ट्रेलियाको प्रणाली र व्यवस्था, क्यानडाको शासन र प्रणाली, फ्रान्सको संविधान र शासन, इजरायलको संविधान र शासन, दक्षिण अफ्रिकाको संविधान, प्रजातान्त्रिक प्रणाली र शासन सम्बन्धमा पुस्तकले उल्लेख गरेको छ । विश्वका साना र गरिब मुलुकहरूका प्रणाली र व्यवस्थाको अध्ययनले चाहिँ महत्त्व पाउन सकेको छैन । साना मुलुकहरूको आर्थिक क्षमता, जनसंख्या, भूगोल लगायतको शक्ति पनि सामान्यतया सानो हुने भएकाले उचित स्थान पाउन नसकेको हुनसक्दछ । संविधान, शासन र राजनीतिक व्यवस्थाका दृष्टिकोणबाट दक्षिण एसियाली क्षेत्रमा रहेका मुलुकहरूका संविधानहरूसँग विश्वका शक्तिशाली मुलुकहरूसँग अलग राखेर अध्ययन गर्दा बढी व्यावहारिक हुन सक्छ । यसमा पनि भारत, बङ्लादेश, पाकिस्तान, श्रीलङ्का र नेपालको राजनीतिक अवस्थामा धेरै खालका समानता देखिन्छन् । विश्वको ठूलो प्रजातान्त्रिक मुलुक र चीनपछिको ठूलो जनसंख्या भएको भारतको संविधान पनि विश्वमै लामो रहेको छ । त्यसैगरी भारतको सर्वोच्च अदालतबाट भएका फैसला र न्यायिक भूमिका यस क्षेत्रको लागि एउटा राम्रो उदाहरण र स्रोत पनि मानिन्छ भन्ने विषयलाई साहित्यले उल्लेख गरेको छ ।

साथै नेपालको संवैधानिक इतिहासमा सन् १९४८, १९५१, १९५९, १९६२, १९९१, सन् २००७ तथा संविधानसभा मार्फत गणतान्त्रिक संविधान सन् २०१५ मा जारी गरिएको थियो भन्दै सो पुस्तकमा नेपालको सन्दर्भमा विवेचना गरिएको छ । संविधानसभाले गणतान्त्रिक सविधान निर्माण गरेपछि इतिहासमा पहिलो पटक जनता सार्वभौम भएका हुन् । औपचारिक रूपमा नेपालको संविधानले सीमान्तकृत, जाति, भाषा, धर्म, सम्प्रदाय, वर्ग, क्षेत्र, लिङ्ग, पिछडिएको क्षेत्र, मधेसी, मुस्लिम लगायतका सबै क्षेत्र र वर्गका जनतालाई संवैधानिक-राजनीतिक अधिकारद्वारा सम्पन्न बनाएको कुरालाई पुस्तकले प्रस्टसँग उल्लेख गरेको छ ।

Bustamante (AD, 2016)द्वारा लिखित*Democratizing Constitutinal Law Perspectives on Legal Theory and the Legitimacy of Constituanalism* नामक साहित्यले विश्वका विभिन्न मुलुकमा विभिन्न प्रक्रियाले संविधान बनेको र पछिल्लो अवधिमा संविधानसभा मार्फत संविधान बनेका विभिन्न अनुभव सम्बन्धमा उल्लेख गरेको छ ।

ब्राजिलले सन् १९८८ मा २ वर्षको अवधिमा संविधान सभा मार्फत संविधान निर्माण गरेको थियो । भेनेजुएलामा सन् १९९९ मा संविधान सभाको प्रक्रियाबाट गर्ने भनिए

पनि राष्ट्रपति हयुगो चावेजले सन् १९६१ मा निर्माण भएको तत्कालीन संविधानलाई जनमतसङ्ग्रह मार्फत परिर्वतन गराएका थिए । जसमा दुई ओटा प्रश्न सोधिएकोमा पक्षमा ९२ प्रतिशत र ८६ प्रतिशत जनमत प्राप्त भएको थियो । निर्वाचनमा चावेजको दलले १३१ सिट मध्ये १२० सिट प्राप्त गरेको थियो । त्यसपछि सो निर्वाचित सभाले २ महिनामै संविधान लेखेको थियो । बोलिभियामा सन् २००६ र सन् २००९ मा संविधानसभाको गठन गरिएको थियो । जसले सन् १९६७ को संविधानलाई परिवर्तन गरिएको थियो । आयरल्यान्डमा सन् २०१० मा संवैधानिक परिषद् नामको संविधानसभा मार्फत निर्वाचन भई सन् १९४४ को संविधान परिवर्तन गराएको थियो । विश्वमा १३८ देशका संविधान विगत ४० वर्षमै बनेका छन् । जसमा प्रजातान्त्रिक सहभागिताबाट छानिएका प्रतिनिधिमार्फत संविधान निर्माण गरिएका र आम नागरिकहरूको समर्थन तथा अनुमोदनमा बनेका संविधानहरूको संख्या बढी रहेका देखिन्छन् । त्यसमध्ये संविधानसभा मार्फत बनेका संविधानहरू जनताको अपनत्वको दृष्टिले महत्त्वपूर्ण हुने मानिएको छ । संविधानमा राजनीतिक शक्तिलाई कानुनद्वारा व्यवस्था गरिएका हुन्छन् । प्रजातान्त्रिक व्यवस्था भएका मुलुकरूमा त्यो प्रावधान राखिएका छन् । प्रजातन्त्र र संविधानवादको सम्बन्ध राजनीति र कानुनको सम्बन्ध जस्तै हो । संयुक्त राज्य अमेरिकी संविधान विकास प्रक्रियाबाट निर्माण भएको हो । विश्वमा विकसित प्रक्रियाबाट संविधान बन्ने ‘कमन ल’ प्रणालीमा सो संविधानले ठूलो सहयोग गरेको छ । लिखित संविधानहरूले सबै व्यक्ति र नागरिकहरूलाई समान संरक्षण र अधिकार प्रदान गर्ने गरेका विषय पुस्तकमा उल्लेख गरिएको छ ।

Fukuyama (AD, 2016) को *Democracy Past and Future* मा उदार प्रजातन्त्रको महत्त्वपूर्ण सर्त भनेको व्यक्तिगत स्वतन्त्रता र बहुमतको शासन हो भन्ने कुरालाई जोड दिइएको छ । प्रजातन्त्र व्यवहार र सिद्धान्तमा त्यसको प्रयोग गर्दा केही जटिलता पनि देखिने गरेका छन् भन्ने कुरा साहित्यमा लेखिएको छ । युरोपका कतिपय संविधान उदार रहेको भए पनि प्रजातान्त्रीकरणको अर्थमा संकुचित पनि देखिन्छन् । बेलायतले हङकङलाई लिएको समयमा उदारता बढी भएको भए पनि शासनमा सहभागी बन्न पाउने विषयमा भने केही संकुचन गरिएको थियो भन्ने जस्ता उदाहरण यस पुस्तकमा उल्लेख गरिएका छन् ।

Ansari (AD, 2018) द्वारा सम्पादित*Human Rights and Impunity in South Asia, State, Societies and Institutions*नामक पुस्तकमा नेपाल र दक्षिण एसियाको मानव अधिकारको अवस्था, संवैधानिक र कानुनी प्रबन्ध तथा राजनीतिक स्वतन्त्रताका अनेक पक्षमा विभिन्न दक्षिण एसियाली विद्वान्हरूका अनुसन्धानमूलक लेखहरू प्रकाशित गरिएका छन् । नेपाल र दक्षिण एसियाको मानव अधिकारको अवस्था जान्नको लागि यो पूर्वकार्य बढी उपयोग रहेको छ । दक्षिण एसियाको भारत, पाकिस्तान, बंगलादेश, नेपाल, श्रीलङ्का

सहितका मुलुकहरूमा भएका मानव अधिकार सम्बन्धी प्रबन्धलाई पुस्तकले महत्त्वका साथ विवेचना गरेको छ ।

वर्तमान विश्वको नागरिक समाज निरंकुशताको विरोधी रहेको छ । नागरिक स्वतन्त्रता र प्रजातन्त्र मार्फत आफ्ना प्रकृति प्रद्धत्त र संवैधानिक-कानुनी अधिकार तथा हकको लागि सचेत एवम् जागरुक देखिन्छन् । जनता, नागरिक समाज र मानिसका चेतना प्रजातन्त्र, विधि र नागरिक नियन्त्रणको सत्ता हुनुपर्ने भन्नेमा रहेको छ । आजको विश्व र भूराजनीति नागरिक छनोटको, नागरिक नियन्त्रणको र जनमतको आधारमा अगाडि बढ्दैछ । दक्षिण एसियाको नेपालमा समेत भूराजनीतिमा आएका अनेकौं प्रभाव पर्दै आएका छन् । नागरिक चाहना र नियन्त्रणको शासन तथा सत्ता एवम् संवैधानिक प्रबन्ध नेपाली आफैले गर्ने हो भन्ने मत बलियो बनेको कारण जनताद्वारा निर्वाचित संविधान सभाले आफ्नो संविधान बनाएर लागु गरेको हो । जीवन र राजनीतिक स्वतन्त्रतामा सीमित रहेको मानव अधिकार आज अनेकौं विषय, क्षेत्र र पक्षमा फैलिएर नागरिकका विभिन्न आवश्यकतामा जोडिन पुगेका छन् । केही दर्शक अघिसम्म धनीको आवश्यकताको विषय रहेका कम्प्युटर र इन्टरनेट जस्ता सूचना-प्रविधिजन्य आधुनिक वस्तु तथा सेवा आजको समाजमा आम विद्यार्थी तथा नागरिकका आधारभूत आवश्यकताका एवम् साभ्ना सरोकारको विषय भइसकेका छन् । त्यस्ता विषय सहज, सर्वसुलभ र पहुँचयोग्य दृष्टिले सबै नागरिकले पाउनु पर्छ भन्ने भावना समेत मानव अधिकारको अर्थमा आएका देखिन्छन् । संवैधानिक र कानुनी दृष्टिकोणले स्वीकार गरिएका मानवका आधारभूत अधिकारका कुराहरू समेत कार्यान्वयनको तहमा आउँदा भने अनेकौं खालका जटिलता तथा असमानता देखिन्छन् । यसले मानव अधिकार सम्बन्धी अवधारणा तथा बुभ्काईमा विरोधाभाष देखिने गरेको छ । दक्षिण एसियाका मुलुकहरूमा राजनीतिक द्वन्द्व, गरिबी, अशिक्षा, विभिन्न प्रकारका सामाजिक विभेद तथा असमानता रहेको भए पनि संवैधानिक र कानुनी दृष्टिले विभिन्न प्रबन्ध गरिएको सन्दर्भलाई पुस्तकले सकारात्मक मानेको छ ।

भटराई (वि.सं.२०७५) द्वारा लिखित संवैधानिक तथा प्रशासकीय कानुन शीर्षकको पुस्तकमा संविधान, विधिशास्त्र, संवैधानिक सिद्धान्त, अदालती व्याख्या तथा मानव अधिकार सम्बन्धी विविध विषयमा अनुसन्धानमूलक लेख प्रकाशित भएको छ । संवैधानिक विकास, मानव अधिकारका आधारभूत मूल्य र मान्यता जान्न उल्लिखित पुस्तक उपयोगी देखिन्छ ।

Thapa (AD, 2020) द्वारा लिखित*Jurisprudence as Cabbage*पुस्तकमा विधिशास्त्रको जानकारी, विश्वमा प्रयोगमा रहेका प्रमुख विधिशास्त्रीय मान्यता र धारणा, विधिशास्त्रीहरूका

विचार तथा दृष्टिकोणहरूलाई विस्तारमा उल्लेख गरिएको भए पनि मानव अधिकार सम्बन्धी अलग्गै विषय भने रहेको छैन ।

Dhungana (AD, 2020) द्वारा लिखित*Constitution Making in Some Selected Countries of the World*पुस्तकमा विश्वमा संविधान निर्माण सम्बन्धी प्रक्रिया, विधि र अभ्यासका बारेमा चर्चा गरिएको छ । भूराजनीतिमा महत्त्वपूर्ण प्रभाव रहेका अमेरिका, बेलायत, भारत तथा नेपाल जस्ता मुलुकमा अभ्यास गरिएका संविधान निर्माण सम्बन्धी प्रक्रिया र तिनमा प्रयोग भएका विधिका बारेमा उल्लेख गरिएको देखिन्छ । नेपालको संविधान निर्माण प्रक्रिया र नेपालको संविधान निर्माण सम्बन्धी प्रक्रियाका बारेमा पुस्तकमा विवेचना गरिएका छन् ।

Dhungana (AD, 2021) द्वारा लिखित*Constitution Development and Constitution of Nepal-2015*पुस्तकमा संविधान र संविधानवाद सम्बन्धी धारणा र मान्यताको विकासमा ऐतिहासिक क्रान्ति, राजनीतिक परिवर्तन तथा सामाजिक न्यायको अर्को नाम मानव अधिकार हो भन्ने प्रस्ट गरिएको छ । मानव अधिकार कुनै जाति, क्षेत्र, भूगोल, भाषा, धर्मभन्दामाथि मानव रहन्छ भन्ने आधारभूत मूल्य हो । मानिस र व्यक्तिका अधिकारका रूपमा बुझिने भए पनि समूहका अधिकार समेत मानव अधिकारमा समेटिन्छन् भन्दै नेपालको संविधान, संवैधानिक विकास तथा अनुभवको चर्चा गरिएको छ ।

पश्चिमी धारणा भन्ने गरिएको भए पनि आज मानव अधिकार र राजनीतिक स्वतन्त्रताका यस्ता विषय निर्विवाद विश्वव्यापी अधिकार भएर लागु भइरहेको कुरा साहित्यले प्रस्ट गरेको छ । नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अलग-अलग अन्तर्राष्ट्रिय कानुन भए पनि दुवै अन्तरसम्बन्धित विषय हुन् । मानवका ति कुनै पनि अधिकार उल्लङ्घन गरिनु हुन्न भन्ने मान्यता स्थापित भएको छ । मानव अधिकारसँगै बहस र विवादमा आउने अर्को कुरा कर्तव्य अर्थात् दायित्व पनि हो । उत्तरदायित्वविहीन अधिकारले मानिसलाई छाडा बनाउँछ भन्ने मत पनि अनुभवका क्रममा आउन थालेका छन् । यद्यपि उत्तरदायित्व र जिम्मेवारीको विषय मानव अधिकारको लागि आफैमा विवादित र कठिन अवधारणा हो । राजनीतिक अधिकारको लागि चाहिँ राज्यहरूले केही दायित्व र सर्त तोक्ने गरेका छन् । तर प्राकृतिक अधिकारमा भने त्यस्ता दायित्व किटान गर्न हुन्न भन्ने मान्यता रहेको छ । अधिकार र आवश्यकताका कतिपय सन्दर्भमा विरोधाभास देखिने गरेका छन् । जस्तो शिक्षाको अधिकार मानव अधिकारको विश्वव्यापी महत्त्वको अधिकार भए पनि मानिस र अवस्था अनुसार कतै स्कुल शिक्षाको अधिकार चाहिन्छ । कतै शिक्षकलाई तालिम आवश्यक हुन्छ । कतै परिवार र

अभियन्तालाई नै शिक्षा दिनु पर्ने अवस्था हुन्छ । कतै पुस्तकालय आवश्यक हुन्छ । कतै कम्प्युटर-इन्टरनेट अत्यावश्यक विषय भएर रहनपुग्दछन् । त्यसैले आवश्यकता र अधिकार स्थानीय सन्दर्भअनुसार पनि फरक हुन्छन् । यसर्थ राज्य, समाज र राजनीतिक प्रणाली अनुसार आफ्ना नागरिक र मानिसको सुरक्षा तथा संरक्षणमा राज्यका प्रहरी प्रशासन बढी गम्भीर बन्नुपर्ने अवस्था छ ।

Lal, CK (AD, 2022) द्वारा लिखित*Human Rights, Democracy and Governance*शीर्षकको प्रस्तुत पुस्तक दुई जना लेखकहरूद्वारा लिखित मानव अधिकार, प्रजातन्त्र र सुशासन सम्बन्धी सैद्धान्तिक अवधारणा तथा नेपालको अभ्यास सम्बन्धी विषयलाई विश्लेषण गरिएको उपयोगी साहित्य हो ।

नेपालको समग्र विकासमा विभिन्न पक्षहरूको भूमिका रहेको र नेपालमा लोकतान्त्रिक गणतन्त्रपछिका अवधिमा प्रजातन्त्र, सुशासन तथा संविधानको कार्यान्वयनमा भइरहेको प्रगति, चुनौती तथा अन्यौलता समेतलाई पुस्तकले उल्लेख गरेको छ । राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको भूमिका र क्रियाशीलताले पनि नेपालको मानव अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनमा विभिन्न दृष्टिकोणबाट सक्रिय रहेका छन् । एम्नेष्टी इन्टरनेशन, अन्तर्राष्ट्रिय रेडक्रस, इसिमोड जस्ता संस्थाहरूले कार्य गर्दै आएका छन् । राष्ट्रिय कार्यक्षेत्र भएका गैरसरकारी संस्थाहरू इन्सेक, सिविन, नेपाल मानव अधिकार संगठन, इन्हुरेड इन्टरनेशनल, एम्नेष्टी इन्टरनेशनल जस्ता संस्थाहरूले मानव अधिकारका विविध क्षेत्रमा आफ्ना गतिविधि गर्दै आएका छन् । अर्कोतर्फ लोकतान्त्रिक गणतन्त्र आएपछिका अवधिमा नागरिकहरूमा राजनीतिक-सामाजिक चेतना र जागरणको क्षेत्रमा व्यापक वृद्धि हुँदै आएको कारणले मानव अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनमा सकारात्मक भूमिका खेल्दै आएको देखिन्छ । यद्यपि कार्यान्वयनका क्रममा अनेक प्रकारका आन्तरिक र वाह्य चुनौतीहरू समेत सँगसँगै थपिएका छन् । अर्कोतर्फ बढ्दो सामाजिक सञ्जालको प्रयोग तथा दूरूपयोगका कारण नेपालमा पनि अनेकौं प्रकारका सामाजिक अपराध तथा मानव अधिकार उल्लङ्घनमा घटना तथा लापरबाही समेत बढ्न थालेको देखिन्छ । फेसबुक, ट्वीटर, टिकटक, युट्युब जस्ता सामाजिक सञ्चालकहरूको बढ्दो दूरूप्रयोगद्वारा हुने होहल्लाबाट विशेषगरी सन् २००० पछि जन्मेका पुस्तामा चरम अराजकता र लापरबाही बढ्न थालेको छ । उनीहरूमा संवैधानिक-राजनीतिक प्रणाली तथा समाजप्रतिको अलगावपूर्ण भावना समेत बढ्न थालेका देखिन्छन् । आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकार र हितप्रति बेवास्ता गर्ने प्रवृति पनि बढेको छ । आफ्ना स्वतन्त्रता र अधिकारको प्रयोग गर्दा अन्य व्यक्ति, नागरिक र समाजको अधिकार एवम् व्यापक हितको सुरक्षा हुन सक्नु पर्दछ भन्ने कुरा समाज र नवयुवा जमातलाई सूचित

गर्नुपर्ने खाँचो बढिरहेको छ । नेपालमा मानव अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनको लागि संवैधानिक र कानुनी दृष्टिकोणले पर्याप्त प्रबन्ध गरिएको भए पनि कार्यान्वयन गर्ने तीन तहका सरकार, सरकारी निकाय, प्रहरी-प्रशासन तथा राजनीतिक नेतृत्वमा अझै पनि अन्यौलता तथा विभेदकारी सोच रहेको तर्फ साहित्यले प्रस्ट उल्लेख गरेको छ।

यसरी विभिन्न विश्व अनुभव र अभ्यासबाट हेर्दा वास्तवमा नेपालमा मानव अधिकार सम्बन्धी दृष्टिकोण र अवधारणागत बुझाइनै सीमित र साँघुरो रहेको देखिन्छ । केवल सेना-प्रहरीले गोली हान्नु, सम्पत्ति जलाउनु, विद्रोहीले मार्नु-काट्नु मात्र मानव अधिकारको हनन हुनु हो भन्ने होलोमोलो, होलसेल, साँघुरो र सीमित सोच, चिन्तन र अवधारणा समाजमा भएको कारण मानिसको सम्मानपूर्वक बाँच्न पाउने हक र सुरक्षासँग जोडिएका अनेकौँ विषय र सन्दर्भ त्यसै छायाँमा पर्दै आएका देखिन्छन् । नेपालको मानव अधिकारको एउटा मूल दृष्टिकोणगत र अवधारणागत समस्या यो पनि हो । यही सङ्कीर्ण र साँघुरो सोच र मनोविज्ञानबाट प्रशिक्षित सुरक्षा निकाय, प्रहरी-प्रशासन तथा निजामती प्रशासन त्यसबाट माथि उठ्न सकेको देखिन्न । सीमित र साँघुरो अवधारणाबाट अघि बढेकाले कार्यान्वयनको अभ्यासमा पनि अनेकौं समस्या थपिँदै गएका हुन् (पहाडी, वि.सं. २०७४ पृ. ६० ।

संवैधानिक, राजनीतिक तथा कानुनी प्रबन्धको दृष्टिकोणमा नेपालको संविधान र कानुनमा प्रस्ट खोट र दोष देखिन्न । 'ठूलालाई चैन र सानालाई ऐन' भन्ने उक्ति अनुसार व्यवहार गरिनु नै नैपालको प्रणालीको समस्या हो । दार्शनिक थोमस अगस्टिनले भनेजस्तै 'अन्यायपूर्ण कानुन कानुन होइन' भन्ने साहस मानव अधिकार सम्बन्धी निकाय र व्यक्तिमा हुनुपर्दछ जुन नेपालमा अभाव देखिन्छ । अमेरिकी पूर्व राष्ट्रपति थोमस जेफर्सनले भनेजस्तै, 'अन्यायपूर्ण कानुनको अवज्ञा गर्ने अधिकार छ' भन्ने महसुस कानुन निर्माता र नागरिकमा हुनुपर्नेमा नेपालमा त्यसमा कमी रहेको देखिन्छ । मार्टिन लुथर किङ, महात्मा गान्धी र नेल्सन मन्डेलाहरूमा जस्तै 'अन्यायपूर्ण कानुन तोड्ने सोच, क्षमता र साहस' सचेत नागरिक र अभियन्ताहरूमा हुनुपर्दछ भन्दै आलोचनात्मक चेत नागरिकहरूमा हुनुपर्नेमा नेपालको अभ्यासमा त्यो पक्षको कमी रहेको साहित्यले औंल्याएको छ । मानव अधिकार र यसको संरक्षण प्रत्याभूति गर्न अन्तर्राष्ट्रिय सन्धि, संविधान, ऐन-कानुनहरूको कार्यान्वयन सम्बन्धमा प्राप्त भएका साहित्यहरूको समीक्षापछि आउँदो परिच्छेदमा मानव अधिकार र यसको संरक्षण सम्बन्धमा निर्माण भएका सिद्धान्त तथा अवधारणाहरूको विवेचना गरिएको छ ।

# परिच्छेद : तीन

# सैद्धान्तिक अवधारणा

सिद्धान्तलाई दार्शनिक कोहेनले 'खाली चेक जस्तो' भएको भन्दै जसरी बाहकले चेकमा आवश्यक रकम भर्न सक्ने हुन्छ त्यस्तै प्रयोगकर्ताले आवश्यकता अनुसार सिद्धान्तलाई प्रयोग गर्न सक्ने भएकाले यसको अर्थ व्यापक रहेको छ । सैद्धान्तिक अवधारणाले शोध वा अनुसन्धानलाई दिशानिर्देश गर्न सक्ने भएकाले यसको अनिवार्यता भएको हो । सिद्धान्तको अध्ययनले विषयलाई प्रस्ट गर्न सहयोग पुग्दछ । यो अनुसन्धानमा मानव अधिकार र संविधान सम्बन्धी दार्शनिक तथा प्रयोजनवादी दृष्टिकोणको अध्ययन गरिएको छ ।

पृथ्वीमा मानवले सामाजिक, संगठित तथा आर्थिक जीवनको सुरुआत गरेसँगै मानिसका असीमित आवश्यकता, चाहना र कार्यहरू वृद्धि हुन थालेका हुन् । सोही कारण तेरोमेरो अधिकार, हक तथा स्वामित्वको द्वन्द्व, सङ्घर्ष तथा अनेक प्रकारका राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक युद्धहरू समेत हुँदै आएका हुन् (Aryal, AD 2021, p. 4) । सामाजिक विकाससँगै राज्य, शासन, विधि तथा सामाजिक-राजनीतिक प्रणालीहरूको पनि विकास भयो (आचार्य, वि.सं.२०७४, पृ. ५) । मानवीय र सामाजिक विकाससँगै मानवका विभिन्न अधिकारका विषयहरू अगाडि आउन थाले । सोही क्रममा त्यसलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने विभिन्न दर्शन, सिद्धान्त तथा मान्यताहरूको पनि विकास हुँदै आयो (उपाध्याय, वि.सं.२०७२, पृ. ७) । विकास, प्रविधि, ज्ञान, विज्ञान, सूचना र सञ्चार, विचार तथा विश्लेषणका अनेकौं क्षेत्रमा आएका परिवर्तनसँग मानव अधिकार सम्बन्धी सिद्धान्तहरू समेत फराकिला हुँदै आए (Baker, AD 1994, p. 29) । मूलतः युरोपको राजनीतिमा आएका अनेकौं परिवर्तन, संघर्ष तथा द्वन्द्वहरूको विश्वव्यापी प्रभाव रहँदै आयो (ज्ञवाली, वि.सं. २०७९, पृ. ६६) ।

भूराजनीतिमा मानव अधिकारलाई मूलतः पश्चिमा र युरोपीयनहरूले विकास गरेका विचार, धारणा, दर्शन, मान्यता र संस्कृति भनिने गरिएको देखिन्छ (Baral, AD 2006, p. 43) । विश्वव्यापीकरण, विश्वमा राजनीतिक-आर्थिक तथा सामरिक शक्तिको बोलवाला हुनु, बजार र कम्पनीहरू हाबी हुनु, पश्चिमा र अमेरिकी आर्थिक सहयोगमा अधिकांश आयोजना र निकायहरू सञ्चालित हुनु आदि कारणले पश्चिमा तर्क सर्वाधिक बिक्री भएका हुन् । पश्चिमा विचार, दर्शन र सिद्धान्त पढिएका र पढाइएका हुन् । यद्यपि पूर्वीय दर्शन तथा

सभ्यतामा समेत मानव अधिकार सम्बन्धी अवधारणा, मूल्य, मान्यता र विषयले स्थान पाएको कुरा पढ्न र सुन्न पाइन्छ । महाभारतको युद्धमा पनि युद्धसम्बन्धी नियमहरूको पालना गरिन्थ्यो । घाम उदाएपछि मात्र युद्ध सुरु हुने, शङ्ख फुकेपछि हतियार प्रहार गर्न पाइने र घाम अस्थाएपछि युद्ध गर्न नपाइने, घाइतेलाई मार्न नहुने जस्ता युद्धका आधारभूत नियमहरूको पालना गरिन्थ्यो । तिनै ऐतिहासिक अवधारणहरूलाई सुधार गरी पछि विश्वमा मानवीय कानुनका आधारभूत मूल्यको रूपमा अन्तर्राष्ट्रिय कानुनी प्रबन्धमा समेत उल्लेख गरिएका छन् । करिब चार हजार वर्षअघि तत्कालीन इरानी शासन व्यवस्थामा ह्म्बुरायी नामका शाककले ह्म्बुरायी कानुन (Hammurabi Code, BC-1755-1750BC)लागु गरेका थिए । जसमा दुई सय बयासी वटा सजाय, फौजदारी कानुनी प्रबन्ध तथा न्याय शासन सम्बन्धी नियमहरू उल्लेख गरिएको थियो । यसबाट मानव समाजको विकाससँगै समाज र मानव प्रवृत्तिलाई नियमित तथा नियन्त्रित गर्न मानवले कानुनी प्रबन्ध गरेको देख्न सकिन्छ(Wilhite, AD, 2020, p. 46)।

विश्वमा भएका शासन, राजनीतिक तथा कानुनी प्रणालीहरूको इतिहास हेर्ने हो भने कसैले अर्काको अधिकार र हक हनन् गरेको अवस्थामा जस्तालाई तस्तै (Tit for Tat or An Eye for An Eye)खालको धारणा, मान्यता र विचारले बढी महत्त्व पाएका कारण कानुनी प्रबन्ध समेत सोही आधारमा हुने गरेका थिए । मानिसका आपाराधिक सोचलाई न्यूनीकरण गर्न सो प्रकारको सजायबाट समाजमा एक प्रकारको अनुशासन बन्ने भए पनि त्यो विधि र तरिका पूरै अमानवीय, क्रूर तथा मानव जीवनको आधारभूत सुरक्षा विपरित देखिन्थे । जुन विधिबाट सजाय गर्दा निर्दोषले सजाय पाउने सम्भावना पनि बढी हुन्थ्यो(Arniaza, AD, 1995, p. 32)।

मानव अधिकार मानवको आधारभूत स्वतन्त्रता र अधिकार संरक्षित गर्ने अवधारणा हो (Ackely, AD, 2008, p. 8 ) । यो एउटा सरकार वा धर्मको विषय होइन । मानव अधिकार युद्ध र शान्तिको अवस्थामा फरक-फरक हुने विषय पनि होइन । जुनसुकै अवस्थाका व्यक्तिले समान रूपले जहिलेसुकै पाउने आधारभूत अधिकारको अर्को नाम नै मानव अधिकार हो (Bhandari, AD, 2014, p. 4) । आज मानव अधिकारको विषयमा व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको विषयलाई प्राथमिकता दिनु पर्ने हुन्छ भन्ने विचार विश्वव्यापी अवधारणा भइसकेका छन् (Bailey, AD, 1994, p. 11) । यो इतिहासमा भएका क्रान्ति, संघर्ष र विभिन्न राजनीतिक द्वन्द्वबाट सिर्जित अवधारणा पनि हो । धर्मको स्वतन्त्रता, विचारको स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, हिँडडुलको स्वतन्त्रता, संगठन गर्न पाउने स्वतन्त्रता, कानुनको सीमा भित्र रहेर जुनसुकै प्रकारको संगठन खोल्ने स्वतन्त्रता, शिक्षा र रोजगारीको स्वतन्त्रता आदि मानिसका मानव अधिकारका आधारभूत कुराहरू हुन

भन्ने अवधारणा इतिहासबाट विकास हुँदै आयो (Bhattari, AD, 2022, p. 4)। मानवका मानवीय प्रवृत्तिलाई नियन्त्रित गर्दै प्रत्येकको आधारभूत अधिकारको संरक्षण गर्न मानव अधिकार सम्बन्धी विचारले मध्ययुगपछिको समयमा विश्वमा बढी स्थान पाउँदै आएको देखिन्छ (Buchanan, AD, 2003, p. 43)। यसरी विभिन्न युग, समय, अवस्था, स्थान, घटना, राजनीतिक, कानुनी तथा संवैधानिक प्रबन्धको जगमा नै मानव अधिकार सम्बन्धी अवधारण र सैद्धान्तिक-दार्शनिक दृष्टिकोणहरूको विकास र विस्तार हुँदै आएका देखिन्छन् ( अन्तर्वार्ता, लक्ष्मी शर्मा, वि.सं.२०७६, माघ १६)।

## ३.१ मानव अधिकारका सैद्धान्तिक-दार्शनिक दृष्टिकोण

विश्वमा मानव अधिकार सम्बन्धी विभिन्न प्रकारका सिद्धान्त र दर्शन रहेका छन् । प्राकृतिक सिद्धान्त, ऐतिहासिक सिद्धान्त, कानुनी अधिकारको सिद्धान्त, आर्थिक अधिकारको सिद्धान्त, समाजशास्त्रीय सिद्धान्त, राजनीतिशास्त्रीय सिद्धान्त, उदारवादी प्रजातान्त्रिक सिद्धान्त आदि रहेका छन् (पङ्गेनी, वि.सं. २०७७) । त्यसका अलावा नारीवाद, आलोचनात्मक सिद्धान्त र उत्तरआधुनिकतावादी सिद्धान्त आदि पनि विश्वमा रहेका देखिन्छन् । यहाँ मानव अधिकारको संरक्षण तथा सुरक्षा सम्बन्धी प्रचलित केही सिद्धान्तहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

### (क) प्राकृतिक अधिकारको सिद्धान्त

मानव अधिकारको प्राकृतिक अधिकार सम्बन्धी सिद्धान्तले मानवका अधिकार भनेका प्रकृतिप्रदत्त जन्मसिद्ध अधिकार तथा प्रकृतिका देन हुन् भन्ने मान्दछ (Sangiovanni, AD, 2017, p. 5)। अर्थात प्रकृतिले नै मानवको लागि प्रदान गरेको कुरा भएकोले त्यसको हनन कसैले गर्न सक्दैन भन्ने मान्यता यस (सम्प्रदाय) का दार्शनिकहरूको रहेको छ । प्रकृति, अलौलिक शक्ति, भगवान आदिलाई यो दार्शनिक समुदायले आफ्नो आदर्श मान्दछ (Cao, AD 2016, p. 3)। प्राकृतिक सिद्धान्तमा विस्वास गर्ने दार्शनिकहरूमा ग्रिक दार्शनिक सुकरात, प्लेटो, अरिस्टोटल आदि रहेका छन् । अमेरिकी लोन फुलर, इटालीका थोमस एक्युएनस (१२२५-१२७४), जर्मनका ह्युगो ग्रोसियस (१५८३-१६४५), बेलायती विधिशास्त्री जोन लक (१६३२-१७०४) आदि पनि यही सम्प्रदायमा पर्दछन् (Bhatta, AD 2019) । उनीहरूका दृष्टिकोण र सिद्धान्तमा मानिसका अधिकार अर्थात मानव अधिकार कुनै पनि शासन वा राज्यले प्रदान गर्ने विषय होइनन् । त्यस्ता प्रकृतिप्रदत्त अधिकार प्रकृतिले नै दिएकोले राज्यले त्यसको संरक्षण र सुरक्षा मात्र गर्ने हो भन्ने धारणा

रहेको देखिन्छ (राकेश, वि.सं.२०७४, पृ. ६) । मानिसको जीवन, राजनीतिक स्वतन्त्रता तथा सम्पत्तिको सुरक्षा गर्नु राज्यको आधारभूत दायित्व हो भन्ने दृष्टिकोण प्राकृतिक अधिकार सम्बन्धी सिद्धान्तको वकालत गर्नेहरूको रहेको छ (Capps, AD 2009, p. 73)। बेलायती दार्शनिक लकले 'टु ट्रिटिज अफ गोभरमेन्ट' नामक पुस्तकमा प्राकृतिक अधिकार सम्बन्धी कुरालाई विश्लेषण गर्दै राज्यले मानिसका अधिकारको सुरक्षा र संरक्षण गर्नुपर्ने धारणा प्रस्ट गरेका छन् । नेपालका संविधानहरूमा समेत उल्लिखित विधिशास्त्रीहरूका धारणाको प्रभाव पहिलो संविधानदेखिनै रहँदै आएको देखिन्छ । वि.सं.२००४ सालको नेपालको संविधानमा राजनीतिक स्वतन्त्रतालाई महत्त्व दिइयो । २००७ र २०१५ सालको संविधानमा पनि राजनीतिक स्वतन्त्रताका विषय उल्लेख गरिए । २०१९ सालको संविधानमा चाहिँ राजनीतिक स्वतन्त्रता र दलीय अधिकार संकुचन गरियो । २०४७ सालको संविधानले दलीय स्वतन्त्रता र राजनीतिक अधिकारलाई पुनः प्रस्ट गऱ्यो । मानव जीवनको महत्त्व र अर्थ प्रस्टसँग आत्मसात गरी २०१९ सालको संविधानको राजकाज सम्बन्धी कसुरमा रहको मृत्युदण्ड दिने संवैधानिक प्रबन्धलाई खारेज गऱ्यो । त्यसपछिका संविधानहरूमा जीवन, राजनीतिक स्वतन्त्रता, मानव सुरक्षा, राजनीतिक स्वतन्त्रता जस्ता विषयहरूले बढी स्थान र महत्त्व पाएको देखिन्छ (भट्ट, वि.सं.२०७४, पृ. ६) ।

### (ख) ऐतिहासिक अधिकारको सिद्धान्त

ऐतिहासिक अधिकारको सिद्धान्त वा इतिहास सम्बन्धी विधिशास्त्रले मानवका जतिपनि अधिकार र कानुनी हकलाई इतिहासको उपज र विकास मान्दछ । प्रत्येक अधिकार, कानुन, विधि, मूल्य, दर्शन, धारणा, व्यवस्था, प्रथा, प्रणाली सबै इतिहासबाट प्राप्त भएका विषय हुन् भन्ने दृष्टिकोण यस पक्षमा विस्वास राख्नेहरूको रहेको छ । यिनीहरूको दृष्टिकोण इतिहासका प्रथा, परम्परा र विकासबाट सबै विषयको विकास र विस्तार हुँदै आएकोले मानव अधिकार पनि इतिहासकै उपज हुन् भन्ने दृष्टिकोणमा त्यस्ता विधिशास्त्री, कानुनविद र राजनीतिशास्त्री दार्शनिकहरूको मत रहेको छ । उनीहरू मानिसका अधिकार, विधि, कानुन र दर्शन सबै समाजका प्रथा, परम्परा र मान्यतामा खोज्नु पर्दछ भन्ने धारणाराख्दछन् । राज्यले समाजमा भएका तिनै प्रथा र परम्पराबाट टिपेर कानुन, विधि बनाउने भएकोले इतिहास र प्रथाको ठूलो भूमिका रहेको हुन्छ भन्ने धारणामा यहाँ उल्लिखित विधिशास्त्रीहरू सहमत देखिन्छन् । जर्मनका दार्शनिक कार्ल भोग सेभेग्नी (१७७९-१८६१), बेलायती सर हेनरी मेन (१८२२-१८८८) बेलायतका जेरेमी

बेन्थम (१७४८-१८३२) आदि ऐतिहासिक अधिकारको सिद्धान्तको पक्षमा वकालत गर्ने प्रमुख विधिशास्त्रीहरू हुन् । सेभेग्नी यसमा सबैभन्दा बढी प्रस्ट देखिन्छन् । उनले शासकले जारी गर्ने आदेश र कानुनबाट समाजमा कानुन व्यवस्था निर्माण गर्ने होइन समाजका ऐतिहासिक प्रथा, परम्परामा मानिसले लागु गर्दै आएका विषयलाई नै सङ्कलन गरेर कानुनी रूप दिनु पर्दछ भन्ने रहेको छ। सर हेनरी मेन जो बेलायती दार्शनिक रहे उनी पनि सामाजिक-ऐतिहासिक प्रथामा भएका विषयको संकलन गरी लागु गरे मात्र त्यो कानुन हुने भन्ने रह्यो । यो दर्शनले सामाजिक प्रथामा कानुनको खोज गर्नुपर्दछ बनाउने होइन (ल इज फाउन्ड नट मेड) भन्ने मत दिने गरेको छ। कतिपय सन्दर्भमा नेपालका संविधानहरूमा पनि यो मान्यता र दर्शनको प्रभाव रहेको प्रस्ट देखिन्छ । धार्मिक प्रथा, परम्परा, सामाजिक आचरण, इतिहासका परम्परागत मान्यतालाई संविधानहरूले पनि संवैधानिक आकार दिने गरेका छन् । नेपालको संविधानको धारा ४ मा पनि धर्मनिरपेक्षको व्याख्या गर्ने क्रममा सनातनदेखि चली आएको धर्म सस्कृतिको संरक्षण लगायत धार्मिक साँस्कृतिक स्वतन्त्रताको अधिकार नागरिकलाई दिइएको छ। संविधानमा समानताको हक (१८) उल्लेख गरिएको छ। जसको (२) मा '...धर्म, वर्ण, जात, जाति, लिङ्ग शारीरिक अवस्था..भाषा..अदिको आधारमा भेदभाव गरिनेछैन' भनिएको छ । इतिहासका प्रथा, परम्परा र विकासबाट सबै अधिकारको विकास र विस्तार हुँदै आएकोले मानव अधिकार पनि इतिहासकै उपज हुन् भन्ने दृष्टिकोण यस सिद्धान्तका विधिशास्त्री र दार्शनिकहरूको रहेको छ ।संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रतालाई मौलिक हकमा राखिएको छ । अर्थात इतिहासका प्रथाका विषयहरूलाई संविधानले महत्त्व दिएको देखिन्छ।

## (ग) कानुनी अधिकारको सिद्धान्त

प्रत्येक अधिकार कानुनद्वारा सिर्जित हुन्छ र त्यस्तो अधिकार राज्य अर्थात शासकले निर्माण गरेर जारी गर्दछ भन्ने दृष्टिकोण यस सिद्धान्तको हो (Chapham, AD 2007, p. 83) । बेलायती विधिशास्त्री जोन अस्टिन, जेरेमी बेन्थम, हेन्स केल्सन, एच.एल.ए. हार्ट जस्ता विधिशास्त्रीहरू यस सिद्धान्तमा अडिग देखिन्छन् (Buchanan, AD 2003, p. 14)। अस्टिनले त 'कानुन त्यो हो जो शासकले जारी गर्दछ र त्यो सजायद्वारा लागु हुन्छ' भन्ने कडा धारणा राखेका छन् । यद्यपि हार्टले भने त्यसमा आलोचना समेत गर्दै 'शासकको सजायको डर र त्रासबाट जारी गरिएका जुनसुकै आदेश जहिल्यै कानुन बन्न सक्दैनन र त्यो विधिबाट नागरिक अधिकार स्थापित हुन सक्दैन' भन्ने प्रस्ट दृष्टिकोण अघि सारेका छन् । हार्टले

कानुनमा सजाय तत्वको अनिवार्यता रहेको हुन्छ भन्ने मत राखेको भए तापनि शासकको जस्तोसुकै आदेश वा कानुन जहिल्यै कानुन नबन्ने भन्दै उनले जर्मनका शासक हिटलरको कानुनले पछि कानुनी मान्यता नपाएको उदाहरण दिएका थिए । तापनि कानुनी अधिकारको सिद्धान्त चाहिँ 'सजाय र त्रासको बलमा कानुन लागु गराउने र सोही विधिबाट नागरिक अधिकारको समेत सिर्जना हुने' भन्ने मान्यतामा दृढ देखिन्छ । विधिशास्त्री अस्टिनको सिद्धान्तलाई पूर्ण रूपमा लागु गर्ने शासकहरूमा जर्मनका एडोल्फ हिटलर(१८८९-१९४५), इटालीका बिनितो मुसोलिनी (१८८३-१९४५) तत्कालिन सोभियत संघ (रुस) का भ्लादिमिर लेलिन (१८७०-१९२४) आदि रहेका देखिन्छन् । उनीहरूका शासन-सत्ता मूलत : यही कानुनी अधिकारको सिद्धान्तमा चल्यो । अर्थात 'कानुन त्यो हो जो शासकले जारी गर्दछ र नमान्नेलाई सजाय हुन्छ' भन्ने सिद्धान्तमा विस्वास गर्दथ्यो । यो विधिशास्त्र, दर्शन र सिद्धान्तको आलोचना पनि हुँदै आएको छ । सोही विधिशास्त्रिय सम्प्रदायका हार्ट स्वयम्ले पनि यो सिद्धान्तलाई 'गनम्यान थ्यौरी' भन्ने खरो आलोचना पनि गरेका छन् । हार्ट कानुनमा सजाय तत्व हुनुपर्दछ भन्नेमा चाहिँ प्रस्ट देखिन्छन् (Hart, AD 1997, p. 5)। लोकतान्त्रिक र प्रजातान्त्रिक समाजमा यो सिद्धान्त कमजोर भएको भनिए पनि सजाय, त्रास र नियन्त्रणको विधिलाई राज्यहरूले लागु गर्दै आएको देखिन्छ ।

नेपालका संविधानहरूमा यो दर्शनको बढीनै प्रभाव रहेको देखिन्छ । त्यसमा पनि वि.सं. २०१५ र २०१९ सालका संविधानहरूमा यो सिद्धान्तको अत्याधिक प्रभाव रह्यो । २०१९ सालको संविधानमा राजनीतिक दल खोल्नु, राजनीतिक, वैचारिक संगठन खोल्नु, विरोध गर्नु अपराध हुन्थ्यो र त्यस्तोमा राज्यले कडा सजाय गर्दै आएको थियो । २०४७ सालको संविधान राजनीतिक स्वतन्त्रताको दृष्टिमा नरम रह्यो (Khanal, AD 2005, p. 9) । २०६३ सलमा आइपुग्दा चाहिँ राजनीतिक, सामाजिक, आर्थिक स्वतन्त्रताले स्थान पाएको देखिन्छ । नेपालको वर्तमान संविधान लोकतान्त्रिक-गणतान्त्रिक संविधान भए पनि संविधानमा सजायको तत्त्वले पनि महत्त्व पाएको छ । संविधानले स्वतन्त्रताको हक (१७) उल्लेख रहेको छ । यो धारा नागरिक र राजनीतिक अधिकारको दृष्टिमा महत्त्वपूर्ण छ । यद्यपि त्यसको उपधारा (१), (२), (३), (४), (५) र (६) मा चाहिँ निश्चित अवस्थामा राज्यले कानुन अनुसार त्यस्ता स्वतन्त्रतालाई पनि नियन्त्रण गर्न सक्ने प्रस्ट लेखेको छ । यस अघिका नेपालका संविधानमा पनि कानुन अनुसार स्वतन्त्रतालाई पनि नियन्त्रण गरिने भनिएका थिए । अर्थात नेपालका संविधानहरूमा कानुनी अधिकारको सिद्धान्तको प्रभाव रहको प्रस्ट देखिन्छ (Kharel, AD 2013, p. 13)।

### (घ) आर्थिक अधिकारको सिद्धान्त

मानिसका आधारभूत मानव अधिकार भनेको मूलत : आर्थिक अधिकार नै हुन् (राउत, वि.सं.२०७६) । आर्थिक अधिकारलाई बाहिर राखेर कुनै पनि अधिकारको चर्चा गर्नु बेकार हुन्छ भन्ने दृष्टिकोण जर्मनका दार्शनिक कार्ल मार्क्स (१८१८-१८८३) को रहेको थियो (Bededek, AD, 2007, p. 15) । मार्क्सले 'हुँदा खाने र हुने खाने' बिचमा जहिल्यै आर्थिक-सामाजिक र राजनीतिक द्वन्द्व हुने भनेका छन् । जर्मनकै अर्का दार्शनिक हेगेलले धनी, गरिब हुने विषय पूर्वजन्मको खेल भएको र भगवानको इच्छामा निर्भर हुने भनेका थिए (Dam, AD 2006, p. 43) । हेगेलको तत्कालिन आदर्शवादी दृष्टिकोणलाई पूरै उल्ट्याएर मार्क्सले भौतिकवादी विचारधाराको सूत्रपात गरे (Tomuschat, AD 2008, p. 16) । पुँजीपति, मालिक र धनीले जहिल्यै मजदुर, किसान र गरीबलाई आर्थिक शोषण गर्ने र गरीब अरुबढी गरीब बन्ने र मालिक चाहिँ धनी मात्र बन्ने दार्शनिक मार्क्सको तर्क रहेको छ । उनले धनी, पुँजीपति र सामन्तीले बनाएको कानुन गरीब र पीडितलाई शोषण गर्न मात्र भएकोले त्यस्ता कानुन भत्काउनु पर्ने, अनिमात्र मजदुर, किसानले मुक्ति पाउने भन्ने धारणा राखे (Kant, AD 2006) । प्रजातान्त्रिक देशहरूका संविधानहरूले पनि मानिसका आर्थिक अधिकारको संवैधानिक-कानुनी दृष्टिकोणले ग्यारेन्टी गर्दै आएका छन् (Bederman, AD 2008, p. 26) । नेपालका संविधानहरूमा पनि आर्थिक अधिकारलाई संवैधानिक हिसाबले मौलिक हकमा राखिएका देखिन्छन् । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म कतिपय आर्थिक अधिकारका विषयलाई मौलिक हक भनिएको छ । संविधानको प्रस्तावनामा समेत 'समाजवाद उन्मुख राज्य' हुने भनिएको छ । नेपालको संविधानको शिक्षा सम्बन्धी हक (३१), रोजगारीको हक (३३), श्रमको हक (३४), स्वास्थ्य सम्बन्धी हक (३५), खाद्य सम्बन्धी हक (३६), आवासको हक (३७) र सामाजिक सुरक्षाको हक (धारा ४३) आदि मौलिक हकहरू आर्थिक अधिकारको सिद्धान्तद्वारा निर्देशत रहेका देखिन्छन् । संविधानले गरेका यस्ता मानव अधिकार-प्रावधानहरू नागरिकको आर्थिक अधिकार आर्थिक-सामाजिक र नागरिक हितसँग सम्बन्धित रहेका छन् । संविधानमा कार्ल मार्क्स र समाजवादी विधिशास्त्रीय दर्शनको प्रभाव प्रस्टसँग देख्न सकिन्छ (Darrai, AD 2003, p. 44) ।

आर्थिक अधिकारको सिद्धान्तमा किनेसियन (Keynesian Economic Theory) सिद्धान्त र पछिल्लो समयमा बढी चर्चामा रहेको नवउदारवादी आर्थिक सिद्धान्तको समेत विश्वमा प्रभाव रहेको देखिन्छ । बेलायती अर्थशास्त्री जोन मेनार्ड किनास (

१८८३-१९४६) रोजगारी, हित र पैसा बजारमा प्रभाव गर्न सरकारी भूमिकाको ठूलो अर्थ हुने मान्यतामा जोड दिने अर्थशास्त्री हुन् । सन् १९३० को अवधिमा अमेरिकामा भएको आर्थिक मन्दीको समस्याबाट अर्थतन्त्र सुधार गर्न किनासले सो सिद्धान्तमा जोड दिएर अर्थतन्त्रको सुधारको लागि राज्यले (सरकार) पूर्वाधारको विकास, सार्वजनिक क्षेत्र, रोजागारी, आयआर्जन र शिक्षा जस्ता क्षेत्रमा व्यापक लगानी गर्नुपर्ने भन्ने विचार दिए । बजारमा माग बढाउन सकेमात्र अर्थतन्त्रको सुधार हुने भन्दै त्यो कार्य सरकारले गर्नुपर्दछ भनेका थिए । अमेरिकी पूर्वराष्ट्रपति फ्रेङ्लिन डि.रुजवेल्ट (१८८२-१९४५) ले किनासको सिद्धान्तलाई लागु गरेका थिए । किनासको 'द इक्वायल थ्यौरी अफ इम्प्लोइमेन्ट, इन्ट्रेस्ट एण्ड मनी' (१९३६) प्रकाशित गरी उल्लिखित दर्शनलाई प्रस्ट गरेका हुन् ।

त्यसैगरी नवउदारवादी आर्थिक सिद्धान्त पछिल्लो समयमा लोकप्रिय भएको आर्थिक सिद्धान्त हो (Chataut, AD 2022, p. 4) । यसले स्वतन्त्र बजार, सीमित सरकार, निजीकरण, उपभोक्तावाद, निजी स्वतन्त्रता जस्ता अवधारणामा जोड दिन्छ । बजारमा राज्यले हस्तक्षेप र नियन्त्रण गर्नुपर्दछ भन्ने परम्परागत र समाजवादी विचारधाराको यसले तीव्र विरोध गर्दछ (Cohen, AD 2012, p. 33) । मूल्य निधारण र बजारमा सरकारी हस्तक्षेपलाई नवउदारवादले विरोध गर्दछ । मूलतः सन् १९७० पछि यो सिद्धान्तले बढीनै चर्चा सहित अभ्यासमा लागु हुदै आएको छ (Dahal, AD 2022, p. 4) । यद्यपि इतिहासमा पुँजीवादी अर्थशास्त्रको वकालत गर्ने बेलायती दार्शनिक आदम स्मिथ (१७२३-१७९०) तथा अल्फ्रेड मार्शल (१८४२-१९२४) आदिले उदारवादी अर्थतन्त्र र पुँजीवादमा जोड दिइसकेका थिए । नेपालका संविधानहरूमा पनि सीमित सरकार, स्वतन्त्र बजार र उदारवादी अर्थतन्त्रका कुरा उल्लेख भएका छन् ।

## (ङ) राजनीतिक अधिकारको सिद्धान्त

मानिस सामाजिक-राजनीतिक प्राणी भएकाले उसका सामाजिक, आर्थिक र सार्वजनिक-राजनीतिक आवश्यकता हुन्छन् (Hammer, AD 2017, p. 14) । यही कारण प्राचीन समाजदेखिनै समाजमा सार्वजनिक, राजनीतिक साझा मुद्दाको सर्वस्वीकार्य समाधान खोज्नको लागि राजनीतिक प्रक्रियाद्वारा समाधान खोज्ने विधि अपनाइँदै आएको देखिन्छ (Bashyal, AD 2019, p. 8) । यसका लागि विश्व इतिहासमा अनेकौँ राजनीतिशास्त्री, दार्शनिक र विद्वान्हरूले राजनीतिक अधिकारको अर्थ र औचित्यका सम्बन्धमा विभिन्न प्रकारले व्याख्या र विश्लेषण गर्दै आएको

पाइन्छ (Dahal, AD 2023, p. 4)। प्राचीन पूर्विय दर्शनका मनु, प्लेटो, एरिस्टोटल, भारतीय दार्शनिक कौटिल्य, चीनका कन्फ्युसियस, युरोपका जोमस हव्स, जीन ज्याक रुसो, जे.एस. मिल, थोमस हिल ग्रिन, जर्मनका हेगेल र भारतका महात्मा गान्धी आदिले मानिसका आधारभूत अधिकारको पहिलो खुड्किलो भनेको राजनीतिक अधिकार भएकोले राजनीतिक स्वतन्त्रता, स्वायत्तता, स्वाधीनता, नागरिक अधिकार र मानव अधिकारका विषय मानव समाजको लागि अपरिहार्य भएको कुरामा प्रस्ट अडान राखेका देखिन्छन् (Chapham, AD 2007, p. 22)। यसरी मानव अधिकारको विकास एवम् आधार निर्माण गर्ने कार्यमा राजनीतिक अधिकारको सिद्धान्तको समेत धेरै ठूलो महत्त्व रहेको देखिन्छ (Davis, AD 2003, p. 21) । नेपालका सबै संविधानहरूले राजनीतिक स्वतन्त्रताको हकको उल्लेख गरेका छन् । यद्यपि २०१९ सालको संविधानमा चाहिँ राजनीतिक दल, राजनीतिक संगठन र विचारको बन्देज गरिएको देखिन्थ्यो । नेपालको संविधानमा उल्लेख भएका स्वतन्त्रताको हक (१७), समानताको हक (१८), न्याय सम्बन्धी हक (२०), धार्मिक स्वतन्त्रताको हक (२६) र सामाजिक सुरक्षाको हक (४३) आदि अधिकारहरू राजनीतिक अधिकारको सिद्धान्तबाट प्रभावित रहेका छन् (Siwakoti, BS 2069, p. 322)।

### (च) समाजशास्त्रीय अधिकारको सिद्धान्त

उदार र लोकतान्त्रिक विश्वमा पछिल्लो समयमा बढीनै लोकप्रिय भएको सिद्धान्त समाजशास्त्रीय अधिकारको सिद्धान्त पनि हो । प्रत्येक संवैधानिक, कानुनी र राजनीतिक अधिकार सम्बन्धी कार्यक्रम लागु गर्दा समाज सर्वोच्च पक्ष भएर रहेको हुन्छ (Feyter, AD 2008, p. 14)। समाजमा मानिस बस्ने भएकाले उसका अनेक प्रकारका हित (इन्ट्रेस्ट) हुन्छन् (Halliday, AD 2004, p. 33)। जस्तो निजी हित, सामाजिक हित र सार्वजनिक हित । यसरी ति हितहरूकाबिचमा आफ्ना हितमा बढी फाइदा दिनको लागि निरन्तर द्वन्द्व भइरहेका हुन्छन् । सामाजिक र सार्वजनिक हित व्यक्तिगत हितको तुलनामा बढी महत्त्व राख्ने खालका हुन्छन् (Douzinas, AD 2014, p. 39) । अर्थात निजी हितलाई थोरै कटौती गरेर पनि सामाजिक र सार्वजनिक हितको सम्मान गर्दा नै समाजको व्यापक हित र विकास हुन सक्ने धारणा यस पक्षमा रहेका विधिशास्त्रीहरूको दृष्टिकोण रह्यो । यो विधिबाट नागरिक अधिकार र मानव अधिकारको सुरक्षा हुने कुरामा उनीहरू प्रस्ट देखिन्छन् । यस सिद्धान्तमा जोड दिनेमा अमेरिकी विधिशास्त्री रस्को पाउन्ड (१८७०-१९६४), म्याक्स वेभर आदि रहेका भए पनि पाउन्डलाई यो सिद्धान्तको प्रमुख मानिएको छ । उनी यस सिद्धान्तमा बढी प्रस्ट देखिन्छन् । पाउन्डले कानुन भनेको हितको सन्तुलन गर्ने

साधन हो (ल इज द म्याटर अफ व्यालेन्सिङ द कन्फिक्टिङ्ग इन्ट्रेस्ट) भनि परिभाषा गरेका छन् (Mapp, AD 2007, p. 17)। नेपालका संविधानहरूमा समाजशास्त्रीय सिद्धान्तको प्रभाव रहेको देखिन्छ । वर्तमान संविधानमा छुवाछुत तथा भेदभाव विरुद्धको हक (२४), धार्मिक स्वतन्त्रताको हक (२६), शोषण विरुद्धको हक (२९) सामाजिक न्यायको हक (४२) आदिलाई समाजशास्त्रीय सिद्धान्तको प्रभाव मान्न सकिन्छ ।

### (छ) यथार्थवादी सिद्धान्त

यस सिद्धान्तमा मूलतः अमेरिकी अदालतका न्यायधीशहरू रहेका छन् । उनीहरूको तर्कमा मानिसका हरेक अधिकारको अन्तिम निर्णयकर्ता वा आदेशक भनेका अदालतहरू वा न्यायाधीशहरू हुन् (Bramra, AD 2011, p. 27) । न्यायाधीश होम्स यस सिद्धान्तका प्रमुख मानिन्छन् । उनको तर्कमा कानुन त्यो हो जो अदालतले फैसला गर्दछ (ल इज ह्वाट कोर्ट सेज इटइज) भनेका छन् । उनको विचारमा संसदले कानुन निर्माण गर्ने र सरकारले कानुन लागु गराउने भए पनि विवादको निरूपण गर्ने भनेको आखिर अन्तमा अदालत र न्यायाधीश नै भएकाले न्यायाधीशले जे फैसला गर्दछन् त्यो नै कानुन हुने भएकोले मानिसका अधिकारको सुरक्षा गर्ने अदालतले हो भन्ने प्रस्ट मत दिएका छन् (Tiedemann, AD 2008, p. 23) । कतिपय सन्दर्भ, अर्थ र विषयमा यस्तो भएको पनि देखिन्छ । नेपालका सन्दर्भमा समेत अदालती फैसलाबाट पनि कतिपय नागरिक अधिकार स्थापित भएका देखिन्छन् । नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी हक रहेको छ । त्यसैगरी धारा १२६, १२८, १३३ र १४४ मा अदालत र सर्वोच्च अदालत सम्बन्धी संवैधानिक प्रबन्ध देखिन्छ । नेपालको अदालतबाट पनि विभिन्न समयमा मानव अधिकार र नागरिक अधिकारको सुरक्षा र संरक्षण गर्न विभिन्न फैसला तथा आदेशहरू भएका देखिन्छन् ।

### (ज) नारीवादी सिद्धान्त

नारीवादले नारीको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरण, समग्र विकास, सक्षमता, समकक्षता, सहभागिता, प्रगतिशीलता, परिवर्तन, आन्दोलन, अभियान, अन्तर्क्रिया र प्रगतिको वकालत गर्दछ (भटराई, वि.सं.२०८०, पृ. ६) । सदियौंदेखि दबिएका, हेपिएका, दबाइएका, पेलिएका र पीडामा पारिएका र पुरुषप्रधान समाज र सामाजिक मानिसकता एवम् व्यवहारका

कारण दमनमा रहेका नारीहरूलाई राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रको मूलप्रवाहमा ल्याउने र समानताको आधारमा राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार प्रदान हुनु पर्दछ भन्ने मान्दछ (Devokata, AD 2023, p. 4)। पुरुषप्रधान समाज, पुरुष मानसिकता, पुरुष सहभागिता र पुरुष दृष्टिकोणद्वारा निर्मित कुनै पनि संविधान-कानुनले नारीका अधिकार स्थापित गर्न सक्दैन भन्ने मूल विचार नारीवादको रहेको देखिन्छ (Baines, AD 2012, p. 15)। नारीको स्वतन्त्रता, स्वायत्तता र मानव अधिकारको सुरक्षा र संरक्षण गर्न सके मात्र समाजको गति अघि बढ्ने दृष्टिकोण नारीवादको रहेको छ । बिसौँ शताब्दीको मध्यबाट नारीवाद र नारीवादी दृष्टिकोणले सन् १९७० पछि विश्वमा बढी चर्चा र महत्त्व पाएको देखिन्छ । नारीवाद र नारीवादी दृष्टिकोणमा आएको लहरको कारण मानव अधिकारका क्षेत्रमा पनि अनेकौँ आन्दोलन, राजनीतिक संघर्ष, संवैधानिक तथा कानुनी प्रबन्ध भएका छन् । यसको प्रभावको कारण विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, घोषणा तथा कानुनी प्रबन्धहरू भएका छन् । Committee on the Elimination of Discrimination Against Women (CEDAW, 1979) नारीको आधारभूत मानव अधिकारको सुरक्षा गर्ने प्रमुख अन्तर्राष्ट्रिय महासन्धि हो । यसरी नारीवाद र नारीवादी सैद्धान्तिक धारणामा आएको परिवर्तनले मानव अधिकार सम्बन्धी सैद्धान्तिक अवधारणामा पनि परिर्वतन ल्याएकोछ र ल्याइरहेको छ । नेपालका संविधानमा मूलतः २०४७ सालको संविधानपछि नारीवादी आन्दोलनको प्रभाव परेको अनुभव गर्न सकिन्छ । नेपालको वर्तमान संविधानको धारा ३८ मा महिलाको अधिकार भनिकन छुट्टै धारामा महिलाका विभिन्न मौलिक हक अधिकार प्रस्ट गरिएका छन् ।

## ३.२ मानव अधिकारको प्रयोजनवादी दृष्टिकोण

विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकारमा पनि मूल अधिकारहरूमा नागरिक तथा राजनीतिक अधिकारमा जीवनको अधिकार, निजी स्वतन्त्रता, बोल्न पाउने अधिकार जस्ता अधिकारलाई पहिलो तहको अधिकार भन्ने गरिएको छ (Devokata, AD 2023, p. 4)। यिनै प्रकृतिप्रदत्त अधिकारहरूको सुरक्षा र संरक्षण गर्ने मूल उद्देश्यले संयुक्त राष्ट्रसंघको पहलमा मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा हस्ताक्षर भएको हो (Morsink, AD 1999, p. 65) । युद्धमा पनि मानिसका आधारभूत अधिकारको सुरक्षा गरिनुपर्ने उद्देश्य र दृष्टिकोणले सन् १९४९ मा चार जेनेभा सन्धि(Four Geneva Conventions)सम्पन्न भएको थियो । मानवतावादी स्वीस नागरिक हेनेरी ड्युना (१८२८-१९१०) को पहलमा यसअघि सन् १८६३ मा अन्तर्राष्ट्रिय रेडक्रस (International

Committee of Red Cross, ICRC, Feberary 17, 1863, Geneva, Switzerland) नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्थापना गरियो । विश्व इतिहासमा यस्ता अन्तर्राष्ट्रिय संस्था निर्माण गर्नुको उद्देश्य मानव अधिकारको उल्लङ्घन न्यूनीकरण गर्नु हो । युद्ध पीडितलाई मानवीय सहयोग गर्नु हो । मानव जीवन तथा आधारभूत अधिकारको संरक्षण गर्नु हो (Rawal, AD, 1971, p. 11)।

त्यसैगरी सन् १८६३ मा अतर्राष्ट्रिय रेडक्रसको गठन भएपछि अन्तर्राष्ट्रिय क्षेत्रमा कार्य गर्ने मानव अधिकारवादी र स्वतन्त्रताको पक्षमा वकालत गर्ने संस्थाहरूको गठनले थप व्यापकता पायो । अमेरिकामा सन् १९०५ फ्रेब्रवरी २३ मा मानव सेवा गर्ने उद्देश्यले रोटरी इन्टरनेशनलको गठन गरियो । सन् १९१९ श्रमिकको सुरक्षा सम्बन्धी विविध पक्षमा वकालत गर्न अन्तर्राष्ट्रिय श्रम संगठन(International Labour Organization, ILO) को स्थापना गरियो । मानव अधिकारवादी संस्थाहरू एम्नेष्टी इन्टरनेशनल, अक्सफार्म, सेभ द चिल्ड्रेन, वर्ल्ड भिजन, ग्रिनपिस तथा महिला अन्तर्राष्ट्रिय लिग जस्ता संस्थाहरूले मानव अधिकार, शान्ति तथा स्वतन्त्रताको पक्षमा वकालत गर्दै मानव अधिकारको उल्लङ्घन हुन नदिन भूमिका खेल्दै आएका छन्(Lachu, AD, 2012, p. 135)। मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ३ ले प्रत्येकलाई जीवनको अधिकार हुने भनेको छ । यसर्थ प्रजातान्त्रिक राज्यको पहिलो काम नागरिकको मानव अधिकारको सुरक्षा गर्नु हो(Sen, AD, 1999, p. 88) ।

सन् १९४५ अक्टोबर २४ मा गठित संयुक्त राष्ट्रसंघले सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणा अनुमोदन गरेपछि मानव अधिकारका उल्लङ्घनकर्ताहरूलाई कानुनी कारबाही गर्ने प्रवृत्ति र अभ्यास एवम् प्रचलन बढ्दै आएको छ (Smith, AD 2003, p. 27) । मानिसका आधारभूत मानव अधिकारको विश्वव्यापी सुरक्षाको लागि मानव अधिकार सम्बन्धी अलग्गै अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध हुँदै आएका छन् । एकै मितिमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धरू ल्याईयो (Dhamala, AD 2023, p. 4) । त्यसपछिका दिनहरूमा मानव अधिकार संरक्षण गर्नकै लागि महिला अधिकार सम्बन्धी, बालअधिकार सम्बन्धी विषयगत र क्षेत्रगत सन्धिहरू सम्पन्न भएका छन् । आजको आधुनिक समाजमा मानव अधिकारका विभिन्न क्षेत्रहरू फराकिला हुँदै गएका छन् । मानव अधिकारको विकास नागरिक तथा राजनीतिक अधिकारको सुरक्षा हुनुपर्दछ भन्ने विषयहरूबाट सुरु भएको भए पनि वर्तमानमा आर्थिक-सामाजिक अधिकार मात्र होइन विकास तथा वातावरणदेखि मानिसलाई इन्टरनेट जस्ता अत्याधुनिक सेवा र सुविधाको आवश्यकताका कुराहरू समेत न्यूनतम आवश्यकता एवम् अधिकारका विषय भइसकेका

छन् । त्यस खालका सुविधा प्राप्त गर्नु नागरिक र मानवको मानव अधिकार र सरकारको दायित्व भएकोले प्रजातान्त्रिक सरकारहरू गम्भीर बन्नुपर्ने अवस्था देखिएको छ । प्रजातान्त्रिक शासन प्रणालीमा यस्ता विषयहरूमाथि कतैबाट पनि उल्लङ्घन गरिनु हुन्न भन्ने मान्यता विकास भएको कारण उल्लङ्घनकर्ताहरूलाई हुने कानुनी कारबाहीका क्षेत्र पनि बढ्दै गएका छन् । प्रत्येक मानव र व्यक्तिका आधारभूत अधिकारको सुरक्षा हुनुपर्ने विश्वव्यापी धारणा भएकोले संयुक्त राष्ट्रसंघले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो (Jacob , AD, 2007, p. 9)।

### (क) मानव अधिकारको विश्वव्यापी घोषणा पत्र

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र(UDHR)मानव अधिकार सम्बन्धी विश्वको पहिलो, महत्त्वपूर्ण तथा विश्वव्यापी स्वीकार्यता भएको आधारभूत दस्तावेज हो ( राकेश, वि.सं.२०७४) । घोषणामा भएका विषयहरूका आधारमा मानव अधिकारसम्बन्धी अनेकौं महासन्धि बन्दै आएकाले यसको विश्वव्यापी महत्त्व, अर्थ र व्यापकता झनझन वृद्धि हुँदै गएको देखिन्छ (Darrai, AD 2010, p. 122)। विश्वका ५ सय भन्दा बढी भाषामा उल्लिखित दस्ताबेज प्रकाशित गराई विश्वव्यापी रूपमा नागरिक र मानिसहरूलाई वितरण गरिएका छन् (भण्डारी, वि.सं. २०७३, पृ. ८) । यसै घोषणाको जग र आधारमा सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध जारी भई अन्तर्राष्ट्रिय कानुनको रूपमा लागु हुँदै आएको छ (पौडेल, वि.सं. २०७७, पृ. ४) । यस्ता अन्तर्राष्ट्रिय कानुनले मानव अधिकार सम्बन्धी अवधारणालाई थप प्रस्ट पार्ने काम गर्दै आएका छन् । जसमा मानिसका राजनीतिक र नागरिक स्वतन्त्रतादेखि लिएर बाँच्नको लागि अनिवार्य आवश्यक पर्ने आर्थिक, सामाजिक र साँस्कृतिक विषयहरू उल्लेख गरिएका छन् (अधिकारी, वि.सं. २०७४, पृ. ७) । यिनै विश्वव्यापी मूल्य, घोषणा, अन्तर्राष्ट्रिय महासन्धि र कानुनको आधारमा मुलुकहरूले आ-आफ्ना संवैधानिक र कानुनी प्रबन्धहरू गर्दै आउनु मानव अधिकार सम्बन्धी विश्वव्यापी अवधारणामा थप टेवा पुऱ्याउनु पनि हो (Fukuyama, AD, 2016, p. 98)।

संयुक्त राष्ट्रसंघको गठन भएलगत्तै संघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणा पत्र(Universal Declaration of Human Rights, 1948, UDHR)को विधानलाई मानव अधिकारको क्षेत्रमा आधारभूत एवम् महत्त्वपूर्ण विश्वव्यापी घोषणापत्र मानिन्छ । जसमा कूल ३० वटा धाराहरू रहेका छन् । जसको प्रस्तावनामा '...मानव समुदायका सबै सदस्यहरूको अन्तर्निहित प्रतिष्ठा, सम्मान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको अधार भएकोले, मानव अधिकारहरूको

अवहेलना र अनादरको परिणाम स्वरूप मानव जातिको अन्तःकरणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरू भएका र मानव जातिले आस्था र वाकस्वतन्त्रताको भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको अभ्युदय गराउनु नै सर्वसाधारण जनताको घोषित सर्वोच्च आकाँक्षा भएकोले, अत्याचार र दमनका विरुद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिस बध्य नहून् भन्ने ठानी कानुनी शासनद्वारा मानव अधिकारहरू संरक्षित रहनु अति आवश्यक भएकोले, राष्ट्रहरूकाबिच मैत्रीपूर्ण सम्बन्ध अभिवृद्धि गर्न आवश्यक भएकाले, संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका जनताहरूले मौलिक अधिकारहरू, व्यक्तिको मान-प्रतिष्ठा र पुरुष तथा महिलाहरूको समान अधिकारहरूमा विस्वास प्रकट गरेको र बृहत् स्वतन्त्रताका लागि सामाजिक प्रगति एवम् बढी राम्रो जीवनस्तर संवर्द्धन गर्न संकल्प गरेकोले, सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको सहयोगमा मानव अधिकार र मौलिक स्वतन्त्रताप्रति विश्वव्यापी सम्मानको वृद्धि गर्ने एवम् परिचालन गर्ने प्रतीज्ञा गरेकोले तथा यो प्रतीज्ञा पूरा गर्न यी अधिकार एवम् स्वतन्त्रताहरूको समान समझ्दारी हुनु अत्यन्त ठूलो महत्त्वको कुरा भएकोले अब उप्रान्त महासभाले यी मानव अधिकारहरूको विश्वव्यापी घोषणा गर्दछ...' भनि उल्लेख गरिएको छ (Alston, AD, 2002, p. 12)।

प्रस्तुत मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित प्रस्तावनालाई विश्वको महत्त्वपूर्ण आधारको रूपमा लिइने गरिएको छ (बन्दी, वि.सं.२०७४, पृ. ६) । विश्वका कुनै पनि मुलुकले सो घोषणामा फरकमत राखेका छैनन् । अर्थात् यसलाई मानव अधिकार सम्बन्धी विश्वको सर्वस्वीकार्य दस्तावेज मानिएको छ । धारा १ देखि ३० सम्म रहेको घोषणाको धारा १ मा 'सबै मानव जन्मजात स्वतन्त्र हुन्, ती सबैको समान प्रतिष्ठा र अधिकार छ । उनीहरू विवेकशक्ति र अन्तःकरणयुक्त भएकाले एक-आपसमा भातृत्वको भावना लिएर व्यवहार गर्नुपर्दछ' लेखिएको छ । धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य मत राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । यसका अतिरिक्त चाहेमा कुनै देश स्वतन्त्र होस वा संरक्षित, स्वशासनरहित वा सीमित प्रभुसत्ता भएको होस, त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन' उल्लेख छ । धारा ३ ले प्रत्येक व्यक्तिलाई वैयक्तिक जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार दिएको छ । धारा ४ ले कसैलाई पनि दास बनाई वा बन्धनमा राखिने छैन भन्दै दासत्व र दास-दासीको व्यापारको पूर्ण रूपमा निषेध गरिएको छ । धारा ५ मा कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार र सजाय गरिने छैन भनेको छ । त्यसैगरी धारा ६ मा कानुनका दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र एक व्यक्तिको रूपमा मान्यता पाउने

अधिकार हुनेछ भनि लेखिएको छ । धारा ७ ले कानुनका दृष्टिमा सबै समान छन् र विनाभेदभाव सबै कानुनको समान संरक्षणको अधिकारी हुने छन् भनिएको छ । साथै यस घोषणालाई उल्लङ्घन गरी गरिएको भेदभाव वा त्यस्तो भेदभाव गर्न गरिएको दुरुत्साहन विरुद्ध समान संरक्षणको अधिकारी हुने छन् भनिएको छ । धारा ८ मा सबैलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन विरुद्ध उचित राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ भनिएको छ । धारा ९ मा कसैलाई पनि मनोमानी ढंगले देशनिकाला, गिरफ्तार अथवा नजरबन्द गरिने छैन भनिएको छ । धारा १० ले कुनै व्यक्तिउपर लगाइएको फौजदारी अभियोगविरुद्ध निजको अधिकार र दायित्व निरूपण गर्न स्वतन्त्र र न्याययुक्त अदालतबाट निश्पक्ष सुनुवाइको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुने छ भनिएको छ (बजगाइँ, वि.सं. २०७७, पृ. ३५) ।

त्यसैगरी धारा ११ को (१) मा दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउका सबै आवश्यक प्रत्याभूति भएको खुल्ला अदालतले कानुन अनुसार अपराधी नठहऱ्याउन्जेल निर्दोष मानिने अधिकार हुनेछ भनि उल्लेख गरिएको छ । सोही धाराको (२) मा कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत अपराध मानिँदैन भने त्यस्तो कामको लागि कुनै पनि व्यक्ति दोषी ठहराइने र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन लेखिएको छ । धारा १२ ले कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर वा पत्रव्यवहारमा मनोमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा प्रतीष्ठामाा हस्तक्षेत्रप गरिने छैन भनिएको देखिन्छ । त्यस्तो हस्तक्षेप वा प्रहारको विरुद्ध प्रत्येक व्यक्तिलाई कानुनी संरक्षणको अधिकार हुने छ भनि प्रष्ट गरिएको देखिन्छ । धारा १३ को (१) ले प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोवास गर्ने अधिकार हुने छ । सोही धाराको (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरु कुनै देशबाट बाहिर जाने र आफ्नो देशमा फर्की आउने पूर्ण अधिकार हुने छ भनिएको छ । धारा १४ को (१) मा प्रत्येक व्यक्तिलाई उत्पीडनबाट उम्किन अरु देशमा शरण खोज्ने र लिने अधिकार छ लेखिएको देखिन्छ भने (२) मा संयुक्त राष्ट्रसंघको उद्देश्य र सिद्धान्तको विपरीत गरिएका कार्यहरू वा अराजनीतिक अपराधहरूको वास्तविक अभियोगको सम्बन्धमा यो अधिकार लागु नहुन सक्दछ भनिएको छ । धारा १५ को (१) मा प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ लेखिएको छ भने (२) मा कसैलाई पनि मनोमानी ढङ्गले उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन र न त राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट वञ्चित गरिने छ भनि उल्लेख छ ।

घोषणाको धारा १६ (१) ले जाति, राष्ट्रियता वा धर्मको भेदभावको विना वयस्क स्त्री पुरुषहरूलाई आपसमा विवाह गर्ने र परिवार बसाउने अधिकार छ उल्लेख छ । साथै

विवाहको विषयमा वैवाहिक जीवनमा तथा सम्बन्धविच्छेदमा तिनीहरूलाई समान अधिकार हुने छ भनि लेखिएको देखिन्छ । सोही धाराको (२) मा विवाहको इच्छा राख्ने स्त्री-पुरुषको पूर्ण र स्वतन्त्र सहमतीबाट मात्र विवाह हुने छ लेखिएको छ । त्यस्तै (३) मा परिवार समाजको स्वभाविक र मौलिक सामुहिक इकाइ हो र यसलाई समाज र राज्यबाट संरक्षण पाउने अधिकार छ भनि लेखिएको छ । सोही घोषणाको धारा १७ ले प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार छ भनेको छ भने (२) ले कसैलाई पनि जथाभावी ढंगले सम्पत्तिबाट वञ्चित गरिने छैन भनिएको देखिन्छ । धारा १८ ले प्रत्येक व्यक्तिलाई विचार, अन्तःकरण र धार्मिक स्वतन्त्रताको अधिकार दिएको छ साथै प्रत्येक व्यक्तिलाई धर्म वा आस्था बदल्ने स्वतन्त्रता छ र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा सामुहिक रूपमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, व्यवहार, पूजा र परिपालनाद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तर्गत सम्मिलित रहेको भनिएको छ । त्यसैगरी घोषणाको धारा १९ ले राजनीतिक स्वतन्त्रतालाई उच्च महत्त्व दिँदै प्रत्येक व्यक्तिलाई वैचारिक स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ भन्दै यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मतहरू बनाउने र विनारोकतोक कुनै पनि सञ्चारमाध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रशारण गर्ने अधिकार समावेश छ भनिएको देखिन्छ (भट्राई, वि.सं. २०७५, पृ. १३४) ।

त्यसैगरी धारा २० को (१) मा प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार हुने छ भनिएको छ भने (२) ले कसैलाई कुनै संस्थाको सदस्य बन्न कर लगाउन सकिने छैन भनि लेखिएको छ । धारा २१ को (१) मा प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष रूपले वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुनेछ भनिएको छ । त्यस्तै सोही धाराको (२) मा प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी जागिरहरूमा समान प्रवेशाधिकारको हक छ लेखिएको छ । सोही धाराको (३) ले जनताको इच्छा सरकारको सत्ताको आधार हुनेछ र त्यस्तो इच्छा आम तथा समान मतदानद्वारा समय-समयमा गरिने निश्पक्ष चुनावमार्फत् अभिव्यक्त गरिने छ र त्यस्तो चुनाव गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिने छ भन्ने प्रस्ट गरिएको छ । त्यस्तै धारा २२ मा समाजको सदस्यको हैसियतमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिलाई राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोगमार्फत् तथा प्रत्येक राज्यको संगठन र साधन अनुरूप उसको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासका लागि अपरिहार्य आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू उपभोग गर्ने अधिकार रहेको छ लेखिएको छ । धारा २३ को (१) मा प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वइच्छाले रोजगारी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेरोजगारीबाट सुरक्षा पाउने अधिकार छ भनि लेखिएको छ भने (२) मा प्रत्येक व्यक्तिले बिनाभेदभाव समान

कार्यको लागि समान पारिश्रमिक पाउने अधिकार छ भन्ने उल्लेख गरिएको देखिन्छ । त्यस्तै सोही धाराको (३) मा काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय प्रतिष्ठा अनुरूप आजीवनको बन्दोवस्तीको लागि उचित र अनुकूल पारिश्रमिक पाउने र आवश्यक भए सामाजिक संरक्षणद्वारा तथा अन्य उपायद्वारा त्यसमा भरथेगको अधिकार समेत हुने उल्लेख छ । त्यस्तै उपधारा (४) मा प्रत्येक व्यक्तिलाई उसको हितको रक्षाको निमित्त ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुने प्रस्ट लेखिएको छ ।

विश्वव्यापी घोषणाको धारा २४ मा प्रत्येक व्यक्तिलाई मनासिव कार्यसमयको उपर्युक्त सीमा र संवैतनिक आवधिक बिदा, जसअन्तर्गत विश्राम र फुर्सदको अधिकार समेत पर्ने उल्लेख भएको छ । त्यस्तै धारा २५ को (१ मा प्रत्येक व्यक्तिलाई स्तरयुक्त जीवनको अधिकार छ, जस अन्तर्गत परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ । यस अन्तर्गत खाना, कपडा, घर तथा औषधीउपचारको सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र बिरामी, असमर्थता, बिधवा, बूढेसकाल वा निजको नियन्त्रणभन्दा बाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार रहने भनि प्रस्ट लेखिएको छ । त्यस्तै यही धाराको (२) मा आमा र शिशुहरूलाई विशेष हेरचाह र सहयता पाउने अधिकार हुने उल्लेख छ भने सबै बालकलाई बाबु आमाको वैवाहिक सम्बन्ध कायम रहँदा वा नरहँदाको अवस्थामा पनि समान सामाजिक संरक्षणको उपभोग गर्ने अधिकार हुने छ भनिएको छ । त्यस्तै धारा २६ को (१) मा प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भनिएको देखिन्छ । शिक्षा, कमसे कम प्रारम्भिक र आधारभूत अवस्थामा निःशुल्क हुने छ र प्रारम्भिक शिक्षा अनिवार्य हुने छ साथै प्राविधिक र व्यवसायिक शिक्षा सबै सुलभ हुने छ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ भनिएको छ । त्यस्तै सोही धाराको (२) मा शिक्षाको लक्ष्य मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रति आदरलाई बलियो गर्नु हुने छ । शिक्षाले सबै राष्ट्र, जाति र धार्मिक समूहहरूबिच समझदारी, सहष्णुता र मैत्रीको विकास गर्नेछ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई अघि बढाउने छ भनि उल्लेख गरिएको छ । त्यस्तै (३) मा आफ्नो सन्ततिलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ भन्ने विषय प्रष्ट गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणामा मानिसका आधारभूत स्वतन्त्रता, जीवन, सम्पत्ति, समानता, सम्मान, न्याय तथा सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारको ग्यारेन्टी गरिएको देखिन्छ । उल्लिखित घोषणाको धारा २७ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको साँस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैधानिक प्रगति र विज्ञानले प्रदान गरेका सुविधाहरूको उपभोग गर्ने अधिकार

रहेको छ भनिएको छ । त्यस्तै उपधारा (२) मा प्रत्येक व्यक्तिलाई उसले रचना वा सिर्जना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक हितहरूको संरक्षणको अधिकार हुने प्रस्ट लेखिएको छ । धारा २८ मा प्रत्येक व्यक्तिलाई त्यस्तो सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार रहेको छ, जस अन्तर्गत यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्न सकियोस भनिएको छ । त्यस्तै धारा २९ को (१) मा प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ भनिएको छ । त्यस्तै सोही धाराको उपधारा (२) मा आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्नुपर्ने छ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधरणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू हासिल गर्ने उद्देश्यले कानुनद्वारा निर्धारित सीमाभित्र रहनुपर्ने छ भनि व्यक्तिलाई जिम्मेवार बनाउन खोजिएको छ । त्यसैगरी उपधारा (३) मा यी अधिकार र स्वतन्त्रताहरू कुनै अवस्थामा पनि संयुक्त राष्ट्रसंघको सिद्धान्त र उद्देश्यको विपरित उपयोग गर्न सकिने छैन भनि प्रस्ट लेखिएको छ । त्यसैगरी घोषणाको अन्तिम धाराको रूपमा रहेको धारा ३० मा थप प्रस्ट पार्दै भनिएको छ-'कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणामा उल्लिखित कुनै कुराको व्याख्या गर्नु हुँदैन' भन्ने वाक्य किटानीका साथ लेखिएकोबाट उल्लिखित घोषणाले मानवको सुरक्षा र संरक्षणमा विश्वलाई दिशानिर्देश गरेको प्रस्ट देखिन्छ (Ackely, AD, 2008, p. 65)।

विश्वमा मानव अधिकारको सुरक्षा गर्ने अन्तर्राष्ट्रिय प्रबन्धको दृष्टिकोणले संयुक्त राष्ट्रसंघमा मूलतः दुई वटा आधारमा सुरक्षा सम्बन्धी प्रणाली लागु हुँदै आएका छन् ( भट्राई, वि.सं.२०७९, पृ. ४) । अर्थात जसमा पहिलो सन्धिमा आधारित (Treaties Bodies)तथा विधान वा चार्टरमा आधारित (Charter bodies)भन्ने गरिएका छन् । जस्तो संयुक्त राष्ट्रसंघको विधान आफैमा मानव अधिकारको संरक्षण गर्ने दस्तावेज हो (मल्ल, वि.सं.२०७९, पृ. ७) । त्यस्तै सन्धिमा आधारित सुरक्षा प्रबन्धमा संघद्वारा जारी भएका अन्तर्राष्ट्रिय कानुनहरू रहेका छन् । तिनले सिधै सम्बन्धित क्षेत्रमा मानव अधिकारको सुरक्षामा अन्तर्राष्ट्रिय क्षेत्रमा कार्य गर्दछन् । जस्तो सन् १९६६ को नागरिक तसथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिका व्यवस्थालाई लिन सकिन्छ ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी सन्धिमा व्यवस्था गरिएका प्रबन्धलाई सन्धिमा हस्ताक्षर गरी अनुमोदन गर्ने मुलुकले पालना गर्नैपर्ने बाध्यकारी अवस्था हुन्छ । यद्यपि सामरिक-आर्थिक शक्ति र अन्तर्राष्ट्रिय प्रभावको दृष्टिकोणले भूराजनीतिमा प्रभाव जमाउन

सक्षम मुलुकहरूले चाहिँ त्यसलाई पालना नगर्ने तथा आफ्नै प्रकारले व्याख्या-विश्लेषण समेत गर्दै आएका छन् । अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धता लागु गर्ने सन्दर्भमा यो सर्वाधिक ठूलो चुनौतीको विषय भएको छ । अमेरिका र चीनजस्ता शक्तिशाली मुलुकहरूले अन्तर्राष्ट्रिय सन्धिहरूको पालना नगरेको आरोप लाग्दै आएका छन्(Donnlley, AD, 2013, p. 175)।

विषय-विषयमा र विशेष क्षेत्र-वर्गलाई लक्षित गर्ने गरी समेत विश्वमा विभिन्न समय तथा स्थानमा अन्तर्राष्ट्रिय सम्मेलनहरू हुँदै आएका छन् । संयुक्त राष्ट्रसंघको प्रमुख उद्देश्यमा विकास, वातावरण संरक्षण तथा मानव अधिकार समेत पर्ने भएकोले त्यस्ता सम्मेलन मार्फत विश्वव्यापी अर्थ र महत्त्व भएका विभिन्न अन्तर्राष्ट्रिय घोषणाहरू हुँदै आएका देखिन्छन् । पृथ्वीको वातावरण संरक्षणको लागि संवेदनशील भई काम गर्न र मानवीय जनचेतना बढाउन संयुक्त राष्ट्रसंघले मानव अधिकारको संरक्षण सम्बन्धी विभिन्न विश्व सम्मेलन र घोषणाहरू गर्दै आएको छ । नेपालमा समेत सो घोषणाको चौतर्फी महत्त्व भएको कुरा सर्वोच्च अदालतद्वारा फैसला भएको अधिवक्ता प्रकाशमणि शर्मा वि. नेपाल सरकार भएको मुद्दामा त्यसलाई मानिसको मानव अधिकारसँग जोडिएको छ (Advocate Prakashmani Sharma vs. Government of Nepal, Office of the Prime Minister and Ministerial Council, 2073) । सो विश्व घोषणाको धारा १ ले सम्मानपूर्वक बाँच्ने अधिकारको रक्षामा जोड दिँदै अधिवक्ता पदम बहादुर श्रेष्ठ वि.प्रधानमन्त्री कार्यालय भएको मुद्दामा वातावरण र मानव अधिकारको सन्दर्भ उल्लेख गर्दै यसरी लेखिएको छः-'मानिसलाई त्यो मौलिक अधिकार हुन्छ जसमा स्वतन्त्रता, समानता सहित पर्याप्त रूपमा स्वच्छ वातावरण र आधारभूत सेवा एवम् सुविधाको उपलब्धता हुनुपर्दछ' भनि उल्लेख गरिएको छ। मानव अधिकारका विश्वव्यापी घोषण र अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनमा सहयोग गर्नको लागि संयुक्त राष्ट्रसंघद्वारा पेरिस सिद्धान्तको निर्माण गरी लागु गरिएको देखिन्छ ।

### (ख) पेरिस सिद्धान्त सम्बन्धी अवधारणा

संयुक्त राष्ट्रसंघको पहलमा फ्रान्सको राजधानी पेरिसमा सन् १९९१ अक्टोबर ७-९ सम्म भएको अन्तर्राष्ट्रिय बैठकबाट मानव अधिकारको संरक्षण गर्ने सम्बन्धी विशेष सिद्धान्त निर्माण गर्ने काम भयो । सन् १९९३ डिसेम्बर २० मा 'प्रिन्सिपल रिलेटिङ टु स्टेटस अफ नेसनल ह्युम्यान राइट इन्स्टिच्युसन' अर्थात पेरिस सिद्धान्त(Paris Principle on Human Rights)घोषणा गरि लागु गरिएको हो (केसी, वि.सं. २०८०) । संयुक्त राष्ट्रसंघको चार्टर (विधान) अनुसार पेरिस प्रिन्सिपललाई अन्तर्राष्ट्रिय कानुनसरह मान्नुपर्दछ । सो प्रिन्सीपलबाट विश्वका मुलुकहरूमा मानव अधिकार सम्बन्धी संवैधानिक र कानुनी अधिकार भएको

स्वतन्त्र र सक्षम संस्था वा संरचना वा आयोगको निर्माण गर्नु पर्ने विषयलाई औपचारिकता दिने काम गऱ्यो (के.सी., वि.सं.२०७७, पृ. ७)।

संयुक्त राष्ट्रसघीय मानव अधिकार सम्बन्धी उच्च आयोग(UN Commission on Human Rights)को सन् १९९२ मार्च ३ प्रस्ताव नं. ५४ को आधारमा संयुक्त राष्ट्रसंघको साधारण सभा (UN General Assembly)को प्रस्ताव ४८/१३४ सन् १९९३ डिसेम्बर २० मा मानव अधिकार सम्बन्धी पेरिस सिद्धान्त(Paris Principles on Human Rights)घोषणा भई लागु भएको हो । जसका मूल सिद्धान्तहरूमा मुलुकको मानव अधिकार आयोगलाई स्वायत्त तथा संवैधानिक आयोगको मान्यता दिइनुपर्ने, कार्यकारी अधिकार सहितको स्वतन्त्रता दिइनुपर्ने, सदस्यहरूको नियुक्तिमा समावेशिता हुनुपर्ने, मानव अधिकारको विश्वव्यापी मापदण्ड लागु हुनुपर्ने तथा आवश्यक र पर्याप्त संवैधानिक र कानुनी अधिकार हुनुपर्ने भन्ने विषयहरू रहेका छन् । संयुक्त राष्ट्रसंघको साधारण सभाले जारी गरी लागु गरेको पेरिस प्रिन्सीपलमा हस्ताक्षर गरी अनुमोदन गर्ने मुलुकहरूको लागि बाध्यकारी कुरा हुन्छ । मुलुकमा भएका मानव अधिकारसँग सम्बन्धित विषयमा कानुन निर्माण गर्न सिफारिस गर्ने, हनन्मा छानबिन गर्ने, सरकारलाई आवश्यक सिफारिस गर्ने, मानव अधिकार सम्बन्धी शिक्षा र सूचना दिने जस्ता अधिकार सहित निश्चित मापदण्डका आधारमा राज्यले संविधान र कानुन बमोजिम संस्था वा संरचना वा आयोग बनाउनु पर्ने सो पेरिस सिद्धान्तको मूल उद्देश्य हो । यसमा पहिलो, मानव अधिकार उल्लङ्घन भएको अवस्थामा मुलुकको आयोगले छानबिन, अनुगमन गरी सरकारलाई आवश्यक सिफारिस दिन सक्ने हुनुपर्ने भन्ने रहेको छ । दोस्रो, सरकार वा सम्बन्धित निकायलाई मानव अधिकार सम्बन्धमा आवश्यक सल्लाह, सुझाव दिन सक्ने वा पाउने, निश्चित घटनाको सम्बन्धमा निश्चित सुझाव दिन सक्ने आदि । तेस्रोमा संस्थाले अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क, सहकार्य तथा सम्बन्ध राख्न सक्ने । चौथो, मानव अधिकारको क्षेत्रमा शिक्षा, सूचना तथा जानकारी गराउन सक्ने र पाउने हुनुपर्ने । पाँचौ, संविधान र कानुन बमोजिमका केही अर्ध-न्यायिक अधिकारहरू पनि हुनुपर्ने जस्ता कुरालाई मूल आधार मानिएको छ।

पेरिस प्रिन्सिपलका प्रमुख व्यवस्थाहरूलाई मुख्यगरी तीन पक्षमा विभाजन गर्न सकिन्छ । पहिलो, राष्ट्रिय संस्था वा मानव अधिकार आयोगले राज्यको सरकार, संसद् वा आवश्यक निकायलाई आवश्यक सल्लाह-सुझाव दिने, कानुन निर्माण र लागु गर्ने कुरालाई महत्त्व दिएर सुझावको रूपमा सिफारिस गर्ने, आवश्यकता अनुसार आवश्यक नीति र व्यवस्था सहित सरकारलाई सिफारिस गर्ने, कानुन अपुग भएको अवस्थामा कानुनको तर्जुमा गर्न आग्रह गर्ने, मानव अधिकार सम्बन्धी सूचना, शिक्षा र सामग्रीको प्रकाशन, व्यवस्था र वितरण गर्ने, राष्ट्र पक्ष भएका र अनुमोदन गरी सकेका अन्तर्राष्ट्रिय सन्धिका विषयमा

कानुन आदि नभएको अवस्थामा सो निर्माण गर्न सम्बन्धित निकायलाई सिफारिस र अनुरोध सहित जोड दिने, अनुमोदन गर्नुपर्ने सन्धि र अन्तर्राट्रिय कानुन अनुमोदन गर्न दबाब दिने, विशेष घटना र सामान्य घटना आदिमा आवश्यक छानबिन गरी सरकारलाई कारबाहीको लागि सिफारिस गर्ने, गरिएका सिफारिस कार्यान्वयन भए-नभएको खोजी गर्ने, संयुक्त राष्ट्र सङ्घका मानव अधिकार सम्बन्धी घोषणा, नीति आदिलाई राष्ट्रमा लागु गराउन प्रभावकारी दबाब दिने तथा सहकार्य र समन्वय आदि गर्ने जस्ता अधिकार भएको आयोग कानुन बमोजिम गठन हुनु पर्ने भन्ने रहेका छन् (अधिकारी, वि.सं. २०७, पृ. ३७८) ।

दोस्रो प्रमुख सिद्धान्तमा संस्था स्वतन्त्र, सक्षम र कुनै पनि प्रकारको हस्तक्षेपविहीन हुनुपर्ने भन्ने रहेको छ । संविधान र कानुन बमोजिम स्वतन्त्र, सक्षम, निश्पक्ष भूमिका निभाउन सक्ने अधिवक्ता, डाक्टर, दार्शनिक, पत्रकार, वैज्ञानिक, संसदीय क्षेत्रमा अनुभवि तथा सामाजिक स्वीकार्यता बढी भएका व्यक्तिहरूलाई कानुन र निश्चित विधिको आधारमा नियुक्त गर्नु पर्ने, नियुक्त भएपछि कसैको नियन्त्रण र हस्तक्षेपमा काम गर्न नपर्ने, संविधान र कानुनको प्रक्रिया बाहेक बिचमा कसैले हटाउन नसक्ने, संस्था वा आयोगलाई आवश्यक बजेट दिइनु पर्ने, कर्मचारी स्वयम् आयोगले नियुक्त गर्न सक्ने जस्ता अधिकार भएको हुनुपर्ने आदि रहेका छन् । त्यसैगरी तेस्रो अधिकारमा आयोग वा राज्यले गठन गर्ने मानव अधिकार सम्बन्धी संवैधानिक संस्था सञ्चालनसँग सम्बन्धित विधि र प्रक्रियाको बारेमा उल्लेख गरिएको छ । जसमा संस्थाले आफ्नो निर्दिष्ट कार्य स्वतन्त्र तथा निर्भीक भएर गर्न पाउनु पर्ने, प्रमाण र सूचना संकलनमा कसैको हस्तक्षेप हुन नहुने, पीडितको निवेदन लिने, गुनासो सुन्ने, सम्बन्धित स्थान वा कार्यालयमा छानबिन, खोज र अनुसन्धान गर्न पाउनु पर्ने, निर्वाध रूपमा संकटको अवस्थामा समेत आवत-जावत र छानबिन आदिमा कसैले रोक लगाउन नहुने र नपाउने जस्ता अधिकार भएकै हुनुपर्ने भन्ने विषयहरू उल्लेख गरिएको देखिन्छ । तेस्रो भनेको कतिपय अवस्थामा अर्धन्यायिक निकाय-कार्यालयले गर्न सक्ने प्रकारका न्यायिक अधिकार दिइएको हुनुपर्ने भन्ने रहेको छ । जसमा आफै स्वतन्त्र छानबिन, खोज तथा अनुसन्धान गरी प्रतिवेदन तयार गर्न पाउने, घटना घटेको वा घटन लागेको सूचना पाएको अवस्थामा सिधै सो स्थानमा गई छानबिन र खोजी गरी दोषी पत्ता लगाई कारबाहीको लागि नियन्त्रणमा लिई राज्यको निकायमा बुझाउने जस्ता अधिकार संस्था वा आयोगलाई भएकै हुनुपर्ने विषयहरूलाई पेरिस सिद्धान्तले प्रस्ट गरेको छ । मानव अधिकार र मानव अधिकार आयोगको गठन र सञ्चालन, अधिकार र दायित्व सम्बन्धमा यो सिद्धान्तलाई मूल सिद्धान्त मान्ने गरिएको छ । यस अघि संयुक्त राष्ट्रसंघद्वारा विभिन्न मितिमा निर्माण गरिएका अन्तर्राष्ट्रिय दस्ताबेजहरूको कार्यान्वयन गर्न पेरिस प्रिन्सीपलले ठूलो टेवा दिएको देखिन्छ।

## (ग) मानव अधिकार अवधारणाको विस्तार

विश्व इतिहासमा मानव अधिकारको मूल आधारभूत अवधारणा भनेको डरबाट मुक्त(Freedom from Fear)हुनु हो (Frost, AD 2003, p. 96) । इतिहासमा अनेकौँ घटनाबाट यो अवधारणा र सिद्धान्त विकास हुँदै आयो । अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सिद्धान्त आफैमा एउटा व्यापक अवधारणा हो (Dworkin, AD 1977, p. 23) । विश्व चर्चित क्रान्तिको उद्देश्य सबै मानिस र नागरिकहरूलाई शासक, शक्ति, सेना वा प्रहरीको आदेश र दमनको डरबाट उन्मुक्ति दिनु थियो । नागरिकले राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक दृष्टिकोणले स्वतन्त्रता प्राप्त गर्नु थियो (Finwick, AD 2002, p. 3) । आफूलाई लागेको कुरा बिना डर-त्रास बोल्न र गर्न पाउने स्वतन्त्रता मानव अधिकारको आत्मा हो । इतिहासका यस्ता अवधारणाबाट शिक्षा लिएर संयुक्त राष्ट्रसंघको विधानको धारा १ मा मानव अधिकारको सम्मान गर्दै, धर्म, जाति, भाषा तथा लिङ्ग आदिका आधारमा भेदभाव नगरिने कुरा प्रस्ट लेखियो (Frick, AD 2019, p. 20) । खासमा यस प्रकारको प्रबन्ध गर्नुको पछाडि कुनै पनि शक्तिशाली राष्ट्रबाट अन्य मुलुक डरमा बस्नु पर्दैन भन्ने हो (Gibson, AD 2091, p. 27) । सदस्य राष्ट्र स्वतन्त्र र स्वाधीन हुन्छन् भन्ने राष्ट्रसंघको एउटा महत्त्वपूर्ण अवधारणा हो । जसको विश्वव्यापी प्रभाव देखिन्छ (UN Charter, 1945)।

मानव इतिहासमा मानिसका जन्मसिद्ध प्राकृतिक अधिकारहरूको अध्ययन गर्दा मानिसहरूका त्यस्ता आवश्यकता वा आवाजको समेत सम्पूर्ण प्रतिनिधित्व राजा वा तत्कालीन शासकबाटै हुने ठानिन्थ्यो (सिलवाल, वि.सं.२०८०, पृ. ५) । मानिस र नागरिकलाई अलग्गै नागरिक, राजनीतिक, सामाजिक तथा आर्थिक अधिकारहरू हुँदैनन् भन्ने सोचियो, बुझियो र भन्दै आइयो (Greguric, AD 2022, p. 2) । यसर्थ सबै अधिकार राजा र शासकहरूद्वारा निर्देशित भएबमोजिम मात्र प्राप्त हुन्थे । उनीहरूकै आदेश तथा चाहनाबाट जनता र नागरिकका आधारभूत सेवा तथा सुविधा तत्कालीन अवस्थामा दिने गरिएको थियो । सोही कारण नागरिकहरूले विभिन्न समय र देशमा राजनीतिक अधिकारको लागि विभिन्न प्रकारका संघर्ष तथा विद्रोह गर्दै आएका देखिन्छन् (Haeck and Brems, AD 2014, p. 31) । जुन १५ मा बेलायतमा जनताले विद्रोह गरी राजाको स्वेच्छाचारी तथा दमनकारी कार्यशैलीका विरुद्ध आवाज उठाउँदै राजाको स्वेच्छाचारिता नियन्त्रण गर्ने बेलायतमा म्याग्नाकार्टा नामको कानुन ल्याइयो(Brysk, AD, 2002, p. 26) । बेलायतको सो ऐतिहासिक दस्ताबेजलाई आज विश्वमा मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण ऐतिहासिक आधारभूत दस्तावेज, अवधारणा र सिद्धान्त (Basic Principle of Human Right)पनि भन्ने गरिएको छ (अधिकारी, वि.सं. २०७४, पृ. ६) ।

मानव अधिकार प्राकृतिक रूपमा प्राकृतिक व्यक्तिले वा मानवले पाउने अधिकारका विषयहरू हुन् (वश्याल, वि.सं. २०७३) । यस वापत मानिसले कसैलाई कुनै शुल्क तिर्नु पर्दैन भन्ने अवधारणा इतिहासका अनेकौं क्रान्तिले विकास गर्दै आएका हुन् । मानिस सामाजिक प्राणी हो । मानिसको सामाजिक अधिकार हुन्छ । सामाजिक अधिकार राज्यले सिर्जना गर्दै आएका विशेष अधिकार हुन् । व्यक्तिको लागि दुवै सामाजिक र मानव अधिकारको ठूलो अर्थ र महत्त्व हुन्छ (गोष्ठीपत्र, सिँह, वि.सं. २०७४, साउन १६) । तर मानव अधिकार र व्यक्तिको सामाजिक अधिकारमा भने फरक हुन्छ । सामाजिक अधिकारसँग व्यक्तिको कानुनी कर्तव्य गाँसिएका हुन्छन् । नागरिकले समाजमार्फत नै कार्य गर्ने भएकोले व्यक्तिको योगदानलाई महत्त्वपूर्ण मानिएको हो । जस्तो युद्ध वा विपत्तिमा व्यक्तिले भूमिका निभाएको हुन्छ र नागरिकले राज्यलाई कर तिर्नु एवम् कानुनको पालना गर्नु पर्ने हुन्छ । यस खालका मूल्य र मान्यताहरू आज विश्वव्यापी भएका छन् (Amar, AD, 2009, p. 6)।

मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, सुरक्षा, समानता र सम्मान-मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार भएको र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा नीहित अधिकार समेतलाई जनाउँछ भन्ने अवधारणा लोकतान्त्रिक संविधानमा प्रस्टसँग उल्लेख गरिँदै आएका देखिन्छन् (राष्ट्रिय मानव अधिकार आयोग ऐन, वि.सं. २०६८ दफा २ (च) ।)

प्रत्येक सिद्धान्त, दर्शन, संविधान तथा कानुनी प्रबन्ध मानव समाज र इतिहासबाट प्राप्त अवधारणा हुन् (Mainali, AD 2017, p. 4) । यसर्थ मानव अधिकार सम्बन्धी अवधारणाको विकासमा मानव समाजको महत्त्वपूर्ण भूमिका हुने गरेको छ । यही अवधारणा र दर्शनलाई जोड दिँदै कानुन समाजका प्रथामा खोजी लागु गर्नुपर्दछ' भन्ने मान्यता जर्मन दार्शनिक फेडरिच कार्ल भी.सेभेग्नी (१७७९-१८६१) को थियो । तर विश्लेषणात्मक कानुनी विधिशास्त्रीय सम्प्रदायका अगुवा बेलायती कानुनविद जोन अष्टिन (१७९०-१८५९) ले कानुन सम्प्रभु वा शाशकको आदेश हो सोको पालना नगर्नेलाई सजाय हुन्छ(Law is the Command of Sovereign which is Implied by Sanction)भन्ने अवधारणा अघि सारे । यस प्रकारको अवधारणा, दर्शन र मान्यता आजको आधुनिक समाजमा पनि महत्त्वपूर्ण मानिन्छ । कानुन सर्वोच्च शक्तिको आदेश हो, जुन पालना नगर्नेलाई सजाय हुन्छ भन्ने विधिशास्त्री जोन अष्टिनको प्रस्ट धारणा रह्यो । अर्थात लोकतान्त्रिक र आधुनिक समाजमा पनि एक हिसाबमा कानुन सम्प्रभुको आदेशबाटै चलेको देखिन्छ । यसरी विभिन्न प्रकारका

विधिशास्त्रीय धारणा, दर्शन, विश्वमा भएका राजनीतिक घटना तथा कानुनी प्रबन्धहरूका आधारमा विभिन्न विश्वव्यापी र क्षेत्रीय प्रावधानहरू निर्माण गरिएका छन् ।

## ३.३ मानव अधिकारका क्षेत्रीय प्रावधानहरू

मानव अधिकारको संरक्षण गर्नको लागि विश्वव्यापी मात्र होइन क्षेत्रीय स्तरका तर विश्वव्यापी महत्त्व भएका विभिन्न क्षेत्रीय संगठन र संस्थाका सन्धि, सम्झौता र कानुनहरू जारी भई लागु भइरहेका छन् । कतिपय क्षेत्रीय सन्धिहरू संयुक्त राष्ट्रसंघको गठनपूर्वनै औपचारिक-अनौपचारिक हिसाबले क्रियाशील हुँदै आएका देखिन्छन् । यहाँ विश्वमा क्रियाशील भएका मानव अधिकार सम्बन्धी केही क्षेत्रीय सन्धिहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

### (क) मानव अधिकार र मौलिक स्वतन्त्रता संरक्षण सम्बन्धी युरोपेली सन्धि

क्षेत्रीय सन्धिको अध्ययन गर्दा युरोपमा जारी गरिएको मानव अधिकार र मौलिक अधिकार संरक्षण सम्बन्धी युरोपेली सन्धि (सन् १९५०) एउटा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको देखिन्छ (Taylor, AD 1954, p. 55)। यसलाई युरोपको क्षेत्रीय संगठनमा सदस्य रहेका मुलुकहरूको मानव अधिकारको संरक्षण सम्बन्धी साझा क्षेत्रीय सन्धि मानिन्छ । जसमा धारा १ देखि धारा ११ सम्म विभिन्न प्रबन्ध गरिएका छन् । सन्धिमा सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणामा भएका प्रबन्धहरूलाई थप व्याख्या र वृहत्मा उल्लेख गरी जारी भएको छ । जसको धारा २ मा जीवनको अधिकार शीर्षकमा प्रत्येकको जीवनको अधिकार कानुन अनुसार संरक्षण र सुरक्षा हुने प्रस्ट लेखिएको छ । त्यसैगरी धारा ३ मा कसैलाई यातना नदिइने र कानुनभन्दा फरक प्रकारले सजाय गरिने छैन भनिएको छ । सन्धिको धारा ५ ले स्वतन्त्रता र सुरक्षा, धारा ७ ले निजी सम्पत्ति र परिवारको इज्ययत गरिने उल्लेख गरिएको छ । त्यसैगरी धारा ९ मा विचारको स्वतन्त्रता, धारा १० मा बोल्ने स्वतन्त्रता र धारा ११ मा संगठनको स्वतन्त्रतालाई युरोपेली देशहरूमा लागु हुने आधारभूत मानव अधिकार भनिएको देखिन्छ । भाग दुईमा युरोपियन अदालत उल्लेख छ । साथै त्यसयता विभिन्न प्रोटोकल जारी गरी मानव अधिकार र मौलिक अधिकारको सुरक्षा तथा संरक्षण गर्ने विषय प्रस्टसँग लेखिएका छन् ।

### (ख) युरोपेली सामाजिक विधान

सन् १९६१ मा जारी गरिएको युरोपेली सामाजिक विधानलाई विभिन्न समयमा परिवर्तन र सुधार गरिएका छन् । पछिल्लो परिवर्तन सन् १९९६ मा गरियो र सन् १९९९

देखि पूर्णरूपमा लागु हुँदै आएको छ । विधानमा मूलतः आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको ज्ञारेन्टी गरिएका छन् । जसको धारा १ मा कामको अधिकार, धारा १२ मा सामाजिक सुरक्षाको अधिकार, धारा १३ मा सामाजिक सुरक्षा र औषधी उपचारको अधिकार प्राप्त गर्ने अधिकार कानुन अनुसार सबैलाई हुनेछ भनिएको देखिन्छ । विधानले आवास, शिक्षा, स्वास्थ्य, रोजगारी, समान कामको लागि समान ज्याला, कानुनी उपचार र संरक्षण, विभेद नगरिने जस्ता अधिकारलाई सामाजिक अधिकार मान्दै त्यस्ता अधिकारलाई आधारभूत मानव अधिकार मानेको छ । मानव अधिकार र निजी स्वतन्त्रताको सुरक्षामा यो विधानको युरोपमा ठूलो अर्थ रहेको देखिन्छ । त्यसैगरी 'युरोपियन कन्भेन्सन अन ह्युम्यान राइटस् एण्ड फन्डामेन्टल फ्रिडम' (१९९८) मा मानव जीवनको सुरक्षा, स्वतन्त्रता, बोल्ने स्वतन्त्रता आदिको बारेमा प्रस्ट लेखिएका छन् (शिवाकोटी, वि.सं. २०७८, पृ. ५) ।

### (ग) मानव अधिकार सम्बन्धी अमेरिकी सन्धि

अमेरिकी महादेशीय राज्यमा अमेरिका, क्यानडा, अर्जेन्टिना, क्युवा सहित ३५ मुलुकहरू रहेका छन् । अधिकाँश मुलुकहरूमा संघीयता सहितको गणतान्त्रिक राजनीतिक प्रणाली रहेको छ । सन् १९६९ मा जारी गरिएको मानव अधिकार सम्बन्धी सन्धिमा धारा ८१ सम्म विभिन्न प्रबन्ध गरिएका छन् । प्रस्तावनाले मानव अधिकारको विश्वव्यापी घोषणालाई पूर्ण समर्थन गर्दै महत्त्व दिएको छ । भाग १ मा राज्यको दायित्व उल्लेख गरिएको छ । भाग २ मा नागरिक तथा राजनीतिक अधिकार अर्न्तगत धारा ४ मा जीवनको अधिकारको बारेमा लेखिएको छ । कानुन अनुसार बाहेकको कुनै पनि अवस्थामा कसैको पनि जीवन कसैले पनि समाप्त गर्न नसक्ने भनिएको छ । अमेरिकी महादेशीय राज्यहरूमध्ये कतिपयमा मृत्युदण्डको प्रावधान समेत रहेको देखिन्छ । अमेरिकाका ३२ राज्यमा हालसम्म पनि मृत्युदण्ड सम्बन्धी कानुनी व्यवस्था गरिएको छ । सन्धिले एकपटक मृत्यृदण्डको खारेज भएपछि पुनः लागु नगरिने भनिएको छ । मृत्युदण्ड गर्दा पनि १८ वर्ष भन्दा कम उमेरका, ७० वर्ष भन्दा बढीका र गर्भवती महिलालाई चाहिँ नदिइने भनिएको छ । सोही धारा ४ मा मृत्युदण्डको घोषणा भएका व्यक्तिले आफूलाई उन्मुक्ति दिन अपील गर्न पाउने अधिकार हुनेछ भनिएको छ । त्यसैगरी सन्धिको धारा ५ मा मानवयोचित व्यवहारलाई मानव अधिकार भनिएको छ । धारा ७ मा प्रत्येकको व्यक्तिगत स्वतन्त्रताको सुरक्षा गरिने भनिएको छ । धारा १३ मा विचारको स्वतन्त्रता र बोल्ने स्वतन्त्रता हुने प्रस्ट लेखिएको छ । सन्धिको भाग ३ मा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुरक्षा गरिने बोलिएको छ । त्यसैगरी भाग ८ मा मानव अधिकार सम्बन्धी अन्तर-अमेरिकी अदालतको बारेमा लेखिएको छ । जसले मानव अधिकारको सुरक्षामा अदालतले कार्य गर्ने उल्लेख गरिएको छ ।

### (घ) मानव र नागरिक अधिकार सम्बन्धी अफ्रिकी विधान

सन् १९८१ मा जारी गरी १९८६ देखि लागु भइरहेको अफ्रिकी मानव र नागरिक अधिकार सम्बन्धी विधानमा अफ्रिकाका कूल ५३ मुलुकहरू सदस्य रहेका छन् । विधानले संयुक्त राष्ट्रसंघ र सन् १९४८ मा संघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणा पत्र र सन् १९६६ मा जारी भई सन् १९७६ देखि लागु भइरहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा भएका मानव अधिकारसँग सरोकार राख्ने विषयहरूलाई समेत समेटिएको देखिन्छ । विधानले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक विषयहरूलाई आफ्नो क्षेत्रमा कार्यान्वयन गर्ने मानव अधिकारको प्रबन्धको रूपमा प्रस्ट उल्लेख गरेको छ । विधानले अफ्रिकी आयोगको समेत विधानमा व्यवस्था गरेको देखिन्छ । विधानको परिच्छेद १ मा मानव र जनताका अधिकारलाई उल्लेख गरेको छ । जसमा प्रत्येक मानिस र जनता जसलाई कुनै पनि जाति, धर्म, भाषा, राजनीतिक विचारधारा, जन्म, लिङ्ग, विभिन्न अवस्था आदिका आधारमा भेदभाव नगरिने र समान अधिकार प्रदान गरिने प्रस्ट गरिएको छ (धारा २) । विधानको धारा ७ देखि ९ सम्म बोल्ने स्वतन्त्रता, संगठनको स्वतन्त्रता, विचारको स्वतन्त्रता, धर्मको स्वतन्त्रता आदिलाई उल्लेख गरेको छ । विधानमा व्यक्तिगत र सामुहिक अधिकारलाई संरक्षण र सुरक्षा गरिएका छन् भने सन् १९९० मा बालबालिकाको कल्याण सम्बन्धी विधान पनि अलग्गै जारी गरेको देखिन्छ । यसरी मानव अधिकार सम्बन्धी क्षेत्रीय र विश्वव्यापी प्रावधानका विषयहरूलाई मुलुकका संविधानहरूले आफ्ना संवैधानिक-कानुनी प्रबन्धमा समेत उल्लेख गर्दै आएका छन् (Tyagi, AD 2009, p. 35)।

## ३.४ संविधानको अर्थ

संविधानको अर्थ सारमा विधिको शासन हो (Akande, AD 2020, p. 40)। विधि र कानुन अनुसारको संवैधानिक विकासको एउटा सिद्धान्त शक्तिपृथकीकरण हो । यसको अर्थ संविधान, कानुनमा व्यवस्था गरिए बमोजिम आफ्नो कार्यक्षेत्रमा सीमित रहेर कार्य सञ्चालन गर्नु नै हो । संवैधानिक सर्वोच्चताको एउटा पक्ष भनेको सीमित सरकारको अवधारणा पनि हो (Dicey, AD 1959, p. 15)। अर्थात्, सरकार वा राज्यका प्रत्येक अङ्ग, निकाय र सो अंग एवम् निकायमा पदासीन व्यक्तिहरूले आफ्नो अधिकारको प्रयोग गर्दा कानुनको सीमा बाहिर जान नमिल्ने र संविधान-कानुनले निःसृत गरेका अधिकार र कर्तव्यलाई पूर्णरूपमा पालना गर्नु पर्दछ भन्ने मूल मान्यता हो (शर्मा, वि.सं. २०७९, पृ. ४) ।

संविधान देशको राजनीतिक-कानुनी दस्तावेज भएकोले मुलुकको आफ्नो इतिहास, क्रान्ति, अवस्था तथा आवश्यकताका आधारमा विभिन्न प्रक्रियाबाट बन्ने गर्दछन् (सुवेदी, वि.सं. २०७३, पृ. ६) । कुनै देशमा क्रान्तिको प्रक्रियाबाट र कतै विकासक्रमको प्रक्रियाबाट संविधान बन्ने गरेका देखिन्छन् (Fellmth, AD 2016, p. 22)। तत्कालिन सोभियत संघ (रुस) मा सन् १९१७ मा नेता भ्दादिमिर लेलिनले समाजवादी क्रान्तिको नाममा गरेको अक्टोबर क्रान्तिपछि बनेको संविधानलाई क्रान्तिको माध्यमबाट बनेको विश्व चर्चित संविधान भन्ने गरिएको छ। क्यूबाको संविधान, नेपालको वर्तमान संविधान समेत राजनीतिक क्रान्तिका उपज हुन् । महादेशीय कानुनी प्रणाली लागु भएको बेलायत आदि देशका संविधान-कानुनहरू विकासक्रमका आधारमा बनेका छन् । यद्यपि बेलायतमा संविधान नामको अलग्गै दस्ताबेज रहेको देखिन्न (Dobner, AD 2010, p. 68) ।

बेलायतमा जन्मेका अमेरिकी कानुनविद तथा दार्शनिक डेविट हुम (१७११-१७७६) (David Hume)ले समाजले कहिले काँही न्यायको शासन आवश्यक भएको महसुश गर्ने गर्दछ भनेका छन् । जसले सबैको साझा हितमा व्यापक मानिसहरूको लागि आवश्यक नियम लागु हुन पुग्ने भनेका थिए । उदारवाद, संविधानवाद तथा प्रजातन्त्र साझा हितको सिद्धान्त हो (Bhandari, AD 2017, p. 4)। उदारवादले व्यक्तिलाई आफ्नो लागि आवश्यक भएको बाटोमा हिड्न प्रेरित गर्ने गर्दछ (सिँह, वि.सं. २०५०, पृ. ३३) । आर्थिक उदारीकरणले नागरिकलाई थोरै औपचारिकता र संस्थाकरण गर्दै व्यक्तिले आफ्नो आवश्यकता अनुसार आर्थिक गतिविधि गर्ने छुट दिन्छ । यस खालको विचार वर्तमान लोकतान्त्रिक विश्वमा बढी प्रचलनमा आएको अवधारणा हो (सुवेदी, वि.सं. २०८०, पृ. ६) । यसले सरकारको नीति लादने कार्य गर्दैन र गर्नु हुँदैन भन्ने मत राख्दछ । सामुहिक हित र फाइदाको लागि प्रजातन्त्र र उदारवाद चाहिएको कुरालाई दार्शनिक थोमस होब्स (१५८८-१६७९), डेविट हुम (१७११-१७७६), डेविट रिकार्डो (१७७२-१८२३), थोमस माल्थस (१७६६-१८३४), आदम स्मिथ (१७२३-१७९०) आदिले जोड दिएका थिए (Gauld, AD 2004, p. 107)। बेलायत र युरोपका अन्य देशहरू, उत्तरी अमेरिका लगायतमा यस सम्बन्धी धारणा सत्रौँ शताब्दी अघि नै आएको थियो । मानिसको स्वतन्त्रताको महत्त्वलाई बढी जोड दिने बेलायती दार्शनिक जे.एस. मिल (१८०६-१८७३) ले बोल्ने अधिकारलाई व्यापक समाज कल्याणको लागि आवश्यक कुरा हो भनेका छन् । बेलायती विधिशास्त्री जोन लक (१६३२-१७०४) पहिलो दार्शनिक थिए जसले राजनीतिक उदारवाद र आर्थिक उदारवादको महत्त्वसम्बन्धमा प्रकाश पार्ने काम गरे (Hannum, AD, 1984)। दार्शनिक लगलिनका अनुसार संविधान जनता र सरकारबिचको सम्बन्ध निश्चित गर्ने विषय हो ।

अर्को दार्शनिक लकले राज्यमा सरकार र संविधानको अर्थ, आवश्यकता र महत्त्व दर्शाएका छन् (Bhandari, AD 2014, p. 4)। उनले सरकार चाहिने तीन कारण उल्लेख गर्दै पहिलोमा कानुन कार्यान्वयन गरी जनतालाई सुरक्षित महशुस गराउनु, दोस्रोमा सरकारबिना न्याय व्यवस्था नभई अराजक स्थिति उत्पन्न हुने र तेस्रोमा सरकारको अभावमा नागरिकका आधारभूत आवश्यकताका विषयमा तत्काल निर्णय गर्ने निकायको अभाव हुने हुँनाले यसको अर्थ र महत्त्व हुने उल्लेख गरेका छन्।

संविधान औपचारिक तथा लिखित दस्तावेज हो जसलाई त्यो भन्दामाथि गएर अन्य कानुन निर्माण गरी त्यसको दायरा र क्षेत्र तोड्न सकिन्न (Chataut, AD 2022, p. 4)। संविधान राज्यका अङ्गहरूको हक रक्षाको कवच पनि हो (Bhattarai, AD 2023, p. 4 )। सामान्य कानुन नियमका आधारमा संविधानका प्रावधान हटाउनै सकिन्न । संविधान परिवर्तनशील दस्तावेज भए पनि कानुनमा जस्तो छिटो-छिटो परिवर्तनको स्वभाव यसमा हुन्न भन्ने मानिन्छ (Brysk, AD 2002, p. 102)। संविधानलाई परिवर्तन, संशोधन तथा थपघट गर्ने तरिका देश अनुसार फरक हुने भए पनि सामान्य कानुन जस्तो यसलाई सजिलै अदलबदल गर्न मिल्दैन (Dahal, AD 2022, p. 4)। संविधान कानुनको पनि मूल कानुनको रूपमा रहेको संविधानको स्थान सर्वोच्च हुन्छ (Jinping, AD 2019, p. 43)। विधिशास्त्री हेन्स केल्सनले संविधानलाई मूल्य मान्यताको सग्रह 'सेट अफ नर्मस्' भनेका छन् । सीवधान सरकारको लागि संविधान एउटा निलोपत्र समान हो । संविधान सरकारको लागि त्यस्तो यन्त्र हो जसको प्रयोग गरी राज्य सञ्चालनमा प्रभावकारिता ल्याउन, प्रशासन नियमित सञ्चालन गर्न, समस्याहरूको एकमुस्ट हल निकाल्न, सामुहिक हितको लागि कदम चाल्न, साझा हक र हितको रक्षा गर्न र संवैधानिक सर्वोच्चताको मान्यतामा बसेर राज्य सञ्चालन गर्नको लागि अचुक अस्त्र जस्तै हुन्छ (Cohen, AD 2012, p. 285)।

विश्वको संविधान र संविधानवादको इतिहासमा अमेरिकी संविधान सन् १७८७ तथा बिल अफ राइट सन् १७९१ लाई महत्त्वपूर्ण मानिन्छ र त्यसैबाट विश्वमा लिखित संविधानको प्रारम्भ भएको थियो (Ackely, AD 2008, p. 35)। मुलुकहरूमा लिखित संविधान बन्ने क्रमको थालनी अमेरिकी संविधानबाटै भएकोले त्यसको महत्त्व बढी भएको हो । व्यक्तिको स्वतन्त्रता र अधिकारको लागि अमेरिकी संविधान शक्तिशाली सङ्केतको रूपमा आएको थियो । व्यक्तिको अधिकार हनन् भएको अवस्थामा न्यायिक पुनरावलोकन गर्ने अधिकार अमेरिकी बिल अफ राइटस्ले गरेको थियो । संवैधानिक इतिहासमा पहिलो पटक अमेरिकी बिल अफ राइटस्मा व्यक्तिका मौलिक हक, अधिकारका कुराहरूलाई उल्लेख गरिएका थिए । दार्शनिक स्टेफेन गिलले अमेरिकी संविधान राजनीतिक तथा संवैधानिक परिवर्तनको लागि विश्वकै कोशेढुङ्गा सावित भएको छ भनेका छन् (Orend, AD 2002,

p. 17) । डेविट हेल्डले संविधानको कार्यान्वयको लागि नागरिक समाजलाई राज्यको महत्त्वपूर्ण आधार मानेका छन् । कुनै पनि प्रजातान्त्रिक समाज र राष्ट्रको लागि यो अनिवार्य कुरा हो । अर्का विद्वान् सेन्टोसले पनि प्रजातान्त्रिक मुलुकको सफलतामा नागरिक समाजको रचनात्मक भूमिका हुन्छ भन्दै संविधानवाद र संविधानमा बढी जोड दिएका छन्(Dobner, AD 2010, p. 27)।

## ३.५ संविधानवादको सिद्धान्त

संविधानवाद त्यस्तो मान्यता र दृष्टिकोण हो जहाँ संविधानको सर्वोच्चता हुन्छ र संविधान भन्दा माथि कोही पनि हुँन सक्दैन (शाक्य, वि.सं. २०७७) । संविधान एउटा त्यस्तो दस्तावेज हो जसले शासकलाई अरू व्यक्ति र समूहमाथि शासन गर्ने कानुनी अधिकार प्रदान गर्दछ (भट्राई, वि.सं. २०७४) । आधुनिक संविधानमा शक्तिपृथकीकरणको सिद्धान्तलाई संविधानमा महत्त्व दिनुपर्ने भन्दै बेलायती दार्शनिक वारेन मन्टेस्क्यू (१६८९-१७५५) ले सन् १७४८ मा 'स्पीरिड अफ ल' नामक पुस्तक लेखेर शक्तिको पृथकीकरण हुनुपर्ने कुरा प्रस्ट उल्लेख गरे । बेलायतका अर्का दार्शनिक ए.भी.डायसी (१८३५-१९२२) ले विधिको शासनको मान्यतामा जोड दिए (Walker, AD 2007, p. 23)। यस्ता मूल्य, दर्शन र मान्यताहरूलाई संविधानवादका विश्वव्यापी मान्यता भन्ने गरिएका छन् । संविधानवादका विश्वव्यापी मान्यता र मूल्यहरूमा निम्न बमोजिमका मान्यताहरू रहेका छन् ।

**सीमित सरकारको मान्यता :** प्रजातान्त्रिक र निर्वाचित सरकारले पनि असीमित अधिकारको प्रयोग गर्न सक्दैन र हुँदैन भन्ने यसको मूल मर्म हो (Kramer, AD 2004, p. 7)।

**शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन :** राज्य सञ्चालनका प्रमुख अङ्गहरू सरकार, संसद र न्यायालयकाबिचमा संवैधानिक रूपमै शक्तिको पृथकीकरण गरिएको हुनुपर्दछ भन्ने यसको आधारभूत मान्य ता हो (Graber, AD 2006, p. 154) । यद्यपि ती अङ्गहरूलाई एकले अर्कालाई नियन्त्रण र सन्तुलनको मान्यता अनुसार कतिपय स्थितिमा नियन्त्रण गर्ने प्रावधान राखिएका हुन्छन् ।

**स्वतन्त्र र सक्षम न्यायलय :** न्यायलयमाथि राज्यका कुनै पनि निकाय वा व्यक्तिबाट हस्तक्षेप हुनु हुन्न । न्यायालय संविधान र कानुनी मान्यता अनुसार सञ्चालन हुनु पर्दछ भन्ने यसको प्रमुख तथा मूल मान्यता रहेको छ ।

**न्यायिक पुनारावलोकन :** न्यायालयले राज्यका कुनै पनि निकाय वा अङ्गबाट गरिएका काम-कारवाहीमाथि न्यायिक पुनरावलोकन गरी कानुनी सिद्धान्त बमोजिम भए-नभएको परीक्षण गर्न सक्दछ भन्ने मान्यता यसमा पर्दछ ।

**विधिको शासन :** कानुनी र संवैधानिक विधि तथा मान्यता अनुसार राज्य प्रणाली सञ्चालन हुनु पर्दछ भन्ने यसको मान्यता हो । विधिको शासन अर्थात कानुनी शासनलाई बेलायती दार्शनिक ए.भी. डायसी (१८३५-१९२२) ले प्रजातन्त्रको लागि अनिवार्य कुरा मानेका छन् (Sharma, AD 2022, p. 4)।

**अनुमानयोग्य शासन प्रणाली :** अर्थात राज्य प्रणालीबाट यो विषयमा यस्तो निर्णय हुन सक्छ भन्ने अनुमान गर्न सकिने हुनु पर्दछ । कुन  विषयमा के निर्णय हुनसक्दछ र शासकलाई के कति अधिकार छ भन्ने अनुमान नै गर्न सकिएन भने त्यहाँ संविधानवाद र संविधानको सर्वोच्चता छैन् भन्ने अनुमान गरिन्छ ।

**नागरिक सर्वोच्चता :** लोकतन्त्र र लोकतान्त्रिक प्रणाली भएको मुलुकमा नागरिक कसैबाट नियन्त्रित हुनु पर्दैन । नागरिक आफ्नो प्रणाली र संवैधानिक सिद्धान्त अनुसार सर्वोच्च हुन्छन् (Hunt, AD 2007, p. 43)।

**नागरिक सहभागिता :** राज्यको शासन र प्रणालीमा नागरिक सहभागिता सुनिच्चित गरिएको हुन्छ र हुनुपर्दछ । प्रत्येक नागरिक संविधान र कानुन अनुसार राज्यको शासन प्रक्रिया र प्रणालीमा आफै वा आफूद्वारा चुनिएका प्रतिनिधि मार्फत सहभागी हुन पाउने कुराको ग्यारेन्टी गरिएको हुनुपर्दछ ।

**मौलिक हकहरूको ग्यारेन्टी :** संविधान तथा कानुन अनुसार नागरिकका आधारभूत मौलिक हक तथा आधारभूत मानव अधिकारका विषयहरूलाई ग्यारेन्टी गरिएको हुनु अर्को महत्त्वपूर्ण आधारभूत मान्यता हो (Lamb, AD 2016, p. 23)।

**शक्तिको केन्द्रीकरण नगरिएको :** शासन र प्रणालीमा निरंकुश शासन र व्यवस्थामा जस्तो शक्तिको केन्द्रीकरण हुनु भनेको संविधानवादको विरुद्ध हुन जान्छ ।

**जिम्मेवार र उत्तरदायी प्रतिपक्ष :** प्रजातन्त्रमा जिम्मेवार तथा जनताप्रति उत्तरदायी प्रतिपक्षी पार्टीको कल्पना गरिएको हुन्छ । जिम्मेवार र उत्तरदायी प्रमुख प्रतिपक्षी राजनीतिक दल हुनु पर्दछ भन्ने संविधानवादको एउटा महत्त्वपूर्ण अवधारणा हो ।

**प्रतिनिधिमूलक प्रजातन्त्र** : संविधान र कानुन अनुसार निर्वाचित प्रतिनिधि सहित राज्यमा रहेका जाति, भाषा, भूगोल, क्षेत्र, लिङ्ग आदिको समानुपातिक र न्यायपूर्ण सहभागिताको सुनिश्चितता संविधानवादको अर्को प्रमुख विषय हो (Lerner and Lerner AD 2007, p. 34)।

**आवधिक निर्वाचन :** आवधिक निर्वाचन मार्फत नागरिकले स्वतन्त्र र निर्भिक ढङ्गले आफ्ना प्रतिनिधि छान्न सकेनन् भने प्रजातन्त्र र प्रजातान्त्रिक शासन ध्वस्त हुन्छ । तसर्थ आवधिक र स्वतन्त्र निर्वाचत संविधानवादको प्रमुख आधार हो ।

**राजनीतिक दलको सार्थक उपस्थिति** : प्रजातन्त्र र लोकतान्त्रिक प्रणालीमा जनताका प्रतिनिधि भनेका राजनीतिक दलहरू नै हुन् । राजनीतिक दलहरू भवनका खम्बा (पिलर) जस्तै हुन्छन् । जसरी पिलर कमजोर हुँदा भवन कमजोर भएजस्तै प्रमुख राजनीतिक दलहरूका कमजोरीले लोकतन्त्र सवल बन्नै सकेन ।

**स्वतन्त्र संवैधानिक अङ्गहरूको व्यवस्था** : संवैधानिक अङ्गहरू संविधान र कानुनको व्यवस्था अनुसार सञ्चालित हुन्छन् र हुनुपर्दछ भन्ने मानिन्छ । संवैधानिक अङ्गहरू कमजोर हुने स्थितिमा तिनका मर्म अनुसार राज्य प्रणाली बलियो बन्न सक्दैन । संवैधानिक अङ्गहरूलाई आफूखुसी र स्वार्थमा सञ्चालन गर्न खोज्दा प्रश्नैप्रश्न खडा हुन पुग्दछन् (Oestreich, AD 2007, p. 78)।

**राजनीतिक मूल्य र नैतिकता** : लोकतन्त्रमा राजनीतिक दलहरू जनताका साँचो प्रतिनिधि र खम्बा हुने भएकोले नेता र नेतृत्वकर्ताहरूमा नैतिकता, मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार एवम् संस्कृति हुनु अनिवार्य मानिन्छ (Khanal, AD 2023, p. 4) । प्रजातन्त्रमा यसलाई बढी महत्त्व दिनुको मूल कारण भनेको जतिसुकै संवैधानिक र कानुनी प्रबन्ध गरिए पनि राजनीतिक नेतृत्वमा आधारभूत नैतिकता हुनु अत्यावश्यक कुरा हो (Karki, AD 2017, p. 4) । राजनीतिक संविधानवाद कमजोर भइदियो भने कानुनी संविधानवाद प्रस्ट भएर पनि अनेकौं समस्या देखिन सक्दछन् (दाहाल, वि.सं.२०७९, पृ. ४) ।

सिद्धान्ततः राजनीति समाजलाई परिवर्तन गर्न सक्ने मूल नीति, दर्शन र सिद्धान्त हो भन्ने मानिन्छ (Khanal, AD 2005, p. 4)। यसको माध्यमबाट राज्य र समाजको अग्रगामी सुधार र परिवर्तनमा सहयोगी भूमिका निर्वाह गर्न सक्दछ । राजनीतिक संविधानवादमा राजनीतिक दल सञ्चालकहरूमा हुनुपर्ने आधारभूत नैतिकता र मूल्य हुनु पर्दछ भन्ने मानिन्छ (Lamsal, AD 2022, p. 4) । संविधान कानुन जतिसुकै उत्कृष्ट भए पनि राजनीतिक स्थीरता भएन र राजनीतिक अस्थिरता भइदियो भने त्यसले संविधानवादको

मर्ममाथि चोट पुग्न सक्दछ । नागरिक सर्वोच्चता राजनीतिक संविधानवादका अपरिहार्य विषय भएकोले त्यसको सुरक्षा भएन भने संविधान र कानुन कागजको खोस्टो बन्न पुग्दछ । सीमित सरकार, संसदीय प्रजातन्त्रका मूल्य र मान्यतालाई राजनीतिक पार्टीहरूले पूर्णतः आत्मसात गर्न सक्नु पर्ने हुन्छ । यसैले दल र पार्टी स्वमय्मा प्रजातान्त्रिक परिपाटी र संस्कार हुन सकेन भने राजनीतिक संविधानवाद कमजोर हुन पुग्दछ । राजनीतिक पार्टी र संगठनमा आन्तरिक लोकतन्त्र र लोकतान्त्रिक प्रक्रिया, विधि र प्रणाली स्थापित हुन सकेन भने राजनीतिक संविधानवाद कमजोर बन्न पुग्दछ (Pradhan, AD 2014, p. 15) । जसरी घरका खम्बा हल्लियो भने घर बलियो बन्दैन त्यसरी नै राजनीतिक दलका कार्यशैली, सोच, व्यवहार, चिन्तन र शासकीय संस्कृति भत्कियो भने लोकतान्त्रिक संविधान भएर मात्र मुलुक अघि बढ्न सक्दैन । यही कारण विश्वमा संविधानवादको धारणाको विकास भएको हो ( रिसाल, वि.सं. २०८०, पृ. ७) ।

## (क) संविधानवादको उद्भव र विकास

विश्व इतिहासमा संविधानवादको उद्भव, विकास र विस्तारमा युरोपका ग्रिक ( करिब १२ सय विसी) र रोमन (करिब २७ विसी अघिको शासन काल) शासन तथा सभ्यताको अग्रिणी भूमिका रहेको प्रस्ट देखिन्छ (Smith, AD 2017, p. 10) । ग्रिक र रोमनहरूले आफ्ना शासन सत्ता सञ्चालन गर्दा शक्तिको पृथकीकरण, कानुनी शासन, सीमित सरकार, विधिको शासन, निर्वाचन, न्यायलय जस्ता अवधारणागत प्रबन्ध गरेको देखिन्छ (Teubner, AD 2012, p. 54) । संविधानवाद कानुनको उच्च तह भएकोले त्यो प्राकृतिक कानुनी सिद्धान्त र दर्शनबाट विकास भएर आएको प्रस्ट हुन्छ । दार्शनिक एरिस्टोटलले प्रत्येक कानुन प्रकृति र भगवानको उपहार भएको भने । सोफिस्टले अन्यायपूर्ण कानुन कानुन होइन (अनजस्ट ल इज नट ल)भन्ने प्रस्ट धारणा राखेको देखिन्छ (Subedi, AD 2017) । रोमन संविधानमा लोकप्रिय सार्वभौमसत्ता र सीमित सरकारको मान्यतामा जोड दिइएको थियो । सिसिरोले प्राकृतिक कानुनमा जोड दिएका थिए । रोमन कालमै न्यायाधीशहरू सीमित हुनुपर्दछ भन्ने मान्यता रहेको देखिन्छ (Viguna, AD 2009, p. 65)। बेलायतका अनेकौं दार्शनिक र विधिशास्त्रीहरूले संविधानवादमा जोड दिएका थिए भने अमेरिकी अदालतका न्यायाधीश तथा विचारकहरूले लोकतन्त्र, विधिको शासन र संविधानवादमा जोड दिएको देखिन्छ (Mayall and Lyons, AD 2003, p. 4)।

विश्व इतिहासमा यसअघि सन् १२१५ मा आएको बेलायतको म्याग्नाकार्टा, १६२८ को पेटेसन अफ राइटस्, १६८९ को बिल अफ राइटस् आदिको ऐतिहासिक अर्थ र महत्त्व रहेको देखिन्छ । ह्युगो ग्रोसियस (१५८३-१६४५), जोन लक (१६३२-१७०४), सर विलियम

ब्याकस्टोन (१७२३-१७८०) आदिको संविधानवादको विकासमा ठूलो भूमिका रहेको देखिन्छ (Sangroula, AD 2013, p. 32)। बेलायती न्यायाधीश सर इडवार्ड कुक (१५५२-१६३४) ले सन् १६१० को डा.बोनामको मुद्दामा न्यायिक पुनरावलोकन सम्बन्धी धारणा सार्वजनिक गरे (Wilson, AD 2017, 34) । त्यस्तै अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश होम्सले अदालतले घोषणा गर्ने कुराको ठूलो अर्थ हुने भन्दै न्यायाधीशले जे फैसला गर्दछ त्यो कानुन हुने र सो विधिबाट नागरिक अधिकारको सुरक्षामा टेवा पुग्दछ भनेका थिए । अमेरिकी विचारक थोमस जेफेरसन, थोमस पाइने आदिको पनि संविधानको सर्वोच्चता र विधिको शासन एवम् नागरिक अधिकारको स्थापनामा भूमिका रहेको छ (Wicks, AD 2010, p. 20)। अर्कोतर्फ विश्व चर्चित ऐतिहासिक-राजनीतिक र संवैधानिक घटना तथ प्रबन्धहरूले पनि संविधानको उद्भव र विकासमा टेवा दिएका छन् (Sharma, AD 2016, p. 19)। जसमा अमेरिकी स्वतन्त्रता संग्राम (१७७६), फ्रान्सेली क्रान्ति (१७८९), अमेरिकी संविधान (१७८९) आदि प्रमुख रहेका देखिन्छन् । संविधानवादको विकासमा यस्ता विश्वव्यापी घटनाहरूको भूमिका रहेको देखिन्छ । संविधानवादको विकास हुनुमा राजनीतिक क्रान्ति, घटना, संविधानहरूको निर्माण तथा विधिशास्त्रीहरूका धारणा समेतको चौचर्फी अर्थ रहेको प्रस्ट हुन्छ (Okumu, AD 2004, p. 44) । संविधान र संविधानवादको विकासमा सन् १९४७ को भारतीय स्वतन्त्रता सङ्ग्राम, १९४९ को चिनियाँ समाजवादी क्रान्ति आदिको पनि विश्वव्यापी प्रभाव रहेको देखिन्छ ।

## (ख) असल संविधानका विशेषता र महत्त्व

विश्वमा विभिन्न प्रकारका संविधानहरू निर्मित भई लागु हुँदै आएका छन् (White, AD 2004, p. 32) । धेरैजसो प्रजातान्त्रिक मुलुकहरूमा सत्रौं शताब्दीदेखि प्रजातान्त्रिक प्रणाली र लिखित संविधान निर्माण हुँदै आएका देखिन्छन् । अमेरिकाले सन् १७८९ मा निर्माण गरेको विश्वको पहिलो लिखित संविधानमा संवैधानिक सर्वोच्चता, विधिको शासन, लिखित संविधान, स्वतन्त्र न्यायालय, मौलिक हक, न्यायिक पुनरावलोकन र शक्तिपृथकीकरण जस्ता आधारभूत मान्यतालाई प्रष्ट गर्‍यो (Valsania, AD 2021, p. 4)। जुन आजका प्रजातान्त्रिक शासन प्रणालीका आधारभूत मान्यताहरूनै खासमा असल लिखित संविधानका प्रमुख तत्वहरू हुन् । प्रजातान्त्रिक संविधानहरूमा संविधानवादका त्यस्ता आधारभूत मूल्य र मन्यताहरूलाई अनिवार्य शर्त मानिन्छ । यसैले केवल संविधान नामको कुनै दस्ताबेज मुलुकमा हुनुमात्र असल संविधान हुनु होइन(Bellamy, AD, 2007, p. 2)।

लिखित संविधान तथा प्रजातान्त्रिक शासनमा विधि र कानुनी शासन अत्यावश्यक विषय हो । विधिको शासन कानुनभन्दा माथि कोही रहन्न भन्ने मान्यता हो । नागरिक

अधिकारको सुरक्षा संविधानले गर्ने भएकोले राष्ट्रिय आवश्यकता, समय र औचित्यका आधारमा संविधानको संशोधन गर्नुपर्दछ भन्ने प्रजातान्त्रिक-संवैधानिक मान्यता रहेकोछ । संविधानवादको मूल्य भत्काएर संविधानको सुरक्षा हुन सक्दैन । असल र लिखित संविधानले मात्र नागरिक अधिकारको रक्षा गर्न सक्दछ । यसले प्रजातन्त्र बलियो बनाउने कार्य गर्दछ । लिखित संविधानले संविधानवादका आधारभूत मूल्य र मान्यतालाई लिपिवद्ध गरेको हुन्छ, हुनुपर्दछ भन्ने विश्वव्यापी संवैधानिक मान्यता रही आएको छ (पोखरेल, वि.सं. २०७३, पृ. ६ ।

प्रजातन्त्रको विकसित तथा स्वीकार्य रूप कानुनी संविधानवाद हो (Poudyel, AD 2023, p. 4) । जसले कानुनी, राजनीतिक र सामाजिक समानतामा जोड दिन्छ (Pradhan, AD 2014, p. 4) । सबै मानवको जन्मसिद्ध अधिकार बराबर हुन्छ र उसको संवैधानिक हक बराबर हुनुपर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ (Rijal, AD 2022, p. 4) । असल संविधानले त्यो मान्यता प्रस्ट गरेको हुनुपर्दछ । शासनमा सबैको हक अधिकार रहन्छ भन्ने दर्शनले एक व्यक्ति एक भोटको मूल्य विश्वमा प्रचलनमा रहेको हो । यो दर्शनलाई अमेरिकी विधिशास्त्री रोनाल्ड डोर्किनले आफ्नो 'टेकिङ राइटस् सिरियसली' पुस्तकमा प्रष्टसँग उल्लेख गरेका छन् । प्रत्येक नागरिकले पाउने संवैधानिक र कानुनी हक बराबर हुन्छ, हुनुपर्दछ । यस दृष्टिकोणमा लिखित संविधान नै त्यस्तो दस्तावेज हो जसले राजनीतिक प्रणालीलाई संवैधानिक तथा कानुनी प्रक्रियामा ढालिदिन्छ (मिश्र, वि.सं. २०७४, पृ. ६) ।

संविधान एउटा त्यस्तो प्रणाली हो जसले शासकलाई अरू व्यक्ति र समूहमाथि शासन गर्ने कानुनी तथा राजनीतिक अधिकार प्रदान गर्दछ (Robertson, AD 2017, p. 4) । संविधानले प्रजातान्त्रिक राजनीतिक प्रणालीको कल्पना गर्दछ भन्ने मान्यता रहेको छ । राजनीतिलाई विधिशास्त्रीय रूपमा ढाल्ने काम संविधानले गर्ने गर्दछ । असल संविधानले नागरिकका न्यूनतम अधिकारको सुरक्षा गर्न सक्नु पर्दछ भन्ने मूल्यलाई विभिन्न दार्शनिकहरूले प्रष्टसँग जोड दिएका कारण पनि लिखित संविधानको अभ्यास तथा प्रचलनलाई विश्वमा स्वीकार गरिएको हो(Bellamy, AD, 2007, p. 6)।

असल, लोकतान्त्रिक र उदारवादी विशेषता भएको संविधानमा शक्तिपृथकीकरणको सिद्धान्तलाई लिखित रूपमा संविधानमा प्रष्टै उल्लेख गर्नुपर्दछ भन्दै दार्शनिक वारेन मन्टेस्क्यूले सन् १७४८ मा 'स्पीरिड अफ ल' नामको पुस्तकमा उल्लेख गरे । संविधानवादको अनिवार्य सर्त शक्तिकोपृथकीकरण हो भन्ने उनको जोड रह्यो । शक्तिलाई सन्तुलन गर्ने र सरकारको शक्तिलाई पृथक गर्नु पर्ने उनको प्रष्ट मान्यता देखिन्छ (Agrawal, AD, 1980, p. 25)। लिखित संविधानका मुख्य क्षेत्रमा राज्य र समाज, निजी र सार्वजनिक, आन्तरिक र

वाह्य, राज्यका निकायको अधिकार तथा दायित्वलाई उल्लेख गरिएका हुन्छन् । असल संविधानले राज्यका निकायहरूका बिचमा प्रष्ट क्षेत्र निर्धारण गरेको हुन्छ । अमेरिकी संघीय संविधान यस अर्थमा विश्वकै उत्कृष्ट नमुना हो(Lancu, AD, 2012, p. 72)।

मानिसका आधारभूत अधिकारको सुरक्षाको लागि लिखित संविधान निर्माण गर्नुपर्ने सम्बन्धी मान्यताको विकास भएको हो (Sangroula, AD 2011, p. 4) । मानिसले जन्मँदै प्राकृतिक रूपले पाएका अधिकार कसैले खोस्न हुँदैन भन्ने दार्शनिक मत इतिहास देखिनै रहेको देखिन्छ । तिनै कुराहरूलाई लिलिबद्ध गरी लागु गर्न लिखित संविधानको प्रचलन बढेको हो(Ansari, 2018, p. 70)। असल र उत्कृष्ट संविधानमा संविधानको सर्वोच्चता अर्थात संविधानवादलाई उच्च महत्त्व दिइएको हुन्छ (Sherif, AD 2022, p. 4) । प्रत्येक व्यक्ति, नागरिक र मानिसको आधारभूत प्राकृतिक अधिकारको सम्मान गर्नु लोकतान्त्रिक संविधानको आधारभूत कार्य तथा विशेषता हो(Lancu, AD, 2012, p. 102)। मानिसको सम्मान(Dignity)र मानवीय मूल्यको कतैबाट पनि हनन् हुनु हुन्न । जुनसुकै मूल्यमा पनि मानिसले सम्मानबाट बन्चित हुनु हुन्न भन्ने कुरालाई सबैजसो लोकतान्त्रिक मुलुकहरूले स्वीकारेका छन् । आज विश्वका १ सय भन्दा बढी मुलुकका लिखित संविधानहरूमा मानिसको सम्मानको अर्थ र महत्वलाई प्रधानता दिने कुरा प्रष्टसँग लेखिएको छ(Bajgain, AD, 2021, p. 3)। संविधानहरूले आफ्नै तरिकाले मानिसको सम्मानलाई उल्लेख गर्ने गरेको भए पनि कतिपयले त्यसलाई आफ्ना राजनीतिक अदर्श र मूल्यसँग जोडेको पाइन्छ । जस्तो समाजवादी चीन र क्यूवा जस्ता मुलुकका संविधानले खाना, उपचार, रोजगारी, शिक्षा लगायतका भौतिक आवश्यकताका वस्तु तथा सेवाको न्यूनतम व्यवस्थालाई महत्त्व दिने तथा त्यसलाई संवैधानिक मूल्यको रूपमा स्वीकार्ने भनी संविधानमा प्रष्ट लेखेका छन् (Sharma, AD 2022, p. 4) । अर्कोतर्फ पश्चिमा र युरोपेली मुलुकहरूले भने मानिसको जीवन, सुरक्षा, राजनीतिक स्वतन्त्रता र मानव अधिकारलाई बढी जोड दिने गरेका छन् । यद्यपि पश्चिमा राज्यहरूले पनि मानिसको आर्थिक तथा सामाजिक पक्ष र विषयलाई उत्तिकै स्थान दिन थालेको देखिन्छ(Baral, AD, 2006, p. 6)।

युरोपेली मुलुकहरू(Europiean Democratic Countries)नागरिक अधिकारको सुरक्षा र संरक्षणमा बढी गम्भीर देखिन्छन् (Stiglitz, AD 2022, p. 4) । युरोपको शक्तिशाली मुलुक जर्मनको सन् १९४९ को संविधानको धारा १ मा आधारभूत कानुन भनि उल्लेख गरी मानव सम्मानको विषय उल्लेख गरिएको छ । 'मानव सम्मान जसलाई उल्लङ्घन नगरिने भन्दै त्यसको पालना गर्नु राज्यका प्रत्येक निकायमा रहेकाको दायित्व हुनेछ' भनिएको छ । यसरी विश्वका उत्कृष्ट प्रजातान्त्रिक लिखित संविधानहरूले नागरिकका प्रत्येक अधिकारको सुरक्षा र सम्मानलाई उच्च स्थान दिएका छन् (खनाल, वि.सं.२०५४, पृ.

३४) । अमेरिकी विधिशास्त्री रोनाल्ड डोर्किन (१९३९-२००३) ले कानुन निर्माण गर्दा केही विधिशास्त्रीय आधारभूत तत्व हुनै पर्ने भनेका छन् । जसमा त्यो दस्तावेज लिखित हुनुपर्ने, सार्वजनिक गरिएको हुनुपर्ने, प्रस्ट व्यवस्था गरिएको हुनुपर्ने, स्थिर हुनुपर्ने आदि उल्लेख गरेका छन् । त्यसैगरी दार्शनिक जोसेफ राज (१९३९) ले पनि संविधान निर्माण गर्दा अपनाउनु पर्ने आधारभूत विषयहरू उल्लेख गर्दै आफ्ना धारणा दिएका छन् ।

असल र उत्कृष्ट लिखित संविधानका अनेकौं विशेषता र अनिवार्य सर्तहरू हुन्छन् । जसमध्ये केही प्रमुख अनिवार्य प्रमुख पाँच तत्वहरूलाई यहाँ प्रस्तुत गरिएको छ । जसमाः- पहिलो, संविधान कानुनको त्यस्ता मूल्यहरूको संग्रह हो जसले मुलुकको राजनीतिक वैद्यता पाएको हुन्छ, पाउँनैपर्दछ । दोस्रो, जनताको लागि त्यस्तो बाध्यकारी विधान हो जसमा शासकलाई राज्यको तर्फबाट जनता र सार्वजनिक क्षेत्रमा लागु गर्ने अनुमति प्रदान गर्दछ । तेस्रो, सार्वजनिक तथा राज्यको शक्तिलाई जनताले संविधान मार्फत स्वीकृति दिएको मानिन्छ । चौथो, संविधान मुलुकको त्यस्तो आन्तरिक कानुन हो, जो कानुनहरूको पनि सर्वोच्च स्थानमा रही मार्गनिर्देश गर्ने गर्दछ । पाँचौं, संविधान जनताबाट अनुमोदित भएकै हुनुपर्छ (Mcquigg, AD 2011, p. 33) । प्रजातान्त्रिक प्रणाली र विधिबाट जनताका प्रतिनिधिहरू मार्फत स्वीकार गरिएको भए पनि त्यो स्वीकारोक्ति कहिल्यै परिवर्तन गर्न नसकिने अनन्तकालको लागि भने हुँदैन र हुनुहुन्न । अर्थात संविधान स्वयम्ले संविधान संशोधनको ढोका बन्द नगरेको हुनुपर्दछ(Daly, AD, 2013, p. 107)।लिखित संविधानका विभिन्न आधारभूत मान्यता र मूल्य रहेका हुन्छन् । जसमा प्रत्येक नागरिकको आधारभूत मानव अधिकार मूलतः जीवन, स्वतन्त्रता, सम्मान, सम्पत्ति, सुरक्षा र मौलिक हक जस्ता कुराहरूको ग्यारेन्टी गरिएको हुनुपर्दछ भन्ने विकसित संवैधानिक मान्यता रहेको छ ९म्जगलनबलब, ब्म्, द्दण्द्दण, उ। द्दछ०।

## सारांश

मानव अधिकार मानव मात्रले विश्वको कुनै पनि कुनामा रहेर पनि समान ढङ्गले प्राप्त गर्न सक्ने आधारभूत प्रकृतिप्रद्धत्त अधिकार हो भन्ने विषयलाई मानव अधिकार सम्बन्धी विभिन्न विश्वव्यापी र क्षेत्रीय प्रावधानहरूमा प्रस्टसँग उल्लेख गरिएका छन् । बाँच्नको लागि आवश्यक पर्ने खाना, नाना, पानी, आवास, औषधीउपचार जस्ता कुरा जो सबैको लागि पनि अत्यावश्यक हुने कुराहरू हुन । सोही मूल्य र अवधारणा अनुसार प्रत्येक मानवको जीवन, सुरक्षा, स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकार उल्लङ्घन गरिनु हुन्न भन्ने विचारले विश्वमा मानव अधिकार सम्बन्धी धारणाको विकास हुँदै त्यस्ता आधारभूत अधिकारको संरक्षण तथा सुरक्षाको लागि अन्तर्राष्ट्रिय कानुनहरूको प्रबन्ध गरिँदै

आएका हुन् । सोही प्रबन्धका आधारमा राष्ट्रहरूले समेत आ-आफ्ना संवैधानिक र कानुनी व्यवस्थामा मानव अधिकारलाई संरक्षण गर्नेगरी व्यवस्था गर्दै आएका छन् । अर्कोतर्फ मानव अधिकार सम्बन्धी साँघुरा धारणा र मान्यता समेत परिवर्तित हुँदै फराकिला अवधारणाको समेत विकास हुँदै आएको देखिन्छ । मानव अधिकार सम्बन्धी विभिन्न विश्वव्यापी सिद्धान्त, विधिशास्त्रीय मान्यता, अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्रसंघ र संघद्वारा जारी गरिएका विभिन्न महासन्धि तथा सिद्धान्तको धेरै ठूलो अर्थ देखिन्छ । यिनै विभिन्न सिद्धान्त र अवधारणाको आधारमा नेपालका संविधानहरूमा व्यवस्थित मानव अधिकार सम्बन्धी प्रावधानहरूको विश्लेषण आउँदो परिच्छेदमा गरिएको छ ।

# परिच्छेद : चार

## नेपालका संविधानमा मानव अधिकारको व्यवस्था

नेपालको संवैधानिक इतिहास हेर्दा वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७, २०६३ तथा वि.सं. २०७२ मा  विभिन्न राजनीतिक-कानुनी दर्शनमा आधारित संविधानहरू बनेका छन् । वि.सं. २००४ को नेपाल सरकारको वैधानिक कानुन बन्दा नेपालमा जहाँनिया राणा शासन रहेको थियो (Bajracharya, AD 1974, p. 23) । वि.सं. २००७ मा नेपाल सरकारको अन्तरिम शासन विधान आएको समयमा नेपालको इतिहासमा पहिलो पटक सीमित राजनीतिक अधिकार सहितको प्रजातन्त्र आयो । वि.सं. २०१५ सालको नेपाल अधिराज्यको संविधानको धारा १० ले कार्यकारी अधिकार संविधान बमोजिम श्री ५ मा रहने व्यवस्था गऱ्यो । नेपालको संविधान, वि.सं. २०१९ ले भने सम्पूर्ण रूपमा दलीय प्रजातन्त्रलाई खारेज गरी एक दलीय पञ्चायती शासन व्यवस्थाको सूत्रपात्र गरिदियो । सो संविधान बमोजिम दलमाथि पूर्णतः प्रतिबन्ध लगाउने काम तत्कालीन राजा महेन्द्रले गरेपछि प्रजातन्त्र, नागरिक अधिकार तथा राजनीतिक अधिकारहरूलाई पूर्णतः निषेध गरियो । यसरी राजनीतिक दल खोल्ने, राजनीतिक विरोध गर्ने र बोल्न पाउने आधारभूत अधिकार नभएकोले मानव अधिकारको बृहत् मान्यतामा सो संविधान निरङ्कुश संविधान थियो भन्न सकिन्छ किनकी नागरिकका राजनीतिक अधिकार, राजनीतिक आवाज उठाउने अधिकार र स्वतन्त्रता संविधानतः बन्द गरिएका थिए । यही कारण निरन्तर राजनीतिक अधिकारको आन्दोलन र संघर्ष हुनपुग्यो । जनताको ३० वर्ष लामो राजनीतिक-सामाजिक सङ्घर्ष तथा वि.सं. २०४६ साल फागुन ७ गते नेपाली काँग्रेसका नेता स्व. गणेशमान सिंहको निवास काठमाडौँको चाक्सीबारीबाट निर्णायक सङ्घर्षको थालनी गर्दै गरिएको राजनीतिक आन्दोलनको परिणाम स्वरूप २०४६ साल चैत्र २६ गते राती १२ बजे दलमाथिको प्रतिबन्ध फुकुवा गर्न तत्कालीन राजा श्री ५ विरेन्द्र सहमत भएका हुन् । सोही आन्दोलनको परिणाम स्वरूप वि.सं. २०४७ सालमा बनेको संविधान बहुदलीय प्रजातन्त्र, विधिको शासन, मानव अधिकार तथा प्रजातान्त्रिक प्रणाली सम्बन्धी विश्वव्यापी मूल्य अनुसार बनेको थियो । नेपालको संवैधानिक इतिहासमा सो संविधानको धेरै ठूलो महत्त्व रहेको छ (अन्तर्वार्ता, चाँदनी हमाल, वि.सं. २०७६, माघ १५) । त्यसपछिका राजनीतिक संघर्षबाट २०६३ सालमा फेरि अन्तरिम संविधान जारी भयो । सोही संविधानको राजनीतिक-कानुनी आधारमा

नेपालको वर्तमान संविधान बन्यो जुन दक्षिण एसियाकै सबैभन्दा बढी समावेशी र समानुपातिक सिद्धान्तमा बनेको छ (बिडारी, वि.सं. २०७९, पृ.४) ।

राजनीतिक सङ्घर्ष उत्कर्षमा पुगेको वि.सं. २०६३ सालको सङ्घर्षले नेपालको संवैधानिक मार्गचित्र बदलिदियो । सोही सङ्घर्षको जगमा अन्तरिम संविधान बनेको थियो ( अर्याल, वि.सं. २०७४ पृ. ४) । जसले संघीय गणतन्त्र तथा धर्मनिरपेक्षता सहितका संवैधानिक प्रावधान राखी गणतान्त्रिक संविधान निर्माण गरेको हो (आचार्य, वि.सं. २०७४, पृ. ५) । जसमा विभिन्न जाति, भाषा, क्षेत्र, लिङ्ग तथा समुदाय आदिका आधारभूत मानव अधिकारहरूको सुरक्षा तथा संरक्षण हुने प्रस्ट गरियो । नेपालका यिनै संवैधानिक आधार र जगमा बनेको वर्तमान संविधान मानव अधिकार तथा नागरिक अधिकारका दृष्टिकोणले उत्कृष्ट रहेको भन्न सकिन्छ (Thapa, AD 2023, p. 4) । यद्यपि मधेश केन्द्रित कतिपय दलहरू र आदिवासी जनजातिका केही समूहहरूले भने नेपालको वर्तमान संविधान अझै असमावेसी भएको, विभेदकारी रहेको र अधिकारको पूर्ण ज्ञारेन्टी गर्न नसकेको भन्दै समावेसिता, आरक्षण तथा जनसंख्याको आधारमा राजनीतिक अधिकार एवम् आरक्षण हुनु पर्ने जस्ता माग राख्दै पटक-पटक आवाज उठाउँदै आएका हुन् (अन्तर्वार्ता, चित्रलेखा यादव, वि.सं. २०७६, मंसिर १५) ।

अर्कोतर्फ कतिपय संविधान र राजनीतिक परिवर्तन विरोधीहरूले विरोधका लागि विरोध स्वरूप केही छिटफूट असम्भव, जनविरोधी तथा गणतान्त्रिक संघीय संविधान विरोधी मुद्दाहरूलाई लिएर संविधान संशोधन गरिनु पर्ने आवाज समेत उठाउने गरेका छन् (Thapa, AD 2021, p. 4) । कतिपय राजावादी र परम्परावादी राजनीतिक समूह र उग्रवादी व्यक्तिहरू गैरराजनीतिक र गैरसंवैधानिक नारा उछालेर नेपाली नागरिकलाई भ्रमित समेत पार्न खोज्दैछन् । जस्तो, संघीयता खारेज गर्नुपर्ने, हिन्दू राज्य हुनुपर्ने, राजतन्त्र फर्कनु पर्ने आदि भन्ने गरिएको देखिन्छ । तथापि त्यस्ता माग र नारामा नेपाली जनताको विस्वास र समर्थन छैन भन्ने कुरा संविधान जारी भएपछि भएका संघीय, प्रदेश र स्थानीय तहका विभिन्न निर्वाचनहरूले निरन्तर पुष्टि गर्दै आएका छन् । यद्यपि असन्तुष्टि चाहिँ बढ्दै गएको छ भन्ने पनि निर्वाचन परिणामले देखाउँदै आएको भए तापनि मूलरूपमा बहुदलीय प्रजातन्त्र अनुकूलका संविधानका पक्षधर राजनीतिक दलहरूको पक्षमा नै जनमत देखिन्छ ( काफ्ले, वि.सं. २०७४, पृ. ६) । तर पनि जनमानसमा उठेको आवाज तथा समस्याको समेत राजनीतिक प्रक्रियाबाटै समाधान गर्नु अत्यावश्यक छ । खासमा नेपालको राजनीतिक इतिहासमा जनता र जनताको प्रतिनिधित्व भएको संविधानसभाद्वारा निर्मित वर्तमान संविधानलाई नेपालको इतिहासमा नेपाली जनताको आफ्नो ऐतिहासिक परिवर्तनको दस्तावेज हो भन्न सकिने अवस्था छ(Ansari, AD, 2017, p. 35) । त्यसो भएकोले

संवैधानिक प्रबन्ध र व्यवस्था अनुसार मानव अधिकारको कार्यान्वयनको लागि मूलधारका राजनीतिक दलहरू संविधानको सुरक्षा र समृद्धिको लागि एकताबद्ध र बढी गम्भीर बन्नु पर्ने अवस्था प्रस्ट देखिन्छ ।

मानव अधिकारको संरक्षण र सुरक्षाको लागि उल्लङ्घनकर्तालाई राजनीतिक संरक्षण गर्ने प्रवृत्ति र शैली पूरै बन्द गर्नु पर्ने अवस्था छ (अन्तर्वार्ता, विपीन अधिकारी, वि.सं. २०७६, पुस १६)। यो पक्षलाई अनुसन्धानका क्रममा उत्तरदाताहरूले बढी जोड दिँदै नागरिक जागरुक बन्नुपर्ने तर्क गर्दै आफ्ना विचार दिएका छन् । तसर्थ मानव अधिकारको अर्थपूर्ण कार्यान्वयनको लागि प्रमुख समस्याको रूपमा उल्लिखित विषयमा संवेदनशील तथा गम्भीर हुनु पर्ने स्थिति देखियो । यसरी खासमा संविधानले प्रबन्ध गरेका मौलिक हकको पूर्ण प्रत्याभूति एवम् कार्यान्वयन गर्नु आजको प्रमुख र आधारभूत आवश्यकता हो । संविधानमा उल्लिखित मौलिक हक नागरिकको आधारभूत मानव अधिकारको विषय भएकोले त्यसको पालना र कार्यान्वयनबाट मानव अधिकारमैत्री समाजको निर्माण हुन सक्दछ । नेपालमा भएका विभिन्न राजनीतिक द्वन्द्व एवम् संघर्षका अनुभवहरू, संवैधानिक इतिहास तथा प्रबन्धबाट सो विषय प्रस्ट हुन्छ । राजनीतिक संघर्षबाट प्राप्त राजनीतिक र नागरिकका आधारभूत मानव अधिकारको सुरक्षाको लागि संविधानमा मौलिक हकको प्रबन्ध गरिएका हुन्छन् । मौलिक हक नै नागरिक अधिकारलाई प्रस्ट गर्ने संवैधानिक प्रबन्ध भएकाले त्यसको सैद्धान्तिक अवधारणाको ठूलो अर्थ रहेको देखिन्छ (किराती, वि.सं. २०७४, पृ. ६) ।

## ४.१ मौलिक हकको अर्थ र संविधानमा प्रयोग

राज्यद्वारा लिखितरूपमा कार्यान्वयनको प्रस्टता र सुनिश्चितता भएको नागरिकको आधारभूत तथा प्राकृतिक हकहरू जो संविधानमा लेखिएका हुन्छन् तिनलाई मौलिक हक भनिन्छ (Thapaliya, AD 2023, p. 4) । मौलिक हकको कार्यान्वयन सम्बन्धी र कानुनी प्रश्न उठेमा संवैधानिक, प्रादेशिक एवम् कानुनी छिनोफाने गर्ने अधिकार संविधानतः नेपालमा सर्वोच्च अदालतलाई रहेको हुन्छ (काफ्ले, वि.सं.२०८०, पृ.६) । मौलिक हक त्यस्ता संवैधानिक अधिकार हुन् जसको अभावमा स्वतन्त्रता र न्याय मर्न पुग्दछ (Tiedemann, AD 2020, p. 3) । फराकिलो अर्थमा मौलिक अधिकारद्वारा नागरिकलाई नागरिकको रूपमा सम्मानपूर्वक बाँच्नको लागि मार्ग प्रसस्त गर्ने अवस्था बन्दछ (Tomuschat, AD 2008, p. 213) । मौलिक हकलाई नागरिकको आधारभूत अधिकार पनि भनिन्छ । यसर्थ संविधानमा उल्लिखित मौलिक हकहरूको महत्त्वधरैनै हुन्छ । नागरिकको जीवन, आधारभूत राजनीतिक स्वतन्त्रता, सुरक्षा र मानव अधिकारको रक्षा गर्नको लागि मौलिक हकहरूको प्रबन्ध संविधानमा गरिएका हुन्छन् । मौलिक हकलाई मुलुकको शासन

प्रणालीको यथार्थ चित्रणको रूपमा पनि लिइन्छ । नागरिक अधिकारको संरक्षण तथा सुरक्षा गर्नु राज्यको पहिलो दायित्व पनि हो (खनाल, वि.सं. २०७४, पृ. ६) । संविधानले राज्यका विरुद्ध नागरिक र व्यक्तिलाई संरक्षण गर्न प्रत्याभूति गरिएका अधिकारहरू मौलिक हक हुन् ।

मौलिक हक मूलतः राज्य विरुद्धका अधिकार पनि हुन् (गोष्ठीपत्र, खनाल, वि.सं. २०७६ पुस १२) । यसैले मौलिक हकको प्रचलनको लागि संविधानहरूले संवैधानिक र कानुनी उपचारको प्रबन्ध समेत संविधान र कानुन मार्फत व्यवस्था गरेका हुन्छन् । लोकतान्त्रिक शासन प्रणालीमा निर्मित संविधानहरूमा मौलिक हक राखिएका हुन्छन् (Tyagi, AD 2009, p. 24) । त्यतिमात्र होइन एकदलीय र निरंकुश शासनमा समेत मौलिक हक चाहिँ राखिएका देखिन्छन् । लोकतान्त्रिक संविधानमा राखिएका मौलिक हकको अर्थ राज्यहरूलाई स्वेच्छाचारी बन्नबाट रोक्नु, नियन्त्रण गर्नु र नागरिक अधिकारको सुरक्षा तथा संरक्षण गर्न बाध्य पार्नु पनि हो (घिमिरे, वि.सं. २०६३, पृ. ४) । यसर्थ संविधानहरूमा उल्लिखित मौलिक हकसँग लोकतन्त्रको गहिरो सम्बन्ध हुन्छ । मौलिक हक सीमित गर्नु लोकतान्त्रिक संविधानको चरित्रमा पर्दैन (खरेल, वि.सं. २०७४, पृ. ७) । सरकारलाई चाहिँ संविधान अनुसार सीमित गर्नु लोकतान्त्रिक र असल संविधानको चरित्रमा पर्ने कुरा हो । फराकिला र वृहत् मौलिक हकहरूका प्रबन्धले लोकतान्त्रिक संविधानको सङ्केत गर्दछ । नेपालको संवैधानिक इतिहासमा निर्माण गरिएका संविधानहरूमा पनि मौलिक हकहरूको प्रबन्ध गरिँदै आएका छन् । मौलिक हक राज्यले नागरिकलाई दिएका उपहार चाहिँ होइनन् । मौलिक अधिकारको संरक्षण र सुरक्षाको लागि यस्ता अधिकारको प्रबन्ध संविधानहरूमा गरिएका हुन्छन् । संविधानले स्वतः मौलिक अधिकार दिने नभई घोषणा गरिदिने हो । सरकारका तीनै अंगले र मूलतः सरकारले त्यसको सुरक्षा र संरक्षण गर्नु पर्दछ (गिरी, वि.सं. २०७४, पृ. ६) । संवैधानिक उपचारविहीन मौलिक हकको तात्विक अर्थ नरहने भएकाले लोकतान्त्रिक संविधानमा त्यस्तो प्रबन्धको कल्पना गर्न सकिन्न (ढुङ्गेल, वि.सं. २०७४, पृ. ६) ।

मौलिक हकको सुरक्षाको लागि संविधानमै न्यायापालिकालाई स्वतन्त्र, सक्षम र संवैधानिक अधिकार सम्पन्न गरिएको हुनुपर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ (Walker/Loghin, AD 2007, p. 28) । मौलिक हक राखियो तर कार्यान्वियन भएन र संवैधानिक उपचार राखिएनन् भने त्यसको केही अर्थ हुन्न । यसर्थ आधारभूत मौलिक हकको प्रचलनमा न्यायापालिकाको ठूलो भूमिका रहेको हुन्छ । मौलिक हकको सम्मान र सुरक्षा गर्न नसक्ने राज्य लोकतान्त्रिक राज्य होइन, हुँदैन (White, AD 2004, p. 2)। यसैले मौलिक हकको कार्यान्वयन गर्न कार्यकारी अधिकार भएको सरकार र राजनीतिक प्रणालीको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । मौलिक अधिकार मूलतः नागरिकका राजनीतिक, सामाजिक,

आर्थिक र साँस्कृतिक अधिकारहरूसँग प्रत्यक्ष रूपले जोडिएका हुन्छन् (चापागाइँ, वि.सं. २०७९, पृ. ६) । मौलिक हक लोकतान्त्रिक संविधानको आधारभूत र अभिन्न संरचना समेत हो । मौलिक हकलाई संविधानबाट झिकिदिने हो भने संविधान प्राणविहीन मानव समान बन्न पुग्दछ (Wagle, AD 2022, p. 4) । संविधानको आधारभूत सिद्धान्त र प्रबन्धमा मौलिक हक पर्दछन् । भारतीय अदालतले पनि मौलिक हकलाई आधारभूत संरचनाको रूपमा व्याख्या गर्दै त्यसको सुरक्षा हुनुपर्ने प्रस्ट गरेको छ (Keshavananda Bharati v. State of Kerala, AIR 1973)।

संविधानमा मौलिक हकको आवश्यकता किन पऱ्यो भन्दा जनताको जीवन, सुरक्षा, राजनीतिक स्वतन्त्रता र सम्मानपूर्वक बाच्नको लागि आवश्यक प्रबन्ध र वातावरण निर्माण गर्नको लागि नै हो । मौलिक हकका मार्फत सरकार र राज्यका अंगलाई बढी उत्तरदायी बनाउनु हो । संविधानमा उल्लिखित मौलिक हकले सरकारलाई असीमित तथा निरंकुश हुनबाट रोक्दछ । नागरिकहरूलाई चाहिँ संविधानबाटै अधिकार सम्पन्न बनाउन सहयोग गर्दछ (ढुङ्गेल, वि.सं. २०७४) । अर्थात संविधान प्रतिकूल कानुन र अदालती व्याख्या पनि आउने कल्पना गर्न सकिन्न । प्रजातन्त्र र लोकतन्त्रको दायरा वृद्धि हुनु भनेको मौलिक हकहरूको पनि दायरा र क्षेत्र बढ्नु हो । विश्व अनुभवबाट पनि त्यस्तो देखिन्छ । सन् १७८७ को अमेरिकी संविधानमा पहिले मौलिक हकको प्रबन्ध गरिएका थिएनन् । सन् १७९१ मा मौलिक हक अर्थात विल अफ राइटस् राखिए । यद्यपि नागरिकका अधिकार, स्वतन्त्रता र स्वाधिनताका विषयहरू चाहिँ अमेरिकी स्वतन्त्रता (१७७६) को घोषणामा नै समावेश गरिएका थिए । सोही आधारमा अमेरिकी संविधानमा पछि बिल अफ राइटस् भनिकन विभिन्न मौलिक अधिकार राखिएका हुन् । सामान्यतयाः संवैधानिक विकास तीनवटा प्रक्रियाबाट अगाडि बढ्ने गरेको विश्व अनुभवबाट देखिन्छ । जसमा पहिलो क्रान्ति वा राजनीतिक परिवर्तन मार्फत नयाँ संविधानको निर्माण गर्ने, दोस्रो-समय-समयमा संविधानको संशोधन गरेर र तेस्रोमा-संवैधानिक अथवा न्यायिक व्याख्याहरूद्वारा पनि संविधानको विकास हुँदै आएका देखिन्छन् (दाहाल, वि.सं. २०६३, पृ. २४) । बेलायत, अमेरिका, नेपालका संवैधानिक विकासक्रम हेर्ने हो भने क्रान्ति र विकासक्रमका आधारमा बन्ने र विकास हुँदै आएको देखिन्छ । यसरी विश्व अनुभव र नेपालको आफ्नै संवैधानिक विकास र आवश्यकताले नेपालका संविधानहरूमा मानव अधिकारको संरक्षणको लागि मौलिक हकहरूको प्रबन्ध भएको देखिन्छ ।

नेपालका संविधानहरूको अध्ययन गर्ने हो भने मानव अधिकारको क्रमिक विकास भएको प्रस्ट हुन्छ (प्रसाइँ, वि.सं. २०७४, पृ. ६) । २००४ को संविधानमा जम्मा दुई वटा धारामा समावेश गरिएका विभिन्न मौलिक हकहरू वर्तमान नेपालको संविधान सम्म

आइपुग्दा ३१ वटा धारामा विकास हुँदै फैलिएर आइसकेका देखिन्छन् (निरौला, वि.सं. २०७७, पृ. ४५) । सबै मौलिक हक मानव अधिकार हुन् तर सबै मानव अधिकार मौलिक हक चाहिँ होइनन् । अर्थात् मानव अधिकार विश्वका प्रत्येक मानवले जहिल्यै र जहाँसुकै पाउने आधारभूत स्तरको बाँच्न पाउने न्यूनतम अधिकारका विषयहरू हुन् । मौलिक हक भने सम्बन्धित मुलुकका नागरिकले मात्र दावी गर्न पाउने आधारभूत संवैधानिक अधिकारको रूपमा प्रस्तुत हुने मानव अधिकार हुन् । मौलिक हकमा पनि वर्गीकरण गरिएका देखिन्छन् । अन्तर्राष्ट्रिय कानुन र अभ्यासहरूले त्यसरी वर्गीकरण गर्दै आएका हुन् । पहिलो अधिकार अर्न्तगत नागरिक तथा राजनीतिक अधिकारमा पर्ने जीवन, सुरक्षा, बोल्ने, लेख्ने, विरोध गर्ने, संगठित हुने, संगठन खोल्ने, राजनीतिक दल र विचार राख्ने जस्ता अधिकार यसमा पर्दछन् । दोस्रो वर्गमा पर्ने अधिकारमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू पर्दछन् । जसमा आर्थिक, सामाजिक अधिकार, शिक्षा, रोजगार, पेशा व्यवसाय र धार्मिक एवम् साँस्कृतिक अधिकारहरू पर्दछन् । तेस्रोमा वर्गमा पर्ने भनिएकामा वातावरण, सफाइ र स्वच्छ खानेपानी आदिका अधिकारहरू पर्दछन् । यी सबै हक अधिकारहरूलाई मानव अधिकार र मौलिक हकमा राख्ने गरिएका छन् ।

नेपालका संविधानहरूको विकासक्रमको अध्ययन गर्ने हो भने २००४ सालको नेपाल सरकारको वैधानिक कानुन (संविधान) देखिनै मौलिक हकहरूको प्रबन्ध भएको देखिन्छ । जसको भाग २ मा मौलिक हक तथा कर्तव्य पनि राखिएको देखिन्छ । २००७ सालको संविधानको धारा १३ देखि धारा २० सम्म राज्यका निर्देशक सिद्धान्त अन्तर्गत मौलिक हक राखिए । प्रधान न्यायालय ऐन, २००८ को दफा ३० ले अन्तरिम शासन विधानद्वारा प्रदत्त मौलिक हकको हनन भएको अवस्थामा त्यसको उपचारको निमित्त विभिन्न खालका रिटहरू जारी गर्ने अधिकार तत्कालिन प्रधान न्यायालयलाई प्रदान गरिएको थियो । अर्कोतर्फ नागरिक अधिकार ऐन, २०१२ को दफा १६, सर्वोच्च अदालत ऐन, २०१३ को दफा ११ र २०१५ सालमा जारी गरिएको नेपाल अधिराज्यको संविधानको धारा ९ मा रिटको व्यवस्था गरिएका थिए । नागरिक अधिकार ऐन, २०१२ को दफा १२ मा प्रचलित नेपाल कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हनन गरिने छैन भनि लेखिएको देखिन्छ । त्यस्तै २०१५ सालको संविधानको धारा ३ देखि धारा ९ सम्म मौलिक हक राखिएको देखिन्छ । नेपालको संविधान २०१९ मा धारा १० देखि धारा १६ सम्म विभिन्न मौलिक हकहरूको प्रबन्ध गरिएका थिए । धारा १७ मा चाहिँ सार्वजनिक हितको लागि मौलिक हकहरूको प्रयोगमा बन्देज लगाउन सकिने संवैधानिक प्रबन्धले तत्कालिन संविधान निरकुश रहेको प्रस्ट हुन्छ ।

प्रजातन्त्र प्राप्तिपछि २०४७ सालमा बनेको संविधानमा धारा ११ देखि धारा २३ सम्म कूल १३ वटा मौलिक हक राखिएको देखिन्छ । संविधानहरूमा मौलिक हक सम्बन्धी प्रबन्ध गर्ने क्रममा नेपालको संवैधानिक विकासक्रममा उल्लेख्य वृद्धि हुँदै आएर २०६३ सालको अन्तरिम संविधानमा आइपुग्दा धारा १२ देखि धारा ३२ सम्म कूल २१ वटा मौलिक हकहरूको प्रबन्ध गरिएकोमा २०७२ सालमा निर्मित नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म कूल ३१ वटा मौलिक हक उल्लेख भएको देखिन्छ । यसरी नेपालका संविधानहरूमा मौलिक हकहरूको प्रबन्ध गर्ने क्रममा संख्यात्मक, गुणात्मक र अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित विषयहरूको समावेशको दरमा वृद्धि हुँदै आएको हो ।यसरीराणा शासनकालदेखि वर्तमान गणतान्त्रिक संविधानसम्म आइपुग्दा अनेक प्रकारका संवैधानिक प्रबन्ध र मौलिक हकहरूको विकास तथा विस्तार हुँदै आएको देखिन्छ (फुयाल, वि.सं. २०७१, पृ. ३५) । यिनै संविधानहरूका संवैधानिक प्रबन्ध र व्यवस्थाहरूको आधारमा नेपालमा मानव अधिकार सम्बन्धी धारणा, मान्यता तथा प्रबन्धहरू विकास हुँदै आएका हुन् (Wagle, AD 2022, p. 4) । अतः मानव अधिकारका विषयमा आउने मौलिक हक तथा संवैधानिक प्रबन्धका दृष्टिकोणले नेपालका विभिन्न संविधानहरूमा भएका संवैधानिक प्रबन्धहरूको यहाँ चर्चा गरिएका छन् ।

### ४.१.१ नेपाल सरकारको वैधानिक कानुन, २००४

तत्कलीन समयमा विश्वमा आएका संवैधानिक-राजनीतिक विभिन्न परिवर्तन तथा मूलतः भारतीय राजनीतिमा आएको परिवर्तन, स्वतन्त्रताका लागि भएको संघर्ष आदिको नेपाली राजनीतिक समाजमा पनि प्रभाव परेको देखियो । राणा शासनको निरंकुशताको नेपाली नागरिक र समाजबाट तीव्र विरोध हुन थालेकोले राणा शासन विरोधी आन्दोलनलाई कमजोर बनाई असफल पार्ने उद्देश्यले समेत राणाहरूमध्ये उदारवादी मानिने श्री ३ देवशमशेर राणाले भारतका बेलायती शासक समक्ष नेपालमा संविधान निर्माण गर्नको लागि विज्ञ पठाइदिन माग गरेका थिए । सोही क्रममा तत्कालिन प्रधानमन्त्रीको हैसियतमा रहेका श्री ३ पद्मशमशेर राणाले नेपाल सरकारको वैधानिक कानुन, २००४ घोषणा गरेका हुन् (Poudyel, AD 2015, p. 4)। यस संविधानको निर्माण गर्न भारतीय संविधानविदहरू प्रकाश गुप्ता, डा.राम उग्रसिंह तथा रघुनाथ सिंह आएका थिए । यसअघि राणा प्रधामन्त्री पद्मशमशेरले वि.सं. २००३ सालमा राजनीतिक सुधार गर्ने घोषणा पनि गरेका थिए (सिंह, वि.सं. २०६६) । उनले आफ्नो सत्तालाई बढी टिकाउन मात्र संविधानको नाटक गरेका थिए भन्ने आरोप तत्कालिन राजनीतिक संघर्षको क्रममा राजनीतिक दलका नेताहरूले लगाएका थिए । सोही कारण संविधान पूर्ण रूपमा लागु हुन सकेन । यद्यपि नेपालको संवैधानिक इतिहासमा पहिलो संविधान भएकाले नेपालको राजनीतिक-संवैधानिक इतिहासमा यसको

महत्त्व रहेको छ । सो संविधानको भाग २ मा मौलिक हक राखिएको थियो । जसमा व्यक्तिगत स्वतन्त्रता, प्रकाशनको स्वतन्त्रता, सभा सम्मेलनको स्वतन्त्रता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, भोट गर्न पाउने समान हक, धार्मिक स्वतन्त्रताको हक, व्यक्तिगत सम्पत्तिको संरक्षणका हकहरू उल्लेख गरिएका थिए । त्यसैगरी धारा ५ मा नागरिक कर्तव्यहरूमा मुलुकको सुरक्षा र कल्याणको लागि शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनु पर्ने कर, रकम दिने, लोकहित हुने काममा सहायता दिने, श्री ५ महाराजधिराज र श्री ३ महाराजहरूमा सच्चा भक्ति साथ नेपाल राज्य र विधान पद्धत्तिमा इमानदारी साथ सद्भाव राख्ने उल्लेख गरिएको थियो । संविधानले राजा र श्री ३ महाराजमा सच्चा भक्ति राख्ने कुरालाई पनि नागरिकको मौलिक हकमा राखेकोले संविधान मूलतः बेलायती दार्शनिक जोन अस्टिनको कानुनी अधिकारको सिद्धान्तमा बनेको प्रस्ट हुन्छ । अस्टिनको धारणामा कानुन त्यो हो जो शासकले जारी गरी लागु गर्दछ र पालना नगर्नेलाई सजाय हुन्छ भन्ने दृष्टिकोण राखेका थिए । संविधानले सो कुरालाई मौलिक हकमानै राखेकोले तत्कालिन संविधान जारी भएको अवस्था भए पनि नागरिक स्वाधीन र स्वतन्त्र नभएको प्रस्ट देखिन्छ (खतिवडा, वि.सं. २०६८, पृ. ६१) ।

नेपालको संवैधानिक इतिहासमा नेपालको वैधानिक कानुन, २००४ ले पहिलो संवैधानिक आकार ग्रहण गरेको देखिन्छ । अर्थात त्यसअघि नेपालमा संविधान बनेका थिएनन् । यस अर्थमा यसको ऐतिहासिक महत्त्व र अर्थ रहेको भए पनि जहाँनियाँ राणा शासन कायम भएको, नागरिकमा राजनीतिक चेतना र दलीय राजनीतिक वातावरण नबनेको, मानव अधिकार र मानिसका प्राकृतिक अधिकार सम्बन्धमा जनतामा सूचना नै नभएको तथा शासक-सत्ताका विरुद्ध बोल्ने स्थिति नभएकोले सो संविधान कागजी मात्र रहेको भन्न सकिन्छ(Kharel, AD, 2013, p. 14) । तरपनि नेपालको वर्तमान संविधान सम्मको आधारभूत प्रस्थान विन्दुको रूपमा रहेकोले यसलाई घर निर्माणको थालनीमा पहिलो इँट्टा भए जस्तो महत्त्वपूर्ण मान्न सकिन्छ । आजको समाज, सामाजिक मान्यता, मूल्य चेतना आदिसँग त्यतिबेलाको समय र राजनीतिक वातावरणको तुलना र विश्लेषण गर्दा सो समयमा नागरिक अधिकारविहीन थिए भन्ने प्रस्ट हुन्छ । उल्लिखित विधानमा कतिपय संवैधानिक प्रावधानको लागि आवश्यक हुने आधारभूत विषयहरू भने समग्रमा राखिएका थिए । जस्तो राजनीतिक स्वतन्त्रता तथा नागरिक अधिकारका विषयमा पर्ने व्यक्तिगत स्वतन्त्रता, प्रकाशनको स्वतन्त्रता, सभा सम्मेलनको स्वतन्त्रता आदि भए पनि ती अधिकार नागरिकले प्राप्त गर्ने संवैधानिक प्रावधान प्रस्ट गरिएका थिएनन् (गोष्ठीपत्र, भुसाल, वि.सं. २०७५ साउन १५) ।

राणा शासन कायम भएको अवस्था भए पनि सो शासन व्यवस्थाको विरोधमा मुलुकभर विभिन्न स्थान, चरण तथा प्रक्रियाबाट राजनीतिक विरोध, पर्चाबाजी, जुलुस तथा राजनीतिक गतिविधिहरू भइसकेको थियो । यस्तो समयमा नेपालको संवैधानिक इतिहासलाई विश्लेषण गर्दा वि.सं. २००४ सालको अन्तरिम शासन विधान नामक पहिलो संविधानलाई पहिलो ऐतिहासिक संविधानको रूपमा बुझ्न चाहिँ सकिन्छ । तरपनि अधिकार भने संविधानतः राणा प्रधानमन्त्रीमै राखिएको थियो । अर्कोतर्फ राणा शासकहरूको परिवारभित्रै शक्ति, सत्ता तथा शासनको लागि छिनाझम्टी तथा आपसी विरोधहरू भइरहेका थिए । निरंकुश राणाहरू आफ्नो सत्ता र शासन टिकाउन थप दमनकारी नीति सञ्चालन गर्न चाहन्थ्ये । यता देशमा जनता तथा नागरिकहरू निरंकुशताको विरोधमा सङ्गठित हुन थालिसकेको अवस्था भएको कारण उनीहरू मुलुकमा कानुनी शासन, विधि र प्रणाली रहेको देखाउन र जनताको आँखामा छारो हाल्नको लागि संविधान बनाउन चाहेकोले सो विधान ल्याईएको थियो । तर संविधान (विधान) मा बहुदलीय प्रजातन्त्र, विधिको शासन, कानुनी शासन, शक्तिपृथकीकरण, स्वतन्त्र र सक्षम न्यायालय जस्ता आधारभूत पक्षहरूको भने प्रस्ट अभाव देखिन्थ्यो । संविधानवादका आधारभूत मूल्य र मान्यता संविधानमा प्रस्टसँग देखिन्नथ्यो । साथै नागरिक तथा राजनीतिक अधिकारका केही आधारभूत कुराहरूको उल्लेख भए पनि सो प्रस्ट र पूर्ण आकार ग्रहण गरेको अवस्था थिएन । त्यसैले मानव अधिकारको दृष्टिकोणबाट विश्लेषण गर्दा सो विधानमा महत्त्वपूर्ण तथा आधारभूत कुराहरू जस्तो जीवनको अधिकार, जाति, भाषा, धर्म, राजनीतिक विचारधारा आदिका आधारमा भेदभाव नहुने र राजनीतिक स्वतन्त्रता जस्ता विषयको अभाव रहेको थियो भन्न सकिन्छ ।

नेपालको पहिलो संविधानको रूपमा आएको नेपाल सरकारको वैधानिक कानुन, २००४ को धारा ६० ले कानुन आरम्भ भएपछि सकभर चाँडो र अवस्थाले दिएसम्म मुलुकभर प्रारम्भिक शिक्षा निःशुल्क अनिवार्य हुने र मातृभूमिको सेवालाई चाहिने शिल्प शिक्षा तथा उच्च शिक्षाको प्रबन्ध सरकारबाट हुने, साथसाथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उति गर्न तथा शिक्षाको मूख्य लक्ष्य नैतिक उपदेश, व्यक्तिगत योग्यता र कार्यकुशलता, राष्ट्रप्रेम र अन्तर्राष्ट्रिय मैत्रीभाव फैल्याउने हुनु पर्ने व्यवस्था गरेको थियो । संविधानमा जतिसक्दो छिटो र सम्भवभएसम्म जस्ता शब्द वाक्य राखिएकोले संविधानले दिएका त्यस्ता अधिकार कार्यान्वयनको सुनिश्चितता देखिन्नथ्यो । अर्कोतर्फ त्यसलाई मौलिक हकमा नराखी भाग ६ को विविध शीर्षक अन्तर्गत राखिएको थियो । तसर्थ त्यो व्यवहारमा भने कहिल्यै आएन । यसले २००७ साल भन्दा अघि शिक्षाको अधिकारको कार्यान्वयन ज्यादै सीमित रहेको प्रस्ट हुन्छ । २००७ साल अघि नेपालको साक्षरता दर २ प्रतिशत मात्र रहेकोले त्यो कुरा पुष्टि गर्दछ । संविधानमा मौलिक हकहरूको प्रयोग

लोकनीति र सदाचारका सिद्धान्तको बर्खिलाप नहुने र प्रचलित प्रथा तथा बन्ने ऐन र नियमहरूको विरोध नगरी गर्नु पर्ने भन्ने वाक्य उल्लेख भएकोले मौलिक हकमा राज्यले प्रशस्त बन्देज लगाउन सक्ने अवस्था संवैधानिक रूपमै राखिएकोले मौलिक हक अर्थात मानव अधिकारको सही कार्यान्वयन हुनेमा उल्लिखित संविधानमा प्रस्टता थिएन । जे भए पनि नेपालको संवैधानिक इतिहासमा पहिलो लिखित संविधानको रूपमा त्यो आउनु आफैमा सकारात्मक कुरा चाहिँ थियो । सो शासन विधानले नागरिकलाई मौलिक हक अर्न्तगत व्यक्तिगत सम्पत्तिको हक दिएको देखिए पनि त्यो कार्यान्वयनमा प्रस्ट देखिएन । संक्षेपमा भन्नुपर्दा सो विधान खास कार्यान्वयनमा नआई २००७ सालको अन्तरिम शासन विधान आयो (अर्याल, वि.सं. २०७०, पृ. १२३) ।

## ४.१.२ नेपाल सरकारको अन्तरिम शासन विधान, २००७

नेपाली जनताको राजनीतिक संघर्ष, आन्दोलन र चेतनालाई सम्मान गर्दै २००७ साल फागुन ७ गते संविधान घोषणा गरिएको थियो । नेपालको इतिहासमा दोस्रो लिखित संविधान २००७ सालको अन्तरिम संविधान हो । जसको प्रस्तावनामा 'अब उप्रान्त हाम्रा प्रजाको शासन उनीहरू आफैले रोजेको विधान परिषद्ले बनाएको प्रजातान्त्रिक विधान अनुसार हुनुपर्दछ ...' भन्ने वाक्य उल्लेख गरिएको थियो । यो संविधान राज्यद्वारा प्रद्धत्त संविधान थियो । जुन नेपालमा यस्तो प्रकारको पहिलो लिखित संविधान बन्न पुग्यो । यसअघि वैधानिक शासन विधान ल्याइएकोले संविधानको हिसाबले नेपालको दोस्रो संविधान जसमा मौलिक हकहरूको व्यवस्था गरिएका थिए । जसको धारा १७ देखि धारा १९ सम्म ती मौलिक अधिकार राखिएका देखिन्छ । जसमा धारा १७ मा वाक र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक विनाहतियार सम्मेलन सभा गर्ने, संघ संगठन खडा गर्ने, नेपाल राज्यभर विना रोकतोक घुमफिर गर्ने, नेपालको जुनसुकै भागमा पनि निवास र जमघट गर्न पाउने, सम्पत्ति आर्जन गर्न सक्ने, सम्पत्ति भोग गर्न सक्ने, कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने अधिकार हुनेछ भनिएको थियो । संविधानमा समानताको हक, भेदभाव विरुद्धको हक, विभिन्न प्रकारका वैयक्तिक स्वतन्त्रताहरू, फौजदारी न्याय सम्बन्धी हक, शोषण विरुद्धको हक, बालबालिकाको हक आदि उल्लेख गरिएका थिए (वस्याल, वि.सं. २०६८, पृ. ४८) । धारा १८ (३) मा अपराधको वात लागेको मानिसलाई आफ्ना विरुद्ध साक्षी हुन कर नलाग्ने र धारा १९ मा कानुन र कानुनी रित बाहेक व्यक्तिगत स्वतन्त्रता हनन नगरिने उल्लेख भएको देखिन्छ । नेपालमा पहिलो पटक राजनीतिक स्वतन्त्रता र प्रजातन्त्र आएको अवस्था भएकोले वाक र प्रकाशन सम्बन्धी स्वतन्त्रतालाई संविधानले मौलिक हकमा राखेको देखिन्छ । राजनीतिक संघ/संगठनको अधिकार दिइएकोलाई पनि तत्कालिन संविधानको अर्को महत्त्वपूर्ण प्रबन्ध मान्नु पर्ने हुन्छ ।

नेपालको राजनीतिक इतिहासमा वि.सं. २००७ सालको राजनीतिक आन्दोलन र परिवर्तनले धैरै ठूलो अर्थ र महत्त्व राख्ने गरेको छ । आजको प्रजातान्त्रिक वातावरण र संवैधानिक प्रबन्धको प्रमुख आधार र जगको रूपमा सो राजनीतिक परिवर्तनलाई लिन सकिन्छ । २००७ सालको अन्तरिम शासन विधान आएपछि शिक्षामा पनि लगानी बढेको देखिन्थ्यो । विधानको भाग २ को राज्य नीतिका निर्देशक सिद्धान्तहरू अन्तर्गत धारा ७ ले सरकारले देशको आर्थिक अवस्था र विकासले दिएसम्म काम पाउने हक, शिक्षा पाउने हक तथा बेकार, वृद्ध बेरामी अंगहीन र अरु यस्तै अभाववास्थामा सहयाता पाउने हक दिलाउन आवश्यक प्रबन्ध गर्नेछ भन्ने व्यवस्था गरेको थियो । मौलिक हक भनिकन अलग्गै राखिएका थिएनन् । मौलिक हकमा राख्नुपर्ने कुराहरू पनि यसै भागमा व्यवस्थित गरिएको भए पनि तत्कालिन समयमा गरिएका त्यस प्रकारका मौलिक हक सम्बन्धी संवैधानिक प्रबन्धलाई महत्त्वपूर्ण प्रबन्ध चाहिँ मान्नुपर्ने हुन्छ । राजनीतिक परिवर्तन र संविधानको निर्माण भएपछि तत्कालिन राज्यले शिक्षामा लगानी वृद्धि गरेको थियो । तत्कालिन संवैधानिक प्रबन्धले जनता रैतिबाट नागरिक बनाएको अवस्थाले नेपाली राजनीतिक इतिहासमा त्यसलाई एउटा कोसेढुङ्गा जस्तो ठान्नु पर्ने हुन्छ । आज नेपाली नागरिकले जुन संवैधानिक अधिकार, मानव अधिकार, नागरिक स्वायत्तता, विधिको शासन र प्रणालीको वकालत गरी संवैधानिक अधिकारको उपयोग गर्दैछन् सो समयमा आएको प्रजातन्त्रको मूल्य यो भन्दा बढी थियो भन्न सकिन्छ । जतिबेला सडकमा निस्केर पर्चा छर्दा जयतु संस्कृतम् आन्दोलनमा लागेकाहरूलाई राणा शासकले यातना दिएका थिए (Kharel, AD, 2013, p. 14)।

राणा शासनको विरोध गरेको आधारमा दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठहरूले काठमाडौँका विभिन्न स्थानहरूमा उनीहरूलाई झुन्ड्याइएको र सहिद बनाइएको थियो । त्यस्तो राजनीतिक अवस्था र वातावरणबाट अघि बढेको अवस्थामा नेपाली राजनीतिक इतिहासमा वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि आएको संविधानलाई एउटा महत्त्वपूर्ण संवैधानिक प्रबन्धको दृष्टिमा चित्रण गर्नुपर्ने हुन्छ । तसर्थ त्यस्तो अवस्थामा बनेको अन्तरिम शासन विधानले नेपाली राजनीतिक प्रणाली र संवैधानिक प्रबन्धको क्षेत्रमा एउटा भिन्दै महत्त्व बोकेको भन्नु पर्ने स्थिति रहेको छ । यद्यपि सो विधानलाई धैरै टिक्न दिइएन (निरौला, वि.सं. २०७७, पृ. ६) ।

राणा शासनको अन्त्यपछि वि.सं. २००७ साल फागुन ७ गते नेपालको इतिहासमा पहिलो पटक प्रजातन्त्रको नयाँ अध्याय खुलेको हो । क्रान्तिपछि नेपाली जनतालाई मौलिक एवम् कानुनी हक प्रदान गर्न नेपालको अन्तरिम विधान २००७ जारी गरिएको थियो । सोही साल प्रधान न्यायालय ऐन जारी गरिएको हो । त्यसले मुलुककै सर्वोच्च न्यायालयको रूपमा प्रधान न्यायालयलाई स्थापित गराएको थियो । जसलाई नागरिकले आफू अन्यायमा परेको र

गैरकानुनी थुनामा हालिएको अवस्थामा बन्दीप्रत्यक्षीकरण लगायतका रिटमार्फत निवेदन दिन सकिने अधिकार दिइएको थियो । मानव अधिकारको दृष्टिकोणमा यसलाई महत्त्वपूर्ण कदम भन्न सकिन्छ । प्रजातन्त्रको भर्खर उदय भएको अवस्थामा वि.सं. २०११ सालमा राजा त्रिभुवनको निधन भएपछि राजा श्री ५ महेन्द्र राज्यको प्रमुख बने । राजनीतिक परिवर्तन, सामाजिक न्याय, शासनमा सुधार, प्रजातन्त्र, नागरिक स्वतन्त्रता, मानव अधिकार आदिको दृष्टिले यो अवधिलाई ऐतिहासिक समय भन्न सकिने भए पनि त्यसबिचमा आएको २०१५ सालको संविधान खारेज गरी वि.सं. २०१७ साल पुस १ गते राजा श्री ५ महेन्द्रले दलमाथि प्रतिबन्ध लगाएर एकदलीय पञ्चायती व्यवस्था लागु गदिदिए (अन्तर्वार्ता, रविनाराण खनाल, वि.सं. २०७६, पुस २६) ।

मानव अधिकार र नागरिक अधिकारको दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नुपर्दा यो कालमा प्रजातन्त्र आउनु नै महत्त्वपूर्ण उपलब्धि बन्न पुग्यो र सोही अनुसार सोचियो । तर त्यो बाहेक राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा अन्य सुधार देखिएनन् । सुधार र परिवर्तन गर्ने अवसर तथा समय पनि दिइएन । राजा महेन्द्रमा तत्कालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक परिवेश र नागरिक चेतनास्तरको न्यूनताका कारण सो कालमा प्रजातन्त्र र मानव अधिकारको क्षेत्रमा सुधार तथा परिवर्तन गर्ने परिस्थिति रहेन । तथापि नेपाली राजनीतिक इतिहासमा प्रजातान्त्रिक संवैधानिक-राजनीतिक व्यवस्थाको प्रारम्भिक आधार निर्माण गर्ने कामचाहिँ यही संवैधानिक कालमा भयो । सम्भवतः वि.सं. २००७ सालमा प्रजातन्त्र नआएको भए त्यसपछिका राजनीतिक र सामाजिक घटनाहरू घट्ने आधारभूत संवैधानिक-राजनीतिक आधार बन्ने थिएनन् । आजको लोकतान्त्रिक-गणतान्त्रिक संविधानको एउटा महत्त्वपूर्ण आधार र जगको रूपमा २००७ सालको संविधानलाई लिन सकिन्छ (बजगाई, वि.सं. २०७७, पृ. १२) । त्यसपछि नेपालमा तेस्रो संविधानको रूपमा नेपाल अधिराज्यको संविधान, २०१५ ल्याइयो ।

### ४.१.३ नेपाल अधिराज्यको संविधान, २०१५

नेपालको संवैधानिक इतिहासमा आएको तेस्रो संविधानले पहिलो पटक संविधानलाई देशको मूल कानुन चाहिँ भनेको थियो । बहुदलीय संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, सीमित सरकार जस्ता पक्ष संविधानको प्रमुख विषय थिए । मौलिक हक, वालिग मताधिकार, उत्तरदायी कार्यपालिका, शक्तिपृथकीकरण, आवधिक निर्वाचन जस्ता सर्त उल्लिखित संविधानमा हुनु सकारात्मक पक्ष मान्नुपर्ने हुन्छ । संविधानलाई संसदीय व्यवस्थाको विश्वव्यापी आधारभूत मूल्यमा बनाइएको संविधान भनिएको थियो । संविधानको धारा १० ले कार्यकारी अधिकार श्री ५ मा निहित गराएको थियो । दुई सदनात्मक संसदको

प्रावधान राखिएको संविधानमा श्री ५ बाट प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न सक्ने व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने संवैधानिक प्रबन्ध संविधानमा गरिएको थियो । २०१५ साल फागुन १ गते जारी गरिएको संविधान राजाद्वारा प्रद्धत्त संविधान थियो तर पनि संविधानलाई देशको मूल कानुन हो भन्ने कुरा प्रस्ट गरिएको थियो । संविधानमा मौलिक हकहरूको व्यवस्था गरिएका थिए । संविधानको धारा ३ देखि धारा ९ सम्म ती अधिकार राखिएका हुन् । जसमा वैयक्तिक स्वतन्त्रताको हक (धारा ३), समानताको हक (धारा ४), धर्म सम्बन्धी हक (धारा ५), सम्पत्ति सम्बन्धी हक (धारा ६), राजनैतिक स्वतन्त्रताको हक ( धारा ७), संवैधानिक उपचारको हक राखिएका थिए(Kharel, AD, 2013, p. 34)। त्यसैगरी धारा ३ (३) मा अपराधको आरोप लागेका व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था संविधानमा गरिएको देखिन्छ । संविधानले शिक्षाको सम्बन्धमा छुट्टै कुनै प्रबन्ध नगरेको भए पनि २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास चाहिँ गरेको देखिन्थ्यो । सो समयदेखि हालसम्म विद्यालय र कलेजका शिक्षामा सुधारका लागि विभिन्न प्रयासहरू भएका छन् ।

नेपालको संवैधानिक इतिहासमा पहिलो चोटी मूल कानुनको यस मान्यतालाई संविधानमा उल्लेख गरिएको नेपाल अधिराज्यको संविधान, वि.सं. २०१५ को धारा १ मा यो संविधानलाई देशको मूल कानुनको रूपमा स्वीकार गरिएको हो । संविधानसँग बाभि्कने नेपाल कानुन बाभि्कएको हदसम्म खोरज हुने व्यवस्था संविधानमा प्रस्ट लेखिएको थियो । यस प्रावधानले संविधानको सर्वोच्चताको अवधारणालाई चाहिँ पच्छ्याउन खोजेको देखिन्छ । तापनि यसको लागि आवश्यक पर्ने क्षेत्राधिकार सहितको स्वतन्त्र न्यायापालिकाको व्यवस्था गर्न नसकिएको हुँदा त्यस संविधानमा पूर्ण रूपमा संवैधानिक सर्वोच्चताको अवधारणालाई स्वीकार्न सकेको प्रस्ट देखिँदैन । संविधानको धारा ५५ र ५६ मा राजालाई संवैधानिक बनाउने नाममा संवैधानिक रूपमै निरंकुश तथा स्वेच्छाचारी हुन सक्ने गरी संकटकालीन अधिकार प्रयोग गर्ने प्रबन्ध गरिएको थियो । संविधानमा रहेका यिनै धारामा उल्लिखित प्रबन्धहरूको दूरूपयोग गरी संविधानका सम्पूर्ण धाराहरू निलम्बन गरी तत्कालिन राजा श्री ५ महेन्द्रले निर्दलीय पञ्चायती शासन व्यवस्था लागु गरेका हुन् । यद्यपि यो संविधानको अर्को महत्त्वपूर्ण व्यवस्था भनेको मौलिक हकहरूको संरक्षण गर्नु नै रहेको भए पनि संविधान कार्यान्वयनको छोटो कालमा नै फेरि प्रजातान्त्रिक शासन प्रणाली खारेज गरी निर्दलीय पञ्चायती संविधान जारी गरिनुलाई दूर्भाग्यपूर्ण अवस्था भन्नुपर्ने हुन्छ । जसले निर्दलीय पञ्चायती संविधान ल्यायो (Dhungana, AD, 2021, p. 53)।

### ४.१.४ नेपालको संविधान, २०१९

तत्कालीन राजा श्री ५ महेन्द्र वीर विक्रम शाहदेवद्वारा वि.सं. २०१७ साल पुस १ गते नेपाल अधिराज्यको संविधान, वि.सं. २०१५ को धारा ५५ को दूरूप्रयोग गरी पहिलो निर्वाचित संसद र संसदबाट निर्मित सरकारको विघटन मात्र गरेनन, त्यस संविधानका अधिकाँश धाराहरू समेत निलम्बन गरी नेपालमा स्थापित संसदीय व्यवस्थाकै अन्त्य गरिदिए । त्यसपछि ऋषिकेश शाहको अध्यक्षतामा नयाँ संविधान मस्यौदा समिति गठन भई संविधान तयार गरिएको थियो । जसमा शक्तिको केन्द्रमा सक्रिय राजालाई राखिएको थियो । एक सदनात्मक राष्ट्रिय पञ्चायतको व्यवस्था संविधानमा गरिएको थियो । पञ्चायत नीति तथा जाँचबुझ समिति नामको समितिको अध्यक्षमा राष्ट्रिय पञ्चायतको अध्यक्ष रहेने प्रबन्ध संविधानमा गरिएको थियो । जसको मूल काम चाहिँ बहुदलको समर्थनमा रहेका राजनीतिक पार्टी, समूह र नेताको निगरानी गर्नु हुन्थ्यो । संविधानको धारा १० देखि धारा १६ सम्म मौलिक हक राखिएको भए पनि राजनीतिक स्वतन्त्रता नभएकोले त्यो देखावटी मात्र थियो । संविधानमा उल्लिखित मौलिक हकहरूमा धारा ९ देखि धारा १६ सम्म क्रमशः समानताको हक, स्वतन्त्रताको हक (धारा ११), देश निकाला विरुद्धको हक (धारा १२), शोषण विरुद्धको हक (धारा १३), धर्म सम्बन्धी हक (धारा १४), सम्पत्ति सम्बन्धी हक (धारा १५), संवैधानिक उपचारको हक (धारा १६) राखिएका थिए । जसमा पहिलो धारा १० मा मौलिक कर्तव्य र हक उल्लेख गरियो । अर्थात् मौलिक हकको पहिलो वाक्यमा 'कर्तव्य' उल्लेख गरियो 'अधिकार' शव्द राखिएन । यसबाट संविधानले नागरिकलाई अधिकार प्रदान गर्ने भन्दा पनि 'कर्तव्य' भनिकन राजाको प्रत्यक्ष नियन्त्रण र त्रासमा राख्ने संवैधानिक प्रबन्ध सहितको सोच भएको प्रस्ट हुन्छ । यसर्थ यो संविधान पनि दार्शनिक अष्टिनको कानुनी अधिकारको सिद्धान्तमा बनाइएको थियो । सो सिद्धान्तले शासकले जारी गरेका आदेशलाई कानुन मान्दछ र सो पालना नगर्नेलाई सजाय हुन्छ भन्ने दृष्टिकोण राख्दछ ।

यद्यपि नेपालको संविधान, २०१९ को धारा ७१ मा नागरिक अधिकार हनन भएको अवस्थामा रिटको माध्यमबाट विभिन्न अधिकार स्थापित गर्नको लागि पीडितले सर्वोच्च अदालतमा निवेदन गर्न सक्ने अधिकार नागरिकलाई रहेको उल्लेख गरियो । धारा ११ (५) मा अभियोग लागेको व्यक्तिलाई उसको स्वेच्छाले बाहेक आफ्नो विरुद्ध बयान दिन कर नलाग्ने व्यवस्था गरी फौजदारी मुद्दामा अभियुक्तको हकमा आफ्ना कुराहरू गोप्य राख्न पाउने भन्ने उल्लेख गरिएको थियो । अर्कोतर्फ संविधानको धारा १७ मा 'संवैधानिक हितको निमित्त' भन्ने नाममा मौलिक हकमा बन्देज लगाइने व्यवस्था समेत राखिनु निरंकुश तथा नियन्त्रणकारी संविधान भएको प्रमाण हो । जसको उपदफा (२) मा 'नेपालको सुरक्षा, शान्ति, सदाचार, अदालत र पञ्चायतको अवहेलना रोक्न' आवश्यक भएको अवस्थामा संविधान प्रदत्त मौलिक हकमाथि रोक लगाउने भन्ने कुरा लेखियो । राजालाई संविधान

भन्दामाथि राखिएको उक्त संविधानमा नेपाल हिन्दू अधिराज्य भनिएको थियो । तर पनि संविधानको भाग ११ मा न्यायापालिकाको व्यवस्था गरिएको थियो । जसमा संविधान कानुनको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई रहेको उल्लेख थियो (खतिवडा, वि.सं. २०६८, पृ. २) ।

२०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाएको दिनदेखि उनले निर्दलीय पञ्चायतको सूत्रपात गरी जनताद्वारा निर्वाचित तत्कालिन काँग्रेस नेता प्रधानमन्त्री विशेश्वरप्रसाद कोइराला (१९१४-१९८२) समेतलाई काठमाडौँको सुन्दरीजल स्थित जेल हाले । त्यसपछि लगातार २०४६ चैत्र २६ गते राती १२ बजे सम्म ३० वर्षसम्म नेपालमा पञ्चायती एकदलीय शासन सञ्चालित भयो । सो शासन कालमा मानव अधिकारको व्यापक उलङ्घन भएको आरोप तत्कालीन बहुदलवादी राजनीतिक दलका नेताहरू गणेशमान सिंह, मदनकुमार भण्डारी, गिरिजाप्रसाद कोइराला, पद्मरत्न तुलाधर, झलनाथ खनाल, केपी ओली, साहना प्रधान आदिले वि.सं. २०४६ को आन्दोलनका क्रममा लगाएका थिए । उक्त समयमा सत्ताको विरोधीलाई व्यापक दमन गरी सरकार वा पञ्चायती शासन टिकाउने एकमात्र उपाय सोचियो । तापनि पञ्चायत र पञ्चायती संविधान विरोधी जनविद्रोह थामिएन (खतिवडा, वि.सं. २०६८, पृ. ३७) । अर्कोतर्फ संविधानमा राजकाज सम्बन्धी मुद्दामा दोषी देखिएकालाई मुत्युदण्ड दिन सकिने समेतको संवैधानिक प्रावधान राखिएकोले यसलाई गम्भीर मानव अधिकार विरोधी संवैधानिक प्रबन्ध भन्नुपर्ने हुन्छ (अन्सारी, २०७७, पृ. ७) ।

राजनीतिक विरोधीलाई मृत्युदण्डनै दिने गरी गरिएको उक्त संवैधानिक प्रबन्धका कारण पञ्चायती शासन काल मानव अधिकार र नागरिक स्वतन्त्रता एवम् राजनीतिक अधिकारका दृष्टिकोणबाट विश्लेषण र मूल्याङ्कन गर्नुपर्दा यस अवधिलाई निरासाजनक समय भन्नुपर्ने हुन्छ । साथै राजनीतिक दल खोल्ने, राजनीतिक कार्यक्रम गर्ने, शासकका विरुद्ध बोल्न पाउने, बिरोध गर्न पाउने जस्ता न्यूनतम् राजनीतिक तथा नागरिक अधिकारहरू थिएनन् । संविधानमा मौलिक हक र नागरिक अधिकारका विषयहरू उल्लेख गरिएको भए पनि पञ्चायतको विरोध गर्नेहरूको लागि त्यो अधिकार थिएन । पञ्चायती व्यवस्था र राजाको समर्थन गर्नेहरूले मात्र संवैधानिक अधिकारको बढी उपयोग गर्न सक्ने प्रबन्ध संविधानमा गरिएको थियो । मानव अधिकार, प्रजातन्त्र, विधिको शासन, संविधानवाद, नागरिक स्वायत्तता, सम्मान, नागरिक समानता आदि जस्ता कुराहरू व्यवहारत(De-Facto)नागरिकहरूले निर्वाध तरिकाले पाउने स्थिति थिएन । दलीय प्रजातन्त्र नभएको, राज्य र सरकारको विरोध गर्ने संवैधानिक र कानुनी अधिकार नभएको, शासनको केन्द्रमा राजा र पञ्चायती शासक भएकाले राजनीतिक अधिकार तथा मानव अधिकारका न्यूनतम अधिकार

सामान्य नागरिकहरूले निर्वाध रूपमा प्रयोग गर्ने अवस्था थिएन । राजनीतिक दल, संघ र सङ्गठन खोल्न तथा सङ्गठित हुन पाउने आधारभूत राजनीतिक अधिकार नभएपछि मानिसले पाउनुपर्ने राजनीतिक तथा सामाजिक स्वतन्त्रता पाउने अवस्था हुने विषय पनि भएन । यस दृष्टिले हेर्दा पञ्चायती संवैधानिक कालमा प्रजातान्त्रिक अधिकार तथा मानव अधिकार भन्ने कुरा अत्यन्त सीमित गरी पञ्चायती व्यवस्थाको समर्थकको लागि मात्र हुने गरी प्रबन्ध गरिएको थियो भन्ने प्रस्ट हुन्छ । यद्यपि संविधानले सर्वोच्च अदालतलाई मौलिक हकको संरक्षणको लागि रिट जारी गर्न सक्ने अधिकार दिइएको थियो (गोष्ठीपत्र, भुसाल, वि.सं. २०७५, साउन १५) ।

वि.सं. २०१९ सालको संविधान विशुद्ध एकदलीय वा निर्दलीय पञ्चायती संविधान थियो । सो पञ्चायती निर्दलीय संविधानमा मानव अधिकारको चर्चा र विवेचना गर्नुपर्दा दलीय शासन नभई राजनीतिक विचारमाथि अंकुश लगाइएकोले आधारभूत रूपमा संविधान जनविरोधी थियो भन्न सकिन्छ । नागरिक अधिकारका आधारभूत राजनीतिक दर्शन र विश्वासका आधारमा अधिकारका विषय दलीय आवाज बोल्ने, संगठन गर्ने, जुलुस गर्ने, राजनीतिक विरोध गर्ने जस्ता न्यूनतम अधिकार हुन्छन् । त्यस खालका अधिकारहरूबाट जनता र नागरिक अधिकारविहीन भएकोले सो संविधानमा राखिएका मौलिक हक र नागरिक अधिकारहरू पञ्चायती व्यवस्था र राजाको समर्थन गर्ने तथा त्यस्ता पञ्चायती शासकहरूको स्वार्थका लागि मात्र रहेको थियो । तत्कालीन पञ्चायती सत्ताले २०२१ साल फागुनमा झापाको सुखानीको जङ्गलमा जेल सार्ने नाममा तत्कालीन क्रान्तिकारी योद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, कृष्ण कुँइकेल र नारायण श्रेष्ठको हत्या गऱ्यो । २०४० साल माघे सक्रान्तिको दिन सिन्धुपाल्चोकको पिस्करमा भएको साँस्कृतिक कार्यक्रममा पञ्चायती शासकले गोली बर्सायो । दुई जनाको तत्कालै मृत्यु भयो भने दर्जनौँ घाइते भएका थिए । धनकुटाको छिन्ताङ्गमा भएको हत्या काण्डमा पनि थुप्रैको हत्या गरि लास अरुण नदीमा फालिएको थियो । ओखलढुङ्गाको टिमुरबोटे काण्ड, धनुषाको काण्ड आदि पञ्चायती शासनका गम्भीर प्राकृतिक हिँसा र दमन रहेका थिए । राजनीतिक अधिकारको माग गर्ने राजनीतिक दलका नेताहरूको पञ्चायती शासकद्वारा व्यापक दमन गरिएका थुप्रै घटना देखिन्छन् । पञ्चायती संविधानले दलीय प्रजातन्त्र संवैधानिक रूपमै खारेज गरी प्रजातान्त्रिक अधिकार निषेध गरेकोले मुलुकमा राजनीतिक विद्रोह मच्चिएको थियो । दल खोल्ने, आफ्ना चाहनाका राजनीतिक सङ्गठन खोल्ने, विरोध गर्ने जस्ता न्यूनतम अधिकारद्वारा पूर्णतः अधिकारविहीन थियो पञ्चायती संविधान । संविधानमा राखिएका मौलिक अधिकार तथा नागरिक अधिकारका कुराहरू केवल पञ्चायती शासनको समर्थन गर्नेहरूको लागि मात्र रहेको प्रस्ट अनुभूति हुन्थ्यो । राजा र पञ्चायती शासनको

जयजयकार गर्न राज्यद्वारा जिल्ला-जिल्ला र गाउँगाउँमा सवारी साधन (ट्रक) पठाइ मान्छे ओसार्ने र सदरमुकाम एवम् राजधानीमा सत्ता प्रायोजित पञ्चऱ्याली तथा जुलुस गरिन्थ्यो । राजनीतिक विरोध, धर्ना, जुलुस, पर्चा, सङ्गठन, दलीय गतिविधि आदि पूर्णतः बन्देज गरिएकोले संविधान मानव अधिकार तथा नागरिक हकको दृष्टिकोणले विश्लेषण गर्दा राजनीतिक स्वतन्त्रता विरोधी थियो भन्ने प्रस्ट देखिन्छ । यस्तो दमनकारी र राजनीतिक दलहरूलाई गठन र सङ्गठित हुनै नदिने संवैधानिक व्यवस्था र शासन प्रणालीका कारण मुलुकमा राजनीतिक विरोध तथा द्वन्द्व झनै चर्कदैं गएकोले वि.सं. २०४६ साल फागुन ७ गतेदेखि मुलुकभर पञ्चायती शासनको विरोधमा जुलुस तथा राजनीतिक विरोध चर्कन पुग्यो । सोही राजनीतिक आन्दोलनको परिणाम स्वरूप पञ्चायती व्यवस्था ढल्न पुग्यो । पञ्चायत ढलेसँगै बहुदलीय प्रणालीमा आधारित नेपाल अधिराज्यको संविधान, वि.सं. २०४७ जारी गरी लागु गरियो (अन्तर्वार्ता, अर्जुनप्रसाद कँडेल, वि.सं. २०७६, पुस २३) ।

### ४.१.५ नेपाल अधिराज्यको संविधान, २०४७

२०४६ सालमा भएको राजनीतिक आन्दोलनको परिणाम स्वरूप तत्कालीन राजा वीरेन्द्रले वि.सं. २०४६ साल चैत्र २६ गते राती १२ बजे संविधानतः लाग्दै आएको दलमाथि लगाइएको प्रतिबन्ध हटाउन बाध्य भएका हुन् । सोही जनआन्दोलनको परिणाम पश्चात वि.सं. २०४७ साल वैशाख २८ गते बहुदलीय व्यवस्थामा आधारित प्रजातान्त्रिक संविधानको मस्यौदा तयार गर्न सर्वोच्च अदालतका तत्कालीन प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा सात सदस्यीय संविधान सुझाव आयोगको गठन गरिएको थियो । यद्यपि सो आयोगका सदस्य तत्कालीन वाममोर्चाका नेता माधवकुमार नेपालले दरबारले संविधान निर्माण प्रक्रियामा हस्तक्षेप समेत गरेको कारण देखाई सदस्य पदबाट राजीनामा दिएका थिए । आयोगले तयार पारेको नेपाल अधिराज्यको संविधान २०४७ साल कार्तिक २३ गते जारी गरिएको थियो । सो संविधानले राष्ट्रको प्रमुखमा राजा रहने गरी संवैधानिक राजतन्त्रको व्यवस्था गरेको थियो । संविधानमा निर्वाचित संसदबाट सरकार बन्ने प्रबन्ध गरिएको भए पनि राजालाई राष्ट्रको प्रमुख र निर्णायक भूमिकामा राखिएको थियो । तर नेपालको संवैधानिक इतिहासमा नागरिक हक अधिकार, मौलिक हक, स्वतन्त्र न्यायालय, नागरिक सर्वोच्चताका दृष्टिकोणले उक्त संविधानलाई आधुनिक प्रगतिशील तथा जनपक्षीय संविधान मान्नुपर्ने हुन्छ । यसकारण कि संविधानमा दलीय प्रजातन्त्र, प्रजातान्त्रिक अधिकार, नागरिक हक, मौलिक हक, मानव अधिकार जस्ता आधारभूत कुराहरूलाई नेपालको राजनीतिक इतिहासमा पहिलो पटक संवैधानिक मान्यता प्रदान गरेको थियो (सिंह, वि.सं. २०५०, पृ. ४) । यस अघिको तत्कालिन पञ्चायती संविधानमा भएको राजकाज सम्बन्धी मुद्दामा मृत्युदण्ड दिन सकिने सम्बन्धी संवैधानिक प्रबन्धलाई पूर्णतः खारेज गरी संविधानमा कसैलाई पनि मृत्युदण्ड नदिइने प्रस्ट प्रबन्ध गरिएकोले त्यसपछि सोही अनुकूल हुनेगरी कानुनहरू समेत संशोधन गरियो (पङ्गेनी, वि.सं. २०७७, पृ. ७८) ।

नेपाल अधिराज्यको संविधान, वि.सं. २०४७ ले सार्वभौम शक्ति जनतामा हुने कुरालाई ग्यारेन्टी गरेको थियो । संविधानको प्रस्तावनाको सुरु अनुच्छेदमा नै 'स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै भएको तथ्यलाई हृदयङ्गम गरी..' भन्ने शब्दहरू प्रस्ट किटानी गरी लेखिएबाट तथा धारा ३ मा गरिएको 'नेपालको सार्वभौमसत्ता नेपाली जनतामा नीहित रहनेछ' भन्ने संवैधानिक व्यवस्थाबाट नेपालका संविधानहरूमा पहिलोपटक राज्यशक्तिको स्रोत नेपाली जनतालाई मान्दै सार्वभौमसत्ता जनतामा निहित रहने कुरा प्रस्टसँग उल्लेख गरेको देखिन्छ (निरौला, वि.सं. २०७७, पृ. ८०) । संविधानको धारा १ मा यो संविधान नेपालको मूल कानुन मानिने तथा संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरेर संविधानलाई मूल कानुनको

रूपमा स्वीकारेको देखिन्छ । यसरी मूल कानुनको रूपमा मान्नु भनेको संविधानको सर्वोच्चताको मान्यतालाई स्वीकार गर्नु हो । संविधानको सर्वोच्चतामा मानिसका मानव अधिकारका कुराहरूले स्थान पाउने अवस्था रहन्छ (नेपाल अधिराज्यको संविधान, वि.सं. २०४७) ।

नेपाल अधिराज्यको संविधान, २०४७ बहुदलीय प्रजातन्त्र आएपछि संविधान सुझाव आयोगद्वारा निर्मित संविधान थियो । संविधानले संवैधानिक राजतन्त्रलाई संवैधानिक मान्यता दिएको थियो । संविधानको प्रस्तावनामा '...जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिरकालसम्म सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय हुन सकोस भन्ने उद्देश्यबाट अभिप्रेरित भई ...' भन्ने वाक्य उल्लेख गरियो । संविधानको धारा ११ देखि धारा २३ सम्म कूल १३ वटा विभिन्न मौलिक हकहरूको प्रबन्ध गरिएको थियो । धारा ११ देखि क्रमशः समानताको हक (धारा ११), स्वतन्त्रताको हक (धारा १२), छापाखाना र पत्रपत्रिका सम्बन्धी हक (धारा १३), फौजदारी न्याय सम्बन्धी हक (धारा १४), निवारक नजरबन्द विरुद्धको हक (धारा १५), सूचनाको हक (धारा १६), सम्पत्तिको हक (धारा १७), संस्कृति तथा शिक्षा सम्बन्धी हक (धारा १८), धर्म सम्बन्धी (धारा १९), शोषण विरुद्धको हक (धारा २०), देश निकाला विरुद्धको हक (धारा २१), गोपनियताको हक (धारा २२) तथा संवैधानिक उपचारको हक (धारा २३) उल्लेख भएको देखिन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) । संविधानले संवैधानिक अधिकारको सुरक्षाको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग र निर्वाचन आयोगलाई संवैधानिक आयोगको मान्यता दिएको थियो । संविधानको धारा १२७ मा संविधान कार्यान्वयनको क्रममा आउने बाधा अडकाउ फुकाउने अधिकार उल्लेख गरिएको थियो । संविधानलाई देशको मूल कानुनको रूपमा घोषित गरिएको र संविधानसँग बाझिने कुनै पनि कानुन बाझिएको हदसम्म अमान्य घोषित गर्ने अधिकार सर्वोच्च अदालतलाई दिएकोले त्यसअघिका संविधानको तुलनामा एक कदम अघि आएको भन्न सकिन्छ भट्टराई, वि.सं. २०७७, पृ. ६) ।

नेपालका संविधानहरूको इतिहासमा नेपाल अधिराज्यको संविधान, २०४७ मा सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहेको प्रस्ट लेखिएको थियो । साथै संविधानले नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, हिन्दु अधिराज्य सहितको संवैधानिक राजतन्त्रमा आधारित अधिराज्य हुने भनि लेखिएको थियो । प्रस्तावनामा नै वालिग मताधिकार, बहुदलीय शासन प्रणाली, कानुनको शासन, स्वतन्त्र र सक्षम न्यायालय, मौलिक हकको प्रत्याभूति हुने जस्ता वाक्य उल्लिखित गरिएकाले यसको ऐतिहासिक महत्त्व रहेको प्रस्ट हुन्छ । उल्लिखित संविधानमा भएका मानव अधिकार

सम्बन्धी महत्त्वपूर्ण प्रावधानमा विश्वका कतिपय प्रजातान्त्रिक मुलुकहरूमा समेत कायम रहेको मृत्युदण्डलाई खारेज गर्नु र मृत्युदण्ड हुनेगरी कानुन निर्माण नगरिने भनि प्रस्ट गर्नु पनि हो । साथै सूचनाको हक, यातना विरुद्धको हक, निजी गोपनियताको हक आदिको प्रत्याभूति हुनु यसका धेरै नै महत्त्वपूर्ण विशेषता हुन् । सारमा संविधानले सीमित सरकारको मूल्य र मान्यतालाई पहिलो पटक स्वीकारेको प्रस्ट हुन्छ । मौलिक हकहरूको कार्यान्वयन र संरक्षण गर्न संविधानसँग बाझिने गरी कुनै पनि कानुन नबनाइने र त्यस्तो कानुन बाझिएको हदसस्म सर्वोच्च अदालतको अदालती व्याख्याद्वारा खारेजी हुने संवैधानिक प्रबन्ध गरिनु आफैँमा महत्त्वपूर्ण प्रबन्ध थियो । संविधानले पहिलो पटक संवैधानिक र कानुनी प्रश्न नीहित रहेको सार्वजनिक हित वा सरोकारको विवादमा सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र मार्फत विवादको निरोपण गर्ने संवैधानिक अधिकार दिइएको थियो । संविधानको धारा ८८ मा मौलिक हकको कार्यान्वयनमा कसैबाट हस्तक्षेप भएको अवस्थामा सर्वाच्च अदालतमा रिट मार्फत निवेदन गर्न सक्ने अधिकार संविधानले नेपाली नागरिकलाई दिएको थियो । मानव अधिकार र मौलिक हकको प्रत्याभूतिमा यस प्रकारको संवैधानिक प्रबन्धको ठूलो अर्थ रहेको हुन्छ (भट्राई, वि.सं. २०७७, पृ. ६) । हिन्दु धर्मलाई मात्र संविधानले संरक्षण गर्नु, नेपाली भाषालाई मात्र राष्ट्रिय भाषा मान्नु, सरकारी भेष तोकिनु र मूलतः संविधानमा राजा र राजपरिवारलाई बढी सुरक्षा प्रदान गर्नुले ती प्रावधान मानव अधिकार विरोधी व्यवस्या हुन भन्न सकिन्छ । तथापि, बहुदलीय व्यवस्था प्राप्ति पछिको संविधान भएकोले यसको ठूलो अर्थ र महत्व रहन पुग्यो । यही संवैधानिक जग तथा त्यसक्रममा भएका विभिन्न राजनीतिक-सामाजिक आन्दोलन, सशस्त्र संघर्ष तथा मुलुकको राजनीतिक-कानुनी आवश्यकताले फेरि २०६३ सालमा नेपालको अन्तरिम संविधानको निर्माण गरियो र लागु भयो ।

### ४.१.६ नेपालको अन्तरिम संविधान, २०६३

नेपाल कहिल्यै पनि विदेशी उपनिवेश तथा दास नभएको स्वाधीन र स्वतन्त्र मुलुक हो । यद्यपि आफ्नै आन्तरिक राजनीतिक द्वन्द्व, शक्तिको मूल स्रोतमा रहेका तत्कालीन राजा तथा राजसंस्था संविधान र कानुनभन्दामाथि रहेका कारण जहिल्यै राजनीतिक द्वन्द्व तथा विभिन्न प्रकारका राजनीतिक एवम् सशस्त्र सङ्घर्ष समेतले निरन्तरता पायो । २०५९ साल जेठ १९ गते शुक्रबार राती दरबार हत्याकाण्ड भयो । जसमा तत्कालीन राजा, रानी, युवराज र राजपरिवारका अन्य सदस्यहरूको हत्या गरियो । यसैबिच सन् २००६ (वि.सं. २०६२) मा चरमस्तरमा राजतन्त्र विरोधी सडक आन्दोलनको उच्च अवस्था भई २०६३ वैशाख ११ गते विघटित संसदको पुनः स्थापना गर्न तत्कालीन राजा ज्ञानेन्द्र बाध्य बने । जसको आधारमा अन्तरिम संविधान, वि.सं. २०६३ बनाई लागु गरियो । संविधानमा पहिलो

पटक गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता तथा वृहत् हिसाबले नागरिकका मौलिक हक आदिको व्यवस्था गरिएको थियो(Tushnet, AD, 2015, p. 6)। नेपालको संवैधानिक इतिहासमा मौलिक हकको प्रत्याभूति गर्न अन्तरिम संविधान बढीनै महत्त्वकाँक्षी र प्रस्ट रहेको थियो । वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, रोजगार र सामाजिक सुरक्षाको हक, खाद्यको हक, महिलाको हक, बालबालिकाको हक, यातना विरुद्धको हक, श्रमको हक, सामाजिक न्यायको हक, छुवाछुत विरुद्धका हक आदि थप हकहरू संविधानको मौलिक हक खण्डमा राखिनुले यसको ऐतिहासिक महत्त्व थप बढ्न गएको हो । संविधानको धारा २८ मा गोपनियताको हकलाई मौलिक हकमा राखिएको देखिन्छ । जसमा 'कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको निजी गोपनियता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ' भनि उल्लेख गरियो ।

नेपालको संवैधानिक इतिहासमा नेपालको अन्तरिम संविधान, वि.सं. २०६३ लाई जनताको अधिकार, विधिको शासन, शक्तिपृथकीकरण, संवैधानिक सर्वोच्चता, लोकतन्त्रको मूल्य, मान्यता र स्वतन्त्र न्यायालयको अर्थका हिसाबले अति महत्त्वपूर्ण प्रस्थानबिन्दु मानिन्छ । इतिहासमा पहिलो पटक संविधानले गणतन्त्र, धर्मनिरपेक्षता, लोकतन्त्र, संघीयता, सामाजिक न्याय र समावेशिता समेतको प्रस्ट व्यवस्था गरिएको थियो । अन्तरिम संविधान, २०६३ सशस्त्र विद्रोही नेपाल कम्युनिस्ट पार्टी माओवादी र आन्दोलनरत तत्कालीन सात साजनीतिक दलहरुको साझा शक्ति सन्तुलन तथा सहमतीको राजनीतिक-कानुनी दस्तावेजको रूपमा आएको थियो । जसले स्वतन्त्र र सक्षम न्यायपालिकाको ग्यारेन्टी गरेको थियो । जनताका मौलिक हक तथा अधिकारमा व्यापक वृद्धि गर्दै विश्वव्यापी मानव अधिकार घोषणा, सन् १९४८ को प्रावधानहरू, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ जस्ता अन्तर्राष्ट्रिय घोषणा तथा सन्धिमा व्यवस्था भएका प्रावधानहरूमा उल्लेख भएका विषयलाई संविधानले नेपाली नागरिकका मौलिक हक भनिकन संवैधानिक प्रबन्ध गरेको थियो । जनताको आन्दोलनबाट पुनर्रस्थापित भएको संसदले बनाएको संविधान नेपालको संवैधानिक इतिहासमा जनताको पक्षमा आएकोले स्वतन्त्र न्यायालयको विकास तथा जनअधिकारको रक्षामा संविधानले किटानी गरेको थियो । अन्तरिम संविधान, २०६३ मा मौलिक हक अन्तर्गत विभिन्न नयाँ प्रकारका हकहरू उल्लेख गरिएका थिए । संविधानको धारा १०७ मा सर्वोच्च अदालतलाई अदालतको पनि अदालतको रूपामा व्याख्या गर्दै उक्त धाराले संविधान तथा कानुनको अन्तिम व्याख्याताको रूपमा सर्वोच्च अदालतलाई राखेको थियो । संविधानले संविधान बमोजिम प्रत्येक नागरिक समेतलाई रिटको माध्यमबाट नागरिकका संवैधानिक र कानुनी अधिकार एवम् हकको हनन भएको खण्डमा अदालतले विभिन्न रिटको माध्यमबाट उपयुक्त आज्ञा वा आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरेको

थियो । संविधानले स्वतन्त्र न्यायालय, विधिको शासन, नियन्त्रण र संन्तुलन तथा नागरिक स्वायत्तता र स्वतन्त्रताको ग्यारेन्टी गरेको थियो (अर्याल, वि.सं. २०७०, पृ. १४) ।

अन्तरिम संविधानलाई जनताको अधिकार स्थापित गर्ने, मानव अधिकार एवम् मौलिक हकको ग्यारेन्टी गर्ने दृष्टिबाट विश्लेषण गर्दा एउटा सफल र सुनौलौ दस्ताबेज रह्यो भन्न सकिन्छ । जसले नेपालमा लोकतान्त्रिक-गणतान्त्रिक शासन प्रणाली हुने कुरा प्रस्ट गरेको थियो । संविधान निर्माणको क्रममा गणतन्त्र निश्चित भएकोले मौजुदा ऐन, कानुन पनि सोही अनुकूल परिवर्तन गरिँदै विकास गरिएका थिए । मानव अधिकारको दृष्टिकोणबाट हेर्दा वि.सं. २०४७ मा बनेको संविधानपछि उल्लिखित अन्तरिम संविधान पूर्ण रूपमा मानव अधिकारमैत्री बन्न सकेको थियो (आचार्य, वि.सं. २०७४, पृ. ६) ।

यसरी मानव अधिकार र नागरिक हकको स्थापना सम्बन्धी विभिन्न सन्दर्भबाट विवेचना गर्दा नेपालको संवैधानिक इतिहासमा वि.सं. २०६३ को संविधानलाई ऐतिहासिक परिवर्तन गर्न सफल संविधान भन्न सकिन्छ । संवैधानिक राजतन्त्र, हिन्दु अधिराज्य र एकात्मक शासन रहेको नेपालको तत्कालिन राजनीतिक-संवैधानिक प्रबन्धलाई वि.सं. २०६२/०६३ को राजनीतिक सङ्घर्ष र आन्दोलनको परिणाम स्वरूप पुनस्थापित प्रतिनिधि सभाको बैठकले नेपाललाई संघीय गणतन्त्र सहितको राजनीतिक-संवैधानिक प्रणालीमा रूपान्तरण गरिदियो । सोही राजनीतिक-संवैधानिक जगमा संघीय गणतान्त्रिक संविधान जारी गरी लागु गरिएको थियो । नेपाली राजनीतिमा यो संविधानलाई एउटा भिन्न राजनीतिक प्रणाली सहितको संविधान भन्न सकिन्छ । राजनीतिक आन्दोलन र इतिहासका सबै खालका राजनीतिक-सामाजिक संघर्षलाई संवैधानिक प्रबन्धमार्फत मुलुकलाई नवीन राजनीतिक-संवैधानिक परिवर्तन र प्रणालीमा लाने काम अन्तरिम संविधानले गरिदियो । जसलाई मानव अधिकार र मौलिक हक स्थापना तथा प्रबन्धको दृष्टिकोणले उत्तम र सफल संविधान मान्नु पर्ने हुन्छ । नेपाललाई राजनीतिक, संवैधानिक र कानुनी दृष्टिकोणले आमूल परिवर्तन गर्नको लागि सो अन्तरिम संविधान एउटा ऐतिहासिक तथा परिवर्तनशील कोसेढुङ्गाको रूपमा आयो । जसले नेपालको नयाँ गणतान्त्रिक संविधान निर्माणको आधारशीला खडा गरिदियो (पहाडी, वि.सं. २०७४, पृ. ६) ।

नेपालको अन्तरिम संविधान, २०६३ तत्कालिन सात राजनीतिक दल र नेकपा माओवादीबिच भएको १२ बुँदे राजनीतिक दिल्ली सम्झौता स्वरूप जनआन्दोलनको परिणामबाट पुनःस्थापित संसदले संविधान निर्माण गरेको हो । सरकार र तत्कालीन नेकपा माओवादीबिच भएको विस्तृत शान्ति सम्झौतालाई संविधानको अभिन्न अङ्ग बनाइएको थियो । प्रस्तावना र धारा १ देखि धारा १६७ सम्म रहेको संविधानमा उक्त शान्ति सम्झौता

समेत सँगै संविधानको अंगका रूपमा संविधानमा नै राखियो । संविधानको प्रस्तावनामा 'हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै' भन्ने वाक्य पहिलो अनुच्छेदमा उल्लेख गरियो । त्यसैगरी दोस्रोमा 'देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प गर्दै' भनियो । तेस्रोमा, 'प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायापालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै' लेखियो । त्यसैगरी पछिल्लो अनुच्छेदमा, 'नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निश्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै; लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै' भन्ने उल्लेख गरिएको छ । यी सबै मानव अधिकारसँग जोडिएका विषयवस्तु हुन् (ढुङ्गाना, वि.सं. २०८१, पृ. १६५) ।

संविधानमा 'राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै, आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनैतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं' भनि प्रस्ट लेखिएको थियो । उल्लिखित संवैधानिक प्रबन्ध अनुकूल अन्तरिम संविधानको धारा १२ देखि धारा ३२ सम्म विभिन्न मौलिक हकको प्रबन्ध गरिएको थियो । संविधानमा कूल २१ वटा मौलिक हकको प्रबन्ध गरियो । धारा १२ देखि धारा ३२ सम्म २१ वटा विभिन्न प्रकारका मौलिक हक राखिएका हुन् । जसमा क्रमशः स्वतन्त्रताको हक (धारा १२), समानताको हक (धारा १३), छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक (धारा १४), प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक (धारा १५), वातावरण तथा स्वास्थ्य सम्बन्धी हक (धारा १६), शिक्षा तथा संस्कृति सम्बन्धी हक (धारा १७), रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक (धारा १८), सम्पत्तिको हक (धारा १९), महिलाको हक (धारा २०), सामाजिक न्यायको हक (धारा २१), बालबालिकाको हक (धारा २२), धर्म सम्बन्धी हक (धारा २३), न्याय सम्बन्धी हक (धारा २४), निवारक नजरबन्ध विरुद्धको हक (धारा २५), यातना विरुद्धको हक (धारा २६), सूचनाको हक (धारा २७), गोपनीयताको हक (धारा २८),

शोषण विरुद्धको हक (धारा २९), श्रमको हक (धारा ३०), देश निकाला विरुद्धको हक (धारा ३१) र संवैधानिक उपचारको हक (धारा ३२) रहेका छन् (नेपालको अन्तरिम संविधान, २०६३) । २०४७ को संविधानको तुलनामा क्रमशः वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक र न्याय सम्बन्धी हक आदिलाई नयाँ प्रबन्ध गरिएको अर्थमा पनि लिन सकिन्छ । कूल १२ पटक संशोधन गरिएको अन्तरिम संविधान पछिल्लो पटक २०६९ जेठ ७ गते बाह्रौं पटक संशोधन भएको थियो । त्यसपछि निर्वाचित संविधान सभाले संविधान सभा मार्फत वि.सं.२०७२ मा नेपालको संविधान निर्माण गऱ्यो ।

### ४.१.७ नेपालको संविधान

नेपालको संवैधानिक इतिहासमा जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपाली जनताको संविधान हो नेपालको संविधान । यसको आधार राजनीतिक क्रान्ति र इतिहासका संघर्षहरू भए पनि यस अघि निर्मित विगतको संविधान (वि.सं. २०४७) ले समेत ठूलो राजनीतिक-संवैधानिक आधारशील खडा गरिसकेको थियो (भट्राई, वि.सं. २०७४) । त्यसमा पनि यसअघि दोस्रो जनआन्दोलनपछिको २०६३ सालमा आएको अन्तरिम संविधानले ऐतिहासिक परिर्वतन र थप ऐतिहासिक आधारशीला खडा गरिदियो । नेपाल अधिराज्यको संविधान २०४७ राजा सहितको बहुदलीय व्यवस्थामा आधारित एकात्मक संविधान रहेकोमा २०६३ मा जारी अन्तरिम संविधानले सो प्रबन्धलाई पूरै उल्ट्यायो । जहाँ संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र सामाजिक न्यायको विषयलाई प्रस्टसँग उल्लेख गरियो । नेपालको वर्तमान संविधानले सो २०६३ को अन्तरिम संविधानमा भएका मानव अधिकार सम्बन्धी प्रबन्धलाई थप व्याख्या र विस्तार गरिदियो । अन्तरिम संविधानमा कूल २१ वटा मौलिक हक रहेकोमा नेपालको संविधानले धारा १६ देखि धारा ४६ सम्म कूल ३१ प्रकारका मौलिक हकहरूलाई नेपाली नागरिक, जनता र कतिपय अवस्थामा व्यक्ति समेतले प्राप्त गर्ने गरी मानव अधिकारको संवैधानिक व्यवस्था गरेको छ । अन्तरिम संविधान, २०६३ को तुलनामा नेपालको संविधान २०७२ ले केही धारामा नयाँ प्रकारका मौलिक हकहरूको व्यवस्था गरेको देखिन्छ । जसमा धारा १६ मा उल्लेख भएको 'सम्मानपूर्वक बाच्न पाउने हक' लाई सर्वाधिक महत्त्वपूर्ण मानिएको छ । यही एउटै वाक्यमा गरिएको संवैधानिक प्रबन्धले धेरै कुरा बोलेको छ । नागरिक अधिकारको स्थापना गर्न यसले व्यापक अर्थ बोकेको देखिन्छ । यसअघिका संविधानमा 'बाँच्ने हक हुनेछ' भनिँदै आएकोमा नेपालको संविधानले थप प्रस्ट गरी एक कदम अघि बढेर 'सम्मानपूर्वक' बाँच्ने हक हुनेछ भनि प्रस्ट गरिदियो । त्यसैगरी अपराध पीडितको हक (धारा २१), स्वच्छ वातावरणको हक (धारा ३०), रोजगारीको हक (

धारा ३३), खाद्य सम्बन्धी हक  (धारा ३६), आवासको हक (धारा ३७), ज्येष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), उपभोक्ताको हक (धारा ४४) आदि नयाँ प्रकारका मौलिक हक रहेका छन् । धारा ४८ मा व्यवस्था गरिएको नागरिक कर्तव्य पनि नेपालको संवैधानिक इतिहासमा नयाँ तथा परिमार्जित व्यवस्था हो । मौलिक हकको संरक्षण समेतमा प्रत्यक्ष भूमिका खेल्ने संवैधानिक आयोगहरूको प्रबन्ध आदिको दृष्टिमा पनि नेपालको संविधानलाई उत्कृष्ट भन्न सकिन्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ( भाग २६) तथा अन्य आयोगहरू (भाग २७) मा रहेका छन् । जसमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग, भाषा आयोग तथा मुस्लिम आयोगहरू रहेका छन् । उल्लिखित विगतका दुई संविधानहरूको तुलनामा नेपालको संविधान नागरिक अधिकारको ग्यारेन्टी गर्दै संवैधानिक, कानुनी र राजनीतिक अधिकारलाई प्रस्ट गरिएको देखिन्छ ।

नेपालको राजनीतिक-संवैधानिक इतिहासमा २ सय चालीस वर्षदेखि कायम भएको परम्परावादी निरंकुश राजतन्त्रको स्थानमा नवीन विश्वमा बढी प्रचलित गणतान्त्रिक-लोकतान्त्रिक प्रणालीलाई स्थापित गर्ने काम नेपालको संविधानले गऱ्यो । संविधानले मौलिक हकमा महिलाको समानता, न्याय र समान अधिकार प्रस्ट गरेको छ (Khanal, AD, 2023, p. 4)। बढीभन्दा बढी जनताहरूको राजनीतिक तथा संवैधानिक अधिकार स्थापित हुने प्रस्ट व्यवस्था गर्दै सबैलाई मूल प्रवाहमा समेटी राजनीतिक अभ्यासमा सरिक गराउन एकात्मक शासन व्यवस्था खारेज गरी संघीयतामा आधारित शासन व्यवस्थाको संवैधानिक ग्यारेन्टी र प्रत्याभूत गऱ्यो । त्यसैगरी पिछडिएको क्षेत्र, वर्ग, लिङ्ग, समूदाय आदिलाई राजनीतिको मूल प्रवाहमा सहभागिता हुन सकोस भनेर समानुपातिक, सामाजिक न्याय तथा समावेशी नीति संविधानमा अङ्गीकार गरियो (नेपालको संविधान, २०७२, पृ. ६-१८) ।

नेपालको संविधान संघीय गणतान्त्रिक र लोकतान्त्रिक संविधान हो । नेपालको संवैधानिक-राजनीतिक इतिहासमा गणतन्त्र सहितको लोकतान्त्रिक प्रबन्ध संविधान सभामार्फत निर्मित संविधानमा पहिलो पटक गरिएको हो । संविधानले नागरिकलाई राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक दृष्टिकोणले मौलिक हकहरूको प्रबन्ध मार्फत अधिकार सम्पन्न बनाएको छ (काफ्ले, वि.सं. २०७३, पृ. ६) । त्यो कुरा संविधानको धारा १६ मा गरिएको सम्मानपूर्वक बाँच्ने हक हुनेछ भन्ने प्रबन्धदेखि धारा ४६ सम्मका मौलिक हकहरूमा प्रस्टसँग झल्कन्छ । यस्ता संविधानमा भएका प्रबन्धबाट हेर्दा नेपालको इतिहासमा मानव अधिकारको दृष्टिकोणले असल र उत्कृष्ट संविधान निर्माण भएको प्रस्ट हुन्छ । यसरी राजनीतिक र नागरिक अधिकारको दृष्टिकोणमा नेपालको संविधान उत्कृष्ट दस्तावेज हो भन्न सकिन्छ । संविधानद्वारा नागरिकलाई अधिकासम्पन्न बनाएकोले

राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको विकासमा सहयोग पुग्ने अवस्था हुन्छ । अधिकार विनाको विकास र विकास बिनाको अधिकार देश विकासको मापदण्ड बन्न सक्दैन ( अन्तर्वार्ता, रविनाराण खनाल, वि.सं. २०७६, पुस २६) ।

एकातर्फ विश्लेषक तथा राजनीतिक क्षेत्रबाट संविधानलाई उत्कृष्ट रहेको भनिएको छ । अर्कोतर्फ संविधान जारी गर्दा र हाल पनि कतिपय क्षेत्र, पक्ष तथा समूह संविधान अधिकारमैत्री नभएको भन्ने गरिएको अवस्था पनि रहेको थियो, छ । नागरिकता लगायतका विषयमा तराई केन्द्रित दलहरूको विरोध भए पनि वि.सं. २०७९ साउनमा संविधान अनुसार संसदबाट कानुन निर्माण भइसकेकोले संविधान अधिकारमैत्री नभएको भन्ने विरोधी आवाजको संवैधानिक, राजनीतिक, कानुनी र नैतिक सबै दृष्टिबाट सम्बोधन गरियो । अर्कोतर्फ २०८० असारमा सर्वोच्च अदालतबाट नागरिकता सम्बन्धी विषयमा गरिएको नागरिकता सम्बन्धी विवादको फैसलापछि संविधानको कार्यान्वयनमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसरी संवधानमा मानव अधिकार विरोधी कुनै पनि विभेदकारी प्रबन्ध राखिएका छैनन् । संविधानका यिनै विभिन्न प्रकारका संवैधानिक प्रबन्धहरूमा केन्द्रित रही अनुसन्धान गर्ने सन्दर्भमा नेपालको सवैधानिक इतिहासमा संविधान सभाद्वारा निर्मित नेपालका संविधानहरू कस्ता रहेका छन् र यिनलाई कसरी विश्लेषण गर्नु हुन्छ भन्ने सवाल उत्तरदाताहरू समक्ष गरियो । जुन अन्तर्वार्तामा सहभागी भएका सबै उत्तरदाताहरूले नेपालको संवैधानिक इतिहासका विभिन्न संविधानका असल र नकारात्मक पक्षमा विभिन्न दृष्टिकोणबाट उत्तर दिएका छन् । अन्तर्वार्तामा सहभागी भएका कूल ४५ जना उत्तरदाताहरूमध्ये ३८ जनाले आफ्नो उत्तर दिने क्रममा मानव अधिकारको दृष्टिकोणमा नेपालको वर्तमान संविधानमा गरिएका मौलिक हक र मानव अधिकारसम्बन्धी प्रबन्धलाई उत्कृष्ट भएको भनेका छन् ।

यसरी नेपालको संवैधानिक-राजनीतिक इतिहासमा बनेका नेपालका विभिन्न संविधानहरूमा विभिन्न प्रकारका मानव अधिकार सम्बन्धी मौलिक हकहरूको प्रबन्ध गरिँदै आएको र संविधानहरूका फरक-फरक विशेषता रहेको प्रस्ट हुन्छ । संविधानहरूमा प्रबन्ध गरिएका विभिन्न मौलिक हकहरूले नागरिकका राजनीतिक-कानुनी अधिकारको ढोका खोलिदिने कार्य गर्दछ भन्ने मान्यता रहेको छ । यसरी संविधानहरूमा उल्लिखित मौलिक हकहरूको प्रतिकूल हुने गरी कानुन बन्न सक्दैनन् । अर्थात कानुनले संवैधानिक अधिकार छिन्न सक्दैन । त्यसरी संविधान विरुद्ध कानुन निर्माण भएको अवस्थामा सर्वोच्च अदालतका व्याख्याद्वारा बदर घोषित हुन सक्ने प्रबन्ध विगतका मूलतः २०४७ पछिका र नेपालको संविधानले पनि प्रस्ट गरेको छ । संविधानमा प्रस्तुत गरिएका कतिपय मौलिक हक कानुन निर्माण भएपछि मात्र लागु हुने प्रकारका पनि हुन्छन् । नेपालको संविधानमा पनि त्यस्ता

विभिन्न मौलिक हकहरू राखिएकाले यसबिचमा विभिन्न कानुन निर्माण भएका हुन् । नयाँ कानुनको निर्माण भएसँगै मौलिक हकहरूको कार्यान्वयको सुनिश्चितता पनि बढ्दै गएका देखिन्छन् (शाक्य, वि.सं. २०७४, पृ. ६) ।

## (क) नेपालको संविधानमा मौलिक हक र नयाँ कानुनहरू

नेपालको संविधानमा मानव अधिकार, नागरिक स्वतन्त्रता, मौलिक हक अधिकार, नागरिक सुरक्षा, अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा भएका विषयहरूका महत्त्वपूर्ण अधिकारहरूलाई समावेश गरिएको पाइन्छ (शाक्य, वि.सं. २०७७) । संविधानको प्रस्तावनामै नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निर्वाचन, निष्पक्ष र सक्षम न्यायापालिका र कानुनी राज्य लगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भन्ने वाक्य प्रस्ट रूपमा उल्लेख गरिनुले मानव अधिकारको विश्वव्यापी मान्यता तथा मूल्यलाई स्वीकार गरेको प्रस्ट हुन्छ (नेपालको संविधान, वि.सं. २०७२) ।

मानव अधिकारको पूर्ण कार्यान्वयनको लागि मौलिक हकहरूको संवैधानिक प्रबन्ध हुनु पर्दछ । (कँडेल, वि.सं. २०७४) । संविधान र कानुनमा उल्लेख गरिएका कुराहरू लागु भएनन र नागरिकहरूका आधारभूत मानव अधिकार सम्बन्धी हक, अधिकार र हितको सम्बोधन हुन सकेन भने मानव अधिकारको अवस्था नाजुक बन्न पुग्दछ । यसै तथ्यलाई ख्याल गर्दै राष्ट्रिय मानव अधिकार आयोगले पनि वि.सं. २०७६ पुस ८ मा सरकारलाई मौलिक हकहरूको कार्यान्वयन गर्ने सम्बन्धमा २० बुँदे सुझाव सहितको सिफारिस गरेको थियो । जसमा मौलिक हकहरूको कार्यान्वयन गर्नको लागि आवश्यक कानुन, नियम र निर्देशिका आदि तर्जुमा गर्नुपर्ने देखि लिएर कानुनको पूर्ण कार्यान्वयन गरी नागरिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने उल्लेख थियो (पोखरेल/शिवाकोटी, (सम्पा.) वि.सं. २०७७, पृ. ३४५) ।

नेपालको संविधानले संविधानमा उल्लिखित मौलिक अधिकारहरूको प्रभावकारी प्रचलनका लागि संविधान लागु भएको मितिदेखि ३ वर्षभित्र ती मौलिकहकहरूको कानुनी व्यवस्था गर्नुपर्ने संवैधानिक प्रबन्ध गरे अनुसार वि.सं. २०७७ आश्विन २ गते भित्र निर्मित भई मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न १६ वटा नयाँ कानुनहरू निर्माण गरिएका छन् । जसमा पहिलोमा अपराध पीडित संरक्षण ऐन, २०७५ वि.सं. रहेको छ । जुन नेपालको संविधानको धारा २१ मा व्यवस्था भएको अपराध पीडितको हकको कार्यान्वयनसँग सम्बन्धित रहेको देखिन्छ । सो धाराको (१) मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ भनिएको छ भने (२) मा अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ भनि प्रस्ट लेखिएको छ । सोही संविधानले प्रदान गरेको हकको प्रत्याभूतिको लागि उल्लिखित कानुनको निर्माण भएको हो । अर्को वैयक्तिक

गोपनियतासम्बन्धी ऐन, २०७५ रहेको छ । संविधानको धारा २८ मा गोपनियताको हकमा 'कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याँक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनियताको कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भनि आवश्यक नयाँ कानुनको निर्माण गरिने कुरालाई संविधानले नै प्रस्टसँग उल्लेख गरेको छ । संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकमा राखिएको छ । सोही धाराको कायान्वयनको लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ निर्माण गरिएको छ । संविधानको धारा ३१ को (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ । त्यसैगरी संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हक भनेको छ । सोही धाराको (१) मा प्रत्येक नागरिकलाई रोजजारीको हक हुनेछ भनि उल्लेख गरिएको छ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ भनिएको छ । सोही धाराको कार्यान्वयन गर्न नै संसदबाट रोजगारी हकसम्बन्धी ऐन, २०७५ ल्याइएको हो । जनस्वास्थ्य सेवा ऐन, २०७५ ले नेपालको संविधानको धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धी हकलाई कार्यान्वयनको लक्ष्य लिएको देखिन्छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले संविधानको धारा ३६ मा रहेको खाद्य सम्बन्धी हकको सार्थक कार्यान्वयनको लक्ष्य लिएको छ । जसको (१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ भनि उल्लेख भएको देखिन्छ (वश्याल, वि.सं. २०७६) ।

त्यसैगरी नेपालको संविधानको धारा ३७ मा आवास सम्बन्धी हक मौलिक हकमा रहेको छ । जसको (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनिएको छ । सोही अनुसार आवासको अधिकारसम्बन्धी ऐन, २०७५ ल्याइएको हो । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५ ले संविधानको धारा ३९ मा रहेको बालबालिकाको हक कार्यान्वयनको निश्चितता र प्रस्टता खोजेको देखिन्छ । सामाजिक सुरक्षा ऐन, २०७५ ले संविधानमा रहेको सामाजिक सुरक्षाको हक (धारा ४३) लाई कार्यान्वयन गर्न खोजेको प्रस्ट हुन्छ । संविधानको धारा ४४ मा रहेको उपभोक्ताको हक सम्बन्धी व्यवस्थाको (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भनिएकोमा उपभोक्ता संरक्षण ऐन, २०७५ ले कानुनी रूपमा सुरक्षा तथा संरक्षण गर्ने अपेक्षा गर्दै सो कानुन ल्याइएको हो । त्यसैगरी मौलिक हकको कार्यान्वयनको लागि नै अपराध पीडित संरक्षण ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, कानुनी सहायता सम्बन्धी ऐन, २०७४, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५, श्रम ऐन, २०७४ वि.सं. निर्माण भएका हुन् (बश्याल, वि.सं. २०७६, पृ. १७२) । यसरी नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको अर्थपूर्ण कार्यान्वयनको लागि आवश्यक कानुनी प्रबन्ध गरेबाट नागरिक अधिकार सुरक्षित हुने अपेक्षा

गरिएको छ । मौलिक हक पनि मानव अधिकार भएकोले मानव अधिकारको सुरक्षा तथा संरक्षण सम्बन्धमा विश्व इतिहासमा विभिन्न विधिशास्त्री एवम् दार्शनिकहरूले समेत विभिन्न धारणा सार्वजनिक गर्दै आएको देखिन्छ । नेपालका संविधानहरूमा पनि विभिन्न विधिशास्त्रीय सिद्धान्त एवम् दर्शनको प्रभाव परेको देख्न र अनुभव गर्न सकिन्छ । यहाँ नेपालका संविधानहरूमा मानव अधिकार सम्बन्धी विधिशास्त्रीय सिद्धान्त, धारणा र मान्यताहरूको प्रभावलाई विश्लेषण गरिएको छ ।

### (ख) नेपालका संविधानहरूमा विधिशास्त्रीय सिद्धान्तहरूको प्रभाव

नेपालका संविधानहरूमा विभिन्न विधिशास्त्रीहरूका दार्शनिक दृष्टिकोण र सिद्धान्तहरूको प्रभाव रहेको प्रस्ट देखिएकोले विधिशास्त्रीय दृष्टिकोण र सिद्धान्तहरूको प्रभावको विश्लेषण गरिएको हो ।

मानवलाई उसको निजी जीवनको अधिकार प्राकृतिक रूपमा उसलाई प्राप्त भएको अधिकार हो । प्रकृतिले नै मानवको लागि प्रदान गरेको कुरा भएकोले त्यसको हनन कसैले गर्न सक्दैन भन्ने विश्वव्यापी मान्यता छ (वश्याल, वि.सं. २०७३) । सो मान्यतालाई मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ ले 'प्रत्येक मानव, अधिकार र सम्मानको दृष्टिमा समान जन्मेका हुन्छन्' भन्ने वाक्यबाट पनि प्रस्ट हुन्छ । जुन दार्शनिक जिन ज्याक रुसोको 'मानव स्वतन्त्र जन्मन्छ र पछि अनेकौं उलझनबाट गुज्रन्छ' भन्ने विधिशास्त्रीय धारणाबाट नजिक देखिन्छ । यही मानव अधिकारको प्राकृतिक अधिकार सम्बन्धी सिद्धान्तबाट नेपालका संविधानहरू मूलत : २०४७ सालपछिका संविधानहरू बढी प्रभावित रहेका देखिन्छन् । यसअघि २००४ सालको संविधानमा व्यक्तिगत स्वतन्त्रतालाई मौलिक हकमा राखियो । २००७ सालमा समानता र वैयक्तिक स्वतन्त्रता उल्लेख गरियो । २०१५ सालको संविधानमा पनि वैयक्तिक स्वतन्त्रता र राजनीतिक स्वतन्त्रतालाई मौलिक हक भनियो । २०१९ सालको संविधानमा पनि समानता र स्वतन्त्रता भनियो यद्यपि त्यो संविधानमा चाहिँ दलीय प्रजातन्त्र र राजनीतिक संगठन निर्माण गर्ने अधिकार भने निषेधित र नियन्त्रित गरियो । २०४७ सालको संविधानमा समानताको हक (धारा ११) मा उल्लेख गरियो । २०६३ सालको अन्तरिम संविधानमा स्वतन्त्रता र समानतालाई मौलिक हकमा राखियो । त्यसैगरी नेपालको संविधानमा सम्मानपूर्वक बाच्न पाउने हक (धारा १६) हुनेछ भनि प्रस्टसँग उल्लेख गरिएको पाइन्छ । जुन प्राकृतिक सिद्धान्तमा विस्वास गर्ने दार्शनिकहरूका विधिशास्त्रीय मान्यताहरूसँग निकट रहेको प्रस्ट देखिन्छ । प्राचीन ग्रिक दार्शनिकहरू सुकरात, प्लेटो, अरिस्टोटल, थोमस एक्युएनस र पछिका दार्शनिकहरू जर्मनका ह्युगो ग्रोसियस (१५८३-१६४५), बेलायती विधिशास्त्री जोन लक (१६३२-१७०४), अमेरिकी लोन फुलर आदिको

विधिशास्त्रीय दर्शनसँग नजिक रहेका देखिन्छन् । मानव जीवन र जीवनको सुरक्षाको अनिवार्य आवश्यकता विधिशास्त्रीहरूले प्रस्टसँग अघि सारेका हुन्। विधिशास्त्री लकले 'टु ट्रिटिज अफ गोभरमेन्ट' नामक पुस्तकमा प्राकृतिक अधिकार सम्बन्धी कुरालाई विश्लेषण गर्दै राज्यले मानिसका अधिकारको सुरक्षा र संरक्षण गर्नुपर्ने धारणा दिएको देखिन्छ । नेपालका संविधानहरूले प्राकृतिक अधिकार सम्बन्धी विधिशास्त्रीय मान्यतालाई स्वीकार गरेको देखिन्छ । यद्यपि २०१९ सालको संविधानमा चाहिँ राजकाज सम्बन्धी मुद्दामा मृत्युदण्ड दिन सकिने गरी गरिएको संवैधानिक प्रबन्धले भने जीवनको अधिकारमाथि नै संकुचन पनि गरेको थियो ।

मानव अधिकार सम्बन्धी ऐतिहासिक अधिकारको विधिशास्त्रले मानवका अधिकार र कानुनी हकलाई इतिहासको उपज र विकास मान्दछ । नेपालका संविधानहरूमा ऐतिहासिक अधिकार सम्बन्धी सिद्धान्त र विधिशास्त्रीय मान्यताको प्रभाव रहेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ मा धर्म सम्बन्धी हक उल्लेख गरिएको छ । जसले ऐतिहासिक प्रथालाई स्वीकारेको छ । नेपालको अन्तरिम संविधानको धारा २३ मा रहेको धर्म सम्बन्धी हकमा '...परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अबलम्बन गर्न पाउने..' भनि इतिहास, प्रथा र धर्मको महत्त्वदर्शाएर इतिहासिक सिद्धान्तलाई अनुसरण गरेको प्रस्ट देखिन्छ । यसैगरी नेपालको संविधानको धारा ४ मा नेपाल राज्य रहेको छ । जसको स्प्रस्टीकरणमा 'धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, साँस्कृतिक स्वतन्त्रता सम्झनुपर्दछ' भनिएको छ । संविधानमा समानताको हक (१८) उल्लेख छ । जसको (२) मा'... धर्म, वर्ण, जात, जाति, लिङ्ग शारीरिक अवस्था..भाषा..आदिको आधारमा भेदभाव गरिनेछैन' भनिएको छ । अर्थात् इतिहासका प्रथा, परम्परा र विकासबाट सबै अधिकारको विकास र विस्तार हुँदै आएकोले मानव अधिकार पनि इतिहासकै उपज हुन् भन्ने दृष्टिकोण यस सिद्धान्तका विधिशास्त्री र दार्शनिकहरूको रहेको छ । राज्यले समाजमा भएका विभिन्न ऐतिहासिक प्रथा र परम्पराबाट टिपेर कानुन, विधि बनाउने भएकोले इतिहास र प्रथाको ठूलो भूमिका रहेको हुन्छ भन्ने धारणामा विधिशास्त्रीहरू सहमत भएका हुन् । जर्मनका दार्शनिक कार्ल भोग सेभेग्नी (१७७९-१८६१), बेलायती सर हेनरी मेन ( १८२२-१८८८) बेलायतका जेरेमी बेन्थम (१७४८-१८३२) आदि ऐतिहासिक प्रथाबाट अधिकारको खोजी गर्नुपर्ने भन्ने सिद्धान्तको वकालत गर्ने विधिशास्त्रीहरू हुन् । यस सम्बन्धी विधिशास्त्रीय मान्यताले सामाजिक प्रथामा कानुनको खोज गर्नुपर्दछ नयाँ बनाउने होइन भन्ने दृष्टिकोण अघि सारेको छ । नेपालका संविधानहरू पनि ऐतिहासिक अधिकारको विधिशास्त्रीय मान्यताबाट पनि प्रभावित भएर समाजका प्रथा समेतलाई संविधानमा उल्लेख गरेका छन् (पोखरेल, वि.सं. २०७४, पृ. ६) ।

अर्को विधिशास्त्र कानुनी अधिकारको विधिशास्त्र हो । जसको प्रभाव नेपालका संविधानहरूमा पनि परेको प्रस्ट देखिन्छ ।प्रत्येक अधिकार कानुनद्वारा सिर्जित हुन्छ र त्यस्तो अधिकार राज्य अर्थात शासकले निर्माण गरेर जारी गर्दछ भन्ने विधिशास्त्रीय दृष्टिकोण यस सिद्धान्तको हो । बेलायती विधिशास्त्री जोन अस्टिन, जेरेमी बेन्थम, हेन्स केल्सन, एच.एल. ए. हार्ट जस्ता विधिशास्त्रीहरू यस सिद्धान्तमा नजिक देखिन्छन्। नेपालका संविधानहरूमा यस खालको विधिशास्त्रीय प्रभाव रहेको छ । नेपालको संविधानमा स्वतन्त्रताको हक धारा (१७) मा उल्लेख रहेको छ । यो धारा नागरिक र राजनीतिक अधिकारको दृष्टिमा महत्वपूर्ण छ । यद्यपि त्यसको उपधारा (१), (२), (३), (४), (५) र (६) मा चाहिँ निश्चित अवस्थामा राज्यले कानुन अनुसार त्यस्ता स्वतन्त्रतालाई पनि नियन्त्रण गर्न सक्ने प्रस्ट लेखेको छ । अस्टिनले त 'कानुन त्यो हो जो शासकले जारी गर्दछ र त्यो सजायद्वारा लागु हुन्छ' भन्ने कडा धारणा प्रस्ट राखेका छन् । यद्यपि हार्टले भने त्यसमा आलोचना समेत गर्दै 'शासकको सजायको डरबाट जारी गरिएका जुनसुकै आदेश जहिल्यै कानुन बन्न सक्दैनन र त्यो विधिबाट नागरिक अधिकार स्थापित हुन सक्दैन' भन्ने दृष्टिकोण अघि सारेपनि नेपालका संविधानहरूमा कानुनी अधिकारको विधिशास्त्रीय मान्यताको प्रभाव चाहिँ रहेको छ । हार्टले तत्कालिन जर्मनका शासक हिटलरले जारी गरेका गोप्य कानुन कानुनी र विधिशास्त्रीय मान्यतामा पछि कानुन सावित भएनन भन्ने उदाहरण पेश गरेका छन् ।

मानिसका अधिकार भनेको मूलतः आर्थिक अधिकार नै हुन् । आर्थिक अधिकारलाई बाहिर राखेर कुनै पनि अधिकारको चर्चा गर्नु बेकार हुन्छ भन्ने दृष्टिकोण जर्मनका दार्शनिक कार्ल मार्क्स (१८१८-१८८३) को रह्यो। जर्मनका अर्का दार्शनिक हेगेलको आदर्शवादी विधिशास्त्री दृष्टिकोणलाई पूरै उल्ट्याएर मार्क्सले भौतिकवादी दर्शनको सूत्रपात गरिदिए । २००४ सालको संविधानमा व्यक्तिगत सम्पत्तिको संरक्षणको हक, २०१५ र २०१९ सालका संविधानहरूमा पनि सम्पत्ति सम्बन्धी हकलाई मौलिक हकमा राखिएका देखिन्छन् । २०४७ साल र २०६३ का संविधानहरूमा शिक्षा सम्बन्धी हकलाई मौलिक हक भनिएको देखिन्छ । त्यसैगरी नेपालको संविधानका विभिन्न धाराहरूमा उल्लिखित केही प्रबन्ध यहाँ उल्लेख गरिएको छ । जस्तो : शिक्षा सम्बन्धी हक धारा (३१), रोजगारीको हक (३३), श्रमको हक (३४), स्वास्थ्य सम्बन्धी हक (३५), खाद्य सम्बन्धी हक (३६), आवासको हक (३७) र सामाजिक सुरक्षाको हक (धारा ४३) रहेका छन् । संविधानको यस्ता मानव अधिकार-प्रावधानहरू नागरिकको आर्थिक अधिकार र हितसँग सम्बन्धित रहेका छन् । जुन आर्थिक अधिकारको दार्शनिक दृष्टिकोणबाट प्रभावित रहेका देखिन्छन् । अर्थात् नेपालका संविधानहरूमा पनि आर्थिक अधिकारको विधिशास्त्रीय मान्यताको ठूलो प्रभाव रहेको देख्न र अनुभव गर्न सकिन्छ ।

अर्कोतर्फ विश्व इतिहासमा अनेकौं राजनीतिशास्त्री, दार्शनिक र विद्वान्हरू राजनीतिक अधिकारको अर्थ र औचित्यका सम्बन्धमा विभिन्न प्रकारले व्याख्या र विश्लेषण गर्दै आएको पाइन्छ। नेपालको संविधान नागरिकको राजनीतिक अधिकारमा प्रस्ट रहेको छ । नेपालका संविधानहरूले राजनीतिक स्वतन्त्रताका विषयहरूलाई मौलिक हकमा राखेका छन् । नेपालको संविधानको प्रस्तावनादेखि मौलिक हक र विभिन्न धारामा राजनीतिक अधिकारको संरक्षण र सुरक्षाको प्रबन्ध गरिएको प्रस्ट हुन्छ । प्राचीन पूर्विय दर्शनका मनु, प्लेटो, एरिस्टोटल, भारतीय दार्शनिक कौटिल्य, चीनका कन्फ्युसियस, युरोपका थोमस हव्स, जीन ज्याक रुसो, जे.एस. मिल, थोमस हिल ग्रिन, जर्मनका हेगेल र भारतका महात्मा गान्धी आदिले मानिसका आधारभूत राजनीतिक स्वतन्त्रता र आधारभूत स्वतन्त्रता सहितका अधिकारको पहिलो खुड्किलो भनेको राजनीतिक अधिकार भएकोले राजनीतिक स्वतन्त्रता, स्वायत्तता, स्वाधीनता, नागरिक अधिकार र मानव अधिकारका विषय मानव समाजको लागि अपरिहार्य विषय भएको कुरामा प्रस्ट अडान राखेका देखिन्छन्। नेपालको वर्तमान संविधानको स्वतन्त्रताको हक (१७), समानताको हक (१८), न्याय सम्बन्धी हक (२०), धार्मिक स्वतन्त्रताको हक (२६) र सामाजिक सुरक्षाको हक (४३) आदि उल्लिखित राजनीतिक अधिकार सम्बन्धी विधिशास्त्रीय दर्शन र सिद्धान्तबाट प्रभावित रहेका देखिन्छन् ।

समाजमा मानिस बस्ने भएकाले उसका निजी हित, सामाजिक हित र सार्वजनिक हित हुन्छन् । यसै कारण ती हितहरूकाबिचमा निरन्तर द्वन्द्व भइरहेका हुन्छन् । निजी हितलाई थोरै कटौती गरेर पनि सामाजिक र सार्वजनिक हितको सम्मान गर्दा नै समाजको व्यापक हितको सुरक्षा हुन सक्ने धारणा समाजशास्त्रीय विधिशास्त्रीय सिद्धान्तमा जोड दिने दार्शनिकहरूको रह्यो । यस विधिशास्त्रीय मान्यतालाई नेपालको वर्तमान संविधानले प्रस्टसँग स्वीकारेको देखिन्छ । संविधानमा छुवाछुत तथा भेदभाव विरुद्धको हक (२४), धार्मिक स्वतन्त्रताको हक (२६), शोषण विरुद्धको हक (२९) सामाजिक न्यायको हक (४२) उल्लेख छ । यी मौलिक हकहरूमा समाजशास्त्रीय विधिशास्त्रीय सिद्धान्तको प्रस्ट प्रभाव रहेको देखिन्छ । समाजशास्त्रीय सिद्धान्तमा जोड दिनेमा अमेरिकी विधिशास्त्री रस्को पाउन्ड (१८७०-१९६४), म्याक्स वेभर आदि रहे । पाउन्डलाई यो सिद्धान्तको प्रमुख मानिएको छ । पाउन्डले कानुन भनेको हितहरूको सन्तुलन गर्ने साधन हो भनि परिभाषा गरेका छन् । जुन सिद्धान्तलाई अर्थात् नेपालका संविधानहरूले समाजशास्त्रीय विधिशास्त्रीय दर्शनलाई स्वीकार गरेका छन् । नेपालको संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हक यस दृष्टिमा सर्वाधिक अर्थपूर्ण रहेको देखिन्छ ।

त्यसैगरी अर्को विधिशास्त्रीय सिद्धान्त यथार्थवादी सिद्धान्त हो । जुन सिद्धान्तमा मूलतः अमेरिकी अदालतका न्यायाधीशहरू रहेका देखिन्छन् । उनीहरूको तर्कमा मानिसका

हरेक अधिकारको अन्तिम निर्णयकर्ता न्यायाधीशहरू हुन्। न्यायाधीश होम्स यस सम्प्रदाय वा सिद्धान्तका प्रमुख मानिन्छन् । उनको तर्कमा कानुन त्यो हो जो अदालतले फैसला गर्दछ भनेका छन् । नेपालका सन्दर्भमा समेत अदालती फैसलाबाट पनि कतिपय नागरिक अधिकार स्थापित हुँदै आएका देखिन्छन् । नेपालका संविधानहरू पनि यथार्थवादी विधिशास्त्रीय मान्यताबाट प्रभावित हुँदै आएका देखिन्छन् । नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी हक रहेको छ । त्यसैगरी धारा १२६, १२८, १३३ र १४४ मा अदालत र सर्वोच्च अदालत सम्बन्धी संवैधानिक प्रबन्ध गरिएको देखिन्छ । अदालती फैसलालाई नेपालको राजनीतिक-संवैधानिक प्रणालीमा स्वीकार गर्दै पालना गर्ने गरिएका छन् । यसअघिका संविधानहरूमा समेत अदालती फैसलालाई संविधान अनुसार सबैले पालना गर्नुपर्ने संवैधानिक प्रबन्ध गरिएका थिए ।

साथै पछिल्लो समयमा नारीवादी विधिशास्त्रीय धारणाले नारीको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरण, समग्र विकास, सक्षमता, समकक्षता, सहभागिता, प्रगतिशीलता, परिवर्तन, आन्दोलन, अभियान, अन्तर्किया र प्रगतिको वकालत गर्दछ । नेपालको संविधानको प्रस्तावनादेखि विभिन्न धारामा लैङ्गिक समानता र महिलाको सहभागिताको बारेका प्रस्टसँग लेखिएको छ । नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई विशेष स्थान दिइएको छ । नारीको स्वतन्त्रता, स्वायत्तता र मानव अधिकारको सुरक्षा र संरक्षण गर्न सके मात्र समाजको गति अघि बढ्ने दृष्टिकोण नारीवादको रहेको छ । बिसौं शताब्दीको मध्यबाट नारीवाद र नारीवादी दृष्टिकोणले विश्वमा बढी चर्चा र महत्त्व पाउँदै आएको हो । नारीवाद र नारीवादी दृष्टिकोणमा आएको लहरको कारण मानव अधिकारका क्षेत्रमा पनि अनेकौं आन्दोलन, राजनीतिक संघर्ष, संवैधानिक तथा कानुनी प्रबन्ध हुँदै आएका हुन् । नारीवादी विधिशास्त्रीय दर्शनमा आधारित भएर त्यसको प्रभावको कारण विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, घोषणा तथा कानुनी प्रबन्धहरू भएका छन् । नेपालको संविधानमा नारीवादी धारणा र मान्यताको महत्त्वपूर्ण प्रभाव परेको प्रस्ट देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० मा महिलाको अधिकार उल्लेख रहेकोमा नेपालको संविधानको धारा ३८ मा महिलाको अधिकारको प्रस्टसँग प्रबन्ध गरिएको छ । यसरी नेपालका संविधानहरूमा मानव अधिकार सम्बन्धी प्रबन्ध गरिनुमा पनि विभिन्न विधिशास्त्रीय धारणा, मान्यता, सिद्धान्त तथा दर्शनहरूको प्रभाव रहेको प्रस्ट हुन्छ । विधिशास्त्रीहरूका धारणा र दृष्टिकोणहरूलाई अन्तर्राष्ट्रिय कानुनले पनि स्वीकार गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रबन्धमा ती विषय समावेश हुँदै आएको देखिन्छ ।

## सारांश

नेपालमा वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७, २०६३ हुँदै वि.सं. २०७२ मा विभिन्न प्रकारका संविधानहरू बने र लागु भए, हुँदै आएको छ । २००४ सालको संविधानमा मानव अधिकार सम्बन्धी प्रबन्ध सीमित रह्यो । २००७ सालको संविधानले मूलतः राजनीतिक स्वतन्त्रता र प्रकाशनसम्बन्धी विषयलाई मौलिक हकमा राख्यो । २०१५ सालको संविधानले मौलिक हकहरूको प्रबन्ध गरे पनि पूर्ण कार्यान्वयनमा नआउँदै २०१९ सालको निर्दलीय संविधान आयो । जसमा राजनीतिक स्वतन्त्रता र मानव अधिकारका प्रबन्ध संकुचित गरिए । २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ चाहिँ नेपालको इतिहासमा बहुदलीय प्रजातन्त्र, विधिको शासन र संविधानवादको विश्वव्यापी मान्यतामा निर्माण भयो । जुन संविधानले नेपालको संवैधानिक इतिहासमा मौलिक हक र मानव अधिकारको क्षेत्रमा ऐतिहासिक फड्को मार्‍यो । मूलतः संविधानले दलीय राजनीतिक स्वतन्त्रता र राजनीतिक अधिकारलाई महत्त्व दियो । अनावश्यक डर, त्रास, नियन्त्रण, निरंकुश शासन, दबाब र वैयक्तिक स्वतन्त्रतामाथिको नियन्त्रणले लोकतन्त्र र प्रजातन्त्रको आत्मा मर्न पुग्दछ भन्ने कुरा नेपालका संविधानहरूमा भएका मौलिक हक सम्बन्धी संवैधानिक-कानुनी प्रबन्धको अध्ययन र विश्लेषणबाट प्रस्ट हुन्छ ।

नेपालका संविधानहरूमा मानव अधिकारको विश्लेषण गर्नुपर्दा २०४७ सालको नेपाल अधिराज्यको संविधानको ऐतिहासिक अर्थ र महत्त्व रहन गयो । त्यसभन्दा अगाडिका संविधानहरूको तुलनामा तत्कालिन सो संविधान धेरै अर्थ र मानेमा प्रगतिशील, नागरिक र मानवअधिकारमैत्री बन्यो । सोही संविधान लागु भएर अघि बढ्ने क्रममा मानव अधिकारको संरक्षण गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगको गठन भई क्रियाशील हुँदै आयो । जुन अहिले थप समृद्ध भएर सक्रिय रहेको छ । यसै अवधिमा नेपालले मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरी अनुमोदन समेत गरिँदै आएकोले नेपालमा मानव अधिकार सम्बन्धी विश्वव्यापी मान्यताको सकारात्मक प्रभाव पर्दै आएको हो । त्यसपछि वि.सं. २०६३ सालमा निर्मित नेपालको अन्तरिम संविधानले त नेपाली जनताको राजनीतिक, संवैधानिक र कानुनी अधिकारमा ठूलो ऐतिहासिक परिवर्तन गरिदियो । नेपालको संवैधानिक इतिहासमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्याय, मानव अधिकार र मौलिक हक मार्फत सबै प्रकारका नागरिक अधिकारको संवैधानिक प्रबन्ध गरेकोले अन्तरिम संविधान नेपालको इतिहासमा एउटा फरक पहिचान सहितको नौलो संवैधानिक व्यवस्था बन्न पुग्यो । यस अर्थमा यस अघिका सबै संविधानहरूको तुलनात्मक विवेचना गर्दा सो अन्तरिम संविधान ऐतिहासिक आवश्यकता तथा नागरिक आवाज बोकेको संविधान बनेको प्रस्ट हुन्छ । सोही अन्तरिम संविधानको

जगमा २०७२ साल असोज ३ गते संविधान सभा मार्फत बनेको नेपालको संविधानमा धारा १६ देखि धारा ४६ सम्म विभिन्न मौलिक हक राखिएका छन् । जसले नेपालका संविधानमा मानव अधिकारको संवैधानिक प्रबन्धको इतिहासमा महत्त्वपूर्ण परिवर्तन गरेको प्रस्ट देखिन्छ ।

नेपालको इतिहासमा सबै संविधान राजनीतिक क्रान्तिको परिणाम स्वरूप बनेका होइनन् । २०४७ सालको संविधान राजनीतिक आन्दोलनको उपज हो । २०६३ सालमा बनेको अन्तरिम संविधान र वर्तमान संविधान भने पूर्णतः राजनीतिक संघर्ष र सशस्त्र युद्ध अर्थात् क्रान्तिका परिणाम स्वरूप बनेका संविधान हुन् । संविधानहरू खासमा अनुभव तथा विकासक्रमको जगमा अघि बढ्दै आएका हुन्छन् । यद्यपि सबै संविधान त्यसरी पनि बन्दैनन् । नेपालको वर्तमान संघीय लोकतान्त्रिक-गणतान्त्रिक संविधान क्रान्तिबाट बन्यो । परिवर्तनपछि बनेका संविधानहरूले मानिसको जीवनको सुरक्षा, नागरिक तथा राजनीतिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, सम्पत्तिको हक र सुरक्षा, राजनीतिक अधिकारको दृष्टिकोणमा बोल्ने-लेख्ने स्वतन्त्रता र मानिसको सम्मान तथा राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई नागरिकका आधारभूत मौलिक हकमा राख्ने गरेका छन् । मानव अधिकारको विषयमा संयुक्त राष्ट्रसंघको बडापत्र तथा संघको पहलमा जारी भएको विश्वव्यापी घोषणा तथा अन्य विषय-विषय र क्षेत्रलाई समेटेर जारी गरिएका महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरू तथा दस्ताबेजहरूको विश्वमा प्रभावकारी भूमिका रहेको छ । नेपालको संविधानले त्यस्ता महासन्धिका प्रावधानहरूलाई सम्मान गर्दै आफ्नो संविधानमा संवैधानिक प्रबन्ध गरी उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघका महत्त्वपूर्ण सिद्धान्तहरूमध्ये आधारभूत मानव अधिकारको सुरक्षा सम्बन्धी धारणालाई आफ्नो स्थापनादेखि संघले अति महत्त्वपूर्ण सिद्धान्तको हिसाबमा अपनाएर लागु गर्दै आएको देखिन्छ । संवैधानिक प्रबन्धहरूको कसीमा नेपालका संविधानहरूलाई तुलना र विश्लेषण गर्दा वर्तमान गणतान्त्रिक संविधानमा भएका मानव अधिकार सम्बन्धी प्रबन्धलाई उत्कृष्ट संवैधानिक व्यवस्था हो भन्न सकिन्छ । जसमा मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रावधानहरूलाई उच्च महत्त्व दिएर उल्लेख गरिएको प्रस्ट देखिन्छ । हालसम्म विश्वमा स्थापित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाहरू र नेपालले अंगिकार गरेका मानव अधिकार सम्बन्धी संवैधानिक प्रबन्धहरूबिचको सामान्जयस्ता कस्तो रहेको छ वा यी दुई बिचको स्थिति सम्बन्धबारे यसपछिको परिच्छेदमा विश्लेषण हुनेछ ।

# परिच्छेद : पाँच

# मानव अधिकारका विश्वव्यापी प्रावधान र नेपाल

विश्वमा मानव अधिकार सम्बन्धी विभिन्न खालका दर्शन र सिद्धान्तमाआधारित विषयगत क्षेत्रलाई केन्द्रित गरिएका प्रावधानहरू रहेका छन् (Bhattarai, AD 2022, p. 30) । दर्शन र सिद्धान्तहरू विभिन्न विधिशास्त्रीय धारणा र मान्यताका आधारमा बन्दै आएका हुन् । ऐतिहासिक क्रान्ति, राजनीतिक एवम् संवैधानिक परिवर्तनहरूको जगमा मानव अधिकार सम्बन्धी विश्वव्यापी, क्षेत्रीय र राज्यका संवैधानिक-कानुनी प्रावधान निर्माण हुँदै आएका देखिन्छन् (Bruce, AD 2006, p. 67)। विभिन्न प्रकारका सशस्त्र संघर्ष, राजनीतिक हिँसा र मानव अधिकार विरोधी क्रियाबाट विश्वलाई बढी सुरक्षित बनाउन विभिन्न अन्तर्राष्ट्रिय सन्धि, घोषणा र कानुनी प्रावधानहरूको तर्जुमा गरिँदै आएका हुन् (Brysk, AD 2002, p. 14)। सन् १९४५ मा संयुक्त राष्ट्रसंघको गठन भएपछि मानव अधिकारको संरक्षण र सुरक्षाको लागि विभिन्न घोषणा र सन्धिहरू तर्जुमा हुँदै आएको देखिन्छ। मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रबन्ध र प्रावधानहरूको प्रभाव नेपालका संविधानहरूमा समेत पर्दै आएकोले संविधानहरू निरंकुश, निर्दलीय र अप्रजातान्त्रिकबाट प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक हुँदै आएका देखिन्छन् (Chowdhury, AD 2019, 17) । नेपालका संविधानहरूमा मूलतः २०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ र त्यसपछिका अन्तरिम संविधान र नेपालको वर्तमान संविधानमा मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रावधानहरू एवम् अन्तर्राष्ट्रिय दस्तावेजहरूको सकारात्मक प्रभाव परेको प्रस्ट देखिन्छ । अर्कोतर्फ त्यसयता नेपालले विभिन्न प्रकारका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान र महासन्धिहरूमा हस्ताक्षर

गरी अनुमोदन समेत गर्दै आएकोले पनि नेपालका संविधानहरूमा अन्तर्राष्ट्रिय प्रावधानहरूको प्रभाव पर्दै आएको हो ।

## ५.१ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज

विश्व इतिहासमा प्रभाव भएका विश्वव्यापी ऐतिहासिक दस्ताबेजहरूको विश्लेषण गर्दा बेलायतमा तत्कालीन राजा जोन (११६६-१२१६) द्वारा हस्ताक्षर गरी लागु भएको म्याग्नाकर्टालाई महत्त्वपूर्ण ऐतिहासिक दस्ताबेज मानिँदै आएको छ । बेलायतमा सन् १६२८ मा आएको 'पेटिसन अफ् राइटस्', सन् १६४० को बन्दीप्रत्यक्षीकरण ऐन र सन् १६८९ को 'इङ्लिस बिल अफ राइटस्'हरूको विश्वव्यापी महत्त्व देखिन्छ । अमेरिकामा भएका राजनीतिक र संवैधानिक विकासक्रममा जारी भई लागु भएका दस्ताबेजहरूको पनि विश्वमा ऐतिहासिक महत्त्व र अर्थ रहेको छ । सन् १७७६ को स्वतन्त्रता संग्राम सम्बन्धी घोषणाको दस्ताबेज जसलाई संयुक्त राज्य अमेरिकाको स्वतन्त्रता सम्बन्धी घोषणापत्र भनिन्छ । जसको प्रजातान्त्रिक तथा संवैधानिक विकासको लागि अति धेरै महत्त्व रहेको छ । संयुक्त राज्य अमेरिकी संविधान (१७९१) र बिल अफ राइटस् (१७९१) को विश्वको लिखित संविधानको इतिहासमा ऐतिहासिक महत्त्व रहेको छ । यस अघि प्रथम विश्व युद्धको अन्त्य गर्न बनेको राष्ट्रसंघ (सन् १९१९), अन्तर्राष्ट्रिय श्रम संगठन (१९१९) तथा सन् १९२६ मा जारी भएको दासत्व महासन्धि समेतका आफ्नै ऐतिहासिक अर्थ तथा महत्त्व भएका अन्तर्राष्ट्रिय दस्ताबेजहरू रहन गए । सन् १९३९-१९४५ को दोस्रो विश्व युद्धको अन्त्य पश्चात सन् १९४५ मा गठन भएको संयुक्त राष्ट्रसंघको बडापत्रलाई सर्वाधिक प्रभावकारी विश्वको साझा दस्ताबेजका रूपमा लिइन्छ । यिनको प्रभाव विश्वव्यापी रहेको छ ।

सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले मानव अधिकार सम्बन्धी अवधारणा र परम्परागत मान्यतामा आमूल परिवर्तन गरिदियो । जसलाई मानव अधिकारको क्षेत्रमा विश्वको आधारभूत दस्ताबेज मानिन्छ । युद्ध र सशस्त्र द्वन्द्वमा समेत युद्धसम्बन्धी आधारभूत नियम र मानवीय मूल्यलाई पालना गर्नुपर्ने गरी सन् १९४९ मा जारी गरिएको मानवीय कानुन सम्बन्धी जेनेभा सन्धि(Four Geneva Convention, 1949) ले अन्तर्राष्ट्रिय कानुनी मान्यता पाई लागु भएको छ । सन् १९५१ मा संयुक्त राष्ट्रसंघद्वारा शरणार्थी सम्बन्धी विशेष सन्धि जारी गरिएको थियो । जसले शरणार्थीको जीवनको सुरक्षा सहित बाँच्नको लागि आवश्यक पर्ने आधारभूत कुराहरू उपलब्ध गराउनु पर्ने भन्ने विषयलाई महत्त्व दिएको देखिन्छ । त्यसैगरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको क्षेत्रमा सन् १९६६ मा जारी भएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई सर्वाधिक

महत्त्वका साथ लिइने विश्वव्यापी दस्ताबेज हुन् । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, सन् १९७९, बालअधिकार सम्बन्धी महासन्धि, सन् १९८९ जस्ता विश्वव्यापी महासन्धि र अन्तर्राष्ट्रिय कानुनहरूलाई विश्वमा मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दस्ताबेजका रूपमा लिइँदै आएको छ । अर्कोतर्फ क्षेत्रीय सन्धिहरूमा युरोपेली सन्धिहरू, अमेरिकन क्षेत्रीय राज्यका सन्धिहरू, अफ्रिकन राज्यका सन्धिहरू तथा एसियन राज्य संगठनका सन्धिहरू महत्त्वपूर्ण देखिन्छन् । दक्षिण एसियाली मुलुक समूहको आफ्नै केही क्षेत्रीय सन्धिहरू रहेका छन् । जसले यस क्षेत्रमा मानव अधिकार सम्बन्धी तथा नागरिक सुरक्षा र संरक्षणको क्षेत्रमा केही कार्य गरिरहेका देखिन्छन् । सन् १९८५ मा जारी गरिएको दक्षिण एसियाली सहयोग संगठन (South Asian Association for Rigional Cooperation, SAARC) को आफ्नै बडापत्र रहेको छ । जसले यस क्षेत्रमा मानव अधिकार, विकास, सहयोग, सदभाव, सुरक्षा तथा समन्वय आदि अभिवृद्धि गर्ने लक्ष्य लिएको भए पनि उद्देश्य र लक्ष्य अनुसार कार्य भने गर्न सकेको देखिन्न । विश्वमा मानव अधिकारको क्षेत्रमा विभिन्न बडापत्र, अन्तर्राष्ट्रिय घोषणा, सन्धि, महासन्धि, अन्तर्राष्ट्रिय कानुन तथा विभिन्न क्षेत्रीय सन्धि आदि दस्ताबेजहरूको आ-आफ्ना कार्यक्षेत्र, दायरा, अधिकार, भूमिका, प्रभाव तथा सरोकार बमोजिम कार्य गर्दै आएका छन् (खरेल, वि.सं. २०७६, पृ. ८०) ।

अन्तर्राष्ट्रिय दस्ताबेजहरूको तर्जुमा, हस्ताक्षर, जारी, लागु तथा प्रभावकारिता समेतको अनुगमन गर्ने कार्यमा संयुक्त राष्ट्रसंघको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । यसरी संयुक्त राष्ट्रसंघद्वारा जारी भई लागु हुँदै आएका विभिन्न अन्तर्राष्ट्रिय दस्ताबेजहरूलाई सदस्य राष्ट्रहरूले आफ्नै कानुन सरह लागु तथा पालना गर्दै आएका छन् । अर्कोतर्फ राष्ट्रसंघले विभिन्न समयमा विषयगत सिद्धान्तहरू निर्माण गरी लागु गर्दै आएको छ । मानव अधिकारको क्षेत्रमा फ्रान्सको राजधानी पेरिसमा घोषणा गरिएको पेरिस सिद्धान्तलाई महत्त्वपूर्ण मानिएको छ । जुन सिद्धान्तको आधारमा प्रजातान्त्रिक मुलुक र सदस्य राष्ट्रहरूले मानव अधिकार संरक्षण सम्बन्धी कार्य गर्न अलग्गै संवैधानिक आयोग समेतको निर्माण गरी कार्यान्वयनमा समेत ल्याएका छन् । अर्कोतर्फ मानव अधिकारको संरक्षण तथा सुरक्षाको लागि विभिन्न अन्तर्राष्ट्रिय घोषणाहरू सम्पन्न हुँदै आएका देखिन्छन् । खासमा अन्तर्राष्ट्रिय घोषणा आफैँमा अन्तर्राष्ट्रिय कानुन नभए पनि कतिपय विश्वव्यापी घोषणाहरू कानुन सरह स्वीकार गरी लागु हुँदै आएका देखिन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणा यस सम्बन्धमा सर्वोत्तम नमुना हो । नेपालको संविधानमा उक्त घोषणाको प्रभाव देख्न सकिन्छ । यसरी संयुक्त राष्ट्रसंघका घोषणा र अन्तर्राष्ट्रिय कानुनलाई

सदस्य देशहरूले लागु गर्दै आएका छन् । संघकै पहलमा जारी भएको पेरिस प्रिन्सीपलको आधारमा नेपालले पनि राष्ट्रिय मानव अधिकार आयोगको गठन गरी कार्य गर्दै आएको छ।

मानव अधिकार लोकतान्त्रिक समाज र मुलुकको लागि अपरिहार्य विषय हो (Fadlalla, AD 2019, p. 34) । विश्वमा मानव अधिकार सम्बन्धी अनेकौं अन्तर्राष्ट्रिय महासन्धि तथा दस्ताबेजहरू निर्मित भई लागु भइरहेका छन् । सन् १९१९ मा गठन भएको अन्तर्राष्ट्रिय श्रम संगठनश्रमिकको अधिकार, हक तथा हितमा क्रियाशील विश्वव्यापी संगठन हो । जसले श्रमिकका आधारभूत अधिकार र मानव अधिकारको लागि विभिन्न अन्तर्राष्ट्रिय घोषणा, सम्मेलन तथा दस्ताबेजहरू तयार गर्दै आएको छ । दोस्रो विश्व युद्धको समाप्तिपछि गठित संयुक्त राष्ट्रसंघको विधानसबैभन्दा आधारभूत तथा प्रमुख अन्तर्राष्ट्रिय, अन्तरराज्य-अन्तर्राष्ट्रिय दस्ताबेज हो । विश्वमा यसलाई महत्त्वपूर्ण, स्वीकार्य र आधारभूत अन्तरराज्य साझा दस्ताबेजको रूपमा लिने गरिएको छ ।

मानव अधिकारको क्षेत्रमा अनेकौं अन्तर्राष्ट्रिय महासन्धिहरू भएका भए पनि प्रमुख रूपमा २२ वटा अन्तर्राष्ट्रिय सन्धि महत्त्वपूर्ण छन् । ती महासन्धिहरूमा दासत्व, दास व्यापार र दासत्व समान सस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि (१९५६) जसलाई नेपालले ७ जनवरी १९६३ मा सम्मिलन गरेको छ । सोही सन्धिको अप्सनल प्रोटोकललाई पनि सोही मितिमा नेपालले स्वीकार गरेको हो । सन्धिले कसैलाई पनि दासदासीको रूपमा राख्न, बिक्री गर्न नपाइने प्रस्ट गरेको छ । जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी सन्धि (१९४८) लाई नेपालले सन् १९६९ जनवरी ७ मा सम्मिलन गरेको छ । कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने निश्चित जाति, भाषाभाषी आदिलाई राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक एवम् द्वन्द्व आदिका नाममा मार्न पाइन्न भन्ने यो सन्धिको मूल व्यवस्था हो । विगतमा विश्वमा यस्ता धेरै हत्या, हिंसा भएका छन् (प्याकुर्‍याल, वि.सं. २०७४) । इराकका तत्कालिन राष्ट्रपति सद्दाम हुसैनले सन् १९८२-१९९२ को अवधिमा इराकी कुर्दिस मुसलमानहरूको व्यापक जाति हत्या गरेका थिए । सन् २०१७ मा म्यानमारका रोहिङ्ग्या जातिलाई त्यहाँको सैन्य सत्ताले निर्ममतापूर्वक हत्या गरेको थियो । चीनमा पनि युगुर मुसलमानमाथि सत्ताले दमनपूर्ण व्यवहार गरेको कुरा सार्वजनिक भएको थियो । यस्ता जाति हत्याका घटना विश्वमा धेरै देखिन्छन् । यस प्रकारका जाति हत्या रोक्नको लागि उल्लिखित सन्धि भएको हो ।

महिलाको राजनीतिक अधिकार सम्बन्धि सन्धि (१९५३) लाई सन् १९६६ अप्रिल २६ मा नेपालले सम्मिलन गरेको छ । महिलाले पाउनुपर्ने राजनीतिक अधिकारमा पर्ने राजनीतिक दल र विचारद्वारा अघि बढ्ने, राजनीतिक अधिकारमा आउने भोटको अधिकार,

चुन्ने-चुनिने अधिकार, राजनीतिक विचार राख्ने अधिकार र मूलतः राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरू यसमा पर्दछन् । बालबालिका बेचबिखन तथा वेश्यावृत्तिमा लगाउन नियन्त्रण गर्ने सम्बन्धी सन्धि (१९५०) लाई सन् २००२ डिसेम्बर १० मा सम्मिलन गरेको देखिन्छ । त्यसैगरी दासत्व र दासदासी विक्री नियन्त्रण गर्ने सम्बन्धी सन्धि (१९५६) लाई नेपालले १९६३ जनबरी ७ मा नै सम्मिलन गरेको छ । सबै प्रकारका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी महासन्धि (१९६५) लाई १९७१ जनबरी ३० मा सम्मिलन गरेको देखिन्छ । रङ्गभेद अपराधको नियन्त्रण र सजाय सम्बन्धी सन्धि (१९८५) लाई १९८९ मार्च १ मा अनुमोदन गरेको छ । क्रूर यातना र हत्या, अमानवीय सजाय विरुद्धको सन्धि (१९८४) लाई १९९१ मे १४ मा सम्मिलन गरेको छ ।

त्यस्तै खेलकुदमा रङ्गभेद विरुद्धको सन्धि (१९८५) लाई १९८९ मार्च १ मा स्वीकार गरेको अवस्था छ । मृत्युदण्ड खारेज गर्ने सम्बन्धी महासन्धि (१९८९) लाई १९९८ मार्च ४ मा सम्मिलन गरेको देखिन्छ । उल्लिखित महासन्धि अनुमोदन गरेको कारणबाट २०४७, २०६३ र २०७२ मा निर्माण भएका संविधानहरूबाट मृत्युदण्डलाई पूरै खारेज गरिएको देखिन्छ । नेपालको संविधानको धारा १६ (२) मा मृत्युदण्ड हुनेगरी कुनै पनि प्रकारको कानुन निर्माण नगरिने प्रस्ट लेखिएको छ । सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग सम्बन्धी सन्धि (२०००) लाई नेपालले २००५ अक्टोबर ३१ मा स्वीकार गरेको देखिन्छ । बालबालिकाको विक्री, वेश्यावृत्तिमा लगाउन नियन्त्रण गर्ने सम्बन्धी सन्धि (२०००) लाई नेपालले २००६ जनबरी २१ मा स्वीकार गरेको छ । अपाङ्ता भएका व्यक्तिको अधिकार सम्बन्धी सन्धि र अप्सनल प्रोटोकल (२००६) लाई नेपालले सन् २०१० मे ७ मा अनुमोदन गरेको छ ।

सन् १९५५ डिसेम्वर १४ मा संयुक्त राष्ट्रसंघको सदस्य भएदेखि नै संयुक्त राष्ट्रसंघले जारी गरेका र विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालले हस्ताक्षर गरी अनुमोदन समेत गर्दै आएको छ । सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएदेखि लिएर त्यसपछि लागु गरिएका मानव अधिकारसँग सम्बन्धित सबैजसो सन्धि र अन्तर्राष्ट्रिय कानुनमा नेपालले हस्ताक्षर तथा अनुमोदन गर्दै आएको हो । सन् १९४५ को संयुक्त राष्ट्रसंघको विधानलाई नेपालले सन् १९५५ डिसेम्बर १४ मा सम्मिलन गरको छ । त्यसैगरी एकै पटक जारी भएको अन्तर्राष्ट्रिय न्यायालयको विधानलाई सोही मितिमा सम्मिलन गरेको छ । नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गरी समर्थन र अनुमोदन गरेका विभिन्न सन्धिहरूमध्ये मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण सन्धिहरू रहेका छन् (Kingston, AD, 2013, p. 23) । सन् १९८९ को मानिसलाई मृत्युदण्ड दिन नहुने, मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धी सेकेण्ड अप्सनल प्रोटोकलमा नेपालले सन् १९९१

सेप्टेम्वर १४ मा नै सम्मिलन गरिसकेकोले नेपाल अधिराज्यको संविधान, २०४७ देखिनै मृत्युदण्डको खारेजी गरी संवैधानिक प्रबन्ध गर्दै आएको प्रस्टै छ । यसरी नेपालले मानव अधिकारसँग सम्बन्धित तथा अन्य विभिन्न अन्तर्राष्ट्रिय सन्धि एवम् कानुनहरूमा हस्ताक्षर गरी आवश्यकता अनुसार स्वीकृति, सम्मिलन तथा अनुमोदन गरेको छ ।

अर्कोतर्फ नेपालको संविधान र कानुनहरूमा समेत अन्तर्राष्ट्रिय सन्धिको पालना र लागु गर्नको लागि विभिन्न कानुनी व्यवस्थाहरू गरिएका छन् । नेपालको सन्धि ऐन, २०४७ को दफा ९ (१) मा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि नेपालको कानुनसँग बाझिएमा सो बाझिएको हदसम्म अन्तर्राष्ट्रिय कानुनले मान्यता पाउने भन्ने उल्लेख गरिएकोले नेपालले अन्तर्राष्ट्रिय सन्धि र विशेषगरी मानव अधिकार सम्बन्धी सन्धिहरू पालना गर्न प्रतिवद्ध रहेको देखिन्छ । सोही दफाको (२) मा भने नेपालको कानुनलाई महत्त्व दिन सकिने भन्ने पनि उल्लेख गरिएको देखिन्छ । सारमा सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भएको नेपाल अन्तर्राष्ट्रिय कानुन र सन्धिको पालना गर्न पूर्ण प्रतिवद्ध रहेको छ(List of Multilateral Treaties to which Nepal is a Party and Signatory, 2018)। संयुक्त राष्ट्र संघद्वारा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी ठूला ९ वटा महान्धिहरूको प्रबन्ध गरेको देखिन्छ ।

## ५.२ मानव अधिकार सम्बन्धी ९ ठूला महासन्धि

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा जम्मा ९ वटा चाहिँ ठूला महासन्धि रहेका छन् । जसमा संयुक्त राष्ट्रसंघद्वारा सन् १९६६ डिसेम्बर १६ मा जारी गरिएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको क्षेत्रमा आधारभूत विश्वव्यापी महासन्धिहरू मानिन्छन् । उल्लिखित कानुनहरूलाई हस्ताक्षर र अनुमोदन गर्ने मुलुकको लागि उसले स्वीकार गरेको हदसम्म बाध्यकारी कानुन सरह लागु हुने प्रस्ट गरेको छ । यस्ता अन्तर्राष्ट्रिय कानुनहरू आफैँमा विश्वव्यापी अधिकारक्षेत्र भएका महासन्धिहरू हुन् (अन्तर्वार्ता, कृष्णभक्त पोखरेल, वि.सं. २०७६, मंसिर १३) । नेपालले उल्लिखित महासन्धिहरूलाई १४ मे १९९१ मा सम्मिलन गरिसकेको छ । सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (२१ डिसेम्बर १९६५) पनि मानव अधिकार सम्बन्धी ठूला ९ महासिन्धमा पर्ने सन्धि हो र जसलाई नेपालले ३० जनबरी १९७१ मा सम्मिलन गरिसकेको छ । महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (१८ डिसेम्बर १९८९) लाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरिसकेको छ । बालअधिकारसबन्धी महासन्धि (२० नोभेम्बर १९८९) लाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ

। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध महासन्धि (१० डिसेम्बर १९८४) लाई नेपालले १४ मे १९९१ मा सम्मिलन गरिसकेको छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (१३ डिसेम्बर १९८४) लाई नेपालले २८ डिसेम्बर २००९ मा स्वीकार गरेको छ । ठूला ९ महासन्धिहरूमध्येमा रहेका जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (२० डिसेम्बर २००६) र सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१८ डिसेम्बर १९९०) लाई चाहिँ हालसम्म नेपालले अनुमोदन गरेको छैन । संयुक्त राष्ट्रसंघद्वारा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको अक्षर र भावना अनुसार संघले विभिन्न समयमा विभिन्न प्रकार तथा क्षेत्रका अन्तर्राष्ट्रिय मानव अधिकार संरक्षण सम्बन्धी महासन्धिहरू जारी गरी लागु गर्दै आएको छ । यहाँ मानव अधिकार सम्बन्धी प्रमुख ९ वटा महासन्धिहरूमा भएका महत्त्वपूर्ण व्यवस्था सहित तीनकोसङ्क्षेपमा विश्लेषण गरिएको छ ।

### ५.१.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र

मानव जातिले नागरिक भएको नाताले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारलाई संरक्षण गर्न बनेको महासन्धिलाई नै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनिन्छ । यो महासन्धिले मूलतः नागरिक र राजनीतिक अधिकारमा जोड दिएको छ । स्वतन्त्रताको प्रत्याभूतिविना समानता, सम्मान तथा सामाजिक न्याय समेतको कुनै अर्थ रहँदैन भन्ने मान्यताले प्रत्येक पक्षराष्ट्रले नागरिकका आधारभूत अधिकारको प्रत्याभूतिका लागि विशेष कदम चाल्नुपर्ने कुरा महासन्धिमा गरिएको छ । महासन्धि मानव अधिकार सम्बन्धी नागरिक र राजनीतिक अधिकारको क्षेत्रको बाध्यकारी अन्तर्राष्ट्रिय कानुन हो । जसले मानव अधिकारको विश्वव्यापी घोषणामा भएका नागरिक तथा राजनीतिक अधिकारका विषयहरूलाई अन्तर्राष्ट्रिय कानुनी रूप दिएको छ । जसमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी कुनै पनि अधिकारलाई सरकारद्वारा जनताको भेदभाव, यातना वा कुनै पनि प्रकारको अवरोध र गलत व्यवहारविना बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्नुपर्ने प्रबन्ध गरेको छ । यसले राजनीतिक सहभागिता र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको देखिन्छ ।

महासन्धिको धारा १ को (१) मा सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार रहेको उल्लेख गरिएको छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् र स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् भनिएको छ । सोही धाराको (२) मा सबै जनताले आपसी

फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै दायित्वप्रति कुनै दुराग्रह नराखी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । जुनसुकै अवस्थामा पनि प्रत्येक जनतालाई उसको आफ्नो जीवन धान्ने उपायबाट बन्चित गरिने छैन भनि महासन्धिको सो उपदफामा लेखिएको छ । त्यसैगरी सोही धाराको (३) मा गैरस्वशासित तथा न्यास (कब्जामा रहेका) इलाकाहरूको प्रशासनको उत्तरदायित्व भएका पक्षलगायत यस महासन्धिका पक्षराष्ट्रहरू आत्मनिर्णयको अधिकारको प्राप्तिको प्रवर्धन गर्नेछन् तथा संयुक्त राष्ट्रसंघको बडापत्रका व्यवस्थाहरूअनुरूप सो अधिकारको सम्मान गर्नेछन् लेखिएको छ । धारा २ को (१) मा यस महासन्धिका पक्षराष्ट्रहरू आफ्ना इलाका तथा क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावबिना यस महासन्धिमा स्वीकृत अधिकारहरूको सम्मान तथा सुनिश्चित गर्न प्रतीज्ञा गर्दछन् भनि लेखिएको देखिन्छ । यो प्रबन्ध मानव अधिकारको विश्वव्यापी घोषणा (१९४८) को धारा २ सँग पूरै मेल खान्छ । अर्थात घोषणामा उल्लेख गरिएका विषयलाई यस महासन्धिले बाध्यकारी अन्तर्राष्ट्रिय कानुनको रूप दिएको छ (के.सी., वि.सं. २०८०) ।

त्यसैगरी महासन्धिको धारा ३ मा महिला र पुरुषकाबिच असमानता नगरिने र सबैले नागरिक र राजनीतिक अधिकारको उपयोग गर्न पाउने भनिएको छ । धारा ६ ले जीवनको अधिकारलाई सुनिश्चित गरेको छ । जसको (१) मा प्रत्येक व्यक्तिमा जीवनको अन्तरनिहित अधिकार रहेको छ भनि लेखिएको छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ भन्ने प्रबन्ध त्यसमा छ । साथै स्वच्छाचारीरूपले कसैको पनि जीवन हरण गरिने छैन उल्लेख छ । जसको (२) मा मृत्युदण्डको उन्मूलन नगरेका देशहरूमा यदी गम्भीर अपराधहरूमा अपराध गर्दाको समयमा लागु रहेका कानुनअनुसार र यस महासन्धिका व्यवस्थाहरू तथा आमहत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरित नहुने गरी मृत्युदण्ड दिन सकिनेछ भनि उल्लेख गरिएको छ । तथापि मुलुकको स्वतन्त्र र सक्षम अदालतले गरेका अन्तिम निर्णयअनुसार मात्र यस्तो दण्ड कार्यान्वयन गर्न सकिनेछ । सोही धाराको (३) मा जीवन हरण गर्नु आम हत्याको अपराध मानिने अवस्थामा यस धारामा उल्लिखित कुनै पनि कुराले यस महासन्धिको कुनै पनि पक्षराष्ट्रहरूलाई आमहत्या अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धि अन्तर्गतका आफ्ना कुनै पनि दायित्वलाई कुनै पनि प्रकरण न्यून गर्ने अधिकार छैन भन्ने कुरा बुझिन्छ । यसै धाराको (४) मा मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ भन्ने लेखिएको छ । सबै मुद्दाहरूमा माफी दिन,

क्षमादान दिन वा मृत्युदण्डको सजायलाई कम गर्न सकिनेछ । त्यस्तै (५) मा १८ वर्षमुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरूउपर यस्तो दण्ड कार्यान्वयन गरिने छैन । साथै सोही धाराको (६) मा यस महासन्धिको कुनै पक्षराष्ट्रहरूले मृत्युदण्ड उन्मूलन गर्न ढिलाइ गर्न वा त्यस्तो उन्मूलनमा रोक लगाउन यस धाराको कुनै पनि कुराको आधार लिन पाउने छैन भनि प्रस्टसँग उल्लेख गरिएको देखिन्छ । मानव जीवनको अधिकार सर्वाधिक ठूलो अधिकार भएकोले यो धारामा गरिएका उल्लिखित प्रबन्धहरूको महत्त्व बढी भएको हो (मानव अधिकार : ठूला नौ महासन्धि, वि.सं. २०७०, पृ. ३) ।

साधारणतयाः नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको उल्लङ्घन राज्य, सेना वा प्रहरीको काम कारबाहीको प्रत्यक्ष परिणामस्वरूप हुने गर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएका नागरिक र राजनीतिक अधिकारहरू सम्बन्धी व्यवस्थालाई लागु गर्ने बाध्यकारी दायित्व निर्माण गर्न प्रबन्ध गरिएको यस महासन्धिमा मानिसका नागरिक र राजनीतिक अधिकारहरूलाई विभिन्न धाराहरूमा सूत्रबद्ध गरिएका छन् । जसको धारा ७ देखि २७ सम्म मानिसको बाँच्न पाउनेलगायत अन्य कपितय राजनीतिक अधिकार समेटिएको प्रस्ट देखिन्छ । सन् १९८९ डिसेम्बर १५ मा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिको दोस्रो ऐच्छिक प्रोटोकल ( आलेख) जो मृत्युदण्डको निषेधका लागि निर्माण गरियो । जसमा महासन्धिको पक्ष राष्ट्र भएको देशबाट मृत्युदण्ड पूर्णरूपमा उन्मूलन गर्ने भनिएको छ । अर्थात त्यस्तो राज्यले मृत्युदण्ड हुनेगरी संविधान र कानुन निर्माण गर्न सक्दैन । यही अन्तर्राष्ट्रिय प्रावधानलाई ध्यान दिएर नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा र नेपालको वर्तमान संविधानको धारा १६ को (२) मा मृत्युदण्ड हुनेगरी कानुन निर्माण गरिनेछैन भनि प्रस्ट लेखियो । नेपालले सन् २००१ मा नै सो प्रोटोकल अनुमोदन गरी सकेको थियो । महासन्धिको कार्यान्वयनको अवस्था अनुगमन गर्नको लागि मानव अधिकार समिति समेत रहने व्यवस्था यस महासन्धिमा गरिएकोले प्रत्येक चार-चार वर्षमा देशको आफ्नो प्रतिवेदन बुझाउनु पर्ने प्रबन्ध गरिएको देखिन्छ (मानव अधिकार : ठूला नौ महासन्धि : वि.सं. २०७०, पृ. ४) ।

संयुक्त राष्ट्रसंघको विधिवत गठन भएपश्चात सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि त्यसले विश्वव्यापी स्वीकारोक्ति र समर्थन प्राप्त गर्‍यो । विश्वमा भएका संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले पूर्ण सहमतीका साथ समर्थन गरेको दस्तावेजको रूपमा उल्लिखित घोषणा आएपछि मानव अधिकार र खासमा नागरिक र राजनीतिक अधिकारको सुरक्षा र संरक्षण हुनुपर्दछ भन्ने विश्व जनमतमा

व्यापक वृद्धि हुन थालेको हो । संघका सदस्य राष्ट्रहरूले विश्वव्यापी कानुन ल्याउन आवश्यक ठानेकाले अन्तर्राष्ट्रिय कानुनको रूपमा मानव अधिकार सम्बन्धी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राट्रिय सन्धि निर्माण गरियो । यसमा मूलतः अमेरिका र अमेरिकी समूहमा रहेका प्रजातान्त्रिक राष्ट्रहरूको जोड चाहिँ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ल्याउनु पर्ने भन्ने थियो । उता तत्कालिन सोभियत संघ (रुस) ले भने कम्युनिस्ट धुबको नेतृत्व गरेकोले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी महाससिन्ध ल्याउनु पर्दछ भन्ने थियो । यसैबिच सन् १९६६ डिसेम्बर १६ मा संयुक्त राष्ट्रसंघद्वारा महासभामा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि पेस भई पारित गरियो । जुन सन्धि १९७६ देखि पूर्णतः लागु गरियो । जसलाई विश्वका १४७ भन्दा बढी मुलुकहरूले अनुमोदन गरिसकेका छन् (मानव अधिकार : ठूला नौ महासन्धि : वि.सं. २०७०) । नेपालले पनि उल्लिखित महासन्धिलाई सन् १९९१ मे १४ मा नै अनुमोदन गरी लागु गर्दै आएको देखिन्छ । धारा १ देखि धारा ५३ सम्म रहेको महासन्धिमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विभिन्न विषयहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनको रूपमा ग्रहण गरिदै आएको छ ।

जीवनको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको यो प्रबन्धलाई नेपालको संविधानको धारा १६ (२) ले प्रस्टसँग मृत्युदण्ड हुनेगरी कानुन निर्माण नगरिने भनेर लेखेकोबाट नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई महत्त्व दिएर पूर्ण पालना गरेको प्रस्ट हुन्छ । जीवनको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी बाध्यतालाई यस अघिको विश्वव्यापी घोषणाको धारा ३ ले पनि प्रस्ट गरेको थियो । महासन्धिको धारा ९ मा स्वतन्त्रता र सुरक्षाको विषयमा लेखेको छ । धारा १२ मा स्वतन्त्रता सहित आवतजावतको अधिकार कानुन अनुसार सबैलाई हुने भनिएको छ । धारा १८ ले विचार, धर्मको स्वतन्त्रता हुने उल्लेख छ । राजनीतिक अधिकारमा महत्त्व राख्ने विचार र धारणा राख्न पाउने अधिकारलाई धारा १९ ले ग्यारेन्टी गरेको छ । धारा १९ को (१) मा 'प्रत्येक व्यक्तिलाई बिनाहस्तक्षेप विचारहरू राख्न पाउने अधिकार हुनेछ' उल्लेख छ । सोही धाराको (२) मा 'प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देजबिना, मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा निजको आफ्नो छनोटको कुनै अन्य माध्यममार्फत सबै किसिमका सूचना तथा विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन्' भनि उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (३) मा 'यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरुको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू पर्दछन् । तसर्थ यो केही निश्चित प्रतिबन्धहरूको अधिनमा हुन सक्नेछ । तर ती प्रतिबन्धहरू 'कानुनद्वारा व्यवस्था गरिएको हुनुपर्दछ' भनिएको छ । धारा २१ ले

शान्तिपूर्ण तरिकाले संगठित हुन पाउने कुरा बोलेको छ । धारा २५ ले राजनीतिक अधिकारमा चुन्ने र चुनिने अधिकारमा जोड दिँदै प्रत्यक्षरूपमा छनिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने पाउने लगायतका स्वतन्त्र इच्छाको अभिव्यक्ति गर्न पाउने भनिएको छ । धारा २६ मा सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन् भनिएको छ । यस सम्बन्धमा कानुनले कुनै पनि भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभावविरुद्ध समान र प्रभावकारी संरक्षणको प्रत्याभूति दिइनेछ भनिएको देखिन्छ । नेपाल दक्षिण एसियाको सबैभन्दा धेरै मानव अधिकार सम्बन्धी सन्धि-महासन्धिमा पक्ष बनेको राष्ट्र हो । मृत्युदण्ड उन्मूलन मात्र होइन, भविश्यमा समेत संसदले मृत्युदण्ड पुनर्बहाल गर्ने गरी कानुन बनाउन प्रतिबन्ध लगाइएको मुलुक हो । धेरै मौलिक हक नेपालको संविधानबाट निश्चित गरिएको देश हो । सन्धि-महासन्धिको व्यवस्था 'मनिज्जम' अर्थात अन्तर्राष्ट्रिय सन्धिलाई बढी महत्त्व दिने देश भएकोले महासन्धि स्वतः कार्यान्वयन हुने मुलुक हो (के.सी., २०८०, पृ. ६) । नेपाल पक्ष राष्ट्र भएको सन्धि नेपाल कानुनसँग बाझिएको खण्डमा महासन्धिले मान्यता पाउने कुरा सन्धि ऐन, २०४७ को दफा ९ मा उल्लेख भएकोले प्रस्ट हुन्छ । यसरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले मानिसको जीवन, स्वतन्त्रता, सुरक्षा र राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय संरक्षण गरेको देखिन्छ र नेपालको संविधान-कानुनले त्यसका प्रबन्धलाई पूर्णतः पालना र लागु गर्दछ । नागरिक र राजनीतिक अधिकिारका अतिरिक्त आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षणको लागि एकै मितिमा छुट्टै महासन्धि ल्याइएको देखिन्छ (Hardin, AD, 2003, p. 65)।

## ५.१.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र

मानवले बाँच्नका लागि उपयोग गर्दै आएका आधारभूत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुरक्षा र संरक्षण हुनु पर्दछ भन्ने उद्देश्यले उल्लिखित महासन्धि ल्याइएको हो ।आर्थिक-सामाजिक अधिकार अन्तर्गतका खाने, बस्ने तथा आवासको निश्चितताविना राजनीतिक अधिकारले पूर्णता प्राप्त गर्न सक्दैन । सोही कारण सन् १९६६ मा संयुक्त राष्ट्रसंघद्वारा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि घोषणा गरी सन् १९७६ देखि लागु गरियो । सन्धिमा हस्ताक्षर र अनुमोदन गर्ने देशको लागि त्यो बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी दायित्व बन्दछ । सन्धिको पक्ष राष्ट्रले सन्धिका प्रबन्ध हुबहु लागु र कार्यान्वयन गर्नु पर्दछ ।मानव जातिले निर्वाध उपभोग गर्न पाउने आधारभूत आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सुरक्षा र संरक्षण गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको विश्वव्यापी घोषणामा भएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई महासन्धिले अन्तर्राष्ट्रिय कानुनको रूपमा प्रस्टसँग उल्लेख गरेको छ । व्यक्तिका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सुरक्षा र संरक्षणविना उसको समग्र विकास र प्रगति हुन सक्दैन । आधारभूत तहको आर्थिक, सामाजिक अधिकार नभई मानिस सम्मानपूर्वक बाँच्न पनि सक्दैन । यही कारणले प्रस्तुत महासन्धिमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुरक्षाको प्रबन्ध गरिएका हुन् । महासन्धिको कार्यान्वयन गर्नु पक्ष राष्ट्रको दायित्व हुने भएकोले कार्यान्वयन सम्बन्धी अवस्था जाँच गर्नको लागि यसमा पनि समितिको व्यवस्था गरिएको छ (मानव अधिकार : ठूला नौ महासन्धि : वि.सं. २०७०, पृ. २५) ।

सोभियत संघ र उसको समाजवादी समूहका देशहरूले तत्कालिन समयमा बढी जोड दिएको भनेको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मानव अधिकारको रूपमा प्राथमिकतामा राखेर अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुन ल्याउनु पर्दछ भन्ने रह्यो । अमेरिका र उसको समूह तथा सोभियत संघ र उसको समूहको लामो रस्साकस्सीको कारण १९४८ देखि सन् १९६६ सम्म कानुन ल्याउने कुरामा अनेकौं विवाद र बहस गरिए । नागरिक र राजनीति अधिकारलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन बनाउने वा आर्थिक, सामाजिक अधिकारलाई भन्ने विषयमा दुवै देश समूह आ-आफ्नो अडानमा कायम रहेपछि अन्ततः सन् १९६६ डिसेम्बर १६ मा एकैपटक नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिहरू ल्याइयो । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिमा धारा १ देखि धारा १५ सम्म मानिसका लागि अत्यावश्यक हुने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरू उल्लेख गरिएका देखिन्छन् । दुवै महासन्धिको प्रमुख आधार भनेको मानव अधिकारको विश्वव्यापी घोषणा नै हो ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिले मानिसलाई सम्मानपूर्वक बाँच्नको लागि आवश्यक पर्ने आर्थिक, सामाजिक तथा साँस्कृतिक विषयहरूलाई सबै मानवको आधारभूत अधिकार हुने भनि प्रस्ट उल्लेख गरेको देखिन्छ ।सोमहासन्धिको धारा १ को (१) मा सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् भन्ने विस्वास गरिएको छ । सोही धाराको (२) मा सबै जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै दायित्वप्रति कुनै दुराग्रह नराखी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन

तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् भनि लेखिएको छ । जुनसुकै अवस्थामा पनि प्रत्येकलाई उसको आफ्नो जीवन धान्न आवश्यक हुने अधिकारबाट बञ्चित गरिने छैन भनिएको देखिन्छ (गोष्ठीपत्र, भुषाल, वि.सं. २०७५, साउन १५) ।

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुरक्षाको लागि महत्त्वपूर्ण धाराको रूपमा धारा ८ पनि रहेको देखिन्छ । सो धाराको (१) मा यस महासन्धिका पक्षराष्ट्रहरू निम्न कुरा सुनिश्चित गर्न प्रतीज्ञा गर्दछन् भनिएको छ । जसमा (क) आफ्नो आर्थिक तथा सामाजिक हित प्रवर्द्धन तथा संरक्षण गर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरूको अधीनमा मात्र रहने गरी आफूले छानेका ट्रेड युनियन खोल्ने एवम् त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार छ । यस अधिकारको प्रयोगमा कानुनले तोकेको तथा राष्ट्रिय सुरक्षा वा जनव्यवस्था वा अरुको अधिकार एवम् स्वतन्त्रताहरूको संरक्षण गर्न प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिबन्ध बाहेक अन्य कुनै प्रतिबन्ध लगाउन पाइने छैन भनिएको छ । धारा ११ मानिस बाँच्ने अधिकारसँग सम्बन्धित रहेको देखिन्छ । जुन सर्वाधिक बढी महत्त्वपूर्ण समेत देखिन्छ । जसको (१) मा यस महासन्धिका पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीविकाको अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् भनिएको छ ।

पक्षराष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्त्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपर्युक्त कदमहरू चाल्नेछन् लेखिएको छ । सोही धाराको (२) मा भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै यी कुरालाई आवश्यक विशेष कार्यक्रम तथा उपायहरू अवलम्बन गर्नेछन् लेखिएको छ । जसको (क) मा प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणको सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको अति प्रभावकारी विकास तथा उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरू विकास तथा सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने र (ख) मा खाद्यान्न आयात गर्ने तथा निर्यात गर्ने देशहरू दुवैको समस्याहरूलाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समान वितरण सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी (ग) मा प्रकोप, महामारी, पेशागत तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्ने भनिएको छ भने (घ) मा बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गरिने कुरा लेखिएको छ । धारा १३ मा प्रत्येकको शिक्षाको अधिकारलाई सुनिश्चितता गरिने भनिएको छ । धारा १५ ले साँस्कृतिक जीवनमा सहभागिताको ग्यारेन्टी गरेको देखिन्छ । यसरी महासन्धिले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको ग्यारेन्टी गरेको छ (गोष्ठीपत्र, खनाल, वि.सं.२०७६, पुस १२) । यही

अन्तर्राष्ट्रिय कानुनको प्रबन्धका आधारमा नेपालको संविधानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई मौलिक हक भनिकन उल्लेख गरिएको देखिन्छ । धारा ३१ मा शिक्षाको अधिकार, धारा ३३ रोजगारीको हक, धारा ३४ श्रमको हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ३६ खाद्य सम्बन्धी हक, धारा ३७ आवासको हक, धारा ४२ सामाजिक न्यायको हक र धारा ४३ मा उल्लिखित सामाजिक सुरक्षाको हक आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अन्तर्गत पर्दछन् । त्यसैगरी नेपालका विभिन्न कानुनहरूमा पनि आर्थिक-सामाजिक अधिकारलाई कानुनी अधिकारको रूपमा राखिएको देखिन्छ । जसमा श्रम ऐन, २०४८, अनिवार्य शिक्षा तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, आवासको अधिकार सम्बन्धी ऐन, २०७५, आवश्यक वस्तु संरक्षण ऐन, २०१४, औषधी ऐन, २०३५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ तथा जनस्वास्थ्य सम्बन्धी ऐन, २०७५ आदि रहेका देखिन्छन् (भटराई, वि.सं. २०७५, पृ. १४४) ।

### ५.१.३ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि

प्राकृतिक रूपमा मानिसले प्राप्त गरेका लिङ्गका आधारमा कुनै पनि मानिसलाई विभेद, भेदभाव र दुव्यवहार गर्नु हुन्न, त्यस्ता विभेदकारी सोच-व्यवहार तथा कार्यशैलीलाई उन्मूलन गर्नुपर्दछ भन्ने उद्देश्यले सन् १९७९ डिसेम्बर १८ का दिन संयुक्त राष्ट्रसंघले महिला विरुद्धको उल्लिखित महासन्धि पारित गरेको हो । १९८१ सेप्टेम्बर ३ देखि सो महासन्धि लागु हुँदै आएको देखिन्छ । नेपालले यस सन्धिलाई सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरिसकेको छ । कूल ६ वटा भाग र ३० वटा धारामा विभाजित महासन्धिमा महिलाविरुद्धका भेदभाव उन्मूलन गर्ने सम्बन्धी प्रबन्ध गरिएका छन् । सन्धिमा सुरुका ६ वटा धारामा महिलाविरुद्धका भेदभावलाई व्याख्या र परिभाषा गरिएको देखिन्छ । त्यसपछिका धाराहरूले राजनीतिक र सामाजिक अधिकारहरूको सुरक्षा, संरक्षण सहित स्वास्थ्य, शिक्षा, आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षका सम्बन्धमा उल्लेख गरिएका छन् । पक्ष राष्ट्रहरू प्रस्तुत सन्धिमा प्रबन्ध गरिएको समितिले अनुरोध गरेको खण्डमा आवधिक र नियमित रूपमा प्रत्येक चार वर्षमा देशको प्रगति र अवस्थाको प्रतिवेदन बुझाउनुपर्ने प्रबन्ध गरिएको छ । सन् १९९९ मा सो महासन्धिको ऐच्छिक आलेख पनि आएको छ । जुन सन् २००० डिसेम्बरदेखि कार्यान्वयनमा रहेको देखिन्छ । त्यो आलेखलाई पनि नेपालले सन् २००७ जुन ७ मा अनुमोदन गरिसकेको छ ।

आलेख अनुमोदन गरेको पक्ष राष्ट्रका नागरिक तथा कुनै समूहलाई उल्लिखित महासन्धिको सम्बन्धित समिति समक्ष उजुरी गर्न सक्ने व्यवस्था आलेखमा गरिएको छ । यो महासन्धि पनि मानव अधिकारको विश्वव्यापी घोषणाद्वारा निर्देशित रहेको देखिन्छ । जसको

प्रस्तावनामा '...मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणाले भेदभाव सम्बन्धी अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सम्पूर्ण मानव स्वतन्त्र रूपमा एवम् समान हक र मर्यादामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लिखित हकहरू तथा स्वतन्त्रताहरू लिङ्गको आधारमा हुने भेदभाव लगायत कुनै पनि प्रकारको भेदभावविना उपभोग गर्न पाउनु पर्छ भन्ने कुराहरूलाई ध्यानमा राख्दै...' भनि उल्लेख हुनुले घोषणाको प्रबन्धलाई प्रस्तुत महासन्धिले उच्च महत्त्व दिएको प्रस्ट हुन्छ । नेपालका विगतका संविधानहरू महिलाको अधिकारमा प्रस्ट नभए पनि २०४७ सालको संविधानबाट भने अन्तर्राष्ट्रिय महासन्धिहरूलाई महत्त्व दिन थालिएको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० तथा नेपालको संविधानको धारा ३८ मा महिलाको अधिकार सम्बन्धी अलगगै प्रबन्ध गरिएका छन् भने संविधानको प्रस्तावनादेखि अन्य धाराहरूमा पनि लैङ्गिक विभेद र भेदभाव नगरिने कुरा प्रस्टसँग लेखिएको देखिन्छ (राकेश, वि.सं. २०७४) । महिलाको हक अन्तर्गत संविधानको धारा ३८ को (१) मा प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ उल्लेख छ । उपदफा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भनिएको छ । उपदफा (३) मा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनि प्रष्ट गरिएको छ । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ । उपधारा (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ लेखिएको छ । त्यसैगरी उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ लेखिएको छ भने उपधारा (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भनि उल्लेख गरिएको छ ।संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोग रहेको छ भने धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ ।त्यसैगरी संविधान अन्तर्गत बनेका विभिन्न कानुनहरूमा महिलाको हक, अधिकारलाई सुनिश्चित गरिएका छन् । जस्तो संघ-संस्था दर्ता ऐन, २०३४ मा समेत संस्था दर्ता गर्दा संस्थाको पदाधिकारीमा न्यूनतम एक जना महिला अनिवार्य हुनुपर्ने कानुनी प्रबन्ध गरिएको देखिन्छ ।मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, राष्ट्रिय महिला आयोग ऐन, २०७४, श्रम ऐन, २०७४ आदिमा महिलालाई कानुनले विशेष अधिकार र सुविधा दिएको देखिन्छ । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा निर्वाचन ऐन,

२०७४ तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तथा निजामती सेवा ऐन आदिमा ३३ प्रतिशत सीट संख्या महिलाको लागि आरक्षणको प्रबन्ध गरिएका छन् ।

## ५.१.४ बालअधिकारसम्बन्धी महासन्धि

बालबालिका प्रत्येक देश र समाजका भविश्यका नक्षत्र र कर्णधार हुन् । बालबालिकाहरूलाई उनीहरूका परिवार, स्कुल र समाजले शिक्षित, दीक्षित र प्रशिक्षित तथा तिनका भविश्य निर्माणमा सहयोगी एवम् रचनात्मक भूमिका खेल्न सक्नु पर्दछ । उनीहरूले पनि सम्मानपूर्वक बाँच्न, शिक्षा, स्वास्थ्य, खानपान, मनोरञ्जन तथा आवश्यक सेवा र सुविधा प्राप्त गर्नु पर्दछ । यसरी आधारभूत अधिकार प्रत्येक बालबालिकाले पाउनै पर्दछ भन्ने उद्देश्यले संयुक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्बर २० मा बालअधिकारसम्बन्धी महासन्धि ल्याएको हो । सो सन्धिलाई सन् १९९० को सेप्टेम्बर २ बाट कार्यान्वयनमा ल्याइएको छ । सन्धिमा कूल ३ वटा खण्ड र ५४ वटा धारामा बालअधिकारसम्बन्धी विभिन्न अधिकारको व्यवस्था गरिएका छन् । हालसम्म विश्वमा सबैभन्दा बढी मुलुकहरूले अनुमोदन गरेको सन्धि नै बालअधिकारसम्बन्धी सन्धि हो । सन्धिले प्रत्येक बालबालिकाले पारिवारिक वातावरण तथा समझदारीमा हुर्कन पाउनु पर्दछ र प्रत्येकले विनाकुनै पनि प्रकारको भेदभाव जसमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू निर्वाध ढंगले पाउनै पर्दछ भन्ने प्रबन्ध गरिएका छन् । सन्धिले १८ वर्ष मुनिका बालबालिकालाई बालबालिकाको परिभाषामा राखेको देखिन्छ । यसरी त्यस्ता बालबालिकाको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरालाई सन्धिमा प्रस्ट गरिएको छ । उनीहरूका आधारभूत आवश्यकताका कुराहरू, जीवनको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको सन्धिले प्रत्याभूति गरेको देखिन्छ (गोष्ठीपत्र, खनाल, वि.सं. २०७६, पुस १२) ।

नेपालले सन् १९९० सेप्टेम्बर १४ मा सन्धिको अनुमोदन गरी पक्ष राष्ट्र भइसकेकोले प्रत्येक पाँच वर्षमा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी समितिमा प्रतिवेदन बुझाउनु पर्दछ । प्रत्येक बालबालिकाको राष्ट्रियता, अभिभाकत्व, शिक्षा, स्वास्थ्यलगायतका सर्वाङ्गीण विकासमा पक्ष राष्ट्रको दायित्व हुने कुरा सन्धिमा उल्लेख गरिएको छ । सन् २००० मा बालबालिकाको अधिकार तथा सशस्त्र द्वन्द्वमा बालबालिकालाई समाहित गराउने क्रियाकलाप विरुद्धको ऐच्छिक आलेख पनि ल्याइएको छ । सन्धिमा कूल १३ वटा धाराहरू रहेका छन् । नेपालमा सन् १९९६-२००६ सम्मको सशस्त्र द्वन्द्वका क्रममा बालबालिकाको व्यापक प्रयोग भएको विषय यही आलेख र सन्धिको कारण पनि पेचिलो बन्दै आएको थियो । त्यसरी नै बालबालिका बेचबिखन, वेश्यावृत्ति, तथा अश्लील कार्यमा

समाहित गर्ने-गराउने क्रियाकलाप विरुद्धको ऐच्छिक आलेख पनि सन् २००० मा नै आएको थियो । यसरी महासन्धि तथा त्यसका आलेखहरूले बालबालिकाहरूका आधारभूत अधिकारको सुरक्षा तथा संरक्षण गरेको प्रस्ट देखिन्छ ।

बालअधिकारसम्बन्धी सन्धिको कार्यान्वयनको क्षेत्रमा अनुगमन सम्बन्धी कार्य गर्नको लागि बालअधिकारसम्बन्धी समिति समेत रहेको छ । जसमा प्रत्येक चार-चार वर्षमा देशले प्रतिवेदन बुझाउनुपर्ने प्रबन्ध गरिएको देखिन्छ । नेपाल पनि पक्ष राष्ट्र भएकोले आफ्नो संवैधानिक र कानुनी प्रबन्धमार्फत बालबालिकाको अधिकार र हितको सुरक्षा गर्दै आएको छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक भनिकन अलग्गै मौलिक हक रहेको छ । यस अघि २०६३ सालको अन्तरिम संविधानमा पनि बालबालिकाको हकलाई मौलिक हकमा राखिएको देखिन्छ । बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, मुलुकी देवानी (संहिता) ऐन, २०७४, श्रम ऐन, २०७४ निर्माण गरिएका छन् । त्यसैगरी बालबालिका सम्बन्धी छुट्टै ऐन (वि.सं. २०७५) समेत ल्याएर कार्यान्वयनमा रहेको देखिन्छ । यसरी बालबालिकाको अधिकार, हक र हितको सुरक्षाका विभिन्न कानुनी प्रबन्ध गरिएका देखिन्छन् ।

## ५.१.५ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

मानिसलाई विभिन्न जात र रङ्गका आधारमा गरिने विभिन्न प्रकारका भेदभाव गर्नु भनेको मानव अधिकारको हनन गर्नु हो (Anaya, AD, 2004, p. 65)। जन्मका आधारमा सबै मानव समान रगत-मासु र प्राकृतिक स्वभावबाट जन्मने भएकोले उनीहरूलाई त्यस्ता जातिगत भेदभाव गर्नु हुन्न भन्ने विश्वव्यापी मान्यता रहेको छ । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ मा सबै मानव अधिकार र सम्मानका दृष्टिकोणले स्वतन्त्र र समान ढंगले जन्मेका हुन्छन् भनि लेखियो । यसर्थ आधारभूत मानव अधिकारको उपभोगबाट कसैलाई पनि बञ्चित गरिनु हुन्न भन्ने मान्यता जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको रहेको छ । यद्यपि विश्वमा जातीय भेदभावका अनेक घटना, प्रवृत्ति र क्रिया हुँदै आएका देखिन्छन् । यही यथार्थबाट प्रेरित भएर नै सन् १९६५ डिसेम्बर २१ मा संयुक्त राष्ट्रसंघद्वारा 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' जारी भएको हो । सबै प्रकारका जातीय विभेद र जातीय भेदभावका कारण व्यक्ति र समूह पीडित हुने गरेकोले तिनका आधारभूत मानव अधिकारको सुरक्षा र संरक्षण गर्ने सन्धि नै जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि हो । जातीय, वंशज र कार्य वा कामको आधारमा हुने सबै खालका जातीय विभेदलाई उन्मूलन गर्नु महासन्धिको उद्देश्य हो । सन्धि सन् १९६९ जनवरी ४ देखि लागु हुँदै आएको छ ।

नेपाल पनि यो सन्धिको पक्ष भइसकेको छ । सन् १९७१ जनवरी ३० मा नेपाल सन्धिको पक्ष भएको हो । सन्धिमा कूल ३ भाग र २५ वटा धारा रहेका छन् । प्रत्येक मानव जाती कानुनको अगाडि समान हुने भएकोले कसैलाई कुनै पनि प्रकारको भेदभाव, विभेद र अन्याय गर्न पाइन्न भन्ने सन्धिको उद्देश्य र व्यवस्था हो । समाजमा रहेका कुनै पनि प्रकारको जातीय विभेद कानुनी रूपले दण्डनीय हुन्, सामाजिक रूपले विभेदकारी र असामाजिक हुन्, वैज्ञानिक दृष्टिकोणले आधारहिन तथा प्रमाणहिन हुन्, साँस्कृतिक र आर्थिक दृष्टिकोणले अन्यायपूर्ण र विभेदकारी हुन्, मानवीय दृष्टिकोणले अमानवीय हुन् भने व्यवहारिक र यथार्थवादी दृष्टिकोणले अनैतिक र गैरसामाजिक पनि हुन् । यसर्थ सबै प्रकारका जातीय विभेद उन्मूलन गर्नु पर्दछ भन्ने कुरा साँचो र वास्तविक हो (Chalisey, AD, 2022, p. 4) । यसर्थ सन्धिको धारा १ मा जातीय विभेद भन्नाले राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै पनि क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभावशाली भएको जाती, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि प्रकारका भेदभाव, बहिस्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ भनि सन्धिमा उल्लेख गरिएको छ (मानव अधिकार : ठूला नौ महासन्धि : वि.सं. २०७०, पृ. ४४) ।

महासन्धिले जातीय भेदभावविरुद्धका विभिन्न अधिकारहरू जस्तो : समानताको अधिकार, सार्वजनिक वस्तुको प्रयोग र सार्वजनिक स्थानमा भेदभावरहित ढंगले उपस्थितिको अधिकार, न्यायिक अधिकार, राष्ट्रियताको अधिकार, आवासको अधिकार, स्वेच्छाले कार्य गर्न पाउने अधिकार, ट्रेड युनियन सम्बन्धी अधिकार, जातीय भेदभावविरुद्ध राज्यद्वारा संरक्षण र सुरक्षा पाउने अधिकार, लगायत जाती, भाषा, धर्म, वर्ण, क्षेत्र, विवाह आदिका अधिकारहरू रहेका देखिन्छन् । नेपालका संविधानहरूमा मूलतः २०४७ को संविधानपछि यस्ता जातीय अधिकारको सुरक्षा हुँदै आएकोमा नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकमा राखिएको देखिन्छ । स्वतन्त्रता, समानता र सम्मानका अन्य अधिकारहरू पनि संविधानले सबैलाई प्रदान गरेको अवस्था रहेको छ । यो जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी सन्धिमा प्रत्येक दुई-दुई वर्षमा अनुमोदन गर्ने मुलुकले आफ्नो प्रतिवेदन राष्ट्रसंघमा (सम्बन्धित समितिमा) बुझाउनु पर्ने व्यवस्था सन्धिमा गरिएको छ (Amatya, AD, 2017, p. 4) । नेपालको संविधान र कानुनमा सबै प्रकारका जातीय विभेद तथा छुवाछुत गर्नुलाई गैरकानुनी हुने उल्लेख छ । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकको उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक

स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन लेखिएको छ । उपधारा (२) मा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन भनिएको छ । उपधारा (३) मा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (४) मा जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन लेखिएको छ भने उपधारा (५) मा यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि प्रस्ट गरिएको देखिन्छ ।त्यसैगरी मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी (संहिता) ऐन, २०७४,जातीय तथा सामाजिक छुवाछुत तथा भेदभाव (कसुर तथा सजाय) ऐन, २०६८ आदिमा जातीय छुवाछुतका कार्य गैरकानुनी हुने कुरा लेखिएका छन् ।

### ५.१.६ यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि

प्रत्येक मानवका आधारभूत प्राकृतिक अधिकार र शारीरिक आवश्यकता र मानवीय स्वभाव सामान्यतया एउटै हो । प्रत्येकको शरीरमा यातना तथा अन्य खालका क्रूर अमानवीय कार्य र व्यवहार गर्दा उसलाई शारीरिक-मानसीक पीडा र दुःख हुन्छ । यस अर्थमा मानवमाथिका सबै प्रकारका शारीरिक, मानसिक यातना र अन्य खालका क्रूर अमानवीय वा अपमानजनक व्यवहार कानुनी दृष्टिकोणले दण्डनीय हुन् । मानवीय दृष्टिले त्यस्ता अपराध, अमानवीय र निर्दयी हुन् । सामाजिक दृष्टिले असामाजिक हुन् । मानव अधिकारका दृष्टिकोणले मानव अधिकार विरोधी हुन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ मा 'कुनै व्यक्तिलाई शारीरिक यातना दिइने छैन, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार र सजाय गरिने छैन' भनि प्रस्ट गरेको छ । यही कारण सन् १९८४ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महासन्धिको रूपमा उल्लिखित महासन्धि पारित गरेको हो । जम्मा ३ भाग र ३३ वटा विभिन्न धारामा विभाजन गरिएको महासन्धिलाई नेपालले पनि सन् १९९१ मे १४ मा नै अनुमोदन गरी पक्ष राष्ट्र भइसकेको छ । नेपाल पक्ष राष्ट्र भइसकेको अवस्थामा कसैलाई पनि यसरी यातना, क्रूर र अमानवीय

व्यवहार गर्नु अन्तर्राष्ट्रिय कानुनद्वारा पनि निषेधित कार्य हो । कुनै पनि कानुनी अधिकारप्राप्त सार्वजनिक अधिकारी वा प्रहरी वा कसैले पनि कुनै पनि व्यक्तिलाई कुनै पनि सर्तमा शारीरिक, मानसिक पीडा, कष्ट वा दण्ड दिएर यातना, क्रूर व्यवहार र अपमान गर्न पाइन्न र हुन्न भन्ने महासन्धिको मूल व्यवस्था हो । सन्धिको धारा २ मा युद्ध, सशस्त्र संघर्ष वा आन्तरिक राजनीतिक अस्थिरता वा कुनै पनि अवस्थामा त्यसरी कसैलाई पनि क्रूर र अमानवीय व्यवहार गर्नु हुन्न र पाइन्न । संविधान कानुन अनुसार लगाइएको संकटकालमा पनि त्यसरी क्रूर र अमानवीय व्यवहार गर्नु मानव अधिकारविरोधी कार्य हो भन्ने कुरालाई सन्धिले प्रस्ट गरेको छ (Carradetti, AD, 2012, p. 93)।

नेपालमा (१९९६-२००६) को १० वर्षे सङ्घर्षको अवधिमा भएको सशस्त्र संघर्षका क्रममा विभिन्न बहानामा विभिन्न व्यक्तिलाई त्यसरी क्रूर तथा अमानवीय व्यवहार भएको भन्दै निरन्तर द्वन्द्वपीडितहरूले तीव्र विरोध गर्दै आएका देखिन्छन् (Cederroth, AD, 1997, p. 80)। महासन्धिमा हिरासतमा वा प्रहरी अधिकारीको नियन्त्रणमा रहेको कसैलाई पनि सोधपुछको नाममा यातना र क्रूर व्यवहार गर्न नहुने भन्ने प्रस्ट गरेको छ । सोही कारण अधिकारीका अनुसन्धान पद्धत्तिलाई आवश्यकता अनुसार पारदर्शी, मानवीय र आवश्यक पुनरावलोकन गर्नु पर्ने भनिएको छ । यातनाको शीकार भएका सबैको आवश्यक उपचार र तिनलाई पर्याप्त क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । त्यसैगरी यातना र जवर्जस्ती सहित गरिएका अधिकारीको बयानलाई मान्यता नदिइने भनिएको छ । नेपालको कानुनी र अदालती अभ्यासमा पनि अनुसन्धान अधिकारी समक्ष गरिएका आरोपितको बयानलाई अदालतले मान्नैपर्ने बाध्यता नभएकोले त्यहाँ फेरि आवश्यक सोधपुछ-बकपत्र गर्ने गरिएका हुन् । यस महासन्धिमा पनि अनुगमनको लागि समिति रहेको छ भने सन् २००२ मा ऐच्छिक आलेख पनि आएको देखिन्छ । जुन सन् २००६ देखि कार्यान्वयनमा आएको देखिन्छ । यस महासन्धिमा पनि प्रत्येक चार-चार वर्षमा प्रतिवेदन बुझाउनु पर्ने प्रावधान राखिएको देखिन्छ ।

नेपालको संविधानको धारा २२मा यातना विरुद्धको हक रहेको छ । सो धाराको उपधाराः (१) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनिएको छ । सोही धारामा (२) उपधारा (१) बमोजिमको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि प्रस्ट लेखिएको छ । त्यसैगरी मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा कसैलाई कुनै पनि प्रकारको शारीरिक-मानसिक यातना र कूर व्यवहार गर्न नहुने कुरा विभिन्न दफामा उल्लेख गरिएका छन् ।

### ५.१.७ अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि

अपाङ्गता शारीरिक, मानसिक र दुवै प्रकारका पनि हुन सक्दछन् । कोही जन्मजात अपाङ्गता हुन पुग्दछन् भने कोही चाहिँ समयक्रममा विभिन्न कारणले विभिन्न प्रकारका अपाङ्ग हुन पुग्दछन् । अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुरक्षा गर्ने सम्बन्धी धारणा र मान्यता नयाँ अवधारणा हो । प्रत्येक मानवका जन्मसिद्ध र प्राकृतिक अधिकार बरोबर र समान हुने र सम्मानपूर्वक बाँच्नको लागि आवश्यक पर्ने आधारभूत मानव अधिकार सबैले पाउनु पर्दछ भन्ने दृष्टिकोण र मान्यताका कारण अपाङ्गता भएका व्यक्तिहरूको समेत अधिकार र हितको सुरक्षा गर्न संयुक्त राष्ट्रसंघले महासन्धि ल्याएको हो । तसर्थ सन्धिको प्रस्तावनामा '...सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यापकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई बिनाकुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनुपर्ने आवश्यकतालाई पुनः पुष्टि गर्दै....' भनि लेखिएको देखिन्छ । जुन विषय मानव अधिकारको विश्वव्यापी घोषणाका विषयहरूसँग जोडिएका आधारभूत मानव अधिकारका विषय हुन् । सबैको नागरिक, राजनीतिक तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण गर्ने उद्देश्यले ल्याइएको उल्लिखित महासन्धि सन् २००६ डिसेम्बर १३ मा राष्ट्रसंघको ६१ औं महासभाद्वारा पारित गरिएको थियो । जुन सन् २००८ मे ३ देखि लागु भइरहेको छ । नेपालले यो महासन्धिलाई सन् २००९ डिसेम्बर २७ मा अनुमोदन गरेको हो । सन्धिमा धारा १ देखि धारा ५० सम्म रहेका छन् । मानवको विकासमा सामाजिक र मानवीय विकासको अनिवार्यता हुने भन्दै सबैको आधारभूत अधिकारको संरक्षण गर्न ल्याइएको उल्लिखित महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको परिभाषा गरेको छ (Chalisey, AD, 2023, p. 4)।

अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यले केकस्ता सेवा र सुविधा प्रदान गर्नु पर्दछ भन्ने विषय पनि महासन्धिमा उल्लेख गरिएको छ । सन्धि अनुमोदन गर्ने मुलुकमा अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत सुविधाको प्रबन्ध गर्न राज्य बाध्य हुन्छ । महासन्धिको धारा ३ को सामान्य सिद्धान्तले नैसर्गिक मर्यादाको सम्मान, आफ्ना लागि आफैँ छनोट गर्न पाउने स्वतन्त्रता, मानवीय सम्मान, भेदभावरहित व्यवहारको विषयमा जोड दिएको देखिन्छ । नेपालमा पनि सन्धि अनुमोदन गरेपछि निर्माण भएको नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षणको लागि संविधानको धारा ३१ को (३) मा 'अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ' भनि लेखिएको छ । त्यसैगरी धारा ४२ मा उल्लिखित सामाजिक न्यायको हकको (३) मा पनि 'अपाङ्गता भएका नागरिकलाई

विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ’ भनिएको छ । त्यसैगरी नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हक रहेको छ । त्यसमा ‘आर्थिक रूपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका बालबालिका आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपउन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ’ उल्लेख छ । सोही संवैधानिक प्रबन्ध र अन्तर्राष्ट्रिय सन्धिको समेत कारण अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्नको लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ल्याई कार्यान्वयनमा आइसकेको देखिन्छ । यो महासन्धिमा पनि अनुगमनको लागि समिति रहेको छ भने प्रत्येक चार-चार वर्षमा मुलुकको प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था गरिएको छ । सन् २००६ डिसेम्बर १३ मा सन्धिको ऐच्छिक आलेख समेत आइसकेको देखिन्छ । १८ वटा धारा भएको आलेख कार्यान्वयनमा नआएको भए पनि नेपालले चाहिँ अनुमोदन गरिसकेको छ ( आचार्य, वि.सं. २०८०, पृ. ४) ।

हालैका वर्षहरूमा सरकारी भवन, सडक र सार्वजनिक भौतिक संरचना निर्माण गर्दा, सार्वजनिक सूचना र सञ्चार प्रशारण गर्दा र सेवा प्रदान गर्दा अपाङ्गमैत्री प्रबन्ध गरिएको अनुभव गर्न सकिन्छ । नेपालको राजधानी काठमाडौँका सडकपेटीहरूमा अपाङ्ग (अन्धा) हरूको सहजताको लागि पेटीका बिचमा टेकेर पैतालाले अनुभव गर्न सकिने गरी सडकपेटीमाथि उठेका ढुङ्गा विच्छ्याइएका छन् । सरकारी भवनमा अपाङ्गता (ह्वील चेयरमा हिड्ने) हरूको सहजता र सुविधाको लागि रयामको व्यवस्था, खुड्किला भएका भऱ्याङ्गहरूका अतिरिक्त भिराला, चिल्ला भऱ्याङ्ग र लिफ्टहरूको व्यवस्था गरिएको देखिन्छ । विशेषगरी सिँहदरबारका सरकारी भवनहरू सबैमा (नयाँ बनेकामा) उल्लिखित भिराला र चिल्ला अर्थात ह्वील चेयर गुड्ने प्रकारका भऱ्याङ्गहरू देख्न सकिन्छ । मानौँ उदारहणको लागि वर्षमा चार जना ह्वील चेयरवालाले त्यस्ता खालका भऱ्याङ्गको प्रयोग गरे पनि अनिवार्य रूपमा त्यस्ता प्रबन्ध चाहिँ गरिएका छन् । नेपाल टेलिभिजनमा साङ्केतिक भाषामा समाचार प्रसारण गर्ने गरिएको देखिन्छ । विश्वविद्यालयमा आँखा नदेख्नेको लागि पनि ब्रेलपिलीमा पढाइ हुने व्यवस्था गरिएको छ । यस्ता खालका प्रबन्ध देशले किन र केका लागि गऱ्यो भन्दा उल्लिखित महासन्धिमा नेपाल पक्ष राष्ट्र भएको र नेपालको संविधान-कानुन अपाङ्गमैत्री र मानव अधिकारको संरक्षण सम्बन्धी संवैधानिक-कानुनी व्यवस्था गरेकाले नै हो भन्ने कुरा प्रस्ट हुन्छ । त्यसैगरी निजामती र सार्वजनिक नियुक्तिमा अपाङ्गता भएकाहरूको लागि निश्चित संख्यामा सीट आरक्षण गरिएका छन् । नेपालको संविधानको धारा ८६ ले अपाङ्ता भएका व्यक्तिको लागि सीटको आरक्षण

गरिएको देखिन्छ । अर्कोतर्फ राज्यले स्थानीय तहका वडा कार्यालयहरू मार्फत अपाङ्गता भएका व्यक्तिको लागि निश्चित भत्ताको समेत प्रबन्ध गरी वितरण गर्दै आएको छ ।

### ५.१.८ बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

प्रत्येक मानवलाई आधारभूत रूपमा बाँच्न पाउने अधिकार हुन्छ र कसैलाई पनि बलपूर्वक बेपत्ता पार्न हुन्न, कुनै पनि व्यक्ति बलपूर्वक बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै, जोसुकैको बलपूर्वक बेपत्ताको खातिर जानकारी खोज्न, लिन र बाँड्ने स्वतन्त्रताको अधिकारको पक्कापक्की गर्नु पर्दछ भन्ने मान्यताबाट यो महासन्धि बनेको हो । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् २००६ डिसेम्बर २० मा पारित भई सन् २०१० डिसेम्बर २३ देखि महासन्धि लागु भएको छ । जम्मा ३ भाग र ४५ वटा धारामा विभाजन गरिएको उक्त महासन्धिलाई चाहिँ नेपालले हालसम्म (वि.सं.२०८० साल चैत्र) अनुमोदन गरेको छैन । यो महासन्धि मूलतः द्वन्द्व, युद्ध र सशस्त्र संघर्षमा बढी अभ्यासमा आउने प्रकृतिको हो । सन्धिमा विशेष गरेर विभिन्न प्रकारका अपराधिक कार्य, खास परिस्थितिमा अन्तर्राष्ट्रिय कानुनमा परिभाषित मानवताविरुद्धको अपराध कायम हुने बलपूर्वक बेपत्ताको चरम गम्भीरताप्रति ध्यान दिइएको छ । बलपूर्वक बेपत्ताको रोकथाम र बलपूर्वक बेपत्ताको अपराधको अदण्डतालाई परास्त गर्न वा दण्डहिनताको अन्त्य गर्न र व्यक्तिको बलपूर्वक बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय र परिपूरणको अधिकारलाई ख्याल गर्दै यो महासन्धिको निर्माण गरिएको देखिन्छ ।

यसअघि सन् २००२ जुन महिनासम्म विश्वका ९१ मुलुकहरूले सन्धिमा हस्ताक्षर गरेको र केवल ३२ वटा मुलुक चाहिँ पक्ष राष्ट्र भएका छन् । सबै पक्ष राष्ट्रहरूले सुरुको दुई वर्ष भित्र आफ्नो प्रतिवेदन बुझाउनु पर्ने प्रबन्ध गरिएको छ । अब नेपालले महासन्धिलाई हालसम्म किन र के कारणले अनुमोदन नगरेको हो भन्नेतर्फ विचार गर्दा सशस्त्र द्वन्द्वको क्रममा मानिस बेपत्ता पार्ने कार्य भएकोले पनि हो । द्वन्द्वका क्रममा नेपालमा व्यक्ति बेपत्ता पारिएका थुप्रै घटना सार्वजनिक भएका र तिनलाई पनि सन्धि अनुसार कारबाही हुन सक्दछ र राज्यमाथि अन्तर्राष्ट्रिय दायित्व पर्दछ भन्ने कारण सन्धि अनुमोदन नगरिएको हो ( अन्तर्वार्ता, नवराज सिलवाल, वि.सं.२०७६ मङ्सिर १६) । यसबाट मूलतः अन्तर्राष्ट्रिय कानुनको दायित्वबाट राज्य भाग्न र पन्छिन खोजेको अनुभूति हुन्छ । सन्धिलाई अनुमोदन गर्नुपर्ने भन्दै विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्र तथा सचेत नागरिक समाजबाट निरन्तर खबरदारी चाहिँ हुँदै आएको छ ।

### ५.१.९ सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय महासन्धि

विश्वमा आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको बसोबासको संस्कृति, अवस्था र विश्वव्यापीकरणका कारण एक देशका कामदार विश्वका अनेक कुनामा पुग्दैछन् । यसरी त्यस्ता आप्रवासी कामदार र तिनका परिवारमा बसाईसराईसँगै अनेक प्रकारका आधारभूत अधिकारको हनन पनि बढ्दै गएको छ । यसर्थ संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९० को डिसेम्बर १५ मा सबै प्रकारका आप्रवासी कामदारहरू र तिनका परिवारहरूको अधिकार, हक र हितको सुरक्षाको निम्ति अलग्गै महासन्धि बनाएको हो । अहिले विश्वभर करोडौँको संख्यामा आप्रवासी कामदार रहेका छन् भने तिनका परिवारको संख्या पनि सोही अनुसार बढी रहेको छ । उनीहरूले मुलुक, समाज र स्थान अनुसार अनेक प्रकारका समस्या भोग्दै आएका देखिन्छन् । यही कारण राष्ट्रसंघले महासन्धिको तर्जुमा गरी सन् २००३ को जुलाई ३ देखि लागु गरिएको हो । यो महासन्धिलाई पनि नेपालले अनुमोदन गरेको देखिन्न । नेपालका लाखौं मानिस विदेशमा विभिन्न काम र पेशामा गएका छन् । नेपालमा पनि विदेशी कामदार विभिन्न पेशामा कार्यरत रहेका देखिन्छन् । भारतीय कामदार र तिनका परिवारको बसोबास भने नेपालमा अध्याधिक रहेको देखिन्छ । चीन र अन्य मुलुकका कामदार समेत विभिन्न पेशामा छन् । सन्धिको अनुमोदन नगरेको भए पनि नेपाल भारतबिच भएको सन् १९५० को शान्ति तथा मैत्री सन्धि तथा अन्य सन्धि र सम्बन्धका कारण भारतीयलाई बाँच्नको लागि आवश्यक हुने खाना, बस्न, औषधी जस्ता आधारभूत विषय तथा कानुनले दिए अनुसार सबै खालका रोजगारी तथा अधिकार प्रदान गर्नुपर्ने अवस्था छ, गरिँदै आएको छ । अन्य मुलुकका कामदारलाई पनि नेपालमा सहजता प्रदान गर्नु पर्ने हुन्छ । यसर्थ यो महासन्धिलाई पनि नेपालले अनुमोदन गर्नु पर्दछ भन्ने आवाज उठ्दै आएको देखिन्छ ।

अन्तर्राष्ट्रिय आप्रवासन र कामदार सम्बन्धी समस्या विश्वव्यापी भएकाले नै संयुक्त राष्ट्रसंघले उल्लिखित महासन्धि ल्याएको हो । आप्रवासी कामदारहरू र तिनका परिवारलाई विश्वव्यापी रूपमा आधारभूत तहको अधिकार प्रदान गर्न र राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय दायित्वभित्र पार्नका लागि नै महासन्धि ल्याइएको हो । आप्रवासी कामदार र तिनका परिवारको आधारभूत मानव अधिकार र बाँच्न पाउने न्यूनतम अधिकार सहित अन्य आर्थिक, सामाजिक र तिनका आफ्ना साँस्कृतिक अधिकारहरूको समेत संरक्षण र सुरक्षा गर्नु सन्धिको उद्देश्य रहेको छ । यो सन्धिमा हालसम्म ४५ वटा मुलुक पक्ष भइसकेका छन् । देशले अनुमोदन गरेपछि सुरुमा पहिलो एक वर्षमा र पछि प्रत्येक पाँच-पाँच वर्षमा महासन्धि अनुसार कार्यान्वयनको लागि गठन गरिएको समिति समक्ष आफ्नो देशको

आप्रवासी कामदार र तिनका परिवारको आधारभूत मानव अधिकार तथा सुरक्षा सम्बन्धमा प्रतिवेदन बुझाउनुपर्ने प्रबन्ध सन्धिमा गरिएको देखिन्छ । विश्वव्यापीकरण, सहरीकरण, बसाइसराइ, आधुनिकता र अन्य कारणले प्रस्तुत सन्धिको पनि महत्त्व निरन्तर बढेको छ (Gautam, AD, 2023, p. 4)।

## ५.२ नेपालले समेटन बाँकी रहेका अन्तर्राष्ट्रिय सन्धिहरू

सन् १९५५ देखि संयुक्त राष्ट्रसंघको सदस्य भएर संघमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेपालले मानव अधिकार सम्बन्धी प्रमुख महासन्धिहरूलाई हस्ताक्षर र अनुमोदन गरिसकेको छ (गोष्ठीपत्र, सिंह, वि.सं. २०८०, भाद्र ९) । दक्षिण एसियामा नेपाल सबैभन्दा बढी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्ने मुलुक पनि हो । यद्यपि अझैपनि मुख्यतया चार वटा अन्तर्राष्ट्रिय प्रावधानहरू नेपालले अनुमोदन गरेको देखिन्न । जसमा (१) शरणार्थी सम्बन्धी, (२) आप्रवासी कामदारसम्बन्धी, (३) अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी र (४) बेपत्ता पार्नबाट रोक्ने सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू रहेका छन् । अनुमोदन गर्न बाँकी रहेका ती सन्धिहरूलाई नेपालले अनुमोदन गर्नुपर्ने भन्दै विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था र मानव अधिकारको संरक्षण सम्बन्धी कार्यमा सक्रिय रहेका नागरिक समाजका अगुवा व्यक्तिहरूका साथै राष्ट्रिय मानव अधिकार आयोग समेतले निरन्तर आवाज उठाउँदै आएको देखिन्छ । यसरी अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले आवश्यकता अनुसार समयमा नै अनुमोदन नगर्दा अन्तर्राष्ट्रिय विस्वसनियता खस्कँने खतरा बढेको छ । अर्को कुरा मानव अधिकार संरक्षणप्रति मुलुक प्रतिबद्ध रहेको छैन कि भन्ने पनि अर्थ लाग्न सक्दछ । जसले गर्दा अनेक प्रकारका आशङ्का पनि उब्जने गरेका छन् (Gani, AD, 2008, p. 5)।

सन् २००२ देखि लागु भइरहेको अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (जसलाई रोम विधानको नामले पनि चिनिन्छ) लाई नेपालले अनुमोदन गर्नु पर्दछ भन्दै विभिन्न स्तरमा निरन्तर आवाज उठ्दै आएको छ । सो अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानलाई राष्ट्रले अनुमोदन नगर्दा मुलुकमा गम्भीर खालका फौजदारी अपराधमा संलग्न भएका र हुने अपराधी र आपराधिक मानसिकता भएका व्यक्तिहरूको मनोवल बढ्ने र दण्डहिनताले प्रसय पनि पाउने अवस्था हुने भएकाले यसलाई नेपालले अनुमोदन गर्नै पर्ने अवस्था छ । नेपालमा विगतमा भएको दशवर्षे सशस्त्र युद्धका क्रममा मानव अधिकारविरोधी विभिन्न घटना घटे, घटाइए । युद्धका क्रममा युद्धसम्बन्धी आधारभूत नियम विरुद्ध गएर मानवता विरुद्धका हिँसा र हत्या पनि भए, गरिए । यही कारण उल्लिखित युद्धमा भएका अपराधमा सजाय हुनुपर्ने आवाज निरन्तर उठ्दै आएको छ । फौजदारी अदालतको विधान अनुमोदन नगरेकोले

सशस्त्र युद्धका क्रममा आन्दोलनका नाममा गरिएका व्यक्ति हत्या र अन्य अपराधमा संलग्न भएका अपराधी उम्कन सक्ने वा अपराध कार्य गर्नेहरूको मनोवल बढ्न सक्ने आकलन र शंका गरिएका छन् । नेपालको इतिहासमा भएका त्यस्ता युद्ध र भविश्यमा हुनसक्ने द्वन्द्व तथा राजनीतिका नाममा हुने फौजदारी प्रकृतिका अपराधीले अन्तर्राष्ट्रिय फौजदारी कानुनी प्रबन्ध र मान्यता अनुसार सजायबाट उन्मुक्ति पाउने भएकाले पनि सो विधान अनुमोदन गर्नुपर्ने आवाज आएका हुन् (Grandi, AD, 2022, p. 4)।

त्यसैगरी जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (२० डिसेम्बर २००६) लाई नेपालले अनुमोदन गरेको छैन । यसले द्वन्द्व र राजनीतिक प्रकृतिका हिंसाको नाममा भएका वेपत्ता पार्ने अपराधी राष्ट्रिय स्तरको कानुनी उपचारबाट उम्कने र अन्तर्राष्ट्रिय दायित्वबाट पनि बाहिर हुने अवस्था भएकोले सो अनुमोदन गर्नुपर्ने खाँचो रहेको प्रस्ट देखिन्छ । नेपालमा सन् १९९६-२००६ को अवधिमा भएको सशस्त्र युद्धका क्रममा हजारौं व्यक्तिलाई राज्य र विद्रोही दुवै पक्षबाट वेपत्ता पार्ने काम भइसकेकोले पनि यो समस्या गम्भीर देखिएको हो । अर्को सबै प्रकारका आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१८ डिसेम्बर १९९०) लाई पनि हालसम्म नेपालले अनुमोदन गरेको छैन । नेपालमा आप्रवासी कामदार सम्बन्धी समस्या गम्भीर नभए पनि हालैका वर्षहरूमा भने विभिन्न देशका कामदारहरूले नेपालमा विभिन्न पेशा गर्दै आएका छन् । नेपाली कामदार चाहिँ विश्वका विभिन्न देश र क्षेत्रमा फैलिएका छन् । मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष भइसकेको नेपालले आप्रवासी कामदारको सुरक्षा गर्ने सम्बन्धी महासन्धि पनि अनुमोदन गर्नुपर्ने अवस्था रहेको छ ।

सयुक्त राष्ट्रसंघको सदस्य भएको र अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र भएकोले नेपालमाथि विभिन्न राष्टिय-अन्तर्राष्ट्रिय फोरम, बहस र सम्मेलनहरूमा अनुमोदन गर्न बाँकी महासन्धिहरूको अनुमोदन गर्नुपर्ने कुरा जहिल्यै उठने गरेको छ । यसैबिच विश्वमा र नेपालमा पनि शरणार्थी सम्बन्धी समस्या तीव्र रूपमा वृद्धि हुँदै गएको देखिन्छ । शरणार्थी सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (सन् १९५१) लाई नेपालले अनुमोदन गरेको छैन । तर पनि नेपालले नेपालमा रहेका भुटानी, पाकिस्तानी, चिनियाँ र अन्य देशका शरणार्थीहरूलाई आभारभूत सुरक्षा र बाँच्न आवश्यक पर्ने सुविधा दिएर राख्दै आएको छ । विगतमा झापामा रहेका भुटानी शरणार्थीहरूलाई पनि नेपालले बाँच्नको लागि आवश्यक पर्ने सेवा, सुविधा दिएर राखेको थियो । नेपालको सर्वोच्च अदालतले पनि विभिन्न मुद्दामा शरणार्थी, विदेशी र गैरनागरिकको पनि बाँच्न पाउने अधिकारको राज्यले सुरक्षा र संरक्षण गर्नु पर्ने भन्ने कुरा प्रस्टसँग बोल्दै आएको छ । विदेशी कामदारको अधिकार सुरक्षा गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय

सन्धि (सन् १९९०) लाई पनि नेपालले अनुमोदन नगरेको भए पनि नेपालमा रहेर कार्य गर्दै आएका विदेशी कामदारहरूको आधारभूत सुविधा र सुरक्षा चाहिँ नेपालले गर्दै आएको देखिन्छ । यसअघि सर्वोच्च अदालतले पनि आफ्नो फैसलामा बाँच्नको लागि आवश्यक पर्ने न्यूनतम सुविधाबाट स्वदेशी वा विदेशी जो भए पनि राज्यले आधारतूत सुविधा उपलब्ध गराउनु पर्ने भनेको छ (Charls Gurumukha Sovaraj vs. Office of the Prime Minister and Office of Ministerial, N.K.P. , 9722, 2073)।

## ५.३ मानव अधिकारसम्बन्धी क्षेत्रीय प्रावधान र नेपाल

सन् १९५५ मा सयुक्त राष्ट्र संघको सदस्य भएदेखि नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध वृद्धि हुँदै आएको छ । नेपाल विभिन्न महासन्धि तथा कतिपय क्षेत्रीय सन्धिको पक्ष राष्ट्र भएकोले क्षेत्रीय सन्धि तथा प्रावधानहरूको समेत नेपालमा प्रभाव रहेको देखिन्छ । मानव अधिकारको सुरक्षा, संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यमा विभिन्न क्षेत्रीय प्रावधानहरूको भूमिका रहेको छ । यस्ता क्षेत्रीय प्रावधानहरूको समेत नेपाल पक्ष भएकोले क्षेत्रीय स्तरमा हुने क्षेत्रीय सम्मेलनहरूमा राज्यको तर्फबाट सहभागिता हुने गरेको देखिन्छ । मानव अधिकारको संरक्षण र सुरक्षामा ती संस्थाहरूले विभिन्न तालिमहरू पनि गर्ने गरेको पाइन्छ । यहाँ केही क्षेत्रीय प्रावधानहरूको चर्चा गरिएको छ । एसिया क्षेत्रमा मानव अधिकारको संरक्षण र सुरक्षा गर्न विभिन्न क्षेत्रीय संस्थाहरू क्रियाशील रहेका छन् । यहाँ तिनीहरूको छोटो परिचय सहित कार्यक्षेत्रको चर्चा गरिएको छ ।

### (क) एसियाली मानव अधिकार आयोग

एसिया क्षेत्रमा मानव अधिकारको संरक्षण र सुरक्षा गर्नको लागि गैरसरकारी संस्थाको रूपमा यस क्षेत्रका कानुनविद्, पूर्व न्यायाधीश तथा मानव अधिकारको क्षेत्रमा ख्याती कमाएका विद्वान्हरू तथा २ सय गैरसरकारी संस्थाहरूको सक्रियतामा सन् १९८६ मा एसियन मानव अधिकार आयोग(Asian Human Rights Commission, AHRC) को गठन गरिएको छ । यस क्षेत्रका धेरैजसो मुलुकहरू लामो समय बेलायतको अधिनमा रहन बाध्य भए । आयोग यस क्षेत्रका मुलुकहरूमा मानव अधिकार हनन र हिंसाका गतिविधिमा नियन्त्रण र निगरानी गर्ने जस्ता कार्यमा क्रियाशील रहेको छ । यसले विशेषगरी मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा भएका मानिसका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएका कुराहरूलाई लागु गराउन र मानिसका न्यूनतम मानव अधिकार, स्वतन्त्रता र बाँच्ने अधिकारको प्रत्याभूति गरी शान्ति, विकास र सभ्य समाज निर्माणको लागि आयोगले कार्य गर्ने

विधानमा प्रस्ट उल्लेख गरिएको छ (Asian Human Rights Commission, AHRC, 1986)।

चीनको हङकङमा केन्द्रीय कार्यालय रहेको एसियन मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय घोषणा तथा महासन्धिहरूमा भएका व्यवस्था लागु गर्ने अतिरिक्त दिगो विकास, वातावरण, स्थायित्व, प्रजातन्त्रको अधिकार, शान्तिको अधिकार, साँस्कृतिक पहिचानको अधिकार, सुरक्षा, सामाजिक विकास, न्याय, महिला र बालबालिका, राजनीतिक बन्दी र कैदी, विद्यार्थी लगायतको स्वतन्त्रता र सामाजिक न्यायको लागि कार्य गर्दै आएको देखिन्छ(Lane, AD, 2013, p. 34) । एसियाको क्षेत्रमा रहेका ५१ मुलुकहरू संयुक्त राष्ट्रसंघको सदस्य रहेका छन् । ती राष्ट्रहरूले मानव अधिकारको विश्वव्यापी घोषणपत्र, सन् १९४८ का प्रावधानहरू मान्दै पनि आएका छन् । यद्यपि कतिपय मुलुकमा कडा खालका कानुनी प्रबन्ध गरिएका कारण नागरिकका केही राजनीतिक अधिकार कुण्ठित भएको समेत आरोप लाग्ने गरेको छ । सानो मुलुक भए पनि विश्वमा विकासको सूचीमा अघि रहेको सिंगापुरमा एक जना भन्दा बढीको जुलुश वा विरोधलाई पनि सरकारले तत्काल नियन्त्रणमा लिएर जेलमा हाल्न सक्ने अधिकार त्यहाँकोPublic Order Actनामको कानुनले सरकारलाई दिएको छ । इन्डोनेसियाको संविधान र कानुनमा स्वतन्त्र सञ्चार माध्यम र प्रजातान्त्रिक अधिकार दिइएको भए पनि सरकारले पत्रकार र नागरिकलाई आवश्यक परेको बेला पक्रेर जेल हाल्ने अधिकार दिइएको छ । त्यसैगरी मजदुरले समेत हडताल र बन्द गरेमा पक्रन सक्ने अधिकार रहेको छ । यता सन् २०२१ अगष्ट १५ अघि सम्म अफगानिस्थानमा द्वन्द्व र युद्धका क्रममा सरकारले जोकोहीलाई पनि पक्रेर जेलमा राख्न सक्ने गरी कानुनी व्यवस्था रहेको अवस्था थियो । दक्षिण एसियाका नेपाल, भारत, बङ्लादेश, माल्दिप्स, भुटान, श्रीलङ्काका संविधान र कानुनहरूमा नागरिक अधिकार र स्वतन्त्रताको प्रबन्ध भएको भए पनि तुलनात्मक दृष्टिकोणले भारत र नेपालमा नागरिकहरूलाई राजनीतिक स्वतन्त्रता बढी रहेको देखिन्छ(Ansari, AD, 2018, p. 55) । एसियाली मुलुकहरूको मानव अधिकारको विश्लेषण गर्नुपर्दा यस क्षेत्रमा मानव अधिकारको अनुगमन गर्नको लागि मानव अधिकार सम्बन्धी अन्तरसरकारी आयोगविश्वका युरोप-अमेरिकी मुलुकहरूको तुलनामा यस क्षेत्रका मानव अधिकारको अवस्था विशेषगरी जापान, क्यानडा, द.कोरिया आदि मुलुकहरूलाई छोडने हो भने सन्तोषजनक मान्न सकिन्न ।

### (ख) दक्षिणपूर्वी राष्ट्रहरूको संगठन (आसियान)

सन् १९६७ मा स्थापित आसियानमा (The Association of Southeast Asian Nations, ASEAN)ले यस क्षेत्रमा आपसी हितमा संगठित भएर कार्य गर्दै आएको छ ।

Inergovernmental Commission on Human Right, AICHR)तथा Human Right Watchजस्ता संस्थाहरू समेत क्रियाशील रहेका छन् । दक्षिणपूर्वी क्षेत्रका १० मुलुकहरू आसियानमा सदस्य रहेका छन् । जसमा चीन, थाइल्याण्ड, फिलिपिन्स, मलेसिया, भेतनाम, लाओस, द.कोरिया, ब्रुनाइ र म्यानमार रहेका छन् । विश्वकै ठूलो जनसंख्या भएको जनवादी गणतन्त्र चीनमा मानव अधिकार हननका घटना बढि हुने गरेको ह्युम्यानराइटस् वाच तथा एम्नेष्टी इन्टरनेशनल आदिले आरोप लगाउने गरेका छन् । यद्यपि चीनले भने आफ्नै व्याख्या अनुसारको मानव अधिकारको वकालत गर्दै आएको छ । चीनले आफूले मानव अधिकारको उल्लङ्घन नगरेको बरु संरक्षण गर्दै आएको भन्ने गरेको छ(Angle, AD, 2001 : 34)। सन् १९७६ मा आसियानको पहिलो बैठक इन्डोनेशियाको बालीमा भएको थियो । आवश्यकता अनुसार सदस्य मुलुकहरूको बैठक हुँदै आएको छ । बैठकमा नेपालको सहभागिता हुने गरेको छ । बैठकले विकास, सुशासन, मानव अधिकारको संरक्षण र आपसी हित तथा चासोका विविध विषयमा प्रस्ताव पारित गर्ने गरेको छ । दक्षिणपूर्वी देशहरूको संगठन आसियानका देशहरूले मानव अधिकारको सुरक्षा र संरक्षणको लागि सन् २०१२ मा मानव अधिकार आयोगको घोषणा जारी गरेका हुन् । आसियान मुलुक क्षेत्रमा सार्वजनिक हित, मानव सुरक्षा, स्वास्थ्य, शिक्षा सहित आधारभूत मानव अधिकारको सुरक्षामा यो आयोगले कार्य गर्दै आएको देखिन्छ । समय-समयमा आसियानको सम्मेलन र बैठकहरू हुने गरेका छन् । जसले नागरिक सुरक्षा तथा मानव अधिकारको संरक्षणमा समेत बोल्ने गरेको छ । बैठक र सम्मेलनहरूमा नेपालको सरकारी सहभागिता हुने गरेको देखिन्छ ।

### (ग) सार्क राष्ट्रहरूमा मानव अधिकार संरक्षणको प्रावधान

मानव अधिकार, संविधान, शासन र राजनीतिक व्यवस्थाका दृष्टिकोणबाट दक्षिण एसियाली क्षेत्रमा रहेका मुलुकहरूको अध्ययन गर्दा भारतमा बढी शक्तिशाली मानव अधिकार आयोग रहेको छ । दक्षिण एसियामा नेपाल सबैभन्दा बढी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्ने देशमा रहेको छ । यद्यपि भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र नेपालको राजनीतिक, सामाजिक, आर्थिक तथा नागरिक अधिकारको सुरक्षाको दृष्टिले धेरै खालका समानता समेत देखिन्छन्(Ansari, AD, 2018, p. 28)।

सार्क मुलुकमा आर्थिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले भारतको सर्वोच्च अदालतबाट भएका आदेश र न्यायिक फैसलाहरूलाई राम्रो उदाहरण र स्रोत पनि मानिन्छ । संसदीय प्रजातन्त्र, स्वतन्त्र सञ्चार माध्यम, विधिको शासन, लोकतन्त्र, स्वतन्त्र र सक्षम अदालत एवम् शक्तिशाली मानव अधिकार आयोग क्रियाशील हुँदाहुँदै पनि भारत आफैँमा विशाल जनसंख्या, भूगोल तथा अनेकौँ विविधता भएको मुलुक भएकाले मानव अधिकार हननका सयौँ-हजारौँ घटना दैनिक घटिनैरहेका देखिन्छन् (Tushnet, AD, 2015, p. 4)।

दक्षिण एसियाली मुलुकहरू भारत, नेपाल, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेश, भुटान, माल्दिप्सले सन् १९८५ मा बङ्गलादेशको राजधानी ढाकामा गठन गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन(South Asian Association for Riginal Cooperation, SAARC)यस क्षेत्रमा अस्तित्त्वमा रहेको साझा सङ्गठन हो । यसको बडापत्रमा पनि दिगो विकास, दिगो शान्ति, वातावरण, मानव अधिकारको प्रत्याभूति, आतङ्कवाद नियन्त्रण, गरिबी नियन्त्रण, आपसी सहयोग लगायतका उद्देश्य राखिएका छन् (Adhakari, AD, 2022, p. 4)। तर पनि कार्यान्वयन र अनुगमन गर्ने प्रभावकारी संयन्त्र नभएकाले यसले मानव अधिकारको क्षेत्रमा कार्य गर्न सकेको छैन भन्ने विषयलाई नेपालको राष्ट्रिय समाचार समितिद्वारा प्रकाशित सार्क पुस्तकमा उल्लेख गरिएको छ(SAARC, AD, 2014, p. 17)।

दक्षिण एसिया क्षेत्रमा लामो सशस्त्र संघर्षबाट गुज्रेकाले श्रीलङ्कासँग नेपाल लगायत अन्य यस क्षेत्रका मुलुकहरूसँग तुलना गर्न सकिन्छ । संवैधानिक दृष्टिकोणले पनि लामो समय यस क्षेत्रका मुलुकहरूले विभिन्न प्रकारको सङ्कट भोग्दै आएका छन् । पाकिस्तानको चर्चा गर्ने हो भने घाम-छायाँ जस्तो प्रजातन्त्र झुल्कने र सैनिक तानाशाहीले खाइदिने गरेको गोलचक्कर देखिन्छ । श्रीलङ्कामा सिंहाली र तामिलहरूकाबिच अलग्गै राज्य समेतको माग गरी सन् १९८३ देखि सन् २००९ सम्म भीषण सशस्त्र संघर्ष चर्केको थियो । हजारौँको हत्या गरियो । अन्त्यमा तामिल नेता भेलिपुल्लाई प्रभाकरण (१९५४-२००९) को १८ मे २००९ मा सरकारी सैन्य हमलामा हत्या गरिएपछि शसस्त्र सङ्घर्षको विधिवत् अन्त्य हुन भएको देखिन्छ (Ansari, AD, 2018, p. 29)। बङ्लादेशमा पनि निरन्तर राजनीतिक प्रतिरोध र हिँसा हुँदै आएका छन् । सन् २०२४ जुलाइमा भएको राजनीतिक द्वन्द्वमा एक सय भन्दा बढी मानिसको मृत्यु भएको थियो । अफगानिस्तानमा तालिवानी सत्ता आएपछिका गतिविधिहरू नागरिक स्वतन्त्रता र मानव अधिकार विरोधी देखिन्छन् (Rijal, AD, 2022, p. 4) । नेपालको सशस्त्र द्वन्द्वको समयमा नागरिकहरूलाई यातना दिने, गैरकानुनी पक्राउ गर्ने जस्ता मानव अधिकार विरोधी गतिविधि भए पनि लोकतन्त्र प्राप्ति पछिका दिनमा भने हत्या-हिँसामा कमि आएको देखिन्छ । दश वर्षे सशस्त्र संघर्षलाई छोडने हो भने नेपालमा तुलनात्मक रूपमा मानव अधिकारको अवस्था सन्तोसजनक मान्नु पर्ने देखिन्छ । सर्वोच्च अदालतले समेत मानव अधिकारको सुरक्षा र संरक्षण गरिनुपर्ने भन्दै व्याख्याका क्रममा बोल्दै आएको छ (Suman Adhikari vs. Government of Nepal, 2071)।

## सारांश

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रावधानहरूको अध्ययन गर्दा बाइस वटा भन्दाबढी अन्तर्राष्ट्रिय महासन्धि भए पनि मूलतः नौ वटा महासन्धिहरूलाई मानव अधिकारको क्षेत्रमा ठूला र प्रभावकारी भनिएका छन् । ठूला नौ वटा महासन्धिमध्येका सात वटा महासन्धिहरूलाई नेपालले अनुमोदन गरिसकेको छ । दुई वटा सन्धिचाहिँ अनुमोदन गर्न बाँकी रहेका छन् । उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिहरूका प्रावधानहरूमा मानव जीवनको सुरक्षा तथा व्यापक स्वतन्त्रताका विषयहरूको प्रबन्ध गरिएको देखिन्छ । विश्वमा भएका ऐतिहासिक क्रान्ति, राजनीतिक र संवैधानिक परिवर्तन एवम् प्रबन्धको प्रभाव अन्तर्राष्ट्रिय प्रावधानहरूमा मात्र होइन नेपालका संविधानहरूमा पनि पर्दै आएका छन् । ऐतिहासिक घटनाहरूबाट शिक्षा लिएर अन्तर्राष्ट्रिय महासन्धिहरूको तर्जुमा गरिँदै आएको देखिन्छ । जस्तो बेलायतमा राजाको निरंकुशताको अन्त्य गर्न म्याग्नाकार्टा पहिलो सुरुआत बन्यो । जसले विश्वको ध्यान खिच्न सक्यो । अमेरिकाको स्वतन्त्रता संग्राम र त्यहाँको पहिलो लिखित संविधानले अमेरिकामा मात्र होइन विश्वमा संवैधानिक-कानुनी आयाम परिवर्तन गर्न सहयोग गऱ्यो ।

विश्वमा अठारौँ र बिसौँ शताब्दीमा ठूलाठूला राजनीतिक परिवर्तन र अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरू बढी भएका देखिन्छन् । पहिलो र दोस्रो विश्व युद्धमा भएका भीषण धनजनको क्षतिको परिणाम स्वरूप संयुक्त राष्ट्रसंघको स्थापना भएपछि संघको बडापत्र र संघद्वारा जारी गरिएका मानव अधिकारको घोषणापत्र तथा विभिन्न विषय-क्षेत्रका अन्तर्राष्ट्रिय कानुनहरूमा मानवको जीवनको सुरक्षा, व्यापक प्रकारका राजनीतिक स्वतन्त्रता, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सुरक्षा एवम् संरक्षण गर्नुपर्ने विषयलाई उल्लेख गर्दै आएका देखिन्छन् । यही ऐतिहासिक विकासको जगमा विश्वमा मानव अधिकार सम्बन्धी अनेकौँ प्रबन्ध र प्रावधानको व्यवस्था भएको हो । नेपालले पनि संयुक्त राष्ट्रसंघको सदस्य भएदेखि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर र अनुमोदन गर्दै आएकोले संविधानहरूमा मानव अधिकार सम्बन्धी प्रावधानहरूलाई उल्लेख गरिँदै आएको छ । त्यसैगरी क्षेत्रीय प्रावधान र प्रबन्धहरू समेतबाट नेपाल प्रभावित हुँदै आएको छ । यद्यपि मानव अधिकारमा बाध्यकारी कानुनी प्रबन्ध गरिएका क्षेत्रीय प्रावधान रहेको देखिन्न । विश्वमा निर्माण गरिएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा प्रबन्ध गरिएका प्रावधान तथा व्यवस्थाहरूलाई नेपालले स्वीकार गरेकोले पनि नेपालका संविधानहरूमा राजनीतिक स्वतन्त्रता र मानव अधिकारको संरक्षण सम्बन्धी प्रबन्ध हुँदै आएका हुन् । यसरी नेपालले स्वीकार र अनुमोदन गरेका विभिन्न मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूलाई के कसरी कार्यान्वयनमा ल्याएको छ र संवैधानिक प्रबन्धहरूको अवस्था के कस्तो छ भन्ने सन्दर्भ आउँदो परिच्छेदमा जोडिने छ ।

# परिच्छेद : छ

# नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था

शोधप्रबन्धमा उल्लिखित उद्देश्यहरूलाई प्राथमिक र द्वितीय स्रोतबाट आएका तथ्य-तथ्याङ्क एवम् धारणाहरूको आधारमा नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था सम्बन्धी विषयको अध्ययन तथा विश्लेषण गरिएको छ । विभिन्न साहित्यमा उल्लिखित तथ्य एवम् अनुसन्धानका क्रममा छनोट गरिएका उत्तरदाताहरूबाट आएका विचार र धारणाहरूका आधारमा औँल्याइएका प्रमुख तथ्यहरूलाई विभिन्न उपशीर्षकहरू उल्लेख गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

नेपालका संविधानहरूको अध्ययन गर्ने हो भने २००४, २००७ र २०१५ सालका संविधानहरूमा उल्लिखित मौलिक हकसम्बन्धी विषय मूलतः कार्यान्वयनमा आउन सकेनन् । २००५ साल वैशाख १ देखि लागु हुने भनिएको २००४ सालको संविधान कार्यान्वयनमा आउनै सकेन किनकी त्यतिबेला प्रजातान्त्रिक धारणा, अभ्यास र संस्कृति समेतको अभाव रह्यो । २००७ सालको संविधान कार्यान्वयनमा आउदै गर्दा फेरि २०१५ सालमा अर्को संविधान आयो । सो कार्यान्वयनमा नआउँदै २०१७ साल पुस १ गते निर्दलीय पञ्चायती व्यवस्था लागु गरियो । त्यसपछि २०१९ सालको पञ्चायती संविधानमा दलीय प्रजातन्त्र नभएकाले नागरिक तथा राजनीतिक विचारको स्वतन्त्रता रहेन (आचार्य, वि.सं. २०८०, पृ. ६) । राजनीतिक स्वतन्त्रता र दलीय प्रजातन्त्र बिनाको मानव अधिकारको कल्पना गर्नु अपूर्ण हुने रहेछ भन्ने कुरा नेपालको इतिहासबाट पनि देखियो । सोही कारण निरन्तर राजनीतिक सङ्घर्ष हुन पुग्यो । २०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि २०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानमा संवैधानिक रूपमा राजनीतिक-कानुनी दृष्टिले ठूलो परिवर्तन भयो । संवैधानिक विकासक्रमबाट आएको नेपालको संवैधानिक प्रबन्धमा मानव अधिकारका विभिन्न व्यवस्था गरिएका देखिन्छन् । नागरिकका आवश्यकता, चाहना, चेतनास्तर, विश्व परिस्थिति आदिका कारण संवैधानिक प्रबन्धबाट जनताले धेरै कुराको अपेक्षा राख्ने गरेका छन् (आचार्य, वि.सं. २०७४, पृ. ६) । प्रत्येक व्यक्ति र नागरिकलाई संविधानले प्रबन्ध गरेको मूल प्रवाहमा सक्रिय तथा समान सहभागिताको व्यवस्था गर्ने सवाल एउटा जटिल तथा विवादपूर्ण विषय पनि हो (उपाध्याय, वि.सं. २०७३, पृ. ६) ।

नेपालका संविधानमा जनताको प्रतिनिधिमूलक प्रजातन्त्र भनिएको भए पनि संविधानमा लेखिएका नागरिक स्वतन्त्रता र मानव अधिकारका विषय लागु नहुँदै संविधानहरू पटक-पटक फेरिँदै आएको देखिन्छ (खनाल, वि.सं. २०५४, पृ. ३७) ।

नेपालको संवैधानिक इतिहासमा मूलतः २०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानपछिको अवधिमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरिनेक्रम बढेपछि नेपालको अन्तर्राष्ट्रिय दायित्व बढेको हो । त्यसपछि संविधानमा मानव अधिकार र स्वतन्त्रताका विषय कार्यान्वयनमा बढी सहजता र राज्यलाई बाध्यता परेको देखिन्छ (Dahal, AD, 2023, p. 4)। दलीय अधिकार र संविधानले दिएका स्वतन्त्रता तथा नागरिक स्वायत्तताको अधिकार प्रयोग गर्ने नाममा अर्को व्यक्ति वा समूह वा नागरिकहरूका आधारभूत हक, अधिकार र स्वतन्त्रता आदिको अनेक प्रकारबाट हनन् वा उल्लङ्घन गर्ने प्रवृत्ति समेत देखिएका छन् (ढुङ्गाना, वि.सं. २०८१, पृ. ४) । अनेकौं खालका राजनीतिक स्वार्थ र उद्देश्य पूर्ति गर्ने समूह वा शक्ति हाबी भई मानव अधिकारको हनन विविध प्रकारबाट हुँदै आउँदा समस्या बढेको हो (अन्तर्वार्ता, चित्रलेखा यादव, वि.सं. २०७६, मंसिर १५) ।

संविधानहरूमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रबन्धलाई समावेश गरिँदै आएको भए पनि तत्कालिन समयमा मुलुकमा चर्किएको सशस्त्र द्वन्द्वको कारणबाट मानव अधिकारको प्रत्याभूति र कार्यान्वयको अवस्था (२०५२-२०६२ अवधिमा) एकदमै नाजुक बन्न पुग्यो । एकातर्फ राज्यको सैनिक-प्रहरीबाट र अर्कोतर्फ तत्कालीन विद्रोही माओवादीको सशस्त्र समूहबाट जनता र नागरिकहरू पीडित र प्रताडित भइरहे । सोही कारण मौलिक हक संविधानको कागजमा सीमित बन्न पुग्यो । तत्कालिन संविधानको धारा १२७ को दूरूपयोग गर्दै राजा ज्ञानेन्द्रले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी दलमाथि अघोषित प्रतिबन्ध लगाए । नागरिक र राजनीतिक अधिकारमाथि पूर्णतः निषेध र नियन्त्रण गरियो । त्यसले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान र कानुनको ठाडो उल्लङ्घन गरिएकोले संविधानमा व्यवस्था गरिएका प्रबन्धको कार्यान्वयनमा गम्भीर समस्या पैदा हुन पुग्यो । निरंकुशता विरुद्धको राजनीतिक सङ्घर्षको उपलब्धिपछि संसदबाट निर्माण गरी नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो । निर्वाचित संविधानसभाद्वारा नेपालको संविधानको निर्माण भएपछि संविधानको धारा १६-४६ सम्म ३१ वटा विभिन्न मौलिक हकहरूको व्यवस्था गरिएको छ । संविधानमा उल्लिखित मानव अधिकार प्रावधान विभिन्न समस्याहरूका कारण पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् । संविधानका केही प्रबन्ध भने पूर्ण कार्यान्वयनमा पनि आएका देखिन्छन् । कतिपय आंशिक कार्यान्वयनमा आएका छन् । कतिपय प्रबन्ध भने अझै पनि कार्यान्वयनमा आउन सकेका छैनन् । यहाँ

नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान सहित नेपालका संविधानका विषयको अध्ययन, तुलना र विश्लेषण गरिएको छ।

## ६.१ पूर्ण कार्यान्वयनमा आएका प्रावधान

नेपालमा मानव अधिकार कार्यान्वयनको अवस्थाको अध्ययन गर्दा कतिपय अन्तर्राष्ट्रिय महासन्धिहरूका प्रावधान, क्षेत्रीय प्रावधान, संवैधानिक प्रबन्ध र राष्ट्रिय प्रबन्धहरू पूर्ण रूपमा लागु भइरहेका देखिन्छन् । पूर्ण कार्यान्वयनमा आएका प्रवन्धहरूलाई निम्नानुसार विवेचना गरिन्छ ।

### (क) अन्तर्राष्ट्रिय प्रावधानहरू

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ (१) मा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि नेपालको कानुनसँग बाझिएमा सो बाझिएको हदसम्म अन्तर्राष्ट्रिय कानुनले मान्यता पाउने भन्ने उल्लेख गरिएकोले नेपालले अन्तर्राष्ट्रिय सन्धि र विशेषगरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा भएका प्रावधानहरूको पालना गर्दै आएको हो । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई हस्ताक्षर र अनुमोदन गरेपछि नेपालमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रावधान पूर्ण कार्यान्वयनमा आएको देखिन्छ । त्यस्तै मानव अधिकारको संरक्षण गर्नका लागि राष्ट्रसंघद्वारा जारी भएको पेरिस सिद्धान्तमा उल्लिखित स्वतन्त्र र संवैधानिक आयोग हुनुपर्ने, आयोगलाई स्वतन्त्रतापूर्वक छानबिनको अधिकार हुनुपर्ने विषयलाई नेपालमा पूर्ण रूपमा पालना भएको छ । नेपालको मानव अधिकार आयोगलाई दक्षिण एसियामा भारतपछिको उत्कृष्ट मानिएको छ (अनुपराज शर्माका विचारहरू, वि.सं. २०७७) । सोही पेरिस सिद्धान्तको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भई क्रियाशील रहेको हो ।नेपालको संविधान र कानुनहरूमा समेत अन्तर्राष्ट्रिय सन्धिको पालना र लागु गर्नको लागि विभिन्न कानुनी व्यवस्थाहरू गरिएका छन् (भट्टराई, वि.सं. २०७५, पृ. ७३१) ।

नेपाल सन् २०५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भएपछि मानव अधिकार सम्बन्धी अनेकौं अन्तर्राष्ट्रिय प्रबन्ध, महासन्धि तथा दस्तावेजहरूको पक्ष राष्ट्र भएपछि त्यसमा भएका प्रबन्धको कार्यान्वयनमा बाध्यता बढेको हो । नेपाल विश्वमा सर्वाधिक बढी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्ने राष्ट्र समूहमा पर्दछ (के.सी., वि.सं. २०८०, पृ. ६) । संघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा भएका व्यवस्थाहरूलाई समावेस गरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको निर्माण हुँदै आएका छन् । नेपालले हस्ताक्षर

र अनुमोदन गरेको हदसम्म त्यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूलाई पूर्णरूपमा स्वीकार गरी पालना पनि गर्दै आएको देखिन्छ । मानव अधिकारको क्षेत्रमा प्रमुख रूपमा २२ वटा अन्तर्राष्ट्रिय सन्धि महत्त्वपूर्ण रहेका छन् । जसमध्ये दासत्व, दास व्यापार र दासत्व समान सस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि (१९५६) जसलाई नेपालले ७ जनवरी १९६३ मा सम्मिलन गरेको छ । सन्धिको अप्सनल प्रोटोकललाई पनि सोही मितिमा नेपालले स्वीकार गरेकोले पनि नेपालमा दासदासीको विक्री वितरण सम्बन्धी कार्य संवैधानिक र कानुनी रूपमा निषेधित भएका हुन् । अर्थात सन्धिले कसैलाई पनि दासदासीको रूपमा राख्न, विक्री गर्न नपाइने प्रस्ट गरेको देखिन्छ भने त्यो प्रावधानलाई नेपालले पूर्ण कार्यान्वयन गरेको छ । जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी सन्धि (१९४८) लाई नेपालले सन् १९६९ जनवरी ७ मा सम्मिलन गरेकोले नेपालको अन्तर्राष्ट्रिय दायित्व बन्यो । सोही प्रावधानको कारणले गर्दा पनि संविधानको कार्यान्वयनको सन्दर्भमा विश्लेषण गर्दा नेपालमा जाति हत्यासम्बन्धी अपराध राज्य वा विद्रोही समूहबाट भएको देखिन्न ।

महिलाको राजनीतिक अधिकार सम्बन्धि सन्धि (१९५३) लाई सन् १९६६ अप्रिल २६ मा नेपालले सम्मिलन गरेपछि नेपालमा २०४७ सालपछि बनेका संविधानहरूमा महिलाले पाउनुपर्ने राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरू संरक्षित भएका हुन् । राजनीतिक दल खोल्ने, विचार राख्ने, भोटको अधिकार, चुन्ने-चुनिने अधिकार, राजनीतिक विचार राख्ने अधिकार नेपालमा पूर्ण रूपमा कार्यान्वयनमा आएका छन् । यस अघि २०१९ सालको संविधानले राजनीतिक दल खोल्ने र विचार राख्ने अधिकारमाथि लगाइएको बन्देज २०४७ सालको संविधानपछि पूर्णतः खुला गरियो । क्रूर यातना र हत्या, अमानवीय सजाय विरुद्धको सन्धि (१९८४) लाई १९९१ मे १४ मा सम्मिलन गरेपछि नेपालका संविधान-कानुन अनुसार त्यस्ता कार्य गैरकानुनी भएकोले यसको पालना भएको छ । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिको धारा ६ मा भएको मानिसको जीवनको अधिकार सहित मृत्युदण्ड खारेज गर्ने सम्बन्धी महासन्धि (१९८९) लाई १९९८ मार्च ४ मा सम्मिलन गरेकोले त्यसपछिका संविधानमा मृत्युदण्ड नहुने व्यवस्था पूर्ण कार्यान्वयनमा आएको देखिन्छ । अर्थात यस सम्बन्धी प्रबन्ध नेपालका संविधान र अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध पूर्णतः कार्यान्वयनमा आएको देखिन्छ । यही राष्ट्रिय-अन्तर्राष्ट्रिय दायित्व भएका कारण संविधान-कानुन अनुसार कुनै पनि अपराधमा दोषी भएका कसैलाई पनि मृत्युदण्ड दिइएको छैन । जसको प्रत्यक्ष प्रभावले नेपालका संविधानहरू मूलतः २०४७, २०६३ र २०७२ ले मृत्युदण्डलाई पूरै खारेज गरी अन्तर्राष्ट्रिय प्रावधानको पूर्णतः कार्यान्वयन गरिँदै आएको हो । नेपालको संविधानको धारा १६ (२) मा

मृत्युदण्ड हुनेगरी कुनै पनि प्रकारको कानुन निर्माण नगरिने प्रस्ट लेखिएको छ। संविधानका उल्लिखित प्रबन्ध पूर्ण रूपमा कार्यान्वयनमा आएका छन्।

## (ख) क्षेत्रीय प्रावधानहरू

मानव अधिकार सम्बन्धी क्षेत्रीय संस्थाहरूको चर्चा गर्दा दक्षिण एशियामा कार्य गर्नको लागि सन् १९८५ मा दक्षिण एसियाली सहयोग संगठन स्थापना गरिएको हो । जसको बडापत्रमा मानव अधिकार, विकास, सहयोग, आपसी सदभाव, सुरक्षा तथा समन्वय आदि अभिवृद्धि गर्ने लक्ष्य लिएकोमा विगतमा सार्क स्तरमा विभिन्न क्षेत्रीय सम्मेलन र घोषणा गरिएका थिए । उल्लिखित संगठनले क्षेत्रीय सम्मेलन, बहुपक्षीय, दुईपक्षीय र विभिन्न स्तरमा राष्ट्रप्रमुख र सरकारी-गैरसरकारी स्तरमा भ्रमण तथा सम्मेलनहरूको समेत आयोजना गर्दै आएको छ । यस्ता भ्रमण तथा कार्यले मानव अधिकारसम्बन्धी चेतना र सूचना अभिवृद्धि गर्ने कार्यमा सहयोग पुग्ने गरेको देखिन्छ ।

मानव अधिकारको संरक्षण गर्नको लागि क्षेत्रीय स्तरमा विभिन्न प्रबन्ध र प्रावधान निर्माण गरिएका छन् । एसिया क्षेत्रमा मानव अधिकारको संरक्षण गर्नको लागि गैरसरकारी संस्थाको रूपमा सन् १९८६ मा गठन भएको एसियन मानव अधिकार आयोगले यस क्षेत्रका मुलुकहरूमा मानव अधिकार हनन र हिँसाका गतिविधिमा निगरानी गर्ने गरेको छ । यसले विशेष गरी मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा भएका मानिसका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएका कुराहरूलाई लागु गराउन र मानिसका न्यूनतम मानव अधिकार, स्वतन्त्रता, बाँच्ने अधिकारको प्रत्याभूति गरी शान्ति, विकास र सभ्य समाजको लागि आयोगले कार्य गर्ने विधानमा प्रस्ट उल्लेख गरिएबमोजिम निगरानीको कार्य गर्दै आएको छ। त्यसैगरी सन् १९७८ मा अमेरिकाको न्युयोर्कमा मुख्य कार्यालय रहेको ह्युम्यान राइटस् वाचले विश्वव्यापी रूपमा मानव अधिकारको संरक्षणमा कार्य गर्दै आएको छ । अन्तर्राष्ट्रिय कार्यक्षेत्र भए पनि क्षेत्रीय स्तरमा पनि कार्य गर्दै आएका एम्नेस्टी इन्टरनेशनल, एक्शन एड जस्ता सस्थाहरूले समेत नेपालका संविधान कार्यान्वयनको क्रममा मानव अधिकारको संरक्षणमा सचेतना, सूचना, खवरदारी र आवश्यक निगरानीसम्बन्धी कार्य गर्दै आएका देखिन्छन् (Sharma, AD, 2022, p. 4)।

## (ग) संवैधानिक व्यवस्थाहरू

नेपालका संविधानमा भएका मानव अधिकारका प्रबन्ध कार्यान्वयन के कति मात्रामा भयो भन्ने विषयबाट हेर्दानेपाल सरकारको अन्तरिम शासन विधान, २००७ मा राजनीतिक स्वतन्त्रता चाहिँ कार्यान्वयनमा आएको थियो । २०१५ सालको संविधानको धारा ३ देखि धारा ९ सम्म प्रबन्ध गरिएका राजनीतिक स्वतन्त्रताका कारण दलीय प्रणालीमा आधारित

निर्वाचन गरिएको थियो । २०१९ सालको संविधानमा भएका सम्पत्ति सम्बन्धी हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हक पूर्ण रूपमा कार्यान्वयनमा आए । युवा, महिला, शिक्षक, किसान, प्रौढ, भूतपूर्व सैनिक, मजदुर सङ्गठन तथा गैरराजनीतिक प्रकृतिका व्यवसायिक सङ्गठनहरू खोल्न दिइएको थियो ।

२०४७ सालको संविधानको धारा ११ देखि २३ सम्म उल्लेख भएका १२ वटा मौलिक हकमा अधिकाँश प्रबन्ध कार्यान्वयनमा आए । जसमा क्रमशः समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक कार्यान्वयनमा भएका हुन् । अर्थात दलीय प्रजातन्त्र, स्वतन्त्रता, नागरिकबिच समानता, राजनीतिक, सामाजिक स्वतन्त्रता र प्रकाशन सम्बन्धी स्वतन्त्रता पूर्णतः कार्यान्वयनमा आएका थिए । संविधानमा प्रकाशनको स्वतन्त्रता भएको कारण नै निजी क्षेत्रबाट कान्तिपुर दैनिक पत्रिका, कान्तिपुर टेलिभिजन र विभिन्न निजी क्षेत्रका टेलिभिजन, एफ्एम आदि सञ्चारमाध्यम खुल्नेक्रमले तीव्रता पाएको थियो । सूचनाको हक, धर्म र संस्कृतिका हक र संवैधानिक उपचार आदिका हक पूर्णरूपमा कार्यान्वयनमा आएका थिए । त्यस्तै २०६३ सालको अन्तरिम संविधानमा प्रबन्ध गरिएका मौलिक हकका विषय स्वतन्त्रताको हक, समानताको हक, सूचनाको हक, प्रकाशन र प्रसारणका हक, सामाजिक न्यायका हक आदि पूर्णतः कार्यान्वयनमा आएका थिए ।

मृत्युदण्ड नदिइने भन्ने अन्तर्राष्ट्रिय प्रावधानलाई नेपालले अनुमोदन गरेको कारण २०४७ सालपछिका संविधानहरूमा मृत्युदण्ड पूरै खोरेज गरियो । संविधानतः कसैलाई पनि मृत्युदण्ड नहुने प्रस्ट लेखियो । जुन पूर्ण रूपमा कार्यान्वयनमा आएको छ । नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्ने हक हुनेछ भनिएको छ । सोही धाराको उपधारा (२) मा कसैलाई पनि मृत्युदण्ड हुने गरी कानुन निर्माण गरिने छैन भनि प्रस्ट लेखिएको देखिन्छ । त्यस्तै धारा १७ ले स्वतन्त्रताको हक सबैलाई दिएको छ । जसमा विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता, राजनीतिक दल खोल्न पाउने स्वतन्त्रता, संघ, संस्था खोल्न पाउने स्वतन्त्रता, आवत-जावतको स्वतन्त्रता, पेशा व्यवसाय गर्न पाउने स्वतन्त्रता आदि दिइएका छन् । नेपालको संविधानमा राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारलाई मौलिक हकमा राखिएकोमा स्वतन्त्रता, समानता, सामाजिक न्याय, संवैधानिक उपचार तथा नागरिक स्वतन्त्रताका विषय पूर्ण रूपमा कार्यान्वयनमा आइरहेका देखिन्छन् । संविधानले प्रबन्ध गरे अनुसार महिला, दलित, मधेसी, आदिवासी जनजाति, पिछडिएको वर्ग आदिलाई समान प्रकारको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको ग्यारेन्टी गर्न निश्चित आरक्षण समेत गरिएका छन् । साथै उल्लिखित वर्ग, समुदाय र क्षेत्रका नागरिकको संवैधानिक र कानुनी अधिकारको संरक्षणमा सहयोग गर्न नेपालको संविधानमा विभिन्न संवैधानिक आयोगहरूको

प्रबन्ध गरिएको देखिन्छ । नागरिकका संवैधानिक र कानुनी अधिकारको संरक्षणका लागि महिला, जनजाती, मधेसी, थारु, मुश्लिम तथा भाषा आयोगहरू समेत क्रियाशील रहेका छन् ।

नेपालको परराष्ट्र मन्त्रालयद्वारा वि.सं. २०७७ सालमा जारी गरिएको परराष्ट्र नीतिमा मानव अधिकारसम्बन्धी नीति उल्लेख गरिएका छन् । जसमा नेपालले संयुक्त राष्ट्र संघको सदस्य भएको नाताले संघद्वारा जारी गरिएका अन्तर्राष्ट्रिय महासन्धि जसलाई नेपालले हस्ताक्षर गरी अनुमोदन गरेकामा त्यसको पालना गर्दै मानव अधिकारको संरक्षण र सुरक्षा गर्ने उल्लेख छ । त्यसलाई नेपालले पूर्ण रूपमा कार्यान्वयन गरेको देखिन्छ ।

## (घ) कानुनहरू

मानव अधिकारसँग सम्बन्धित र सरोकार भएका नेपालका विभिन्न कानुनहरूमा समेत व्यक्ति र नागरिकका कानुनी अधिकारको सुरक्षा तथा संरक्षणको लागि प्रस्तावनादेखि विभिन्न दफाहरूमा विभिन्न प्रबन्ध भएका छन् । तिनको कार्यान्वयनको अवस्थालाई निम्न अनुसार अध्ययन र विश्लेषण गरिएको छ ।

नेपालको मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद २ मा देवानी कानुनका सामान्य सिद्धान्त रहेको छ । जसको दफा ४ देखि दफा १६ सम्म विभिन्न कानुनी प्रबन्ध गरिएका छन् । दफा ६ मा सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउने उल्लेख गरिएको छ । जसमा भनिएको छ-'कसैले पनि सार्वजनिक हित विपरित हुने गरी कुनै काम कारबाही गर्न पाउने छैन ।' दफा ९ मा अरुलाई दुःख दिने गरी काम गर्न नहुने उल्लेख छ । जसमा कसैले पनि अन्य व्यक्तिलाई दुःख दिने, हैरानी हुने वा निजको इज्जत, प्रतीष्ठा वा सम्पत्तिमा क्षति पुग्ने गरी कुनै काम गर्न वा गराउन हुँदैन लेखिएको छ । दफा १५ मा कानुन विपरीतका प्रथा वा परम्परालाई मान्यता नदिइने लेखिएको छ । त्यसैगरी परिच्छेद ३ मा नागरिक अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । जसमा दफा १७ देखि २६ सम्म विभिन्न कानुनी व्यवस्था गरिएका छन् । दफा १७ मा कानुनको दृष्टिमा समान हुने भनिएको छ । दफा १८ मा भेदभाव गर्न नपाइने लेखिएको छ । जसको (१) मा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्था वा यस्तै कुनै आधारमा भेदभाव गरिने छैन भनिएको छ । दफा १९ मा विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने भनिएको छ । कानुनमा प्रबन्ध गरिएका उल्लिखित व्यवस्था कानुनतः पूर्ण रूपमा लागु हुँदै आएका छन् ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ६ देखि दफा ३२ सम्म फौजदारी न्यायका सामान्य सिद्धान्त उल्लेख गरिएको छ । जसमा दफा ६ मा कानुन बमोजिमको काम कसुर नहुने, दफा ७ मा कानुन बमोजिम बाहेक सजाय नहुने, दफा ९ मा एउटै कसुरमा दोहोरो सजाय नहुने, दफा १० मा स्वच्छ सुनुवाइबाट वञ्चित नगरिने, दफा ११ मा अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने र दफा १२ मा कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने उल्लेख भएको देखिन्छ । यस्ता कानुनी प्रबन्ध पूर्ण रूपमा लागु हुँदै आएका छन् ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रस्तावनामा 'अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्न..सम्मानजन्य जीवनको वातावरण निर्माण गर्ने..' भनिएकोमा राज्यले सरकारी नोकरी अर्थात लोकसेवाका परीक्षामा आरक्षण लागु गरेको छ । दफा ११ मा राजनीतिक सहभागिताको अधिकारको प्रबन्ध गरिएको देखिन्छ । दफा २१ मा निःशुल्क शिक्षा उपलब्ध गराउने भनिएकोमा सरकारी स्कुल-कलेजमा उनीहरूलाई निःशुल्क शिक्षा दिइँदै आएको छ । त्यसैगरी स्थानीय वडा कार्यालयमार्फत मासिक रूपमा सामाजिक सुरक्षा भत्ता समेत दिइने गरिएको छ ।

जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को प्रस्तावनामा 'प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादा समान हुने सिद्धान्तलाई आत्मसाथ गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछुत, बहिस्कार, प्रतिबन्ध, निष्कासन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाइ त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबिच सुसम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न' भनिएको छ । कानुनको यस प्रबन्ध कानुनतः पूर्ण रूपमा लागु भएको देखिन्छ । जातीय छुवाछुत कानुनतः निषेधित र दण्डनीय भएको छ । जातीगत छुवाछुतको आधारमा कुनै पनि काममा कसैलाई पनि भेदभाव गर्न नपाइने प्रबन्ध पूर्ण कार्यान्वयनमा आएको छ ।

श्रम ऐन, २०७४ को प्रस्तावनामा 'श्रमिकको हक हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्य प्रस्ट व्यवस्था गरी असल श्रम सम्बन्धको

विकास गर्न, श्रम शोषणको सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न श्रम सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न आवश्यक भएकोले' भन्ने उल्लेख छ । श्रमसम्बन्धी कानुनी प्रबन्ध लागु हुँदै आएको छ । श्रमको आधारमा कसैलाई भेदभाव गरिएको देखिन्न । श्रमिकको ट्रेड युनियनको अधिकार संविधान अनुसार श्रम कानुनले ग्यारेन्टी गरेको छ । उल्लिखित प्रावधानहरू नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध आदिका प्रबन्ध बमोजिम नेपालका कानुनहरूमा मानव अधिकारसम्बन्धी प्रबन्ध गरिएको हुन् ।

त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को प्रस्तावनामा 'मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानुनी व्यवस्था गर्न' कानुन निर्माण गरिएको उल्लेख छ । मानव अधिकारको क्षेत्रमा आयोगले आवश्यक कार्य गर्दै आएको छ भने प्रस्तुत कानुनी प्रबन्ध कार्यान्वयनमा आएको देखिन्छ । पेरिस प्रिन्सीपल अनुसार आयोगले कार्य गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगको २०७९-८० को प्रतिवेदन अनुसार आयोगका हालसम्मका १४०७ वटा सिफारिस मध्ये १५.३ प्रतिशत पूर्ण कार्यान्वयनमा आएका छन् (खतिवडा, वि.सं. २०८०, पृ. ४) । यद्यपि प्रस्तुत कार्यान्वयनको प्रतिशत वृद्धि गर्नु अत्यावश्यक देखिन्छ ।

## ६.२ आंशिक कार्यान्वयन भएका प्रावधान

नेपालका संविधानमा भएका संवैधानिक प्रबन्ध सम्पूर्ण हिसाबले कार्यान्वयन नभएको भए पनि कतिपय प्रबन्ध चाहिँ आंशिक रूपमा लागु भएको देखिन्छ । त्यस्ता प्रबन्धहरूको यहाँ अध्ययन र विश्लेषण गरिएको छ ।

### (क) अन्तर्राष्ट्रिय प्रावधानहरू

विश्वमा मानव अधिकार सम्बन्धी अनेकौं अन्तर्राष्ट्रिय प्रावधान, महासन्धि तथा दस्तावेजहरू निर्मित भई लागु हुँदै आएका छन् । सन् १९१९ मा गठन भएको अन्तर्राष्ट्रिय श्रम संगठनले श्रमिकको अधिकार, हक तथा हितमा क्रियाशील भई आंशिक कार्य गर्दै आएको छ । मानव अधिकारको क्षेत्रमा अनेकौं अन्तर्राष्ट्रिय प्रावधान र महासन्धिहरू भएका भए पनि प्रमुख रूपमा २२ वटा अन्तर्राष्ट्रिय महासन्धिको प्रावधानलाई महत्त्वपूर्ण मानिएको छ । त्यसमा पनि मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा कूल ९ वटा चाहिँ विश्वव्यापी प्रभाव भएका ठूला महासन्धि रहेका छन् । जसमा संयुक्त राष्ट्रसंघद्वारा सन् १९६६ डिसेम्बर १६ मा जारी गरिएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी र

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको क्षेत्रमा आधारभूत विश्वव्यापी कानुनी दस्तावेजहरू हुन् । तिनलाई नेपालले हस्ताक्षर र अनुमोदन गरेको छ । महासन्धिमा उल्लिखित कतिपय विषय आंशिक रूपमा लागु हुँदै आएका छन् (Sapkota, AD, 2020, p. 35) । जस्तो आर्थिक-सामाजिक अधिकारका विषय संविधान र कानुनमा राखिएको भए पनि खास वास्तविक अर्थमा लागु हुन नसकी आंशिक रूपमा लागु भएका देखिन्छन् (अन्तर्वार्ता, कृष्णभक्त पोखरेल, वि.सं.२०७६, मंसिर १३) ।

उल्लिखित नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण गर्न नेपालले महासन्धिहरूलाई १४ मे १९९१ मा नै सम्मिलन गरिसकेको अवस्था भए पनि नागरिक अधिकारको सुरक्षाको हिसाबले पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको अवस्था छैन । सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (२१ डिसेम्बर १९६५) पनि मानव अधिकार सम्बन्धी ठूला ९ महासिन्धमा पर्ने सन्धि हो र जसलाई नेपालले ३० जनबरी १९७१ मा सम्मिलन गरेको छ । जातिय भेदभाव उन्मूलन कानुनतः निषेधित भइसकेको भए पनि व्यहारतः यो क्षेत्रको सामाजिक तथा आर्थिक विभेद सम्बन्धी अवस्थामा चाहिँ आंशिक मात्र सुधार भएको देखिन्छ । अथात् पूर्णरूपमा जातिय विभेदको अन्त्य र उन्मूलन गर्ने कार्यमा अझै धेरै गर्नु पर्ने अवस्था छ ।

नेपालका प्रजातान्त्रिक संविधानहरूले जातिय भेदभाव उन्मूलनको प्रावधान राखेका भए पनि व्यवहारतः छुवाछुत र भेदभाव समाजबाट पूरै हटन नसकेकोले अन्तर्राष्ट्रिय प्रावधान आंशिक कार्यान्वयनमा मात्र आएको अनुभव गरिएको हो (Sangroula, AD, 2011, p. 34) । त्यसैगरी महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (१८ डिसेम्बर १९८९) लाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरिसकेकोले कानुनी दृष्टिकोणबाट महिला अधिकार सम्पन्न भएको देखिए पनि आर्थिक र सामाजिक अधिकारका क्षेत्रमा आंशिक हिसाबमा मात्र अन्तर्राष्ट्रिय प्रावधान लागु भएका देखिन्छन् । बालअधिकारसबन्धी महासन्धि (२० नोभेम्बर १९८९) लाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ । बालअधिकार महासन्धिले प्रबन्ध गरेका मनोरञ्जन, खेलकुद आदि विषय आंशिक रूपमा लागु भएका देखिन्छन् । सन् १९५१ मा संयुक्त राष्ट्रसंघद्वारा जारी गरी लागु भएको शरणार्थी सम्बन्धी विशेष सन्धिको नेपाल पक्ष राष्ट्र नभए पनि नेपालमा शरणार्थीहरूलाई व्यवहारतः आधारभूत बाँच्न पाउने सुविधा प्रदान हुने गरेकाले अन्तराष्ट्रिय प्रावधान आंशिक लागु भएको मान्नुपर्ने हुन्छ । महासन्धिले शरणार्थीको जीवनको सुरक्षा सहित बाँच्नको लागि आवश्यक पर्ने आधारभूत कुराहरू उपलब्ध गराउनु पर्ने भनिएकोमा नेपालमा आधारभूत रूपमा बाँच्न पाउने अधिकारको सुरक्षा गरिएको हो । नेपालमा हाल

तिबेतियन, भुटानी, म्यानमारका, पाकिस्तानी र अन्य मुलुकका शरणार्थीहरू रहेका छन् । नेपालको सर्वोच्च अदालतले पनि सबै मानवको बाँच्न पाउने अधिकारको सरकारले संविधान अनुसार सम्मान गर्नुपर्ने आदेश दिनु अन्तराष्ट्रिय प्रावधानको आंशिक प्रभाव समेत हो । यसरी नेपालमा कतिपय अन्तर्राष्ट्रिय प्रावधानहरू आंशिक रूपमा कार्यान्वयनमा आएको अनुभव गर्न सकिन्छ ।

### (ख) क्षेत्रीय प्रावधानहरू

मानव अधिकारको संरक्षण गर्ने दृष्टिकोणमा नेपालमा क्षेत्रीय स्तरमा कार्य गर्ने संस्था थोरै मात्र रहेको देखिन्छ । कतिपय विश्वस्तरका अन्तर्राष्ट्रिय संस्थाहरूले नै क्षेत्रीय स्तरमा पनि कार्य गर्दै आएका छन् । एसियाका मुलुकहरूको क्षेत्रमा मानव अधिकारको संरक्षण सम्बन्धी कार्य गर्नको लागि गैरसरकारी संस्थाको रूपमा सन् १९८६ मा गठन भएको एसियन मानव अधिकार आयोगको गठन भएको देखिन्छ । जसले यस क्षेत्रका मुलुकहरूमा मानव अधिकार हनन र हिँसाका गतिविधिमा आवश्यक अध्ययन तथा निगरानी सम्बन्धी कार्य गर्दै आएको देखिन्छ (Ranjit, AD, 2023, p. 4)। आयोगले मूलतः मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा भएका मानिसका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएका कुराहरूलाई लागु गराउन र मानिसका न्यूनतम मानव अधिकार, स्वतन्त्रता, बाँच्ने अधिकारको प्रत्याभूतिसम्बन्धी कार्य गर्ने गरेको छ । शान्ति, विकास र सभ्य समाजको लागि कार्य गर्ने आयोगको विधानमा प्रस्टसँग लेखिएको अनुसार आयोगले यस क्षेत्रमा आंशिक रूपमा सामान्य प्रकारको निगरानी एवम् खबरदारीको कार्य गर्दै आएको देखिन्छ।

अन्तर्राष्ट्रिय कार्यक्षेत्र र प्रभाव भएका मानव अधिकारवादी संस्थाको अध्ययन गर्दा सन् १९७८ मा अमेरिकाको न्युयोर्कमा मुख्य कार्यालय रहेको ह्युम्यान राइटस् वाचलाई पनि लिन सकिन्छ । जसले विश्वव्यापी रूपमा मानव अधिकार संरक्षणको क्षेत्रमा सूचित गर्दै राज्यहरूलाई खबरदारीको कार्य गर्दै आएको छ । चीन जस्ता मुलुकको मानव अधिकारको अवस्थाका बारेमा समेत उल्लिखित संस्थाले कार्य गर्दै आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै आएको देखिन्छ । त्यसैगरी एम्नेस्टी इन्टरनेशनल, एक्शन एड जस्ता सस्थाहरूले समेत नेपालका संविधान कार्यान्वयनको क्रममा मानव अधिकारको संरक्षण सम्बन्धी अवस्थाका सम्बन्धमा सचेतना, सूचना, खवरदारी र निगरानीसम्बन्धी आंशिक रूपमा कार्य गर्दै आएको देखिन्छ (Peadhan, AD, 2014, p. 45, p.  76)। सार्क स्तरमा विभिन्न सम्मेलन र घोषणा गरिएको भए पनि व्यवहारतः सार्कको कार्य र क्षेत्रीय प्रयासलाई आंशिक गतिविधि मात्र मान्नु पर्ने अवस्था छ ।

**(ग) संवैधानिक व्यवस्थाहरू**

संविधानमा लेखिएका मौलिक हकसम्बन्धी व्यवस्था कार्यान्वयन हुन सकेको खण्डमा मात्र खासमा संविधान कार्यान्वयन हुने अवस्था हुन्छ । नेपालका संविधानहरूमा उल्लेख गरिएका मानव अधिकार सम्बन्धी सबै प्रबन्ध पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् । आंशिक मात्र कार्यान्वयन हुनु र कार्यान्वयन हुन नसकेको खण्डमा नागरिक अधिकार स्थापित हुन सक्दैनन ।नेपाल सरकारको अन्तरिम शासन विधान, २००७ मा भएका भेदभाव विरुद्धको हक आंशिक कार्यान्वयनमा आएका थिए । निरङ्कुश राणा शासनको अन्त्य भएको राजनीतिक स्वतन्त्रता प्राप्त भएकोले त्यसले भेदभावमा पनि कमि ल्याएको थियो । २०१५ सालको संविधान पूर्णतः कार्यान्वयनमा आउन सकेन । धारा ७ मा उल्लिखित राजनीतिक स्वतन्त्रता आंशिक कायान्वयनमा आएकोले आम निर्वाचन सम्पन्न भई तत्कालिन नेपाली काँङ्ग्रेस पार्टीले दुई तिहाइ सिट जितेको भए पनि २०१७ पुस १ गते दलमाथि प्रतिबन्ध लगाइयो । २०१९ सालको संविधान निर्दलीय पञ्चायती व्यवस्थामा आधारित भएकाले संविधानमा लेखिएका प्रजातन्त्र शब्दको खास अर्थ नभएकाले प्रजातान्त्रिक अभ्यास हुन पाएन । तथापि, राष्ट्रिय पञ्चायत तथा गाउँ पञ्चायतको निर्वाचन मार्फत सीमित राजनीतिक अधिकारको प्रयोग भएकोले आंशिक कार्यान्वयन भएको ठान्नुपर्ने हुन्छ । अर्थात संविधानमा उल्लिखित प्रजातान्त्रिक अधिकार आंशिक रूपमा कार्यान्वयनमा आयो । धारा ११ मा उल्लिखित वाक र प्रकाशन सम्बन्धी, शान्तिपूर्वक भेला हुन पाउने, संघ-संस्था खोल्न पाउने हक आंशिक कार्यान्वयनमा आएका हुन् । राजनीतिक दलमाथि प्रतिबन्द लगाइएको भए पनि पेशागत सङ्गठन खोल्न दिइएको थियो । राजनीतिक उद्देश्यले गठन गरिएका संगठन चाहिँ खोल्न नपाइने कुरा सोही धारामा प्रस्ट उल्लेख भएको थियो । सोही अनुसार गैरराजनीतिक प्रकृतिका वर्गीय, व्यवसायिक र पेशागत संगठन चाहिँ खोल्न दिइएकोले आंशिक कार्यान्वयन भएको ठान्नुपर्ने हुन्छ । २०४७ सालको संविधानमा उल्लिखित आर्थिक-सामाजिक अधिकार सशस्त्र द्वन्द्व र तत्कालिन राजाको शाही कदमको कारण प्रभावित रहे । २०५८ साल असोज १६ पछि राजनीतिक अधिकार र प्रकाशनसम्बन्धी संवैधानिक अधिकारमा समेत केही अकुश लगाइएकोले आंशिक कार्यान्वयनमा आएको देखिन्छ । सो अवधिमा प्रकाशन गृहमा सरकारी नियन्त्रण गरियो । कान्तिपुर दैनिकमा समेत सेना पठाईएको थियो । २०६२/०६३ को राजनीतिक परिवर्तनपछि बनेको अन्तरिम संविधानमा उल्लिखित भएका मौलिक हकमा आर्थिक, सामाजिक अधिकारका विषय आंशिक मात्र कार्यान्वयन आउन सकेका थिए (Anaya, AD, 2004, p. 4) । नागरिक तथा राजनीतिक अधिकार बहाली गर्ने कुरामा बढी ध्यान गएको कारण त्यसतर्फ राज्यको प्राथमिकता

नपुगेको हो । संविधानको धारा १८ मा उल्लिखित रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको पूर्ण कार्यान्वयनमा आउन नसकेको हो ।

वि.सं. २०७२ सालमा निर्मित नेपालको संविधान हाल कार्यान्वयनमा रहेको अवस्था छ । संविधानले नागरिकका मौलिक हकमा व्यापक प्रबन्ध गरेको भए पनि कार्यान्वयनमा चाहिँ अनेक प्रश्न उठ्दै आएको देखिन्छ । संविधानको धारा १६ मा उल्लिखित सम्मानपूर्वक बाँच्ने हक हुनेछ भनिएको भए पनि कुन अवस्थालाई सम्मानपूर्वक बाँच्ने हकको पूर्ति भएको स्थिति भन्ने कुरा बुझाइ र व्याख्याको एउटा जटिल र विवादित अवधारणा भएर रहेको छ । संविधानले परिकल्पना गरेको सम्मानपूर्वक बाँच्न पाउने हक सबै नागरिक, वर्ग, धर्म, लिङ्ग, सम्प्रदाय, समूह, क्षेत्र आदिका आधारमा समानता, समता र सामाजिक न्यायमा आधारित भएर पूर्ण कार्यान्वयन नभई आंशिक कार्यान्वयनमा आएको देखिन्छ । आर्थिक, सामाजिक र साँस्कृतिक असमानता न्यूनीकरण गर्नु चुनौतीपूर्ण कार्य भएको देखिन्छ । यही कारण उल्लिखित क्षेत्र, तह र नागरिक समाजबाट संविधानको कार्यान्वयनमा असन्तुष्टि पोखिँदै आएका छन् । सम्मानपूर्वक बाँच्न पाउने हकसँग प्रत्येक नागरिकका मानवीय, सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक र यथार्थतामा सामाजिक न्यायमा आधारित समानताको अवस्था हुनुपर्दछ भन्ने मानिएको छ । संविधानमा उल्लिखित धारा १८ मा रहेको समानताको अधिकार संविधानतः सबैलाई प्राप्त भए पनि खासमा त्यो अधिकार सबै नागरिकले समान ढङ्गले प्राप्त भएको अवस्था भइनसकेकोले उक्त प्रबन्ध आंशिक कार्यान्वयनमा आएको मान्नुपर्ने हुन्छ ।

नेपाली समाजमा इतिहासदेखि कायम रहेको आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक अन्याय, असमानता र विभेदको कारण समानता कायम गर्न कठीन भएको हो । समानता कुन-कुन नागरिकले कसरी प्राप्त गर्दैछन् भन्ने थप अनुसन्धानको विषय हो । संविधानले जाति, पेशा, धर्म र अन्य अवस्थाको कारण कसैलाई पनि भेदभाव नगरिने भनेको छ । छुवाछुत विरुद्धको हक (धारा २४) संविधानले प्रस्ट गरेको भए पनि जिल्ला र गाउँमा छुवाछुतका विभिन्न घटना घटिरहेका छन् । सुदुरपश्चिमका विभिन्न जिल्लाहरू र खासगरी तराइका जिल्लाहरूमा छुवाछुत, भेदभाव, अनेक खालका विभेद र अन्यायपूर्ण व्यवहार जारी रहेकाले संविधानमा उल्लिखित समानता र सामाजिक न्याय पूर्णतः लागु भएको नभई आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको मान्नु पर्ने अवस्था छ । संविधानको धारा २७ मा भएको सूचनाको हक कार्यान्वयन हुनुपर्नेमा समाजमा सामाजिक रूपमा बढी हैसियत भएकाले खोजेको सूचना मात्र पाइने गरिएको छ । सर्वसाधारण नागरिकले सूचनाको माग गर्दा पालना गर्नुपर्ने न्यूनतम प्रक्रिया पूरा गर्ने अनुभव र ज्ञानको कमी हुनु र संविधान कानुन अनुसार माग गरिएको सूचना गोप्य राख्ने कुन प्रकृतिको हो भन्ने प्रस्ट नहुनाले पनि

सूचना पाउन जटिल भएको हो । सबै सरकारी कार्यालयले सहजै सार्वजनिक सूचना दिने गरेका छैनन्, दिँदैनन् । धारा ३० मा रहेको शिक्षाको हक कार्यान्वयनमा आएको भन्ने गरिए पनि ग्रामिण भागमा शिक्षाको अवसर र अधिकारबाट बालबालिका आज पनि बन्चित रहेका देखिन्छन् । उनीहरूका आर्थिक, सामाजिक, भौगोलिक, व्यवहारिक र प्राविधिक कठिनाइका कारण शिक्षाको अधिकार पूर्ण रूपमा नभइ आंशिक कार्यान्वयनमा आएको देखिन्छ । यसरी नेपालका संविधानमा प्रबन्ध गरिएका मौलिक हक र स्वतन्त्रताका विषय पक्षबाट अध्ययन गर्दा आंशिक रूपमा मात्र कार्यान्वयनमा आउन सकेको देखिन्छ (Kapil, AD, 2021, p. 4) ।

## (घ) राष्ट्रिय कानुनहरू

संविधानहरूमा उल्लिखित मानव अधिकार कार्यान्वयनसँग सम्बन्धित राष्ट्रिय कानुन भनेका मूलतः राजनीतिक स्वतन्त्रता, नागरिक अधिकार, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको संरक्षण तथा सबैलाई समान व्यवहार गर्नका लागि अन्तर्राष्ट्रिय सन्धि तथा नेपालका संविधानहरूमा लेखिएका मौलिक हकहरूको संरक्षण तथा सुरक्षा गर्न ल्याइएका हुन् । यहाँ विभिन्न कानुनहरूका प्रबन्ध र त्यसको आंशिक कार्यान्वयनसम्बन्धी अवस्थाको चर्चा गरिएको छ ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को धारा ४ मा अपराधबाट पीडितले स्वच्छ व्यवहार पाउने अधिकार हुने उल्लेख छ । धारा ५ मा भेदभाव विरुद्धको अधिकार रहेकोमा फौजदारी न्यायिक प्रक्रियामा पीडितको धर्म, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक अस्वस्थता, अपाङ्गता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नु हुदैन लेखिएको छ । यही कानुनी प्रबन्धको कारण न्यायिक र प्रशासनिक प्रक्रियामा भेदभावको न्यूनीकरण हुँदै आएको देखिन्छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को धारा ३ मा उपभोक्ताको अधिकार हुने भनिएको छ । जसमा गुणस्तरीय वस्तु प्राप्त गर्ने, उचित मूल्यमा वस्तु पाउने, जीउ ज्यानमा हानी नपुऱ्याउने आदि विषय उल्लेख छन् । दफा ५ मा वस्तु वा सेवाको गुणस्तर, दफा ६ मा लेबल लगाउनु पर्ने आदि विषय लेखिएको देखिन्छ । कानुनमा भएको यही प्रबन्धको कारण बजारमा व्यवसायीहरू तथा उपभोक्ताहरूमा आंशिक रूपमा जिम्मेवारी र जागरण बढ्दै गएको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ मा अपाङ्गताको परिचय सम्बन्धी व्यवस्था, दफा ८ मा भेदभाव विरुद्धको अधिकार, दफा ९

सामुदायिक जीवनको अधिकार रहेको छ र सो दफाको (१) मा अपाङ्गता भएको व्यक्तिलाई अन्य व्यक्तिसरह समान रूपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनोट गरेको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य परिने छैन भन्ने उल्लेख छ। त्यसैगरी दफा १० मा संरक्षणको अधिकार, दफा ११ मा राजनीतिक सहभागिताको अधिकारको प्रबन्ध गरिएको देखिन्छ । दफा १२ मा नीति निर्माणमा सहभागिताको अधिकार, दफा १३ मा संस्था खोल्ने अधिकार, दफा १४ मा साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार, दफा १५ मा सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, दफा १६ मा सामाजिक सुरक्षाको अधिकार, दफा १७ मा सूचना र जानकारीको अधिकार, दफा २१ मा निःशुल्क शिक्षा उपलब्ध गराउने, दफा २८ मा निःशुल्क स्वास्थ्य उपलब्ध गराउने र दफा ३२ मा सामाजिक सुरक्षाको अधिकार रहेको छ । यसरी यस्तो कानुनी प्रबन्ध भएको कारण उल्लिखित वर्गका मानिसहरूले आंशिक रूपमा भए पनि सरकारी सेवामा सीमित आरक्षण र स्वास्थ्य सुविधा पाउँदै आएको देखिन्छ। नीति निर्माण गर्ने राष्ट्रिय सभामा अपाङ्गता भएकाहरूको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगको २०७९-८० को प्रतिवेदन अनुसार आयोगका हालसम्मका १४०७ वटा सिफारिस मध्ये ३९.२ प्रतिशत आंशिक कार्यान्वयनमा आएका छन् (खतिवडा, वि.सं.२०८०) । उल्लिखित कानुनहरूका दफामा व्यवस्था भएका प्रावधान सम्पूर्ण रूपमा व्यवहारतः लागु हुन नसकेकाले आंशिक कार्यान्वयनमा आएको मान्नुपर्ने हुन्छ।

## ६.३ कार्यान्वयन हुन नसकेका प्रावधान

नेपालका संविधानमा उल्लिखित मानव अधिकार अर्थात् मौलिक हक सम्बन्धी सबै विषय कार्यान्वयनमा आउन सकेका छैनन् । २०४७ सालपछि बनेका संविधानले बहुदलीयता, लोकतन्त्र, राजनीतिक र प्रजातान्त्रिक अधिकार तथा सामाजिक न्यायमा बोलेका भए पनि आर्थिक, सामाजिक र मानव अधिकारमा अनिवार्य भएका कतिपय विषय कार्यान्वयनमा समस्याहरू देखिएका छन्। अर्थात् कार्यान्वयनमा आउन सकेका छैनन्। यहाँ तिनको अध्ययन र विश्लेषण गरिएको छ।

### (क) अन्तर्राष्ट्रिय प्रावधानहरू

सन् १९५५ देखि संयुक्त राष्ट्रसंघको सदस्य भएर संघमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेपालले मानव अधिकार सम्बन्धी प्रमुख महासन्धिहरूलाई हस्ताक्षर र अनुमोदन गरिसकेको छ (सिंह, वि.सं. २०७०) । तथापि अझै पनि कतिपय महासन्धिलाई अनुमोदन हुन सकेको देखिन्न । महासन्धि अनुमोदन नगर्दा संविधानमा उल्लिखित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान कार्यान्वयनमा आशङ्का पैदा हुन्छ । अर्थात

कार्यान्वयन सुनिश्चित हुँदैन । यसरी नेपालले अनुमोदन गर्न बाँकी रहेका ती सन्धिहरूलाई अनुमोदन गर्नुपर्ने भन्दै विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था र मानव अधिकारको संरक्षण सम्बन्धी कार्यमा सक्रिय रहेका व्यक्तिहरूका साथै राष्ट्रिय मानव अधिकार आयोग समेतले निरन्तर आवाज उठाउँदै आएको देखिन्छ । अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले आवश्यकता अनुसार समयमानै अनुमोदन नगर्दा अन्तर्राष्ट्रिय विस्वसनियता गिर्दै गएको छ । अर्को कुरा मानव अधिकार संरक्षणप्रति मुलुक प्रतिबद्ध रहेको छैन कि भन्ने सन्देश अन्तर्राष्ट्रिय क्षेत्रमा गइरहेको छ । सन् २००२ देखि लागु भइरहेको अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)को विधानलाई नेपालले अनुमोदन गर्न निरन्तर आवाज उठ्दै आए पनि अनुमोदन नगर्दा मुलुकमा गम्भीर खालका फौजदारी अपराधमा संलग्न भएका व्यक्तिहरूको मनोवल बढ्ने खतरा बढेको छ । सोही कारण संविधानमा उल्लिखित मानव अधिकार सम्बन्धी प्रावधानको कार्यान्वयनमा आशङ्का उब्जेका छन् । जसले दण्डहिनता बढाएको छ । यस्तो अवस्थालाई कार्यान्वयन हुन नसकेको स्थिति भन्नुपर्ने हुन्छ । यसअघि नेपालको इतिहासमा सशस्त्र युद्धका क्रममा मानव अधिकारविरोधी विभिन्न घटना घट्न पुगे । युद्धसम्बन्धी आधारभूत नियम विरुद्ध गएर मानवता विरुद्धका हिंसा र हत्या पनि भए । उल्लिखित युद्धमा भएका अपराधमा सजाय हुनुपर्ने आवाज निरन्तर उठ्दै आएकोमा फौजदारी अदालतको विधान अनुमोदन हुन नसकेकोले सोक्रममा भएका अपराधी उम्कन सक्ने आकलन गरिएका छन् ।

सयुक्त राष्ट्रसंघको सदस्य भएको र अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र भएकोले नेपालमाथि विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय फोरम, बहस र सम्मेलनहरूमा अनुमोदन गर्न बाँकी महासन्धिको अनुमोदन गर्नुपर्ने कुरा उठने गरेको छ । यसैबिच विश्वमा र नेपालमा पनि शरणार्थी सम्बन्धी समस्या तीव्र रूपमा वृद्धि हुँदै गएको देखिन्छ । रुसले सन् २०२२ फेब्रवरी २४ देखि युक्रेनमाथि गरेको सैन्य हमलाका कारण १ करोड भन्दा बढी शरणार्थी भइसकेका छन् । उता इजरायल-प्लेस्टाइन युद्ध आदिको कारण विश्वमा शरणार्थी सम्बन्धी समस्या जटिल बन्दै गएको अवस्था छ । यस्तो संवेदनशील विषयको शरणार्थी सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (सन् १९५१) लाई नेपालले पनि अनुमोदन गर्नुपर्ने देखिन्छ । नेपालको सर्वोच्च अदालतले पनि विभिन्न मुद्दामा शरणार्थी, विदेशी र गैरनागरिकको पनि बाँच्न पाउने अधिकारको राज्यले सुरक्षा र संरक्षण गर्नु पर्ने भन्ने कुरा प्रस्टसँग बोल्दै आएको भए पनि नेपालले गम्भीरता नदेखाउँदा मानव अधिकारसम्बन्धी प्रावधान कार्यान्वयन हुन नसकेका हुन् (Loughlin/Kincid, AD, 2013, p. 65)।

**(ख) क्षेत्रीय प्रावधानहरू**

मानव अधिकार सम्बन्धी क्षेत्रीय संस्थाहरूको अध्ययन गर्दा सन् १९८५ मा जारी गरिएको दक्षिण एसियाली सहयोग संगठनको बडापत्रलाई एउटा महत्त्वपूर्ण प्रबन्धको रूपमा लिने गरिएको छ । क्षेत्रीय सहयोग, मानव अधिकार, विकास, सदभाव, सुरक्षा तथा समन्वय आदि अभिवृद्धि गर्ने लक्ष्य बडापत्रले लिएकोमा विगतमा सार्क स्तरमा विभिन्न सम्मेलन र घोषणा गरिएको भए पनि बडापत्र अनुसार मानव अधिकार संरक्षणको कार्यान्वयनमा केही उल्लेख्य कार्य भएको देखिन्न । क्षेत्रीय सम्मेलन मार्फत मानव अधिकारसम्बन्धी चेतना र सूचना अभिवृद्धि गर्ने कार्यमा सहयोग कार्य जे जसरी गर्नु पर्ने त्यो हुन सकेन । अर्थात् सार्कले मानव अधिकारको संरक्षण र सुरक्षामा कार्य गर्न सकेको छैन ।मानव अधिकारको संरक्षण गर्ने दृष्टिकोणमा नेपालमा क्षेत्रीय स्तरमा कार्य गर्ने संस्था थोरै मात्र रहेको देखिन्छ । कतिपय विश्वस्तरका अन्तर्राष्ट्रिय संस्थाहरूले नै क्षेत्रीय स्तरमा पनि कार्य गर्दै आएका छन् । जसमा एसिया क्षेत्रमा मानव अधिकारको संरक्षण गर्नको लागि गैरसरकारी संस्थाको रूपमा सन् १९८६ मा गठन भएको एसियन मानव अधिकार आयोगलेमानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा भएका मानिसका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएका कुराहरूलाई लागु गराउने उल्लेख छ । मानिसका न्यूनतम मानव अधिकार, स्वतन्त्रता, बाँच्ने अधिकारको प्रत्याभूति गरी शान्ति, विकास र सभ्य समाजको लागि आयोगले कार्य गर्ने उसको आफ्नो विधानमा लेखिएको भए पनि कार्यान्वयनमा प्रश्न उठ्ने गरेको छ । तथापि संस्थाले नेपालको मानव अधिकारको संरक्षणको क्षेत्रमा अनुभूति हुने कार्य कार्यान्वयनमा ल्याउन सकेको छैन । ह्युम्यान राइटस् वाच, एम्नेस्टी इन्टरनेशनल जस्ता सस्थाहरूले समेत नेपालका संविधान कार्यान्वयनको क्रममा मानव अधिकारको कार्यान्वयन सम्बन्धी समस्या समाधान र संविधानमा भएका मौलिक हक लागु गर्ने सवालमा चाहिँ उल्लेख्य गर्न लायक केही पनि कार्य गरेको देखिन्न । ती संस्थाहरूले नेपालको संविधानमा भएका मौलिक हक कार्यान्वयन सम्बन्धमा सरकारलाई खबरदारी गर्ने, नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनलाई नेपालको संविधान-कानुनमा समावेश गर्ने र अनुमोदन गर्न बाँकी रहेका अन्तर्राष्ट्रिय कानुन अनुमोदन गरी राज्यलाई मानव अधिकार संरक्षणमा बढी उत्तरदायी बनाउने काममा भूमिका खेल्न पर्नेमा सामान्य प्रचार गर्नेदेखि बाहेक प्रभावकारी कार्य गर्न सकेको देखिएन ।

## (ग) संवैधानिक व्यवस्थाहरू

मौलिक हकसम्बन्धी व्यवस्था कार्यान्वयन नभएको खण्डमा नागरिक अधिकार स्थापित हुन कठीन हुन्छ ।नेपालको पहिलो संविधान नेपाल सरकारको वैधानिक कानुनमा उल्लिखित गरिएका व्यक्तिगत स्वतन्त्रता, प्रकाशनको स्वतन्त्रता, सभा-सम्मेलनको स्वतन्त्रता

कार्यान्वयनमा आउन सकेन । अर्थात व्यवहारतः कार्यान्वयनमा नआउँदै अर्को संविधान ल्याइयो । नेपाल सरकारको अन्तरिम शासन विधान, २००७ को धारा ५ को उपधारा (घ) मा स्त्री पुरुष दुवैलाई समान कामको लागि समान तलब दिलाइने भनिएको भए पनि महिला माथिका विभेद हटन नसक्दा संविधानको उल्लिखित प्रबन्ध कार्यान्वयनमा आउन सकेन । दलीय राजनीतिक अभ्यासको थालनी भए पनि संविधानको कार्यान्वयनमा ध्यान जान सकेन । २०१५ सालको संविधानको धारा ५ मा धर्मको स्वतन्त्रता रहेको भए पनि धर्मनिरपेक्षता नभएकोले हिन्दु धर्म बाहेकको धार्मिक अधिकार सुनिश्चित हुन सकेन । संविधानको आयु नै छोटो भएकोले कार्यान्वयनमा नआउँदै तत्कालिन राजाले संविधान खारेज गरेका कारण कार्यान्वयनमा बाधा आयो । त्यसैगरी २०१९ सालको संविधानको मौलिक हकको पहिलो वाक्यमा नै अधिकार होइन 'कर्तव्य' लेखियो । नागरिकको शासन सत्ताप्रतिको 'कर्तव्य हुने' कुराबाट मौलिक अधिकारलाई सोचियो र त्यही विन्दुबाट सुरु गरियो । अर्कोतर्फ सो संविधान कार्यान्वयनमा उल्लिखित मानव अधिकारसम्बन्धी प्रावधान कार्यान्वयनमा आउन नसक्नुमा राजनीतिक अधिकारको रूपमा रहेको दलीय अधिकार, विचारको स्वतन्त्रता, राजनीतिक संघ संगठन खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने जस्ता आधारभूत नागरिक तथा राजनीतिक अधिकार संविधानमा बन्देज लगाइएकोले मानव अधिकारको दृष्टिले संविधान वास्तविक अर्थमा कार्यान्वयनमा आउन नसकेको मान्नुपर्ने हुन्छ ।

जनआन्दोलनको परिणाम स्वरूप २०४७ सालको संविधान आयो । जसमा राजनीतिक अधिकार, दलीय प्रजातन्त्र र नागरिक स्वतन्त्रताका विषय बढी प्रयोगमा आए । आर्थिक-सामाजिक अधिकार चाहिँ राजनीतिक खिचातानी, सशस्त्र द्वन्द्व र तत्कालिन राजाको निरंकुश सोच एवम् कार्यशैलीका कारण मानव अधिकारका प्रावधानहरू कार्यान्वयनमा अनेकौं बाधा र व्यवधान खडा भए । संविधानको धारा १९ मा रहेको धार्मिक स्वतन्त्रताको हकले धर्मनिरपेक्षताको अधिकार नदिएकाले सबै धार्मिक समुदायलाई समान अधिकारको प्रत्याभूति हुन सकेन । मूलतः सशस्त्र सङ्घर्ष र तत्कालिन राजा ज्ञानेन्द्रले चालेको निरंकुश कदमको कारण संविधानका मौलिक हक कार्यान्वयनमा जटिलता थपिएका हुन् । २०५८ साल असोज १८ पछिका अवधिमा हेर्ने हो भने राजनीतिक स्वतन्त्रता, शान्तिपूर्वक भेला हुन पाउने र राजनीतिक विरोध गर्न पाउने संवैधानिक अधिकार समेत कार्यान्वयनमा आउन अवरोध खडा गरियो । २०६३ सालमा बनेको अन्तरिम संविधान विशेषतः राजनीतिक अधिकार र संविधान सभाको निर्वाचन एवम् संविधानको निर्माणमा केन्द्रीत हुँदा संविधानमा प्रबन्ध गरिएका सामाजिक न्याय, समानता र आर्थिक अधिकारका विषय कार्यान्वयनमा सहजता हुन सकेन ।

नेपालको वर्तमान संविधानको प्रस्तावनादेखि मौलिक हकका व्यवस्थाहरूमा उल्लिखित भएका मानव अधिकार सम्बन्धी संवैधानिक प्रबन्धको रूपमा रहेको सम्मानपूर्वक बाँच्न पाउने हक व्यापक अर्थमा कार्यान्वयनमा आउन सकेको छैन । सम्मानपूर्वक बाँच्न पाउने हकको अर्थ र क्षेत्र व्यापक हुने भएकोले पनि कार्यान्वयनमा जटिलता थपिएको हो । त्यसैगरी सम्मानपूर्वक बाँच्न पाउने हक कार्यान्वयन गर्ने कुरा आफैँमा जटिल, विवादित र चुनौतीपूर्ण पनि हो । सम्मानपूर्वक बाँच्न पाउने हकसँग प्रत्येक नागरिकका मानवीय, सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक यथार्थतामा आधारित भएर नेपाली नागरिकले आफ्ना अधिकारको पूर्णत : प्राप्त भएको अवस्था हुनुपर्दछ ।

धर्मनिरपेक्ष मुलुक नेपालमा धार्मिक स्वतन्त्रता रहको छ । यद्यपि यसको दूरूपयोग बढेको छ । जवर्जस्ती धर्म परिवर्तन गराइएका घटना सार्वजनिक हुँदै आएका छन् । नेपालको संविधानको धारा ३० को स्वच्छ वातावरणको हक खासमा कार्यान्वयनमा आएको देखिँदैन । त्यसैगरी धारा ३३ मा रहेको रोजगारीको हक, धारा ३६ को खाद्य सम्बन्धी हक, धारा ३७ को आवासको हक कार्यान्वयनको लागि भन्दै आवश्यक नयाँ कानुन बनेको भए पनि यी धाराहरू कार्यान्वयनमा आएको अनुभूति नागरिकहरूले गर्न सकेको देखिन्न । कतिपय जिल्लामा गरीब, भूकम्प पीडित र प्राकृतिक प्रकोप पीडितका लागि राज्यले आवास सुविधा अन्तर्गत घर निर्माण गरिएको भए पनि त्यो धेरै नै अपुग भएको छ । २०८० साल पुसमा जाजरकोट, रुकुम जिल्लामा भूकम्पबाट पीडित भएकाहरूले बाँच्नको लागि आवश्यक खाना, पानी, औषधी र आवासको अभाव भई जाडोका कारणले समेत आधा दर्जन बढी मानिसको मृत्यु पनि भयो । २०८१ साल असार २३ गतेदेखि २८ गते राजधानी काठमाडौँ लगायत देशका विभिन्न स्थानहरूमा आएको बाढीले ८० जनाभन्दा बढीको मृत्यु भएको थियो । सयौँ मानिस घरबारविहीन भएका थिए । तिनलाई राज्यले अत्यावश्यक सेवा, सुविधा पुऱ्याउन सकेन । त्यसैगरी संविधानको धारा ४३ को सामाजिक सुरक्षाको हक र धारा ४४ को उपभोक्ताको हक कार्यान्वयनमा आउन सकेको देखिन्न । उपभोक्ता प्रत्येक पाइलामा ठगिइरहेका छन् । सारमा उपभोक्ताको गुनासो कसैले सुन्दैन । संविधानमा भएको उपभोक्ताको हक वास्तविक अर्थमा कार्यान्वयनमा आएको छैन (Panta, AD, 2017, p. 4)।

### (घ) राष्ट्रिय कानुनहरू

मानव अधिकार संरक्षणसम्बन्धी विभिन्न कानुन निर्माण भएको भए पनि तिनको सार्थक र अर्थपूर्ण कार्यान्वयन हुन सकेको देखिन्न । उपभोक्ता संरक्षण ऐन, २०७५ को ऐनको दफा ३ मा उपभोक्ताको अधिकार हुने भनिएको छ । जसमा गुणस्तरीय वस्तु प्राप्त गर्ने, उचित मूल्यमा वस्तु पाउने, जीउ ज्यानमा हानी नपुऱ्याउने आदि विषय उल्लेख छन् ।

दफा ५ वा वस्तु वा सेवाको गुणस्तर, दफा ६ मा लेबल लगाउनु पर्ने आदि विषय लेखिएको भए पनि व्यवहारमा उपभोक्ता चौतर्फी समस्यामा चेपिएका छन् । उपभोक्ताको अधिकार उनीहरूले अनुभूति गर्ने स्तरमा सुरक्षित हुन सकेको देखिन्न ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा 'नेपालको संविधान प्रदत्त नागरिकको खाद्य तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच स्थापित गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न' भनिएको छ । जसको दफा ३ मा खाद्य सम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति उल्लेख छ । दफा ४ मा भोकमरीको रोकथाम र नियन्त्रण, दफा ७ मा निःशुल्क वा सहुलियत मूल्यमा खाद्यान्न उपलब्ध गराउने र दफा १४ मा किसानको पहिचान र सम्मान उल्लेख छ । वास्तविक अर्थमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन कार्यान्वयनमा आउन सकेको छैन ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रस्तावनामा 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जफावदेही, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिकूल सर्वसाधरणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्नु सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारतः कार्यान्वयनमा ल्याउन र प्रशासनयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहमतीको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानुनी व्यवस्था गर्न' भनिएको छ । सो ऐनले दफा ७ मा नेपाल सरकारले अख्तियार गर्ने नीतिहरूलाई उल्लेख गरेको छ । जसमा (क) आर्थिक उदारीकरण, (ख) गरीबी निवारण, (ग) सामाजिक न्याय, (घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन, (ङ) महिला शसक्तिकरण तथा लैङ्गिक न्यायको विकास, (च) वातवरणीय संरक्षण, (छ) जनजाति, दलीत तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान, (ज) दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास गरिने उल्लेख गरिएका छन् । दफा ८ मा सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ भनिएको छ । कानुनमा यसरी राज्यमा सुशासन व्यवस्था सञ्चालन गर्न असल र उत्कृष्ट विषय उल्लेख गरिएको भए पनि कार्यान्वयनमा गम्भीरता नहुँदा नेपालमा नीति र कानुनको कार्यान्वयन कमजोर रहेको प्रस्ट हुन्छ । सुशासन र विधिको शासन प्रतिकूल भ्रष्टाचार, बेथिति, विकृति, ढिलासुस्ती, अनुत्तरदायी कर्मचारी प्रशासन भएको कारण कानुनमा उल्लेख भएका अक्षर कागजी अक्षरमा सीमित भएका छन् । नागरिकले कानुन र प्रक्रिया पूरा गरेपछि स्वतः

सरल, सहज र छिटो प्राप्त गर्नु पर्ने राहदानी, सवारी साधनका लाइसेन्स प्राप्त गर्न समेत महिनौँ र वर्षौं सम्म लाग्ने गरेको देखिन्छ (Jha, AD, 2023, p. 4)।

नेपालको संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित कानुन निर्माण गर्ने क्रममा आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को निर्माण भएको छ । जसको प्रस्तावनामा 'नेपालको संविधान बमोजिम आवासवीहिन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न' भनिएको छ । जसको परिच्छेद २ मा आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति उल्लेख छ । दफा ३ मा आवासको अधिकार हुने भनिएको छ । सोही दफाको (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति यस ऐन तथा प्रचलित कानुन बमोजिम हुनेछ भन्ने उल्लेख छ । दफा ४ मा नागरिकको आवास अधिकारको सम्मान गर्नुपर्ने भनिएको छ । सोही दफाको (२) मा कुनै पनि नगरिकलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैचारिक वा वैचारिक आस्था आदिका आधारमा आवास सुविधाबाट बन्चित गरिने छैन भनि प्रस्ट लेखिएको छ । दफा ५ मा सार्वजनिक प्रयोजनको लागि हटाउन सकिने भनिएको छ । अर्थात् सार्वजनिक प्रयोजनको लागि आवास उठाउन वा हटाउन सकिने भनिएको हो । त्यसैगरी दफा ७ मा आवास उपलब्ध गराउने भनिएको छ । जसमा नेपालभर आफ्नो वा परिवारको नाममा घर, जग्गा नभएको, प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको आदि अवस्थामा कानुन अनुसार आवास उपलब्ध गराउने भनिएको छ । दफा ९ मा वित्तीय साधन उपलब्ध गराउने उल्लेख छ । माथि उल्लिखित कानुनका प्रबन्ध खास अर्थमा कार्यान्वयनमा आउन सकेको देखिन्न (खतिवडा, वि.सं. २०८०, पृ. ४) । यसले मानव अधिकार कार्यान्वयनमा समस्या रहेको प्रस्ट हुन्छ ।

## ६.४ कार्यान्वयनमा देखिएका समस्या

नेपालका संविधानमा उल्लिखित रहेका मानव अधिकारसम्बन्धी प्रावधान खास अर्थमा कार्यान्वयन नहुँदा नागरिक र व्यक्तिका अधिकार सुनिश्चित बन्न सकेका छैनन् । मौलिक हक र मानव अधिकारसम्बन्धी विषय कार्यान्वयन नहुनुमा अनेक प्रकारका राजनीतिक, प्रशासनीक, प्राविधिक, नीतिगत, व्यवहारिक र अन्य समस्या देखिएका छन् । ती समस्याहरूलाई यहाँ अध्ययन र विश्लेषण गरिएको छ ।

### (क) राजनीतिक समस्या

राजनीतिले समाजका सबै क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ (अर्याल, वि.सं.२०७४, पृ. ४) । राजनीतिक पार्टी निश्चित उद्देश्य, नीति र दृष्टिकोण सहित समाज र जनताका प्रतिनिधिबाट निर्माण हुन्छन् । यसरी जनताको कुनै न कुनै तह र सामाजिक इकाइको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी र तिनका कार्यकर्ताहरू मानव अधिकारको सुरक्षामा सर्वप्रथम सचेत, सूचित, शिक्षित-प्रशिक्षित, जिम्मेवार एवम् गम्भीर हुनु अत्यावश्यक छ । यसरी राजनीतिक दलमा संगठित भएका नेता, कार्यकर्ताहरू आधारभूत तहबाटै मानव अधिकार र नागरिक हक संरक्षण गर्ने सम्बन्धमा प्रशिक्षित र सूचित भएनन भने त्यसको नकारात्मक प्रभाव समाजमा पर्ने हुन्छ (गिरी, वि.सं. २०७४, पृ. ४) । मानव अधिकारको क्षेत्रमा राजनीतिक पार्टीका कार्यकर्ता र सदस्यहरूलाई गरिने प्रशिक्षणले अन्ततः जनताको तहमा कार्य गर्न सक्ने भएकाले त्यहीँबाट आवश्यक तालिम र प्रशिक्षित गर्ने कार्य गरिनु पर्नेमा त्यो नहुनु प्रमुख समस्या भएको छ । यसलाई राज्यले तालिम दिनुभन्दा पनि सम्बन्धित दलको केन्द्रीय तहदेखि स्थानीय इकाइसम्म राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकार, नागरिक स्वतन्त्रता तथा समग्र मानव अधिकारका विषयमा पर्याप्त प्रशिक्षण तथा सार्थक अन्तरक्रिया हुन सकेन । अर्कोतर्फ कतिपय अवस्थामा राजनीतिक हैसियत र आडमा सामान्य नागरिकको न्यूनतम प्राकृतिक अधिकार तथा मानव अधिकारको हनन गर्ने कार्य एउटा सामाजिक समस्याका रूपमा देखिएको छ । राजनीतिक पार्टीका कार्यकर्ता स्तरबाट मानव अधिकार सम्बन्धी शिक्षा, ज्ञान र तालिमको अनिवार्यता भए पनि त्यसतर्फ सोचिएको देखिन्न (अन्तर्वार्ता, शेरबहादुर तामाङ, वि.सं. २०७६, पुस २७) । आजको लोकतान्त्रिक गणतान्त्रिक समाज र पार्टी प्रणालीमा पार्टीका स्थानीय तहका कार्यकर्ताहरूलाई बढीभन्दा बढी जिम्मेवार बनाएर असल लोकतान्त्रिक चरित्रको निर्माण र समृद्ध समाज बनाउने कार्यमा यो तरिका तथा विधि उपयोगी हुनेतर्फ नसोचिनु समस्या हो (प्याकुरेल, वि.सं. २०७४, पृ. ४) ।

राजनीतिक पार्टी मुलुकको संविधान र कानुन बमोजिम गठन भई आफ्नै विधान, विधि, पद्धति तथा संगठनको प्रकिया र प्रणालीबाट सञ्चालन हुने राजनीतिक-वैचारिक सङ्गठन हो (शिवाकोटी, वि.सं. २०६८, पृ. १४४) । यसैले यस्ता संस्था र सगठनहरूको परिचालन एवम् नियन्त्रण पनि उनीहरूकै संगठनको नेतृत्व र विधिले गर्ने भएकोले त्यस्ता सङ्गठन तथा इकाइहरूमा उनीहरूका आफ्ना उपल्लो सङ्गठन र आवश्यकता अनुसारका संरचना आदिबाट गरिने र दिइने प्रशिक्षण तथा तालिमको अझ बढी सार्थकता हुन सक्दथ्यो । आवधिक र समय-समयमा पार्टीको आन्तरिक तथा आवश्यकता अनुसार बाह्य सहयोग लिएर पनि मानव अधिकार सम्बन्धी प्रशिक्षण एवम् तालिम नदिइने संस्कृतिका कारण मानव अधिकार उल्लङ्घनका घटना दोहोरिएर समस्या भएका हुन् । पार्टीका

कार्यकर्ताहरूलाई अनुशासित तथा मर्यादित बनाएर नागरिकप्रति बढी उत्तरदायी बनाउन पनि पार्टीका सदस्यहरूलाई मानव अधिकार सम्बन्धी तालिम र शिक्षा दिनु पर्नेमा अराजक, उत्ताउलो र आक्रामक बनाउने परिपाटी बढ्नु समस्याको रूपमा रहेको छ । राजनीतिक नेतृत्वबाट आफ्ना कार्यकर्ताहरूलाई मानवीय आचरण, नैतिक मूल्य र सामाजिक भावनाको विकास गर्न नसक्नु ठूलो समस्या हो (अन्तर्वार्ता, प्रदीप गिरि, वि.सं.२०७६, मङ्सिर ११) ।

राजनीति नीतिहरूको पनि नीति हो भन्ने मानिन्छ (खतिवडा, वि.सं. २०६८) । यसरी मूल नीतिको परिचालन गर्ने राजनीतिक नेतृत्व र राजनीतिक पार्टी वा राजनीतिक शक्तिको आडमा अपराध गर्ने  र अपराध ढाकछोप गर्ने संस्कृति-प्रवृत्ति कायम भयो भने न्यायपूर्ण समाजको मूल्य र मर्ममाथि चोट पुग्दछ । समाजमा विभिन्न प्रकारका आपराधिक सोच र चिन्तन भएका मानिसहरू समेत हुन्छन्(Ansari, AD, 2017, p. 6) । कतिपय मानिस अर्काको प्राकृतिक अधिकारको हनन् र हस्तक्षेप गर्ने कुरालाई आफ्नो अधिकार जस्तै ठान्दछन् । समाजका केही मानिसमा अर्काको अधिकार र क्षेत्रको सम्मान गर्न नसक्ने आदत, प्रवृत्ति तथा सोच पनि हुन्छ । अर्कोतर्फ प्रायःजसो नेपालीहरूमा राजनीतिक आड-भरोसा र सामीप्यता भएपछि नेपालमा कानुन नलाग्ने र जस्तोसुकै गल्तीमा पनि सजायबाट मुक्ति हुन सकिने भन्ने भ्रम, सोच र चिन्तन तथा प्रवृत्ति समस्याको रूपमा रहेको छ (अन्तर्वार्ता, उमेशजंग रायमाझी, वि.सं. २०७६, चैत्र २५) ।

कतिपय अवस्थामा राजनीतिक आड र भर भएका मानिसहरूले गल्ती गरेको प्रमाणित हुने स्थिति भए पनि शक्तिको बलमा सजायबाट उन्मुक्ति हुने वा कारबाही प्रक्रिया नै अघि नबढ्ने वा कुनै सजाय नहुने वा कैदबाट माफी गरिने स्थिति विगतका विभिन्न घटनाहरूमा प्रस्ट देखिएकाले नेपालको मानव अधिकारको आन्दोलन र अभियानमा यसको नकारात्मक प्रभाव परिरहेको हो । नेपालगञ्जका एक युवक चेतन मानन्धरको खुँडा प्रहार गरी निर्ममतापूर्वक सन् २०१५ जुलाइ १३ मा हत्या गरिएको थियो । सो मुद्दामा तहतह हुँदै सर्वोच्च अदालतबाट दोषी प्रमाणित भई जन्मकैद भएका रिगल भनिने योगराज ढकाललाई राष्ट्रपति रामचन्द्र पौडेलबाट माफी गरी जेल मुक्त गरिएकोमा नागरिक समाज, प्रेस र सबैको तीव्र विरोध भएपछि सर्वोच्च अदालतको फैसलाले पुनः जेल पठाइएको थियो । २०६३ साल चैत्र ७ गते रौतहटको गौरमा तत्कालीन माओवादी पार्टीको मधेसी मुक्ति मोर्चाको नाममा हुन लागेको शान्तिपूर्ण विरोध सभाका क्रममा मधेसी जनाधिकार फोरमका कार्यकताहरूको अमानवीय र गैरकानुनी हमला तथा घरेलु हतियारसहित भएको हमलामा परी २८ जना निर्दोष नागरिकको हत्या भएको घटनाको छानबिन तथा कानुनी कारबाही अहिलेसम्म सुरु नै गरिएको छैन । राजनीतिक शक्तिका नाम र आडमा भएका यस्ता हत्या र हिँसाले मुलुकमा दण्डहिनता बढाएको छ । यस्ता घटनाबाट सत्तारुढ पार्टी र ठूला

राजनीतिक दलका सदस्यको संलग्नता सहित भएको अवस्थामा राजनीतिक शक्ति वा दलले नै हस्तक्षेप सहित संरक्षण गर्ने प्रवृत्ति जारी राखिएको प्रस्ट देखिन्छ । नेपालको मानव अधिकार संरक्षणको आन्दोलनका सन्दर्भमा उल्लिखित घटना र प्रवृत्ति प्रमुख समस्याको रूपमा खडा भएको देखिन्छ (खनाल, वि.सं. २०७४, पृ. ६) । अर्थात् राजनीति सञ्चालकहरू जिम्मेवार नबन्नु प्रमुख समस्याको रूपमा रहेको छ ।

**(ख) प्रहरी तथा प्रशासनिक समस्या**

सार्वजनिक प्रशासन नागरिक अधिकारको सुरक्षा तथा कानुन कार्यान्वयन गर्दै जनतालाई आवश्यक सरकारी सेवा-सुविधा दिने महत्त्वपूर्ण सरकारी अङ्ग हो (ढुङ्गेल, वि.सं. २०७४) । यस्तो महत्त्वपूर्ण सार्वजनिक औजार चुस्त-दुरुस्त, जिम्मेवार र प्रतिस्पर्धी हुन सकेको देखिन्न । सार्वजनिक प्रशासनमा रहनेहरूमा कार्यक्षमता, दक्षता, ज्ञान तथा उत्तरदायित्वको कमी हुन पुग्यो भने कर्मचारीमा हीन भावना बढ्न पुग्दछ । उत्कृष्ट कार्य सम्पन्न गर्नेलाई पुरस्कृत गर्ने र लापरबाही तथा गल्ती गर्नेलाई कानुन बमोजिम दण्ड र सजाय गर्ने परिपाटीलाई कडाइका साथ कार्यान्वयन गर्नु पर्नेमा त्यो नहुनु समस्या हो । संस्थागत, संरचनात्मक तथा व्यवसायिक कार्यक्षमता बढेको खण्डमा मात्र नागरिक अधिकार र मानव अधिकार सम्बन्धी हक-अधिकारको संरक्षण एवम् सुरक्षा हुन सक्दछ । यसरी सार्वजनिक प्रशासनलाई बढी सक्षम, जिम्मेवार र उत्तरदायी बनाएर मात्र नागरिक अधिकारको सुरक्षा हुने कुराको अर्थ र महत्त्व सम्बन्धित पक्षले बुझ्न नसक्नु समस्या हो ( मैनाली, वि.सं. २०७४, पृ. ४) । सार्वजनिक प्रशासन नागरिकको सार्वजनिक सेवामा सहजता तथा अधिकारको सुरक्षाको लागि स्थापित भएकोले प्रत्येक व्यक्तिको संवैधानिक र कानुनी अधिकारको संरक्षण गर्नु पहिलो आवश्यकता र दायित्व हो भन्ने सोच्न नसक्नु समस्याको रूपमा देखिन्छ ।

संविधानप्रदत्त नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सबै दृष्टिले सुरक्षा गर्नु सार्वजनिक अधिकारीको आधारभूत दायित्व पनि होभन्ने कुरा सर्वोच्च अदालतद्वारा गरिएको भाइकाजी तिवारी विरुद्ध चतुर्भुज भट्टसमेतको फैसलामा प्रस्ट उल्लेख गरिएको छ । नागरिकको सम्पत्तिमाथि राज्य वा सार्वजनिक निकायले गैरकानुनी हस्तक्षेप गर्न नपाउने कुरा प्रस्तुत मुद्दामा प्रस्ट गरिएको छ । त्यसरी हस्तक्षेप गरिए सम्मानपूर्वक बाच्न पाउने अधिकारको हनन हुने फैसलामा उल्लेख गरिएको देखिन्छ(Bhaikaji Tiwari vs. Chaturbhuj Bhatta et.all, NKP 2072, Issue 12, Decision no. 9508 : 2154) । वास्तवमा प्रत्येकले सम्मानपूर्वक बाँच्न पाउने भन्ने वाक्य संविधानमा उल्लेख गर्नुको धेरै ठूलो अर्थ र महत्त्व रहेको हुन्छ । संविधानप्रदत्त सबै अधिकारको उद्देश्य प्रत्येक व्यक्ति र

नागरिकको जीवनलाई मर्यादित र सम्मानित तुल्याउनु हो भन्ने अनुभूति सम्बन्धित अधिकारीमा देखिएको छैन । स्वतन्त्रता र व्यक्तिगत हकको कदर गरेर मात्र संविधानको सार्थक कार्यान्वयन हुन सक्ने हो । व्यक्तिको मर्यादा, प्रतिष्ठा र आत्मसम्मानमा आँच पुऱ्याउने कुनै पनि कार्यले संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुन्ठित बनाउने कुरालाई हल्का रूपमा सोच्नु समस्या हो । राज्यको प्रशासनिक निकायमा कार्यरत निजामती कर्मचारी र निजामती प्रशासनले संविधानको प्रबन्ध तथा व्यवस्था पालनामा लापरबाही गर्ने मानसिकता पूरै त्याग्न सकेको देखिन्न । साथै मानव अधिकारको उल्लङ्घनकताहरूलाई कानुनबमोजिम सजाय हुनु पर्नेमा त्यो हुन सकेको छैन भन्दै सर्वोच्च अदालतले सुष्माकुमारी गुप्तासमेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रस्ट गरिएको छ(Susmakumari Gupta at.all. vs. GoN Miistry of Home, 2078)।

मानव अधिकारको सवाल र सन्दर्भमा मानव अधिकार आयोगको छानबिनबाट दोषी देखिएका वा अन्तिम अदालतबाट दोषी प्रमाणित भएकाहरूलाई विधिको शासन, कानुनी राज्य र संविधानवादको विश्वव्यापी मूल्य र मान्यता अनुसार अदालती आदेश अनुसार आवश्यक कानुनी कारबाही गर्नु पर्नेमा सरकारी प्रशासनबाट कारवाही हुन सकेन । नेपालमा कारबाहीको पक्ष कमजोर हुँदा मानव अधिकारको उल्लङ्घन गर्ने प्रवृत्ति बढेको हो (खनाल, वि.सं. २०७९, पृ. ५) । गणतान्त्रिक राज्यमा संवैधानिक सर्वोच्चता, विधिको शासन, कानुनी राज्य, स्वतन्त्र र सक्षम न्यायिक प्रणाली, नागरिक हक अधिकार सहित नागरिक कर्तव्य र दायित्व, व्यक्तिका अधिकार एवम् हितको सम्मान र न्यायपूर्ण तथा जिम्मेवार नागरिक समाज निर्माण आदिलाई महत्त्वपूर्ण र अनिवार्य मान्नु पर्नेमा गम्भीरताको अभाव रह्यो । समाजमा मानवीय मूल्य र नैतिकता, कानुनी शासनको मान्यतामा राज्य सञ्चालनको लागि अपराध वा गल्ती गरेका जोसुकै शक्तिशाली र ठूला भनिएका व्यक्तिलाई पनि कानुनबमोजिम सजाय गर्नु पर्नेमा त्यो हुन सकेको छैन (के.सी., वि.सं. २०७७, पृ. ५) । दोषी उम्कनु हुन्न र निर्दोषले सजाय पाउन पनि हुन्न भन्ने फौजदारी कानुनको आधारभूत सिद्धान्त तथा मान्यता अनुसार राज्य र राज्य प्रणालीको सु-सञ्चालन नहुनु समस्याको रूपमा रहेको छ (मिश्र, वि.सं. २०७४, पृ. ५) । दोषीलाई कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोगद्वारा सरकारलाई गरिएका सिफारिस मध्ये सन् २०२१/२२ को अवधिको तथ्याङ्क हेर्ने हो भने केवल १५.३ पतिशत मात्र कर्यान्वयन भएको देखिनु गम्भीर खालको समस्या हो ।

यसै कारण नेपालमा मानव अधिकार उल्लङ्घनकर्ता र पीडकहरूको मनोबल बढ्ने र सामान्य नागरिकले डरबाट मुक्त हुन नसक्ने स्थिति छँदैछ । डरबाट मुक्ति मानव अधिकारको एउटा आधारभूत तत्व हो । यसमा सुधार हुनु जरुरी र आवश्यक हुन्छ ।

वैज्ञानिक र तथ्यपूर्ण छानबिन हुन सकेन भने त्यो घटना त्यसै सेलाउने र पीडितले न्याय नपाउने अवस्था हुन्छ । कैलालीमा वि.सं. २०७५ साल साउन १० गते बालिका निर्मला पन्तको बलात्कारपछि भएको हत्या वर्षौंसम्म पनि अनुसन्धानमै रहनु, दोषी पत्ता नलाग्नु यसको ज्वलन्त उदाहरण हो । अनुसन्धानमा कमजोरी र लापरबाही भइदियो भने त्यस्ता गम्भीर घटना, समस्या र जटिलता देखिन्छन् भन्ने उदाहरण त्यो घटना बन्यो (राष्ट्रिय मानव अधिकार आयोग, प्रेस नोट, २०७६ साउन १०) ।

नेपालका संविधानमा उल्लिखित मानव अधिकार कार्यान्वयनसम्बन्धी विषयको विश्लेषण गर्दा कतिपय सन्दर्भका घटना र प्रवृत्तिलाई अतिरञ्जना गर्ने गरिएको पनि पाइन्छ (शर्मा, वि.सं. २०७७, पृ. ७) । आम मनोवृत्ति कानुन लागु नहुँदै हुल हुज्जत गर्ने र आफै कानुन हातमा लिने प्रवृत्ति समेत देखिनु गम्भीर समस्या हो (अन्तर्वार्ता, नवराज सिलवाल, वि.सं.२०७६, मङ्सिर १६) । अर्कोतर्फ राजनीतिक शक्ति, पद र हैसियतको आडमा कानुन पालना नगर्ने, मानव अधिकारको उल्लङ्घन गर्ने जस्ता कार्य हुनुले पनि मानव अधिकार कार्यान्वयनमा प्रहरी प्रशासनले सही र वास्तविक अर्थमा काम गर्न सकेको छैन । कतिपय सन्दर्भमा प्रहरी र प्रशासनको पनि कमजोरीले नै त्यस्ता घटना घटेको देखिएको छ। कानुनी औचित्य र तथ्यगत अनुसन्धान नगरी मानिस थुन्ने समेतका घटना दोहोरिएपछि प्रतीक चन्द विरुद्ध जिल्ला प्रहरी कार्यालय दाङ भएको मुद्दामा सर्वोच्च अदालतले विपक्षीलाई त्यसो नगर्न आदेश दिएको थियो।

कतिपय अवस्थामा प्रहरीले अनावश्यक बल प्रयोग गर्दा स्थिति थप उत्तेजित भएका घटना पनि देखिएका छन् । जस्तो २०८० साल पुस १५ गते ललितपुरमा भएको कोरिया भाषासम्बन्धी विषयमा गरिएको विद्यार्थीको विरोधका क्रममा प्रहरीको बल प्रयोगबाट दुई जना युवा मारिएका थिए । प्रहरीका यस्ता कार्यशैली र प्रवृत्तिले संविधानमा भएका मानव अधिकार सम्बन्धी प्रबन्धको सही कार्यान्वयनमा सहयोग गर्दैन, समस्या पैदा हुन्छ । मौलिक हक जुन दिन उच्चारण गरी संविधानमा लेखियो त्यही दिन कार्यान्वयन गर्नुपर्ने हो । तर मानव अधिकारको विषयमा 'संविधानले सबै दिएको तर केही पनि नदिएको जस्तो' अवस्थाले मौलिक हकहरूको कार्यान्वयनमा समस्या थपिएका हुन् (राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माका विचारहरू, वि.सं. २०७७ पृ. १११) ।

नेपालमा प्रहरी-प्रशासनबाट मानव अधिकार कार्यान्वयनमा गम्भीरता नदेखाइएको भन्दै पटक-पटक प्रश्न उठाएका छन् (गोष्ठीपत्र, सिंह, वि.सं. २०८०, भाद्र ९) । प्रहरी तथा प्रशासनबाट भएका यस्ता प्रकारका कमजोरी गरिएका अनगिन्ती नमुना देखिन्छन् । प्रहरीका त्यस्ता गल्तीमा अदालतहरूले पीडितलाई न्याय प्रदान गर्दै आएको अवस्था छ ।

सिन्धुपाल्चोक जिल्ला तत्कालीन तातोपानी गाउँ विकास समिति घर भई काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ६ बौद्ध बस्ने तेन्जिङ शेर्पा नाम गरेको व्यक्ति उसको नाम मात्र मिलेको आधारमा काठमाडौँ जिल्ला अदालतको फैसला कार्यान्वयनको लागि भन्दै प्रहरीद्वारा पक्राउ गरी जेलमा हालियो । हात्तीको दाह्राको ओसार-पसार गरेको भन्ने आरोपमा प्रहरीले अभियोग लगाएका तेन्जिङ शेर्पाको बाबुको नाम र ठेगाना नमिले पनि उसको नाम मिलेको र फोटोबाट पहिचान गरिएको भन्दै प्रहरीले काठमाडौँ जिल्ला अदालतको फैसला कार्यान्वयन गराउन निजलाई थुनामा राख्यो । उसले आफू त्यो अपराधमा संलग्न हुने मान्छे होइन भने पनि प्रहरीले चाहिँ मानेन । सोहीकारण उनी आफूलाई थुनाबाट मुक्त गराउँन सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको मुद्दा लिएर जान बाध्य भए । उल्लिखित तेन्जिङ शेर्पा विरुद्ध काठमाडौँ जिल्ला अदालत भएको मुद्दामा अदालतले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दै शेर्पालाई निर्दोष देखिएको भन्दै तत्काल रिहा गर्न आदेश जारी गरेको थियो । प्रहरीका यस्ता व्यवहार र कार्यबाट मानव अधिकार संरक्षणमा समस्या र प्रश्न उठने गरेको छ (ने.का.प. २०७३, निर्णय नं. ९६६१) ।

उल्लिखित तेन्जिङ शेर्पाको मुद्दामा व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको व्याख्या गर्दै सर्वोच्च अदालतले नागरिकलाई उचित प्रमाणबिना कैद गर्न नहुने फैसला गरेको थियो । सर्वोच्चको व्याख्यामा भनिएकोछः-'स्वतन्त्रताको प्रश्न कुनै पनि लोकतान्त्रिक र सभ्य समाजको लागि महत्त्वपूर्ण सवाल हो । मानिसका आधारभूत हक अधिकारहरू हर हालतमा संरक्षण हुनुपर्दछ भन्ने मान्यतालाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनले आत्मसात् गरेको मूल सिद्धान्त हो । एउटा व्यक्तिको हकमा भएको फैसला अर्कै व्यक्तिको हकमा कार्यान्वयन गरी व्यक्तिको निजी स्वतन्त्रताको अतिक्रमण भएको देखिने' भन्ने समेत फैसलामा उल्लेख गरिएको छ (ऐजन) । यसरी यस्ता घटना तथा उदाहरणबाट प्रहरी-प्रशासन मानव अधिकार र नागरिक स्वतन्त्रतामा त्यति संवेदनशील भएको देखिँदैन ।अर्कोतर्फ विभिन्न घटनामा सरकारले व्यक्ति र नागरिकको संविधानप्रदत्त मानव अधिकार हनन हुने कार्य गरेकोले सर्वोच्च अदालतले सरकारलाई त्यसो नगर्न सूचित गर्ने गरेको छ । माओवादीका तत्कालिन लडाकु लेनिन विष्टलाई सरकारले थाइल्याण्डमा हुने मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा जानबाट रोकेको विषयमा सर्वाच्चले सरकारलाई सचेत गराएको थियो (Lenin Bista vs. GoN, Minisrty of Home, 2076)।

त्यसैगरी प्रहरी नियन्त्रणमा रहेको अवस्थामा प्रहरीबाटै कतिपय व्यक्तिको हत्या भएका उदाहरण पनि छन् । काठमाडौँमा अपराधिक समूह सञ्चालन गर्ने गरेको आरोप लाग्ने गरेका दिनेश अधिकारी (चरी) को सन् २०१४ अगस्ट ९ मा काठमाडौँको रामकोटमा प्रहरीको गोलीबाट हत्या गरिएको थियो । त्यस्तै काठमाडौँमा डन भनेर चिनिएका कुमार

श्रेष्ठ (घैंटे) को सन् २०१५ अगष्ट २० का दिन काठमाडौँको सामाखुसी, कपुरधारामा दिउसै गोली ठोकेर हत्या गरियो । विभिन्न समयमा अनेकौं व्यक्तिको मृत्यु प्रहरी नियन्त्रणमै भएकोले प्रहरीलाई पटक-पटक यस्ता आरोप लाग्ने गरेका हुन् । गल्ती-कमजोरी भएको वा गरेको अवस्थामा प्रहरी अधिकारी वा जवानलाई व्यक्तिगत जिम्मेवार बनाउन सकियो भने मानव अधिकारमैत्री समाजको निर्माणमा सहयोग पुग्दछ । नेपालका संविधानमा उल्लिखित मानव अधिकार सम्बन्धी मौलिक हकको व्यवस्था कार्यान्वयनमा यस्ता समस्या विगतदेखि नै देखिएको हो । यसैबिच वि.सं.२०७६ असार ५ गते सर्लाहीमा नेपाल कम्युनिस्ट पार्टी (विप्लव) का सर्लाही इन्चार्ज कुमार पौडेल प्रहरीसँगको दोहोरो भिडन्तमा मारिए भनियो । यद्यपि, विभिन्न तथ्यहरूले प्रहरी नियन्त्रणमा लिएपछि ९ गोली हानी प्रहरीद्वारा हत्या भएको पुष्टि भयो । यसरी प्रहरी-प्रशासनका यस्ता मानव अधिकारविरोधी क्रिया, सोच र कार्यले मानव अधिकारको कार्यान्वयनमा गम्भीर प्रश्न खडा हुने गरेकाले समस्या थपिएका देखिन्छन् (राष्ट्रिय मानव अधिकार आयोग, वि.सं. २०७६ कार्तिक ४) ।

अर्को एउटा घटना र प्रसङ्गमा राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानले खुलायोः-'पाँच जनालाई पक्राउपछि सुरक्षाकर्मीले धनुषाको गोदार गाविस-३ स्थित कमला नदी किनारमा गोली हानी हत्या गरेर गाडेका रहेछन्...'(लास पायौं, न्याय पाएनौं, कान्तिपुर दैनिक, वि.सं. २०७८ पुस १० पृ. १) । यसरी त्यस्ता घटना किन र कसरी घटाइयो भन्ने कुरा गम्भीर प्रकारको खोज तथा अनुसन्धानको विषय हो । प्रहरीको प्रारम्भिक दृष्टिमा अपराधी र दोषी भएको भए त्यस्ता व्यक्तिलाई गोली ठोक्ने होइन कानुनी कारबाहीको लागि अदालत समक्ष पेश गर्नु पर्ने हो । किन कसैलाई ठाडै गोली ठोकियो ? यस्ता घटनाले संविधानको मानव अधिकार सम्बन्धी मौलिक हकको कार्यान्वयनमा गम्भीर प्रश्न तथा समस्या खडा हुँदै आएको छ ।

प्रहरीको उपल्लो तहमा रहेका अधिकारीले सामान्यतयाः मानव अधिकार बुझेकै भए पनि उनीहरूले आफ्ना फिल्डमा काम गर्ने इकाइ र प्रहरीहरूलाई यसका न्यूनतम मूल्य, मान्यता र मर्मको सन्दर्भमा प्रशिक्षित, सूचित र सचेत गर्नु पर्नेमा त्यो हुन नसक्नु एउटा समस्या हो (अन्तर्वार्ता, राधिका खड्का, वि.सं. २०७६, माघ ५) । तालिममा मानव अधिकार सम्बन्धी न्यूनतम सूचनाको समावेश हुँने गरेको भए पनि त्यो अत्यन्त सीमित छ । राज्यको प्रशासनिक निकायमा काम गर्ने कर्मचारीहरूलाई पनि यस सम्बन्धमा पर्याप्त तालिम र ज्ञान दिने गरिएको पाइन्न(Joshi, AD, 2017, p. 6) । यही कारण कतिपय घटनामा प्रशासनका अधिकारीबाट मानव अधिकारको संरक्षण तथा सुरक्षाप्रति गम्भीर लापरबाही र समस्या हुने गरेका छन् । नेपालमा मानव अधिकार कार्यान्वयनमा यो पनि एउटा प्रमुख समस्या हो ।

प्रशासनका तर्फबाट भएको गम्भीर लापरबाहीको अर्को उदाहरणमा पाकिस्तानी नागरिक अब्दुल खालिकको मुद्दा रहेको छ । निज खालिक लागु औषध मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट दोषी ठहर भएकोमा तत्कालीन पुनरावेदन अदालत पाटनबाट समेत सदर भई १५ वर्ष जेल र ५ लाख जरिवाना समेतको फैसला कार्यान्वयन गर्न जगन्नाथ देवल (केन्द्रीय कारागार) सुन्धारामा राखिएको थियो । कानुन र प्रक्रिया बमोजिम उनले सजाय र जरिबाना पूरा गरिसकेका थिए । अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ मा व्यवस्था भएको कानुनी प्रबन्ध अनुसार सजाय भुक्तान भइसकेको विदेशीलाई एक हप्ताभित्र उसको मुलुक निष्कासन गर्ने वा प्रस्थानको वातावरण बनाएर पठाउने भन्ने समेतको व्यवस्था रहेको थियो । साथै सो अवधिमा महानिर्देशकले 'तोकेको स्थानमा बस्नुपर्ने' भन्ने कानुनी प्रबन्ध थियो । थुनामुक्त भइसकेका पाकिस्तानी नागरिकलाई गृह मन्त्रालयको स्वीकृति लिएर उसको मुलुक एक हप्ताभित्र पठाउनु पर्नेमा महानिर्देशकले 'तोकेको स्थानमा राख्ने' भन्ने प्रावधानको गलत अर्थ र अधिकारको दुरूपयोग गरी कैद भुक्तान भई कैदमुक्त भइसकेका व्यक्तिलाई पुनः सोही बन्दीगृहको कैदमा नै पठाएका थिए । सोही कारण उनको निजी जीवन, स्वतन्त्रता र आधारभूत मानव अधिकारको हनन् भएको भन्दै थुनामुक्त गर्न सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको मुद्दा हालिएको थियो । कानुन व्यवसायी लक्ष्मीप्रसाद पोखरेल मार्फत् सो मुद्दा हालिएको थियो । जुन मुद्दामा सर्वोच्चले निज खालिकको जीवन, स्वतन्त्रता र मानव अधिकारको हनन् हुने गरी गैरकानुनी आदेशको भरमा थुनामा राखिएकोले तत्काल थुनामुक्त गर्नु भन्ने आदेश दिँदै अध्यागमनका तत्कालिन महानिर्देशक जन्मजय रेग्मीलाई विभागीय कारवाही गर्न गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश दिएको थियो । यस्ता खालका प्रशासनिक कार्य, प्रक्रिया एवम् प्रहरी-प्रशासनको सोच, कार्यशैलीले मानव अधिकारको कार्यान्वयमा अनेकौँ समस्या खडा हुनु गम्भीर समस्या हो (Advocate Laxmi Prasad Pokharel on the behalf of Pakistani Citizen Abdul Khalid vs. Office of the Prime Minister, 2068)।

समाजमा सुशासन, अमनचैन र सुरक्षाको वातावरण निर्माण गर्ने कार्यमा प्रहरी र नागरिक प्रशासन (मूलतः गृह र सुरक्षासम्बन्धी प्रशासन) को अग्रिणी तथा महत्त्वपूर्ण भूमिका हुन्छ (भट्ट, वि.सं. २०७४) । राज्यको महत्त्वपूर्ण इकाइ स्वयम्लाई नै बढी जिम्मेवार र जबाफदेही बनाउन सकिएन भने समाजमा अपराध भई रहन्छ । उल्टो समाजमा अपराधका घटना बढ्दै जान पनि सक्दछन् (Maharjan, AD, 2022, p. 4)। त्यसो हुनाले प्रहरी-प्रशासनमा बसेका अधिकारीहरूलाई काम र गुण-दोषको आधारमा उचित तथा आवश्यक पुरस्कार, दण्ड तथा जरिबाना समेतको प्रबन्ध गरी आफ्नो जिम्मेवारी पालना गर्न बाध्य बनाउन नसक्नु निरन्तरको नेपाली समस्या हो । मानव

अधिकार सम्बद्ध अधिकाँश घटनामा प्रहरी र राज्यका निकाय वा प्रशासन सिधै जोडिएको देखिन्छ (भण्डारी, वि.सं. २०७९) । मानव अधिकार र नागरिक हकको सम्मान हुने र उत्कृष्ट शैलीको सेवा गरेको खण्डमा प्रहरी र प्रशासनमा बसेका मानिसहरूलाई आवश्यक पुरस्कार समेतको व्यवस्था गर्न नसक्नु शासकीय कमजोरी हो । नेपालका संविधानमा उल्लेख भएका मानव अधिकार कार्यान्वयनमा यो अर्को एउटा समस्याको रूपमा रहेको छ । शङ्कास्पद अपराधी पक्राउ गरी तथ्यपूर्ण अनुसन्धान गर्ने काम प्रहरीको भएकाले मौलिक हक तथा मानव अधिकारको कार्यान्वयनमा प्रहरी-प्रशासन बढी गम्भीर बन्न नसक्नु समस्या हो (Bandi, DA2017, p. 4)।

### (ग) नागरिक सचेतनागत समस्या

मानव अधिकारको क्षेत्रमा नागरिक शिक्षित भएनन् वा शिक्षित गराउन सकिएन वा नागरिकलाई आवश्यक सूचना र जानकारी दिन सकिएन भने राज्यको लगानीले सार्थकता एवम् प्रतिफल पाउन सक्दैन (बस्नेत, वि.सं. २०७२, पृ. ६) । त्यसैले नागरिक र मानिसहरूलाई आवश्यक मात्रामा सूचना दिन नसक्नु नेपालमा मानव अधिकारको कार्यान्वयनको अर्को प्रमुख समस्या भएको छ । शिक्षाले नै मानवलाई जिम्मेवार मानिस र नागरिक बन्न सहयोग गर्न सक्ने भएकोले मानव अधिकारमैत्री समाजको निर्माणमा सहयोग गर्नको लागि नागरिकलाई बढी शिक्षित एवम् सूचित गर्नुपर्नेमा हुन सकेका छैनन् । नागरिक शिक्षा, सूचना तथा सचेतनाका विषयहरू हरेक दृष्टिकोणले भूमिका खेल्न सक्ने र आवश्यक विषय हुन् । यस्तो महत्त्वपूर्ण विषयबाटै हाम्रा सबैजसो कुराहरू प्रभावित बन्ने गरेका हुन्छन् र बन्दछन् (खड्का, वि.सं. २०७९, पृ. ४) । स्कुल-कलेजदेखि शिक्षाको हरेक क्षेत्रमा नागरिक र मानिसहरूलाई मानव अधिकार सम्बन्धी चेतना, सूचना र शिक्षा दिन नसक्नु एउटा प्रमुख समस्या भएर रहेको छ (दाहाल, वि.सं. २०७४, पृ. ६) ।

राज्यका हरेक सार्वजनिक विषय लागु गर्न वा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नको लागि पहिले नागरिकलाई नै शिक्षित, जागरुक, सूचित तथा जिम्मेवार बनाउनु पर्नेमा त्यसैमा कमजोरी र समस्या देखिन्छ (बन्दी, वि.सं. २०७३, पृ. ४) । शिक्षित र सूचित नभएको अवस्थामा त्यसको मर्म, अर्थ र जानकारी नागरिकले पाउन नसक्नु समस्या हो । मानव अधिकारको विषयमा नागरिकलाई शिक्षा प्रदान गर्न आवश्यक र अनिवार्य भए पनि त्यसको पर्याप्तता देखिएको छैन(Dahal, AD, 2021, p. 6)। शिक्षाको अभाव भएपछि सबै कुरामा पछि पर्ने स्थिति भएकाले त्यसमा सुधार गर्नु पर्नेमा ध्यान गएको देखिन्न । स्कुल-कलेजदेखि नै मानव अधिकारसँग सम्बन्धित विषयमा प्रत्येक मानिस र नागरिकलाई सूचित गराउनु पर्नेमा त्यो विषय राज्यको प्राथमिकतामा पर्न सकेन । औपचारिक र विद्यालयीय शिक्षामा सबैजसो नेपालीको पहुँच पुगेको र निरक्षरता उन्मूलनको स्थिति भएको भए पनि

मानिसका प्रकृतिप्रदत्त अधिकार तथा मानव अधिकारसँग गाँसिएका विभिन्न विषयहरूमा सबै नागरिक सचेत तथा सूचित हुन नसक्नु नै समस्या हो (आचार्य, वि.सं. २०७८, पृ. ५) ।

नेपालमा नागरिक तथा राजनीतिक अधिकारको क्षेत्रमा गणतन्त्र प्राप्तिपछि केही राम्रा सङ्केत देखिएको भए पनि मानव अधिकारको फराकिलो अर्थमा त्यसले आकार ग्रहण गरेको छैन । यो विषय स्वयम् पनि एउटा अनुसन्धानको क्षेत्र हो । मानव अधिकारको मापनमा उत्कृष्ट युरोपेली मुलुकहरूमा नागरिक चेतनाको स्तर एकदमै राम्रो रहेको देखिन्छ, जुन नेपालमा छैन (Luis, AD, 2015, p. 34) । हरेक नागरिकको सुरक्षा र संरक्षण राज्यले गर्ने भएपछि युरोपका अधिकाँश मुलुकहरूमा मानव अधिकार सम्बन्धी सुरक्षाको अवस्था सुदृढ बनाइएको देखिन्छ, जुन नेपालमा हुन सकेन । विकसित मुलुकहरूमा शासन प्रणाली र संस्कृति पनि विकसित तथा समृद्ध भएकोले मानव अधिकार र सामाजिक स्थिति समुन्नत बन्न सकेको छ तर नेपाल लगायत विकसित मुलुकहरूमा यसको अवस्था कमजोर भई समस्याको रूपमा रहेको छ । नेपालमा युरोपको जस्तो अवस्था निर्माण गर्नको लागि अझै थुप्रै दशकसम्म मिहनत गर्नुपर्ने अवस्था छ । फराकिलो हुँदै गएका मानव अधिकारसँग सम्बन्धित विषयहरूमा नागरिकलाई सूचित तथा शिक्षित गर्नुपर्नेमा त्यस्तो हुन सकेको छैन (Robertson, AD, 2017, p. 6) ।

अनौपचारिक तथा औपचारिक शिक्षाको आधारभूत स्थान घर परिवारका साथै स्कुल र कलेज भएकाले मानिसलाई सचेत, नैतिकवान, असल चरित्रको नागरिक बनाउनको लागि सोही तहबाटै मानव अधिकार सम्बन्धी शिक्षालाई अनिवार्य विषयको रूपमा अध्ययन र अध्यापन गराइनु पर्नेमा त्यसतर्फ ध्यान पुग्न नसक्नु समस्या हो (घिमिरे, वि.सं. २०६३, पृ. ४४) । स्कुल कलेजबाटै अर्काको अधिकार र हकको सम्मान गर्न सिकाउन सकिएन ( भट्राई, वि.सं. २०७९) । व्यक्तिको अधिकारको सम्मान सहित आफ्नो दायित्व र कर्तव्य पालन गर्न सकियो भने समाजमा मानव अधिकारमैत्री वातावरण बन्दछ भन्ने कुरा बुझिएन । त्यसकारण आजका युवाहरूलाई स्कुलको स्तरबाटै प्राकृतिक अधिकार, मानव अधिकार, नागरिक अधिकार, कर्तव्य, दायित्व, जिम्मेवारी, नैतिकता, मानवीयता, नैतिक-सामाजिक मूल्य, कानुनको पालना, विधिको शासनको सम्मान, नागरिक हक र जिम्मेवारी, सदाचार आदि जस्ता आधारभूत र महत्त्वपूर्ण जानकारी तथा शिक्षा दिन नसक्नु समस्याको रूपमा रहेको छ । यसमा पर्याप्त ध्यान नदिँदा नेपालका संविधानमा लिपिवद्ध मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयनमा समस्या देखिएका हुन् (मिश्र, वि.सं. २०७४, पृ. ६) ।

## (घ) आर्थिक-सामाजिक समस्या

नेपालका संविधानमा उल्लिखित मानव अधिकार कार्यान्वयनमा आर्थिक-सामाजिक विषय प्रमुख समस्याका रूपमा रहेका छन् । अर्कोतर्फ अनुसन्धान र छानविनमा प्राविधिक र वैज्ञानिक समस्यामा पनि आर्थिक विषयसँग जोडिएर आउने भएकोले समस्या न्यूनीकरणमा कठिनाइ भएको देखिन्छ । समाजमा घटने मानव अधिकार विरुद्धका घटनामा आवश्यक छानबिनलाई वैज्ञानिक, तथ्यपूर्ण एवम् प्रमाणित बनाउन सकिएन भने पीडितले न्याय नपाउने, पीडकले उन्मूक्ति पाउने र  समाजमा अराजकता र अन्यायपूर्ण प्रवृत्ति मौलाउने हुन्छ । विगतका कतिपय घटनामा छानबिन अपूर्ण भएकाले कानुनी कारबाहीमा समस्या भएका थिए । प्रारम्भिक तहको छानविन नै अपूर्ण भएकोले वि.सं. २०७५ साउन १० मा कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछि भएको हत्यामा २०८१ साल असोजसम्म दोषी किटान भई कानुनी कारबाही हुन नसकेको हो । यस अर्थमा मानव अधिकारको क्षेत्रमा पीडितले न्याय र पीडकले कानुन अनुसार सजाय पाउने स्थितिको लागि त्यसको मूल आधार भनेको छानबिनलाई वैज्ञानिक र तत्थ्यपूर्ण बनाउनु पर्नेमा सम्बन्धितको ध्यान गएको देखिएन । यस खालको समस्याको कारण सिङ्गो सामाजिक मूल्य र कानुनी व्यवस्था भत्कन पुग्ने खतरा रह्यो । लोकले देखेको अपराधमा समेत छानबिन वैज्ञानिक, तथ्यपूर्ण र प्रमाणयुक्त हुन सकेन । सोही कारण मानव अधिकार उल्लङ्घनकर्ताहरूको मनोवल बढ्न पुग्नु समस्या हो (Hunter, AD, 1992, p. 4)।

प्राविधिक र आर्थिक-सामाजिक समस्या आफैंमा व्यापक क्षेत्र ओगटने विषय हुन् । नेपालका संविधानमा समाविष्ट मानव अधिकारको कार्यान्वयनमा समस्या हुनुमा अनुसन्धान अधिकारी तथा कर्मचारी र त्यसमा प्रहरी तथा गृह प्रशासनमा रहेका व्यक्तिहरूमा भएको प्रविधि, सूचना र क्षमताको क्षेत्रमा रहेको कमजोरी समस्याको रूपमा रहेका छन् । आधुनिक र वैज्ञानिक युगमा पुरातन र परम्परागत शैलीका अनुसन्धान विधि र प्रक्रियाद्वारा छानविनलाई तथ्यपूर्ण बनाउन कठीन हुन्छ । अर्को अनुसन्धान र कानुनी कारबाहीको लागि प्रहरी प्रशासनमा रहेको व्यक्तिहरूलाई पर्याप्त मात्रामा आर्थिक सुविधा, सेवा र साधनको उपलब्धता गर्न सकिएको छैन । त्यसैगरी प्रहरी प्रशासनको छानविन, खोज र समाजमा भएका मानव अधिकारविरोधी क्रिया र कार्यमा समाजले नै पहिलो थाहा पाउने भएकोले नागरिकले समाज विनाबर्दीका प्रहरी भएर भूमिका निर्वाह गर्नु पर्नेमा त्यो हुन सकेको देखिन्न । अपराधी, पीडक वा आरोपितलाई समाजले नै संरक्षण र पुरस्कृत गर्ने प्रवृत्ति गम्भीर खालको सामाजिक समस्या हो । धेरै सन्दर्भमा सोही कारण समाजले नै अपराध र अपराधीलाई सुरक्षा र संरक्षण पनि गर्नु समस्या भएको छ । यस्ता प्रकारका प्राविधिक,

आर्थिक-सामाजिक समस्याले मानव अधिकारको सुरक्षामा बाधा पारिरहेका देखिन्छन् (Karki, AD, 2017, p. 4)।

## ६.५ सफल कार्यान्वयनका उपाय

नेपालका संविधानमा मानव अधिकार सम्बन्धी विभिन्न प्रबन्ध गरिँदै आएका छन् । नेपालका संविधानमा उल्लिखित मौलिक हकहरूको सफल कार्यान्वयनमा विभिन्न प्रकारका समस्या पहिचान गरिँदै आएको छ । संविधानमा प्रबन्ध भएका मौलिक हकको कार्यान्वयन गर्दै व्यक्ति र नागरिकका आधारभूत मानव अधिकार, स्वतन्त्रता र मूलतः सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति दिन मानव अधिकारको कार्यान्वयनमा रहेका विभिन्न बाधा-अवरोधहरूलाई न्यूनीकरण गर्नु अत्यावश्यक देखिन्छ । यहाँ केही उपायहरूको खोजी गरिएका छन् ।

### (क) असल राजनीतिक सँस्कार

सिद्धान्ततः राजनीति समाजलाई परिवर्तन गर्न सक्ने मूल नीति, दर्शन र सिद्धान्त हो । राजनीतिले नै समाज, मुलुक र कानुनी प्रणालीलाई दिशानिर्देश गर्ने गर्दछ । यसर्थ राजनीति र राजनीतिक संस्कार, सँस्कृति तथा अभ्यास असल भयो भने त्यहाँ संविधानमा उल्लिखित मौलिक हक तथा मानव अधिकारको प्रत्याभूति हुन सक्दछ । राजनीतिको माध्यमबाट राज्य र समाजको अग्रगामी सुधार र परिवर्तनमा सहयोगी भूमिका निर्वाह गर्न सकिने भएकोले यसको महत्त्व बढी भएको हो । राजनीतिक संस्कारको प्रभाव मुलुकका सबै क्षेत्र र पक्षमा पर्दछ । असल राजनीतिक संस्कार, सभ्यता र संस्कृति भएकाले नै युरोपका अधिकाँश मुलुकमा मानव अधिकार र नागरिक स्वतन्त्रताको स्तर माथि देखिएको हो । संविधानको कार्यान्वयन र मौलिक हकको प्रत्याभूतिमा राजनीतिक संस्कारको चौतर्फी महत्त्व भएकाले असल सस्कार निर्माण गर्नु पर्दछ । संविधानको कार्यान्वयन हुनु संविधानवादको प्रत्याभूति हुनु हो । राजनीतिक संविधानवादमा राजनीतिक दल सञ्चालकहरूमा हुनुपर्ने आधारभूत नैतिकता र मूल्य हुनु पर्दछ भन्ने विश्वव्यापी मान्यता हो । संविधान कानुन जतिसुकै उत्कृष्ट भए पनि राजनीतिक स्थिरता, राजनीतिक आचरण र संस्कार भएन भने त्यो लागु हुँदैन । पिछडिएका, द्वन्द्वग्रस्त र धार्मिक अन्धविस्वास बढी भएका देश र समाजमा राजनीतिक संस्कृतिको अवस्था पनि नाजुक हुने भएकाले त्यहाँ संविधानको कार्यान्वयन र मानव अधिकारको प्रत्याभूतिको स्थिति झन नाजुक देखिन्छन् (Lamsal, AD, 2022, p. 4)। राजनीतिक संस्कारहिनता र अस्थिरता भइदियो भने त्यसले संविधानवादको मर्म माथि चोट पुग्न सक्दछ । राजनीतिको माध्यमबाट समाजमा कानुन कार्यान्वयन हुन नदिने र अपराधलाई ढाकछोप गर्ने प्रवृत्ति वृद्धि हुन्छ । राजनीतिक

संस्कारको कमिले संविधान र कानुन कागजको खोस्टो समान बन्न पुग्दछ । राजनीतिक पार्टीहरू जनताद्वारा जनताको लागि गठन र क्रियाशील हुन्छन् भन्ने मान्यता छ । यसैले दल र पार्टी स्वयम्मा प्रजातान्त्रिक परिपाटी र असल संस्कार हुन सकेन भने राजनीतिक संविधानवाद कमजोर हुन्छ । राजनीतिक पार्टी र संगठनमा आन्तरिक लोकतन्त्र र लोकतान्त्रिक प्रक्रिया, विधि र प्रणाली स्थापित हुन नसक्दा मौलिक हक कर्यान्वयनमा समस्या थपिने भएकोले यसमा सुधार गर्नु आवश्यक देखिन्छ (Kharel, AD, 2022, p. 4)। जसरी घरका खम्बा हल्लियो भने घर बलियो बन्दैन त्यसरी नै राजनीतिक दलका कार्यशैली, सोच, व्यवहार, चिन्तन र शासकीय सँस्कृति भत्कियो भने लोकतान्त्रिक गणतन्त्र भएको संविधान भएर मात्र मुलुक अघि बढ्न नसक्ने भएकोले दलका सोच बदल्न आवश्यक छ । यस्तो सोच र शैलीले सिङ्गो शासन कमजोर हुन्छ । यसर्थ राजनीतिक संविधानवाद र कानुनी संविधानवादकाबिचमा भएको अन्तरसम्बन्धलाई ख्याल गरी कार्यकारी भूमिका र नीति निर्माणमा बस्नेहरूले फराकिलो भएर कार्य गर्नु पर्ने अवस्था रहेको छ ।

नेपालका संविधानमा रहेका मौलिक हकको कार्यान्वयन कमजोर हुनुमा असल राजनीतिक संस्कारको कमि हुनु भएकोले यसमा परिवर्तन आवश्यक छ । राजनीतिक द्वन्द्व, सत्ता संघर्ष तथा शासन अस्थिर बन्नुले संविधानवाद र संवैधानिक मूल्य कमजोर बन्दा मानव अधिकारको प्रत्याभूतिका मुद्दा छायाँमा पर्दछन् । यसर्थ प्रजातन्त्रको आधार र खम्बा मानिने राजनीतिक दलहरूमा असल चरित्र, संस्कार र संस्कृतिको वृद्धिले मात्र संविधानमा भएका नागरिकका मौलिक हकको कार्यान्वयनमा सुनिश्चितताको स्थिति बन्ने भएकोले सुधार अनिवार्य छ । नेपालका संविधानमा भएका मौलिक हकको कार्यान्वयनमा जहिल्यै प्रश्न उठाइने गरिएका राजनीतिक संस्कारका प्रश्नले मानव अधिकारसम्बन्धी प्रबन्ध जटिल बन्ने गरेकोले यस्ता प्रवृत्तिलाई बदल्नुपर्ने अवस्था छ (Lal and Kabir, AD, 2022, p. 30) ।

## (ख) निष्पक्ष र दूरदर्शी प्रशासनयन्त्र

नेपालका संविधानमा मानव अधिकारसम्बन्धी मौलिक हकका विभिन्न प्रबन्ध हुँदै आएका देखिन्छन् । संविधानमा मौलिक हकका प्रबन्ध हुनु एउटा महत्त्वपूर्ण विषय भए पनि त्यसको सही कार्यान्वयन हुनु त्यो भन्दा पनि ठूलो कुरा हो । मानव अधिकारको प्रत्याभूति र कार्यान्वयनमा निष्पक्ष र दूरदर्शी प्रशासनयन्त्रको भूमिका बढी हुन्छ । नेपालका संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयनमा निरन्तर रूपमा प्रहरी प्रशासनको दूरदर्शीता एवम् निष्पक्षतामाथि अनेकौं प्रश्न उठ्ने गरेकोले कार्यान्वयनमा समस्या देखिने गरेकोले यसमा परिवर्तन आवश्यक छ । प्रशासन निश्पक्ष र दूरदर्शी भएको खण्डमा मात्र मानव

अधिकारसम्बन्धी संवैधानिक प्रबन्ध यथार्थमा लागु हुने हो । प्रशासन निष्पक्ष र दूरदर्शी भईदिएन भने संविधान र कानुनमा उल्लिखित प्रबन्ध केवल कागजमा रहेको कालो अक्षर मात्र बन्न पुग्दछ (काफ्ले, वि.सं. २०७४, पृ. ६) ।

नेपालको संवैधानिक इतिहासमा वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७, २०६३ र २०७२ मा बनेका विभिन्न संविधानहरूले मौलिक हक उल्लेख गरी मानव अधिकारको प्रबन्ध गर्दै आएको देखिन्छ । संविधानअनुसार बनेका विभिन्न कानुनमा मानव अधिकारका विषय राखिए । यद्यपि संविधान र कानुनको खास कार्यान्वयन गर्ने भनेका प्रहरी, प्रशासनका संयन्त्रमार्फत नै हुने भएकोले अनेकौं घटना, अवस्था र समयमा प्रहरी प्रशासन र मूलतः सरकारमाथि नागरिक समाजको तर्फबाट निष्पक्ष भूमिका निर्वाह गर्न नसकेको भनेर आरोप लाग्दै आएको देखिन्छ । अर्कोतर्फ राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस पनि सरकारले हुबहु कार्यान्वयन गर्ने गरेको छैन । जसलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु आवश्यक छ । सन् २०२१/२२ को अवधिको तथ्याङ्क हेर्ने हो भने मानव अधिकार आयोगले गरेका सिफारिसमध्ये केवल १५.३ प्रतिशत मात्र कार्यान्वयन भएको देखिन्छ । जबकी ३९.२ प्रतिशत आंशिक कार्यान्वयनमा आएको र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयनमा आउन नसकेको अवस्था देखिएकोले यसको कार्यान्वयन अनिवार्य भएको हो । प्रस्तुत तथ्यबाट कार्यान्वयनको अवस्था निराशाजनक रहेको प्रस्ट हुन्छ । उल्लिखित अवधिमा आयोगमा दिइएका १ सय वटा उजुरीहरू मध्ये ५२ वटा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी, १९ वटा आर्थिक - सामाजिक, ८ वटा यातना विरुद्धका, ६ वटा बालबालिकासम्बन्धी, ९ वटा महिलासम्बन्धी, २ वटा विदेशी कामदार सम्बन्धी, ३ वटा जातीय विभेदसम्बन्धी र १ वटा अपाङ्गतासम्बन्धी उजुरी रहेका थिए (Annual Report, National Human Rights Commission of Nepal, FY 2021-2022)।

प्रशासनमा रहेका व्यक्तिले कुनै निश्चित राजनीतिक दल, विचार, क्षेत्र, भूगोल, धर्म, लिङ्ग, वर्ग, वर्ण, जाति, जनजाति र अन्य प्रकारका स्थितिलाई ख्याल गरेर पीडकलाई कारबाही गर्ने-नगर्ने वा कम-बढी गर्दा त्यसले समाजमा प्रहरी, प्रशासनमाथि नै अनेकौं सवाल पैदा हुँदै आएकोले यसमा सुधार आवश्यक छ । प्रशासन दूरदर्शी नहुँदा, प्रशासन रमिते बन्दा वा लापरवाहीपूर्ण क्रिया गर्दा त्यसले समाजमा असुरक्षा र मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना घट्ने गरेका हुन् । विगतका कतिपय अवस्थामा प्रहरीले अनावश्यक बल प्रयोग गर्दा र समयमा बल प्रयोग नगरी रमिते बन्दा गम्भीर प्रकारका हिँसा भएकाले यसमा सुधार हुनु पर्दछ । तराईका सर्लाही, सप्तरी, सिराहा, रौतहट, धनुषा, चितवन र राजधानी काठमाडौंमा समेत पटक-पटक त्यस्ता घटना दोहोरिएका छन् । कतिपय घटनामा नागरिक प्रशासन (गृह प्रशासन) र प्रहरीकाबिचमा आवश्यक एवम् छिटो

निर्देशन तथा समन्वय नहुँदा पनि त्यस्ता हिँसाका घटना घटेका देखिन्छन् । साना र शान्तिपूर्ण विरोधमाथि अनावश्यक हस्तक्षेप हुँदा त्यो हिँसामा परिणत भएका र हस्तक्षेप गर्नुपर्ने अराजकता एवम् कानुन हातमा लिएर भएका घटनामा चाहिँ प्रहरी रमिते बन्दा मानव अधिकारको हननका विभिन्न घटना घटेका हुन् । तराईका कतिपय जिल्लामा विरोधका नाममा मालपोत कार्यालय, नगरपालिका कार्यालय, निजी वा आरोपितका घर-सम्पत्ति र स्वयम् प्रहरीकै कार्यालयमा आगजनी हुँदा पनि प्रहरीले आवश्यक कारबाही नगरी बसेका घटना पनि विगतमा देखिएका थिए ।

यसै सन्दर्भमा यहाँ प्रस्तुत एउटा घटनाले प्रहरीको अनुसन्धान तथा कार्यशैली कस्तो सम्म रहेको छ भन्ने प्रस्ट देखाएको छ । नेपालको महोत्तरी लगायतका तराईका जिल्लामा सन् २०२० को सुरुमा घटेका बलात्कार र हत्या जस्ता घटनाहरूमा स्थानीय नागरिक तथा राजनीतिक-सामाजिक समूहहरूले घटनाको विरोधको नाममा सडकमा आएर स्वयम् हिंसा र आगजनीजन्य घटना घटाए । तत्कालिन समय र अवस्थामा यसखाले गतिविधि आम प्रवृत्ति नै बन्न पुगेको पनि देखियो । कतिपय अवस्थामा प्रहरी-प्रशासनले अनावश्यक बल प्रयोग गर्ने गरेको देखिएको छ । यसरी यिनै अवस्था, स्थिति र वास्तविकताहरूलाई विश्लेषण गर्दा नेपालको संविधान कार्यान्वयन गर्दै मानव अधिकारको सुरक्षाको लागि प्रहरी-प्रशासनलाई मानव अधिकार सम्बन्धी सार्थक तालिम, ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्नुपर्ने चाहिँ प्रस्टै देखिन्छ । प्रहरीका यस्ता कार्य र व्यवहार अदूरदर्शीताका नमुना र समस्या हुन् । त्यसैले मानव अधिकारको उच्चतम संरक्षणका लागि दूरदर्शी तथा निष्पक्ष प्रशासन आवश्यक हुन्छ ।

### (ग) जनचेतना, तालिम, प्रशासनिक कार्यक्रम

व्यक्ति र नागरिकका आधाभूत अधिकार सम्बन्धी आवश्यक सूचना, जानकारी र ज्ञानको वृद्धिले समाजमा मानव अधिकारसम्बन्धी जनचेतनाको अभिवृद्धिमा सहयोग पुग्दछ । मानवका प्राकृतिक अधिकार, मानव अधिकार, नागरिक अधिकार, कर्तव्य, दायित्व, जिम्मेवारी, नैतिकता, मानवीयता, नैतिक-सामाजिक मूल्य, कानुनको पालना, विधिको शासनको सम्मान, नागरिक हक र जिम्मेवारी, सदाचार आदि जस्ता आधारभूत र महत्त्वपूर्ण विषयमा नागरिकलाई निरन्तर सूचित गराउनु आवश्यक छ (मिश्र, वि.सं. २०७४, पृ. ६) ।

मानिसको चरित्र असल बन्न नसकेको खण्डमा जतिसुकै राम्रो नम्बरबाट शिक्षा हासिल गरे पनि सारमा मानवीयता, नैतिकता, कानुनको पालना गर्ने जिम्मेवार नागरिक उत्पादन भएको मानिँदैन । त्यस अर्थमा नेपाली समाजलाई गतिशील र जिम्मेवार बनाउने कामको थालनी घरपविार र स्कुले जीवनबाटै थाल्नु पर्ने खाँचो छ । मानव अधिकार र

यससँग सम्बन्धित विषयमा ज्ञान दिएर मात्र मानव अधिकारमैत्री समाजको निर्माण हुने भएकोले यसको महत्त्व बढेको हो (Lamsal, AD, 2023, p. 4)। त्यसैगरी मानव अधिकार सम्बन्धी शिक्षालाई सहज बनाउनको लागि इन्टरनेट तथा सूचनामा प्रत्येक नागरिकको पहुँच, उपलब्धता, सहजता तथा नागरिकको आर्थिक अवस्थासँग मिल्दो मूल्यमा उपलब्ध गराउनु पर्ने हुन्छ । यस्ता सूचना प्रबर्द्धनसम्बन्धी कार्यमा सरकारी प्रशासनिक कार्यक्रम ल्याएर लागु गर्नु पर्दछ । वर्तमान विश्वमा इन्टरनेटको सुविधालाई कतिपय मुलुकहरूले आधारभूत मानव अधिकारका विषयमा समेत राख्न थालिसकेका छन् । सन् २००१ बाट इस्टोनियाले आफ्ना नागरिकहरूलाई इन्टरनेटको सुविधा दिने विषयलाई आधारभूत मानव अधिकार मान्दै सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ । फिनल्यान्डले स्तरीय इन्टरनेट नागरिकको कानुनी अधिकार हो भन्ने विषयलाई समेटेर कानुनी प्रबन्ध गरेको देखिन्छ । यस्ता सरकारी प्रबन्धबाट नागरिक सूचित बन्न सहयोग पुग्ने भएकोले यसमा सुधार आवश्यक छ(Ghimire, AD, 2020, p. 6)।

वर्तमान विश्वमा सूचना र प्रविधमा आएका अनेकौं परिवर्तनको कारण ज्ञान, शिक्षा र सूचनाको व्यापक विस्तार तथा विकाससँगै मानिसका आधारभूत अधिकार, हक र मानव अधिकारका विषयहरू पनि फराकिला भएर गएका छन् । यसरी मानिसलाई आधारभूत तहदेखि नै शिक्षित, सुसूचित बनाउन सक्नु पर्दछ (Lfe, AD, 2008, p. 76) । अर्कोतर्फ लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक प्रणालीमा राजनीतिक दलका प्रतिनिधि र स्वतन्त्र व्यक्तिहरू निर्वाचित भएर आउने भएकाले तिनलाई समेत मानव अधिकार सम्बन्धी सूचना र तालिम दिइनु पर्ने धारणा अधिकांश उत्तरदाताले राखेको पाइयो । यस्ता विषय र पक्षलाई प्रशासनिक कार्यमा समेट्नु पर्ने देखिन्छ ।

स्थानीय तहदेखि प्रदेश तथा संघीय संसदमा निर्वाचित भएर आएका-आउने आधारभूत तहदेखि माथिका जनप्रतिनिधिसँग जनताको दैनिक काम-कारबाही र प्रत्यक्ष सम्पर्क हुने हुनाले उनीहरूलाई वडा सदस्यको तहबाटै मानव अधिकार, नागरिक अधिकार, संविधान तथा कानुन सम्बन्धमा सूचना एवम् तालिम दिनु आवश्यक हुन्छ । उनीहरूमार्फत जनताले थप सूचना र ज्ञान हासिल गर्न सक्ने र त्यो व्यवहारिक तथा सहज पनि हुने भएकाले त्यो विधि लोकतन्त्रमा प्रभावकारी बन्ने भएकोले त्यसलाई लागु गर्नु पर्दछ । नेपाल संघीय शासनमा भर्खरै गएको र सिक्दै गरेको अवस्थाबाटै स्थानीय तहका प्रतिनिधिहरूलाई आवधिक र निरन्तर मानव अधिकारका विभिन्न क्षेत्रमा प्रशिक्षित गराउनु पर्ने खाँचो बढेको हो । जनताका आधारभूत आवाज र भावना बोल्ने जनप्रतिनिधि नै मानव अधिकारको वास्तविक ज्ञानबाट बन्चित भए वा पर्याप्त जानकारी तथा सूचना भएन भने त्यहाँ मानव अधिकारको अवस्था कमजोर बन्न पुग्दछ । जनप्रतिनिधिको आवाज कमजोर बन्नु भनेको

आधारभूत तहका जनता र नागरिकको स्थिति तथा भावना कमजोर हुनु पनि हो । यस अर्थमा स्थानीय तहमा निर्वाचित भएका सबै जनप्रतिनिधिहरूलाई मानव अधिकार सम्बन्धी सार्थक तालिम र सूचना दिइनु पर्दछ (शर्मा, वि.सं. २०७७, पृ. ७) ।

मानव अधिकार अधिकारको पनि अधिकार अर्थात् आधारभूत प्राकृतिक अधिकार भएकोले नागरिकहरूलाई यस सम्बन्धी शिक्षा, सूचना तथा जानकारी सम्बन्धमा जानकार गराउनु अनिवार्य भएको हो (मैनाली, वि.सं. २०७७, पृ. ४) । मानव अधिकार सम्बन्धमा जागरण ल्याउनको लागि राष्ट्रिय अभियान होइन महाअभियान नै थाल्नु पर्दछ र त्यसलाई निरन्तरता दिइनु पर्दछ । यस्तो प्रकारको राष्ट्रिय अभियानमा सरकारको कार्यकारी प्रधानमन्त्री कार्यालयदेखि जिल्ला कार्यालयसम्मका कर्मचारी, नागरिक समाज, राजनीतिक दल र तिनका कार्यकर्ताहरू लगायत जनताहरूलाई परिचालन गरी स्कुल र कलेजका विद्यार्थीहरूलाई मानव अधिकार सम्बन्धी ज्ञान, जानकारी, तालिम, प्रशिक्षण आदि दिनु पर्ने खाँचो बढेको छ (अन्तर्वार्ता, अर्जुनप्रसाद कँडेल, वि.सं. २०७६, पुस २३) । मानव अधिकार उल्लङ्घका घटना हुनु भनेको केवल मान्छे मार्नु, कुटपिट गर्नु, घरमा बस्न नदिनु जस्ता कुरा मात्र हुन भन्ने जस्तो सतही-सङ्कीर्ण सोच, चिन्तन र विश्लेषण जनस्तर एवम् कानुन कार्यान्वयन गर्ने सरकारी तहमा रहेकाहरूमा रहेको परम्परागत बुझाई र सोचाईमा परिवर्तन ल्याउन राष्ट्रिय महाअधियानले सहयोग पुग्दछ (Bajgain, AD, 2021, p. 4)।

### (घ) आर्थिक पारदर्शिता र प्रशासनिक सवलीकरण

आर्थिक पारदर्शिता र प्रशासनिक सवलीकरणले मुलुकको शासन प्रणालीलाई सवल बनाउन सहयोग गर्दछ । शासनमा आर्थिक अपारदर्शिता, वेथिति, प्रशासनिक अराकता र विकृति, विसङ्गती, अनुत्तरदायी शासन, विधिहिनता, कानुनहिनता, कुशासन र दूर्वल शासन प्रणाली भयो भने राजनीतिक-कानुनी प्रणालीले काम नै गर्न सक्दैन (Leung, AD, 2004, p. 112) । संविधान-कानुन कार्यान्वयनको अनिवार्य सर्त भनेको आर्थिक पारदर्शिता, सुशासन, विधिको शासन र प्रशासनिक सवलीकरण नै हो । दोषी भएको जोसुकै व्यक्तिलाई कानुन अनुसार सजाय गर्ने परिपाटी बसाल्न सकेको खण्डमा आर्थिक पारदर्शिता हुन सक्दछ । नेपालका संविधानमा उल्लिखित मौलिक हकसम्बन्धी प्रबन्धहरूको कार्यान्वयन नहुनु वा न्यूनस्तरमा हुनुमा आर्थिक अपारदर्शीता, सुशासन सवलीकरणको अभाव हुनु हो । नेपालका मानव अधिकारसम्बन्धी प्रबन्ध संविधानको अक्षर र भावना अनुसार कार्यान्वयन हुन नसक्नुका पछाडि यही प्रशासनमा रहेको आर्थिक अपारदर्शीता तथा दुर्वल प्रशासनयन्त्रको कारण नै हो । प्रशासनलाई सवलीकरण, सक्षम, योग्य, जिम्मेवार र पारदर्शी बनाउनको लागि भन्दै विभिन्न कानुन निर्माण गरिएका छन् । सुशासन र आर्थिक पारदर्शिता लागु

गर्नका लागि विभिन्न संवैधानिक आयोग क्रियाशील रहेका छन् । विगतमा प्रशासन सुधार, आर्थिक पारदर्शीता र प्रशासनको सवलीकरणको लागि विभिन्न कार्यदल र आयोग निर्माण भई सुझाव दिइए । यद्यपि समस्या कर्यान्वयनमा गएर अड्किने गरेकाले त्यसलाई कार्यान्वयन गर्नु पर्दछ ।

आर्थिक र प्रशासनीक सुशासन गर्न छुट्टै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ निर्मित भई कार्यान्वयनमा आएको छ । उल्लिखित कानुनको प्रस्तावनामा 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जफावदेही, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन भनिएको छ । त्यसैगरी सो प्रस्तावनामा कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन र प्रशासनयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहमतीको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानुनी व्यवस्था गर्न' भन्ने उल्लेख गरिएको छ । प्रशासनको सवलीकरण र आर्थिक पारदर्शीता एवम् सुशासनमा विभिन्न कानुनी प्रबन्ध भएको देखिन्छ । उल्लिखित कानुन निर्माण गर्नुको उद्देश्यमा (क) आर्थिक उदारीकरण, (ख) गरीबी निवारण, (ग) सामाजिक न्याय, (घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन, (ङ) महिला सशक्तिकरण तथा लैङ्गिक न्यायको विकास, (च) वातावरणीय संरक्षण, (छ) जनजाति, दलीत तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान, (ज) दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास गरिने उल्लेख गरिएका छन् । त्यसैगरी सो ऐनको दफा ८ मा सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ भनि प्रस्ट लेखिएको छ । अर्थात कानुनको उल्लिखित प्रबन्ध पूराका पूरा लागु गर्न आवश्यक छ ।

सुशासन सम्बन्धी नेपालको कानुनमा यसरी असल र उत्कृष्ट विषय उल्लेख गरिएको भए पनि कार्यान्वयनमा प्रशासनको आर्थिक पारदर्शीता र गम्भीरता सहितको सुशासन नागरिकले अनुभूति गर्न सकेका छैनन् । आर्थिक सुविधा र सेवाको वितरण पारदर्शी तथा न्यायपूर्ण हुन सकेन भने नागरिकका आर्थिक-सामाजिक आवश्यकता पूर्तिमा अवरोध उत्पन्न हुनगई सम्मानपूर्वक बाँच्न पाउने आधारभूत अधिकारबाट नागरिक बञ्चित हुनु परेका थुप्रै घटना नेपालका संविधान लागु हुने क्रममा देखिएकोले त्यसलाई लागु गर्नु अनिवार्य भएको हो । २०८० साल मङ्सिरमा नेपालको जाजरकोट, रुकुम आदि जिल्लालाई प्रभावित बनाएर गएको भूकम्पबाट पीडित भएका नागरिकहरूलाई वितरण गरिएका राहत

र सुविधा छिटो छरितो न्यायपूर्ण तथा पारदर्शी नहुँदा कैयौंले विभिन्न प्रकारका समस्या भोग्नु परेका गुनासाहरू आएका थिए । यसर्थ नेपालका संविधानमा उल्लिखित मानव अधिकारका विषयमा रहेका मौलिक हकसम्बन्धी प्रावधानको सार्थक कार्यान्वयनको लागि प्रशासनमा आर्थिक पारदर्शीता र सवलीकरण अनिवार्य भएकोले त्यसलाई पूर्ण कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि पनि नेपाल सरकार, राजनीतिक नेतृत्व र सरकारी प्रशासनयन्त्रको अग्रणी भूमिका रहन्छ । अर्कोतर्फ न्यायिक निकाय र कार्यान्वयन गर्ने सरकारी प्रशासनिक निकायबाट छिटो छरितो न्याय दिनु पर्नेमा त्यो नहुनु निरन्तरको समस्या भएकोले मानव अधिकारको प्रत्याभूतिको लागि सम्बन्धितमा गम्भीरता अत्यावश्यक हुने देखिन्छ ।

## सारांश

संविधानमा उल्लिखित मानव अधिकार भनिएका मौलिक हकसम्बन्धी प्रावधानको कार्यान्वयनको अवस्थाबाट विश्लेषण गर्दा केही विषय पूर्ण कार्यान्वयनमा आए, केही आंशिक रूपमा लागु भए भने केही कार्यान्वयनमा नै आउन सकेनन् । २०४७ साल अघिका संविधानहरूमा उल्लिखित नागरिक र राजनीतिक अधिकार सारमा भन्नुपर्दा कार्यान्वयनमा आउन सकेनन् । २००४ सालको वैधानिक कानुन नाम दिइएको संविधान नै कार्यान्वयनमा आउन सकेन । २००५ साल वैशाख १ गतेदेखि कार्यान्वयनमा ल्याइने भनिएको भए पनि कार्यान्वयनमा आउन नसकेको हो । २००७ सालको संविधानमा उल्लिखित राजनीतिक स्वतन्त्रता र अधिकार प्राप्तिको विषय कार्यान्वयनमा आयो । २०१५ सालको संविधानको आयु नै अत्यन्त छोटो रह्यो । २०१९ सालको संविधानले दलीय प्रजातन्त्रमाथि रोक लगाएकोले लोकतान्त्रिक र राजनीतिक अधिकारका पक्ष निषेधित रह्यो । संविधानले मौलिक अधिकारको परिच्छेदमा अधिकार होइन सुरुमा नै 'कर्तव्य' उल्लेख गरेको थियो । निर्दलीय पञ्चायती संविधान भएकोले बहुदलीय प्रजातन्त्र, राजनीतिक स्वतन्त्रता, विरोध गर्न पाउने र शान्तिपूर्वक राजनीतिक अधिकारको आवाज उठाउन पाउने अधिकारलाई संविधानतः बन्देज लगाएको थियो । ३० वर्षसम्म चलेको राजनीतिक द्वन्द्व र संघर्षको परिणाम स्वरूप २०४६ साल चैत्र २६ गते दलमाथिको प्रतिबन्द फुकुवा भएपछि २०४७ सालमा बहुदलीय प्रजातान्त्रिक संविधानको घोषणा गरी लागु गरियो ।

जुन संविधानले स्थापित भएको बहुदलीय प्रजातन्त्रमा दलीय राजनीतिक स्वतन्त्रता र नागरिक तथा राजनीतिक अधिकार पूर्ण रूपमा कार्यान्वयनमा आएका थिए । यद्यपि सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता र तत्कालिन राजाको निरंकुश कदमको कारण आर्थिक-सामाजिक अधिकारका विषय कार्यान्वयनमा अवरोध तथा समस्या देखिए । यसअघि नेपालले

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुमोदन गरेपछि नेपालका संविधानहरूमा मानव अधिकार सम्बन्धी प्रावधानहरूलाई समावेश गर्ने क्रम बढेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान नेपालको संविधानहरूले अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित प्रावधानहरूलाई संविधानको प्रस्तावनादेखि मौलिक हकहरूलाई विभिन्न धाराहरूमा समावेश गरेको देखिन्छ । मौलिक हक कार्यान्वयनका सन्दर्भमा आउने मानव जीवनसँग जोडिएका मानवका राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक न्यायका अनेकौं विषय तथा पक्ष कतिपय पूर्ण, केही आंशिक रूपमा र कतिपय कार्यान्वयनमा आइसकेका छैनन् । यसरी नेपालका संविधानमा मानव अधिकारको कार्यान्वयनमा विभिन्न प्रकारका समस्या देखिएका छन् । तिनलाई न्यूनीकरण गर्दै मानव अधिकारको प्रत्याभूतिका लागि मौलिक हकको रूपमा रहेका मानव अधिकार सम्बन्धी प्रावधान पूर्ण रूपमा कार्यान्वयन गर्नु अत्यावश्यक छ । यस अध्ययनबाट भएका प्राप्ति, निष्कर्ष र सुझाव अर्को परिच्छेदमा उल्लेख गरिएका छन् ।

# परिच्छेद : सात

# प्राप्ति, निष्कर्ष र सुझाव

## ७.१ प्राप्ति

सात दशकको अवधिमा नेपालमा सात वटा संविधानहरू बनेका छन् । वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७, २०६३ र वि.सं. २०७२ सालमा विभिन्न राजनीतिक-कानुनी दर्शन बोकेका संविधानहरू आएको देखिन्छ । नेपालको संवैधानिक विकास सरल, सुखद र सहज तरिकाले अगाडि बढन सकेन । सबै संविधानमा नागरिक अधिकार र मानव अधिकारको दृष्टिले समान प्रबन्ध गरिएको देखिन्न । संविधान बन्ने र लागु हुँने क्रममा अनेकौं राजनीतिक, संवैधानिक र कानुनी द्वन्द्व तथा सङ्घर्षबाट अगाडि बढ्दै आएको देखिन्छ । संविधानहरू बन्ने, खारेज हुने र फेरि बन्ने प्रक्रिया निरन्तर चलिरह्यो

नेपालको इतिहासमा पहिलो संविधानको रूपमा लिइएको वि.सं. २००४ सालमा निर्मित नेपालको वैधानिक कानुनमा वाक र प्रकाशनको स्वतन्त्रता, शान्तिपूर्वक बिना हातहतियार भेला हुन पाउने, सभा सम्मेलनको स्वतन्त्रता, संघ-संगठनको स्वतन्त्रता, पेशा व्यवसाय गर्न पाउने, सम्पत्ति आर्जन गर्न पाउने स्वतन्त्रतालाई मौलिक हकमा राखिएको भए पनि संविधान कार्यान्वयनमा आउन सकेन । २००५ साल वैशाख १ गतेदेखि लागु हुने भनिएको भए पनि लागु भएन । त्यस लगत्तै २००७ सालको राजनीतिक परिवर्तन भयो र नयाँ संविधान जारी गरियो । २००७ सालको संविधानले राजनीतिक स्वतन्त्रता सुनिश्चित गऱ्यो । २०१५ सालमा अर्को संविधान घोषणा गरी लागु गरियो । २०१९ सालमा घोषित पञ्चायती संविधानले दलीय प्रजातन्त्रमाथि पूर्ण रूपमा प्रतिबन्द लगायो । संविधानको मौलिक हक शीर्षकको सुरुमै ‘नागरिक कर्तव्य’ उल्लेख गरिएको थियो । नागरिक र राजनीतिक अधिकारको सुरक्षाको लागि अनिवार्य सर्त र आधारका रूपमा हेरिएका राजनीतिक विचार राख्ने, आफ्ना फरक मत, अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्वक विरोध गर्न पाउने न्यूनतम अधिकारलाई संविधानले निषेध गर्दा मौलिक हकको कार्यान्वयनको कुरा छोडौं राजनीतिक दल र संगठनहरू नै प्रतिबन्धित हुन पुगे ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको २०४७ सालको संविधानले दलीय प्रजातन्त्रको ढोका पुनः खोल्यो । २०६३ सालको संविधानमा उल्लिखित संघीयता,

धर्मनिरपेक्षता, गणतन्त्र, समावेशीता, सामाजिक न्याय जस्ता प्रबन्ध सहित मौलिक हकमा कूल २१ वटा विभिन्न हक अधिकारहरूको व्यवस्था गरिए । संविधानमा उल्लिखित समावेशिता र सामाजिक न्यायसम्बन्धी संवैधानिक प्रबन्ध पूर्णतः कार्यान्वयनमा आएका थिए । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूको प्रत्यक्ष प्रभाव अन्तरिम संविधानमा पऱ्यो । नेपालको संविधानका विभिन्न धाराहरूमा उल्लेख भएका महत्वपूर्ण मानव अधिकार सम्बन्धी प्रावधानहरूमा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, न्याय सम्बन्धी हक, आवासको हक, खाद्यसम्बन्धी हक, वातावरणको हक, महिलाको हक, सामाजिक न्यायको हक आदि रहेका छन् । यी प्रावधानहरू संविधानमा उल्लेख गरिनुमा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूको प्रभाव रहेको प्रस्ट हुन्छ ।

मानिसका आधारभूत जन्मसिद्ध अधिकार र मर्यादाको सुरक्षा गर्न अन्तर्राष्ट्रिय कानुनहरूको तर्जुमा गरिएका हुन् । मानव अधिकारको रक्षाको लागि संयुक्त राष्ट्र संघद्वारा विषय-विषयका विभिन्न महासन्धिहरूको निर्माण गरी लागु गरिएकोमा नौ वटा ठूला महासन्धिहरू रहेका छन् । यिनको लक्ष्य मानिसका राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारहरूको सुरक्षा र संरक्षण गर्नु नै हो । नागरिक स्वतन्त्रता, मानिसको बाँच्न पाउने आधारभूत अधिकारको सुरक्षा हुनुपर्ने र आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको रक्षा हुनुपर्दछ भन्ने विषयलाई ठूला महासन्धिहरूले प्रबन्ध गरेको देखिन्छ । ति व्यवस्थाहरूलाई नेपालका संविधानहरू मूलत : २०४७ सालपछिका संविधानहरूले उल्लेख गर्दै आएका छन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेपछि नेपालको अन्तर्राष्ट्रिय कानुनी दायित्व बढेकोले नेपालका संविधानहरूमा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित प्रावधानहरूलाई उल्लेख गर्ने क्रम समेत बढ्दै आएको देखिन्छ ।

नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकको रूपमा परिच्छेदको पहिलो धारामा प्रस्ट गरियो । साथै सोही धाराको (२) मा कसैलाई पनि मृत्युदण्ड हुने गरी कानुन बनाइने छैन भनि अझै प्रस्टसँग लेखियो । नेपालको संविधानमा उल्लिखित मानव अधिकारको रूपमा रहेका मौलिक हकहरूमध्ये स्वतन्त्रताको हक, समानताको हक, प्रकाशन तथा छापाखानासम्बन्धी हक सहित राजनीतिक अधिकार पूर्णत : कार्यान्वयनमा आइरहेका छन् । छुवाछुत विरुद्धका हक कानुनत : निषेधित भए पनि व्यवहारत : समाजबाट हटन सकेको देखिन्न । स्वच्छ वातावरणको हक, खाद्य सम्बन्धी हक, आवासको हक, सामाजिक सुरक्षाको हक जस्ता हक अधिकार अझैपनि पूर्ण कार्यान्वयनमा आउन सकेको अनुभूति हुन सकेको देखिन्न । यद्यपि संविधान उल्लिखित यी प्रावधान

नेपाललको संवैधानिक इतिहासमा नयाँ प्रबन्ध हुन् । संविधानमा प्रबन्ध भएका मानव अधिकारका प्रावधानहरूको कार्यान्वयनमा विभिन्न प्रकारका समस्या रहेकोमा समस्याहरूलाई न्यूनीकरण गर्दै मौलिक हकको कार्यान्वयन गर्नुपर्नेमा सम्बन्धित सरकारी र राजनीतिक नेतृत्वको गम्भीर ध्यान जान सकेको देखिन्न । नेपालको संविधानले मानव अधिकारका विश्वव्यापी प्रावधान, कानुनी प्रबन्ध, मानव अधिकारका विश्वव्यापी मूल्य तथा मान्यताहरूलाई समावेश गरेको देखिन्छ । तथापि नेपालको संविधानमा रहेका मानव अधिकारसम्बन्धी प्रावधान कार्यान्वयनमा चाहिँ अनेकौं प्रकारका समस्या देखिन्छन् । जसमा राजनीतिक, कानुनी, सामाजिक, प्रशासनिक, प्राविधिक, व्यवहारिक तथा अन्य समस्या रहेको देखिन्छ । नेपालका संविधानहरू कार्यान्वयनका क्रममा कतिपय संवैधानिक प्रावधान, विश्वव्यापी महासन्धिका प्रबन्ध, क्षेत्रीय सन्धिका प्रबन्ध र नेपालका संविधानमा निर्दिष्ट भएका नीति र राज्यका निर्देशक सिद्धान्त एवम् मानव अधिकारसँग सम्बन्धित विभिन्न कानुनहरूको दृष्टिकोणले मूल्यांकन गर्दा मानव अधिकारसम्बन्धी प्रावधानहरूमध्ये केही पूर्ण कार्यान्वयनमा आएका, केही आंशिक र केही कार्यान्वयन नै हुन नसकेका विषयहरू देखिए । लोकतान्त्रिक-गणतान्त्रिक मान्यतामा आधारित संविधानले दलीय स्वतन्त्रता, राजनीतिक अधिकार र स्वतन्त्रता, राजनीतिक संघ संगठनको पूर्ण अधिकारको ग्यारेन्टी गरेको छ । २०४७ साल यताका संविधानहरूले मृत्युदण्डलाई पूर्णत : खारेज गरेका छन् । नेपालको संविधानमा उल्लिखित मानव अधिकार व्यवस्थाहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नुमा मूलत : राजनीतिक, प्रशासनिक, सामाजिक, कानुनी, व्यवहारिक, नैतिक तथा अन्य विविध समस्याहरू रहेका देखिन्छन् । तिनलाई न्यूनीकरण गर्दै नेपालको संविधान कार्यान्वयन गर्दा संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयनमा सहजता भई मानव अधिकारको संरक्षण, नागरिक सुरक्षा र सारमा मानव अधिकार कार्यान्वयनको प्रत्याभूति हुने अवस्था रहन्छ ।

## ७.२ निष्कर्ष

मानव अधिकार मानवका त्यस्ता प्राकृतिक र जन्मसिद्ध अधिकार हुन् जो कुनै पनि मानवले विनासर्त पाउनु पर्दछ भन्ने मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको प्रबन्ध र मान्यता रहेको छ । नेपालका सबै संविधानले उल्लिखित मान्यता समान रूपले स्वीकार गरेको देखिन्न । वि.सं. २००४ सालको वैधानिक कानुनमा मानव अधिकार सम्बन्धी जुनसुकै व्यवस्था उल्लेख भए पनि लागु नै नभएपछि कुनै अर्थ रहेन । २००७ सालको अन्तरिम संविधानमा मानव अधिकारका केही विषयहरू समावेश भए पनि राजनीतिक संक्रमणकालको स्थितिले कार्यान्वयनमा समस्या रहे । २०१५ सालको संविधानको आयु निकै छोटो भएकाले त्यसले लिपिवद्ध गरेका मानव अधिकार सम्बन्धी प्रावधानहरूको

कार्यान्वयनको स्थिति नै रहेन । २०१९ सालको संविधान निर्दलीय र अप्रजातान्त्रिक भएकोले वास्तविक अर्थमा मानव अधिकारको उपभोग र कार्यान्वयन केवल मृगतृष्णाको रूपमा रह्यो । मानव अधिकारका विश्वव्यापी मूल्य मान्यता तथा व्यवस्थाका आधारबाट हेर्दा २०४७ सालपछिका संविधानहरूले उत्कृष्टताको उचाइ लिँदै आएको देखिन्छ । यी संविधानहरूले मृत्युदण्डजस्तो क्रूर, अमानवीय व्यवस्थालाई पूर्णत : खारेज गर्नु मानव अधिकारका दृष्टिले सर्वोत्तम प्रयास र व्यवस्था गरिएको मान्नुपर्दछ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू समेटिएको आधारमा हेर्दा वर्तमान संविधान सर्वोत्कृष्ट मान्न सकिन्छ ।

यिनै प्रावधानमध्ये सर्वाधिक महत्वपूर्ण नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र आर्थिक-सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ जस्ता अन्तर्राष्ट्रिय मानव अधिकारसँग सन्बन्धित महासन्धिहरू हुन् । तिनलाई नेपालले अनुमोदन गरेपछि मानव अधिकारको क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय प्रावधानलाई बढी महत्त्व दिएको देखिन्छ । सोही कारण नेपालका संविधानहरूमा मानव अधिकार सम्बन्धी विश्वव्यापी प्रावधान र मान्यतालाई मौलिक हकमा राखी संवैधानिक प्रबन्ध गरिँदै आएको हो । मानव अधिकार सम्बन्धी प्रबन्ध र अन्तर्राष्ट्रिय महासन्धिहरूका कारण पनि राजनीतिक र संवैधानिक परिवर्तन गर्नको लागि नेपाललाई विगतदेखि नै दबाब पर्दै आएको थियो । नेपालका प्रजातान्त्रिक संविधानहरूमा मानव अधिकार संरक्षणको विषयले बढी महत्त्व पाउनुमा यस्ता अन्तर्राष्ट्रिय प्रबन्धहरूमा नेपालले हस्ताक्षर सहित अनुमोदन गर्नु पनि हो । संविधान सभाले निर्माण गरेको नेपालको संविधान तुलनात्मक रूपमा इतिहासमा सर्वाधिक मानव अधिकारमैत्री रहेको कुरा मौलिक हकमा प्रबन्ध गरिएका ३१ वटा विभिन्न मौलिक हक अर्थात् मानव अधिकार सम्बन्धी प्रबन्धको अध्ययन र विश्लेषणबाट प्रस्ट हुन्छ । यति हुँदाहुँदै पनि नेपालले अझैँ पनि नौ वटा ठूला अन्तर्राष्ट्रिय महासन्धिहरू मध्येको जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (२००६) तथा सबै आप्रावासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९९०) लाई अनुमोदन गरेको छैन । अन्तराष्ट्रिय फौजदारी अदालतको विधान र शरणार्थी सम्बन्धी अन्तर्राष्ट्रिय कानुनलाई पनि नेपालले अनुमोदन गर्नु आवश्यक छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूसँग नेपालको स्थिति तुलना गर्दा पछिल्ला संविधानहरूमा यी प्रावधानहरूको व्यापक प्रभाव परेको देखिन्छ । खासगरी मानव अधिकार सम्बन्धी विभिन्न २२ वटा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरू रहेका भए पनि ती मध्ये ९ वटा ठूला महासन्धिहरूमा उल्लेख भएका अधिकाँश प्रावधानहरूलाई नेपालले आत्मसात गरेको प्रस्ट देखिन्छ । मानव अधिकारको दृष्टिकोणले हेर्दा नेपालको इतिहासका विभिन्न संविधानहरूका संवैधानिक प्रबन्धको

आधारबाट विकसित हुँदै वर्तमान गणतान्त्रिक संविधान जारी भएको हो । यिनै ऐतिहासिक जगमा नेपालको संविधानको धारा १६ मा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक तथा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक स्वतन्त्रताका अनेकौं विषयहरूलाई नेपालको संविधानले मौलिक हकमा राखेको देखिन्छ ।

नेपालका संविधानमा क्रमश : मानव अधिकारका विषयलाई फराकिलो ढङ्गले मौलिक हकमा प्रबन्ध र विकास गरिँदै आएको भए तापनि उल्लिखित मौलिक हकको कार्यान्वयन गर्नु प्रमुख कुरा भएकोले अनेकौं समस्याहरूलाई पन्छ्याएर अर्थपूर्ण ढंगले कार्यान्वयन गर्नु अत्यावश्यक भएको छ किनकी मानव अधिकार र नागरिक स्वतन्त्रताको सुरक्षा वर्तमान युगको वास्तविकता भएको छ । लोकतान्त्रिक विश्वका संविधानमा गणतन्त्र, प्रजातन्त्र, नागरिक स्वतन्त्रता, सामाजिक न्याय, मानव अधिकार अनिवार्य सर्त बन्न पुगेका छन् । नेपालका संविधानमा समाविष्ट मानव अधिकारमा गनिएका मौलिक हकहरूको पूर्ण कार्यान्वयनबाट मात्र व्यक्ति र नागरिकका आधारभूत अधिकार तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति हुन सक्दछ । नेपालको संविधानको कार्यान्वयनतर्फ विश्लेषण गर्दा केही संवैधानिक प्रबन्ध पूर्ण कार्यान्वयनमा आइसकेका छन् । जस्तो नागरिकका राजनीतिक र नागरिक स्वतन्त्रता तथा समानताका हक अधिकार आदि । कतिपय आंशिक कार्यान्वयनमा आएका देखिन्छ । जस्तो आर्थिक-सामाजिक अधिकार र सामाजिक न्यायका विषयहरू । केही कार्यान्वयनमा आउन सकेका छैनन् । जस्तो आवासको हक, खाद्यको हक, वातावरणको हक आदि । कार्यान्वयनको क्रममा विभिन्न खालका समस्या देखिएका छन् । त्यस्ता समस्या न्यूनीकरण गर्दै अघि बढ्न सकेको खण्डमा नेपालको संविधानको मानव अधिकार सम्बन्धी प्रावधानको कार्यान्वयनमा सहजता आउने प्रस्ट देखिन्छ ।

## ७.३ सुझाव

नेपालको संवैधानिक विकास तथा अभ्यासको अध्ययन र अनुसन्धानका आधारमा नेपालको संविधानमा प्रबन्ध गरिएका प्रावधान प्रभावकारी कार्यान्वयनको लागि विभिन्न संस्था र निकायहरूलाई निम्न अनुसारका सुझाव प्रस्तुत गरिएको छ ।

### (क) नेपाल सरकार

नेपालको संविधानमा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हकको प्रस्ट परिभाषा सहित अधिकार सुनिश्चित हुने गरी आवश्यक कानुनी प्रबन्ध गर्नुपर्ने देखिन्छ । नेपाल सरकार र सरकारी स्तरमा मानव अधिकारलाई सीमित तथा साँघुरो अर्थमा लिइने र सोचिने विगतदेखिको प्रवृत्ति बदल्नुपर्ने अवस्था छ । ठूला हत्या, हिँसा र अधिकारको व्यापक हनन भएको भनि सार्वजनिक सञ्चारमाध्यमहरूले पटक-पटक

खबरदारी गरे मात्र सरकारले सुन्ने र बोल्ने परम्परागत शैली बदल्नु पर्दछ । मानव अधिकारको संरक्षण, मानिसको जीवन, सम्पत्ति, सम्मानपूर्वक बाँच्नको लागि अत्यावश्यक आधारभूत हक र अधिकारको सुरक्षामा सरकार गम्भीर भएपछि मात्र मानवअधिकारमैत्री समाजको निर्माण र संविधानमा व्यवस्था गरिएका मानव अधिकार कार्यान्वयन हुन सक्दछन् ।

सरकारले आफ्ना प्रहरी-प्रशासन र कानुनको कार्यान्वयन गर्ने अधिकारीहरूलाई मानव अधिकारको संरक्षणमा गम्भीर बनाउनु पर्ने खाँचो अझ बढेको छ । मानव अधिकारको संरक्षण हुन नसकेको खण्डमा जिम्मेवार सरकारी अधिकारी र दोषी जोसुकैलाई पनि कानुन अनुसार सजाय हुने कुरा एउटा नियमित प्रक्रिया, अभ्यास र संस्कृति बनाउनु पर्ने अवस्था हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्ने जिम्मेवारी सरकारको भएकाले त्यसमा सरकारले तदारुकता देखाउनु पर्दछ । मानव अधिकारका विषयमा सिफारिस गर्ने संवैधानिक अधिकार भएको आयोगको सिफारिसलाई पूराका पूरा कार्यान्वयन गर्ने हो भने मानव अधिकारको उल्लङ्घनकर्ताहरू निरूत्साहित हुने अवस्था हुन्छ । यसर्थ नेपाल सरकारले आयोगको सिफारिसहरूलाई यथासक्य शीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा प्रबन्ध गरिएका प्रावधानहरूलाई कार्यान्वयन गर्नु सरकारको आधारभूत कानुनी दायित्वको रूपमा लिनु पर्दछ । नेपालले अनुमोदन गर्न बाँकी अन्तर्राष्ट्रिय महाससन्धिहरूको अनुमोदन गरी आवश्यक मानव अधिकारको प्रत्याभूतिका लागि कानुनी र वैधानिक प्रबन्ध गर्नु आवश्यक छ । राज्यले हस्ताक्षर र अनुमोदन गरिसकेका महासन्धि बमोजिम आवश्यक नयाँ कानुनको निर्माण तथा भएका कानुनमा आवश्यक सुधार र संशोधनको कार्य अघि बढाउनु पर्ने हुन्छ । अन्तर्राष्ट्रिय प्रबन्ध र प्रतिवद्धता अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने विषय भएकोले सरकारले आवश्यक कार्यक्रम बनाइ अघि बढाउनु पर्ने देखिन्छ ।

संघ, प्रदेश र स्थानीय तहका प्रत्येक निर्वाचन, सरकारी अवसर, विदेश भ्रमण, सार्वजनिक नियुक्ति, सरकारी सरुवा बढुवा आदिमा मानव अधिकार उल्लङ्घनमा उजुरी दिन सकिने र दोषी उपर कडा कारबाही हुने कानुनी प्रबन्ध गर्न सरकारले आवश्यक व्यवस्था गर्नु पर्दछ । मानव अधिकारको सुरक्षा, प्रत्याभूति र कार्यान्वयनमा सरकार कानुन अनुसार निर्मम नै हुनु आवश्यक छ । यसो गर्दा

सार्वजनिक पदमा बस्ने र कानुन कार्यान्वयनको भूमिका निभाउनेहरूलाई थप जिम्मेवार बनाउन सकिने अपेक्षा गर्न सकिन्छ ।

**(ख) राजनीतिक नेतृत्व र नागरिक**

नेपालका संविधानमा भएका मानव अधिकारको कार्यान्वयनको लागि राजनीतिक नेतृत्व र उनीहरूका समर्थकहरूमा गम्भीरता तथा इमानदारिता हुनुपर्ने खाँचो छ । आंशिक कार्यान्वयन भएका र कार्यान्वयन हुन नसकेका विषय कार्यान्वयनको लागि राजनीतिक नेतृत्वको समेत भूमिका हुने भएकोले त्यसको लागि संविधान निर्माणमा प्रमुख भूमिका भएका सत्ता सञ्चालक र सञ्चालनको पर्खाइमा रहेका विशेष गरी संसदमा निर्वाचित ठूला दलहरू बढी जिम्मेवार हुन आवश्यक छ ।

राजनीतिक दलहरूले आफ्ना केन्द्रीय कार्यालयदेखि प्रदेश तथा तल्ला तहमा समेत मानव अधिकारको संरक्षण गर्ने उद्देश्यले मानव अधिकार विभाग र मानव अधिकार शाखा सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । राजनीतिक दलहरूले आफ्नै दलमा भएका र हुने मानव अधिकार हननका घटनामा आन्तरिक छानबिन गरी गल्ती कमजोरी भेटिए पार्टीबाट निष्काशन गर्ने र छानबिन तथा कानुनी कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने संस्कृति बसाल्नु पर्ने देखिन्छ ।

आम नागरिक स्तरमा समेत विभिन्न माध्यमबाट मानव अधिकार सम्बन्धी आवश्यक प्रशिक्षण, सूचना र शिक्षा प्रदान गर्ने व्यवस्था हुनु जरुरी देखिन्छ ।

संविधानमा उल्लिखित मौलिक हकसम्बन्धी व्यवस्था सही कार्यान्वयनका सम्बन्धमा नेपाली नागरिकहरूलाई सूचित, सचेत र जागरुक गराउँदै आफ्ना हित र हक-अधिकारप्रति सचेत बनाउन सहयोगी भूमिका निर्वाह गर्नुपर्ने खाँचो छ । आफ्ना हक र अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा हस्तक्षेप र हनन् नहोस भन्नेतर्फ सबै-सधैँ सचेत एवम् गम्भीर हुनुपर्ने कुरा सबैले बुझ्नु जरुरी छ ।

**(ग) प्रहरी-प्रशासन**

नेपालका संविधानमा मानव अधिकार कार्यान्वयन सम्बन्धमा मानव अधिकारको उल्लङ्घन गरेको र नागरिकको आधारभूत सुरक्षामा चुकेको भन्दै निरन्तर प्रहरी प्रशासनप्रति सञ्चारमाध्यम र नागरिककातर्फबाट औँला ठड्याइएका घटना देखिन्छन् । सर्वोच्च अदालतले पनि विभिन्न मुद्दाको फैसला गर्ने क्रममा प्रहरीको कार्यशैली सम्बन्धमा कमजोरी भएको र सुधार गर्नु भन्दै निर्देशनात्मक आदेश दिने गरेको छ । कतिपय घटनामा प्रहरीले अनावश्यक बलको प्रयोग गरेका उदाहरणहरू

पनि छन् । प्रहरी संगठनले आफ्ना कर्मचारीहरूलाई मानव अधिकार सम्बन्धी विषयमा नियमित एवम् अर्थपूर्ण तालिम दिनु जरुरी छ । कानुनी अधिकार र आवश्यकताभन्दा बढी बल प्रयोग गर्ने र समयमा आवश्यक बल प्रयोग नगर्ने दुवै तरिका ठीक होइन । यस्ता कार्य गर्ने-नगर्ने जोसुकैलाई तत्काल कारबाही गर्नु पर्दछ । अर्कोतर्फ असल कार्य गरी मानव अधिकारको संरक्षणमा सहयोग पुऱ्याउने व्यक्तिहरूलाई पुरस्कारको प्रबन्ध समेत गर्नु पर्ने आवश्यक देखिन्छ ।

प्रहरी कर्मचारीहरूलाई मानव अधिकारको सम्बन्धमा व्यापक ज्ञान वृद्धि गराईनु पर्दछ । उनीहरूलाई स्वदेश र विदेशमा हुने मानव अधिकार सम्बन्धी भेला, गोष्टी तथा प्रशिक्षणहरूमा सबै दर्जाका कर्मचारीहरूलाई सहभागिताका लागि समान पहुँचको व्यवस्था गरिनु जरुरी छ । प्रहरी-प्रशासनको कार्य, भूमिका र मानव अधिकार कार्यान्वयनको क्षेत्रमा नयाँ अध्ययन-अनुसन्धान गर्नुपर्ने जरुरी देखिन्छ ।

**(घ) राष्ट्रिय मानव अधिकार आयोग**

नेपालको राष्ट्रिय मानव अधिकार आयोगकोभूमिका, प्रभावकारिता, क्षेत्र, दायरा, साधन-स्रोत वृद्धि गर्नुपर्ने आवश्यकता छ । आयोगलाई मानव अधिकार संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्न आर्थिक तथा भौतिक स्रोत र सबल जनशक्ति वृद्धि गर्नुपर्ने देखिन्छ । आयोगले आफू मातहतका जनशक्तिलाई आवश्यक तालिम, सूचना साधन-स्रोत उपलब्ध गर्न अति आवश्यक छ ।

मानव अधिकारको सुरक्षा र संरक्षण सम्बन्धमा आम जनसमुदायमा शिक्षा, सूचना र जनचेतना थप वृद्धि गर्न, विभिन्न प्रचार सामग्रीहरूको उत्पादन र वितरणमा आयोगले बढी ध्यान दिनु आवश्यक छ ।

आयोगको गठन गर्दा व्यक्तिगत क्षमता, योग्यता, विज्ञतालाई मूल आधार मानी सर्वमान्य स्थापित निष्पक्ष सिद्धान्तका आधारमा गरिनु पर्दछ ।

**(ङ) अनुसन्धान गर्नुपर्ने नयाँ विषय**

मानव अधिकारको प्रत्याभूतिको लागि नेपालको संविधान र प्रचलित कानुनहरूमा गर्नुपर्ने सुधार र परिवर्तन सम्बन्धी नयाँ अनुसन्धान-अध्ययन गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगलाई थप सशक्तिकरणको आवश्यकता सम्बन्धी खोज र अध्ययनको खाँचो रहेको छ ।

विश्वमा मानव अधिकारको क्षेत्रमा विकास र प्रयोग भएका अन्तर्राष्ट्रिय महासन्धिहरूका प्रावधान, विकसित देशका मानव अधिकारको संरक्षणसम्बन्धी प्रचलित कानुनी अभ्यासहरूको अध्ययन-अनुसन्धान समेत गर्नुपर्ने देखिन्छ ।

# अनुसूची–१

## अन्तर्वार्ताका लागि प्रश्नावली

(प्रस्तुत प्रश्नावली अन्तर्वार्ताको लागि तयार गरि सोहीबमोजिम सबै उत्तरदाताहरूलाई सोधिएको हो । खुला अन्तर्वार्ता लिइएकोले प्रस्तुत प्रश्नका अतिरिक्त शोध प्रबन्धको उद्देश्यसँग जोडिएका तथा सवालका क्रममा आएका जवाफको प्रकृति हेरी प्रतिप्रश्नहरू सोधिएको थियो । कोरोनाको महामारीको कारण पछिल्लो अवधिमा केही उत्तरदाताहरूसँग टेलिफोनबाट आवश्यक विषयमा पुनः प्रश्नहरू सोधी अन्तर्वार्ता लिइएको हो) ।

व्यक्तिगत विवरण :-

(क) उत्तरदाताको नाम :-.........................................................

(ख) ठेगाना :- अन्तर्वार्ता मिति :-

(ग) लिङ्ग :-

(घ) उमेर :- पेशा : पद : सम्पर्क नम्बर :

(ङ) शिक्षा :-

१. मानव अधिकार कस्तो अधिकार हो ? मानव अधिकारको दृष्टिकोणले नेपालका संविधानहरूलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

२. नेपालका संविधानहरूमा प्रबन्ध गरिएका मानव अधिकार सम्बन्धी व्यवस्था कस्तो पाउनु हुन्छ ?

३. नेपालले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रबन्धहरूलाई कसरी आत्मसात गरेको देख्नुहुन्छ ?

४. नेपालमा मानव अधिकारको वर्तमान स्थिति कस्तो पाउनुहुन्छ ?

५. नेपालको मानव अधिकार कार्यान्वयन प्रक्रियामा तपाइँको सुझाव के छ ?

# अनुसूची–२

## अन्तर्वार्ता लिइएका व्यक्तिहरूको सूची

| क्र.सं. | नाम थर | सम्पर्क नं. | पद | अन्तर्वार्ता स्थान | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|
| १. | झलनाथ खनाल | ९८५११०८१९९ | पूर्व प्रधानमन्त्री | डल्लु, काठमाडौं | २०७६/०८/११ |
| २. | प्रदीप ज्ञवाली | ९८५१०१५८१० | पूर्व परराष्ट्रमन्त्री | सिंहदरबार | २०७६/०८/११ |
| ३. | गिरिराज म. पोखरेल | ९८५११०४०६३ | पूर्व शिक्षामन्त्री | सिंहदरबार | २०७६/०८/१२ |
| ४. | कृष्णभक्त पोखरेल | ९८५५०५५९९५ | संघीय सांसद | सिंहदरबार | २०७६/०८/१३ |
| ५. | ओनसरी घर्ती | ९८५११०२४८२ | पूर्व सभामुख | सिंहदरबार | २०७६/०८/१४ |
| ६. | चित्रलेखा यादव | ९८५११९८९८५ | पूर्व सभामुख | सिरहा | २०७६/०८/१५ |
| ७. | नवराज सिलवाल | ९८५१२२८२४१ | संघीय सांसद | ललितपुर | २०७६/०८/१६ |
| ८. | लालबाबु पण्डित | ९८४१५६४५३९ | पूर्वमन्त्री | मोरङ | २०७६/०८/१७ |
| ९. | नुतन थपलिया | ५२१८३४४ | अधिकारवादी | कलंकी | २०७६/०८/१८ |
| १०. | प्रदीप गिरी | ९८५१०१५८१० | संघीय सांसद | बानेश्वर | २०७६/०८/१८ |
| ११. | हरिकृष्ण कार्की | ९८५१०९११८ | न्यायाधीश,स.अ. | रामशाहपथ | २०७६/०८/१९ |
| १२. | अनिल कुमार सिन्हा | ४४२९०१२ | न्यायाधीश,स.अ. | रामशाहपथ | २०७६/०८/१९ |
| १३. | महेश शर्मा पौडेल | ९८५१०४६५०१ | न्यायाधीश,उ.अ. | पाटन, ललितपुर | २०७६/०९/०१ |
| १४. | चन्द्रकान्त ज्ञवाली | ९८५१००१८६० | संविधानविद | पाटन | २०७६/०९/०२ |
| १५. | डा.डि.एन. पराजुली | ९८५११४२१९४ | क्याम्पस प्रमुख | प्रदशर्नीमार्ग | २०७६/०९/१५ |
| १६. | डा.नुतनचन्द्र सुवेदी | ९८५११९२५८२ | प्राध्यापक | भक्तपुर | २०७६/०९/१६ |
| १७. | केशव प्र. वास्तोला | ९८४१८२८२५० | न्यायाधीश,जि.अ. | बबरमहल | २०७६/०९/१६ |
| १८. | डा.विपिन अधिकारी | ९८५१११५४९६ | संविधानविद | काभ्रे | २०७६/०९/१७ |
| १९. | डा.शशांक कोइराला | ९८५१०८९९३३ | नेता, ने.का. | महाराजगंज | २०७६/०९/१८ |
| २०. | अग्नि खरेल | ९८५१०४१३६३ | पू.महान्याधिवक्ता | सिंहदरबार | २०७६/०९/१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | अर्जुनप्रसाद कँडेल | ४२८२७३० | बरिष्ठ अधिवक्ता | धादिङ | २०७६/०९/२३ |
| २२. | कपील श्रेष्ठ | ९८५११७२७७ | प्राध्यापक | महाराजगंज | २०७६/०९/२५ |
| २३. | रविनारायण खनाल | ९८५१०७०६२६ | बरिष्ठ अधिवक्ता | डिल्लीबजार | २०७६/०९/२६ |
| २४. | शेरबहादुर तामाङ | ९८५१०४०८२१ | पूर्व कानुनमन्त्री | महाराजगञ्ज | २०७६/०९/२७ |
| २५. | डा. बेदुराम भूषाल | ९८४३३६७९४३ | सदस्य, रा.स. | सिंहदरबार | २०७६/०९/२८ |
| २६. | युवराज ज्ञवाली | ९८४१५५४६९६ | एमाले नेता | कलंकी | २०७६/१०/०२ |
| २७. | प्रभू साह | ९८५१०२११४९ | पूर्व कानुनमन्त्री | रौतहट | २०७६/१०/०४ |
| २८. | राधिका खडका | ९८५१०१६२५८ | पूर्व प्र.ना.उ. | बुढानिलकण्ठ | २०७६/१०/०५ |
| २९. | डा. अतीन्द्र दाहाल | ९८५१०१००४६ | प्राध्यापक | भक्तपुर | २०७६/१०/१० |
| ३०. | चाँदनी हमाल | ९८४५०५६२२९ | पत्रकार, गो.प. | धर्मपथ | २०७६/१०/१५ |
| ३१. | लक्ष्मी शर्मा | ९८४१४०७८७३ | प्राध्यापक, ने.ल. | कलंकी | २०७६/१०/१६ |
| ३२. | रामनारायण बिडारी | ९८५५०६७०९१ | संघीय सांसद | काठमाडौं | २०७६/१०/३० |
| ३३. | लक्ष्मणलाल कर्ण | ९८५१००३५९६ | सांसद, ज.स.पा. | वीरगंज | २०७६/११/१९ |
| ३४. | दीनानाथ शर्मा | ९८५११३७८०७ | पूर्व शिक्षामन्त्री | सिंहदरबार | २०७६/११/१९ |
| ३५. | श्रीमायाँ थकाली | ९८५१०७५९५६ | एमाले नेतृ | स्वयम्भु | २०७६/१२/०७ |
| ३६. | उमेशजंग रायमाझी | ९८५१०१६२५८ | नेता, ने.का. | बुढानिलकण्ठ | २०७६/१२/१५ |
| ३७. | सुरेन्द्र कुमार कार्की | ९८५११०००२० | संघीय सांसद | झापा | २०७६/१२/२३ |
| ३८. | डा. विनोद वश्याल | ९८४१०४८३११ | प्राध्यापक | टोखा न.पा. | २०७७/०१/२९ |
| ३९. | डा. लक्ष्मी प्र.मैनाली | ९८५११३६०७१ | प्राध्यापक | बसुन्धरा | २०७७/०१/२९ |
| ४०. | ठाकुर प्र. बस्ताकोटी | ९८४६५१३८९५ | सरकारी वकिल | रामशाहपथ | २०७७/०२/१६ |
| ४१. | ठाकुर गैरे | ९८५७०६०९८८ | एमाले नेता | पाल्पा | २०७७/०३/१८ |
| ४२. | नारायण शिवाकोटी | ९८४१५५४०७२ | पत्रकार, न.प. | पुतलीसडक | २०७७/०३/२५ |
| ४३. | वेद भट्टराई | ९८५१०४२६३३ | सचिव,रा.मा.आ. | पुल्चोक | २०७७/१०/१५ |
| ४४. | हिमाल शर्मा | ९८५१०२९२३८ | द्वन्द्वपीडित | तारकेश्वर,न.पा. | २०७७/१०/१६ |
| ४५. | रूपा महर्जन | ९८५१०१८६०९ | बेपत्ता परिवार | चन्द्रगिरी न.पा. | २०७७/१०/१८ |

टिप्पणी :

स.अ. (सर्वोच्च अदालत), उ.अ. (उच्च अदालत), व.अ. (वरिष्ठ अधिवक्ता), जि.अ. (जिल्ला अदालत), ने.का. (नेपाली काँग्रेस), प्र.ना.उ. (प्रहरी नायब उपरीक्षक), रा.स. (राष्ट्रिय सभा सदस्य), ज.स.पा. (जनता समाजवादी पार्टी), न.पा. (नगरपालिका), ने.ल. (नेपाल ल क्याम्पस), गो.प. (गोरखापत्र दैनिक), न.प. (नयाँ पत्रिका दैनिक), रा.मा.आ. (राष्ट्रिय मानव अधिकार आयोग), प्र. (प्रसाद), पू. (पूर्व) ।

# सन्दर्भ सामग्रीसूची

अधिकारी, प्रकाश (वि.सं. २०७४, असोज ८), मानव अधिकार र संयुक्त राष्ट्रसंघ, काठमाडौंः गोरखापत्र दैनिक, पृष्ठ ७ ।

अधिकारी, रमेश (वि.सं. २०७०), *दक्षिण एसिया र दक्षिण पूर्वी एसिया,* काठमाडौं : पैरवी प्रकाशन ।

अधिकारी, हरि (वि.सं. २०७८ पुस १८), सङ्घीयता जोगाउने चुनौती, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ५ ।

अन्सारी, मोहना (वि.सं. २०७७, असोज १६), ती ६ वर्ष, काठमाडौं : कान्तिपुर दैनिक, १६, पृष्ठ ७ ।

अनुपराज शर्माका विचारहरू, (वि.सं. २०७१-२०७७), ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग ।

अर्याल, कुन्दन (वि.सं. २०७४, मङ्सिर ८), संविधान पक्षधर एक होऊ, काठमाडौं : नागरिक दैनिक, पृष्ठ ६ ।

अर्याल, बाबुराम (वि.सं. २०७०), *नेपाली अध्ययन घरेलु राजनीति र वैदेशिक सम्बन्ध,* काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

आचार्य नेपाल, कल्पना (वि.सं. २०८० कार्तिक २२), अपाङ्गता अधिकार संरक्षण, काठमाडौंः गोरखापत्र दैनिक, पृष्ठ ४ ।

आचार्य, देवीप्रसाद (वि.सं. २०७४, वैशाख १६), संवैधानिक ज्ञानका लागि नागरिक शिक्षा, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ५ ।

आचार्य, निलाम्बर (वि.सं. २०७४, असोज ३), संविधान कार्यान्वयको पूर्ण चरणमा, काठमाडौंः गोरखापत्र दैनिक, पृष्ठ ६ ।

------, (२०७८ कार्तिक २६), मानव अधिकार रक्षाको दायित्व, काठमाडौं : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

आचार्य, रमेश प्रसाद (वि.सं. २०७४, मङ्सिर १०), स्वास्थ्य सेवामा पहुँच कसरी ?, काठमाडौँः नागरिक दैनिक, पृष्ठ ६ ।

आचार्य, निर्मलकुमार (वि.सं. २०७४, मङ्सिर २२), राजनीतिक यात्रामा ऐतिहासिक फड्को,काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

आचार्य, विनोदमोहन (वि.सं. २०७४), मानव अधिकारको महत्त्व, काठमाडौं : कान्तिपुर दैनिक २०७४ मङ्सिर २०, पृष्ठ ६ ।

उपाध्याय, प्रेमप्रसाद (वि.सं. २०७३, मङ्सिर २९), शासनको सकस, काठमाडौं : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

उपाध्याय, एम्.आर. (वि.सं. २०७२), *इन्टरनेशनल इन्टिच्यूसन्स एन्ड हुमेन राइटस्,* काठमाडौँः प्रत्यूस पब्लिकेशन ।

उप्रेती, गङ्गाप्रसाद (वि.सं. २०७९), (सम्पा.) *नेपाल प्रज्ञा नेपाली बृहत् शब्दकोश,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, निर्मलकुमार (वि.सं. २०६९), *मानव अधिकार : ठूला नौ महासन्धि,* काठमाडौँः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

कँणेल, कृष्ण (वि.सं. २०७४, मङ्सिर २४), मानव अधिकारको खोजी, काठमाडौं : नागरिक दैनिक, पृष्ठ ६ ।

काफ्ले, नारायण (वि.सं. २०७३, असोज ३), संविधान जारी पछिको अवस्था, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ३ 'घ' ।

------, (वि.सं. २०८०, असोज ३), मौलिक हक कार्यान्वयनमा गुणात्मक फड्को, काठमाडौँः गोरखापत्र दैनिक, 'ज' ।

काफ्ले, शंकरनाथ (वि.सं. २०७४, मङ्सिर १७), निर्वाचन र न्यायिक सर्वोच्चता, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

किराती, राजेन्द्र (वि.सं. २०७४, असोज ४), विश्वकै उत्कृष्ट संविधान, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

के.सी., बलराम (वि.सं. २०७८, पुस ९), बारले अब कानुनी लडाइँ लड्नुपर्छ, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७।

------, (वि.सं. २०७७, चैत्र १९), बलात्कार र फौजदारी न्याय प्रणाली, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७।

------, (वि.सं. २०८०, असोज ३०), सङ्कटमा मानव अधिकार आयोग, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७।

------, (वि.सं. २०८०, कार्तिक २२), आयोग डाउनग्रेड भएन, *आयुक्तहरू अपग्रेड भएनन्,* काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७।

केवट, बुद्धनारायण सहनी(सं), (वि.सं. २०७७), आयोगका छ वर्ष, ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग ।

खड्का, अर्जुनकुमार (वि.सं.२०७९ चैत १४), कानुनी शिक्षाको मूल्य, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

खतिवडा, डम्बर र दाहाल, केशव (वि.सं. २०६८), *उथलपुथलका दुई दशक, प्रजातन्त्रदेखि लोकतन्त्रसम्म,* सुनसरी : वैकल्पिक विचार मञ्च ।

खतिवडा, मञ्जु (वि.सं.२०८०, माघ ३), मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको सवाल, कान्तिपुर दैनिक ।

खनाल, कृष्ण (वि.सं. २०७४, भदौ २१), संविधान र दलको अन्तरसम्बन्ध, काठमाडौँ : अन्नपूर्ण  पोष्ट दैनिक, पृष्ठ ६ ।

खनाल, गोपाल (वि.सं. २०८०, साउन १६), अमेरिकी प्रभुत्वको अन्त्य हुँदै छ ?, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

खनाल, झलनाथ (वि.सं. २०७६, पुस १२), समाजवाद र मजदुर आन्दोलन, विश्व ट्रेड युनियन

महासंघद्वारा कार्की ब्याङ्केट, बबहरमहलमा आयोजित विचार गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र, काठमाडौँ ।

खनाल, मथुरा (वि.सं. २०७९, जेठ २२), बाँच्न पाउने अधिकारको सुरक्षा, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ५ ।

खनाल, विशाल (वि.सं. २०५४), *विश्वका प्रमुख कानुनी प्रणालीहरू,*काठमाडौँ : भृकुटी पुस्तक तथा मसलन्द भण्डार ।

खरेल, अग्नि (वि.सं. २०७४, असोज ३), मन्त्रीले संविधान पढ्नु पर्दैन, काठमाडौँ : अन्नपूर्ण दैनिक, पृष्ठ ७ ।

खरेल, अश्वस्थामाभक्त (वि.सं. २०७६), *मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू र यसको सान्दर्भिकता,* मानव अधिकार जर्नल संवाहक, ललितपुरः राष्ट्रिय मानव अधिकार अयोग ।

गिरी, प्रदीप (वि.सं. २०७४, चैत्र १५), राज्य, दल र गिरोहवाद, काठमाडौँ : अन्नपूर्ण दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, असोज ८), कम्युनिस्ट राजनीति हिजो, आज र भोली, काठमाडौँ : अन्नपूर्ण पोष्ट दैनिक, पृष्ठ ७ ।

गौतम, भरत (वि.सं. २०७९, साउन २), सङ्घीयता कार्यान्वयनको प्रभावकारिता, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ५ ।

घिमिरे, प्रदिप (संम्पादक), (वि.सं. २०६३), *समावेशी लोकतन्त्र,* काठमाडौँ : फ्रिडम फोरम ।

चापागाई, राजुप्रसाद (वि.सं. २०७९, मङ्सिर २५), मानव अधिकार आयोगको पुनरुत्थान, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०८०, साउन ३१), *संक्रमणकालीन न्यायमा अक्षम्य उदासीनता,* काठमाडौँः कान्तिपुर दैनिक, पृष्ठ ६ ।

जोशी, हरिप्रसाद (सम्पा.) (वि.सं.२०७८), *मौलिक हक सम्बन्धी स्रोत सामग्री,* काठमाडौँ : महान्यायाधिवक्ताको कार्यालय ।

ढुङ्गेल, द्वारिकानाथ (वि.सं. २०७४, असोज ९), राजनीतिक वास्तविकता र भविष्य, नागरिक दैनिक, काठमाडौँ : नेपाल रिपब्लिक मिडिया, पृष्ठ ६ ।

ढुङ्गाना, नीतिका (वि.सं. २०८१), *संविधानवाद संविधानको मूल भावना :एक समीक्षा,* न्याय वाटिका, नेपाल कानुन व्यवासयी परिषद ।

ढुङ्गेल, लक्ष्मीनारायाण, प्रधान, गणेशमान र श्रेष्ठ, मनिष कुमार (वि.सं. २०७०), *नेपाली कानुनी प्रणाली,* काठमाडौं : प्रत्यूष पब्लिकेशन ।

ढुङ्गेल, सूर्य (वि.सं. २०७४, पुस ६), संवैधानिक उल्झन, काठमाडौं : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

दाहाल, अतीन्द्र, (वि.सं. २०७९ पुस ७), राजनीतिको अपेक्षित कोर्स, काठमाडौंः गोरखापत्र दैनिक, पृष्ठ ४ ।

------, (वि.सं. २०७९ साउन ११), सोच बदलौं, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

------, (वि.सं. २०७९ असार ३), समाजवाद सजाउने सोच र शैली, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

------, (वि.सं. २०७४, फागुन २७), सरकार र संस्कार, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४ माघ १५), मानसिकतामा र मुलुकको प्रगतिपथ, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, असोज १), संविधान सफल कार्यान्वनको जनअपेक्षा, काठमाडौं : गोरखापत्र राष्ट्रिय दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, साउन १०), नदेखियोस अभिमान, नगुमोस स्वभिमान, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, असार १४), खुल्दै राजनीति, फूल्दै सम्भावना, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

दाहाल, काशीराज (वि.सं. २०६३) संविधानसभा र संवैधानिक विकास,काठमाडौं : निरन्तर प्रकाशन ।

दाहाल, केशव (वि.सं. २०७४, मङ्सिर ६), समावेशीकरणको चीरहरण, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७३, फागुन १७), निर्वाचनको खुल्यो बाटो, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

देवकोटा, खिमलाल (वि.सं. २०७८, पुस २६), सङ्घीयताको सबलताको सर्त, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७ ।

देउजा, सूर्यबहादुर (वि.सं. २०७१), *नेपालमा मानसिक स्वास्थ्यको अधिकार,* काठमाडौँ : प्राची, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

नेपालको संविधान (वि.सं. २०७२), काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

निरौला, नृपध्वज (वि.सं. २०७७), *नेपालमा संवैधानिक विकासक्रम,* संवैधानिक कानुन स्रोत सामग्री, काठमाडौँ : महान्याधिवक्ताको कार्यालय ।

न्यौपाने, उपेन्द्रकेशरी (वि.सं. २०७१), *संविधानमा राज्य संरचना कमजोर बनाउँदा देश बलियो हुँदैन* काठमाडौँ : न्यायदूत, नेपाल बार एशोसिएशन ।

पहाडी, कृष्ण (वि.सं. २०७४, मङ्सिर १४), युरोपियन युनियनलाई सुझाव, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, असोज ३०), लोकतन्त्रका निर्वाचन एजेन्डा, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

प्रसाईं, चरण (वि.सं. २०७४, भदौ २७), मानव अधिकारको स्थानीय सस्करण, काठमाडौँ : नागरिक राष्ट्रिय दैनिक, पृष्ठ ६ ।

प्याकुरेल, सुवोधराज (वि.सं. २०७४, पुस १८), अधिकारसँगै दायित्व, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ६ ।

पोखरेल, कृष्ण (वि.सं. २०५९), आधुनिक राजनीतिक सिद्धान्त,काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिष्ट्रीव्युटर्स ।

पोखरेल, दुर्गा र शिवाकोटी, कैलाशकुमार (सम्पादक) (२०७७ वि.सं.), *महत्वपूर्ण प्रेस विज्ञप्तिहरू,* ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग ।

पोखरेल, भोजराज (वि.सं. २०७४, मङ्सिर २४), निभेको मैनबत्ति, काठमाडौँ: कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७३, कार्तिक २), संविधान संशोधनका विषय, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

पौडेल, नगेन्द्रराज (वि.सं. २०७८ मङ्सिर २०), विकल्प बलियो सङ्घीयता, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

पौडेल शर्मा, महेश (वि.सं. २०७७), *अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र सजाय,* मानव अधिकार जर्नल, संवाहक, ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग ।

पङ्गेनी, दशरथ (वि.सं. २०७७), *नेपालमा अन्तर्राष्ट्रिय कानुनको संवैधानिकीकरण,* संवैधानिक कानुन स्रोत सामग्री, काठमाडौँ : महान्याधिवक्ताको कार्यालय ।

फुयाल, हरि (वि.सं. २०७१), *प्रस्तावित नयाँ संविधानका आयामहरू,* नेपाल बार एसोसिएशन जर्नल, न्यायदुत, काठमाडौँ : नेपाल बार एशोसिएशन ।

बस्नेत, बालकृष्ण (वि.सं. २०७२, मङ्सिर ६), म्याग्नाकार्टादेखि संविधानसम्म आइपुग्दा, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

बन्दी, गोविन्द शर्मा (वि.सं. २०७४, साउन २), अन्तर्राष्ट्रिय अपराध र न्यायको सम्भावना, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७३, मंसिर २८), मानव अधिकार संरक्षण चुनौती, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ८ ।

बाँस्कोटा, कृष्णहरि (वि.सं. २०७४, भदौ २८), सूचनाको हक नागरिक अधिकार, काठमाडौँ : अन्नपूर्ण दैनिक, पृष्ठ ६ ।

बजगाई, श्रीराम (वि.सं. २०७७), *नेपाल मानव अधिकार वर्ष पुस्तक,* काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

बुढाथोकी, शोभाकार (वि.सं. २०७४, माघ ६), सङ्घीयता : शक्ति बाँडफाड, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ६ ।

बिडारी, रामनाराण (वि.सं. २०७९, असार ५), कार्यान्वयनमा अझै चुनौती, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

------, (वि.सं. २०८०, असार ३१), संविधानको विशिष्टता, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

भट्ट, गणेशदत्त (वि.सं. २०७४, चैत्र १८), संविधानको कार्यान्वयन, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, असोज ३१), संविधान : स्थायित्वको आधार, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७ ।

भट्टराई, टीकाराम (वि.सं. २०७७, चैत्र ३०), संविधानलाई पराजित गर्ने चक्रव्यूह, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, मङ्सिर ३), कोही नहार्ने निर्वाचन, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

------, (वि.सं. २०७४, माघ ९), संविधान कार्यान्वयनको पूर्ण दिशा, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ६ ।

भट्टराई, टीकाराम (वि.सं. २०८०, भदौ २२), नागरिक स्वतन्त्रतामाथि गम्भीर खेलबाड, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

भट्टराई, श्यामकुमार (सम्पादक) (वि.सं. २०७७), *संवैधानिक कानुन,* जर्नल, काठमाडौँ : महान्याधिवक्ताको कार्यालय ।

------, (वि.सं. २०७६) संवैधानिक तथा प्रशासकीय कानुन, काठमाडौँः मकालु प्रकाशन गृह।

------, (वि.सं. २०७५) संवैधानिक तथा प्रशासकीय कानुन, काठमाडौँ : सोपान प्रेस प्रा.लि.।

भण्डारी, रामकुमार, (वि.सं. २०७९, असार), संक्रमणकालीन न्याय कसरी र कसका लागि ?, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ४ ।

भण्डारी, सुरेन्द्र (वि.सं. २०७३, फागनु ५), आवधिक निर्वाचन किन ?, काठमाडौँ : नागरिक दैनिक, पृष्ठ ८ ।

भट्टराई, रवीन्द्र (वि.सं. २०७९),*मानव अधिकारको दृष्टिकोणमा कानुन शिक्षाः एक पर्यावलोकन,* नेपाल कानुन परिचर्चा, नेपाल ल जर्नल, काठमाडौँ : नेपाल ल क्याम्पस।

भुसाल, धनश्याम (वि.सं. २०७५, साउन १५), मार्क्सवाद र आजका हाम्रा कार्यभार, कार्ल मार्क्सको २०० वर्षको जन्मजयन्ती समारोह समितिद्वारा काठमाडौंमा आयोजित विचार गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र, काठमाडौँ ।

मल्ल, कटक (वि.सं. २०७९, माघ १), मानव अधिकारको निरन्तर लडाइँ, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७ ।

मानव अधिकार : ठूला नौ महासन्धि (वि.सं.२०७०), काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्।

मरहट्टा, पुरुषोत्तम (वि.सं. २०७४, असोज ३), सङ्क्रमण पार गर्दै नेपालको संविधान, काठमाडौँः गोरखापत्र दैनिक, पृष्ठ ६ ।

मिश्र, वीरेन्द्र (वि.सं. २०७४, असोज २६), लोकतन्त्रको भविश्य, काठमाडौँ : अन्नपूर्ण दैनिक, पृष्ठ ६ ।

मैनाली, गोपीनाथ (वि.सं. २०७८, पुस २१), सङ्घीयता र अन्तरसरकारी समन्वय, काठमाडौँः गोरखापत्र दैनिक, पृष्ठ ४ ।

------, (वि.सं. २०७९, असार २२), उत्तराधिकारी योजनाबाट सुशासन, काठमाडौँ : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

मैनाली, रत्नप्रसाद (संम्पादक) (वि.सं. २०७७), सूचनाको अधिकार,काठमाडौँ : राष्ट्रिय सूचना आयोग ।

राउत, बलराम (वि.सं. २०७६), *नेपालको संविधान र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार : एक विशास्त्रीय विश्लेषण,* मानव अधिकार जर्नल, संवाहक, ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग ।

राष्ट्रिय मानव अधिकार आयोग (वि.सं. २०७७), *आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था* (२०५७ जेठ-२०७७ असार), ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग, २०७७ वि.सं. असोज ।

राकेश, रामदयाल (वि.सं. २०७४, साउन २), मानव अधिकारको श्वेतपत्र, काठमाडौँ : नागरिक राष्ट्रिय दैनिक, पृष्ठ ६ ।

रिसाल, अजय (वि.सं.२०८० असोज २४), मानसिक स्वास्थ्य हो सार्भभौम मानव अधिकार, काठमाडौँ : कान्तिुपर दैनिक, पृष्ठ ७ ।

वस्याल, कृष्णप्रसाद (वि.सं. २०७३), *विधिशास्त्रको परिचय,*काठमाडौँ : वेलकम पब्लिकेशन प्रा.लि. ।

वस्याल, विनोद (वि.सं. २०७६), *मौलिक हकहरू कार्यान्वयन प्रयोजनार्थ लागु गरिएका केही नयाँ*

*कानुनहरू,* नेपाल कानून परिचर्चा, नेपाल ल जर्नल, काठमाडौँ : नेपाल ल क्याम्पस ।

------, (वि.सं. २०६८), *संवैधानिक कानुन,*काठमाडौँ : लुम्बिनी प्रकाशन ।

------, (वि.स. २०७८) *सङ्घीयताको मम्यबिन्दुका रूपमा प्रदेश सरकार : अवसर र चुनौती,* नेपाल कानुन परिचर्चा, काठमाडौँ : नेपाल ल क्याम्पस ।

वाग्ले, अच्चुत (वि.सं. २०७८, माघ १०), *घरघरमा सिंहदरबार, दैलोदैलोमा भ्रष्टाचार,* काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

शर्मा, लोकेन्द्र (वि.सं. २०६७), *फौजदारी कानुन,* काठमाडौँ : लुम्बिनी प्रकाशन ।

शर्मा, सम्भना (वि.सं. २०७७, मङ्सिर २८), संवैधानिक आयोग र सरकारी दृष्टि, काठमाडौँः कान्तिपुर दैनिक, पृष्ठ ७ ।

------, (वि.सं. २०७९ फागुन १९), मानव अधिकार शिक्षाको अपरिहार्यता, काठमाडौँ : कान्तिपुर दैनिक, पृष्ठ ७ ।

शाक्य, पूर्णमान (वि.सं. २०७४, असोज ३), संविधान कार्यान्वयन यसरी, काठमाडौँ : अन्नपूर्ण दैनिक, पृष्ठ ६ ।

शिवाकोटी, गोपाल (वि.सं. २०६८), *तुलनात्मक शासन र राजनीति,*काठमाडौं : पैरवी प्रकाशन ।

------, (वि.सं. २०६८), *अन्तर्राष्ट्रिय सम्बन्ध,* काठमाडौं : पैरवी प्रकाशन ।

शिवाकोटी, राजकुमार (वि.सं. २०७८ मङ्सिर २४), मानव अधिकार र जवाफदेहिता, काठमाडौंः गोरखापत्र दैनिक, पृष्ठ ५ ।

शाक्य, पूर्णमान (वि.सं. २०७७), *संविधानवाद,* संवैधानिक कानुन स्रोत सामग्री, काठमाडौंः महान्याधिवक्ताको कार्यालय ।

सुवेदी, नेत्रप्रसाद (वि.सं. २०८०, असोज ३), संविधानको जनपक्षीय कार्यान्वयन, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ४ ।

सुवेदी, सूर्यप्रसाद (वि.सं. २०७३, जेठ २३), नयाँ संविधान : समस्या र समाधानका उपाय, काठमाडौं : कान्तिपुर दैनिक, पृष्ठ ६ ।

संग्रौला, युवराज (वि.सं. २०७४, साउन ३२), *१९५० को सन्धिको सान्दर्भिकता,* काठमाडौं : अन्नपूर्ण पोष्ट, पृष्ठ ६ ।

सिलवाल, प्रेमराज (वि.सं.२०८०, भदौ १९), विश्वका संविधान र नेपाल, काठमाडौं : गोरखापत्र दैनिक, पृष्ठ ५ ।

------, (वि.सं. २०८० असोज २०), मानव अधिकारका विश्वव्यापी प्रावधान,काठमाडौं : गोरखापत्र दैनिक ।

सिंह, टोपबहादुर (वि.सं. २०६६) *नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू,*काठमाडौं : पैरवी प्रकाशन ।

------, (वि.सं. २०५०), *नेपालको संविधान र संवैधानिक कानुन,*काठमाडौं : कानुन पाठ्यपुस्तक प्रकाशन समिति ।

सिंह, रामनगिना (वि.सं. २०७४, साउन १६), मानव अधिकारको अवस्था, २५ औं प्रकाश स्मिृति दिवसमा ललितपुरको कर्मचारी प्रशिक्षण प्रतिष्ठानमा आयोजित विचार गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र ।

श्रेष्ठ, दयाराम, (वि.सं. २०८०, भाद्र ९), अनुसन्धान विधि, नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कार्यशाला विचार गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र ।

ज्ञवाली, युवराज (वि.सं.२०७९), *आधुनिक युगको लोकतन्त्र*, काठमाडौँ : जनविचार पब्लिकेशन एण्ड रिसर्च सेन्टर ।

Abdi Fahad Yusuf vs. Department of Immigration, Supreme Court of Nepal, N.K.P. , Issue 5, Decision no 10503 (BS2077).

Abiral Sharma vs. District Police Office, Chitwan, N.K.P. , Supreme Court of Nepal, Issue 1, Decision no 10630 (BS2078).

Ackely, A. B. ( 2018, AD). *Just Responsibility: A Human Rights Theory of Global Justice*, UK: Oxford University Press.

------, (2008, AD), *Universal Human Rights in a World of Difference*. New York : Cambridge University Press.

Addis, M. & Morrow, P. (2005, AD). *Your Rights the Liberty Guide to Human Rights.* UK : Liberty with Pluto Press.

Adhikari, B. (2015, AD). *Salient Features of the Constitution of Nepal 2015*,UK: Home About Contact Archives.

Adhikari, D.H. (2022, AD, June 16). South Asia At Sixes and Sevens, Kathmandu : The Rising Nepal.

Advocade Padam Bahadur Shrestha vs. Office of the Prime Minister and office of Ministerial, Supreme Court of Nepal, N.K.P, Issue 4, Decision no 9577 (BS2076).

Advocate Arjun Kumar Aryal vs. GoN, Prime Minister and Ministerial Council, Supreme Court of Nepal, N.K.P., Issue 9, Decision no. 9686., page 1830 (BS3073).

Advocate Laxmi Prasad Pokharel on the Behalf of Pakistani Citizen Abdul Khalid vs. Office of the Prime Minister, Supreme Court of Nepal, N.K.P., Issue, Decision no. 8684, page 1521 (BS2058).

Advocate Lokendra Oli vs. Provence Assembly, Province no. 2, Supreme Court of Nepal, N.K.P. , Issue 1 Decision no 017 (BS 2076).

Advocate Meera Dhungana at.all. vs. Office of the Prime Minister and Office of Ministerial, Supreme Court of Nepal, N.K.P, Issue 3, Decision no 9551 (BS2073).

Advocate Om Prakash Aryal vs. Office of the President, Supreme Court of Nepal, N.K.P. , Decision no. 7910, page, 2096 (BS2073).

Advocate Prakashmani Sharma vs. Government of Nepal, Office of the Prime Minister and Ministerial Council, N.K.P. , Issue 4, Decision 9575, page 639 (BS2073).

Agrawal, H.N. (1980, AD). Nepal *a Study in Constitutional Change.* Delhi : Oxford and IBH Publishing Company.

Akande, D. (eds.). (2020, AD). *Human Rights and 21 Century Challenges*, USA: Oxford University Press.

Almqvist, J. (2005, AD). *Human Rights, Culture, and the Rule of Law.* US : International Specialized Book Services.

Alston, P. & Crawford, J. (eds.) (2002, AD). *The Future of UN Human Rights Treaty Monitoring. Cambridge.* USA : Cambridge UniversityPress.

Alston, P. (1999, AD). *Promoting Human Rights Through Bills of Rights.* USA: Oxford University Press.

Amar D.V. (2009, AD). *Global Perspective on Constitutional Law*. New York : Oxford University Press.

Amatya, M.R. (2017, AD, October 13). Free Press for Development.Kathmandu:The Kathmandu Post.

Amin. A.R. (2018, AD, March 22). No Merit in Quotas. Kathmandu : The Kathmandu Post.

Anaya, S. (2004, AD). *Indigenous Peoples in International Law*. USA : Oxford University Press.

Anderson, G.W. (2005, AD). *Constitutional Rights After Globalization.* USA : University of Glasgow.

Angle, S. & Marina S. (2001, AD). *The Chinese Human Rights.* USA : Reader.

Annual Report, National Human Rights Commission of Nepal, FY 2021-2022

Ansari, M. (2017, AD, December 10). The Politics of Human Rights. Kathmandu: The Kathmandu Post.

------ , (eds). (2018, AD). *Human Rights and Impunity in South Asia, State, Societies and Institutions.* Lalitpure: National Human Rights Commission, Nepal.

Antoni, A. (2013, AD). *Constitutional Violence, Legitimacy, Democracy and Human Right.* UK : Edinburgh University Press Ltd.

Antons, C. (2003, AD). *Law and Development in East and Southeast Asia.* New York : Routledgeecurzon.

Arniaza, N.R. (1995, AD). *Impunity and Human Rights in International Law and Practice*, USA : Oxford University Press.

Aryal, K. (2021, AD, December 10). Media as Human Rights Watchdog. Kathmandu : The Rising Nepal.

Bailey, S. (1994, AD). *The UN Security Council and Human Rights*. New York: Cambridge University Press.

Baines, B. (2012, AD). *Feminist Constitutionalism, Global Perspective.* USA : Cambridge University Press.

Bajgain, S.R. (ed.). (2021, AD). *Nepal Human Rights Year Book 2021*. Kathmandu : Informal Sector Services Centre (INSEC).

Bajracharya, D. (1974, AD). *Inscriptions of Lichhavis Period*, Kathmandu : Institute of Nepal and Asia Studies.

Baker, J. (1994, AD). *Group Rights*. Toronto : University of Toronto Press.

Bandi, G.S. (2017, AD, July 17). Search for Justice. Kathmandu : The Kathmandu Post.

Baral, L.R. (2006, AD). *Nepal Quest for Participatory Democracy*. New Delhi : ADROIT Publishers.

Barros, R. (2004, AD). *Constitutionalism and Dictatorship, Pinochet, the Junta, and the 1980 Constitution*. USA : Cambridge University Press.

Bashyal, B. (2019, AD). *Right to Equality: Concept, Constitutional provision and Court Practice*. Lalitpur : Nepal Bar Council Law Journal, Nepal Bar Council.

Bebedek, W. & Feyter, K. (2007, AD). *Economic Globalization and Human Rights*. UK : Cambridge University Press.

Bederman J.D. (2008, AD). *Globalization and International Law*. New York : Oxford University Press.

Beitz, C.R. (2009, AD). *The Idea of Human Rights*, New York : Oxford University Press.

Bellamy, R. (2007, AD). *Political Constitutionalism*. USA : Cambridge University Press.

Bhaikaji Tiwari vs. Chaturbhuj Bhatta et.all, Supreme Court of Nepal, N.K.P. , Issue 12, Decision no. 9508, page 2154 (BS2072).

Bhandari, R.K. (2017, AD, July 2). Political Cynicism and Stagnation. Kathmandu : The Kathmandu Post..

Bhandari, S. (2014, AD). *Self–determination and Constitution Making in Nepal*. UK :IBH Publishing Company.

Bhandari, U. (2022, AD, July 5). Consolidating Local Government,Kathmandu : The Rising Nepal.

Bharatmani Jangam at.all. vs. Office of the President, Supreme Court of Nepal, N.K.P. , Issue 8, Decision 8662 (BS2068).

Bhatta, D. (2019, AD). *Application of International Law: an Overview*. Lalitpur: Nepal Bar Council Law Journal, Nepal Bar Council.

Bhattarai, A.M. (2023, AD, November 24), Towards Inclusive Democracy, Kathmandu : The Kathmandu Post

Bhattarai, S.K. (2022, AD). *Conceptual Framework of Judicial Review*, Lalitpur: Nepal Bar Council Law Journal, Nepal Bar Council.

Bishnu Prasad Poudyel vs. Nepal Electricity Authority, Central Office, Supreme Court of Nepal, N.K.P. , Issue 8, Decision no. 9649, page 1452 (BS2073).

Bonham's Case, United Kingdom (AD, 1610).

Bramra, M.K. (2011, AD). *The Challenges of Justice in Diverse Societies*. USA: Ash gate Publishing Company.

Brauner, Y. (2013, AD). *Tax, Law and Development*. UK : Edward Elgar Publishing Limited.

Brito, M.N.(eds.). (2020, AD). *The Political Dimension of Constitutional Law*. Switzerland : Springer.

Brown vs. Board of Education, Supreme Court of the United State of America Decided, (AD 1954).

Bruce, J.W. (2006, AD). *Law, Justice, and Development*, USA : The World Bank.

Brysk, A. (2002, AD). *Globalization and Human Rights*, USA : University of California Press.

Brysk, A. (eds.). (2002, AD). *Globalization and Human Rights*, London : University of California Press.

Buchanan, A.(2003, AD). *The Heart of Human Rights,* USA : Oxford University Press.

Bustamante, T. (2016, AD). *Democratizing Constitutional Law Perspectives on Legal Theory and the Legitimacy of Constitutionalism*.Brazil : Springer.

Cao, L. (2016, AD). Culture *in Law and Development*. USA : Oxford University Press.

Capps, P. (2009, AD). *Human Dignity and the Foundations of International Law*. USA : Oxford and Portland Oregon.

Carradetti, C. (2012, AD). *Philosophical Dimensions of Human Rights*, New York : Springer.

Cederroth, S. (1997, AD). *Development Aid to Nepal: Issues and Options in Energy, Health, Education, Democracy and Human Rights*, UK : Rutledge.

Chalisey, K.C. (2022, AD, August 10), The 1949 Geneva Conventions and Nepal, Kathmandu : The Kathmandu Post.

------, (2023, AD, August 11). Nepal and International Humantarian Law, Kathmandu : The Kathmandu Post.

Chandrakanta Gyawali vs. Office of the President, Supreme Court of Nepal, N.K.P. , 1 Decision no 007 (BS2075).

Chapham, A. (2007, AD). *Human Rights a Very Short Introduction*. New York: Oxford University Press.

Charls Gurumukha Sovaraj vs. Office of the Prime Minister and Office of Ministerial, Supreme Court of Nepal, N.K.P. , Issue 11, Decision no 9722, page 2209 (BS2073).

Chataut, R. (2022, AD, December 10), Assessing Human Rights Situation in Asia, Kathmandu : The Rising  Nepal.

Chowdhury, K. (2019, AD). *Human Rights Discourse in the Post-9/11 Age*, UK: Palgrave Macmillan.

Clapham, A. (2015, AD). *Human Rights a Very Short Introduction*. USA : Oxford University Press.

Cohen, J.L. (2012, AD). *Globalization and Sovereignty*. USA : Cambridge University Press.

Colon-Rios, J. (2012, AD). *Weak Constitutionalism Democratic Legitimacy and the Question of Constituent Power*. USA : Rutledge.

Comstock L.A. (2021, AD). *Committed to Rights Volume 1: UN Human Rights Theories and Legal Paths for Commitment and Compliance*, USA : Cambridge University Press.

Constitution of French, AD, 1958

Constitution of India, AD, 1947

Constitution of Republic of South African, AD, 1996

Constitution of the People's Republic of China, AD, 1982

Constitution of the United States of America, AD, 1789

Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984

Convention on the Elimination of all Forms of Discrimination against Women, AD, 1979

Convention on the Rights of the Child, 1989

Crawshaw, Ralph. (2009, AD). *Police and Human Rights*. USA : Martinis Nijoff Publishers.

Dahal, D.R. (2022, AD, January 1). Civic Face of Constitutional Democracy. Kathmandu : The Rising Nepal.

------, (2021, AD, April 3), Why Youths Should Join in Politics. Kathmandu : The Rising Nepal.

------, (2023, AD, March 7), The Onus of Keeping Promises. Kathmandu : The Rising Nepal.

------, (2023, AD, July 8). Need to Build a Coherent National Identity, Kathmandu: The Rising Nepal.

------, (2023, AD, July 22). Shifting Roles of Civil Society, Kathmandu : The Rising Nepal.

------, (2023, AD, August 5). Holding Multinational Companies Accountablity, Kathmandu : The Rising Nepal.

Daly, E. (2013, AD). *Dignity Rights Courts, Constitutions and the Worth of the Human Person*. USA : University of Pennsylvania Press, Philadelphia.

Dam, K.W. (2006, AD). *The Law Growth Nexus the Rule of Law and Economic Development.* USA : Bookings Institution Press.

Darrai, S. (2010, AD). *The Universal Declaration of Human Rights (Milestone in Modern World History),* USA : Chelsea House Publication.

Davis, H. (2003, AD). *Human Rights and Civil Liberties*. UK : William Publishing.

Devkota, K.L. (2023, AD, September 6), Learning Form Swiss Federalism, Kathmandu : The Kathmandu Post.

------, (2023, AD, September 20), Our Constitution, Our Guide, Kathmandu : The Kathmandu Post.

Dhamala, B.P. (2023, AD, July 7). Towards Exemplary Social Harmony, Kathmandu: The Rising Nepal.

Dhungana, S.K. (2021, AD). *Constitution Development and constitution of Nepal-2015*. Kathmandu : Pairavi Books Publication Pvt.Ltd.

------,(2020, AD). *Constitution Making in Some Selected Countries of the World*, Kathmandu : Pairavi Books Publication Pvt.Ltd.

Dicey, A.V. (1959, AD). *An Introduction to the Study of the Constitution*. UK : TheScottish Judicial Review.

Dobner, P. & Loughlin, M. (2010, AD). *Oxford Constitutional Theory*. New York: Oxford University Press.

Donnelly, J. (2013, AD). *Universal Human Rights in Theory and Practice*. London : Cornell University Press.

Donoghue, A. (2014, AD). *Constitutionalism in Global Constitutionalisation.* UK : Cambridge University Press.

Douzinas, C. (2014, AD). *The Meanings of Rights: The Philosophy and Social Theory of Human*, UK : Cambridge University Press.

Dworkin, R. (1977, AD). *Taking Rights Seriously*. New York: Bloomsbury.

Egan, T. (2021, AD, April 3), *Three Ways out of the U.S. Infodemic*. New York: The New York Times.

Fadlalla, A.H. (2019, AD). *Branding Humanity : Competing Narration of Rights, Violence, and Global Citizenship*, USA: Stanford Studies in Human Rights.

Fellmeth, A. (2016, AD). Paradigms of International Human Rights Law, USA: Oxford University Press.

Fenwick, H. (2002, AD). *Civil Liberties and Human Rights*. London : Cavendish Publishing Limited.

Feyter, K.D. (2008, AD). *The Tension Between Group Rights and Human Rights.* USA : Oxford And Portland.

Frick, L.M. (2019, AD). *Human Rights and Relative Universalism*. Switzerland: Palgrave Macmillan.

Frost, M. (2003, AD). *Constituting Human Rights, Global Civil Society and the Society of Democratic States*. New York : Rutledge.

Fukuyama, F. (2016, AD). *Democracy Past and Future*. UK : Journal of Democracy.

Fuller, L.L. (2000, AD). *The Morality of Law*. Delhi : Universal law Publishing.

Gauld C.C. (2004, AD). *Globalizing Democracy and Human Rights*, USA : Cambridge University Press.

Gautam, B.R. (2023, AD, April 4). Saving National Human Rights Commission. Kathmandu : The Kathmandu Post.

Ghimire, N.P. (2020, AD, August 23). Internet Access is a Human Right. Kathmandu: The Kathmandu Post.

Gibson, J.S. (1991, AD). *International Organizations, Constitutional Law, and Human Rights.* USA : British library cataloguing in Publication.

Gnai. Y. & Cottrell, J. (2008, AD). *Creating the New Constitution : a Guide for Nepali Citizens.* Sweden : International IDEA.

Gopal Siwakoti Chintan vs. Office of the Prime Minister and Office of Ministerial, Supreme Court of Nepal, N.K.P. , Issue 5, Decision no 10509 (BS2077).

Gordon, A. (2003, AD). *A modern history of Japan*. New York : Oxford University Press.

Graber, M.A. (2006, AD). *Towards Juristocracy : The Origins and Consequences of the New Constitutionalism*. USA : CambridgeUniversityPress.

Grandi, F. (2022, AD). Moral Imperative of Refugee Education, Kathmandu : The Kathmandu Post.

Greguric. I. (2022, AD). *Philosophical Issues of Human Cyborlization and the Necessity of Prolegomena on Cyborg Ethics*, USA : Information Science Reference.

Haeck, Y. & Brems, E. (2014, AD). *Human Rights and Civil Liberties in the 21st Century*. New York : Springer.

Halliday, S. & Schimid, P. (2004, AD). *Human Rights Brought Home : Socio–legal Perspectives on Human Rights in the National Context*. USA :Oxford andPortland Origin Hart Publishing.

Hammer M.L. 2017. (2017, AD). *The International Human Rights to Freedom of Conscience: Some Suggestions for its Development and Application,* USA : Rutledge.

Hannum, H. (1984, AD). *Guide to International Human Rights Practice*, UK : Palgrave Macmillan.

Hardin, R. (2003, AD). *Liberalism, Constitutionalism, and Democracy*. USA : Oxford University Press.

Hart, H.L.A. (1997, AD). *The Concept of Law*. New York : Clarendon press.

Hayak, F. (1971, AD). *The Constitution of Liberty*. New York : The University of Chicago Press.

Horowiz, S. (2004, AD). *Causes and Consequences of Variation in Post–Communist Human Rights Practices*. UK : Cambridge University Press.

Hsu, I. (2000, AD). *The Rise of Modern China*. New York : Oxford University Press.

Hunt, L. (2007, AD). *Inventing Human Rights : A History*, London : W.W. Norton and Co.

Hunter, N.D. (1992, AD). *The Rights of Lesbians and Gay Man.* USA : American Civil Liberties Union.

Ikeda, D. (2021, AD). *The Power of Hope: Thoughts on Peace and Human Rights in the Third Millennium*, USA : I.B. Tauris.

International Convention for the Protection of All Persons from Enforced Disappearance, 2006, AD

International Convention on the Elimination of all Forms of Racial Discrimination, AD, 1965

International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families, 1990, AD

Jacob M.,J. (AD, 2007). *Civil Justice in the Age of Human Rights*. UK : Ashgate Publishing Ltd.

Jha, Jivesh. (2023, AD, Setember 20), Constitution Bolsters Democratic Fabrics, Kathmandu : The Rising Nepal.

Jinping, X. (2019, AD). *The Governance of China*, Beijing: Foreign Language Press.

Jonathan, E.L. (1990, AD). *Separation of powers, the Political Branches, and the Limits of Judicial Review*. USA : The OhioState University.

Joshi, D.D. (2017, AD, December 6). Equality Before the Law. Kathmandu : The Kathmandu Post.

Kaarthikeyan, D.R. (2004, AD). *Human Rights in India*. UK : Cambridge University Press.

Kant, G. (2005, AD). *Freedom From Want, the Human Right to Adequate Food.* USA : Georgetown University Press.

Kapil, K. (2021, AD, April 18). Block Chain Technology and SDGs. Kathmandu : The Kathmandu Post.

Karki, S. (2017, AD, September 19*)*. Dearth of Honesty. Kathmandu : The Kathmandu Post.

KeshabaNanda Bharati vs. State of Kerala (India), Supreme Court of India, (1973).

Khanal, A. (2023, AD, August 11). Challenges and Progress of Gender Equality in Nepal, Kathmandu : The Rising Nepal.

Khanal, K.P. (2005, AD). *Nepali Discourse on Constituent Assembly*. Kathmandu : Freedom for peace.

Kharel, L.P. (2013, AD). *Constitutional Law and Comparative Nepalese Constitutions*. Kathmandu : Kharel Legal Center Services.

Kharel, P. (2023, AD, January 2). Winter Arrived, So did Energy Bill, Kathmandu : The Rising Nepal.

------, (2022, AD, June 6). Sanctions Cut Both Ways, Kathmandu : The Rising Nepal.

Kingston, J. (2013, AD). *Contemporary Japan, History, Politics, and Social Change Since the 1980.* UK : Wiley Blackwell.

Koch, I. E. (2009, AD). *Human Rights as Indivisible Rights*. USA : Martinis Nijhoff Publications.

Kramer, L.D. (2004, AD). *The People Themselves Popular Constitutionalism and Judicial Review*. USA : Oxford UniversityPress.

Kustron, K.. (2013, AD). *Introduction to the American Legal System.* USA : Bookbooncom

Lal, C.K. (2022, AD, June 8). Politics of the TikTok Generation, Kathmandu : The Kathmandu Post.

Lal, C.K./Kabir, N. (1010, AD). *Human Rights, Democracy and Governance*, New Delhi : Imagine a New South Asia.

Lamb, R. (2016, AD). *Thomas Paine and The Ideas of Human Rights*, USA : Cambridge University Press.

Lamsal, Y.N. (2022, AD, June 8). Democracy in Disarray, Kathmandu : The Rising Nepal.

------, (2023. AD, Setember 20), Act in Latter and Sprit of Constitution, Kathmandu : The Rising Nepal.

------, (2022. AD, December 7), Can India, China End Ukraine War ?, Kathmandu: The Rising Nepal.

Lancu, B. (2012, AD). *Legislative Delegation, the Erosion of Normative Limits in Modern Constitutionalism*. Berlin : Springer.

Lane, R.J. (2013, AD). *Global Literary Theory*. India : Replica Press Pvt. Ltd.

Lener, K.L. & Lerner Adriene W. (2007, AD). *Human and Child Rights, Essential Primary Sources.* USA : Library of Congress Capturing Publication.

Lenin Bista vs. GoN, Minisrty of Home, Kathmandu, at. all, Supreme Court of Nepal, N.K.P, Issue 11 (BS2076).

Lerner K. Lee. & Lerner, B. (2007, AD). *Human and Civil Rights, Social Issues Primary Sources Collection.* USA : Library of Congress.

Leung, Man–T. (2004, AD). *Political Development and Democratic Rights in China.* UK : Cambridge University Press.

Lfe, J. (2009, AD). *Human Rights From Below, Achieving Rights Through Commenting Development.* USA : Cambridge University Press

------, (2008, AD). *Human Rights and Social Work*. USA : Cambridge University press.

List of Multilateral Treaties to Which Nepal is a Party and Signatory, 2018, AD, Ministry of Law and Justice, Kathmandu, Nepal.

Lluch, J. (2014, AD). *Constitutionalism and the Politics of Accommodation in Multinational Democracies*. USA : University of Pennsylvania.

Loughlin, J. & Kincaid, J. (2013, AD). *Rutledge Handbook of Regionalism and Federalism.* New York : Rutledge.

Luis, Eslava. (2015, AD). *Local Space, Global Life.* UK : Cambridge University Press.

Maharjan, U. (2022, AD, June 7). Ensure Justice to Conflict Victims, Kathmandu: The Kathmandu Post.

Mainali, S.P. (2022, AD, June 19). Understanding Democratic Socialism, Kathmandu: The Rising Nepal.

Malden, O. (2017, AD, July 14). Human vignette to Wast. Kathmandu : The Kathmandu Post.

Mapp C.S. (2007, AD). *Human Rights and Social Justice in a Global Perspective: An Introduction to International Social Work*, USA : Oxford University Press.

Martha, M. (2020, AD, December 20). Can Americans Forgive one Another?.Kathmandu : The Kathmandu Post.

Mayall, J. & Lyons G. M. (2003, AD). *International Human Rights in the 21st Century.* USA : Rodmen and Littlefield Publishers.

Mcquigg, J.A.R. (2011, AD). *International Human Rights and Law and Domestic Violence, the Effectiveness of International Human Rights Law*, New York : Rutledge.

Morley, D. (2007, AD). *The Cambridge Introduction to Creative Writing.* UK : Cambridge University Press.

Morsink, J. (1999, AD). *The Universal Declaration of Human Rights: Origin, Drafting, and Intent,* USA : Pennsylvania Studies in Human Rights.

Moustafa, T. (2007, AD). *Law, Politics, and Economic Development in Egypt.* UK : Cambridge University Press.

Odello, M. & vandoli, S. (2011, AD). *Emerging Areas of Human Rights in the 21st Century, the Role of Universal Declaration of Human Rights.* USA: Rutledge Taylorand FrancisGroup.

Oestreich, J.E. (2007, AD). *Power and Principle, Human Rights Programming in International Organization.* USA : GeorgetownUniversity Press.

Okumu, F.W. (2004, AD). *Human Rights in Transition Societies: The Cases of Somalia and South Africa*. UK : Cambridge University Press.

Optional Protocol to the CAT, AD, 2002, AD

Optional Protocol to the Convention on the Rights of Persons with Disabilities, AD, 2006, AD

Optional Protocol to the Convention on the Rights of the Child on the Involvement of Children in Armed Conflicts, 2000, AD

Optional Protocol to the CRC on the sale of Children Second Optional Protocol to the CEDAW, 1999, AD

Optional Protocol to the ICCPR, 1966, AD

Optional Protocol to the ICESCR, 1966, AD

Orebech, P. (2005, AD). *The Role of Customary Law in Sustainable Development.* UK : Cambridge University Press.

Orend, B. (2002, AD). *Human Rights, Concept and Context*, Toronto : Broadview Press.

Panta, S.D. (2017, AD). *Machination of RAW in Transitional Nepal.* Kathmandu: Dr. Shatra Dutta Panta Institute for Rural Development.

Pillay, N. (2008, AD). *United Nations High Commission for Human Rights, Health and Poverty Reduction Stratifies*. USA: World HealthOrganization,United NationRights.

Por-public's Advocate Prakashmani Sharma vs. GoN, Office of the Ministerial Council at. all., Supreme Court of Nepal, N.K.P. , Issue 2, Decision no. 03, page 639 (BS2075).

Poudyal, L.M. (2023, AD, August 1). 68 Years of Nepal-China Diplomatic Ties, Kathmandu : The Rising Nepal.

Poudyal, R. (2015, AD). *Globalization and Jeopardizing of Human Rights*, Nepal Law Review. Kathmandu : Nepal Law Campus.

Poudyel, Dixya. (2023. AD, Setember 20), Statute: Nation's Pride, Kathmandu: The Rising Nepal.

Pradhan, B. (2014, AD). *A sense of Nepalese Diplomacy*. Kathmandu : Ratna Pustak Bhandar.

Pratik Chand vs. District Police Office, Dhang, Supreme Court of Nepal, N.K.P., Issue 4, Decision no. 10484 (BS 2077).

Provost, R. (2004, AD). *International Human Rights and Humanitarian Law*. United Kingdom : Cambridge University Press.

Ranjit, S (2023, AD, September 8). Global Efforts to Promote Literacy, Kathmandu : The Rising Nepal.

Rawls, J. (1971, AD). *A Theory of Justice*. Delhi : Universal Law Publishing Co. Pvt. Ltd.

Rijal, M. (2022, AD, June 30). Budgeting is Linked to Human Rights, Kathmandu : The Rising Nepal

------, (2022, AD, June 16). On Presidential Democracy, Kathmandu : The Rising Nepal.

------, (2022, AD, June 2). Local Governance Agenda, Kathmandu : The Rising Nepal.

Robertson, T. (2017, AD, September 11). Democracy as a Way of Life. Kathmandu : The Kathmandu Post.

SAARC. (2014, AD). *Diplomatic Journal*, Kathmandu: Rastriya Samachaar Samiti.

Sangiovanni, Andrea. (2017, AD). *Humanity Without Dignity*, USA : Harvard University Press.

Sangroula P. , G. (2013, AD). *Fair Trail*. Bhaktapur : Kathmandu School of Law.

------, (2011, AD). *UN Charter and Key Human Rithts Instruments*. Kathmandu : Kathmandu School of Law.

Sangroula, Y. (2017, AD). *Concept and Evolution of Human Rights*. Bhaktapur: Kathmandu School of Law.

Sapkota, N.R, (eds.). (2020, AD). *Annual Report 2020*. Lalitpur : National Human Rights Commission of Nepal.

Saraswati Shrestha vs. Rita Khatiwada, Supreme Court of Nepal, N.K.P. , Issue 11, page 2116 (BS2073).

Sen, A. (1999, AD). *Development as Freedom*. USA : Oxford University Press.

Senier Advocade Dr. Chandra Kanta Gyawali et.all vs. Office of the President, Supreme Court of Nepal, N.K.P. , 1, Decision no 6 (BS2075).

Serrano, M. & Weiss, T. G. (AD, 2014). *International Politics of Human Rights*. New York : Rutledge Global Institutions Series.

Sharma, L. (2022, AD). *Charter-Based Human Rights Protection Mechanism Under UN System*, Nepal Law Review, Kathmandu : Nepal Law Campus.

Sharma, N. (2022, AD, June 15). Parties Must Prioritize Good Governance, Kathmandu : The Rising Nepal.

------, (2022, AD, June 8). A Visionary's Bid to Reverse Brain Drain, Kathmandu : The Rising Nepal.

Sharma, N.P. (2016, AD). *Rudiments of Constitutional Law*, Kathmandu : Lumbini Prakashan.

Sheng, Z. (2022, AD, June 2). Gun Violence Hurts Human Rights in US, Kathmandu: The Rising Nepal.

Sherif, Y. (2022, AD, June23). Helping the 222 Million Dreams, Kathmandu : The Kathmandu Post.

Siwakoti, Gopal. (BS 2069). *Political Thoutht and Analysis*, Kathmandu : Pairabi Prkashan.

Smith, B.C. (2003, AD). *Understanding Third World Politics Theories of Political Change and Development.* UK : Palgrave Macmillan.

Smith, T.W. (2017, AD). *Human Rights and War Through Civilian Eyes*, USA : University of Pennsylvania Press.

Stiglitz, E.J.. (2022, AD, June 2). Getting Delocalization Right, Kathmandu : The Rising Nepal.

Subedi, N.C. (2017, AD). *Sprit of Inclusive Justice Under the Constitution of Nepal,* Nepal Law Review. Nepal Law Journal, Kathmandu : Nepal LawCampus.

Suman Adhikari vs. Government of Nepal, Office of the Ministerial Council at. All., Supreme Court of Nepal, N.K.P. , Issue 12, Decision no. 9303 (BS2071).

Susmakumari Gupta at.all. vs. GoN Ministry of Home, Supreme Court of Nepal, N.K.P. , Issue 2, Decision no 10654, page 379 (BS2078).

Taang, Rabindra. (2024, AD). *The Nexus Between the Global Alliance of National Human Rights Institutions and National Human Rights Commission of Nepal*, Lalitpur : Nepal Bar Council.

Taylor, A.P.J. (1954, AD). *The Struggle for Mastery in Europe 1848–1918.* UK: Oxford University Press.

Teubner, G. (2012, AD). *Constitutional Fragments.* United Kingdom : Oxford University Press.

Thapa, B. (2023, AD, June 30), Mind Your Businesses, Kathmandu : The Kathmandu Post.

Thapa, D. (2021, AD, April 4). Whatever Happened to Equality and Inclusion?.Kathmandu : The Kathmandu Post.

------, (2023 AD, February 4). State of the Minorities in South Asia, Kathmandu: The Kathmandu Post.

Thapa, H.B. (2022, AD, June 17). No End to Nuclear Threat, Kathmandu : The Rising Nepal.

Thapaliya, N. (2023, AD, October 10). Time to Abolish Death Penalty Globally, Kathmandu : The Kathmandu Post.

The Constitution of the Republic of South Africa, 1996, AD

The Constitution of the Russian Federation, 1993, AD

Tiedemann. P. (2020, AD). *Philosophical Foundation of Human Rights*, Switzerland: Springer.

Tomuschat, C. (2008, AD). *Human Rights Between Idealism and Realism*. New York: Oxford University Press.

Turner, B.S. (2006, AD). *Vulnerability and Human Rights*. USA : The Pennsylvania State University Press.

Tushnet, M. (2015, AD). *Unstable Constitutionalism Law and Politics in South Asia*. USA : Cambridge University Press.

Tyagi, Y. (2009, AD). *The Denunciation of Human Rights Treaties,* New Delhi: Bybil.

Uinted Nations Charter, 1945, AD

UN Human Rights Council, Human Rights Council Booklet 10, 2020, AD

UN International Covenant on Civil and Political Rights, 1966, AD (ICCPR)

UN International Covenant on Economic, Social and Cultural Rights, 1966, AD (ICESCR)

UN Paris Principle on Human Rights, (1993, AD), Lalitpure : UN Information Center.

United Nation Organization Charter, (1945, AD), Lalitpure : UN Information Center.

Universal Declaration of Human Rights (UDHR, 1948, AD), Lalitpur : UN Information Center,

Upreti, B.R. (eds.). (2013, AD). *Human Security in Nepal: Concepts, Issues and Challenges*, Kathmandu : Nepal Institute for Policy Studies.

Valsania, M. (2021, AD, December 6). America's Political Rage. Kathmandu : The Kathmandu Post.

Vender Van, J.A. (2004, AD). *The Complex Relationship Between Human Rights and Religion.* USA : A South Asian Case.

Viguna, F.O. (2009, AD). *International Dispute Settlement in an Evolving Society.* New York : Cambridge University Press.

Wagle, A. (2022, AD, January 4). Nepal's Federalism: Time for a Review. Kathmandu : The Kathmandu Post.

------ , (2022, AD, June 7). Deepening Federal Democracy. Kathmandu : The Kathmandu Post.

Walker, N. & Loghin, M. (2007, AD). *The paradox of constitutionalism.* USA : Oxford University Press.

White, R.A. (2004, AD). *Breaking Silence: The Case That Changed the Face of Human Rights.* USA : GeorgetownUniversity Press.

White, Z.B. (2020, AD). *Learning Critical Thinking Skills Beyond 21st Century for Multidisciplinary Courses: A Human Rights Perspective in Education,* UK : Cornella.

Wicks, W. (2010, AD). *The Right to Life and Conflicting Interests,* USA : Oxford University Press.

Wilson, R.A. & Jon P. M. (2017, AD). *Human Rights in Global Perspective.* New York : Rutledge Taylor and FrancisGroup.

UNDP : United Nations Development Program